राम आफ्नो कुटीमा हुनुहुन्थ्यो । त्यहाँ अचानक स्वर्णमृग देखियो । सीताका मनमा कामना दौडियो र स्वर्णमृग आफ्ना लागि ल्याइदिन रामलाई अनुरोध गर्नुभयो । स्वर्णमृग समात्न राम पछि-पछि दौडिनुभयो । हामी सबै पनि त्यही स्वर्णमृगरूपी संसारमा सीतारूपी कामनाको आदेश पालना गर्न रामरूपी शक्तिलाई त्यो असम्भव स्वर्णमृगरूपी वासना पाउन दौडिइरहन्छौँ । कामनाको फूल आकाशको फूल जस्तो हुन्छ । पृथ्वीमा तारा हुँदैनन् त्यस्तै आकाशमा फूल हुँदैनन् । सकाम कामना हाम्रो दौड हो, जो बारम्बार दुख प्राप्त हुँदा पनि वा काँढामा अल्झिएर रगताम्य भए पनि त्यो आकाङ्क्षा मेटिँदैन । श्रीकृष्ण भन्नुहुन्छ- निष्काम भावले गरिएका प्रत्येक कर्मले सुख मात्र ल्याउँछन् । यी सबै कर्महरू गर्दै जुन व्यक्ति निष्काम भावमा बाँच्छ, त्यसले आनन्दानुभूति गर्दछ । निष्काम भावमा जीवन नै यज्ञ बन्दछ र ऊ कुनै बन्धनमा बाधिँदैन । सबै चिन्ता दुख आदिबाट मुक्त हुन्छ र परमानन्दमा प्राप्त हुन्छ ।

जो व्यक्ति आफू पूर्णतया ब्रह्ममा समर्पित भई आफू ब्रह्मको उपकरण बन्दछ, त्यस्तो व्यक्ति ब्रह्मको मुख बन्दछ । पूर्णतया ब्रह्ममा समर्पित व्यक्ति नै ब्रह्मको मुख हो । बुद्ध, महावीर, जिसस, मोहम्मद, लाओत्सु, जरथुस्ट, मोसेस जस्ता पुरुषहरू ब्रह्मका मुख हुन् । सारा पृथ्वीमा विभिन्न मार्गबाट विभिन्न व्यक्तिहरूले ब्रह्मको मुख भएर बोलेका छन् । वेदमा भनिएका वाक्यहरू ब्रह्मका मुखबाट निस्किएका हुन् तर वेदका अर्थ चार संहिता मात्र होइनन्, यसो गरियो भने हामी ब्रह्मलाई सीमित गर्ने छौँ । वेदको अर्थ ज्ञान हो र वेद विद्वान्हरूको परमात्मातुल्य वाणी हो । बाइबल, कुरान र पृथ्वीमा जहाँ जहाँ ज्ञान उद्घोषित भएको छ ती सबै ब्रह्मले कसैलाई माध्यम बनाएर भनिएका हुन् । वेदका अनन्त संहिताहरू हुन सक्छन् । जब व्यक्ति आफू बोल्न बन्द गर्छ, तब परमात्मा उसबाट बोल्न सुरु गर्छन् । वेदलाई हामी अपौरुषेय अर्थात् परमात्माद्वारा नै रचित ग्रन्थ हो भन्दछौँ । अहङ्कारशून्य भएर परमात्मामा पूर्णरूपमा समर्पित भई केवल एउटा माध्यम मात्र भएका परमात्मातुल्य व्यक्तिहरू नै अपौरुषय व्यक्ति हुन् । अहङ्कारशून्य हुने बित्तिकै परमात्माको वाणी प्रत्येकबाट फुट्न सक्छ । जहाँ ज्ञान छ, त्यहीँ ब्रह्म बोल्छ र जहाँ ब्रह्म बोल्छ त्यहीँ ज्ञान हुन्छ ।

*श्रेयान्द्रव्यमयाद्यज्ञाज्ज्ञानयज्ञः परन्तप ।*
*सर्वं कर्माखिलं पार्थ ज्ञाने परिसमाप्यते ॥३३॥*

**हे परन्तप अर्जुन ! द्रव्ययज्ञ भन्दा ज्ञानयज्ञ उत्तम हो । तथा यावन मात्र सम्पूर्ण कर्म र पदार्थ ज्ञानमा नै लीन हुन्छन् । दिव्य ज्ञान नै यज्ञको अन्तिम गन्तव्य हो ॥**

चित्तमा संसार र वासना भएको व्यक्तिको प्रार्थनामा पनि संसार र वासना नै हुन्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- द्रव्ययज्ञभन्दा ज्ञानयज्ञ नै श्रेष्ठयज्ञ हो । ज्ञानयज्ञको अर्थ जसमा कुनै सांसारिक माग एवम् आकाङ्क्षा पनि हुँदैन । माग र वासना सांसारिक हुन्छ । शान्तिको कुनै माग हुँदैन । शान्तिको मागबाट अर्को अशान्ति हुन्छ । शान्तिको चेष्टा गर्नाले झन् अशान्ति ल्याउँछ किनभने शान्तिको माग पनि वासना वा इच्छा नै हो । मोक्ष माग्न सकिँदैन किनभने जबसम्म माग हुन्छ तबसम्म बन्धन हुन्छ । मोक्ष र बन्धनको मिलन हुन सक्दैन जब बन्धन रहँदैन तब मोक्ष प्राप्त हुन्छ । हामी परमात्मालाई चाहन सक्दैनौँ किनभने चाहना नै परमात्मा र हाम्राबिच बाधा हुन्छ । चाहना र वासनाको नाम संसार हो । ज्ञान मौन हुन्छ मुखर हुँदैन । ज्ञानमा शब्दसमेत हुँदैन, यो त शून्य हुन्छ । त्यसैले मनलाई शान्त गर भन्नु पनि भाषागत त्रुटि हो किनभने मन शान्त हुँदैन र अशान्तिको नाम नै मन हो । जहाँ चाहना हुँदैन त्यहाँ परमात्मा हुन्छ र जहाँ चाहना छ त्यहाँ संसार छ । त्यसैले परमात्माको चाहना हुनै सक्दैन ।

यो पूरा जीवन अज्ञानको यज्ञ हो जो चलिरहेको छ । हामी परमात्माको प्रार्थना पनि केही पाउनका लागि वासनापूर्वक गर्दछौं । माग र प्रार्थनाको कुनै मेल हुँदैन । प्रार्थना धन्यवाद हो, माग होइन । जे प्राप्त भएको छ त्यसका लागि परमात्माप्रति कृतज्ञता ज्ञापन गर्नु प्रार्थना हो । श्रीकृष्ण द्रव्ययज्ञ भन्दा ज्ञानयज्ञ

उत्तम हो भन्नुहुन्छ । ज्ञानयज्ञको अर्थ वासनाको धुवाँबाट मुक्त हुनु हो, जहाँ वासना धुवाँरहित भएर जल्दछ, त्यहाँ चेतनाको ज्योति मात्र हुन्छ । यस्तो ज्ञानको ज्योति जब व्यक्तिमा बल्दछ तब वासनाको धुवाँ कहीं कतै हुँदैन । त्यहाँ कुनै माग हुँदैन, परम तृप्ति हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! भविष्यका बारेमा नसोचेर वासना एवम् सपना पनि छोडेर अन्ततः आफूलाई पनि छोड । यसरी बाँच कि परमात्मा नै तिमी भित्र बाँचिरहेको छ; यस्तो जान कि परमात्मा चारैतिर उपस्थित छ र ऊ नै सबै गरिरहेको छ । तसर्थ त्यही गर जसरी परमात्माले तिमीबाट गराउँछ । यसरी कर्म गर कि परमात्माको हात नै चारैतिर फैलिरहेको छ । यस्तो अवस्थामा ज्ञानयज्ञ घटित हुन्छ, यो दिव्यज्ञान नै यज्ञको अन्तिम गन्तव्य र परममुक्ति हो । अज्ञान बन्धन हो र ज्ञान मुक्ति हो । अज्ञान रुग्णता हो र ज्ञान स्वस्थता हो ।

*तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया ।*
*उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानिनस्तत्त्वदर्शिनः ॥३४॥*

**गुरुका सन्निकट रहेर विनम्रतापूर्वक निष्कपट भावले गुरुको सेवा गर्दै आफ्ना जिज्ञासा राख । गुरुलाई राम्ररी दण्डवत् प्रणाम गरेमा, उनको सेवा गरेमा र कपट छोडेर श्रद्धापूर्वक प्रश्न गरेमा गुरुले परमात्मातत्त्वलाई राम्ररी जान्नेवाला ज्ञानी महात्मा, तिमीलाई यथार्थ ज्ञानको उपदेश गर्ने छन् ॥**

श्रीकृष्ण भन्नुहुन्छ- दण्डवत् गरेर विनम्रतापूर्वक प्रश्न सोधियो भने ज्ञानीजनले यथार्थ ज्ञान प्रकट गरिदिने छन् । प्रश्न सोध्ने तरिका विविध हुन सक्छन् । तीमध्ये सविनय प्रणाम गर्दै प्रश्न सोध्ने व्यक्ति आज बिरलै पाइन्छन् । अधिकांश प्रश्न कुतूहलतापूर्वक सोधिन्छ । कुतूहलतापूर्वक सोधिएका प्रश्न सोध्नका लागि मात्र सोधिन्छन् र त्यस्ता प्रश्नमा उत्तरको खासै उत्सुकता हुँदैन । त्यसैले कौतूहलले भरिएका प्रश्न नसोधेर दण्डवत् प्रणाम गरेर प्रश्न सोध्नुपर्छ । कुतूहलतापूर्वक सोधिएका प्रश्नको जवाफ जान्ने व्यक्तिहरूले त्यसै अनुसार दिन्छन् । आदर तथा श्रद्धाभाव प्रकट नगरीकन जिज्ञासा राख्नु सार्थक जिज्ञासा होइन । तिर्खाएको व्यक्ति नदीमा नझुकी पानी पिउन चाहन्छ भने नदीले पानी पियाउन सक्दैन । तिर्खा मेटाउने हो भने व्यक्तिले झुकेर अञ्जुलीमा पानी उठाएर पिउनुपर्छ ।

त्यसैले ज्ञानको धारालाई दण्डवत् गरेर झुकेर प्राप्त गर्नुपर्छ । अहङ्कारमा रहेर ज्ञान प्राप्त गर्न सम्भव हुँदैन किनभने जो झुक्न जान्दैन, त्यसमा ज्ञानका लागि स्थान पनि हुँदैन । नदीमा नझुकी पानी पिउन नसके जस्तै अहङ्कारी व्यक्तिले ज्ञान प्राप्त गर्न सक्दैन । दण्डवत् गर्नु प्रतीकात्मक हो । विनम्र भावले अहङ्कार शून्य भएमा मात्र हृदयको द्वार खुल्दछ र त्यही खुल्लापनमा ज्ञान परस्पर आदानप्रदान हुन सक्छ । त्यसैले अहङ्कारले युक्त मानिसले सोधेका प्रश्नको उत्तर ज्ञानीजन दिँदैनन् । शिष्यको अर्थ खुल्ला रूपमा सिक्न तयार हुने व्यक्ति हो । शिष्यको अर्थ शिक्षार्थी हो, शिक्षार्थी हुनका लागि उसले झुक्न तयार हुनुपर्छ किनभने विनम्रताबाट नै द्वार खुल्दछ ।

दण्डवत् प्रणाम गरेर विनम्रतापूर्वक प्रश्न सोध्ने व्यक्तिले म अज्ञानी हुँ भनी स्वीकार गर्दछ । उसलाई आफ्नो अज्ञानताको बोध हुन्छ । तर अहङ्कारमा ज्ञानको बोध हुँदैन । झुक्नका लागि ठुलो सामर्थ्य चाहिन्छ । विनम्रतापूर्वक झुक्ने व्यक्ति रिक्त हुन्छ र त्यही रिक्ततामा परमात्मा प्रवेश गर्छ । बुद्ध भन्नुहुन्छ- कतिपय पानीका भाँडाहरू वर्षामा पनि रिक्त हुन्छन् किनभने ती भाँडा उल्टो घोप्ट्याएर राखिएका हुन्छन् । पानी भरिनका लागि भाँडालाई सुल्टो राख्नुपर्छ । त्यस्तै शिष्यहरूले पनि अहङ्कारमुक्त भएर सिक्न खोजे मात्र सिक्न सक्छ । 'दण्डवत्' गर्नुको अर्थ आफ्नो तर्फबाट सबै आकाङ्क्षा, अहङ्कार, वासना छोडी खाली भएर सिक्न तयार हुनु हो । यस्तो क्षणमा प्रश्न मुक्तिको प्यास बन्छ र यो रूपान्तरित हुनका लागि सोधिएको हुन्छ । दण्डवत् गर्दा ज्ञानी गुरुको चरणस्पर्श गर्नुपर्छ । यसरी दण्डवत् गर्दा प्रार्थना घटित हुन्छ । दण्डवत् प्रणाम वैज्ञानिक दृष्टिबाट चलेको परम्परा थियो । प्रत्येक व्यक्तिको शरीर विद्युत् ऊर्जाले भरिएको हुन्छ र यो विद्युत् ऊर्जा शंक्वाकार (Conical) रूपले हात र गोडाका औंलाहरूबाट बहन्छ । जब कुनै

ज्ञानी परमस्थितिमा पुग्दछ, तब उसको ऊर्जा परमात्माको नै ऊर्जा हुन्छ । त्यस्ता ज्ञानीका चरणमा शिर राख्दा ज्ञानीमा रहेको विद्युत् ऊर्जा प्रवाहित भएर विनीत शिष्यको शिरबाट शरीरमा प्रवेश गर्छ । साथै ज्ञानीका हातबाट बग्ने ऊर्जा आशीर्वादको रूपमा चरणस्पर्श गर्ने व्यक्तिको शिरमा प्रवाहित हुन्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! तिमीले पनि दण्डवत् प्रणामको यथार्थ बुझेर आफ्नो प्रश्न राख्यौ भने ज्ञानको धारा तिमीतिर प्रवाहित हुने छ ।

प्रश्न गर्नु भनेको केही पाउने चाहना हो र यदि केही नदिई प्रश्न गरियो भने ऊ उत्तर पाउने अधिकारी पनि हुँदैन । माग्ने हक त्यसलाई प्राप्त हुन्छ जसले उदारतापूर्वक केही दिन सक्छ । प्राचीन धारणानुसार सिधै प्रश्न सोध्न सकिँदैनथ्यो किनभने विराट्को प्रश्न सिधै सोधेर उत्तर पाउन सकिँदैन । त्यसैले यस्तो प्रश्न सेवा र निष्कपट भावबाट मात्र सोधिनुपर्छ । प्राचीन समयमा शिष्यले पहिले त वर्षौंसम्म गुरुको सेवा गर्नुपर्थ्यो । गुरुका लागि आवश्यक फल, फूल, समिधा, कुश आदि जङ्गलबाट ल्याउनुपर्थ्यो र चरणको सेवा गर्नुपर्थ्यो । गुरुले प्रसन्न भएर सोध्ने अवसर प्रदान गरेपछि मात्र प्रश्न सोधिन्थ्यो । यसका लागि धैर्यको आवश्यकता पर्थ्यो । गुरुले सोध भनेर आदेश दिएपछि बल्ल गुरु केही दिनका लागि तयार हुन्थे । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! सेवापूर्वक निष्कपट भावले प्रश्न सोध सेवामा पनि कपट भाव र लेनदेन हुने भएकाले निष्कपट भएर प्रश्न सोध्न अर्जुनलाई भन्नुहुन्छ ।

*यज्ज्ञात्वा नपुनर्मोहमेवं यास्यसि पाण्डव ।*
*येन भूतान्यशेषेण द्रक्ष्यस्यात्मन्यथो मयि ॥३५॥*

**यस प्रकारको दिव्यज्ञान प्राप्त गरिसकेपछि तिमी पुनः मोहमा पर्ने छैनौ किनभने यो ज्ञानबाट तिमीले सम्पूर्ण प्राणीहरू निःशेष भावले पहिले आफूमा अनि पछि म सच्चिदानन्दघन परमात्मामा देख्ने छौ ॥**

ज्ञानको पहिलो आघात मोहमा र पहिलो चोट ममत्वमा हुन्छ । मोह र ममत्व बिदा हुने बित्तिकै अन्धकार विलीन भएर ज्ञानको पहिलो किरण फुटेर सूर्योदय हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! सम्यक् प्रकारले विनम्रतापूर्वक सोधिएको प्रश्नको उत्तरमा ज्ञानीजनबाट जुन कुरा प्राप्त हुन्छ त्यसबाट मोहको नाश हुन्छ । मोहको अर्थ म बाँचिरहूँ र समाप्त नहूँ भन्ने हो । प्रमुख मोह जिजीविषा हो, अन्य सबै मोह यसकै आसपास हुन्छन् । धनको मोहको जड आफूलाई बचाएर राख्नका लागि हुन्छ । धन नभए कसरी बाँच्ने भन्ने भाव र धनबाट बाँच्ने चेष्टा मोहका कारणले हुन्छ । अझ गहिराइमा हेर्ने हो भने मोह मृत्युको विरुद्धमा गरिने सङ्घर्ष हो । पति-पत्नी बिचको मोह लगायत सबै मोह सुरक्षाका उपाय हुन् । मोह गहिराइमा बाँच्ने उपायको खोजी हो र बाँकी सबै आकाङ्क्षाहरू यसै आकाङ्क्षाबाट पैदा हुन्छन् ।

बाटामा हातगोडा सबै गलिसकेका गरिब पनि बाँचिरहेका हुन्छन् । त्यसबेला मनमा प्रश्न उठ्छ- यस्तो अवस्थामा पनि यी किन बाँचेका होलान्, उनीहरू पनि त्यही मोहमा छन् जुन मोहमा हामी छौं । अङ्गहीन होस् वा अङ्ग गलित होस् बाँच्ने इच्छा मर्दैन र सदैव रहन्छ । कोही पनि बाँच्ने मोहबाट मुक्त छैनन्, वृद्धहरू समेत यस मोहबाट अलग्गिन सक्दैनन् । एउटा अरेबियन कथा छ- एक जना गरिब दाउरे जङ्गलबाट दाउरा काटेर त्यो भारी नगरतर्फ लगेर बेच्थ्यो । एक दिन त्यो दाउराको भारी बोक्न कठिन भयो र दिक्क मानेर परमात्मालाई सम्बोधन गर्दै कष्टपूर्वक यसरी बाँच्नुभन्दा त मृत्यु नै आए हुन्थ्यो भन्यो । मृत्यु त्यही बाटो ओहोरदोहोर गर्दै थियो । दाउरेको दुख देखेर मृत्युको मनमा दया जाग्यो र उसले दाउरेलाई भन्यो- तिमीले याद गरेकाले म आइपुगें, तिम्रा लागि म के गर्न सक्छु । दाउरेले भन्यो- अरू केही चाहिँदैन, टाउकाको भारी तल बिसाउन मद्दत गरिदिँदा पुग्छ ।

परमात्माले हाम्रो प्रार्थना सुने भने हामी प्रार्थना गर्नै छोड्छौं । जबसम्म सुन्दैनन् तबसम्म प्रार्थना गरिरहन्छौं । पूरा गरिदिए भने पनि हाम्रो गुनासो वा माग नयाँ हुन्छ । कुनै व्यक्ति भन्छन्- हे प्रभु ! अब त उठाऊ । यसको मतलब साँच्चै नै उठाउने नभई तड्पाउने ढङ्गले नराख भन्ने हो । कोही पनि अकालमा

मर्न चाहँदैनन् । जीवनमा गहन दुख हुने व्यक्तिहरू आत्महत्या गर्न पनि सक्छन् । यो परमात्मा प्रतिको गहिरो गुनासो र राम्रो जीवनको खोज हो । जीवनको मोह जस्तै धनमा पनि मोह हुन्छ किनभने धनविना बाँच्न कठिन हुन्छ । धनमा मोह हुने व्यक्तिको परमात्मामा मोह हुँदैन परमात्मामा मोह हुने व्यक्तिलाई धनको मोह हुँदैन ।

मोहम्मद दिनभर जम्मा भएको पैसा राती सबै बाँड्नुहुन्थ्यो र भोलिका बारेमा के गर्नुपर्छ भनेर उसलाई नै थाहा छ भन्नुहुन्थ्यो । मोहम्मदभन्दा अपरिग्रही व्यक्ति संसारमा अरू कोही भएनन् । दैनिक बिहानदेखि साँझसम्म परिग्रही र रातमा अपरिग्रही बन्नु असामान्य कुरा हो । बुद्ध र महावीरले त एकपटक छाड्नुभयो तर मोहम्मदले सङ्ग्रहित धन दैनिक बाँड्नुभयो । उहाँ मर्ने रातमा पत्नीले औषधिका लागि ५ दिनार लुकाएर राख्नुभएको थियो । राति १२ बजे मोहम्मद छटपटाएर बेचैन हुनुभयो र पत्नीलाई भन्नुभयो- आज घरमा पैसा छ त्यसैले म अपरिग्रही हुन सकेको छैनँ । परमात्माले मलाई मर्ने बेलामा किन नास्तिक भयौ भनेर सोध्ने छन् । उहाँले पत्नीलाई भन्नुभयो- आज तिमीमा मोह पैदा भएको छ त्यसैको कारणले भयभीत छ्यौ । तिमीसँग भएको पैसा बाँडेर आऊ । यति राती पैसा म कसलाई बाँडूँ भनेर पत्नीले सोधिन् । मोहम्मदले भन्नुभयो- जसले बाँड भनेर मलाई आदेश दिएका छन् उनले नै कसैलाई लिन पनि पठाउने छन् । पत्नी बाहिर गइन् त्यहाँ एकजना माग्ने द्वारमा खडा थिए । बाँडेर जब पत्नी भित्र आइन् त्यतिखेर नै मोहम्मदले प्राण त्याग्नुभयो । जान्ने व्यक्तिहरू भन्छन्- मोहम्मद त्यतिन्जेलसम्म त्यही पाँच दिनार बाँड्नका लागि बाँच्नुभएको थियो । पत्नीले पनि पाँच दिनार बचाएको मोहका कारणले हो । हामी सबै पनि जीवनको मोहका कारण भयभीत छौँ र बचाउने प्रयास गरिरहन्छौँ । श्रीकृष्ण भन्नुहुन्छ- ज्ञानको धारा जब बग्छ त्यसले सबैभन्दा पहिले मोहलाई नष्ट गर्छ । ज्ञानले मोह नष्ट गर्छ किनभने मोह अज्ञान हो । मोह अज्ञान हो र यसको विस्तार अनन्त छ । मोह जति फैलिन्छ उति नै दुख ल्याउँछ ।

ज्ञानको पहिलो धाराले हिउँ बनेर जमेको मोह पगाल्न थाल्छ । जब मोह समाप्त हुन्छ, तब व्यक्तिले जान्दछ कि म जसलाई बचाइरहेको थिएँ त्यो त बचाउनयोग्य नै थिएन । अहङ्कारले मोह पैदा हुने भएकोले जबसम्म अहङ्कार पग्लिदैन तबसम्म मोह नष्ट हुँदैन । अहङ्कारमा प्रेम उत्पन्न हुन सक्दैन । मोह र प्रेम विपरीत कुरा हुन् । जब मोह समाप्त हुन्छ, तब प्रेम सिर्जिन्छ । हामी मोहलाई प्रेम भनेर आफैलाई धोका दिन खोज्छौँ तर प्रेम त मोहभन्दा विपरीत हो । प्रेम परमात्माको अनुभव भएपछि मात्र हुन्छ, आफू होइन्जेल मोह हुन्छ र आफू मिटेपछि प्रेम घटित हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! जब मोह नष्ट हुन्छ तब व्यक्ति सच्चिदानन्दघनमा एकाकार हुन्छ । परमात्मा र व्यक्तिबिचको भेद नै मोह हो । मोह समाप्त हुनासाथ व्यक्ति परमात्मा नै हुन्छ । अभेदको स्थिति व्यक्तिको प्राण र हृदयबाट उठ्नुपर्छ । ज्ञानको धारामा मोह टुट्छ र व्यक्ति परममा समाहित हुन्छ । त्यही जीवनको परम ध्येय र अन्तिम सत्यप्राप्तिको अवस्था हो । त्यसैले त श्रीकृष्ण भन्नुहुन्छ- ज्ञान भएको ठाउँमा दण्डवत् प्रणाम गरेर विनम्र भावले जान्न खोज्नुपर्छ किनभने मोहको निशालाई ज्ञानधाराले मात्र समाप्त गर्छ र व्यक्ति परममा स्थित हुन्छ । ज्ञानमा डुबेको व्यक्तिले सबै प्राणीहरूमा सच्चिदानन्द परमात्मा देख्न सक्छ । यस्तो अवस्थामा ढुङ्गा, पृथ्वी, आकाश सबैतिर जे देखिन्छन् ती सबै परमात्माका रूप लाग्ने छन् ।

हामी वरिपरि जे देख्दछौँ त्यो पदार्थ हो भन्ने मान्दछौँ । पदार्थको अर्थ जसमा आकार छ निराकार छैन; वस्तु छ, आत्मा छैन; अस्तित्व छ व्यक्तित्व छैन र अस्तित्ववान् छ तर जीवन छैन भन्ने हो । हामी जस्ता छौँ त्यस्तै देख्छौँ । हामीलाई भित्र परमात्मा छ भनेर थाहा छैन त्यो पनि हाम्रो मान्यता मात्र हो, गहिराइमा हामी आफूलाई शरीर ठान्छौँ । हामी आफ्ना बारेमा जति जान्दछौँ, त्यसभन्दा बढी अरूका बारेमा जान्न सक्दैनौँ । जगत् हाम्रा लागि दर्पण हो र हामी आफ्नो अनुहार त्यसमा देख्छौँ । यदि ढुङ्गामा

ढुङ्गा मात्र देखिन्छ भने शरीरभन्दा बढी हामीलाई केही पनि थाहा छैन । जुन दिन ज्ञानको प्रकाश जाग्दछ त्यही दिन भ्रम टुटेर मोह समाप्त हुन्छ र स्वयम्‌को चेतनाको बोध हुन्छ तब सारा जगत् चैतन्यमय देखिन्छ । भित्र म चेतना हुँ भनेर जान्ने बित्तिकै युगपथ सारा जगत् चेतनामय देखिन्छ । फेरि सबै प्राणीहरूमा सच्चिदानन्दको दर्शन हुन्छ । यस्तो अवस्थामा कहीं कतै दुख बाँकी रहँदैन र सबै प्रिय लाग्न थाल्छ । यस अवस्थामा पुग्न भित्रबाट मोह समाप्त हुनैपर्छ किनभने मोहको सम्मोहनले हामीलाई शरीर र जगत्‌लाई पदार्थ बनाएको छ । सम्मोहन टुटेपछि आफूभित्रको आत्माको दर्शन हुन्छ र सबैमा रहेको आत्मारूपी परमात्मा पनि देखिन्छ ।

ज्ञानको अनुभवलाई सच्चिदानन्दको अनुभव भनिन्छ । ज्ञानको प्रकाशमा तीन प्रतीतिहरू हुन्छन्- सत् चित् र आनन्द । जब सत् र चित्‌को अनुभव हुन्छ तब तेस्रो आनन्द तत्काल फलित हुन्छ । अहङ्कार हटेर भित्र र बाहिरको चैतन्य जागृत हुने बित्तिकै आनन्द फलित हुन्छ । आनन्दको विपरीत कुनै शब्द नै छैन । आनन्द अद्वैतवाची छ । जहाँ सुख र दुखको अनुभूति हुँदैन त्यहाँ आनन्द मात्र प्राप्त हुन्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- ज्ञानको प्राप्ति हुने बित्तिकै सत्, चित् र आनन्द रूपमा व्यक्ति लीन हुन्छ । परमात्माका लागि सच्चिदानन्द कमभन्दा कम त्रुटिपूर्ण सम्बोधनको भाषा हो । सच्चिदानन्दको अनुभूति भएका व्यक्ति परमात्मामा प्राप्त हुन्छन् ।

*अपि चेदसि पापेभ्यः सर्वेभ्यः पापकृत्तमः ।*
*सर्वं ज्ञानप्लवेनैव वृजिनं सन्तरिष्यसि ॥३६॥*

**यदि तिमी सबै पापीहरूभन्दा पनि महापापी छौ भने पनि दिव्य ज्ञानरूपी डुँगाद्वारा तिमी निःसन्देह दुखको सागरलाई सजिलै पार गर्न सक्छौ ॥**

*यथैधांसि समिद्धोऽग्निर्भस्मसात्कुरुतेऽर्जुनः ।*
*ज्ञानाग्निः सर्वकर्माणि भस्मसात्कुरुते तथा ॥३७॥*

**किनभने हे अर्जुन ! जसरी जलिरहेको आगोले सुकेको दाउरालाई खरानी बनाउँछ, त्यसैगरी सम्पूर्ण भौतिक कर्मका फलहरूलाई ज्ञानरूपी अग्निले सजिलै डढाउँछ ॥**

यो प्रश्न सनातनदेखि सदैव सोधिएको छ । मनुष्यमा अनन्त जन्मको पापको श्रृङ्खला छ । यस्तो विराट् र लामो पापको श्रृङ्खलालाई ज्ञानको एउटा किरणले कसरी समाप्त गर्न सक्छ ? नीतिज्ञलाई यो प्रश्न सोध्यो भने उनीहरूले व्यक्तिले जति पाप गरेका छन् त्यति नै पुण्य गर्नुपर्छ भनेर सुझाव दिन्छन् । उनीहरू एक एक पापलाई एक एक पुण्यले काट्नुपर्छ भन्दछन् । यसो गर्दा मुक्ति असम्भव हुन्छ किनभने अनन्त श्रृङ्खलामा गरिएको पापलाई काट्न पनि अनन्त पुण्य गर्नुपर्छ र अर्को पुण्य गर्नका लागि पुनः पाप गर्नुपर्छ । एउटा व्यक्तिले अस्पताल बनाउनका लागि खर्च गर्ने धन उसले गलत बाटोबाट कमाएर मात्र खर्च गर्न सक्छ । मन्दिर बनाउन अरूलाई चुसेर धन कमाएपछि मात्र बनाउन सम्भव हुन्छ । एउटा व्यक्तिले बाँच्ने क्रममा पुण्य गर्नका लागि हजारौं पाप गर्नुपर्छ । हिँड्दा, बस्दा, बोल्दा, श्वास लिँदा पनि हिंसा भएर पाप हुन्छ । वैज्ञानिकहरू भन्छन्- एकपटक श्वास लिँदा एक लाख जीवाणु नष्ट हुन्छन् । एकपटक ओठ ओठमा मिलाउँदा एक लाख सूक्ष्म जीवाणु नष्ट हुन्छन् । कसैसँग चुम्बन लिँदा लाखौं जीवाणु नष्ट हुन्छन् । त्यसैले बाँच्ने क्रममा नै पाप उत्पन्न हुन्छ र पुण्य गर्नका लागि पाप नगरी सम्भव हुँदैन । तसर्थ पुण्यबाट मात्र पाप कट्न सक्दैन ।

श्रीकृष्ण भन्नुहुन्छ- तिमी महापापी छौ भने पनि ज्ञानको एउटा धाराले तिम्रा सबै पाप नष्ट गर्ने छ । यसको अर्थ पापको कुनै सघनता हुँदैन, पाप अँध्यारो जस्तो हो र प्रकाश जलाउने बित्तिकै अँध्यारो विलीन हुन्छ । अनन्त अन्धकारले अनन्त प्रकाश बालेपछि मात्र म हट्ने छु भन्दैन । एउटा दीप प्रज्वलित गर्ने बित्तिकै हजारौं वर्षदेखिको अन्धकार एक पलमा विलीन हुन्छ । पापलाई पुण्यबाट काट्न सकिँदैन

किनभने पुण्य पनि सूक्ष्म पाप विना हुन सक्दैन । पापलाई त केवल ज्ञानले मात्र समाप्त पार्न सकिन्छ किनभने ज्ञानको अवस्थामा पाप घट्न सक्दैन । ज्ञान कुनै कृत्य होइन, यो अनुभव हो । ज्ञानको ज्योतिले अहङ्कारलाई जलाउँछ । जब म नै बाँकी रहँदैन तब मैले गरेको पाप पनि बाँकी रहदैन । पाप सपना जस्तो हो जो उठ्ने बित्तिकै विलीन हुन्छ । त्यस्तै पुण्य पनि सपना जस्तो हो, त्यसैले सपनाबाट सपना काट्न सकिँदैन । तसर्थ श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- तिमी जतिसुकै ठुलो पापी भए पनि ज्ञानको एक किरणले तिम्रो पापलाई सपनाजस्तो बगाएर लैजान्छ र प्रकाशरूपी ज्योतिले तिम्रो अन्धकाररूपी सबै पापलाई नष्ट गर्ने छ ।

हिन्दू ग्रन्थहरू जब पश्चिममा अनुवादित भएर पुगे तब जर्मनका विचारक सोपेनहावर (Arthur Schopenhauer) जस्ता व्यक्तिलाई पनि बुझ्न गाह्रो भयो । नैतिकवादीले तिनलाई अनैतिक ग्रन्थसम्म भने । क्रिश्चियन धर्मबाट हिन्दू ग्रन्थलाई बुझ्न सकिन्न । उनीहरूले एक क्षणमा पाप समाप्त हुन्छ भनेर विश्वास गर्न सक्दैनन् किनभने क्रिश्चियन धर्मले पापलाई ठुलो मूल्य दिएको छ । श्रीकृष्ण पहिले प्रकाशको खोजी गर, अनि जे पाउन खोजेका हौ त्यो पाउने छौ र जे छोड्न चाहन्छौ त्यो छुट्ने छ भन्नुहुन्छ । हिन्दू चिन्तन अनैतिक होइन अति नैतिक छ । यो श्रीकृष्णको वक्तव्य नीति-अनीति भन्दा पार छ ।

*न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते ।*
*तत्स्वयं योगसंसिद्धः कालेनात्मनि विन्दति ॥३८॥*

**यस संसारमा निःसन्देह ज्ञानसमान पवित्र गर्ने अरू केही छैन । कति कालपछि कर्म योगद्वारा अन्तस्करण शुद्ध भएको व्यक्तिले समयक्रममा आफूभित्र नै त्यो ज्ञानको अनुभव गर्छ र रसास्वादन गर्दछ ॥**

श्रीकृष्ण भन्नुहुन्छ- ज्ञानभन्दा श्रेष्ठ र पवित्र स्रोत अरू कुनै छैन । ज्ञान अमृत र मुक्ति हो । ज्ञान प्राप्त भएको व्यक्ति आत्मामा प्रवेश गर्छ । मनुष्य वासनाको कारण अपवित्र छ किनभने कामना उठ्ने बित्तिकै मन अपवित्र हुन्छ । मनमा इच्छा जाग्ने बित्तिकै ज्वर आएर चित्त कम्पनशील भई व्यक्ति अस्वस्थ्य हुन्छ । कामना नै अस्वस्थ्यता र अपवित्रता हो । मनमा चाहना उठ्ने बित्तिकै शान्ति हराउँछ र अशान्ति प्रारम्भ हुन्छ । चाहनाले दीनता उत्पन्न गराउँदा चित्तमा ईर्ष्या उत्पन्न हुन्छ । वासना उठ्ने बित्तिकै हिंसाको भाव जाग्दछ अनि अन्धोपन आउँछ र त्यो वासना पूरा गर्न अस्वस्थ्य दौड सुरु हुन्छ । वासना पूरा भए पनि दुख आउँछ र पूरा नभए त झन् असन्तुष्टि मात्र आउँछ ।

एक जना मनोवैज्ञानिक पागलहरूको अध्ययनका क्रममा पागलखानामा गए । त्यहाँ उनले यस्तो दृश्य देखे जहाँ एउटा व्यक्ति तस्वीर हातमा लिएर रोइरहेको थियो । उसको पागलपनको कारण चिकित्सकसँग उनले सोध्दा चिकित्सकले तस्बिरमा भएकी स्त्रीसँग उसको प्रेम भएको र उनीसँग विवाह गर्न नपाएपछि ऊ पागल भएको बताए । मनोवैज्ञानिक पुनः अर्को कोठामा गए । त्यहाँ एउटा पागल आफ्नै कपाल तानेर आफूलाई नै पिट्दै थियो । उसको पागलपनको कारण पनि मनोवैज्ञानिकले चिकित्सकसँग सोधे । उनले भने- यस मानिसलाई त्यही स्त्री प्राप्त भई जो पहिलो व्यक्तिले पाउन सकेन र त्यही स्त्रीका कारणले नै यो व्यक्ति पागल भएको हो । एउटा व्यक्ति जसलाई उसले चाह्यो त्यसलाई नपाएर पागल भयो र अर्को व्यक्ति जसलाई उसले पत्नीको रूपमा पायो त्यसैका कारणले पागल भयो । चाहना ठिक यस्तै हुन्छ । वासना, चाहना, इच्छा यस्तो किरा हो जसले भित्र फोहर मात्र जम्मा गर्छ ।

ज्ञान उत्रिने बित्तिकै इच्छा, वासना, चाहना सबै नष्ट हुन्छ । ज्ञानीको माग नै समाप्त भएकोले जे प्राप्त छ त्यसैमा परमात्मालाई धन्यवाद दिएर सन्तुष्ट हुन्छ । ज्ञानीका लागि वर्तमान नै पर्याप्त छ, ऊ भविष्यका लागि दौडिँदैन । हामीलाई परमात्माले जे दिएको छ त्यसको कुनै मूल्य नै थाहा छैन । हामीलाई हात, गोडा, आँखा, कान आदि पूर्ण अङ्ग परमात्माले दिएको छ जसका लागि परमात्माप्रति अनुग्रहको भाव पनि दर्साउँदैनौं किनभने वासनाले हामीलाई त्यो हेर्न नै दिँदैन । वासनालाई जे छ त्यसमा रस हुँदैन

र जे छैन त्यसमा मात्र प्रयोजन हुन्छ । हामी सदैव आफूसँग रहेको अमूल्य निधिलाई सम्भिफदैनौँ र छुद्रका पछाडि दौडिरहन्छौँ ।

ज्ञानले वासनाबाट मुक्त गराउँछ । जो प्रतिक्षण बाँच्दछ उसमा शुद्धता एवम् स्वच्छता भरिएको हुन्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- ज्ञान जस्तो पवित्र तत्त्व कुनै छैन । त्यो ज्ञान कति कालपछि कर्मयोगद्वारा अन्तस्करण शुद्ध भएको व्यक्तिले समयक्रममा आफूभित्र नै त्यसको अनुभव गर्दछ र रसास्वादन गर्दछ । एक मात्र पवित्र तत्त्व ज्ञान हो । श्रीकृष्ण भन्नुहुन्छ- ज्ञानभन्दा माथि केही छैन । सोक्रेटिजले पनि भनेका छन्- ज्ञान मात्र एउटा सद्गुण हो । आत्मिक अज्ञान गहिरो नर्क हो । आत्मज्ञान श्रेष्ठतम स्वर्ग हो । स्वयम्को ज्ञानभन्दा ठुलो ज्ञान केही पनि छैन । घरमा गाडेको धनका बारेमा आफूलाई थाहा छैन भने त्यसको कुनै मूल्य नभए जस्तै जसले आत्मालाई जान्न सक्दैन त्यसका लागि जीवनको कुनै मूल्य हुँदैन । जबसम्म अज्ञान छ तबसम्म आत्माको अनुभव हुँदैन र ज्ञान भएपछि मात्र आत्माको अनुभव हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- जो स्वयम्लाई जान्दछ उसैले आत्मा चिन्दछ । धर्म विज्ञान, साहित्य, भाषा केही पनि होइन, धर्म त आफ्नो निजी अनुभव हो । यो प्रेम जस्तो हुन्छ, जसले गर्छ उसैलाई मात्र थाहा हुन्छ । आफ्नो जीवन तत्त्वलाई जान्नु ज्ञान हो र ज्ञानपछि जे प्राप्त हुन्छ त्यो परमात्मा हो ।

*श्रद्धावाँल्लभते ज्ञानं तत्परः संयतेन्द्रियः ।*
*ज्ञानं लब्ध्वा परां शान्तिमचिरेणाधिगच्छति ॥३९॥*

**आफ्ना इन्द्रियहरूलाई वशमा राखेर दिव्यज्ञान प्राप्त गर्न समर्पित श्रद्धालु साधनपरायण व्यक्तिले नै ज्ञान प्राप्त गर्छ र त्यो ज्ञान प्राप्त गरिसकेपछि शीघ्र भगवत् प्राप्ति स्वरूप आध्यात्मिक शान्ति प्राप्त गर्दछ ॥**

जितेन्द्रिय पुरुषले श्रद्धावान् चित्तयुक्त भएर ज्ञान प्राप्त गर्दछ र ज्ञानको माध्यमबाट परम शान्ति प्राप्त गर्दछ । इन्द्रियहरूलाई जसले जित्यो यस्तो पुरुष श्रद्धावान् हुन्छ । इन्द्रियलाई लडेर हराउन सकिन्न । इन्द्रियसँग लड्ने व्यक्ति जितेन्द्रिय हुन सक्दैन । इन्द्रियलाई जित्ने सूत्र भनेको लड्ने वा दबाउने होइन बरु इन्द्रियका बारेमा जान्नु हो । जसले इन्द्रियलाई जान्दछ उसले जित हासिल गर्छ र जसले इन्द्रियसँग लड्छ त्यसको हार निश्चित छ । इन्द्रियलाई दमन गर्दा इन्द्रिय झन् प्रबल हुन्छ । क्रोध दबाउँदा अझ गहिरो हिंसाको रूप लिएर क्रोध प्रकट हुन्छ । वासनालाई दबाउन खोज्दा अझ विकृत भएर प्रकट हुन्छ । अहङ्कार दबाउन खोजियो भने अझ झाङ्गिएर प्रकट हुन्छ । जसले दबाउन खोज्छ, उसले यसलाई जान्न सक्दैन । इन्द्रियका ज्ञाताले मात्र यसलाई वशमा राख्न सक्छन् । श्रीकृष्णले आफ्ना इन्द्रियहरूलाई जान्ने व्यक्ति नै जितेन्द्रिय पुरुष हो भन्नुभएको छ । ज्ञानमा इन्द्रिय दुर्बल हुन्छ र अज्ञानमा प्रबल हुन्छ । इन्द्रियलाई जान्ने व्यक्ति यसको मालिक बन्न सक्छ । फलस्वरूप क्रोध क्षमा बन्न सक्छ, काम ब्रह्मचर्य बन्न सक्छ, लोभ दान बन्न सक्छ र घृणा प्रेममा रूपान्तरित हुन सक्छ । जितेन्द्रियको अर्थ इन्द्रियलाई जान्नु र यसको मालिक बन्नु हो ।

यस जगत्मा ज्ञान ध्यानबाट उपलब्ध हुन्छ । ध्यानको अर्थ खोजेको वस्तुलाई पर बसेर साक्षी भावले हेर्नु र त्यसमा सम्मिलित नहुनु हो । जुन इन्द्रियसँग हाम्रो एकात्मकता हुन्छ त्यसलाई हामी जान्न सक्दैनौं । जान्नका लागि साक्षीभावले हेर्नुपर्छ । इन्द्रियको रसमा संलग्न भएमा इन्द्रियका बारेमा जान्न सकिँदैन । रिस उठ्दा टाढा बसेर त्यसलाई हेर्न सकियो भने मात्र क्रोधको रसका बारेमा जान्न सकिन्छ । जुन इन्द्रियप्रति जति ध्यान गर्‍यो त्यति नै हाम्रा इन्द्रिय आफ्ना वशमा हुन्छन् । जहाँ ज्ञानको प्रकाश पर्छ, त्यहाँ इन्द्रियले आफ्नो स्वामीपन छोड्न थाल्छ । कामवासनालाई जसले जान्यो त्यो व्यक्ति कामातुर हुन सक्दैन । लोभलाई बुझ्ने व्यक्ति पनि लोभी हुन सक्दैन । इन्द्रियको बारेमा ध्यान दिनेबित्तिकै यिनीहरूका प्रभावबाट मुक्त भइन्छ । हामी जन्म जन्मान्तरदेखि इन्द्रियको प्रभावका कारण भोगमा संलग्न छौँ । त्यसैले हामी अज्ञानी भएर भड्किरहेका छौं । हामीमा साक्षी भाव जागृत हुनेबित्तिकै हाम्रो त्यो स्वभाव वा क्रोधको

ऊर्जा क्षमामा बदलिन्छ । कामवासनाको ऊर्जा ब्रह्मचर्यमा र ध्यानमा रूपान्तरित हुन्छ र ध्यानबाट ज्ञान प्राप्त हुन्छ । जसले आफ्ना इन्द्रियका कार्यहरूलाई साक्षीभावले हेरेको छ त्यही व्यक्ति श्रीकृष्णले भन्नुभएको जितेन्द्रिय पुरुष हो । यस्ता जितेन्द्रिय पुरुष नै श्रद्धावान् पुरुष हुन् जो शान्तिमा प्राप्त हुन्छन् ।

श्रद्धा त्यो व्यक्तिमा हुन्छ जसभित्र अविश्वास हुँदैन । श्रद्धा गहिराइको नाम हो भने विश्वास सतही नाम हो । जगत् विश्वासले चल्छ, तर परमात्मा श्रद्धाले मात्र चल्दछ किनभने विश्वास भित्र अविश्वास पनि हुन्छ । श्रद्धावान् व्यक्ति संशयहीन हुन्छ । संशय यदि जिज्ञासा बन्यो भने त्यो श्रद्धा बन्न सक्छ । जिज्ञासा भएको व्यक्ति श्रद्धावान् हुन्छ । श्रद्धाको अर्थ विश्वास र अविश्वास दुवै होइन । यसको अर्थ मुक्त मन-मस्तिष्क हो । श्रद्धावान् व्यक्ति खुल्ला हुन्छ र परमात्मा समक्ष खुल्ला मनले श्रद्धाले उपस्थित हुन्छ । श्रद्धावान्सँग कुनै सिद्धान्त, विश्वास र शास्त्र हुँदैन । उसले अस्तित्वलाई जस्ताको त्यस्तै स्वीकार गर्दछ । अज्ञानीको रूपमा उभिएर उसले प्रभुले जहाँ लैजान्छन् त्यहीँ गन्तव्य र जहाँ नाउ डुब्छ त्यहीँ किनारा हो भन्छ । यस्तो चित्तदशा भएको व्यक्ति श्रद्धावान् हो । सानो बच्चाले आफ्ना आमाबुबाको हात समाती ढुक्क भएर हिँडे जस्तो श्रद्धावान्लाई आफ्नो लक्ष्य, गन्तव्य केही थाहा हुँदैन र प्रभुले जहाँ लैजान्छन् ऊ त्यहीँ जान्छ । श्रद्धावान् व्यक्तिमा ज्ञानको दम्भ हुँदैन । तथाकथित पण्डितहरू कहिल्यै श्रद्धावान् हुँदैनन् किनभने उनीहरूले अश्रद्धाका कारणले नै पाण्डित्यको जाल फिजाएका हुन्छन् । असंशयी, विनम्र, निरहङ्कारी र आग्रहशून्य व्यक्ति मात्र श्रद्धावान् हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- जितेन्द्रिय पुरुष श्रद्धावान् भएन भने अहङ्कारी हुन सक्छ । बाह्य प्रकृतिलाई जितेर म नै सर्वोच्च शक्ति भएँ भनेर विज्ञानले ठाने जस्तै इन्द्रियलाई जितेर व्यक्ति श्रद्धावान् हुन सकेन भने त्यस्तै भ्रममा पर्छ । श्रद्धा भएन भने अन्ततः प्रकृतिमाथि विजय हासिल गरें भन्ने अहङ्कार पलाउन सक्छ । त्यसैले त श्रीकृष्ण जितेन्द्रिय पुरुष भनेपछि श्रद्धावान् पनि जोड्नुहुन्छ । यस्ता पुरुष नै आत्मामा उपलब्ध हुन्छन् र परमशान्ति पाउँछन् । शान्त चित्तमा कुनै कम्पन, उत्तेजना र संघर्ष हुँदैन र मौन हुन्छ । शान्त व्यक्ति सुख र दुखबाट पार हुन्छ । सुख र दुख परिवर्तनशील हुन्छन् तर परम शान्तिमा कुनै उत्तेजना हुँदैन र यो अपरिवर्तनीय हुन्छ । त्यसैले यस्तो अवस्थामा चित्त परम शान्त भएर आनन्द फलित हुन्छ र व्यक्ति परम सत्तामा प्रवेश गर्दछ । श्रीकृष्ण भन्नुहुन्छ- जितेन्द्रिय श्रद्धावान् पुरुष शान्त मनका साथ परम सत्तामा प्रवेश गर्छ ।

*अज्ञश्चाश्रद्दधानश्च संशयात्मा विनश्यति ।*
*नायं लोकोऽस्ति न परो न सुखं संशयात्मनः ॥४०॥*

**विवेकहीन, अज्ञानी, श्रद्धा नभएको र शङ्कालु व्यक्तिको नाश हुन्छ । यस्तो संशयी मनुष्यका लागि न यो लोक छ, न परलोक छ, न त सुख नै छ ॥**

संशयग्रस्त मानिस विनाशमा पुग्छन् । भगवत् प्रेमबाट रहित एवम् संशयीहरू यस लोक र परलोक दुवैमा कष्ट भोग्छन् । विनाश नै उसको नियति हुन्छ । भगवत् प्रेमले रहित एवम् संशयले भरिएका व्यक्ति एकै हुन् । संशयले भरिएको व्यक्तिमा भगवत् प्रेम हुँदैन र भगवत् प्रेम भएको व्यक्तिमा संशय हुँदैन तर यी दुवैका आधार अलग-अलग भएकाले श्रीकृष्णले यसलाई अलग-अलग भन्नुभएको हो । संशयको आधार मन हो र भगवत् प्रेमको आधार आत्मा हो । मनबाट संशय हटेन भने भगवत् प्रेमको अङ्कुर आत्मामा पलाउँदैन । गहिराइमा दुवैले एकै अर्थ राख्छन् तर दुवैको अभिव्यक्तिको आधार भिन्न-भिन्न हुन्छ । आत्मामा त संशय हुँदैन तर जसको मनमा संशय हुन्छ उसलाई मन नै आत्मा जस्तो लाग्छ । यस्तो मनलाई आत्मा ठान्ने व्यक्ति विनाशतिर उन्मुख हुन्छ ।

संशयको अर्थ अनिश्चय, सङ्कल्परहित र अनिर्णय हो । संशय चित्तको त्यो दशा हो जहाँ मन यो वा त्यो मा घुमिरहन्छ । जब चित्त यस्तै अवस्थामा गहिरो रूपमा भरिन्छ, तब व्यक्ति विनाश उन्मुख हुन्छ

किनभने यस्तो व्यक्तिले कहिल्यै केही गर्न सक्दैन । प्रगति वा सिर्जनाका लागि निर्णय चाहिन्छ । यस संसारमा केही निर्माण र सिर्जना गर्न पूरा समाहित भएर सङ्कल्प नगरी हुनै सक्दैन । विनाश हुन वा पतनतिर झर्न त संशयले भरिएको चित्त मात्र भए पुग्छ, केही गर्नै पर्दैन; आफैं विनाश हुन्छ । हामी पदार्थको जुन संसारमा छौं त्यो संशयपूर्ण चित्तको अवस्था हो । संशयपूर्ण चित्तले समयको महत्त्वबोध गर्दैन । प्रायः सबैका सामु एउटा महत्त्वपूर्ण समय आउँछ, त्यसको बोध हुन सकेन भने अन्ततः उसले मौका गुमाउँछ र मृत्युमा पुग्छ । श्रीकृष्ण परम अवसरको कुरा गर्दै संशयले आत्मा विनाशतिर भासिन्छ भन्नुहुन्छ । जीवन एउटा परम अवसर हो जुन व्यक्तिले चाह्यो भने त्यो अवसरको सदुपयोग गर्न सक्छ । त्यो अवसर आनन्द वा हर्षोन्मादको अवसर हो । संशयका कारण हामी त्यो परम अवसर प्राप्त गर्न चुकिरहेका हुन्छौं । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- संशय, अनिर्णय र अनिश्चयले विनाश मात्र निम्त्याउँछ । अर्जुन ज्यादै संशयले भरिएका छन् । उनले के गर्ने, के नगर्ने भनी ठम्याउनै सकेका छैनन् र उनको चित्त डामाडोल छ ।

आन्तरिक आत्मीयता जान्नु नै प्रेम हो । जब अस्तित्वलाई प्रेम गरिन्छ, तब परमात्मालाई जान्न सकिन्छ । भगवत् प्रेमको अर्थ नै जे छ त्यो सबै परमात्मा हो भनेर जान्नु हो । वस्तुहरूको प्रेमबाट उक्लेर अस्तित्वको प्रेममा आएपछि परमात्मालाई प्राप्त गर्न सकिन्छ । वस्तुहरूप्रतिको प्रेम, व्यक्तिहरूप्रतिको प्रेम र भगवत् प्रेम क्रमशः अधम, मध्यम र उत्कृष्ट हुन् । व्यक्तिसँगको प्रेम बिचमा हुन्छ, ऊ तल ओर्लियो भने वस्तुको प्रेममा पुग्छ र सारा जगत्लाई केवल वस्तु देख्दछ । माथि उक्लियो भने अस्तित्वको प्रेममा पुग्छ र परमात्माको लोक देख्न सक्छ । जब ऊ माथि उक्लिन तयार हुन्छ तब बल्ल भगवत् प्रेमलाई जान्न सक्छ । व्यक्तिको प्रेम पनि भगवत् प्रेमको सुरुवात वा आधार हो । व्यक्तिको प्रेम जब एउटा द्वार बन्छ त्यसबाट परमात्मा देखिन शुरू हुन्छ । जसले व्यक्तिलाई प्रेम गर्न सक्दैन त्यसलाई भगवत् प्रेम प्राप्त गर्न कठिन हुन्छ ।

भगवत् प्रेमको अर्थ सारा जगत् एउटा व्यक्ति हो, संसार नै भगवान् हो र अस्तित्व पनि भगवान् हो भनेर जान्नु हो । सारा अस्तित्वलाई हामी भगवान् मानेर व्यक्तित्व प्रदान गरिरहेका छौं । भक्त त्यो हो जसले सारा अस्तित्वलाई एउटै मानेर प्रेम गर्छ । भक्तले सूर्य, नदी, पिपल वृक्ष लगायत सारा अस्तित्वलाई परमात्माको हिस्सा मानेर झुकेर नमस्कार गर्छ । हरेक स्थानमा, रूपमा र आकारमा उही परमात्मा नै जानेर प्रेम गर्दछ । भगवत् प्रेममा व्यक्ति र परमव्यक्तिका बिच चर्चा एवम् संवाद आदानप्रदान हुन सक्छ । यस्तो प्रेममा प्रार्थना घटित हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- संशयमुक्त भगवत् प्रेमले भरिएको व्यक्ति यस लोकमा आनन्दमा डुब्छन् र परलोकमा पनि आनन्दमा उपलब्ध हुन्छन् । संशयी पुरुष यस लोकमा र परलोकमा पनि दुख पाउँछ। दुख हाम्रो आर्जन हो तर दुख पाउनु हाम्रो नियति होइन । आनन्दित हुनका लागि व्यक्ति संशयमुक्त भएर प्रभुको प्रसादबाट भरिनुपर्छ । वर्षामा खाल्डामा पानी भरिन्छ तर पहाडमा भरिँदैन किनभने खाल्डो खाली छ तर पहाड भरिएको छ, रिक्त छैन । संशयले भरिएको व्यक्तिसँग संशयको पहाड हुन्छ । श्रद्धा एक्लै आउँछ र संशय भिडमा आउँछ । संशयको पहाडमा पानी भर्न पाइँदैन र संशयरहित खाल्डामा पानी भरिन्छ । प्रभुको प्रसाद ग्रहण गर्न रिक्त र शून्य हुनुपर्छ । प्रभुको प्रसाद समान रूपमा सबैमा बर्सिरहेको हुन्छ । जो विनम्र भएर ग्रहण गर्छ त्यसले प्रभुको प्रसाद प्राप्त गर्दछ, जो अहङ्कारले युक्त र संशययुक्त हुन्छ त्यो खाली हुन्छ ।

*योगसन्न्यस्तकर्माणं ज्ञानसञ्छिन्नसंशयम् ।*
*आत्मवन्तं न कर्माणि निबध्नन्ति धनञ्जय ॥४१॥*

**हे धनञ्जय ! जसले आफ्ना कर्मयोगको विधिले समस्त कर्मलाई परमात्मामा अर्पण गरेको छ र जसको विवेकद्वारा समस्त संशयहरू नाश भएका छन् त्यस्ता आत्मज्ञानी मानिसहरू कर्मफलका बन्धनले बाँधिँदैनन् ॥**

जो संशयरहित भएर आफ्नो कर्म भगवद् सेवामा अर्पण गर्दछ वा प्रभुलाई समर्पण गर्छ त्यो व्यक्ति कर्ममा बाँधिँदैन भनेर श्रीकृष्ण भन्नुहुन्छ । पूर्णतामा जो शून्य भएर विनम्र भावका साथ भगवत् प्रेममा भरिन्छ यस्तालाई कर्मले बाँध्दैन । जसले सबै कर्म परमात्मालाई समर्पण गर्छ उसलाई कर्मको बन्धन हुनै सक्दैन । त्यस्तो अवस्थामा व्यक्ति प्रभुमा निर्भर हुन्छ, सबै जिम्मेवारी प्रभुको नै हुन्छ । समर्पण नगर्नुमा सबैभन्दा ठुलो बाधा अहङ्कार हो । अहङ्कारमा प्रेमको द्वार कहिल्यै खुल्दैन । समर्पण अहङ्कारको पूर्ण विसर्जन हो । श्रीकृष्ण भन्नुहुन्छ- जो आफ्ना सारा कर्म प्रभुमा विनम्रताका साथ समर्पण गर्दछ त्यस्तो प्रभुपरायण व्यक्तिमा कर्मबन्धन शेष रहँदैन । कर्मबन्धनबाट मुक्त भएर व्यक्ति स्वतन्त्र हुने अवस्था पनि समर्पण भाव नै हो । संशयरहित भएर भगवत् प्रेमका साथ समर्पित हुने व्यक्तिलाई नै पूर्ण स्वतन्त्रता प्राप्त हुन्छ । यस्ता व्यक्ति नै प्रभुमा लीन हुन्छन् ।

*तस्मादज्ञानसम्भूतं हृत्स्थं ज्ञानासिनात्मनः ।*
*छित्त्वैनं संशयं योगमातिष्ठोत्तिष्ठ भारत ॥४२॥*

**हे भारत ! तिम्रो हृदयमा अज्ञानका कारणबाट उत्पन्न जुन संशय छ, त्यसलाई ज्ञानरूपी तरवारले काट र समतारूपी बुद्धियोगमा स्थित रहेर युद्धका निम्ति उठ ॥**

श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! तिमी समता बुद्धि प्राप्त गरेर संशयलाई ज्ञानरूपी तरवारले काट र समता बुद्धियोगमा स्थित रहेर युद्धका निम्ति उठ । समताको अर्थ निष्पक्षता, तटस्थता र द्वैतभन्दा पार हुनु हो । हाम्रो बुद्धि सदा असम्यक् हुन्छ । यथार्थमा हामी कहिले एकातिर त कहिले अर्कातिर ढल्किन्छौँ । कहिले धर्म-अधर्मतर्फ, कहिले हिंसा-अहिंसातर्फ, कहिले पदार्थतिर त कहिले परमात्मातिर ढल्किरहन्छौँ र समताभावमा कहिल्यै रहँदैनौँ । बुद्धि जब ज्योति जस्तै कम्पनरहित भएर स्थित हुन्छ त्यस्तो स्थिति समत्व बुद्धिको अवस्था हो । यस्तो समत्व बुद्धिले मात्र व्यक्ति समर्पण गर्न समर्थ हुन्छ । संशय हट्नलाई त मन समताभावमा र सन्तुलनमा हुनुपर्छ । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- समतामा रहेर ज्ञानको तरवारले संशयलाई काट ।

ज्ञान सूक्ष्म तरवार हो । संशयलाई सूक्ष्म ज्ञानविना कुनै पनि शक्तिशाली हतियारले काट्न सक्दैन । संशयलाई केवल ज्ञानले काट्न सक्छ । ज्ञान समस्त बुद्धिरूपी योग हो । यथार्थमा जब बुद्धि समतामा प्राप्त हुन्छ, तब ज्ञानको उदय हुन्छ । जति असन्तुलित बुद्धि हुन्छ, त्यति नै बाक्लो अज्ञान पैदा हुन्छ र जति सन्तुलित बुद्धि हुन्छ त्यति नै गहिरो ज्ञान पैदा हुन्छ । अर्जुनमा रहेको संशयले ज्ञानरूपी तरवारलाई काट्न दिइरहेको छैन । जसले संशयलाई ज्ञानरूपी तरवारले काट्न सक्छ, त्यसको आखिरी बाधा पनि अन्त हुन्छ र परमात्माको द्वार खुल्दछ, जहाँ आनन्द, मुक्ति, शान्ति र निर्वाण प्राप्त हुन्छ ।


एकातिर ज्ञान र अर्कातिर सन्न्यास, बिचमा कर्म छ । ज्ञान प्राप्त गरेर कर्म गर्दै सन्न्यास प्राप्त हुन्छ । ज्ञानले कर्म फलित भयो भने सन्न्यास पनि फलित हुन्छ । ज्ञानपूर्ण कर्म गरियो भने पनि त्यो अकर्म बन्दछ । ज्ञानपूर्ण भोग भएर नै त्याग बन्दछ । ज्ञानपूर्ण अन्धकार पनि प्रभात हो । ज्ञान, कर्मयोग र सन्न्यास यी तीन शब्द सूचक हुन् । यसको तात्पर्य प्रारम्भ ज्ञानबाट गर्दै कर्ममा संलग्न भई सन्न्यास भएर परमात्मामा पुग्ने अवस्था हो । यस्तो भएमा एक चक्र पूरा हुन्छ । ज्ञान जब कर्म बन्न सक्छ तब मात्र

सन्न्यास फलित हुन्छ । समत्व बुद्धिका साथ प्रभुमा समर्पण गर्दै गरेका प्रत्येक कर्म सन्न्यासमा पर्दछन् । श्रीकृष्णको मूल सन्देश भाग्ने होइन, आफूलाई रूपान्तरण गर भन्ने हो ।

*ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे*
*श्रीकृष्णार्जुनसंवादे ज्ञानकर्मसन्न्यासयोगो नाम*
*चतुर्थोऽध्यायः ॥४॥*






श्रीकृष्ण शरणम् ममः

*ॐ श्रीपरमात्मने नमः*

पाँचौं अध्याय

# कर्मसन्न्यासयोगः

*अर्जुन उवाच*
*सन्न्यासं कर्मणां कृष्ण पुनर्योगं च शंससि ।*
*यच्छ्रेय एतयोरेकं तन्मे ब्रूहि सुनिश्चितम् ॥१॥*

**अर्जुनले भने– हे कृष्ण ! हजुर कर्महरूको सन्न्यास र निष्काम कर्मयोगको प्रशंसा गर्नुहुन्छ । अतः यी दुई कर्मसन्न्यास र निष्काम कर्मयोगमध्ये कुन बढी कल्याणदायी छ, त्यो निश्चय गरेर मलाई बताउनुहोस् ॥**

मनुष्यका मनमा सदा अरूले नै निर्णय गरिदिए हुन्थ्यो भन्ने चाहना हुन्छ । आफूले निर्णय गर्दा विवादमा तानिने सम्भावना भएका कारण ऊ आफैँ निर्णय गर्न चाहँदैन, सत्य पनि स्वतः प्राप्त होस् भन्ने चाहन्छ । अर्जुन श्रीकृष्णसँग सोध्छन्- हजुरले कर्म सन्न्यासको र निष्काम कर्मयोगका बारेमा पनि बताउनु भयो । त्यसैले यी दुई मार्गमध्ये मेरा लागि कुन मार्ग कल्याणदायी छ, त्यो निश्चय गरेर मलाई बताइदिनुहोस् । कृष्णले अर्जुनलाई अहिलेसम्म भन्नुभएका वचनहरू सल्लाहका रूपमा उनका समस्याको समाधानका लागि बताउनुभएको हो । सारा मार्गहरूका बारेमा प्रकाश पारिदिएर उहाँले अन्तिम निर्णय अर्जुनमा नै छोडिदिनुभएको छ । श्रीकृष्ण चाहनुहुन्छ- अर्जुन आफैं सङ्कल्पवान् बनेर निर्णय गर्न सकून् तर अर्जुन संशयमा रहेकाले अनिर्णयको बन्दी बनेका छन् । उनी आफैं निर्णय नगरेर श्रीकृष्णलाई भन्छन्- मेरो कल्याणका लागि कुन मार्ग ठिक हो, सुनिश्चित गरेर बताइदिनुहोस् । उनको आशय कृष्णबाट नै उपयुक्त मार्गको छनोट होस् भन्ने छ । अर्जुन अनिश्चितताको भुँवरीमा परेको हुनाले आफूले निर्णय गर्नुभन्दा कृष्णले नै उनका लागि उचित मार्ग निश्चित गरेर बताइदिएहुन्थ्यो भन्ने चाहन्छन् ।

दुबिधाग्रस्त अवस्थामा रहेका अर्जुनले कृष्णको उपदेशलाई ग्रहण पनि गर्न सक्नुपर्‍यो । अर्जुनको दुबिधा समाप्त भएपछि मात्र कृष्णको उपयुक्त सुझाव अर्जुनले बुझ्न सक्ने छन् । अर्जुन शान्त चित्त भएर कृष्णका कुरा सुन्न तयार भएमा मात्र उहाँले निश्चयपूर्वक अर्जुनलाई उपायहरू भन्नुहुने छ । अर्जुनले प्रारम्भमा कृष्णसँग म युद्ध गर्दिनँ भनेका थिए । त्यो बेला यस्तो लाग्दथ्यो कि अर्जुन जे भन्दै छन् जानेर नै भनिरहेका छन् । अर्जुन धर्मशास्त्र, नीति र परम्पराका बारेमा आफूलाई सबै ज्ञान भए जस्तो गरेर भन्दै थिए । अज्ञानीको भाषामा पनि यस्तै दृढता हुन्छ । अर्जुनलाई आफूले उठाएका प्रश्नहरूको उत्तर पहिलेदेखि नै थाहा भएजस्तो लाग्दथ्यो । उनी कृष्णलाई आफ्ना भनाइको साक्षी बनाउन र उनको मुखबाट नै यो युद्ध व्यर्थ हो भन्ने कुरा भनाउन चाहन्थे ।

तर श्रीकृष्णले अर्जुनको भनाइमा समर्थन गर्नुभएन । अर्जुन दुबिधामा फसेका छन् र यो नै अर्जुनको ज्ञानमार्गको पहिलो कदम हो । ज्ञानको मार्गमा अज्ञानको दृढता पग्लिनु महत्त्वपूर्ण उपलब्धि हो । अर्जुन अब निश्चयपूर्ण भनाइबाट आफूलाई उपयुक्त हुने कल्याणदायी मार्ग बताइदिनुहोस् भन्ने स्थितिसम्म पुगेका छन् । त्यसैले अर्जुन कृष्णलाई भन्दछन्- हजुर कर्मसन्न्यास र निष्काम कर्मयोगको प्रशंसा गर्नुहुन्छ अतः यी दुई मार्गमध्ये कुन बढी कल्याणदायी छ त्यो निश्चय गरेर मलाई भनिदिनुहोस् तर श्रीकृष्ण यस्ता मनोविश्लेषक गुरु हुनुहुन्छ जो सत्यलाई बुझ्ने अवस्थामा नपुगी निश्चयपूर्वक भन्नुहुन्न । अर्जुनमा क्षमताको विकास नहोउन्जेल कृष्ण उनलाई समाधान दिन तयार हुनुहुन्न । अर्जुनमा बुझ्ने क्षमताको विकास भयो भने कृष्ण उनलाई ज्ञान दिन तयार हुनुहुन्छ । सत्य जान्नका लागि अर्जुनको पूर्वतयारी आवश्यक छ ।

*श्रीभगवानुवाच*
*सन्न्यासः कर्मयोगश्च निःश्रेयसकरावुभौ ।*
*तयोस्तु कर्मसन्न्यासात्कर्मयोगो विशिष्यते ॥२॥*

**भगवान्‌ले भन्नुभयो- कर्मसन्न्यास र निष्काम कर्मयोग यी दुवै परम कल्याणकार भएकाले निश्चय नै श्रेष्ठ छन् तर तीमध्ये कर्मको परित्यागभन्दा त निष्काम कर्मयोग नै विशिष्ट छ ॥**

श्रीकृष्ण भन्नुहुन्छ- कर्मसन्न्यास र निष्काम कर्मयोग दुवै परम कल्याण गराउने मार्ग हुन् । तर पनि निष्काम कर्मयोग सुगम हुनाले साधकका लागि ज्यादै कल्याणकारी हुन्छ । कर्मसन्न्यासको अर्थ पानीमा खिचिएको रेखाजस्तो कर्म हो जुन खिच्न पाएको छैन तत्काल मेटिन्छ । तसर्थ मेटिने र नटिक्ने रेखालाई खिच्ने प्रयास गर्नु अत्यन्तै कठिन कार्य हो । हामीलाई कुनै कर्मको स्मरण छैन र सबै गरेका कर्महरू भुलिसकेका छौ । हाम्रो नयाँ जन्मसँगै फेरि नयाँ सपना र नयाँ कर्म सुरु हुन्छ । हाम्रो मनले पुराना कुराबाट केही सिकेको छैन । हाम्रो हरेक जन्ममा गरेका कर्महरू यसरी नै विस्मरण भएका छन् । हामीले जन्मलाई नै त बिर्सियौं भने आजसम्म गरेका कर्मका उपलब्धिलाई सम्झिने कुरै भएन । यो जानेर पनि कर्मको रेखा खिच्न हिजो पनि छोडेनौं र आज पनि खिचि नै रहेका  छौं । मर्ने बेलामा मात्र यो सबै बेकार हो भनेर थाहा हुन्छ तर त्यो बेला ढिलो भइसकेको हुन्छ । फलस्वरूप पुनः नयाँ जन्म र मृत्युको पुनरावृत्ति भइरहन्छ ।

कर्मप्रतिको होस र कर्मबाट केही फलित हुँदैन भन्ने बोधको नाम कर्मसन्न्यास हो । कर्मलाई खेल ठान्ने व्यक्ति कर्मबाट बाहिर हुन्छ । कर्मसन्न्यास कर्मको त्याग होइन । यो कर्मप्रति होसपूर्ण जागरणको स्थिति हो जहाँ कर्मबाट केही पनि प्राप्त हुँदैन भन्ने अनुभव हुन्छ । यो जागरण भएमा कर्म छुट्छ । श्रीकृष्ण भन्नुहुन्छ- यो मार्ग कठिन तर मङ्गलदायी छ र यस मार्गबाट परम अनुभूतिसम्म पुग्न सकिन्छ । निष्काम कर्मयोगको मार्ग सरल छ । यसमा कर्मप्रति होइन, फलाकाङ्क्षा राख्नु व्यर्थ हो भन्ने जान्नुपर्दछ भने कर्मसन्न्यासमा कर्म नै व्यर्थ हो भन्ने जान्नुपर्दछ । श्रीकृष्ण भन्नुहुन्छ- निष्काम कर्मयोगमा कर्म जारी राख्दै फलाकाङ्क्षा मात्र त्याग गरे पुग्छ । फलाकाङ्क्षाले अन्ततः दुख निम्त्याउँछ भन्ने जान्यो भने निष्काम कर्मबारे जान्न सकिन्छ ।

सबै कर्म सपनाजस्तै हुन् भन्ने सोचियो भने कर्मसन्न्यास फलित हुन्छ । त्यस्तै फलाकाङ्क्षा दुख हो भन्ने ठानियो भने निष्काम कर्म फलित हुन्छ । फलाकाङ्क्षाले दुख मात्र दिन्छ किनभने हामी जे चाहन्छौं त्यो कहिल्यै पूरा हुँदैन । हामीलाई वर्तमानमा सदा दुख र भविष्यमा सदा सुखको प्रतीति हुन्छ । जबसम्म यो अवस्था रहन्छ, तबसम्म निष्काम कर्म फलित हुन सक्दैन । वर्तमान सुख बनेमा भविष्यको आशा समाप्त हुन्छ । हामी त वर्तमानमा कहिल्यै बाँच्दैनौं, केवल भविष्यको आशामा मात्र बाँच्छौं ।

निष्काम कर्मको निष्पत्ति नै भविष्यको कल्पनामा नबाँच भन्ने हो । भोलि पाउने आशामा राखिएको फल दुख मात्र हो, जुन कहिल्यै आउँदैन । भोलि कहिल्यै आउँदैन, जे छ आज नै छ, वर्तमानमा बाच्ने व्यक्ति फलाकाङ्क्षी हुँदैन । हामी सबै फललाई अमृत ठान्छौं तर हातमा त विष मात्र प्राप्त हुन्छ । हामीले अतीतमा फलाकाङ्क्षा राखेर गरेका कर्मको स्मरण एवम् विश्लेषण गर्ने हो भने हातमा शून्य मात्र भेटिन्छ । फलाकाङ्क्षा भ्रान्त सपना हो जो कहिल्यै भरिँदैन, खाली मात्र हुन्छ । फलाकाङ्क्षाको व्यर्थतालाई जान्ने व्यक्तिलाई निष्काम कर्म फलित हुन्छ । यस्तो प्रतीति हुने व्यक्ति कर्मबाट भाग्दैन, ऊ कर्म गरि नै रहन्छ तर कर्म उसका लागि अभिनयभन्दा ज्यादा हुँदैन । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! दोस्रो मार्ग अर्थात् निष्काम कर्मयोगको मार्ग सुगम छ । सबै कर्म छोडेर निर्जरालाई उपलब्ध हुने महावीरको मार्ग र निष्काम कर्म गर्ने जनक जस्ता व्यक्तिको मार्ग दुवै कल्याणकारी, हितकारी एवम् उत्कृष्ट छन्, तर यी दुईमा निष्काम कर्मयोगको मार्ग सरल छ ।

*ज्ञेयः स नित्यसन्न्यासी यो न द्वेष्टि न काङ्क्षति ।*
*निर्द्वन्द्वो हि महाबाहो सुखं बन्धात्प्रमुच्यते ॥३॥*

**हे महाबाहु अर्जुन ! कहिल्यै कर्मफलको आकाङ्क्षा पनि नगर्ने र कर्मफलप्रति द्वेष पनि नगर्ने निष्काम कर्मयोगी नित्य सन्न्यासी हो । सन्न्यासी समस्त द्वैत भावबाट रहित भएर सुखपूर्वक भवबन्धनबाट पनि मुक्त हुन्छ ॥**

हामी कसैसँग या त आकर्षित वा विकर्षित हुन्छौँ । हामी कि त आकाङ्क्षाले वा विपरीत आकाङ्क्षाले भरिएका हुन्छौँ । हामीलाई आकर्षण र विकर्षणको बिचमा रहने कुनै अनुभव छैन । आकर्षण र विकर्षणमा कुनै पनि व्यक्ति आनन्दित हुँदैन । यी दुवैका बिचमा जो व्यक्ति रहन्छ त्यसैले आनन्द प्राप्त गर्दछ । राग र द्वेष विपरीत जस्तो लाग्दछ तर यी दुवैको शक्ति एउटै हो । सबै आकर्षण विकर्षण बन्न सक्छ र विकर्षण आकर्षण बन्न सक्छ । त्यसैले राग र द्वेष दुई शक्ति होइनन् एउटै शक्तिका दुई रूप हुन् । त्यस्तै घृणा-प्रेम र मित्रता-शत्रुता दुई शक्ति होइनन्, एउटै शक्तिका दुई रूप हुन् । हाम्रो मन कि प्रेममा कि घृणामा हुन्छ । प्रेमले सुखको आश्वासन दिन्छ र घृणाले दुखको फल ल्याउँछ । रागले सुखको भरोसा दिन्छ र द्वेष दुखको परिणति बन्छ । राग आकाङ्क्षा हो र द्वेष परिणाम हो ।

श्रीकृष्ण निष्काम कर्मलाई परिभाषित गर्दै भन्नुहुन्छ- जो व्यक्ति राग र द्वेषको अतीत हुन्छ त्यो निष्काम कर्ममा प्राप्त हुन्छ । रागी र विरागी दुवै बन्धनमा हुन्छन् । रागी धनमा बाँधिएको हुन्छ र विरागी धन छोड्ने क्रममा धनसँगै नै बाँधिएको हुन्छ । विकर्षण पनि आकर्षणको नै विपरीत रूप हो । श्रीकृष्ण भन्नुहुन्छ- जुन दिन जो राग र द्वेषबाट पार भएर द्वन्द्वातीत हुन्छ, त्यही दिन निष्काम कर्मयोग फलित हुन्छ । हामी त कर्म केही पाउनका लागि गर्छौं अर्थात् कुनै चिजमा आकर्षण र विकर्षण भयो भने मात्र गर्छौं । हाम्रो कर्मको उत्प्रेरणा यी दुईबाट मात्र आउँछ । पश्चिमका मनोवैज्ञानिकहरू विना उत्प्रेरणाको कर्म हुन सक्छ भनेर मान्न तयार छैनन् । श्रीकृष्ण भन्नुहुन्छ- कर्ममा आकर्षण वा विकर्षणको भाव भयो भने त्यो बन्धन हुन्छ तर यदि कुनै कारण भएन भने त्यो निष्काम कर्म हुन्छ । यस्तो निष्काम कर्म गर्ने व्यक्ति कर्म गर्दा गर्दै पनि कर्मको बन्धनबाट मुक्त हुन्छ । तर मनोवैज्ञानिकहरू यस्तो कर्म हुनै सक्दैन भन्छन्, उनीहरूका अनुसार कुनै प्रेरक कारण नभई कर्म हुनै सक्दैन तर श्रीकृष्ण भन्नुहुन्छ- विना कारण कर्म हुन सक्छ एवम् राग र द्वेषविनाको कर्म सम्भव छ ।

फ्रायडदेखि फोमसम्मका सबै पश्चिमा मनोवैज्ञानिकहरूको अध्ययन बिरामी मानिसको मानसिकतालाई आधार मानेर गरिएका परिणाम हुन् । उनीहरूले रुग्ण, विक्षिप्त, पागल व्यक्तिहरूको अध्ययन गरेर आफ्नो निष्कर्ष प्रस्तुत गरेका हुन् । उनीहरूको अध्ययन साइकोसिस, न्युरोसिस आदि मानसिक रोगहरूमा आधारित छन् । यसरी बिरामी व्यक्तिहरूको अध्ययनको आधारमा निकालिएका निष्कर्ष सामान्य व्यक्तिहरूका बारेमा प्रस्तुत गर्नु गलत हुन्छ । दोस्रो कुरा- सामान्य व्यक्ति पनि पूर्ण व्यक्ति होइन त्यसैले साधारण व्यक्तिका आधारमा गरिएको अध्ययन पूर्ण नहुन पनि सक्छ ।

श्रीकृष्णको मनोविज्ञान पूर्ण व्यक्तिलाई अध्ययन गरेर प्रस्तुत गरिएको नतिजा हो । मनुष्य जे हुन सक्छ, त्यसका उच्चतम आधारमा हाम्रो मानसशास्त्र निर्धारित हुन्छ । पश्चिमको मानसशास्त्र मानिस जति तल गिर्न सक्छ त्यसका आधारमा तय गरिएको हो । त्यसैले पश्चिमको मनोविज्ञान हाम्रो मनोविज्ञानसँग तालमेल हुन सक्दैन । हामीले श्रेष्ठतामा ध्यान राख्यौँ भने उनीहरूले निकृष्टतामा ध्यान राखे । मनुष्यमा उच्चता र निकृष्टताका दुवै अवस्था हुन्छन् । पश्चिमको मनोविज्ञानका आधारमा यदि मनुष्य आनन्दमा उपलब्ध हुनै सक्दैन भनेर निष्कर्ष निकालियो भने मानिस आफ्नो दुखमा नै रोकिन्छ । निकृष्टतालाई आधार बनाउने हो भने मनुष्य दैनिक तल झर्ने छ ।

विमुक्त पुरुष राग र द्वेषबाट मुक्त हुन्छ किनभने जब कुनै व्यक्तिले राग र द्वेषलाई चिन्दछ, तब उसको राग र द्वेषमा खर्च हुने ऊर्जा बच्दछ र त्यो ऊर्जा निष्काम कर्ममा खर्च हुन थाल्छ । ऊर्जा शान्त भएर खर्च नभइरहन सक्दैन । त्यो ऊर्जा अकारण उत्प्रेरणारहित कर्ममा बहन्छ र त्यस्तो अकारण बग्ने ऊर्जामा आनन्द हुन्छ । राग- द्वेषबाट पार भएको व्यक्तिको भित्री शक्ति जुन अभिव्यक्त हुन चाहन्छ त्यो हावा र नदी अकारण प्रवाहित भए जस्तै गरी बहन्छ । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- यदि तिमी राग र द्वेषबाट मुक्त भएर कर्ममा संलग्न भयौ भने सुखद् मार्ग हुँदै सारा बन्धनहरूबाट मुक्त हुने छौ ।

कर्म राग र द्वेषबाट होइन भित्रको ऊर्जाबाट पैदा हुन्छ । चन्द्र, तारा पनि राग द्वेषविना निरन्तर आफ्नो कर्तव्यमा तल्लीन छन् । कण कणमा भएका ऊर्जा पनि अकारण नृत्य गरिरहेका छन्, फूल फक्रिरहेका छन्, चरा-चुरुङ्गी उडिरहेका छन्, झरनाहरू नदीमा मिसिएर सागरतर्फ बगिरहेका छन्, सागर बाफ बनेर आकाशतर्फ विना राग र द्वेषका साथ उडिरहेको छ । प्रकृतिमा भएका सबै आफ्नो कर्तव्यबाट च्युत छैनन् तर मानिस मात्र च्युत छ किनभने उसमा राग र द्वेष छ । जीवन ऊर्जा जो कर्म बन्छ त्यसलाई हामी जहाँ चाह्यो त्यहीँ खर्च गर्न सक्छौं । एउटा सूक्ष्म कणमा त विद्युत्शक्ति छ भने मनुष्यसँग त अनन्त ऊर्जा स्रोत छ जो हामीले चाहेमा राग वा द्वेषमा खर्च गर्न सक्छौं वा खर्च नगर्न पनि सक्छौं । श्रीकृष्ण भन्नुहुन्छ- निष्कामकर्मीले आफ्नो ऊर्जा राग द्वेषमा खर्च गर्दैन । यसरी खर्च नभएको ऊर्जा निष्क्रिय पनि हुन सक्दैन किनभने शक्ति सक्रिय छ । निष्कामकर्मीले त्यस्तो ऊर्जा परमात्मामा समर्पण गर्छ त्यसैले उसको फल परमात्माको हातमा हुन्छ । जुन क्षण राग र द्वेष रहँदैन, त्यही क्षण व्यक्तिको जीवन परमात्माको चरणमा लीन हुन्छ । यो परमात्मामा समर्पित जीवन नै निष्काम कर्मयोग हो । यस्तो व्यक्ति बडो सुखका साथ बन्धनबाट मुक्त  हुन्छ । यो पाकेको फल वृक्षबाट झरे जस्तो हुन्छ, जहाँ वृक्ष, फल, पातमा कुनै चोट हुँदैन र फल सुस्वादु हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- हे महाबाहु ! तिमी राग र द्वेषरहित भएर कर्म गर । त्यसो गरेमा एक दिन तिमी सुखद रूपमा सुकेको पात या परिपक्व फल रुखबाट छुटेझैँ बन्धनबाट मुक्त हुने छौ । राग र द्वेष दुवै दुख हो भनेर जान्यो भने मात्र व्यक्ति त्यसबाट सुखद रूपमा बाहिर आउन सक्छ । निष्काम कर्मयोगी भागेर कहीँ जानु पर्दैन । जुन कारणले भाग्न चाहेको हो त्यसको राग र द्वेष छोडे मात्र पुग्छ । धनमा राग वा द्वेष नभए धन छोडेर भाग्नु नै पर्दैन । निष्काम कर्मयोगी अत्यन्त शान्तिपूर्वक, चुपचाप सुखद अवस्थामा बन्धनबाट मुक्त हुन्छ । राग र द्वेषबाट मुक्त हुने बित्तिकै जीवन ऊर्जा अकारण सक्रिय हुन्छ र यस्तो ऊर्जा अधर्मका लागि सक्रिय हुन सक्दैन । त्यो ऊर्जा अनिवार्य रूपले धर्म, मङ्गल र श्रेयका लागि हुने छ । यस्तो व्यक्तिको जीवन धार्मिक कृत्य बन्छ किनभने त्यो ऊर्जा परमात्मामा समर्पित हुन्छ ।

*साङ्ख्ययोगौ पृथग्बालाः प्रवदन्ति न पण्डिताः ।*
*एकमप्यास्थितः सम्यगुभयोर्विन्दते फलम् ॥४॥*

**उपयुक्त सन्यास र कर्मयोगलाई मूर्खहरू पृथक्-पृथक् फल दिनेवाला भन्दछन् तर ज्ञानीहरू यिनलाई भिन्न देख्दैनन् किनभने यी दुईमध्ये एउटा मार्गमा मात्र सम्यक् प्रकारले स्थित पुरुष दुवै मार्गबाट परमात्मा प्राप्त हुन्छन् ॥**

यस जगत्को सारा भिन्नता वा फरकपन मूर्खहरूको सोच मात्र हो । कर्मसन्न्यास वा निष्काम कर्म दुवैबाट एउटै धाम प्राप्त हुन्छ । ज्ञानीजन यी दुवैको गन्तव्य एउटै हो भनेर जान्दछन्। मार्ग अनेक छन् तर दिव्यधाम वा परमसत्ता एउटै मात्र छ । जुनसुकै मार्गबाट प्रस्थान गरे पनि सत्यको खोजको आकाङ्क्षा छ भने र आनन्द प्राप्त गर्ने उद्देश्य छ भने जहाँबाट हिँडे पनि त्यहीँ पुगिन्छ जहाँ सत्य र आनन्द स्थित छन्।

श्रीकृष्णले दुईवटा मार्ग बताउनु भएको छ तीमध्ये पहिलो मार्ग कर्मको त्याग हो र अर्को मार्ग फलाकाङ्क्षाको त्याग हो । यी दुवै मार्ग कल्याणकारी छन् तर यीमध्ये दोस्रो मार्ग सरल र सुगम छ। राग र द्वेषबाट मुक्त व्यक्ति दोस्रो मार्गबाट सजिलै पार हुन्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- मूर्खहरूले मात्र यी दुवै मार्गलाई विपरीत ठान्छन् । तर ज्ञानीहरू भने यी दुवै मार्गमा भिन्नता देख्दैनन्, अर्थात् दुवै मार्ग श्रेष्ठ ठान्दछन्। ज्ञानीहरू दुवै मार्गलाई एउटै मान्दछन् । अर्जुनलाई कर्मसन्न्यास त बेकार रहेछ; त्यसैले निष्काम कर्मतर्फबाट नै पार हुन सकिन्छ भन्ने लाग्न सक्छ । हुन त अर्जुन अझै ढुक्क मनस्थितिमा छैनन् तैपनि अर्जुनलाई कहीं एउटा मात्र बाटो ठिक रहेछ भन्ने नलागोस् भनेर श्रीकृष्ण भन्नुहुन्छ- मूर्खहरू नै यी दुई मार्गलाई अलग अलग मान्छन् जब कि ज्ञानीहरू त दुवै मार्गलाई एउटै मान्दछन् । यी दुवैमध्ये एउटा मार्गमा मात्र सम्यक् प्रकारले स्थित पुरुष परमात्मामा प्राप्त हुन्छ ।

*यत्साङ्ख्यैः प्राप्यते स्थानं तद्योगैरपि गम्यते ।*
*एकं साङ्ख्यं च योगं च यः पश्यति स पश्यति ॥५॥*

**साङ्ख्ययोगीहरूले जुन दिव्यस्थान प्राप्त गर्दछन्, त्यही स्थान निष्काम कर्मयोगीले पनि प्राप्त गर्न सक्छन् । यी दुवै योगहरूलाई जसले एउटै देख्दछ त्यो नै वास्तविक द्रष्टा हो ॥**

देख्न त हामी सबैले देख्छौं तर धेरै कम व्यक्तिले मात्र यथार्थ देख्न सक्छन् । जे हामी देख्छौं त्यो त्यही हुँदैन बरु हामी त्यही देख्छौं जुन हामी हेर्न चाहन्छौं । हाम्रो दृष्टिले दर्शनलाई विकृत गर्छ । हाम्रा आँखाले दृश्य हेर्ने मात्र होइन त्यसलाई निर्मित पनि गर्छन् । जीवनमा हामी चारैतिर विना व्याख्याको केही अनुभव गर्न सक्दैनौं र व्याख्या गरिएको अनुभव विकृत अनुभव हुन्छ । हामी जे हेर्छौं त्यसमा हामी पनि सम्मिलित हुन्छौं र विकृति सिर्जिन्छ । श्रीकृष्ण वस्तु जे जस्तो छ, त्यही रूपमा जस्ताको त्यस्तै विना व्याख्या देख्न सक्ने व्यक्तिलाई ज्ञानी भन्नुहुन्छ । निष्काम कर्म या कर्मसन्न्यासले एउटै परमस्थिति प्राप्त हुन्छ । जसको दृष्टि दर्शनमा बाधा बन्दैन, जसको विचार यथार्थमा आरोपित हुँदैन र जो आफूलाई शून्य भएर हेर्दछन् त्यो निर्विचारको स्थिति हो । यी दुवै मार्ग विपरीत होइनन् तर यिनलाई अज्ञानीले मात्र विपरीत देख्छ । संसारमा जे विपरीत देखिन्छ त्यो अज्ञानका कारणले भएको हो । त्यसर्थ श्रीकृष्ण भन्नुहुन्छ- साङ्ख्ययोगी तथा निष्काम कर्मयोगी दुवैले त्यो दिव्य स्थान प्राप्त गर्दछन् ।

अँध्यारो-प्रकाश, जन्म-मृत्युमा विरोध छैन किनभने जन्म पनि त्यही हो जो मृत्यु हो र अँध्यारो पनि त्यही हो जो प्रकाश हो तर अहङ्कार नभएको व्यक्तिले मात्र यस्तो देख्न सक्छ । हामीभित्र विचारको द्वैत विसर्जित भएपछि मात्र यति गहिराइमा देख्न सकिन्छ । हामी त केवल विचारको आधारमा मात्र हेर्दछौं । फक्रेको फूल देख्ने बित्तिकै हामी फूल मात्र होइन त्यसको सुन्दरता पनि देख्दछौ । फूल सुन्दर लाग्नु विचार हो । दर्शन त तब हुन्छ जब फूलको सामुन्ने उभिएर व्यक्ति निर्विचार हुन्छ अनि मात्र फूललाई जान्न सक्छ । नत्र त फूलका बारेमा जानेको कुरा सुनेको आधारमा दोहोऱ्याउनु मात्र हुन्छ ।

जीवनमा निर्विचार हुन सक्नेलाई विरोधी मार्ग पनि एउटै लाग्न थाल्छ । यी मार्ग परस्परमा विरोधी लागे पनि यी दुवै मार्ग विपरीत र विरोधी होइनन् । जसले फलाकाङ्क्षालाई छोड्छ उसका लागि कर्म अभिनय र खेलभन्दा ज्यादा हुँदैन किनभने हामी कर्मबाट पीडित हुँदैनौं फलाकाङ्क्षाबाट मात्र पीडित हुन्छौं । अपेक्षारहित कर्मले आनन्दको द्वार खोल्दछ । अपेक्षारहित कर्म गर्दा त्यहीँ अन्तिम फल पाइन्छ जुन कर्म छोड्ने व्यक्तिले प्राप्त गर्दछ अनि अशान्तिको कारण बाँकी नै रहँदैन । मिथ्याज्ञान अज्ञानभन्दा खतरनाक हुन्छ । अज्ञानीले म जान्दिनँ भनेर अनुभव गऱ्यो भने जान्ने सम्भावना रहन्छ तर मिथ्याज्ञानी म जान्दछु भन्ने भ्रममा हुन्छ । जबसम्म मिथ्याज्ञान समाप्त हुँदैन तबसम्म सम्यक् ज्ञान प्राप्त हुँदैन । श्रीकृष्ण भन्नुहुन्छ- परस्पर विरोधी दुई तत्त्वमा जसले समानता वा एकत्व देख्दछ त्यसले ठिक देख्दछ । यी दुई विरोधका बिच एकत्व देख्न सक्नु गहिरो सूक्ष्मदृष्टि हो ।

यथार्थमा आकाश-पृथ्वी, जन्म-मृत्यु पनि दुई होइनन् । आकाशले पृथ्वीलाई चारैतिरबाट घेरेको छ। वैज्ञानिक भन्छन्- पृथ्वीले पनि श्वास लिन्छ, त्यस्तै चन्द्र-तारा पनि दैनिक जन्मन्छन् र मर्छन् । हामीले खाएको अन्नको रसबाट चेतना बन्छ । माटो र चेतना पनि अलग होइनन् किनभने माटो पनि हामीभित्र गएर चैतन्य हुन्छ । हाम्रो शरीर पनि माटोभन्दा बढी छैन; त्यसैले मृत्युपछि माटो माटैमा विलीन हुन्छ । पदार्थ र चेतना पनि अलग होइनन् । अज्ञानी सबै कुरालाई द्वैत र ज्ञानी अद्वैत देख्दछन् । ज्ञानी दुईमा एक देख्छन् र अज्ञानी एकमा पनि फरक देख्दछन् । श्रीकृष्ण भन्नुहुन्छ- जसले यी दुईलाई एक देख्दछन् उनैले कर्म सन्न्यास र निष्काम कर्मयोग दुवैलाई एउटै जान्दछन् ।

*सन्न्यासस्तु महाबाहो दुःखमाप्तुमयोगतः ।*
*योगयुक्तो मुनिर्ब्रह्म नचिरेणाधिगच्छति ॥६॥*

**हे महाबाहु ! निष्काम कर्मयोग नगरी केवल मन, इन्द्रिय र शरीरद्वारा हुने कर्महरूको मात्र परित्याग गरेर कोही पनि सुखी हुँदैन । निष्काम कर्मयोगविना सन्यास अर्थात् मन, इन्द्रिय र शरीरद्वारा हुने सबै कर्महरूमा कर्तापन त्यागन कठिन हुन्छ र भगवत्स्वरूपको मनन गर्नेवाला कर्मयोगी परब्रह्म परमात्मालाई शीघ्र प्राप्त गर्दछ ॥**

श्रीकृष्ण भन्नुहुन्छ- यी दुवै मार्ग कर्मत्याग (सन्न्यास) र निष्काम कर्मयोगबाट साधकहरू एकै स्थानमा पुग्दछन् । अर्जुनका मनमा लाग्न सक्छ कि त्यसो भए निष्काम कर्म त्यागेर सन्न्यास नै लिनु उपयुक्त होला ! अर्जुन कर्म छोडेर भाग्न चाहन्छन् । त्यसैले त गीताको संवाद सम्भव भयो । अर्जुनको मनमा पऱ्यो होला कि कृष्ण पनि मेरो चाहनाअनुरूप नै कुरा गर्दै हुनुहुन्छ । यदि कर्मलाई त्यागेर पनि त्यहीँ पुगिन्छ भने व्यर्थमा युद्धको झन्झट किन लिनु भन्ने उनलाई लागेको हुनुपर्छ । उनलाई कृष्णको भनाइमा आफूले चाहे बमोजिमको सुझाव प्राप्त भएको प्रतीत भएको हुनुपर्छ तर श्रीकृष्ण भन्नुहुन्छ- जबसम्म आकाङ्क्षा छुट्दैन र कर्ममा निष्काम भाव प्राप्त हुँदैन, तबसम्म कर्मसन्न्यास वा निष्काम कर्मयोगको केही अर्थ हुँदैन । उहाँले अर्जुनमा पुनः दुबिधा खडा गरिदिनुभयो । आकाङ्क्षा छोडेर कर्मको अभ्यास नगरुन्जेल कर्म पनि छुट्न सक्दैन । जसले आकाङ्क्षा छोड्न सक्दैन त्यसले कर्म पनि छोड्न सक्दैन । आकाङ्क्षा नछोडी कर्म छोडेर भाग्यो भने कर्म त छुट्छ तर आकाङ्क्षा छुट्दैन ।

एउटा चोरलाई अपराध कर्म गरेबापत समातेर जेलमा हालियो भने उसको चोरी गर्ने कर्म त छुट्छ, पुनः चोरी गर्न सक्दैन तर उसको चोर हुने आकाङ्क्षा छुट्दैन । जबसम्म आकाङ्क्षा छुट्दैन तबसम्म चोरी छुट्न सक्दैन । त्यस्तै कर्मसन्न्यासी कर्म त छोड्छ तर जबसम्म उसभित्रको लोभ, वासना, कामना छुट्दैन तबसम्म उसको कर्मसन्न्यास फलित नै हुन सक्दैन । यसप्रकारका सन्न्यासीको परिस्थिति बदलिए पनि मनस्थिति बदलिँदैन । श्रीकृष्ण भन्नुहुन्छ- जसले जस्तो परिस्थितिमा पनि मनस्थिति बदल्न सक्छ त्यसले युद्धबाट भागेर जानुपर्ने आवश्यकता नै रहँदैन । मूल कुरा त मनस्थिति बदल्नु हो । व्यक्ति यदि वासना, आकाङ्क्षा लिएर हिमालयमा गए पनि केही फरक पर्दैन, स्थान मात्र परिवर्तन हुन्छ तर मनस्थिति बदलिँदैन र व्यक्ति उही रहन्छ । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- कर्म छोडेर भाग्नु त सजिलो छ तर आकाङ्क्षा तिरोहित भएको छैन भने कर्म छोडेर पनि केही उपलब्धि हुँदैन । त्यस्तै निष्काम कर्मको अभ्यास सफल भएको छैन भने पनि कर्म छोड्नुको केही अर्थ छैन । पहिला तिमी निष्काम कर्मको अभ्यास गर, यसमा सफल भयौ भने भागेर कहीँ जानुपर्दैन । यदि निष्काम कर्मको साधना सफल भयो भने बहिर्मुखी व्यक्ति कर्म गरिरहन्छ र कर्मबाट भाग्दैन, केवल फल परमात्मामा समर्पित गर्छ ।

कृष्ण पूरा समय अर्जुनको मनोविज्ञानको अध्ययन गर्दै हुनुहुन्छ; यो गुरुको परम कृपा हो । वास्तवमा अर्जुन कृष्णलाई केवल भाग्न चाहेको कुराको साक्षी मात्र बनाउन चाहन्छन् । अर्जुन कायरताका कारण युद्धबाट पलायन भएका होइनन् बरु परिस्थिति अनुसार शास्त्रसम्मत नीतिको अनुसरण गर्दै हिंसा

वा युद्धबाट भागेका हुन् भन्ने भनाइ उनी कृष्णको मुखबाट सुन्न चाहन्छन् । अर्जुनको युद्धबाट पलायन हुने तर्कलाई कृष्णले उपयुक्त निर्णय हो भनिदिनुहोस् भन्ने उनको चाहना छ । अर्जुन मैले त कर्मत्याग गरिदिएँ; कुनै अपराध गरेको छैन । यदि कुनै गल्ती छ भने कृष्णलाई सोध भन्ने देखाउन चाहन्छन् तर अर्जुनले जसलाई साक्षी राख्न चाहन्छन् त्यस्ता परमपुरुषको छनक भने उनले पाउन सकेका छैनन् । युद्धबाट पलायन हुन खोज्ने अर्जुनको साक्षी श्रीकृष्ण हुन सम्भव छैन ।

श्रीकृष्ण अर्जुनलाई पलायन हुन नदिई उनको विचारमा रूपान्तरण गरेर नयाँ व्यक्तित्व त दिन सक्नुहुन्छ तर अर्जुनका कमजोरीहरूको आड बन्न सक्नुहुन्न । श्रीकृष्ण जब जब कर्मसन्न्यासका कुरा गर्नुहुन्छ तब अर्जुन प्रफुल्लित हुन्छन् । कृष्ण अर्जुनको पलायन र गलत भनाइमा सहारा बन्नुहुन्न । श्रीकृष्ण भन्नुहुन्छ- जबसम्म तिमी निष्कामकर्मी बन्दैनौ तबसम्म भागेर दुखी मात्र हुने छौ । निष्काम कर्म अत्यन्त सरल छ तर त्यो अर्जुनलाई कठिन लागिरहेको छ । अर्जुनलाई सरल लागेको कर्मत्याग वा कर्म सन्न्यासलाई श्रीकृष्णले कठिन भन्नुहुन्छ । यदि आफन्तबाहेक अरू कोही युद्धमा संलग्न भएका भए सरलतापूर्वक उनी युद्ध गर्न र शत्रुलाई गिँड्न पनि तयार हुन्थे । उनको मनमा हिंसाप्रति कुनै अड्चन थिएन । उनी त केवल आफन्तहरू नै युद्धमा सामेल भएकाले मात्र चिन्तित भएका हुन् । त्यसैले श्रीकृष्णले अर्जुनको मनका कुरा बुझेर भन्नुभयो- निष्काम कर्मको अभ्यास, साधना नगरी सन्न्यास हुन सक्दैन । त्यसैले तिमी फलको आकाङ्क्षा नराखी निर्विकल्प भएर युद्ध गर ।

कर्मसन्न्यासको बाहिरी अर्थ त कर्मको त्याग नै हो तर भित्री अर्थ कर्तापनको त्याग हो । कर्म छुट्नेबित्तिकै कर्ता स्वतः छुट्छ । व्यक्तिले आफूलाई शून्य पाउनेबित्तिकै कर्ता छुट्छ । वास्तवमा हामी भित्रको अज्ञात शक्तिले नै सबै चलाएको हुन्छ । नियतिलाई मान्ने हो भने पनि हामी कर्ता हुँदैनौँ किनभने हाम्रो सम्पूर्ण बागडोर नै परमात्माको हातमा हुन्छ । हामी जति भित्र गएर आत्मामा स्थित हुन्छौँ, त्यहाँ सबै कुरा परमात्माको हातबाट सञ्चालन भएको पाउँछौँ । निष्काम कर्ममा कर्म र कर्ता छोड्नुपर्दैन केवल कर्मफलको आकाङ्क्षामात्र छोड्नुपर्छ । कर्मको फल छोड्ने बित्तिकै कर्ता बच्दैन र कर्म खेल बन्न पुग्छ ।

*योगयुक्तो विशुद्धात्मा विजितात्मा जितेन्द्रियः ।*
*सर्वभूतात्मभूतात्मा कुर्वन्नपि न लिप्यते ॥७॥*

**जसको मन आफ्नो वशमा छ, जो जितेन्द्रिय एवम् विशुद्ध अन्तस्करणवाला छ एवम् सम्पूर्ण प्राणीहरूको आत्मारूप परमात्मा नै जसको आत्मा छ, यस्तो कर्मयोगी सबै कर्म गरेर पनि कर्ममा लिप्त हुँदैन ॥**

सामान्यतया हामीलाई शरीर नै आफू हुँ भन्ने लाग्छ, शरीरबाट आफू भिन्न भएको थाहा हुँदैन । त्यसैले हामी शरीरको वशमा हुन्छौँ किनभने हामी त आफूलाई शरीर मानेर नै बाँच्छौँ । हाम्रो शरीरभन्दा अरू पनि केही हामीभित्र छ भन्ने खोज नै गर्दैनौँ । हाम्रो बाह्य जगत् त शरीरलाई आफू मानेर पनि काम चल्न सक्छ तर यथार्थमा परमात्माको खोज शरीरबाट सम्भव छैन । शरीरबाट आत्मारूपी अमृत खोज गरेर त्यो प्रभुको मन्दिरमा पुग्न सकिँदैन । जसलाई म शरीरभन्दा भिन्न हुँ भन्ने जानकारी हुन्छ, उसले शरीरलाई वशमा गरिरहनुपर्दैन, शरीर आफैँ वशमा हुन्छ । म शरीरभन्दा भिन्न र शरीरलाई अतिक्रमण गर्नेवाला हुँ भन्ने बोध हुनु आफूलाई जान्नु हो अर्थात् शरीरको स्वामी हुने खबर हो। स्वयम्लाई म शरीरभन्दा भिन्न हुँ भन्ने बोध हुने बित्तिकै शरीर अनुशासनमा रहन थाल्छ ।

जसलाई आफू शरीरभन्दा भिन्न हुँ भन्ने अनुभव हुन्छ, उसको शरीर वशमा हुन्छ । कुनै पनि चिजलाई वशमा राख्नका लागि त्यसको ज्ञान हुनुपर्दछ । ज्ञानले मात्र शरीर वा मन नियन्त्रित हुन्छ । हामीले शरीरभन्दा अत्युत्तम वस्तु आफूभित्र खोज्न सक्यौँ भने मात्र शरीर वशमा आउन सक्छ किनभने अत्युत्तम वस्तुसमक्ष निकृष्ट वस्तु आफैं नै झुक्दछ, झुकाउनै पर्दैन । जसलाई जबरजस्ती झुकाइएको छ

त्यसले एक न एक दिन बदला लिएरै छाड्छ । शरीरलाई दमनले, तुच्छ साधनाले वा सताएर दुख दिनाले आफ्नो नियन्त्रणमा ल्याउन सकिँदैन किनभने शरीरलाई दुख दिने वा सताउने कार्य पनि शरीरद्वारा नै हुन्छ । यसबाट शरीर कमजोर हुन सक्छ तर नियन्त्रणमा भने आउँदैन । कहिलेकाहीँ निर्बलता वा कमजोरीका कारण शरीर वशमा भएको धोका हुन सक्छ । शरीरलाई सताएर वा भोजन नदिएर वशमा आउँछ भन्नु भ्रान्ति मात्र हो । यस्तो गर्नाले शरीर कमजोर हुन्छ तर नियन्त्रणमा आउँदैन । शरीर वशमा हुनका लागि आत्मा सबल हुनुपर्छ । आत्मा सबल हुनेबित्तिकै शरीर स्वतः वशमा हुन्छ ।

दुष्ट जन जसको मनका गहिराइमा हिंसा लुकेको हुन्छ, उनीहरू अरूको हिंसा गर्न शारीरिक रूपमा असमर्थ छन् भने तिनीहरू अन्ततः आफूमाथि नै हिंसा सुरु गर्छन् । आत्महिंसालाई हामी तपस्या ठान्छौं जुन गलत हो । आत्महिंसा तपस्या होइन; आत्म-हिंसा त विक्षिप्तताको परिणाम हो । आफूलाई हिंसा गर्ने व्यक्ति अरूप्रति कहिल्यै अहिंस्रक बन्नै सक्दैनन् । जीवनको सारा यात्रा स्वयम्‌बाट सुरु हुन्छ । कृष्णको शरीर वशमा गर्नुको आशय दुखी बन्नु वा आत्महिंस्रक बन्नु भन्ने कदापि होइन । कृष्ण त शरीरलाई ज्यादै प्रेम गर्ने व्यक्तिमध्ये एक हुनुहुन्छ । शरीरसँग भयभीत त्यही व्यक्ति हुन सक्छ जसको आत्मा कमजोर छ । जसको अन्तस्करण सबल छ उसको आत्मा पनि सबल हुन्छ । अन्तस्करण जति अशुद्ध हुँदै जान्छ त्यति नै आत्मा निर्बल हुन्छ । अशुद्धिले आत्मालाई निर्बल बनाउँछ । चेतनाको पवित्रताले आत्मा शुद्ध हुन्छ । हामी जब कुनै अपवित्र एवम् अनैतिक काम गर्छौं त्यतिखेर आत्मा निर्बल हुन्छ । चोरीको विचार गर्दा भित्रको शक्ति निर्बल हुन्छ र सेवा वा दान गर्ने कुरा सोच्नेबित्तिकै भित्रको शक्ति बलियो हुन्छ । माग्नाले शक्ति कमजोर हुन्छ र दिनाले शक्ति सबल हुन्छ । सबल र निर्बल हुनमा शुद्धि र अशुद्धि नै मापदण्ड हुन्छ। मन निर्बल हुन थाल्यो भने जान्नुपर्छ कि कहीं कतै अशुद्धि भइरहेको छ । जब भित्र प्राण सबल हुन्छ तब भित्र कुनै शुद्धिकार्य शुभारम्भ भएको छ भन्ने जान्नुपर्छ ।

त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- अन्तस्करण अशुद्ध भएका व्यक्तिहरू सुखका लागि अर्को व्यक्तिमा निर्भर हुन्छन् । अरूमा निर्भरता पाप र अशुद्धि हो । आफ्नो सुखका लागि अरूमा निर्भर रहनु चाहे ती पतिपत्नी नै किन नहोऊन् पाप र अशुद्धि हो । भिक्षा पात्र लिएर अरूका घरमा उभिएमा आत्मा अशुद्ध हुन्छ । अझ बारम्बार त्यो कृत्य दोहोऱ्याइयो भने त अन्तस्करणको आवाज नै बन्द हुन्छ । चोरले पनि पहिलो पटक चोरी गर्नुअघि अन्तस्करणको आवाज सुन्छ । बारम्बार त्यही कृत्य दोहोऱ्याउँदा भने आवाज सुनिन छाड्छ। हामी सबैले जब जीवनमा नयाँ कार्यको शुभारम्भ गर्न थाल्छौं त्यसबेला आत्माको आवाज स्पष्ट सुनिन्छ तर बारम्बार त्यही कृत्य भइरह्यो भने आवाज सुनिन छोड्छ अनि अशुद्धि पनि शुद्ध लाग्न थाल्छ ।

कर्मको शुभारम्भ गर्नुअघि हाम्रो मन सबल भयो भने त्यो आत्माको पक्षमा गरेको कार्य हुन्छ तर कर्म गर्दा हामी भित्र निर्बलता उब्ज्यो भने त्यो कार्य आत्माको विपक्षमा छ भन्ने बुझ्नुपर्छ । अरूमा भएको अत्यन्त सूक्ष्म निर्भरता वा सुख पनि पाप हो र त्यसले आफूमा निर्बलता उत्पन्न गर्छ । सुखका लागि परनिर्भर नहुने व्यक्तिको मात्र अन्तस्करण शुद्ध हुन्छ । अशुद्धि पैदा हुने द्वार कामना, वासना, आकाङ्क्षा आदि हुन् । वासनाग्रस्त इच्छाले भरिएको मन कमजोर, अशुद्ध र दुखी भएर अन्धकारमा डुब्छ । इच्छा पूरा भएमा सुख मिल्दैन र पूरा नभएमा पनि दुख नै प्राप्त हुन्छ । दुख अन्धकाररूपी धुवाँ हो । जहाँ दुख हुँदैन, त्यहाँ प्राणको ज्योति धुवाँबाट मुक्त भई उज्ज्वल भएर जल्दछ । वासनाको द्वारबाट खोज गर्ने व्यक्तिको अन्तस्करण शुद्ध हुँदैन ।

श्रीकृष्ण भन्नुहुन्छ- शरीर आफ्नो वशमा हुने, अन्तस्करण शुद्ध हुने, आत्मा पवित्र हुने व्यक्ति जसलाई प्रभुसँग आफ्नो अन्योन्याश्रित सम्बन्धको जानकारी हुन्छ उसको विराट्‌सँग तत्क्षण एकात्मकता स्थापित हुन्छ । पवित्रतामा सबै बाधाहरू हट्छन् र खुल्ला आकाशसँग मिलन हुन्छ । अपवित्रताको पर्खालले हामी सबैलाई परमात्मासँग अलग गरेको छ । हाम्रो वासनाको पर्खालले हामीलाई नै अपवित्र

रूपमा भित्र बन्द गरेको छ । जब त्यो अपवित्र वासनारूपी पर्खाल भत्किन्छ तत्काल प्रभु र व्यक्तिबिच एकाकार हुन्छ ।

शरीर र म अलग हौँ भनेर जान्ने व्यक्तिले मात्र परमात्मा र म एकै हौं भनेर जान्दछ । त्यसैले परमात्मासँग एकात्मताका लागि शरीरभन्दा पार उठ्नु अनिवार्य हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- जसको शरीर आफ्नो वशमा छ, जसको अन्तस्करण शुद्ध छ एवम् आत्मा पवित्र छ त्यस्तो व्यक्ति कर्मले लिप्त हुँदैन साथै यसप्रकारका व्यक्तिले जे गरे पनि कर्म उससँग टाँसिदैन । यस भनाइबाट धेरैलाई जे पनि गर्न अर्थात् चोरी, बेइमानी र हत्या गर्न पनि छुट भएको गलत धारणा पैदा भएको छ तर यस्ता कुकृत्य गर्ने व्यक्ति यहाँसम्म पुग्नै सक्दैनन् र जो यहाँसम्म पुगेको छ त्यसबाट यसप्रकारका कुकृत्य हुनै सक्दैनन्। यस्ता व्यक्तिमा कुनै नैतिक बन्धन हुँदैन किनभने नैतिक बन्धनमा बाँधिएको व्यक्तिमा अनैतिक बन्धन पनि रहन्छ । नीतिमा पोख्त व्यक्तिको भित्र अनीति वा कुनीति एवम् फोहोर पनि हुन्छ । त्यस्ता व्यक्तिको अन्तस्करण शुद्ध हुने प्रश्न नै उठ्दैन ।

जे गरे पनि कर्मबन्धन हुँदैन भन्नुअघि शरीरमाथि विजय पाउनुपर्ने पहिलो सर्त हो । अन्तस्करण शुद्ध हुनुपर्ने दोस्रो सर्त हो र परमात्मासँग आफ्नो अन्योन्याश्रित वा अभेद्य सम्बन्ध हुनुपर्ने तेस्रो सर्त हो । यी तीन सर्त पूरा गर्ने व्यक्तिले विनासर्त जे गरे पनि त्यस्तो व्यक्तिमा कर्मको लेप शेष रहँदैन । यस्ता व्यक्तिले त जे गर्छन् ती सबै परमात्माका कृत्य हुन्छन् । परमात्माको कृत्यमा कुनै नीति, धर्मको बन्धन नै हुँदैन । जसको अस्मिता नै शेष छैन उसबाट कुनै गल्ती हुनै सक्दैन । यस्तो व्यक्तिले जे गर्छ, त्यो सही र परम हुन्छ । जिसस र मोहम्मदले कृष्णको जस्तो वक्तव्य दिन सक्नुभएन । गीता पढ्ने व्यक्तिलाई कुरान र बाइबल फिक्का लाग्न सक्छ । बाइबलको टेन कमान्डमेन्ट्स धर्मको नैतिक आधार हो जो गीताको अगाडि फिक्का छ । श्रीकृष्णले संवाद गर्नुभएको व्यक्तिको तुलनामा जिसस र मोहम्मद असभ्य र असंस्कृत समाज र व्यक्तिहरूसँग बोल्दै हुनुहुन्थ्यो । श्रीकृष्ण एउटा सम्भाव्य चेतन व्यक्तिसँग संवाद गर्दै हुनुहुन्छ जो सुसंस्कृत र सभ्य समाजका विशिष्ट प्रतिभा सम्पन्न व्यक्ति हुन् ।

श्रीकृष्णको जस्तो वक्तव्य त रामले पनि दिने हिम्मत गर्नुभएन । राम पनि जिसस र मोहम्मदको भाषामा बोल्नुहुन्छ । मर्यादा पुरुषोत्तम भएकाले मर्यादाको कुरा गर्नुहुन्छ । राम पनि कृष्णको भनाइबाट आश्चर्यचकित हुनुहुन्थ्यो होला । राम नैतिक चिन्तनका पराकाष्ठा हुनुहुन्छ तर धर्म त्यहीँबाट सुरु हुन्छ जहाँ नीति समाप्त हुन्छ । धर्म अगाडिको यात्रा हो, जहाँ सारा नियमहरू समाप्त हुन्छन् । नीति, नियम सुन्दर हुन सक्छन् तर नियम नियम नै हो । मर्यादा सुन्दर हुन सक्छ तर मर्यादा मर्यादा मात्र हो । यी सबै सुनका पर्खाल हुन्, जो सुन्दर हुन्छन् । तर पर्खाल भने पर्खाल नै हो । श्रीकृष्ण त पर्खाल र बन्धनबाट मुक्त, परममुक्तिको कुरा गर्दै हुनुहुन्छ । श्रीकृष्ण भन्दै हुनुहुन्छ- तिमी यी सर्त पूरा गर तब मात्र तिमी जे गरे पनि मुक्त हुने छौ । यस वक्तव्यका माध्यमबाट श्रीकृष्णले संसारलाई नै सर्वोच्च मार्गदर्शन गराउनु भएको छ । पृथ्वीमा कसैले पनि यस प्रकारको सर्वोच्च मार्ग देखाएका छैनन् ।

*नैव किञ्चित्करोमीति युक्तो मन्येत तत्त्ववित् ।*
*पश्यञ्श्रृण्वन्स्पृशञ्जिघ्रन्नश्नन्गच्छन्स्वपञ्श्वसन् ॥८॥*

**दिव्य चेतनाले युक्त मानिसले हेर्दा, सुन्दा, छुँदा, सुँघ्दा, खाँदा, हिंड्दा, सुत्दा र सास फेर्दा पनि यी सबै काम मैले गरिरहेको छैन भन्ने विचार गरिरहेको हुन्छ ॥**

*प्रलपन्विसृजन्गृह्णन्नुन्मिषन्निमिषन्नपि ।*
*इन्द्रियाणीन्द्रियार्थेषु वर्तन्त इति धारयन् ॥९॥*

**यसरी नै ज्ञानीजन कुराकानी गर्दा, मलमूत्र त्याग गर्दा, वस्तु ग्रहण गर्दा, आँखा उघार्दा र चिम्लँदा पनि भौतिक इन्द्रियहरू भोग वा विषय तृप्तिमा लागिरहे पनि यी सबै काम मैले गरिरहेको छैन; म सबैबाट अलग छु भन्ने धारणा राख्छन् ॥**

तत्त्ववेत्ता पुरुष कर्म गर्दा गर्दै पनि आफू त्यसबाट अलग भएको ठान्दछ । इन्द्रियहरू आफ्नो स्वभावका कारण बदलिन्छन् । उनीहरू इन्द्रियको परिवर्तन वा बदलिने प्रक्रियालाई आफ्नो कर्म मान्दैनन् । उनीहरू आफू कर्ता हुँदैनन् बरु इन्द्रियहरूको कर्मलाई जान्नेवाला साक्षी हुन्छन् । श्रीकृष्ण भन्नुहुन्छ- तत्त्ववेत्ताहरू प्राणको गहिराइमा लुकेको जीवनको अस्तित्त्व एउटै छ भन्ने मान्दछन् । हामी साधारणतया पञ्चतत्त्वको कुरा गर्छौं- पृथ्वी, जल, अग्नि, वायु र आकाश । विज्ञानले १०८ तत्त्वको कुरा गर्छ तर अहिले विज्ञानलाई पनि १०८ तत्त्व होइनन्, बरु यी सबै तत्त्व एउटै तत्त्वका विविध रूप हुन् भन्ने लाग्न थालेको छ । त्यो एक तत्त्वलाई विज्ञान विद्युत् भन्दछ । श्रीकृष्ण त्यसलाई विद्युत् होइन चेतना भन्नुहुन्छ । सायद विज्ञानले पनि चाँडै त्यो तत्त्व चेतना नै हो भनेर स्वीकार गर्ने छ । बाहिरबाट हेर्दा अनन्त तत्त्व देखा पर्दछन् तर जब तत्त्वमा विज्ञान प्रवेश गर्छ तब सबै तत्त्व एउटै तत्त्वका रूप हुन् भन्ने निर्क्योलमा पुग्छ । जस्तो कि सुनका गहनाहरू अलग-अलग भए पनि सारमा सबै सुन मात्र हो । त्यस्तै अहिले विज्ञान के स्वीकार गर्छ भने त्यो तत्त्व विद्युत् ऊर्जा हो । पानी, ढुङ्गा र कोइलामा पनि उही ऊर्जा छ । हीरा पनि कोइलाकै विकसित रूप हो । लाखौं वर्ष जमिनमुनि गर्मीमा दबिएर नै कोइला हीरामा रूपान्तरित भएको हो ।

नचाहँदा नचाहँदै पनि सारा तत्त्व एक हुन् भन्ने धर्मका घोषणासँग विज्ञान बिस्तारै सहमत हुन थालेको छ । विज्ञानले यो तत्त्वलाई अचेतन मान्दछ भने धर्मले यसलाई चेतन मान्दछ । धर्मको विचारमा निकृष्टबाट श्रेष्ठ जन्मिन सक्छ । बिउबाट वृक्ष जन्मिन्छ किनभने त्यस बिजमा वृक्ष हुने सम्भावना उपस्थित छ, अन्यथा त्यहाँ वृक्ष उम्रिन सक्दैन । यदि चेतना संसारमा कहीं जन्मिरहेको छ भने त्यो पदार्थमा नै कहीँ लुकेको हुनुपर्दछ । यसको उपस्थितिलाई अस्वीकार गर्नु अवैज्ञानिक हुन्छ किनभने जे प्रकट हुन सक्छ त्यो अव्यक्त र अप्रकटमा लुकेको हुनैपर्छ ।

विज्ञानले जगत्मा एउटा मात्र तत्त्व छ र त्यो तत्त्व विद्युत् ऊर्जा हो भन्छ । धर्मले पनि जगत्मा एउटै तत्त्व छ जुन चेतन तत्त्व हो भन्छ । चेतना विद्युत् ऊर्जामा अप्रकट हुन सक्छ र मनुष्यमा विकसित भएर प्रकट हुन्छ । एउटा बच्चा भोलि जवान हुन्छ, पर्सि बुढो हुन्छ । आज विज्ञान पनि जवान र बुढो हुने कार्य उसको आनुवंशिक कोषमा मौजुद छ भन्दछ । त्यो आमाबाबुबाट पाएको पहिलो अणुमा उसको पूरा जिन्दगीको नक्सा उपस्थित हुन्छ, अन्यथा त्यो हुन सक्दैन । एउटा बीजबाट करोडौं वृक्षहरू उस्तै प्रकृतिका पैदा हुन्छन् । आज वैज्ञानिकहरू भन्छन्- बीजमा वृक्ष लुकेको हुन्छ खालि प्रकट हुन मात्र बाँकी छ । प्रकट हुनलाई समय लाग्छ तर जे प्रकट हुन्छ त्यो हिजो अप्रकट थियो । यो पनि वीजमा लुकेको चेतन शक्तिका कारणले भएको हो । विज्ञानले जसलाई विद्युत् भन्छ, धर्मले त्यसलाई चेतना भन्छ । धर्मको पुरानै निश्चय छ जो प्रकट हुन्छ त्यो कहीं न कहीं वस्तुमा लुकेको हुन्छ, अन्यथा प्रकट नै हुन सक्दैन ।

श्रीकृष्ण भन्नुहुन्छ- अज्ञानी धेरै कुरा जान्दछ तर ज्ञानी एक तत्त्व मात्र जान्दछ । अज्ञानी एकलाई छोडेर सबै जान्दछ र ज्ञानी सबै छोडेर एकलाई मात्र जान्दछ । त्यो एकलाई जानेर ज्ञानी सबै कुरा जान्दछ । यस्तो व्यक्तिलाई इन्द्रियको कर्म आफ्नो होइन, इन्द्रियको नै हो भन्ने लाग्दछ । इन्द्रियहरूले आफ्ना काम गरिरहेका छन् तर हामी भ्रान्तिले गर्दा इन्द्रियको कर्मलाई आफ्नो कर्म ठान्छौं । हामीलाई भोक लाग्दा आफैंलाई भोक लाग्यो भन्ने ठान्दछौं तर विचार गर्ने हो भने भोक मलाई होइन पेटलाई लाग्दछ र मलाई थाहा हुन्छ । भोक लाग्नु र थाहा पाउनु अलग कुरा हुन् । हामी प्रत्येक इन्द्रियसँग आफूलाई जोड्छौं । सारा इन्द्रिय उपकरण हुन् तर हामी इन्द्रियसँग आफूलाई जोडेर हेर्दछौं ।

श्रीकृष्ण भन्नुहुन्छ- जसले त्यो एक तत्त्वलाई जान्दछ उसले इन्द्रियहरू आ-आफ्ना काम गरिरहेका छन् र म कर्ता होइनँ भन्ने जान्दछ । हामीलाई आफू इन्द्रियका जोड हौं भन्ने लाग्दछ जसलाई तोड्नुपर्छ । त्यसलाई तोड्नका लागि जे भइरहेको छ त्यो इन्द्रियलाई मात्र भइरहेको हो मलाई होइन भन्ने विचार गर्नुपर्छ । जुन जुन क्रियाहरूलाई म को प्रयोग गरिन्छ त्यो क्रिया इन्द्रियको हो मेरो होइन भन्ने स्मरण अटुट रूपमा गर्नुपर्ने हुन्छ । यस प्रकारका अटुट स्मरणले चित्तमा यसको प्रभाव पर्छ । म बिलकुल अरू नै हुँ भनी इन्द्रियबाट टाढा रहेर हेर्ने चेष्टा गरे इन्द्रियहरू आफ्नो काम गर्दछन् र म कर्ता होइनँ भन्ने स्पष्ट देखिन्छ । भोक लाग्ने, निद्रा लाग्ने म होइनँ, म त जान्नेवाला हुँ भन्ने व्यक्ति इन्द्रियको कामलाई उसकै काम हो भनेर जान्दछ । म पृथक् हुँ भन्ने ज्ञान जति बढ्छ; उति नै इन्दिय मालिक रहँदैनन्, दास हुन्छन् ।

श्रीकृष्ण भन्नुहुन्छ- तत्त्ववेत्ताहरू इन्द्रियहरूले आ-आफ्नो काम गरिरहेका छन् भन्ने जान्दछन् र उनीहरू इन्द्रियबाट टाढा उभिन्छन् । म इन्द्रियभन्दा पृथक् हुँ भनेर जान्ने व्यक्ति नै निष्काम कर्ममा प्राप्त हुन्छ । यस्ता व्यक्तिलाई आनन्दको कुनै सीमा हुँदैन । जबसम्म निष्काम कर्मको स्थिति प्राप्त हुँदैन, तबसम्म हामी जीवन गुमाइरहेका हुन्छौं । इन्द्रियका समस्त कर्म प्रकृतिबाट भइरहेका छन्, जहाँ हाम्रो कुनै जरुरत छैन । खाना त हामी मुखले खान्छौं तर पचाउने काम अरू कसैले गरिरहेको छ । हामीले खाएको ठोस कुरालाई कसैले रगत बनाउँदै छ । त्यसैले त भनिन्छ प्रकृति रहस्यपूर्ण छ । यो वैज्ञानिकहरूका बुद्धिले पनि गर्न नसक्ने कार्य अज्ञातले रहस्यपूर्ण ढङ्गबाट गरिरहेको छ । शरीरशास्त्रीहरू भन्छन्- एउटा व्यक्तिको पेटभित्र इन्द्रियहरूले गर्ने कामका लागि एक वर्गमिलको क्षेत्रफलको कारखाना चाहिन्छ । हामी राति निदाउँछौं तर पनि शरीरका काम सञ्चालन भइरहेका हुन्छन् । कोही व्यक्ति बेहोस भएर लडेको भए पनि उसको शरीरभित्रको कार्य चलिरहन्छ । शरीरले पचाउने, रगत बनाउने यी सबै काम प्राकृतिक रूपमा सम्पन्न गरिरहेको हुन्छ । इन्द्रियहरू प्रकृतिका हात हुन् । इन्द्रियसँग आफूलाई जोड्ने व्यक्ति अज्ञानी हो र जसले आफूलाई इन्द्रियहरूबाट अलग जान्दछ, त्यो ज्ञानी हो ।

*ब्रह्मण्याधाय कर्माणि सङ्गं त्यक्त्वा करोति यः ।*
*लिप्यते न स पापेन पद्मपत्रमिवाम्भसा ॥१०॥*

**जसरी कमलको पातलाई पानीले भिजाउन सक्दैन त्यसरी नै जसले आसक्तिलाई त्यागेर कर्महरू परमात्मामा समर्पित गर्दछ, ऊ सबै प्रकारका पापबाट छुट्छ वा पापले उसलाई छुँदैन र ऊ पापले लिप्त हुँदैन ॥**

परमात्मालाई समर्पण गरेर जो पुरुष बाँच्दछ त्यो कमलको पातजस्तै जलमा रहेर पनि भिज्दैन । हामी कहिलेकाहीँ परमात्मालाई असफलताहरू समर्पित गर्छौं तर सफलता समर्पित गर्दैनौं। पराजयलाई ईश्वरमा समर्पित गर्छौं तर विजय भएमा समर्पण गर्दैनौं । सुखमा ईश्वर सम्झँदैनौं तर दुखमा परमात्मा पुकार्छौं । कसैले हार्‍यो, दुख पायो वा असफलता भोग्नुपर्‍यो भने भाग्यका कारण दुख पाइयो भन्छौं तर जित हासिल गर्‍यो, सर्वत्र सफलता चुम्ने अवसर मिल्यो भने अहङ्कारले भरिँदै समय र आफ्नै मिहिनेतका कारण सफल भएको कुरा हामी गर्दछौं । श्रीकृष्ण भन्नुहुन्छ- जो व्यक्ति कुनै पनि कार्यका परिणामहरू हार या जितमा पनि सबै कर्म परमात्मामा समर्पित गर्छ, आफ्नो सर्वस्व परमात्मालाई नै ठान्छ, सफलता या असफलता सबै ईश्वरको नै हो भन्ने सोच्छ त्यो कर्मको बन्धनमा पर्दैन । समर्पणभन्दा ठुलो अन्य सामर्थ्य र सङ्कल्प केही हुँदैन । जब सबै कर्म आफ्नो नभई परमात्माको नै हो भन्ने धारणा हुन्छ त्यही क्षण ऊ कर्मबाहिर हुन्छ र झन्झटबाट मुक्त हुन्छ । कर्म नै हुँदैन भने पाप-पुण्य पनि हुन सक्दैन । यस्तो व्यक्ति कमलको फूल जस्तै जीवनबाट अस्पर्शित रहन्छ । जब कुनै व्यक्ति यसरी नै सबै कर्म परमात्मामा समर्पित गर्छ, तब ऊ पनि अस्पर्शित जीवनमा यात्रा गर्दछ । यस्तो व्यक्तिलाई पाप-पुण्यले छुँदैन, ऊ त सदैव कुमारित्वमा नै रहन्छ ।

इसाईहरू जिसस कुमारी आमाबाट जन्मिनुभयो भनेर मान्दछन् तर तार्किक ढङ्गले यसलाई सम्झाउन उनीहरू असमर्थ छन् । कमलको पातमा रहेको पानीले त्यसलाई स्पर्श गर्न नसके जस्तै कर्म गरेर पनि कर्मभन्दा बाहिर रहन सकिन्छ भन्ने कुरा इसाईहरूलाई थाहा छैन । कर्म गर्दा गर्दै पनि यसबाहिर रहन सकिन्छ भने वासनारहित सम्भोगको क्षणमा पनि तत्त्ववेत्ताहरू सम्भोगबाट बाहिर रहन सक्छन् अर्थात् यस्तो अवस्थामा त्यो व्यक्तिको सम्भोग बाहिर घट्ने घटना हुन्छ र भित्र सबै परमात्मामा समर्पित हुन्छ। यसरी जन्मिएका छोराछोरी कुमारी (पवित्र) आमाबाट नै जन्मिएका हुन्छन्। जिसस, बुद्ध, महावीर, मोहम्मद आदि महापुरुषहरू सबै कुमारी आमाबाट नै जन्मिनुभएको हो किनभने यस्ता पवित्र सन्तान जन्माउनका लागि आमामा कुमारित्व भएन भने त्यो सम्भव हुँदैन । यो कुमारित्वको गहन अर्थ अस्पर्शित कर्म एवम् परमात्मामा समर्पित हुनु हो । यस श्लोकमार्फत श्रीकृष्ण भन्नुहुन्छ- सन्न्यास ज्ञानमार्ग वा निष्काम कर्मयोग जुन मार्गमा काम गरे पनि सारा कर्म परमात्मामा समर्पण गर्ने व्यक्ति धार्मिक हुन्छ जसका लागि परमात्मा नै सबै हर्ताकर्ता हुन्छ । गर्नेवाला हर्ताकर्ता म आफैं हुँ भन्ने व्यक्ति नास्तिक र पापी हो ।

श्रीकृष्णमा वहुआयामिक व्यक्तित्व छ । श्रीकृष्ण अवतार पुरुष हुनु भएकोले उहाँ अत्यन्त विशिष्ट हुनुहुन्छ । उहाँको एउटा मात्र साधना पद्धति छैन । त्यसैले उहाँ समस्त साधना पद्धतिको कुरा गर्नुहुन्छ । उहाँलाई जसले जुन भावले हेर्‍यो त्यस्तै देखिनुहुन्छ । भागवतका फरक फरक भाष्यकारहरूले फरक फरक कृष्ण देख्छन् । केशवदास अरू नै कृष्ण देख्छन्; सुरदास र मीराले अर्कै कृष्ण देख्छन् । गीताका कृष्ण अरू नै लाग्नुहुन्छ । कृष्णबाट हजारौँ प्रकारका कुराहरू झल्किन्छन्। कृष्णमा कुनै मर्यादा छैन, उहाँ सीमाविहीन भएको हुँदा हामीसँग सिधै सम्बन्धित हुनुहुन्छ । त्यसैले कृष्णसिवाय अरू कोही पूर्णावतार पुरुष हुनुभएन । उहाँ पूर्ण प्रकट हुनुभएको छ । रामको व्यक्तित्व स्पष्ट भएकोले उहाँका बारेमा पहिले नै धारणा बनाउन सकिन्छ तर कृष्णका विषयमा केही पनि तय गर्न सकिँदैन । उहाँले के गर्नुहुन्छ भनेर कसैले पनि उहाँका बारेमा भन्न सक्दैनन् अर्थात् कुनै भविष्यवाणी गर्न सक्दैनन् । पूर्ण व्यक्तिलाई बुझ्न पनि कठिन हुन्छ । त्यसैले उहाँलाई प्रेम गर्ने र सम्मान गर्ने व्यक्तिहरू धेरै छन् तर उहाँलाई समग्र रूपमा मान्न पनि कठिन छ । कोही बालकृष्णलाई मान्दछन् तर युवा कृष्णको कुरै गर्दैनन् । उनीहरूलाई त बालकृष्ण नै प्रिय छन् । सुरदास जस्ता व्यक्तिले जवान कृष्ण मान्न सक्दैनन् । केशवदासलाई बालकृष्णको त्यति महत्त्व छैन। उनी त युवा कृष्णका पक्षमा छन् ।

श्रीकृष्ण यति विराट् हुनुहुन्छ कि उहाँलाई पूरा पचाउने हिम्मत कसैसँग पनि छैन । उनीहरू आफ्नो अनुकूलको कृष्णको रूपलाई छनोट गर्छन् । कृष्णलाई छनोट गर्नु भनेको उहाँलाई अखण्डबाट खण्ड गरिदिनु हो । खण्डित कृष्णको खास अर्थ हुँदैन । उहाँ त अखण्ड, पूर्ण हुनुहुन्छ । जसले पूर्णावतार कृष्णलाई अखण्डित रूपमा जान्न सक्छ त्यसले मात्र उहाँलाई अङ्गीकार गर्न सक्छ । उहाँको खास व्यक्तित्व छैन तर सबै व्यक्तित्व उहाँमा छ । त्यसैले कृष्णका विभिन्न व्यक्तित्व अनुसार उहाँका कैयौं नाम रहेका छन् । बाँसुरीको ध्वनिमार्फत सबैलाई मन्त्रमुग्ध पार्न सक्ने कृष्ण चक्र लिएर युद्ध मैदानमा देखिनुहुन्छ । जुन औंलाहरूको सहारा लिएर बाँसुरी बजाउनुभयो, तिनै औंलाहरूमा हिंसाको कारक चक्र हुनु सामान्य कुरा होइन । उहाँ पूर्णावतार हुनुहुन्छ किनभने उहाँको कुनै धारणा छैन । त्यसैले कृष्णरूपी परमात्मा जुन रूपमा प्रकट हुन चाहन्छन्, प्रकट हुन सक्छन् । कृष्णसँग परमात्मा जे चाहन्छ श्रीकृष्ण त्यही बन्नुहुन्छ ।

*कायेन मनसा बुद्ध्या केवलैरिन्द्रियैरपि ।*
*योगिनः कर्म कुर्वन्ति सङ्गं त्यक्त्वात्मशुद्धये ॥११॥*

**निष्काम कर्मयोगीहरू आसक्तिलाई त्यागदै मन, वचन, शरीर, बुद्धि तथा इन्द्रियहरूद्वारा अन्तस्करण शुद्धिका लागि कर्म गर्दछन् ॥**

निष्काम कर्मयोगी आशक्ति अर्थात् ममत्व बुद्धिलाई त्यागेर मन, शरीर र इन्द्रियले अन्तस्करण शुद्धिका लागि कर्म गर्दछन् । मनुष्यले अनन्त जीवनमा गरेका कर्मको जाल छ, त्यसैले हाम्रो जीवन अधोगतितिर उन्मुख छ । हामी निरन्तर ओरालो झर्दै छौं । बालबालिका श्रद्धाले भरिएका हुन्छन् त्यसैले सरल हुन्छन् र उर्ध्वगतिको यात्रा गर्छन् । वृद्धवृद्धा बढी चलाक भएकाले जटिल हुन्छन् जसले गर्दा जीवनभरको अनुभवले उनीहरूलाई अधोगतिको यात्रा गराउँछ । श्रीकृष्ण भन्नुहुन्छ- निष्काम कर्ममा बाँच्ने मानिसहरू आफ्नो आसक्तिलाई त्याग्दै अगिल्लो जन्मको कर्मको गतिलाई काट्नका निम्ति कर्ममा रत हुन्छन् अर्थात् अगिल्लो जन्ममा गरेका कृत्यहरूलाई समाप्त पार्न कर्म गर्दछन् । अघिल्लो जन्ममा क्रोध गरेको भए उनीहरूका कर्म क्षमाशील हुन्छ । कठोरतापूर्ण क्रियाकलापमा संलग्न भएका भए यस जन्ममा उनीहरू करुणा र प्रेमले भरिएका हुन्छन् । यदि कामना र वासनामा अगिल्लो जीवन बिताएको भए अब उनीहरू सेवामा तल्लीन रहन्छन् । उनीहरूले जन्मजन्मान्तरमा गरेका कर्मको ठिक विपरीत ओरालो लाग्ने कर्म नभएर उकालो चढ्ने कर्म गर्दछन् । यस्तो कर्म गर्दा ममत्व छोडेर मात्र उकालोको यात्रा गर्न सकिन्छ । ममत्व अधोगतिको यात्रामा सहयोगी हुन्छ । यदि कर्म काट्नु छ भने ममत्वको त्याग गर्नुपर्ने हुन्छ ।

ममत्वको अर्थ म र मेरो छाया हो । 'म' अहङ्कार हो र ममत्व अहङ्कारको छाया हो । 'म' सदा आफ्नोपनको जाल चारैतिर फैलाउँछ । उसलाई मेरो विना एक्लै उभिन गाह्रो हुन्छ, त्यसैले मेरो छाया जति ठुलो हुन्छ 'म' लाई पनि ठुलो भएझैं लाग्दछ । मेरा धन, पत्नी, पति, छोरा, छोरी, मित्र, घर, पद-प्रतिष्ठा आदिको आधारमा हामी बाँच्दछौं र आफूलाई ठुलो मान्दछौं । जिन्दगीको प्रारम्भमा ठुलो छायालाई आफू मानेर हरेक व्यक्ति आफूलाई निकै महत्त्वपूर्ण ठान्दछ र जब जीवन अन्ततिर आइपुग्छ तब छायाँ खुम्चिएर सानो हुन्छ । त्यस बेला म त अब केही पनि रहिनँ भन्ने लाग्छ । हामी सदैव छायालाई ठुलो पार्न खोज्छौं । 'म' रूपी अहङ्कार नै झुटो छ र झुटको आडमा हामी छायाहरू निर्मित गर्छौं । यो एउटा झुटलाई बचाउन कैयौं झुट बोल्नुपरेको अवस्था जस्तै हो । झुट कहिल्यै एक्लै उभिन सक्दैन । मानिसको सबैभन्दा ठुलो झुट अहङ्कार हो ।

'म' भन्ने अधिकार केवल परमात्मामा मात्र छ तर परमात्माले कहिल्यै "म छु" भन्दैनन् । मानिसलाई 'म' भन्ने कुनै अधिकार छैन, तथापि 'म' को रट लगाउन झुट माथि झुटको खेती गरिरहन्छ । सत्य एक्लै उभिन सक्छ उसलाई कसैको बैसाखी चाहिँदैन । यो अहङ्काररूपी झुटलाई प्रमाणित गर्न मेरोको जाल खडा गर्नुपर्छ, जसलाई श्रीकृष्ण ममत्व भन्नुहुन्छ । 'म' एक्लै उभिन सक्दैन। हामी मेरोलाई बढाएर 'म' को धोकामा बाँच्छौं । जसले मेरो ममत्वलाई छोड्छ उसले 'म' लाई पनि पाउँदैन । जबसम्म अहङ्कार समाप्त हुँदैन, तबसम्म कर्मको धारा अन्त हुँदैन र उर्ध्वयात्रा पनि प्रारम्भ हुँदैन । त्यसैले 'म' को धोका तोड्नुपर्छ र ममत्वलाई छाडेर हेर्नुपर्छ । हाम्रो अहङ्कारले हामीलाई डुबाएर तल झारिरहेको छ । अहङ्कारभन्दा ठुलो अरू कुनै पाप छैन । अहङ्कार मूल हो अनि यसका सन्तति लोभ, क्रोध, वासना, कामना आदि हुन् । हामी जब बिदा हुन्छौं या सांसारिक जीवनबाट हामी मृत्युवरण गर्छौं, त्यतिखेर हाम्रो हात रित्तो हुन्छ । आफूसँग भएका कुनै पनि चिज सँगै लैजान पाउँदैनौं भने त्यो वस्तु मेरो हुन सक्दैन । हामी जमिन हाम्रो भन्छौं तर त्यो जमिनले हाम्रो भन्ने धेरैलाई देखिसकेको छ । यो संसारमा नयाँ भुल गर्ने व्यक्ति पाउन कठिन छ किनभने सबै जना पुरानै भुल दोहोर्‍याइरहेका छन् ।

श्रीकृष्ण भन्नुहुन्छ- ममत्व छुटेर कर्म जारी रह्यो भने उर्ध्वयात्रा सुरु हुन्छ, अतीतका कर्म कट्छन् र व्यक्तिको अधोगतिको यात्रा रोकिएर उर्ध्वयात्रा सुरु हुन्छ । धन, पद, परिवारको ममत्व त छँदै छ ज्ञान र त्यागको पनि ममत्व हुन्छ । व्यक्तिले आफू यति जान्दछु भनेर जुन दाबी गर्दछ, त्यो अज्ञान सिर्जित ममत्व हो अर्थात् ज्ञानको ममत्व हो । त्यसैले उपनिषद् भन्छ- अज्ञानी त भट्किन्छन् नै, ज्ञानी पनि कहिलेकाहीं

महाअन्धकारमा भट्किन्छन् । व्यक्ति त्यागलाई मेरो भन्दछन् । कसैले मेरो धन भन्छ तर त्यागीले मैले धन त्यागें भन्छ । त्यागमा पनि उसको मेरोको दाबा हुन्छ, त्यागी झन् ममत्वमा नै चल्छ । अहङ्कारले कतै न कतै बाटो खोज्दछ । जसले आफूलाई अज्ञानी हुँ भनेर जान्दछ, त्यसले ज्ञानतर्फ पहिलो कदम उठाउँछ तर कतिपय व्यक्तिहरू आफूलाई अज्ञानी हुँ भनेर मान्न तयार हुँदैनन् । बिरामी भएको स्वीकार गऱ्यो भने त्यसको उपचार हुन सक्छ तर बिरामी भएकै छैन भन्यो भने त्यसको कुनै उपचार नै हुँदैन । ममत्व छोडेर कर्ममा संलग्न हुने व्यक्ति जसले इन्द्रिय र शरीरको कर्तव्यलाई पालना गर्दै आफ्नो अतीतको कर्मलाई कट्टा गर्ने गरी कर्म गर्छ त्यस्तो व्यक्ति निष्कामकर्मी हुन्छ ।

*युक्तः कर्मफलं त्यक्त्वा शान्तिमाप्नोति नैष्ठिकीम् ।*
*अयुक्तः कामकारेण फले सक्तो निबध्यते ॥१२॥*

**निष्ठावान् निष्काम कर्मयोगीले आफ्ना सबै कर्मफल परमात्मामा समर्पण गरेर वा त्यागेर पूर्ण शान्ति प्राप्त गर्दछन् भने सकाम व्यक्ति कर्मफलमा आसक्त रहनाले कामनाले बाँधिन्छन् । त्यसैले निष्काम कर्मयोग उत्तम छ ॥**

मानिसहरू सकामकर्मी वा निष्कामकर्मी हुन्छन् । भविष्यको आकाङ्क्षाले कर्म गर्ने व्यक्ति पाशमा बाँधिएको पशुजस्तै हुन्छ । यस्तो व्यक्तिले दुख मात्र प्राप्त गर्दछ । अर्काथरी व्यक्ति अतीत र भविष्यको फल दुवैलाई नचाहेर वर्तमानको कर्ममा बाँच्दछन् तर यस्तो कर्म तब मात्र सम्भव हुन्छ, जसले आफ्नो अतीत र भविष्य दुवै परमात्मामा समर्पित गरेका हुन्छन्; अन्यथा अतीतले धक्का दिइरहन्छ र भविष्यले पनि तानिरहन्छ । मनुष्यको शक्ति सीमित र कमजोर हुन्छ तर परमात्मामा आफूलाई समर्पण गऱ्यो भने उसको सामर्थ्य बढ्छ र आनन्द प्राप्त हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- फलको आकाङ्क्षालाई त्यागी निष्काम भएर जसले सम्पूर्ण कर्म प्रभुलाई समर्पित गर्छ त्यसको सारा जीवन आनन्दमय हुन्छ । सकामीजन कहिल्यै आनन्दित हुँदैनन् र दुखको धुवाँरूपी फल नै प्राप्त गर्दछन् । परमात्माले हामीलाई जे दिएको छ त्यसका लागि प्रार्थना, कीर्तन एकप्रकारको धन्यवाद भाव हो । सकाम भएर बाँच्ने व्यक्तिले फलको रूपमा दुख मात्र प्राप्त गर्छ र जो निष्काम भएर बाँच्दछ त्यसको जीवनमा प्रतिक्षण फलको वर्षा हुन्छ । जो माग्दछ त्यो भिखारी तुल्य उभिरहन्छ र जो माग्दैन उसलाई अस्तित्वले सम्राट् जस्तो फल दिन्छ । हामी सबै सञ्चय गरिरहेका छौं र आखिरमा हातमा शून्य मात्र बाँकी रहन्छ । जो सबै दिन्छ वा बाँड्छ त्यो व्यक्तिले यति पाउँछ कि जससँग केही खोस्न सम्भव नै हुँदैन ।

कामनामा बाँच्ने सकामी व्यक्ति फलको चाहना विना कुनै कर्म गर्दैनन् तर यिनीहरूलाई फल कहिल्यै पनि प्राप्त हुँदैन । यिनीहरू दुश्चक्रमा दौडिनै रहन्छन् तर केही पाउँदैनन् । फलको आशा गर्ने व्यक्ति यही संसाररूपी चक्रमा चक्कर लगाइरहन्छ तर फल भने प्राप्त हुँदैन । निष्कामकर्मी कहीँ पुग्न चाहँदैनन्, उनीहरू जहाँ उभिन्छन् त्यहीँ धाम बन्छ । फलको कामना नराख्नाले निष्काम कर्मीलाई परमात्माले चाहेभन्दा बढी फल दिन्छ । यस्तो व्यक्ति पूरा कर्म गर्छ र बाँकी परमात्मामा छोडिदिन्छ । यस्तो व्यक्ति कहिल्यै निष्फल हुँदैन अन्यथा यस जगत्मा धर्मको कुनै मूल्य नै हुँदैनथ्यो तर यस्तो कहिल्यै हुँदैन । परमात्माको नियम शाश्वत र निष्पक्ष छ । जसले नमागे पनि प्राप्त हुन्छ र माग गरेमा सबै निष्फल हुन्छ भन्ने रहस्य जान्दछ त्यही व्यक्ति धार्मिक हुन्छ । यस श्लोकमा श्रीकृष्णले धर्मको गोप्य रहस्यका बारेमा बताउनु भएको छ ।

*सर्वकर्माणि मनसा सन्न्यस्यास्ते सुखं वशी ।*
*नवद्वारे पुरे देही नैव कुर्वन्न कारयन् ॥१३॥*

**ज्ञानीजन जसको अन्तस्करण वशमा छ, मनले सम्पूर्ण कर्महरू त्यागी आफूले कर्म नगरेर एवम् कर्म नगराई नौ ढोका भएको भौतिक शरीररूपी घरमा सबै कर्मलाई मनबाट सुखपूर्वक त्यागेर आनन्दपूर्वक सच्चिदानन्दघन परमात्माको स्वरूपमा स्थित रहन्छ ॥**

जसको अन्तस्करण वशमा हुन्छ यस्तो पुरुष कर्म नगरेर वा नगराई सच्चिदानन्द परमात्मामा स्थित रहन्छ । यस्तो ज्ञानप्राप्त व्यक्ति इन्द्रियभन्दा आफूलाई भिन्न ठान्दछ र उसको वासनाले अन्तस्करणलाई दूषित, कुरूप र दुर्गन्धित गर्दैन । कर्म गर्दागर्दै "म गर्छु वा गर्दिनँ" भन्ने कर्ताभाव त्यागेर सबै परमात्माबाट नै भएको हो भन्ने मान्दछ । त्यस प्रकारको व्यक्ति हरक्षण सुत्दा, बस्दा, उठ्दा सच्चिदानन्द परमात्मामा नै स्थित रहन्छ । हामीसँग जो सदा रहन्छ त्यसको महत्त्व हामीलाई थाहा हुँदैन । माछालाई पानीबाट निकालेपछि मात्र उसलाई पानीको महत्त्वबारे जानकारी हुन्छ । माछाले पानीको महत्त्व नबुझेजस्तै हामी पनि परमात्माको महत्त्व बुझ्दैनौ । परमात्मा हरेक ठाउँमा छ । हामी अरू चिजलाई औंला देखाएर बताउँछौं तर परमात्मालाई औंला देखाएर बताउन सक्दैनौं किनभने परमात्मा एक स्थानमा मात्र होइन सर्वत्र छ । त्यसैले त उसलाई देखाउन वा बताउन औंलाले इङ्गित गरेर होइन, मुट्ठी कसेर बताउनुपर्छ किनभने औंलाले इसारा गरेको ठाउँबाहेक पनि परमात्मा भित्र-बाहिर सर्वत्र छ । परमात्माको अर्थ अस्तित्व हो । हामी पनि त्यसैमा बाँच्छौं तर हामीलाई थाहा छैन । अन्तस्करण शुद्ध हुनेलाई यो स्वतः विदित हुन्छ । जसरी ऐनामा रहेको धुलोका कारण अनुहार स्पष्ट देखिँदैन तर धुलो पुछ्नेबित्तिकै अनुहार स्पष्ट देखिन्छ । त्यसरी नै वासनारहित चित्त भएमा अन्तस्करण धुलोरहित ऐनाजस्तै शुद्ध हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- जसको अन्तस्करण शुद्ध छ, फलाकाङ्क्षा र कर्ताको बोझरहित छ एवम् जसले कर्म परमात्मामा छोडिदिएको छ, ऊ सच्चिदानन्द परमात्मामा स्थित हुन्छ । शुद्ध अन्तस्करणवालाले आफू परमात्मामा स्थित छु भन्ने जान्दछ र नौ ढोका भएको भौतिक शरीररूपी घरमा सुखपूर्वक निवास गर्दछ । सच्चिदानन्दमा सत्, चित् र आनन्द तीन शब्द छन् । 'सत्' को अर्थ अस्तित्व, 'चित्' को अर्थ चेतना र 'आनन्द' को अर्थ जो सदैव आनन्द या सन्तुष्टिमा मगन रहन्छ भन्ने हो । यी तीन शब्द हाम्रो सनातन अध्यात्म चिन्तनका निष्पत्ति हुन् । 'सत्' अर्थात् अस्तित्व जो सदा, नित्य, सत्य र अपरिवर्तनीय छ । यस संसारमा छ भन्नु भन्दा पनि भइरहेको छ भन्नु उचित हुन्छ । एउटा वृक्ष छ भन्ने बित्तिकै वृक्ष परिवर्तन भइसक्छ । मनुष्य हरक्षण परिवर्तनशील छ । संसार परिवर्तनीय छ, तर परमात्मा जो अस्तित्व हो ऊ अपरिवर्तनीय छ । सत्को अर्थ म सदैव अर्थात् हिजो, आज र भोलि पनि रहने छु भन्ने हो । आत्मा परिवर्तित हुँदैन केवल शरीर मात्र जन्मिन्छ र समाप्त हुन्छ ।

अर्को शब्द 'चित्' जसको अर्थ चैतन्य हो । व्यक्तिले शुद्ध भएर भित्र हेर्‍यो भने चेतना देख्दछ, त्यहाँ मूर्च्छा नभई पूर्ण जागरण हुन्छ । त्यस्तो व्यक्तिको भित्र मात्र होइन बाहिर पनि चैतन्य नै हुन्छ । हामी भित्र जे छौं, बाहिर त्यही देख्छौं । इमानदारले सबैलाई इमानदार नै देख्दछ । भित्र चेतनाको अनुभव गर्ने व्यक्तिको अन्तस्करण शुद्ध हुन्छ र बाहिर पनि उसलाई चेतनाको अनुभव हुन थाल्छ । यस स्थितिमा ढुङ्गा, माटो आदि सबै चैतन्य हुन्छ । यस्तो व्यक्ति सदा चेतनामा स्थिर हुन्छ । तेस्रो शब्द आनन्द हो । जसले अस्तित्वका बारेमा जानकारी पायो उसको दुख सबै मेटिन्छ । जहाँ परिवर्तन हुन्छ त्यहाँ दुख हुन्छ । जहाँ परिवर्तन हुँदैन त्यहाँ आनन्द मात्र हुन्छ । जब व्यक्ति परिवर्तनभन्दा बाहिर हुन्छ, तब उसको जीवनबाट दुख बिदा हुन्छ । मूर्च्छामा दुख हुन्छ र जहाँ दुख हुन्छ त्यहाँ बेहोसी हुन्छ । जति व्यक्ति होसले भरिन्छ त्यति नै ऊ दुखबाट बाहिर हुन्छ ।

नित्यको जानकारी एवम् चैतन्यको अनुभव भयो भने त्यहाँ आनन्दको घटना घटित हुन्छ । यो आनन्द अरूबाट होइन भित्रबाट आउँछ । जसबाट हामीलाई सुख प्राप्त हुन्छ, उसैबाट दुख पनि पाइन्छ । हाम्रा सबै भाषाहरूमा विपरीत भाषा वा शब्द हुन्छन् तर आनन्दका विपरीत कुनै शब्द नै छैन । सुखका विपरीत दुख, प्रेमका विपरीत घृणा र सफलताका विपरीत असफलता छन् तर आनन्द स्वनिर्भर र द्वन्द्वातीत छ । यी तीन शब्द सनातन हिन्दू चिन्तनका निष्पत्ति हुन् । श्रीकृष्ण भन्नुहुन्छ- जसको अन्तस्करण शुद्ध हुन्छ ऊ सच्चिदानन्द परमात्मामा स्थित हुन्छ ।

*न कर्तृत्वं न कर्माणि लोकस्य सृजति प्रभुः ।*
*न कर्मफलसंयोगं स्वभावस्तु प्रवर्तते ॥१४॥*

**परमेश्वरले मनुष्यको न त कर्मको, न त कर्तापनको, न त कर्मफलको संयोगको रचना नै गर्दछ । यी शरीरका सबै काम त विशिष्ट प्राकृतिक गुणद्वारा स्वतः सम्पन्न हुन्छन् ॥**

परमात्मा स्रष्टा हो तर कर्ता होइन । परमात्मालाई 'म छु' भन्ने स्मरण नै छैन । 'म' को विचार 'तिमी' को विरोधमा पैदा हुन्छ । परमात्माका लागि अस्तित्वमा तिमी नै छैन । जहाँ तिमी नै कोही छैन भने त्यहाँ 'म' हुने विचार पनि परमात्मामा हुँदैन । परमात्मामा अहङ्कार हुनुपर्ने कुनै कारण छैन । त्यसैले कर्ताको विचार परमात्मामा हुनै सक्दैन । परमात्मा सर्जक भएकाले जीवनका सबै धारा उनैबाट बगेर आउँछ । उनैबाट जन्मिन्छ र उनैमा जीवन लीन हुन्छ । एउटा मूर्तिकारले मूर्ति निर्माण गर्छ । जब मूर्ति निर्मित हुन्छ, तब मूर्ति र मूर्तिकार अलग अलग हुन्छन् । मूर्तिकारको मृत्युपछि पनि मूर्ति मर्दैन । तर मूर्तिकारले गरेको सृष्टि आफूभन्दा पृथक् छ । एउटा नर्तक वा एउटी नर्तकी जब नाच्छन् तब नृत्य सिर्जिन्छ । नृत्य नर्तकभन्दा अलग हुँदैन । नर्तक र नर्तकी नहुने बित्तिकै नृत्य पनि हुँदैन ।

परमात्माको जगत्सँगको सम्बन्ध नर्तक जस्तो छ । त्यसैले हाम्रा परस्परित हिन्दू धारणामा परमात्मालाई नटराजको रूपमा लिएको छ जो निकै अर्थपूर्ण एवम् मूल्यवान् पनि छ । परमात्माले जगत्लाई नर्तकले नृत्य बनाएजस्तो गरेर बनाउँछन् । पूरा समय नर्तक नृत्यमा डुब्छ तैपनि नर्तकले नृत्यलाई छोडेर अलग खडा भए ऊविना नृत्य हुनै सक्दैन किनभने नृत्य नर्तकमा निर्भर हुन्छ । परमात्मा र प्रकृतिबिच यही नर्तक र नृत्यजस्तो सम्बन्ध छ । प्रकृति परमात्मामा निर्भर हुन्छ तर परमात्मा प्रकृतिमा निर्भर छैन । परमात्माविना प्रकृतिशून्य र अस्तित्वविहीन हुन्छ तर परमात्मा प्रकृतिविना पनि हुन्छन् । विज्ञानमा क्याटलेटिक एजेन्टको ज्यादै ठुलो महत्त्व छ । क्याटलेटिक एजेन्ट स्वयम् कुनै क्रियामा भाग लिँदैन तर त्यहाँ उपस्थित रहन्छ । यसको उपस्थितिविना क्रिया हुन पनि सक्दैन । हाइड्रोजन र अक्सिजन मिलाएमा पानी बन्दैन तर त्यहाँ बिजुली उपस्थित हुने बित्तिकै पानी बन्छ । बिजुलीले केही गर्दैन तर मात्र त्यहाँ उपस्थित हुन्छ । कृत्यमा बिजुली प्रवेश नै गर्दैन । बिजुली पानी बन्ने प्रक्रियामा क्याटलेटिक एजेन्ट मात्र हुन्छ ।

श्रीकृष्ण परमात्मालाई पनि क्याटलेटिक एजेन्ट जस्तै भन्नुहुन्छ । उहाँ भन्नुहुन्छ- परमात्मा मनुष्यको न त कर्मको, न त कर्तापनको, न त कर्मफलको संयोगको नै रचना गर्दछ यो त प्रकृतिको गुणद्वारा नै सम्पन्न हुन्छ । सारा प्रकृति परिवर्तित हुन्छ यद्यपि परमात्माको उपस्थितिविना प्रकृति परिवर्तन हुन सक्दैन । परमात्माको उपस्थितिमा प्रकृति नै परिवर्तित हुन्छ तर परमात्मा परिवर्तन हुँदैन । जस्तो कि भोक लाग्दा हाम्रो उपस्थितिमा पेटलाई भोकको अनुभव हुन्छ तर भोक हामीलाई लाग्दैन । त्यस्तै सारा प्रकृति आफ्नो गुण धर्मले परमात्माको उपस्थितिमा परिवर्तन भइरहन्छ । परमात्मा केवल छ, ऊ केही गर्दैन, परिवर्तन प्रकृतिले गर्छ । त्यसैले प्रकृतिको परिवर्तनको कुनै पनि कृत्यले परमात्मालाई कर्ता बनाउँदैन । तर परमात्माविना सृष्टि चल्दैन । प्रकृतिले आफ्नो गुण धर्म बमोजिम काम गर्छ । सारा संसारमा आ-आफ्नो कृत्य चलिरहन्छ । सारा कृत्यहरू प्रकृतिको गुण धर्मबमोजिम हुन्छ, परमात्माले केही

गर्नु नैँ पर्दैन । तर परमात्मा उपस्थित नभईकन केही हुन सक्दैन । परमात्मा परमशक्ति हो, त्यसैले ऊ उपस्थित मात्र हुन्छ ।

जसले यो मौलिक सूत्रलाई जान्दछ ऊ "म कर्ता हुँ" भन्ने भावबाट मुक्त हुन्छ । उसलाई लाग्छ यत्रो विराट् अस्तित्व कर्ताविना नै चलिरहेको छ भने मेरो सानो गृहस्थी पनि त्यसरी नै चल्ने छ । सूर्य, चन्द्र र ताराहरू आदि कर्ताविनाको यात्रा गरिरहेका छन् । हरेक बिहान सूर्य उदाउँछ । हरेक वर्ष वसन्त आफैँ आउँछ र जान्छ । अनन्त समयदेखि पृथ्वी निर्मित र नष्ट हुन्छ । विना कुनै कर्ता अनन्त जाल चलिरहेको छ । यत्रो विराट् अस्तित्व विना कर्ता चलिरहेको छ भन्ने मूल आधारलाई जान्ने व्यक्तिलाई आफ्नो छुद्र काममा अनाहक कर्तालाई समातेर बस्ने आवश्यकता हुँदैन। यस प्रकारको स्मरण हुनेबित्तिकै ऊ सन्न्यासी हुन्छ । यस्तो पुरुषले कर्ममा बाधा गर्नु पनि कर्तापन हुने हुँदा केवल द्रष्टा भई प्रकृतिको कृत्यमा हस्तक्षेप गर्दैन । श्रीकृष्ण यस्तै निष्काम कर्मयोगीका बारेमा अर्जुनलाई बताउँदै हुनुहुन्छ । जगत्मा सारा कृत्य प्रकृतिको हो र यसैमा कोही रोकियो भने परमात्माका बारेमा कहिल्यै पनि जान्न सक्दैन । यदि परमात्माको झलक हेर्न चाहन्छौँ भने प्रकृतिको काम प्रकृतिलाई नै गर्न दिनुपर्छ। हामी बिचमा नपरी, कर्ता नबनी केवल साक्षी बनेर दर्शकको भाँती हेर्ने काम मात्र गर्नु उपयुक्त हुन्छ।

*नादत्ते कस्यचित्पापं न चैव सुकृतं विभुः ।*
*अज्ञानेनावृतं ज्ञानं तेन मुह्यन्ति जन्तवः ॥१५॥*

**सर्वव्यापी परमात्मा न कसैको पाप न त पुण्य नै स्वीकार गर्नुहुन्छ तर मनुष्य ज्ञान-अज्ञान (माया) ले ढाकिएका हुन्छन्; त्यसैले ती सबै अज्ञानी मनुष्य मोहित हुन्छन् ॥**

परम शक्तिलाई शुभ-अशुभको कुनै प्रभाव नै नहुने हुँदा त्यो परम शक्ति कसैको पाप-पुण्य र शुभ-अशुभ कर्म ग्रहण गर्दैन । सर्वव्यापी परमात्मा न कसैको पाप न त पुण्य स्वीकार गर्नुहुन्छ तर हामी सपनामा हराएका छौँ, अज्ञानमा दबेका छौं । हामी सपना, माया र अज्ञानमा डुबेर पाप र पुण्यको जालमा घुमिरहन्छौं । पाप-पुण्य केवल उसैको जीवनको धारणा हो जसले "म कर्ता हुँ" भनी सोच्दछ । जसले आफूलाई कर्ता मान्दछ उसले राम्रो या नराम्रो कर्मको नैतिकताबाट बच्न मिल्दैन र शुभ-अशुभ सबै कर्मको जिम्मेवारी उसको आफ्नो हुन्छ । परमात्मामा कर्ताको धारणा नभएकाले त्यहाँ राम्रो र नराम्रोको प्रभाव हुँदैन । भित्र कर्ताको खाल्डो भएमा मात्र त्यहाँ कर्ताको पानी भरिन्छ, नत्र भरिँदैन । परमात्मामा कुनै कर्म भरिने खाल्डो भित्र छैन, त्यसैले त्यहाँ कर्ता पनि हुँदैन । परमात्माको त कुरै छोडौं; यदि हामी पनि कर्ताभावबाट मुक्त भएमा हामीलाई पनि नराम्रो या खराबको केही प्रभाव हुँदैन । जहाँ कर्ता हुन्छ, त्यहाँ शुभ-अशुभ पैदा हुन्छ । जहाँ कर्ता हुँदैन त्यहाँ शुभ-अशुभ केही हुँदैन । परमात्माकहाँ हाम्रो शुभ-अशुभ केही पनि पुग्दैन, हामी नै आफ्नो मायाका कारण चिन्तित र दुखी हुन्छौं ।

संस्कृत शब्द मायाको अर्थ सम्मोहन हो । सम्मोहित हुँदा व्यक्ति बेहोस हुन्छ र अचेतन मन मात्र बाँकी रहन्छ । चेतन र अचेतन गरी मनका दुई हिस्सा हुन्छन् । चेतन मन सानो हुन्छ अर्थात् दश भागको एक भाग र अचेतन मन ठुलो अर्थात् दश भागको नौ भाग हुन्छ । नौ हिस्सा अचेतन मन अँध्यारो र एक हिस्सा चेतन मन मात्र ज्योतिर्मय हुन्छ । सम्मोहनको क्षणमा त्यो एक हिस्सा चेतन पनि बेहोस हुन्छ । अचेतन मनले तर्क गर्दैन । अचेतन मन हामी जे हुन चाहन्छौं त्यही हुन सक्छ ।

हामी त अनन्त जन्मको मायालाई साथमा लिएर आएका छौँ । त्यसको गहिरो सम्मोहन हाम्रो अचेतनमा दबिएर रहेको हुन्छ । अनन्त जन्ममा जुन संस्कार हामी जम्मा गर्दै जान्छौं, त्यो हाम्रो अचेतन मनमा जम्मा हुन्छ र त्यो अचेतन मनमा जम्मा भएको संस्कार नै भित्रबाट हामीलाई विविध काम गर्न दबाब दिइरहन्छ । हामी क्रोध नगर्ने प्रतिज्ञा गरे पनि क्रोध गरिरहन्छौं । हाम्रो प्रतिज्ञा निरन्तर भङ्ग हुन्छ । यसको अर्थ हाम्रो क्रोध अचेतनबाट आउँछ र निर्णय हाम्रो चेतनमा हुन्छ । चेतनको प्रतिज्ञाले काम गर्नै

पाउँदैन किनभने भित्र क्रोध भरिएको हुन्छ । जब क्रोध भित्रबाट फुट्छ तब चेतन मनको निर्णय लाचार र कमजोर भएर केही गर्नै सक्दैन । यो सम्मोहित क्रोध नै माया हो । यस्तै कैयौं पटक मानिस ब्रह्मचर्यको प्रतिज्ञा गर्छ तर अचेतन मनले हुन दिँदैन किनभने त्यहाँ त जन्म जन्मान्तरको यात्राका क्रममा सम्मोहक रूपमा कामवासना बसेको हुन्छ । हामी अनन्त जन्मको इच्छा, कामना र वासनाबाट सम्मोहित छौं र यो सबै प्रकृतिको नै सम्मोहन हो । यसलाई परम्परित भाषामा माया भनिन्छ । हामीहरू सबै आ-आफ्नो मायामा हराएका छौं । श्रीकृष्ण भन्नुहुन्छ- ज्ञान माया अर्थात् अज्ञानले ढाकिएको हुन्छ; त्यसैले अज्ञानी मोहित हुन्छन् ।

कतिपय त्यागी पनि धनका सामुन्ने सम्मोहित हुन्छन् । धनका पिपासु र शरीरसँग रमाउने एवम् शरीरलाई उपेक्षा गर्ने व्यक्ति पनि सम्मोहनको प्रभावमा हुन्छन् । यो सबै माया प्रकृतिका कारणले भएको हो भनेर जान्ने व्यक्तिहरू यसमा लीन हुनु भनेको मूर्खता हो भन्ने बुझ्छन् । उनीहरू हरेक कुरालाई साक्षी भावले मात्र हेर्छन् । यसो गर्नाले उनीहरूको सम्मोहन पनि टुट्छ र प्रकृतिको कार्यमा मोहित नभई अलग हुन्छन् । प्रकृतिको मायामा डुबेको व्यक्ति आफ्नो राम्रो-नराम्रो सोच विचारमा भट्किरहन्छ । राम्रो-नराम्रो सपनाभन्दा बाहिर हुने व्यक्ति सन्त हुन्छ । जब व्यक्ति मायारूपी सम्मोहनबाट जाग्दछ, तब मात्र जीवनमा त्यो परम घटना घट्छ जसको इसारा श्रीकृष्ण गर्दै हुनुहुन्छ ।

*ज्ञानेन तु तदज्ञानं येषां नाशितमात्मनः ।*
*तेषामादित्यवज्ज्ञानं प्रकाशयति तत्परम् ॥१६॥*

**जब कुनै व्यक्तिको अन्तस्करणको अज्ञान परमात्माको तत्त्वद्वारा नाश हुन्छ, तब त्यो ज्ञानले सूर्यसदृश त्यस सच्चिदानन्दघन परमात्मालाई तुरुन्त प्रकाशित गर्दछ ॥**

जगत् एक रहस्य हो । यहाँ जीवन छ, मृत्यु छैन, प्रकाश छ, अन्धकार छैन तथापि अन्धकारले प्रकाशलाई ढाकेको जस्तो प्रतीत हुन्छ । प्रकाशलाई हामी बाल्न र निभाउन सक्छौं तर अँध्यारोलाई निभाउन सक्दैनौं । राती कोठामा अँध्यारो होस् भनेर चाहँदा पनि अँध्यारोलाई बोलाउने होइन कि हामी प्रकाशलाई निभाउँछौं । अँध्यारो केवल प्रकाशको अनुपस्थिति हो । अँध्यारोको आफ्नो छुट्टै अस्तित्व छैन । अँध्यारो प्रकाशको अभाव हो । ठिक यस्तै आत्म-अज्ञानको पनि कुनै अस्तित्व छैन तर हामी आत्म-अज्ञानले भरिएका छौं । त्यसैले पीडित एवम् दुखी छौं र नर्कतुल्य कष्टको जीवन भोगिरहेका छौं ।

श्रीकृष्ण भन्नुहुन्छ- संसार मायाले, आत्मा आत्म-अज्ञानले र ज्ञान अविद्याले ढाकिएको छ । चेतना (आत्मा) ज्ञान त हो तर ज्ञानले चाहेमा सुत्न वा जाग्न पनि सक्छ । सुतेको वा निदाएको ज्ञान पनि ज्ञान हो र जागृत ज्ञान पनि ज्ञान हो तर निदाएको ज्ञानको चारैतिर अज्ञान जम्मा हुन्छ । निदाएको अर्थ प्रज्वलित हुन तयार तर प्रज्वलित नभएको, जस्तो कि नकोरिएको सलाईको बट्टाको जस्तो अवस्था हो । सलाई त साथमा नै छ तर कोरिएको छैन, त्यसैले चारैतिर अँध्यारो छ । सलाईबाट बत्ती बाल्न सकिन्छ तर बालिएको छैन; जब बालिन्छ तब अँध्यारो रहँदैन । आत्म-अज्ञान निदाएको अवस्था र आत्मज्ञान जागेको अवस्था हो । जागेको अवस्थाको व्यक्ति भएकाले हामी सिद्धार्थ गौतमलाई बुद्ध भन्छौं । जाग्नु एवम् जान्नु जित्नु हो र निदाउनु हार्नु हो । ठुलो भन्दा ठुलो शक्ति पनि निदाएको छ भने त्यो साधारण शक्ति नभएको व्यक्तिसँग पनि पराजित हुन सक्छ ।

आत्मा ज्यादै ठुलो प्रज्वलित अग्निरूपी शक्ति हो तर निदाएको अवस्थामा क्रोध, कामवासना जस्तो सामान्य वस्तुसँग पनि पराजित हुन सक्छ । अँध्यारो जस्तै क्रोध र कामको शक्तिले आत्माको ज्ञानशक्तिलाई चारैतिरबाट घेर्दछ । निद्रा हाम्रो हार र बेहोसी हो र तन्द्रा आत्म-अज्ञान हो । हामी निद्रामा हिँड्ने व्यक्तिजस्ता छौं । यसैकारण आत्मा पनि अज्ञानले ढाकिएको छ । दीप निभेको छ; तेल, बत्ती, सलाई सबै छ तर नबालेका कारण अन्धकारमय छ । परमात्मा सबै व्यक्तिहरूलाई पूर्ण नै पठाउँछन् तर पनि

हामी सबै अपूर्ण बाँच्छौं र अपूर्ण नै मर्छौं । बालक जुन सम्पदा लिएर जन्मिन्छ, बुढो भएपछि त्यही सम्पदा गुमाएर बिदा हुन्छ किनभने हाम्रो निद्रा अझ प्रगाढ हुन्छ । बाल्यावस्थामा हामी जति होसमा हुन्छौं जवानीमा त्यति होसमा हुँदैनौं । कामवासनाको तन्द्राले हाम्रो जवानीलाई झन् बेहोस बनाउँछ । बुढेसकालमा कामवासना त बिदा हुन्छ तर जिजीविषाका कारण झन् तन्द्रा पैदा गर्छ । जवान व्यक्ति कामवासनाका लागि लालायित हुन्छ भने बुढो व्यक्ति आफू बाँच्न लालायित हुन्छ । जवानीको बिरामी काम हुन्छ भने बुढेसकालको बिरामी लोभ हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- जागेका व्यक्तिमा आत्माको ज्ञान अभिव्यक्त हुन्छ र आत्म-अज्ञान हट्छ । उसले परमात्मालाई अस्तित्वमा देख्दछ, यस्तो व्यक्तिलाई मात्र परमात्माको अनुभव हुन्छ । निदाएको व्यक्तिलाई आफ्नो त अनुभव हुँदैन भने परमात्माको अनुभव झनै हुँदैन । आत्मज्ञान परमात्माको ज्ञानको द्वार हो । आत्मबोध हुने व्यक्ति परमात्माको नजिक हुन्छ । परमात्मा त सर्वत्र मौजुद छ तर उसलाई देख्न हृदयको दर्पण सफा हुनुपर्छ । अन्तस्करण सफा र शुद्ध हुने व्यक्तिले परमात्माको झलक देख्न थाल्छ अनि परमात्मालाई खोज्न कुनै तीर्थ जानुपर्दैन, आफू जहाँ हुन्छ त्यहीँ परमात्मा देखिन्छ । परमात्मालाई आँखा बन्द गरे भित्र र खोले बाहिर देखिन्छ, हामी त जागृत अवस्थामा पनि निदाएको जस्तो छौं तर आत्मज्ञानी निद्रामा पनि जागृत हुन्छ । आत्म-अज्ञानको तन्द्रा हट्ने बित्तिकै परमात्मा त्यहीँ उपलब्ध हुन्छ । आत्म-अज्ञान प्रकाश बाल्ने बित्तिकै तत्क्षण हट्छ । आत्म-अज्ञान हटाउन अँध्यारोको चिन्ता नगरी आत्मज्ञानलाई जगाइयो भने अज्ञान रहँदैन । आत्मज्ञान जगाउन सङ्कल्प र साहस चाहिन्छ । साहसको अर्थ अज्ञातमा फड्को मार्नु हो । त्यसमा एक्लोपन र संयमको पनि आवश्यकता हुन्छ । आत्मज्ञानका लागि सङ्कल्प, साहस र संयम चाहिन्छ । हाम्रो शक्ति जो व्यर्थमा गुमाइरहेका छौँ त्यही शक्ति हामीले भित्र लगायौं भने हामी सही मार्गमा हिँड्ने छौँ र परमात्मालाई जान्न सक्नेछौँ ।

*तद्बुद्धयस्तदात्मानस्तन्निष्ठास्तत्परायणाः ।*
*गच्छन्त्यपुनरावृत्तिं ज्ञाननिर्धूतकल्मषाः ॥१७॥*

**जसको बुद्धि, मन एवम् निष्ठा सबै कुरा परमात्मामा स्थिर हुन्छ, तब पूर्ण ज्ञानका कारण ऊ समस्त पापबाट शुद्ध हुन्छ र त्यसप्रकारका मानिसहरू जन्ममरणको चक्रबाट मुक्त भई परमगतिलाई प्राप्त हुन्छन् ॥**

चेतना र वृत्ति परमात्मासँग एकाकार भएको पुरुषको पुनर्जन्म हुँदैन वा उसको पुनरागमन हुँदैन । उनीहरू यस्तो सर्वोच्च स्थानमा पुग्छन् जहाँबाट तल झर्नुपर्दैन । उनीहरू परमगति प्राप्त गर्छन् जसले गर्दा अज्ञान र अन्धकारमा पुनः डुब्नुपर्दैन । हामी जस्तो व्यक्तिलाई परमात्माको झलक त बारम्बार प्राप्त हुन्छ तर परमात्मासँगको एकात्मकता प्राप्त हुँदैन । श्रीकृष्ण भन्नुहुन्छ- जो परमात्मासँग एकाकार हुन्छ, उसले परमात्मालाई जान्ने होइन परमात्मा नै हुन्छ । यस स्थितिमा पुनरागमन हुँदैन । झलकमा व्यक्तिलाई परमात्माको दर्शन हुन्छ तर तद्रूपतामा व्यक्ति पूरा मिट्दछ र उसलाई परमात्माको मात्र अनुभव हुन्छ । तद्रूपतामा व्यक्ति रहँदैन परमात्मा मात्र रहन्छ । झलक कहिलेकाहीँ अचानक पनि हुन सक्छ । पछिल्लो जन्मको कर्मका आधारमा नै यस्तो ज्योतिको दर्शन हुन सक्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- जो परमात्मासँग तद्रूप हुन्छ त्यो व्यक्ति फिर्ता हुँदैन वा उसको पुनर्जन्म हुँदैन । जबसम्म 'म' हुन्छ परमात्मासँग तद्रूप हुन असम्भव छ । कबिरले भन्नुभएको छ- जबसम्म 'म' थिएँ, तबसम्म खोज्दा खोज्दै पनि उसलाई पाउन सकिएन र जब 'म' शेष रहिनँ, तब परमात्मा नै खोज्दै आएको पत्तै भएन । यो परमात्मासँगको तद्रूपतालाई श्रीकृष्ण परममुक्ति भन्नुहुन्छ । परममुक्तिमा 'म' हुँदैन, परमात्मा मात्र हुन्छ । जसरी सुकेको काठ आगोमा जलेर अग्निसँग तद्रूप वा एकाकार हुन्छ त्यस्तै कुनै व्यक्ति आफ्नो क्रोध, अहङ्कारलाई अग्निमा जलाएर परमात्माको चरणमा समर्पित भएमा त्यही आनन्दमग्नतारूपी तद्रूपता हुन्छ । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- जसको अन्तस्करण शुद्ध छ, आत्माले

जागृत भएर ज्ञान पाएको छ र परमात्मासँग तद्रूप भएर परमप्रकाशमा समर्पित भएको छ भने त्यस्तो पुरुष पुनरागमनबाट मुक्त हुन्छ वा उसको पुनर्जन्म हुँदैन ।

*विद्याविनयसम्पन्ने ब्राह्मणे गवि हस्तिनि ।*
*शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः ॥१८॥*

**विद्या र विनयशीलताले सम्पन्न ज्ञानी पुरुष आफूमा विकसित ज्ञानका प्रभावले विद्वान् ब्राह्मण, गाई, हात्ती, कुकुर तथा चाण्डालहरूलाई पनि समान दृष्टिले हेर्छन् र समान नै देख्छन् ॥**

*इहैव तैर्जितः सर्गो येषां साम्ये स्थितं मनः ।*
*निर्दोषं हि समं ब्रह्म तस्माद्ब्रह्मणि ते स्थिताः ॥१९॥*

**आफ्नो मनलाई जसले समताभाव र एकत्वमा स्थापित गरेका छन्, तिनीहरूले जन्म र मृत्युको चक्रलाई जितेका छन् । जसरी ब्रह्म निर्दोष र सम छन् त्यस्तै ती ज्ञानीजन पनि ब्रह्ममा स्थित छन् ॥**

प्रभुलाई पाउन लालायित हुनेले प्रभु जस्तै हुनुपर्छ । यो नियम शाश्वत छ र जीवनका सबै तहमा लागू हुन्छ । यदि कुनै व्यक्ति धनका लागि लालायित छ भने त्यो व्यक्ति पनि केही दिनमा धातुको सिक्का जस्तै बन्छ । यदि कुनै व्यक्तिमा पदमोह छ भने ऊ र उसको कुर्सीको जडतामा केही फरक हुँदैन । जानेर वा अनजानमा हामीलाई जे पाउनु छ, त्यही बन्नुपर्छ । परमात्मालाई जसले पाउन चाहन्छ उसले परमात्मा जस्तै बन्नैपर्छ । परमात्माको लक्षण सम हो विषम होइन । बिलकुल तराजुका दुवै भाग एकै स्थानमा भएजस्तै, एकदम सम, कम्पनविहीन यस्तो समता परमात्माको स्वरूप हो । जसले परमात्मा प्राप्त गर्ने आकाङ्क्षा राखेको छ त्यसले समतातर्फ अघि बढ्नुपर्छ । काम, क्रोध, लोभ र घृणाले मनलाई विषमतातर्फ धकेल्ने, उत्तेजित बनाउँने, आन्दोलित गर्ने तर समताभावमा नलैजाने हुँदा ऊ परमात्मातिर बढ्न सक्दैन । प्रेम, करुणा, क्षमा, दान, दया विकसित हुन थालेपछि मनुष्य बिस्तारै परमात्मातिर बढ्दछ किनभने दान, दया, क्षमा, करुणा, प्रेम आदिले भित्र समताभाव जन्माउँछ । जुन चिजले भित्र विषमता पैदा गर्छ त्यो अधर्म हो ।

जीवनको मूल स्वभाव समता हो, जहाँ सबै कुरा समान हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- जो समत्वमा प्राप्त हुन्छ त्यो परमात्मासँग एकाकार भएर तद्रूप हुन्छ । जब कोही परमात्मासँग तद्रूप हुन्छ, तब हात्ती, घोडा, गाई आदि सबैमा परमात्मा नै देखिन्छ । साधारणतः सामाजिक दृष्टिले ब्राह्मण तथा चाण्डाल भिन्न जातका र कुकुर, गाई र हात्ती पनि योनिअनुसार भिन्न हुन सक्छन् तर ज्ञानीका लागि शरीरगत भेद अर्थहीन हुन्छ । हामी बाहिर त्यही देख्छौं जो हामी भित्र गहिराइमा हुन्छौं । जो परमात्मासँग तद्रूप हुन्छ ऊ आफ्ना चारैतिर परमात्मालाई मात्र देख्दछ ।

*न प्रहृष्येत्प्रियं प्राप्य नोद्विजेत्प्राप्य चाप्रियम् ।*
*स्थिरबुद्धिरसम्मूढो ब्रह्मविद् ब्रह्मणि स्थितः ॥२०॥*

**जो प्रिय वस्तु प्राप्त गरेर पनि हर्षित हुँदैन र अप्रिय वस्तु वा कुरा आइलाग्दा विचलित हुँदैन, त्यस्तो स्थिर बुद्धि भएको, मोहरहित, परमात्मा सम्बन्धी ज्ञान प्राप्त गरेको व्यक्ति ब्रह्ममा स्थित हुन्छ ॥**

प्रिय वस्तुप्रति आकर्षित र अप्रिय वस्तुप्रति अनाकर्षित नहुने, वस्तुप्रति मोहित नहुने र विराग नभएको स्थित बुद्धिलाई सच्चिदानन्द परमात्माको धाम सदैव प्राप्त हुन्छ भनेर श्रीकृष्ण भन्नुहुन्छ । त्यस्तो व्यक्ति परमात्मामा नै स्थित हुन्छ । जुन कुराले इन्द्रियलाई तृप्ति दिन्छ, त्यसप्रति प्रीति जाग्छ र जसले इन्द्रियलाई तृप्ति दिँदैन त्यस वस्तुप्रति निषेधको भाव जाग्छ । प्रीतिकर वस्तुप्रति आकर्षण र अप्रीतिकर वस्तुप्रति अनाकर्षण सुरु हुन्छ । जबसम्म चाहेको कुरा मिल्दैन त्यसले आकर्षित गरिरहन्छ र पाउने बित्तिकै विकर्षित गर्न सुरु हुन्छ । सपना देखुन्जेल प्रीतिकर हुन्छ, पूरा हुने बित्तिकै अप्रीतिकर हुन्छ र आँखाले नयाँ कुरा खोज्न थाल्छ र भड्किन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- जो भित्र आन्दोलित हुन्छ त्यसले प्रभुको सतत आनन्द पाउन सक्दैन । चेतनालाई बाहिरी कुराले असर पार्दैन । घाँटीमा माला वा काँढा जे लगाए पनि चेतनालाई फरक पर्दैन । जबसम्म बाहिरी तत्त्वले प्रभावित पारिरहन्छ तबसम्म भित्रको चेतना अन्तरङ्ग मनमा उपलब्ध हुन सक्दैन । बाहिर सम्मान या अपमान जे प्राप्त भए पनि चेतनालाई साक्षी राखेर जसले हेर्न सक्छ यस्तो व्यक्ति भित्री समतामा प्राप्त हुन थाल्छ । मूलतः बाहिर घटित घटनाले भित्रको चेतनालाई चलायमान गरिरहेको छ कि छैन त्यो हेर्न जरुरी छ । यस्तो प्रत्येक अवसरलाई साक्षीको क्षण बनाउने व्यक्ति अन्तरसमतामा प्राप्त हुन थाल्छ । कसैले गाली गऱ्यो भने गाली गर्नेलाई होइन, जसलाई गाली गरिएको छ त्यसमा ध्यान लगायौँ भने गाली गर्ने व्यक्ति बाहिर रहन्छ र भित्रको चेतना अलग हुन्छ । यो अवस्था भित्रको अचल अवस्था हो, बाहिरबाट कसैले उसलाई अब बिचलित गराउन सक्दैन । श्रीकृष्ण जसका बारेमा भन्दै हुनुहुन्छ उसको चेतनाको ज्योति थामिएको हुन्छ र ऊ दुईका बिचमा तटस्थ बन्दछ । जुन दिन चेतनालाई न त रुचिले आफूतर्फ तान्दछ न त अरुचिले ठेल्दछ र बाहिरको कुनै पनि आन्दोलनले प्रभावित गर्दैन त्यही समतामा उपलब्ध चेतनामा नै व्यक्ति सच्चिदानन्द परब्रह्ममा स्थिर हुन्छ ।

परमात्मा त सदा स्थिर छ; त्यसैले व्यक्तिको चेतना स्थिर भयो भने परमात्मासँग तत्काल मेल हुन्छ । हामी स्थिर भयौँ भने त्यो मिलनमा नै सच्चिदानन्दको अनुभव प्राप्त हुन्छ र यो मिलनपछि कुनै विरह वा वियोग हुँदैन । सुख मिल्छ र छुट्छ तर आनन्द प्राप्त भएपछि त्यो कहिल्यै छुट्दैन । मनुष्यको सारा जीवन आनन्दकै खोज हो । रुचिकर र अरुचिकर बिचको भड्काउले गर्दा हामी त्यो आनन्द प्राप्त गर्न असफल भएका छौं । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- जाग र प्रीति एवम् अप्रीतिकरका बिचमा स्थित होऊ । बुद्ध र महावीरको मूर्तिमा जो स्थिर चेतना देखाइएको छ त्यो स्थिर व्यक्तिको प्रतिविम्ब हो । उहाँहरूको चेतना स्थिर भएजस्तै त्यसको प्रतिविम्बका रूपमा ढुङ्गाको मूर्ति बनाइएको हो किनभने ढुङ्गा आफैँ सदा स्थिर हुन्छ ।

श्रीकृष्णले संशयरहित भन्नुभएको छ किनभने संशयले पनि चेतनालाई कम्पन गराउँछ । चेतना विचार र भावले प्रभावित हुन्छ । कृष्णले प्रीतिकर र अप्रीतिकर बिचको स्थिरताको चर्चा गर्दै भावको अर्थात् भावनाबाट कोही नकाँपून् भन्नुभएको छ, साथै उहाँले संशयरहित बुद्धिको कुरा पनि भन्नु भएको छ । संशयबाट कम्पित हुने व्यक्ति ठिक या गलत भन्ने विचारबाट पनि कम्पित हुन्छ । यस्तो व्यक्ति बुद्धिको द्वारमा पनि कम्पित हुन्छ । धार्मिक व्यक्तिले परमात्मा छ भन्दैन किनभने यो छैनको विपरीत भन्नु हो । निस्कम्प व्यक्ति धार्मिक हुन्छ जो आस्तिक र नास्तिकभन्दा पार हुन्छ । विश्वास र अविश्वासमा पनि जो निस्कम्प रहन सक्छ त्यसलाई श्रीकृष्ण संशयरहित भन्नुहुन्छ ।

*बाह्यस्पर्शेष्वसक्तात्मा विन्दत्यात्मनि यत्सुखम् ।*
*स ब्रह्मयोगयुक्तात्मा सुखमक्षयमश्नुते ॥२१॥*

**बाह्य इन्द्रियसुखबाट विरक्त भएको पुरुष जो आफैँभित्र अन्तस्करणमा आनन्दको अनुभव गर्दछ त्यो ब्रह्ममा स्थिर हुने भएका कारण उसले कहिल्यै नाश नहुने आनन्दको भोग गर्दछ ॥**

बाह्य विषयमा अनासक्त भएको पुरुष पनि सच्चिदानन्द ब्रह्ममा पुग्छ । श्रीकृष्ण धेरै मार्गका माध्यमबाट सम्झाउँदै हुनुहुन्छ किनभने कुनै न कुनै मार्ग अर्जुनलाई प्रीतिकर या घत लाग्न सक्छ । हृदयको द्वारबाट खुल्न नसकेका कुरा बुद्धिको द्वारबाट र बुद्धिको द्वारबाट पनि बुझ्न नसके वस्तुहरूको मार्गको कुराबाट सम्झन सकून् भन्ने चाहना कृष्णमा छ । दुई वस्तुहरूबिच जो अनासक्त भएर बाँच्दछ त्यो पनि सच्चिदानन्द ब्रह्ममा नै पुग्छ । जब मन आसक्त हुन्छ र वस्तु सुन्दर छ भन्ने भाव उठ्छ तब सूक्ष्म रूपमा घटना घट्छ र आसक्तिको यात्रा सुरु हुन्छ । जब मनले सुन्दर ठान्दछ त्यही बेला त्यसलाई पाउने अभिलाषा वा धुवाँ उठ्न थाल्छ । पहिले मनले र त्यसपछि बुद्धिले सुन्दर भन्छ । मन बिचमा

उभिएको छ, बाहिर शरीर र भित्र आत्मा छ, शरीरले वस्तु वा विषयका बारेमा खबर दिन्छ । आत्माभित्रबाट वासना वा चाहनाको खबर आउँछ । यी दुवैको मिलन मनमा हुन्छ र आसक्ति निर्मित हुन्छ । बाहिरबाट आँखा, कान, नाक आदिले देख्दा, सुन्दा, सुँघ्दा पनि भित्रबाट मनमा कुनै वासना उठ्दैन भने त्यो अनासक्ति हो । अनासक्तिमा बाहिरबाट खबर आउँदा भित्र सुनिन्छ, बुझिन्छ तर त्यसमा भित्र कुनै प्रतिक्रिया आउँदैन । त्यसैले बाहिरको खबर बेकार हुन्छ । बाहिरबाट खबर आउँदा भित्रको तत्त्व जागेर आसक्ति पलाउँदैन र वासना जाग्दैन भने त्यो इन्द्रियहरूको खबर एकछिनमा समाप्त हुन्छ । भित्रको वासना अँध्यारोमा वा बेहोसीमा उठ्छ त्यस क्षणमा होस राख्नसाथ वासना उठ्नै पाउँदैन । बुद्धले भन्नुभएको छ- जुन घरको द्वारमा द्वारपाल हुँदैन त्यहाँ चोर पस्छ, जहाँ ध्यान हुँदैन त्यहाँ वासना, वृत्तिहरू स्वतः निर्मित हुन्छन्; तसर्थ ध्यान द्वारपाल हो ।

श्रीकृष्ण भन्नुहुन्छ- वासना र वृत्तिप्रति जागरुक हुने व्यक्ति अनासक्त हुन्छ । वृत्ति र इन्द्रियको मिलनबाट आसक्ति निर्माण हुन्छ, यसको मिलन भएन वा सेतु बन्न पाएन भने अनासक्ति निर्माण हुन्छ । हजारौँ वस्तुहरूबिच जो होसपूर्ण छ, त्यो अनासक्त हुन्छ । आसक्तिलाई जति पूरा गरे पनि नयाँ आसक्ति निर्मित हुन्छ र हजारौँतिरबाट वासना जगाउने प्रयत्न हरक्षण हुन्छ । सारा जीवन यही अलमलमा परेर अल्झिरहन्छ । त्यसैले आनन्दको यात्रा गर्नु छ भने चेतनालाई होसले भर्नु र वस्तुहरूमा आकर्षित नहुनु जरुरी हुन्छ । मनको जगत्मा बनिसकेको कुरालाई हटाउन कठिन हुन्छ तर बन्नै नदिन भने सकिन्छ । क्रोध उठ्दा त्यसको पहिलो झलक भित्र देखिने बित्तिकै त्यसलाई नियन्त्रण गर्न सकिन्छ तर जब रगतमा एडिनल तत्त्व छुट्छ, तब क्रोधको विष रगतमा पस्छ । रगतमा नै क्रोध प्रवेश गरेको यो बेला क्रोध नियन्त्रण गर्न कठिनाइ हुन्छ । क्रोध उठ्ने बित्तिकै केही क्षण त्यसले प्रवेश गर्नुअघि प्रतीक्षा गर्दछ । यस पछिको स्थिति नियन्त्रणभन्दा बाहिर हुन्छ । अनासक्त हुनका लागि नियन्त्रणको सीमा अगाडि नै जाग्न जरुरी हुन्छ, अन्यथा प्रायश्चित्त मात्र हुन्छ ।

श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- तिमी वस्तुहरूप्रति अनासक्त रहन सक्यौ भने त्यहीँ पुग्छौ र कहिल्यै नाश नहुने आनन्दको भोग गर्नेछौ । यस धर्तीमा एउटा अद्भुत ग्रन्थ विज्ञान भैरवतन्त्र छ । यो सानो पुस्तकमा ११२ वटा सूत्रहरू छन् । हरेक सूत्रमा एउटै कुरा छ, पहिलो सूत्रमा बताइएको कुरालाई नै ११२ पटक दोहोर्‍याइएको छ । हरेक सूत्रमा एउटा विधि पूरा हुन्छ । पार्वती शिवसँग सोध्नुहुन्छ- कसरी शान्त बनेर आनन्द प्राप्त गर्ने र अमृत कसरी पाइन्छ । शिवले दुई दुई पङ्क्तिमा उत्तर दिनुहुन्छ- श्वास भित्र र बाहिर जाँदा बिचमा अडिएर रहन सकियो भने अमृत प्राप्त हुन्छ । एक सूत्र पूरा भयो तर पार्वतीले बुझ्न सक्नु भएन र फेरि सोध्नुभयो । शिव दुई-दुई पङ्क्ति भन्दै जानुहुन्छ र हरेक पङ्क्तिको अर्थ दुईका बिचमा अडिनुपर्छ भन्ने हो । शिव भन्नुहुन्छ- जन्म र मृत्युको बिचमा अडिएर रहन सक्यो भने अमृत प्राप्त हुन्छ । शिवले ११२ पटक एउटै कुरा दुई विरोधहरू बिच रोकिएर हेर्न सकेमा अमृत पाइन्छ भन्नुभएको छ । प्रीति-अप्रीति, पक्ष-विपक्ष, आसक्ति-विरक्तिको बिचमा अडिएर रहन सक्ने पुरूषलाई अमृत प्राप्त हुन्छ । श्रीकृष्णको यो सूत्रबाट पनि दुख-सुख, मित्र-शत्रु, सम्मान-अपमान दुई विपरीतहरूबाट तटस्थ भई बिचमा अडिएमा अमृत प्राप्त हुने निश्चित छ । द्वैतमा तटस्थ रहन सक्नेले अद्वैतमा गति लिन सक्छ ।

*ये हि संस्पर्शजा भोगा दुःखयोनय एव ते ।*
*आद्यन्तवन्तः कौन्तेय न तेषु रमते बुधः ॥२२॥*

**हे कौन्तेय ! भौतिक इन्द्रिय र विषयका संस्पर्शबाट उत्पन्न हुने दुखको स्रोतमा ज्ञानीजन रमाउँदैनन् । यस्ता भोगहरू अनित्य, क्षणिक र दुखको कारण हुने भएकाले विद्वत् जनहरू यस्ता विषयमा रुचि राख्दैनन् ॥**

इन्द्रिय र वासनाको मेलबाट प्रतीत हुने सुख अन्ततः दुख नै हो । यो शाश्वत, सनातन र नित्य होइन क्षणिक हो भनेर जान्ने पुरुष यससँग मुक्त हुन थाल्छ । तसर्थ श्रीकृष्ण भन्नुहुन्छ- यस्ता भोगहरू अनित्य, क्षणिक र दुखका कारण हुने हुँदा विद्वत्जन यस्ता विषयमा रुचि राख्दैनन् । जे हामीलाई सुख जस्तो लाग्छ त्यो सुख होइन सुख जस्तो लागेको मात्र हो । अँध्यारोमा डोरीलाई देखेर सर्प ठाने पनि नजिक गएपछि सर्प नभएर डोरी देखिन्छ । त्यस्तै जबसम्म सुख पाइँदैन, तबसम्म सुख प्रतीत हुन्छ तर हातमा आउने बित्तिकै सुख हराउँछ । हामीले पाएका कुनै पनि सुखले चिरस्थायी सुख दिएका छैनन् । एउटा सुख भोग्ने बित्तिकै अर्को सुखको खोजी हुन्छ । जे पाइन्छ त्यसमा सुख हुँदैन तर पनि भविष्यमा पाइन्छ होला भन्ने लाग्छ अनि भोलिको आशामा फेरि सुखको खोज सुरु हुन्छ । सुख जबसम्म टाढा हुन्छ, तब सुखजस्तो लाग्छ तर पाउनेबित्तिकै त्यो सुख नै रहँदैन । सुख इन्द्रधनुष जस्तो टाढाबाट हेर्दा रङ्गीन देखिन्छ, नजिकबाट हेर्दा बादलका बिचमा सूर्यको किरण गुज्रिएको बाहेक केही हुँदैन । कुनै रूप, रङ्ग र आकार हुँदैन, जहाँ जहाँ सुखको इन्द्रधनुष देखिन्छ त्यहाँ ठिक यस्तै हुन्छ । त्यसैले सुख प्रतीत हुन्छ तर वास्तवमा सुख हुँदैन भन्ने ज्ञान जसले जान्दछ उसको वासना आसक्ति बन्न बन्द हुन्छ ।

मन जहाँ अभाव छ त्यहीं दौडिन्छ । अज्ञानी सुख छैन भनेर पत्याउँदैन तर सुख सुरु हुनेबित्तिकै समाप्त हुन्छ र परिणाममा दुखसिवाय केही आउँदैन । यो सत्य बुझेपछि ज्ञानी विषय र वृत्तिहरूको तालमेल निर्मित हुन दिँदैन र अनासक्त तथा वीतरागी भएर स्वयम्मा स्थित हुन्छ । चेतना स्थिर भएपछि मात्र परमसत्तामा प्रवेश हुन्छ ।

*शक्नोतीहैव यः सोढुं प्राक्शरीरविमोक्षणात् ।*
*कामक्रोधोद्भवं वेगं स युक्तः स सुखी नरः ॥२३॥*

**जसले आफ्नो शरीर छुट्नुअघि यथार्थमा यौवनावस्थामा नै काम, क्रोध जस्ता इन्द्रियका वेगलाई सहन गर्न सक्षम हुन्छ, त्यो मानिस नै योगी हो र त्यो नै सुखी पनि हो ॥**

जीवनमा काम र क्रोधको वेगलाई जसले जित्न सक्छ त्यो योगी हो । यस्तो व्यक्ति यस लोकमा मात्र नभई परलोकमा पनि मुक्त भएर आनन्दमा स्थित हुन्छ । कामको अर्थ अर्काबाट सुख लिने आकाङ्क्षा हो । काम विराट् घटना हो र कामवासना यो विराट् घटनाको एक भाग हो । अर्काबाट सुख पाउने इच्छामा कोही बाधक बनेमा क्रोध उत्पन्न हुन्छ । त्यसैले श्रीकृष्ण काम र क्रोधलाई एकसाथ सूत्रमा भन्नुहुन्छ । यो संयुक्त वेग हो । कामनामा कसैले बाधा उत्पन्न गरेमा क्रोध जन्मिन्छ । कामको वेगलाई कहीँबाट बाधा नपुगेर काम पूरा भयो भने यसबाट विषाद उत्पन्न हुन्छ । क्रोध कामको अवरुद्ध रूप हो । मनोवैज्ञानिकहरू मनुष्य कामका लागि नै बाँच्दछ भन्छन् । फ्रायड काम नै मनुष्यको आत्मा र जीवनको आधार हो भन्छन् । हामी धन, पद सबै काम पूरा गर्नका लागि जम्मा गर्छौं । कामबाहेक हामी केही सोच्दैनौं । यो कामले भरिएको चित्त चौबिसै घण्टा क्रोधले भरिएको हुनु आश्चर्य होइन किनभने कामले चौबिसै घण्टा आफ्नो लक्ष्य पूरा हुने क्रममा अवरोध वा बाधाहरू पाउँछ । त्यसबाट भित्र पीडा उत्पन्न हुन्छ र त्यो ऊर्जा क्रोधमा रूपान्तरिता हुन्छ ।

आज पश्चिमका कतिपय मुलुकमा धन पर्याप्त छ, समाजको भय पनि छैन । त्यसैले त यौनका सम्बन्धमा सारा नियम व्यवस्थाहरू समाप्त भएका छन् । जति दुनियाँ समृद्ध हुँदै जान्छ त्यति नै यौनका सम्बन्धमा बाधा वा पर्खालहरू भत्किन्छन् । यसबाट कामवासनाको व्यवधान त हट्छ तर विफलता र विषाद त्यत्तिकै घना भएर त्यही अनुपातमा आत्महत्या बढेर जान्छ । समाजले कामवासनाको पूर्तिका लागि खुल्ला छुट दिएमा व्यक्ति विषादले भरिएर पागल हुन सक्छ किनभने यो कामको रस र मूल्य पनि समाप्त भएको स्थिति हो । त्यसैको परिणामस्वरूप आज पश्चिम र अन्य मुलुकहरूमा पनि कामको विकृत रूप अर्थात् समलिङ्गीहरू बढिरहेका छन् । विकसित समाजमा कामको बन्देज अन्त भएको छ । समाजमा

कामलाई खुल्ला छोडे विकृति जन्मिन्छ र यौनलाई दबाएमा बलजफ्ती दमन त हुन्छ तर जति दमन भयो त्यति नै क्रोध पैदा हुन्छ र क्रोध हिंसा बन्छ अनि यसले जीवनलाई चारैतिरबाट तोड्दछ ।

श्रीकृष्ण भन्नुहुन्छ- न त कामलाई छुट दिनु समस्याको समाधान हो न त काम दबाएर वा रोकेर राख्नु नै समस्याको समाधान हो । काम र क्रोध दुवैबाट माथि उठ्नसक्ने या दुवै वेगहरूका बिच अलिप्त भएर दुवैसँग अनासक्त हुने व्यक्तिले मात्र यस लोकमा र परलोकमा पनि सुख प्राप्त गर्छ । यस संसारमा हामी दुखै दुखका अतिरिक्त केही पनि पाउँदैनौँ । फ्रायडलाई मर्ने बेलामा कसैले तपाईंले आजीवन मनोचिकित्साको माध्यमबाट धेरै मानिसहरूको सेवा गर्नुभयो; के तपाईं मनुष्यलाई मनोचिकित्साद्वारा सुखसयलमा पुऱ्याउन सकिन्छ भन्ने सोच्नुहुन्छ भनेर सोध्दा फ्रायडले मानिसलाई कहिल्यै सुखसयलबाट पूर्ण बनाउन सकिन्न, केवल सामान्य दुखको स्थितिसम्म पुऱ्याउन सकिन्छ भन्ने जवाफ दिए । पश्चिममा मनोचिकित्सकहरू भन्छन्- कामबाट कोही पनि मुक्त हुनै सक्दैन । त्यसो भए दुखबाट पनि मुक्त हुन सक्दैन, केवल सामान्य दुखसम्म मात्र पुग्न सक्छ ।

श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- काम र क्रोधबाट मुक्त हुन सकिन्छ । जबसम्म हामीलाई भित्रको आनन्दका बारेमा जानकारी हुँदैन, तबसम्म हामी अरूबाट सुख पाउने कोसिस गरिरहन्छौँ । कामबाट त्यही व्यक्ति मुक्त हुन्छ जसलाई आफ्नो अन्तरस्रोतको जानकारी छ, अन्यथा मुक्त हुन सक्दैन । काम एउटा ठूलो शक्ति हो जसलाई प्रकृति सृजन गराउने कार्यमा प्रयोग गर्छिन् । काम-ऊर्जा भित्र कहाँबाट उठिरहेको छ भनेर ध्यान गऱ्यो भने कामको वासना तत्काल तिरोहित हुन्छ र त्यो वासनाको ऊर्जा भित्र जान थाल्छ । त्यो शक्तिको भित्र बग्ने नाम कुण्डलिनी हो । यौनकेन्द्रबाट सर्पले फणा उठाएर माथि गए झैं शक्ति उठ्छ र रिडको मार्गबाट माथि जान थाल्छ । यौनकेन्द्रमा शक्तिको सङ्ग्रह छ । यो शक्ति भित्र या बाहिर जान सक्छ । कामकेन्द्र द्वार हो यदि बाहिर गयो भने त्यो विषाद या क्रोध बन्छ र भित्रको यात्रा गरी सहस्राघार पुगेमा आनन्द फलित हुन्छ । पहिले बालबालिकाहरूलाई सिकाइने ज्ञान ब्रह्मचर्य थियो किनभने त्यसले जीवनको ऊर्जालाई कामबाट राममा पुऱ्याउँथ्यो । काम अरूमा निर्भरता हो भने राम स्वयम्मा निर्भर हुनु हो । काम बहिर्गमन र राम अन्तर्गमन हो । हाम्रो जीवनको सारा सक्रियता काम र रामको बिचमा छ । जब शरीरले ऊर्जा बाहिर फ्याँक्छ, तब दुर्गन्ध छोड्छ र जब ऊर्जा भित्र जान्छ तब सुगन्ध छोड्छ । बाहिर दुख र भित्र सुख छ । जसले काम र क्रोधबाट मुक्ति पाउँछ त्यस योगीले यस लोकमा आनन्द पाउँछ र परलोकमा पनि त्यसले मुक्ति प्राप्त गर्छ ।

*योऽन्तःसुखोऽन्तरारामस्तथान्तर्ज्योतिरेव यः ।*
*स योगी ब्रह्मनिर्वाणं ब्रह्मभूतोऽधिगच्छति ॥२४॥*

**जसले अन्तस्करणमा सुखको अनुभव गर्दछ, भित्रैदेखि जो अन्तरात्मामा नै रमाउँछ, जो आत्मामा नै ज्ञानले भरिएको छ, जसको स्वभाव पनि अन्तर्मुखी छ, त्यो यथार्थमा निश्चल ब्रह्मस्वरूप साङ्ख्ययोगी हो र त्यसले शान्त ब्रह्मलाई नै प्राप्त गर्दछ ॥**

जो आत्मामा नै विश्राम गरेर आनन्द र ज्ञानको अनुभव गर्छ र जसको जीवनको सबै कुरा उसको आत्मा नै हुन्छ यस्तो भाव भएको योगी शान्त ब्रह्ममा प्राप्त हुन्छ । हामीलाई ज्ञान, सुख र शान्ति अरूबाट प्राप्त हुन्छ जस्तो लाग्छ । हामी भित्रबाट खाली छौँ, वास्तवमा हामी जोबाट ज्ञान पाउँछौँ, त्यो पनि हामी जस्तै भित्रबाट खाली छ । अरूबाट सुख र ज्ञान प्राप्त हुँदैन केवल सुख र ज्ञानको आभास मात्र प्राप्त हुन्छ, जो अन्ततः दुख नै बन्दछ । अरूबाट सूचना प्राप्त गर्न सकिन्छ तर अन्ततः त्यो अज्ञान नै हुन्छ । कुनै पनि विश्वविद्यालयहरूले ज्ञान दिन सक्दैनन्, केवल सूचना मात्र दिन सक्छन् । ज्ञान त आन्तरिक घटना हो जो भित्रबाट आउँछ ।

श्रीकृष्ण भन्नुहुन्छ- जसले आत्मामा विश्राम, आत्मामै सुख र आनन्द अनुभूत गर्न जान्यो त्यस्तो पुरुष ब्रह्मस्वरूप योगी हो । भित्र सुख र ज्ञान छ भनेर जान्ने पुरुष नै साङ्ख्ययोगी अर्थात् ज्ञानयोगी हो । सुखका आकाङ्क्षीहरू सांसारिक हुन्छन् । विचारक, कलाकार, वैज्ञानिक, दार्शनिक, चिन्तक यी सबै ज्ञानका आकाङ्क्षीहरू हुन् । जसलाई हामी साधु, सन्त भन्छौँ, तिनीहरू विश्रामको खोजी गर्दछन् । यस जगत्मा बाहिरी खोजले केही पाइँदैन तर भित्र खोजे सुख, ज्ञान र विश्राम पाउन सकिन्छ । बाहिरको खोज भ्रान्ति मात्र हो र यसलाई खोज्दा भङ्खालामा परिन्छ तर गन्तव्यसम्म कहिल्यै पुगिन्न । धर्मले मनुष्यको गरिमाको घोषणा गर्दै तिमी जे चाहन्छौ त्यो भित्र छ, तिमीभित्र नभएको भए तिमी चाहन पनि सक्दैनथ्यौ भन्दछ । यदि मनुष्यभित्र विश्रामको क्षमता नभएको भए मनुष्य विश्रामको माग पनि गर्न सक्दैनथ्यो । हामी त्यही माग्छौँ जे हाम्रो भित्र बीजको रूपमा लुकेको छ । हाम्रा सबै मागहरू सम्भावना र बीजका माग हुन् जो वृक्ष हुन सक्छन् । प्रत्येक व्यक्ति भित्रको ज्ञान, शान्ति, विश्राम र स्वतन्त्रता पाउन चाहन्छ ।

सुख बाहिर खोजियो भने पाउन सकिन्न किनभने सुख भित्र लुकेको छ तर बाहिर खोज्यो भने सूचना सङ्कलन भएर तथाकथित पण्डित हुन सकिन्छ । सूचना सङ्कलकहरूलाई सबै कुरा जान्ने जस्तो लाग्छ तर ती केही जान्दैनन् । बाहिर विश्राम खोजियो भने त्यहाँ त धन, महल बनाउने तनावले भरिन्छ र विश्राम पाइँदैन । जससँग खाना छैन त्यससँग पेट र खाना पचाउने शक्ति हुन्छ । जससँग खाना छ उससँग पचाउने पेट हुँदैन । जससँग गहिरो निद्रा छ उससँग तकिया हुँदैन र जससँग महँगो र आरामदायी बिछ्यौना छ, उससँग निद्रा हुँदैन । हाम्रो खोज्ने दिशा गलत भएकाले यस्तो भएको हो । यो गलत माध्यमबाट खोजेको परिणाम हो । यति कमाएर विश्राम गर्छु भन्ने व्यक्तिले कहिल्यै विश्राम गर्नै पाउँदैन, विश्राम गर्नु अघि नै समाप्त हुन्छ । धन कमाएपछि ऐस, आराम गर्छु भन्छ तर धन कमाउँदा ऐस, आरामलाई विराम लगाउनुपर्छ अन्यथा धन कमाउनै सकिन्न ।

श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- तिमी भित्रको आनन्द खोज । दुख बाहिरबाट आउँछ तर शान्ति भित्रबाट आउँछ । अशान्तिका बारेमा हामी कारण बताउन सक्छौँ तर शान्ति कहाँबाट आउँछ भनेर बताउन सक्दैनौं । यो भित्रबाट आउँछ र फैलिन्छ । भित्रको खोजमा परम विश्राम छ । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! तिमी युद्धमा उत्रियौ भने योगी हुने छौ; योगको अर्थ तिमी आफूसँग जोडिने छौ र परलोकमा पनि मुक्त हुने छौ । यो लक्षण साङ्ख्ययोगीको हो । साङ्ख्य नै ज्ञानको परम कुञ्जी हो । साङ्ख्य शब्दको अर्थ ज्ञान हुन्छ । साङ्ख्यले भन्छ- गर्नु र गर्नयोग्य केही छैन । गर्नाले जे पाइन्छ त्यो बाहिर पाइन्छ, नगर्नाले जे पाइन्छ त्यो भित्र पाइन्छ । भित्र यदि केही पाउनु छ भने नगरेर बस्नुपर्छ । यो ठिक उल्टो यात्रा छ । साङ्ख्य भन्छ, गरेर केही पाइँदैन । जो पाउनु छ, त्यो हामी भित्र सदा मौजुद छ केवल हामीलाई विस्मृति मात्र भएको हो । हामीले बिर्सिएको कुरा भित्र गए स्मरण हुन्छ । साङ्ख्यका अनुसार ज्ञान हाम्रो स्वभाव हो त्यसलाई आर्जन गर्नुपर्दैन; केवल जागेर जान्नुपर्छ र जान्नका लागि भित्रको यात्रा गर्नुपर्छ ।

*लभन्ते ब्रह्मनिर्वाणमृषयः क्षीणकल्मषाः ।*
*छिन्नद्वैधा यतात्मानः सर्वभूतहिते रताः ॥२५॥*

**जसका शरीर, मन, बुद्धि र इन्द्रियहरू वशमा छन्, जो संशयरहित, पापकर्मरहित एवम् सम्पूर्ण प्राणीहरूको कल्याणमा तल्लीन छन् जसको मन निश्चल भावले परमात्मामा स्थित छ, यस्तो ब्रह्मवेत्ता पुरुष शान्त ब्रह्ममा प्राप्त हुन्छन् ॥**

पापबाट मुक्त भएका, मन, बुद्धि र इन्द्रियहरू वशमा भएका र संशयरहित एकाग्र चित्त भएका पुरुषले परम ब्रह्म प्राप्त गर्दछन् भनेर श्रीकृष्ण भन्नुहुन्छ । अर्जुन त केवल पलायन हुन चाहन्थे । कृष्णले अर्जुनलाई अन्तरक्रान्तिबाट गुजार्नुहुन्छ भन्ने उनले सोचेका पनि थिएनन् । उनले कृष्णसँग जिज्ञासा राख्न

सुरु गर्दा कसरी युद्धबाट बचेर भागूँ भन्ने भाव मात्र थियो । तर उनी कृष्णजस्तो परमपुरुष एवम् मनोवैज्ञानिकसँग जिज्ञासा राख्न पुगे जसले उनलाई कर्मको नयाँ आयाम बताउनुभयो । कृष्णले अर्जुनलाई बताउनुभएको कुरा अर्जुनले सोधेको, सोचेको, चाहेको विषय नै थिएन । त्यसैले त कृष्णका कुरा बुझ्न उनलाई गाह्रो भइरहेको छ । अर्जुन अवकाश लिन चाहन्छन् तर कृष्ण उनलाई रूपान्तरण गर्न चाहनुहुन्छ । उहाँ अर्जुनलाई नयाँ दिशा दिन चाहनुहुन्छ । हामीले अशान्तिको जाल निर्माण गरेमा तल झर्ने छौं । हाम्रो जीवनमा फलित हुने सबै घटनाहरू हामीले रोपेका बीजका परिणाम हुन् जसलाई प्रकट रूप लिन समय लाग्न सक्छ । हाम्रो अशान्ति पनि हाम्रो बीजको परिणाम हो र जति जति अशान्ति बढ्छ उति उति नै हामी ब्रह्मसँग टाढा हुन थाल्छौं । ब्रह्मसँगको मिलन शान्तिमा मात्र प्राप्त हुन्छ। शान्त चित्त ब्रह्मसँग र अशान्त चित्त संसारसँग सम्बन्धित हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- कसैलाई विचारमा वा कृत्यबाट दुख पुऱ्याउनु पाप हो र कृत्यका आधारमा दुख पुऱ्याउन नचाहनु नै पुण्य हो । जसको बुद्धि आशङ्कारहित भएर सम हुन्छ त्यस्तो समता आफू र अर्को व्यक्तिका बिच कायम गर्नुपर्ने हुन्छ । आशङ्कारहित व्यक्ति तब हुन्छ, जब आफूप्रति पनि तटस्थ हुन्छ । जो आफूप्रति पनि तटस्थ र साक्षी हुन्छ, ऊ आफूलाई पनि अन्यको भाँती हेर्न थाल्छ । त्यही व्यक्ति तटस्थ हुन्छ जो द्वन्द्वातीत भएर शान्त हुन्छ । यी दुई द्वन्दका बिच छनोट गर्ने व्यक्ति अशान्त हुन्छ । चुनावरहित र विकल्परहित चेतनामा प्राप्त हुने व्यक्ति शान्त हुनाले उसको ब्रह्मसँग मिलन हुन्छ ।

*कामक्रोधवियुक्तानां यतीनां यतचेतसाम् ।*
*अभितो ब्रह्मनिर्वाणं वर्तते विदितात्मनाम् ॥२६॥*

**जो समस्त भौतिक इच्छा तथा काम र क्रोधबाट मुक्त भएका छन्, मनलाई जितेका छन् र परमात्मालाई साक्षात्कार गरेका छन् त्यस्ता आत्मज्ञानी सिद्ध पुरुषका लागि सबैतिरबाट शान्त परब्रह्म परमात्मा नै परिपूर्ण छ ॥**

काम र क्रोधबाट मुक्त पुरुष परमात्मामा प्राप्त हुन्छ । हामी कहिलेकाहीँ मात्र क्रोध गर्छौं; हरक्षण क्रोध गर्दैनौं र क्रोध नगरेका बेलामा शान्त हुन्छौं जस्तो लाग्छ । त्यस्तै काम पनि कहिलेकाहीँ मात्र आउँछ भन्ने लाग्छ तर यी सबै भ्रान्ति मात्र हुन् किनभने हामी भित्र क्रोधको अन्तरधारा नभए हामी क्रोध गर्न नै सक्दैनौं । क्रोध हामीसँग भरिएको छ, त्यसैले कुनै व्यक्तिले गाली गर्नेबित्तिकै हामी क्रोध प्रकट गर्छौं । जसरी सुक्खा इनारमा बाल्टी हाल्दा पानी आउँदैन, त्यस्तै भित्रको काम र क्रोधबाट मुक्त भए त्यहाँ जे हाले पनि वासना र क्रोध निक्लँदैन । हामी काम र क्रोधबाट मुक्त छैनौं, बरु यो हामी भित्र भरिएको छ । हामी क्रोध गर्न कारण खोज्छौं । क्रोध र काम हाम्रो स्थिति हो घटना होइन जुन चौबिसै घण्टा हाम्रो साथमा हुन्छ । यो कुरा जसले स्वीकार गर्छ उसको जीवनमा परिवर्तन आउँछ । कहिलेकाहीँ मात्र म कामी वा क्रोधी छु भन्नु आफैँलाई धोका दिनु हो । परमात्मामा त्यही व्यक्ति पुग्न सक्छ जसले आफ्नो वास्तविक स्थिति बुझेर स्वीकार गर्छ । काम र क्रोधको अन्तरधारा हामीभित्र चौबिसै घण्टा बगिरहेको छ र त्यो कहिलेकाहीँ मात्र प्रकट हुन्छ । त्यसैले काम र क्रोधलाई जानेर पार हुने व्यक्ति मात्र परम ब्रह्ममा उपलब्ध हुन्छ भनेर श्रीकृष्ण भन्नुहुन्छ ।

*स्पर्शान्कृत्वा बहिर्बाह्यांश्चक्षुश्चैवान्तरे भ्रुवोः ।*
*प्राणापानौ समौ कृत्वा नासाभ्यन्तरचारिणौ ॥२७॥*

**बाहिरका विषयभोगलाई पन्छाएर दृष्टिलाई आँखीभौँको बिचमा केन्द्रित गरेर प्राण र अपान वायुलाई नाकका अभ्यन्तरमा रोकी काम-क्रोधमुक्त हुन सकिन्छ ॥**

*यतेन्द्रियमनोबुद्धिर्मुनिर्मोक्षपरायणः ।*
*विगतेच्छाभयक्रोधो यः सदा मुक्त एव सः ॥२८॥*

**जसले मन, इन्द्रिय तथा बुद्धिलाई नियन्त्रणमा राखेर मोक्षलाई जीवनको लक्ष्य बनाउँदै सारा इच्छा, भय र क्रोधलाई त्याग्न समर्थ हुन्छ त्यो जीवनमुक्त हुन्छ ॥**

यस श्लोकमा श्रीकृष्णले विधिका बारेमा बताउनुभएको छ । काम र क्रोधबाट जो मुक्त छ उसले मात्र ब्रह्मलाई प्राप्त गर्दछ । त्यो स्थिति प्राप्त गर्ने वैज्ञानिक विधि यहाँ उल्लेख गर्न खोजिएको छ । आँखीभौंको मध्य भृकुटीका बिच ध्यान एकाग्र गरेर नासिकाबाट आउने जाने श्वासलाई सममा राख्नुपर्छ । यस अवस्थामा दुवैको जहाँ मिलन हुन्छ त्यो ध्यान हो । आँखीभौँका बिचमा श्वास जब सम हुन्छ त्यसक्षण व्यक्ति काम र क्रोधको अन्तरधाराबाट मुक्त हुन्छ ।

हाम्रा इन्द्रियले बाहिरको जगत्सँग सम्बन्ध बनाउँछन् र इन्द्रिय भएनन् भने सम्बन्ध छुट्छ । आँखा नभए प्रकाशित संसारसँग सम्बन्ध टुट्छ । कान नभए ध्वनिको लोक तिरोहित हुन्छ । नाक नभए गन्धको जगत् रहँदैन । इन्द्रियले हामीलाई बाहिरी जगत्सँग जोड्छ । हाम्रा सात इन्द्रिय छन् । साधारणतया हामी पाँच इन्द्रियको मात्र कुरा गर्छौं र हामीलाई त्यही मात्र थाहा छ । अहिले विज्ञानले पनि सात इन्द्रियको कुरा स्वीकार गरेको छ । केही व्यक्तिहरूले छवटा इन्द्रियको कुरा गरेका छन् । पछिल्लो सत्तरी वर्षमा विज्ञानले नयाँ इन्द्रियको खोजी गरेर सातवटाको जानकारी दिएको छ । हाम्रा कानसँग सम्बन्धित दुई इन्द्रिय छन् । कानले सुन्छ र शरीरलाई सन्तुलित गर्ने हिस्सा पनि कानमा नै हुन्छ जो गुप्त इन्द्रियको रूपमा कानमा लुकेको छ । कसैले हामीलाई कानमा जोडले थप्पड हान्यो भने हामी रिँगटा लागेर ढल्छौं किनभने शरीरलाई समात्ने इन्द्रिय लडखडाउँछ । तसर्थ कानमा दुई इन्द्रियको निवास छ । छैटौं इन्द्रिय हाम्रो अन्तस्करण हृदयमा स्थित छ । त्यसैले प्रेमको कुरा गर्दा व्यक्ति हृदयमा नै हात राख्दछ किनभने हृदयमा भावको संवेदना छ । हाम्रा जम्मा सात इन्द्रिय छन् जसले हामीलाई बाह्य जगत्सँग जोड्छन् र कुनै पनि इन्द्रिय बन्द वा समाप्त भए भने हाम्रो त्यो हिस्सा पनि सम्पर्कबाट टुट्छ ।

जसरी हाम्रा बाह्य सात इन्द्रियहरू छन् त्यसरी नै हामीसँग सात अन्तरकेन्द्रहरू छन् । यसलाई योगले चक्र भनेको छ । यी सात चक्र अन्तर इन्द्रियका द्वार हुन् । श्रीकृष्णले अर्जुनका लागि उपयुक्त र सबैभन्दा महत्त्वपूर्ण इन्द्रियका बारेमा बताउनुभएको छ । उहाँ भन्नुहुन्छ- हे अर्जुन दुई आँखाका बिच भृकुटीमा आफ्नो ध्यान केन्द्रित गर । योगका दृष्टिमा यस चक्रको नाम आज्ञाचक्र हो र यो सङ्कल्पको केन्द्र हो । यस केन्द्रमा व्यक्तिले ध्यान गर्‍यो भने सङ्कल्पको गति सुरु हुन्छ । क्षत्रियका लागि यस केन्द्रमा ध्यान गर्नु उपयुक्त हुन्छ किनभने यो सङ्कल्पको चक्र हो । शरीरका इन्द्रियहरू पनि ध्यान दिएपछि मात्र सक्रिय हुन्छन् । आँखाले तब देख्दछ, जब ध्यान आँखासँग जोडिन्छ । कानले तब सुन्छ, जब ध्यान कानसँग जोडिन्छ । त्यस्तै भित्रका सात चक्रहरू पनि तब मात्र सक्रिय हुन्छन् जब ध्यान उनीहरूसँग जोडिन्छ । सङ्कल्पको चक्र आज्ञाचक्र भएकाले श्रीकृष्ण अर्जुनलाई त्यहीँ ध्यान गर भन्नुहुन्छ । ध्यान तब घटित हुन्छ जब भित्र जाने श्वास र बाहिर जाने श्वास एकक्षण समस्थितिमा हुन्छ । आ-आफ्नो स्थान वा श्वास भित्रको भित्रै र बाहिरको बाहिरै हुन्छ । त्यस अवस्थामा चेतना रोकिन्छ र त्यसै अन्तरालमा ध्यान ठिकसँग आज्ञाचक्रमा गयो भने आज्ञाचक्र सक्रिय हुन थाल्छ । जुन चक्रमा ध्यान हुँदैन त्यो चक्र ओइलाएर निष्क्रिय रहेको हुन्छ । जब ध्यान चक्रमा पर्छ, सूर्यका किरणले पुष्पपत्रलाई खुलाएर माथि उठाए जस्तै हुन्छ । एकपटक माथि चक्र उठेपछि जीवनमा चक्र सक्रिय हुन थाल्छ र भित्रको जगत्सँग सम्बन्धको सुरुवात हुन्छ । अलग-अलग प्रकृतिका व्यक्तिलाई अलग-अलग मार्गबाट भित्र जान सजिलो हुन्छ ।

कोमल हृदयका भावुक स्त्रीहरूले आज्ञाचक्रमा होइन, नाभिचक्र वा हृदयचक्रको ध्यान गर्नु उपयुक्त हुन्छ किनभने उनीहरूको व्यक्तित्व ग्राह्य हुन्छ । जसको व्यक्तित्व आक्रामक छ उसका लागि

आज्ञाचक्रमा ध्यान गर्नु उपयुक्त हुन्छ । हाम्रो व्यक्तित्वको निर्माण हाम्रो चक्रसँग सम्बन्धित हुन्छ । त्यसैले त अलग-अलग व्यक्तिका लागि अलग-अलग चक्रमा ध्यान गर्नुपर्ने हुन्छ । श्वास सम अवस्थामा रहेका बेला ध्यान गऱ्यो भने चक्र सक्रिय हुन्छ र यस अवस्थामा व्यक्ति पुनर्जन्मको अवस्थामा हुन्छ र तब उसको भित्रको यात्रा सुरु हुन्छ । समस्थिति जन्म, मृत्यु र समाधिको अवस्थामा हुन्छ । जतिपटक समाधि प्राप्त हुन्छ त्यति नै पटक समस्थिति आउँछ । जब श्वास भित्र बाहिर हुँदैन, त्यो समय जगत्सँग सबै सम्बन्ध टुटेर व्यक्ति रूपान्तरित हुन सक्छ । भित्र जाने श्वास जीवनको श्वास हो र बाहिर निस्कने श्वास मृत्युको श्वास हो । यस्तो अवस्थामा अस्तित्व मात्र शेष भएर रूपान्तरण हुन्छ । त्यसैले श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- श्वास सम होस्, ध्यान तिम्रो भ्रूमध्यमा अर्थात् आज्ञा चक्रमा होस् तब त्यही स्थितिमा तिम्रो चक्र खुल्ने छ । यसपछि त्यो सारा शक्ति जो पहिले काम, क्रोध बन्थ्यो त्यो आज्ञाचक्रले पिएर सङ्कल्प बन्ने छ ।

यदि अर्जुन बाह्य जगत्मा महाक्षत्रियबाट रूपान्तरित हुन सके भने भित्री जगत्मा उनी महावीर हुन सक्छन् । त्यति नै ऊर्जा जो काम, क्रोधलाई मिल्छ यदि त्यो सङ्कल्पलाई प्राप्त भयो भने त्यो सङ्कल्प महान् हुने छ । व्यक्तिको ध्यान आज्ञाचक्रमा स्थिर रह्यो भने उसका सारा इन्द्रियहरू आज्ञा मान्न थाल्छन् अन्यथा इन्द्रियले आज्ञा दिन्छ जो हामीले मानिरहेका छौं ।


*भोक्तारं यज्ञतपसां सर्वलोकमहेश्वरम् ।*
*सुहृदं सर्वभूतानां ज्ञात्वा मां शान्तिमृच्छति ॥२९॥*

**जसले मलाई नै सबै यज्ञ-तपस्याको भोक्ता, सम्पूर्ण लोक तथा देवताहरूको स्वामी अर्थात् परमात्माको परमात्मा, सम्पूर्ण प्राणीहरूका हितैषी जान्दछ त्यसले परमशान्ति प्राप्त गर्दछ ॥**

श्रीकृष्ण भन्नुहुन्छ- सर्वलोकको परमात्माको भाँती सबै लोकहरूका परमात्माका पनि परमात्मा मानेर जो मलाई प्रेम गर्छन् उनीहरू मुक्तिमा प्राप्त हुन्छन् । हाम्रो 'म' सदैव 'तिमी' को विपरीत छ तर कृष्णको 'म'मा सबै 'तिमी' अर्थात् हामीहरू पनि समाविष्ट छौं । जिसस पनि ठिक यस्तै भाषामा बोल्नुहुन्छ- जसलाई प्रभुमा पुग्नु छ, आऊ मकहाँ र मद्वारा प्रभुकहाँ पुग । श्रीकृष्ण सहजतापूर्वक निरहङ्कार भावमा भन्नुहुन्छ- आफूलाई ममा छोड र मलाई नै परमात्माको पनि परमात्मा ठानेर प्रेम गर। अर्जुनलाई कृष्णप्रति अविश्वास छैन । त्यसैले त उनी हजुर कस्तो अहङ्कारी कुरा गर्नुहुन्छ भनेर प्रश्न पनि उठाउँदैनन् । श्रीकृष्ण अहङ्कारशून्य अर्थात् निरहङ्कारी हुनुहुन्छ । अर्जुन कृष्णलाई राम्ररी चिन्दछन् र पूरा विश्वास पनि गर्छन् । श्रीकृष्ण जस्तो व्यक्तिले 'म' भनेर उद्घोषण गर्दा हाम्रो अहङ्कारलाई समर्पण गराउनका लागि गरेको घोषणा हो भनी बुझ्न सकिन्छ । यस्तो समर्पण सङ्कल्प भएको व्यक्तिले मात्र गर्न सक्छ ।

पञ्चम अध्याय पूर्ण भयो । यस अध्यायमा कृष्णले अर्जुनलाई पूरा कर्म गर्दै समस्त कर्मको जालमा डुबेर पनि मुक्त हुने बाटो बताउनुभयो । गीताका एक एक अध्याय आफैँमा पूर्ण छन् । गीता एउटा पुस्तक होइन अनेकौं ज्ञानहरूको संग्रह हो । गीताको एक अध्याय बुझेमा अर्को अध्याय जान्ने जरुरत पर्दैन । पाँचौ अध्याय नबुझेमा मात्र छैटौं अध्याय सुरु गर्नुपर्छ । अर्जुनलाई पाँचौं अध्यायले पनि काम गर्न सकेन त्यसैले उनका लागि गीता चलिरहन्छ । गीता जस्तो पुस्तक बौद्धिक रूपमा जान्ने कुरा होइन । बुद्धिले अस्तित्वको जगत्मा केही खोज्न निस्कियो भने केही पाइँदैन। यसलाई हृदयमा उतारेर प्राणमा डुबाउन सकियो भने मात्र अस्तित्वको बोध हुन सक्छ ।

*ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे
श्रीकृष्णार्जुनसंवादे कर्मसन्न्यासयोगो नाम
पञ्चमोऽध्यायः ॥५॥*





*ॐ श्रीपरमात्मने नमः*

छैटौं अध्याय

# आत्मसंयमयोगः

*श्रीभगवानुवाच*
*अनाश्रितः कर्मफलं कार्यं कर्म करोति यः ।*
*स सन्न्यासी च योगी च न निरग्निर्न चाक्रियः ॥१॥*

**भगवान् श्रीकृष्ण भन्नुहुन्छ– कर्मफलप्रति अनासक्त रहेर जसले कर्तव्य कर्मको पालना गर्दछ, त्यो नै सन्न्यासी र योगी हो । कर्तव्य कर्म नगर्ने र केवल अग्निहोत्र त्याग्ने व्यक्ति सन्न्यासी वा योगी हुन सक्दैन । त्यस्तै केवल क्रियाहरूलाई मात्र त्याग्ने सन्न्यासी पनि योगी हुन सक्दैन ॥**

श्रीकृष्णले संसारलाई सन्न्यासको नवीन धारणा दिनुभएको छ । यसअघि घर-परिवार त्याग्ने, संसारबाट विमुख हुने, जीवनको निषेध, संसारको विरोध, कर्मत्याग, निष्क्रिय र पलायन हुने व्यक्तिहरू मात्र सन्न्यासी हुन् भन्ने धारणा थियो । श्रीकृष्णले सन्न्यासलाई नयाँ आयाम दिनुभयो । अर्जुनको मनमा पनि सन्न्यासको परम्परागत धारणा थियो । त्यसैले त उनी सबै त्यागेर सन्न्यासी हुन चाहन्थे । श्रीकृष्ण भन्नुहुन्छ- फलको आकाङ्क्षा त्यागेर जसले कर्म गर्छ त्यो सन्न्यासी हो । कर्म त्याग्ने व्यक्ति सन्न्यासी होइन किनभने कर्म त्यागे पनि फलको आकाङ्क्षा शेष नै रहन्छ । बाह्य रूपमा कर्म, परिवार त्यागेर पनि अन्तस्करणमा कुनै परिवर्तन आउँदैन भने त्यो सन्न्यासी होइन । परम्परित सन्न्यास सन्न्यासको बाह्य रूप मात्र हो । कृष्णको सन्न्यास बाह्य रूपको सन्न्यास होइन, यो भित्री रूपान्तरणको सन्न्यास हो । कर्म त्याग्नु कठिन कार्य होइन, अल्छी व्यक्ति पनि कर्मत्याग गर्न सक्छन् । त्यसैले आलस्यमा डुब्ने व्यक्तिहरूलाई परम्परित सन्न्यासले आकर्षण गरेको थियो । कतिपय सन्न्यासीको समाज आलस्यले भरिएको छ । यदि विना कार्य जे हामी चाहन्छौं, त्यो प्राप्त हुन सक्ने भए हामी सबै कर्म छोडेर सन्न्यासी हुन्थ्यौं । हामी चाहना वा वासनापूर्तिका लागि मात्र कर्म गर्छौं ।

श्रीकृष्ण ठिक उल्टो कुरा भन्नुहुन्छ- कर्म गर तर फलको आकाङ्क्षा त्याग । उहाँ भन्नुहुन्छ- कर्मफलप्रति अनासक्त रहेर जसले कर्तव्य कर्मको पालना गर्दछ त्यो नै सन्न्यासी र योगी हो । कर्तव्य कर्म नगर्ने र अग्निहोत्र त्याग्ने व्यक्ति सन्न्यासी हुन सक्दैन तथा क्रियाहरू त्याग्ने सन्न्यासी पनि योगी हुन सक्दैन । कृष्णका अनुसार फलको आशा त्यागेमा मात्र सन्न्यास फलित हुन्छ । उहाँ भन्नुहुन्छ- आकाङ्क्षा राख्दैमा कुनै पनि आकाङ्क्षा पूरा हुँदैन । जसले भोलिको आशा त्यागेर आज कर्म गर्छ त्यस्तो व्यक्तिको कर्म नै सन्न्यास बन्दछ । सन्न्यास जीवनको त्याग होइन, जीवनको परमभोग र परम रहस्य हो । हामी जे चाहना राख्छौं त्यो पाउँदैनौं र अन्त्यमा विषाद मात्र प्राप्त हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- बाँच्नु आफैंमा आनन्द हो र बाँच्नका लागि भोलिको इच्छामा बाँधिनु मूर्खता हो । जीवन हरक्षण आनन्दले भरिपूर्ण छ; त्यसैले कर्म पनि आनन्द भावले गर । पहिलेको सन्न्यास व्यवस्थामा सर्वत्र पीडा मात्र थियो । वासना र भविष्यको आशाबाट भागेर पीडाको अन्त्य हुन सक्दैन । पीडाको अन्त्य परिस्थिति परिवर्तनले नभई मनस्थिति परिवर्तनले मात्र हुन्छ । यदि तिमी वासना र भविष्यको चाहनालाई नत्यागी युद्ध छोडेर पलायन भयौ भने पनि तिम्रो पीडा अन्त हुने छैन किनभने त्यो वासना त तिमीसँग नै जाने छ । दुखको कारण तिम्रै वासना र इच्छा हो । वासनाले तिमीलाई छायाजस्तै पछ्याएर पीडा दिन्छ । घर त्यागेर हिँड्ने व्यक्ति नयाँ वासनामा दौडिन्छ र त्यो वासना परमात्मा वा मोक्षको चाहना पनि हुन सक्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- एउटा इच्छा त्यागेर त्यसको सट्टा अर्को इच्छा समात्नु सन्न्यास होइन । आफ्ना समग्र वासना, इच्छा त्याग्नु नै सन्न्यास हो । विना इच्छाको कर्म जीवनको स्वभाव हो तर हामी इच्छा र वासनाका कारणले मात्र कर्म गर्छौं । श्रीकृष्ण इच्छा त्यागेर कर्म गर्ने व्यक्ति सन्न्यासी हो भन्नुहुन्छ । जहाँ इच्छा रहँदैन, त्यहाँ मन पनि रहँदैन किनभने मन समस्त कामना र तृष्णाको जोड हो । जससँग मन रहँदैन त्यो सन्न्यासी हो । कामना वासना मात्र बाधा भएकोले वासना त्याग्ने बित्तिकै व्यक्तिको शुभ प्रकट हुन्छ । मनुष्य दर्पण जस्तै शुद्ध छ तर इच्छाले धुलो जम्मा गरेर दर्पण अशुद्ध भएको हो । धुलोरूपी इच्छा त्याग्ने बित्तिकै व्यक्ति पुनः शुद्ध र पवित्र हुन्छ । बाह्य इच्छाका कारणले निर्दोष चेतनामा फोहर जम्मा भएजस्तो भान हुन्छ तर त्यो फोहर भित्र प्रवेश गर्न पाउँदैन । इच्छा त्याग्ने बित्तिकै सारा दुष्कर्म समाप्त हुन्छन् र नराम्रो काममा खर्च हुने शक्ति सञ्चित भएर शुभकर्ममा खर्च हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! यदि तिमी इच्छा, वासना छोडेर युद्धमा गयौ भने त्यो युद्ध पनि सन्न्यास हो । जो इच्छा वासना बोकेर, अन्य सबै छोडेर भागेर जङ्गलमा जान्छ त्यो सन्न्यास होइन । कृष्णले भन्नुभएको सन्न्यास मात्र भविष्यमा बाँकी रहन सक्छ, अन्य कुनै सन्न्यास बच्दैन किनभने सन्न्यास जस्तो अमृततुल्य अनुभव यदि जीवित रहेन भने मनुष्य ठुलो अनुभवबाट वञ्चित हुने छ । त्यसैले त गीता भविष्यमा अझ सार्थक बन्ने छ । ओशो भन्नुहुन्छ- गीताको दृष्टि भविष्यका लागि अझ अनुकूल हुने छ । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! तिमी भागेर कहीँ जानुपर्दैन किनभने तिमी जहाँ छौ, त्यहीँबाट सन्न्यासी हुन सक्ने छौं केवल फलाकाङ्क्षी मात्र बन्नुहुँदैन । फलको आशा त्याग गर्न सकियो भने घरबार छाडेर कहीँ जानुपर्दैन, घरमा रहेर नै सन्न्यासी बन्न सकिन्छ । जुन परमात्माले तिमीलाई जन्म दियो, उसले नै तिमीबाट कर्म गराउँछ । तिमी आफ्नो शिरमा व्यर्थको बोझ नराख; सबै उसैमा छोडिदेऊ । भोलि के हुन्छ भन्ने पनि चिन्ता नगर, आज जे भइरहेको छ त्यसैमा सन्तुष्ट होऊ र आफ्नो कर्तव्य कर्म गर । वास्तविक सन्न्यासी त्यो हो जसले कर्तव्य कर्म त गर्छ तर फल प्रभुको हातमा छोड्छ । यस्तो सन्न्यासीले आफ्नो सम्पूर्ण जीवन र ऊर्जा परमात्मामै समर्पित गर्दछ । आफ्नो अहङ्कारको बोझ जसले पन्छाउँछ र जो परमात्मामा समर्पित हुन्छ त्यही सन्न्यासी हो ।

श्रीकृष्ण भन्नुहुन्छ- जसले तिमीलाई जीवन दियो ऊ तिमीभन्दा ज्यादा जान्ने, बुझ्ने र समझदार छ । त्यसैले तिमी आफ्नातर्फबाट केवल कर्तव्य कर्म गर र बाँकी सबै उसैमा छोड । जसले सबै उसमा छाड्छ उसले सर्वस्व पाउँछ तर जसले प्रभुमा समर्पण नगरी फलको आशा गर्छ उसको हातमा केही आउँदैन । फलको आकाङ्क्षा नराख्ने व्यक्ति दुष्कर्म गर्नै सक्दैन र यस्तो व्यक्ति प्रभुको हात बन्दछ । यस प्रकारका फलकाङ्क्षारहित व्यक्तिलाई श्रीकृष्ण सन्न्यासी भन्नुहुन्छ ।

*यं सन्न्यासमिति प्राहुर्योगं तं विद्धि पाण्डव ।*
*न ह्यसन्न्यस्तसङ्कल्पो योगी भवति कश्चन ॥२॥*

**जसलाई सन्न्यासी भनिन्छ योगी पनि तिनीहरू नै हुन् भन्ने जान । सङ्कल्प अर्थात् वासना, कर्मफल नत्यागेसम्म त्यसलाई योगी भनिँदैन ॥**

श्रीकृष्ण भन्नुहुन्छ- सङ्कल्प नत्याग्ने पुरुष योगी हुन सक्दैन र सङ्कल्प जसले त्याग्छ उही सन्न्यासी हो । इच्छाबाट नै सङ्कल्प पैदा हुन्छ । केही पाउनका लागि त्यो पाउने शक्ति आर्जित गर्नुपर्छ । वासना पूरा गर्ने तीव्रता नै सङ्कल्प हो । सङ्कल्प आफूलाई दाउमा लगाउने चेष्टा हो । हामी पनि सबै केही पाउनका लागि नै सङ्कल्प गर्छौं । सङ्कल्प तब छुट्छ जब केही पाउने चाहना नै रहँदैन । सङ्कल्पवान्को इच्छा अझ खतरनाक हुन्छ किनभने त्यो इच्छामा अहङ्कार पनि जोडिन्छ । साधारणतया हामी सङ्कल्पवान् बन्न सुझाव दिन्छौं तर श्रीकृष्ण भन्नुहुन्छ- सङ्कल्प नछोडी सन्न्यासी वा योगी बन्न सकिँदैन । परमात्मामा समर्पित व्यक्तिमा सङ्कल्प रहँदैन । सन्न्यास भनेको भित्रको सबै राग-द्वेष र

वासनाबाट मुक्त हुनु हो । साधारण मृत्यु नयाँ जीवनको प्रारम्भ हो तर सन्न्यास आफूलाई मिटाउने मृत्यु हो किनभने यसमा व्यक्तिको कुनै फलाकाङ्क्षा र सङ्कल्प पनि हुँदैन । ऊ भन्दछ अब म छैनँ, तिमी मात्र छौ त्यही क्षण महामृत्यु घटित हुन्छ र त्यो महामृत्युबाट महाजीवनको सुरुवात हुन्छ ।

हामी अहङ्कारका बीज हौँ, त्यो बीज जब फुट्छ तब नवजीवनको प्रारम्भ हुन्छ र विराट् आकाशतिर उडान सुरु हुन्छ । जीवनको खोजमा जति चाँडो हामी आफ्नो स्वभावलाई प्राप्त गर्छौं त्यति नै चाँडो हामी अहङ्कारको बीजबाट मुक्त हुन सक्छौं । श्रीकृष्ण भन्नुहुन्छ- तिमीले ममत्वलाई नछोडेसम्म परमात्मालाई पाउन सक्दैनौ किनभने तिमी नै आफ्नो बाधा हौ । त्यसैले यो ममत्व र वासनाको आवरणलाई तोड, जसलाई तिमीले अनेकौं जन्मदेखि साथमा लिएर हिँडिरहेका छौ । यो आवरण नत्यागेका कारण भित्रको कोमल जीवनरूपी आत्मालाई नै तिमीले बिर्सिसक्यौ र शरीररूपी खोललाई नै 'म' सम्झेका छौ । तिमीले चेतनालाई बिर्सिसक्यौ र मनको वासनालाई आफू ठानेका छौ । तसर्थ हे अर्जुन ! अब यो शरीररूपी आवरणलाई तोड । श्रीकृष्ण भन्नुहुन्छ- सङ्कल्पका कारण यो आवरणलाई तोड्न सकिएन भने अनन्त यात्रा गर्नुपर्छ । सन्न्यास असुरक्षामा उत्रिनु हो अर्थात् मर्ने तयारी हो किनभने बचाउने चेष्टाले कसैले पनि आफूलाई बचाउन सकेको छैन तर सङ्कल्प म को बचाउ हो । पानीको थोपाले सागर पाउनु छ भने आफू मेटिनुपर्छ । त्यस्तै मनुष्यले पनि आफूलाई त्याग्न तयार भए मात्र परमात्मा पाउन सक्छ। सबैभन्दा ठुलो बाधा अहङ्कार हो । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- तिमी जब सङ्कल्प र कामनाशून्य हुन्छौ तब मात्र तिमी युद्धमा संलग्न हुन सक्छौ । तिमी निष्कामकर्मी नबनी अर्थात् फल परमात्मामा समर्पित नगरी युद्धमा जानयोग्य हुँदैनौ ।

श्रीकृष्ण सङ्कल्प र इच्छा नभए मात्र सन्न्यास फलित हुन्छ भन्नुहुन्छ । सन्न्यास समर्पण हो; त्यसैले जब मन रहँदैन, तब समर्पण हुन्छ । सङ्कल्प नरहनु भनेको भित्रको अहङ्कार हट्नु हो । यो वासना, अहङ्कार, सङ्कल्पको अन्तरधारालाई विसर्जन गरेमा मात्र सन्न्यास फलित हुन्छ । फलको आकाङ्क्षा, सङ्कल्प र अहङ्कारको सिद्धि हाम्रो गृहस्थ जीवनको रूप हो । जो यसरी बाँच्छ, त्यो गृहस्थ हो र जो यसका विपरीत बाँच्छ त्यो सन्न्यासी हो । कृष्णको सन्न्यास दुखी व्यक्तिको सन्न्यास होइन । त्यो सुखी, आनन्दित, सङ्गीतमय, जीवन्त र नृत्यले भरिपूर्ण व्यक्तिको सन्न्यास हो । आनन्दित नहुने व्यक्ति सन्न्यासी नै होइन । श्रीकृष्ण भन्नुहुन्छ- कर्म पूरा गर तर फलाकाङ्क्षा छोड । समष्टिमा फलको आशा छाडेर कर्म गर, तब तिमीभित्र नवीन आनन्द फक्रिन थाल्ने छ । फलाकाङ्क्षा, सङ्कल्पको प्रक्रिया, अहङ्कारको सघनतालाई छोडेर यी तीनबाट जो बाहिर रहन्छ त्यही सन्न्यासी हो ।

*आरुरुक्षोर्मुनेर्योगं कर्म कारणमुच्यते ।*
*योगारूढस्य तस्यैव शमः कारणमुच्यते ॥३॥*

**हे अर्जुन ! योगमा आरूढ हुन चाहने मननशील व्यक्तिका लागि निष्काम कर्म नै योगप्राप्तिको साधन हो भने योगसिद्ध वा योगारूढ पुरुषका लागि सम्पूर्ण भौतिक कर्मको त्याग नै साधन कहिन्छ ॥**

योग आफूलाई परमात्मासँग संयुक्त गराउने विधि हो । त्यस्तै योगको सार समबुद्धि हो । साधारणतया हाम्रो मन दुई अतिहरू प्रेम-घृणा, धन-त्याग आदिमा घुमिरहन्छ; हामी बिचमा रहँदैनौँ । मित्र वा शत्रु हुन सजिलो छ तर मित्र वा शत्रु दुवैबाट तटस्थ हुनु कठिन छ । जो दुई अतिहरूको बिचमा रोकिन्छ त्यो समत्व बुद्धिमा प्राप्त हुन्छ । जीवनका सबै रूप द्वन्द्वकै रूप हुन् । यहाँ एकातिर खाल्डो र अर्कातिर इनार छ। यी दुईका बिचमा पातलो धारमा अडिन वा रोकिन सक्ने मानिस योगमा प्राप्त हुन्छ । समत्व बुद्धिको अर्थ सन्तुलन अर्थात् तराजुको काँटा सम भएजस्तै द्वन्द्वका बिच सम हुनु हो ।

श्रीकृष्ण भन्नुहुन्छ- समताभाव बुद्धियोगको सार हो । कुनै एक धारको पक्षमा रहने व्यक्ति योगी हुन सक्दैन । त्यागी योगी होइन, ऊ त भोगीको विपरीत मात्र हो । योगी भोग र त्याग दुवैबाट पार भएर

निर्द्वन्द्व र चुनावरहित हुन्छ । चुनाव वा छनोटरहित व्यक्ति मात्र सङ्कल्परहित हुन्छ । मनले चुनाव गर्छ तर जसले मनलाई क्षीण गर्न सक्छ त्यस्तो व्यक्ति मात्र समतामा उपलब्ध हुन्छ । पशुपन्छी कुनै पनि छनोट गर्दैनन् । उनीहरू प्रकृतिबाट जो प्राप्त भएको छ त्यसैलाई मात्र ग्रहण गर्दछन् । मनुष्य मात्र यस्तो प्राणी हो जो हरक्षण हरेक कुरामा छनोट गरिरहन्छ । मनुष्यबाहेक सारा प्रकृति मनरहित छन् । मनुष्य शब्दको अर्थ पनि मनवाला हो । मनको कारण मनुष्य पशुभन्दा माथि उठ्छ तर मनका कारणले नै परमात्मा हुन सक्दैन । मनलाई छोड्न सके मनुष्य परमात्मा हुन सक्छ । मन एक अतिमा धेरै समय रोकिन सक्दैन । त्यसैले जसलाई प्रेम गर्छ उसलाई नै घृणा गर्छ । जसलाई आज मित्र मान्दछ, भोलि त्यही शत्रु हुन्छ । यी दुई अतिमा झुलिरहने मन सङ्कल्पले भरिएको हुन्छ जसले गर्दा चित्तमा तनाव पैदा हुन्छ । अतिले भरिएको मनमा स्मृति हुँदैन । त्यसैले त एक अतिबाट विरक्त भएको मन त्यही अतिमा पुनः फर्कन सक्छ । मन रहेन भने मात्र द्वन्द्व समाप्त हुन्छ । समाजमा देखिएको द्वन्द्व व्यक्तिहरूकै मनको विस्तार हो । जबसम्म मन छ, तबसम्म द्वन्द्वरहित समाज निर्माण हुनै सक्दैन । केवल द्वन्द्व बदलिन सक्दछ तर द्वन्द्व समाप्त हुँदैन । जहाँ मन हुन्छ, त्यहाँ सङ्घर्ष, कलह, तनाव र द्वेष उत्पन्न हुन्छ । पीडा एवम् सन्ताप बढ्छ र जीवन नर्क बन्छ ।

मनको अध्ययनमा आफ्नो सिङ्गो जीवन समर्पित गर्ने फ्रायडले भनेका छन्- हामी सबै अन्धकारमा निर्णय गर्छौं । हाम्रो बुद्धिमत्ता सबै झुटो र बेइमान हुन्छ । कुनै पनि व्यक्ति आफूले सोचविचार गरेर निर्णय गर्दैन । पहिला निर्णय गर्छ अनि सोचविचार गर्न थाल्छ, पहिले निर्णय गर्छ अनि बुद्धिले त्यसलाई सहयोग गर्छ । द्वन्द्वका सबै निर्णय असमझदारीका निर्णय हुन् । जो मनको बाहिर हुन्छ उसको उत्तेजना बाँकी रहँदैन र शान्तिमा उपलब्ध हुन्छ । जो व्यक्ति आफूभित्र गहिराइसम्म हेर्न सक्छ त्यस्तो व्यक्ति योगारूढ हुन्छ । योगारूढको अर्थ सिद्धपुरुष अर्थात् जो आफूमा स्थित हुन सक्छ भन्ने हो । दुई अतिहरूको बिचमा रोकिन सक्ने व्यक्तिलाई श्रीकृष्ण योगारूढ भन्नुहुन्छ । यहाँबाट परमात्मामा उडान भर्न सकिन्छ र यस्तो व्यक्तिको सङ्कल्प पनि क्षीण हुन्छ । योगको प्रारम्भिक अवस्थालाई योगारुरुक्ष र सर्वोच्च अवस्थालाई योगारूढ भनिन्छ । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- हे अर्जुन ! तिमी समबुद्धिमा स्थित होऊ, तब तिमी सङ्कल्पबाट क्षीण हुने छौ, तिम्रा चित्तका सारा चिन्ताहरू समाप्त हुने छन् र तिमी निश्चिन्त र योगारूढ हुने छौ ।

*यदा हि नेन्द्रियार्थेषु न कर्मस्वनुषज्जते ।*
*सर्वसङ्कल्पसन्न्यासी योगारूढस्तदोच्यते ॥४॥*

**इन्द्रियहरू विषय, कर्म र भोगमा आसक्त नभएको, सर्वसङ्कल्पको त्यागी, सकाम कर्ममा नफसेको पुरुषलाई योगारूढ भनिन्छ ॥**

इन्द्रिय एवम् कर्ममा अनासक्त व्यक्ति नै योगारूढ हुन्छ । इन्द्रियमा आसक्ति भएपछि कर्ममा पनि आसक्ति हुन्छ किनभने कर्ममा भएका सारा आसक्ति इन्द्रियका आसक्तिको विस्तार हो । यदि हामी धन कमाउन आसक्त छौं भने त्यो धनको आसक्ति हो । यदि भविष्यमा धनले केही किन्न नसक्ने भएमा धनप्रतिको आसक्ति क्षीण हुन्छ । धन कमाउन या जोड्न खोज्नु इन्द्रियको तृप्ति हो । धनले पद, प्रतिष्ठा, कामवासना, सुबिधा किन्न सक्छ भन्ने भरोसा नै धनको मूल्य हो । सुखबाहेक धनले सबै किन्न सक्छ । धनले दुख मात्र दिन्छ तर आश्वासन भने सुखको दिन्छ । कर्मको आसक्ति इन्द्रियहरूको मागकै दौड हो। त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- इन्द्रियमा जसको आसक्ति रहँदैन, सकाम कर्ममा जो फँसेको हुँदैन र जो सर्वसङ्कल्पको त्यागी हुन्छ त्यसलाई योगारूढ भनिन्छ । इन्द्रियको आसक्तिबाट मुक्त हुनका लागि म इन्द्रियभन्दा भिन्न छु भन्ने बोध हुनुपर्दछ ।

चेतनाले चाह्यो भने पदार्थसँग बाँधिन सक्छ र आफूलाई एक मान्न सक्छ । चेतनालाई कहिल्यै भोक लाग्दैन, भोक त सदैव शरीरलाई नै लाग्छ । चेतनामार्फत शरीरलाई भोक लागेको थाहा हुन्छ तर हामी शरीरलाई आफू मान्दछौँ जो भ्रान्ति हो । हामी बालकबाट जवान र जवानबाट बुढो हुन्छौँ । यस क्रममा हाम्रो शरीर बुढो हुन्छ र बदलिन्छ तर चेतना कहिल्यै परिवर्तन हुँदैन । जन्मँदाको अवस्थामा हामीसँग भएको चेतना अपरिवर्तनीय, स्वस्थ्य, स्वच्छ र शुद्ध हुन्छ । शरीरमा परिवर्तन हुन्छ तर चेतनामा परिवर्तन हुँदैन । अज्ञानमा हामी शरीरसँग एक हुन्छौँ र ज्ञानमा शरीरभन्दा भिन्न हुन्छौँ । शरीरबाट आफू भिन्न भएको जान्न सक्ने र आत्माको बोध भएको व्यक्ति नै आसक्तिबाट मुक्त हुन्छ । हामी शरीरसँग मान्यताका कारण सम्मोहित छौं र जुन दिन शरीरभन्दा भिन्न भएको प्रतीति हुन्छ त्यही समयबाट इन्द्रियको आसक्ति बिदा हुन्छ । इन्द्रियको आसक्ति हट्ने बित्तिकै कर्ममा पनि आसक्ति रहँदैन ।

इन्द्रियको मागले शरीर विकृत गराउँछ । जसले इन्द्रियभन्दा माथि इन्द्रियातीत छु भन्ने जान्दछ तब ऊ प्रकृतिभन्दा भिन्न हुन्छ । यसप्रकारका व्यक्तिहरूका अनावश्यक चाहनाहरू अन्त हुन्छन् र आवश्यक एवम् नगरी नहुने कर्म मात्र बाँकी रहन्छ । यस्ता व्यक्तिको काम शुद्ध भएर रामतिर अग्रसर हुन थाल्छ । जब इन्द्रियहरू सहज हुन्छन्, तब व्यक्तिका आवश्यकताहरू पनि सरल हुन्छन् अनि व्यक्तिको आवश्यकता नै हुँदैन । यस्ता व्यक्तिको कर्मप्रतिको आसक्ति समाप्त हुन्छ तर कर्म भने जारी रहन्छ । उनीहरूको दुष्कर्म सकिन्छ र आवश्यक कर्म अझ प्रगाढ ऊर्जाले भरिएको हुन्छ । अशुभ कर्म समाप्त भएर शुभकर्मको उदय हुन्छ ।

*उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत् ।*
*आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः ॥५॥*

**प्रत्येक मानिसले आफ्नो मनको सहयोग लिएर आफूलाई नै यस समुद्ररूपी संसारबाट उद्धार गरोस्, मन विषयमा आसक्त भएर जीवलाई पतन हुन नदेओस् किनभने मनुष्य आफै आफ्नै मित्र र आफ्नै शत्रु पनि हो ॥**

योगका माध्यमबाट जीवनको सत्य र आनन्द प्राप्त हुने भएकाले योग परम मङ्गलदायी हुन्छ । योगको दिशातिर अग्रसर हुने व्यक्ति आफ्नो मित्र हुन्छ र योगको विपरीत दिशातिर अग्रसर हुने व्यक्ति आफ्नो शत्रु हुन्छ । कृष्ण अर्जुनलाई अधोगतितिर होइन, उर्ध्वगमनको दिशामा उन्मुख गराउन चाहनु हुन्छ । व्यक्तिले चाहेमा उर्ध्वगमनको यात्रा गर्न सक्छ र बुद्धि-विवेक गुमेमा अधोगति उन्मुख हुन पनि सक्छ । मनुष्यको आत्मा स्वतन्त्र छ, उसले चाहेमा नर्कको यात्रा र चाहेमा मोक्षको अन्तिम सोपान पनि चढ्न सक्छ । यी दुवै मार्ग उसका लागि खुल्ला छन् । त्यसैले ऊ आफ्नो शत्रु वा मित्र दुवै हुन सक्छ । हामी अधिकतर मानिसहरू आफ्ना शत्रु आफैँ हुन्छौँ किनभने हामी आफूलाई घात हुने कार्य गर्दछौँ । हामीले गरेका कामबाट दुख मात्र आइलाग्ने हुँदा हामी आफ्नो मित्र हुन सक्दैनौँ । हामी आफ्ना लागि दुखका बीज रोप्छौँ । यस संसारमा हामी जे रोप्छौँ, त्यही प्राप्त गर्छौं । तसर्थ श्रीकृष्ण भन्नुहुन्छ- मनुष्य आफ्नो मनको सहयोगले आफ्नै उद्धार गरोस्, आफूलाई तल गिर्न नदेओस् किनभने मनुष्य आफै आफ्नो मित्र र शत्रु पनि हो ।

जीवनमा हामी सबै सुख, शान्ति र आनन्द चाहन्छौँ तर यसको अनुभूति गर्न कहिल्यै पाउँदैनौँ । हाम्रो चाहनाले फलप्राप्ति हुँदैन । हामीले जस्तो कर्म गरेका छौँ र जस्तो बीज रोपेका छौँ त्यसैका आधारमा फलप्राप्ति हुन्छ । हामी एक चिज चाहन्छौँ तर अर्कै बीज रोप्छौं । विष रोप्छौँ तर अमृतको चाहना गर्छौं । विष रोपेपछि दुख, पीडा आउँछ र नर्क प्राप्त हुन्छ । जस्तो करनी उस्तै भरनी भनेजस्तै हाम्रो अवस्थाको जिम्मेवार हामी स्वयम् हौँ र कर्मानुसारको फल प्राप्त गर्छौं । कतिपय व्यक्ति क्रोधको बीज रोप्छन् र शान्तिको कामना गर्छन्; घृणा रोपेर प्रेमको फूल फुलाउन चाहन्छन् र चारैतिर शत्रुता

फिँजाएर सबै जना आफ्ना मित्र होऊन् भन्ने चाहन्छन् । मानिसहरू यस्तै असम्भव चाहना राख्छन् । यस प्रकारका असम्भव कामनाहरू हाम्रा मनमा चलिरहन्छन् । जे हामी रोप्छौँ त्यही नै हामीलाई फिर्ता हुन्छ । जीवनको सूत्र छ- जे हामी फ्याँक्छौं त्यही नै हामीले फिर्ता पाउँछौँ । चारैतिरबाट हामीले फ्याँकेका प्रतिध्वनि नै फिर्ता हुन्छन् । लामो समयको अन्तरालपछि फिर्ता पाउने हुनाले त्यसबेला हामीलाई आफूले गरेका कृत्यको सम्झना पनि हुँदैन ।

हामीले गरेको गाली, घृणा, तिरस्कार, अपमान आदि सबै व्याजसहित एक न एक दिन हामीलाई नै फिर्ता हुन्छन् । हामी कमजोर व्यक्ति देख्ने बित्तिकै उसलाई अपमान गर्न खोज्छौँ, उसले तत्काल जवाफ दियो भने हिसाब किताब बराबर हुन्छ अन्यथा त्यो कुनै न कुनै दिन कुनै न कुनै रूपमा फिर्ता हुन्छ । यहाँ बेहिसाब केही पनि छैन । हामी आफ्नो शत्रु आफैँ हुन्छौँ भनेर श्रीकृष्ण भन्नुहुन्छ । आफ्नो शत्रु आफैँ हुने व्यक्ति नास्तिक हो । आफ्नो मित्र बन्न नसक्ने व्यक्ति अरूको पनि मित्र बन्न सक्दैन । जो आफ्नो दुखको आधार आफैं बन्छ, ऊ अरूका दुखको पनि आधार बन्छ । शत्रुताको सूक्ष्म तरङ्गहरू हामी आफैँले पैदा गर्छौं र त्यो नै फैलन्छ । त्यो फैलिएको सूक्ष्म तरङ्गका अनुसार नै हामीले फल भोग्नुपर्छ । हामीले बोलेका खराब शब्दले कति दुष्प्रभाव पार्छ त्यो कल्पना पनि गर्न सकिन्न ।

बुद्ध आफ्ना भिक्षुहरूलाई हरक्षण बाटामा भेटिएका व्यक्ति वा वस्तुहरूप्रति मङ्गलभाव राख्न सुझाउनु हुन्थ्यो । बुद्धले वृक्ष, पहाड, परिचित-अपरिचित व्यक्ति जो र जे भेटिए पनि उनीहरूको मङ्गलको कामना गर्न भन्नुहुन्थ्यो । भिक्षुले यसबाट के फाइदा हुन सक्छ भनेर सोधेको जवाफमा बुद्ध भन्नुहुन्छ- पहिलो त तिमीलाई अरू कसैले गाली गर्ने अवसर प्राप्त हुँदैन । अर्को अमङ्गल कुरा सोच्ने फुर्सद मिल्दैन र तिम्रो समस्त शक्ति मङ्गलको दिशामा नियोजित हुन्छ । दोस्रो जब तिमी कसैका प्रति मङ्गलको कामना गर्छौ तब उसभित्र पनि मङ्गलभाव जागृत हुन्छ र त्यो मङ्गलको प्रतिध्वनि तिमीपट्टि फर्किन्छ । सम्बोधन वा अभिवादन गर्दा राम राम भन्ने प्रक्रिया पनि रामको स्मरण हो । बाटामा भेटिने व्यक्ति अपरिचित भए पनि राम भनी सम्बोधन गर्दा व्यक्तिले उसमा रामको प्रतिमा देख्न सक्छ । यस अवस्थामा शुभकामना प्रकट गर्नुका साथै रामको पनि स्मरण हुन्थ्यो । यसप्रकारको मङ्गलको कामनाले हामीभित्रको साथै अरूभित्रको श्रेष्ठतालाई पनि माथि उठाउँछ । झुक्नुभन्दा यो संसारमा श्रेष्ठ कुरा अरू हुन सक्दैन किनभने झुकेको शिरले नराम्रो सोच्नै सक्दैन ।

जीवन एउटा सम्बन्ध हो र हामी त्यो सम्बन्धमा नै बाँच्छौँ । जसले हामीतिर मङ्गलभाव विस्तार गर्छ त्यो नै हाम्रो मित्र हो । आफूप्रति मङ्गलको भावले भरिएको व्यक्तिले सबैको कल्याणको कामना गर्छ । अरूको सुखको कामना गर्ने व्यक्ति आफ्ना लागि पनि सुखको कामनाले नै भरिन्छ र आफ्नो मित्र हुन्छ । आफ्नो मित्र हुनु धार्मिक हुनु हो । ऊ स्वयम्लाई दुख दिने काम गर्न सक्दैन । दुष्कर्मका कारणले हामीले जीवनमा बारम्बार दुख पाएका छौँ । हामी यन्त्रवत् भूल गरिरहने हुँदा दुष्कर्मको पुनरावृत्ति गरिरहन्छौँ । आफ्नो शत्रुताप्रति सजग भएमा मित्रताको आधार बन्न थाल्छ ।

जिसस एउटा गाउँमा पुग्नुभएको थियो । त्यहाँका स्थानीय पादरी, विसपहरू जो जिसससँग ईर्ष्याले जल्दथे; उनीहरूले जिससलाई अपमान गर्ने तानाबाना बुन्न थाल्थे । पादरी र विसपहरू किताब पढेर जान्दछन् । उनीहरूले एउटी व्यभिचारिणी स्त्रीलाई समातेर ल्याई जिससका सामु उपस्थित गराए । यहुदी धर्मग्रन्थमा व्यभिचारी व्यक्तिलाई ढुङ्गाले हानेर मार्नुपर्छ भनी लेखिएको छ । उनीहरूले जिससलाई अप्ठ्यारो पार्नका लागि धर्मग्रन्थको पुस्तक र स्त्रीलाई उनीसामु ल्याएर यस्तो अवस्थामा तपाई के भन्नुहुन्छ भनी प्रश्न गरे । जिससको वचन छ- कसैले तिमीलाई एउटा गालामा थप्पड हान्यो भने अर्को गाला पनि थाप र कोट खोस्न आए भने उसलाई कमिजहरू पनि देऊ, आफ्ना शत्रुहरूलाई पनि प्रेम गर । जिससले

महिलालाई माफ गरिदिँदा धर्मशास्त्रको निन्दा वा अपमान हुने र त्यसबाट उहाँ अराजक वा नास्तिक कहलिने पक्का थियो भने सजाय दिँदा उहाँको स्वभाव विपरीत हुने अवस्था थियो ।

जिससले धर्मशास्त्रको संरक्षण गर्दै भन्नुभयो- त्यहाँ उल्लेख भएअनुसार व्यभिचारीलाई ढुङ्गाले हानेर मार्ने वचन ठिक हो तर ढुङ्गा त्यही व्यक्तिले मात्र हान्न सक्छ जसले कहिल्यै व्यभिचार कर्म गरेको छैन वा व्यभिचारका बारेमा कहिल्यै सोचेको पनि छैन । उहाँको यो निर्णय सुनेपछि सबै पादरी र विसपहरू बिस्तारै त्यहाँबाट गायब भए । ती महिलाले जिससलाई भनिन्- म व्यभिचारिणी हुँ तसर्थ मलाई हजुरले नै सजाय दिनुहोस् । जिससले म कसैको निर्णायक बन्न सक्दिनँ र कसैलाई आफ्नो निर्णायक बनाउन पनि चाहन्नँ भन्नुभयो । जिससको वचन छ- तिमी कसैको निर्णायक नबन र तिम्रो निर्णायक पनि कोही नबनून् । तिमी स्वयम्ले आफूलाई व्यभिचारिणी स्वीकार गरिसकेपछि तिमी स्वतः पापबाट मुक्त भयौ ।

स्वीकृति मुक्ति हो र अस्वीकृतिमा पाप लुकेको हुन्छ । हामी जुन व्यवहार अरूबाट नहोओस् भन्ने चाहन्छौँ, त्यही व्यवहार अरूलाई गर्ने हक पनि हामीसँग हुँदैन । जिससको नयाँ बाइबलको सार एउटै छ त्यो हो जुन व्यवहार अरूले तिमीलाई नगरून् भन्ने चाहन्छौ त्यो व्यवहार अरूसँग पनि नगर । यो वाक्य बुझ्न सक्यौं भने कृष्णको सूत्र राम्ररी बुझ्न सक्छौं । यो एउटा सुखद संयोग हो कि कृष्णका कतिपय वाक्यका व्याख्या बाइबलमा पाइन्छन् र बाइबलमा भनिएका कतिपय वाक्यको व्याख्या गीतामा पाइन्छ । कुरानका कतिपय वाक्यको व्याख्या वेदमा र वेदका मन्त्रको व्याख्या मोहम्मदबाट भएको छ । बुद्धका वचनको पालना र व्याख्या चीनमा भएको छ भने चीनका लाउत्सुको वचनको व्याख्या कबिरले गरेका छन् । धार्मिक सम्प्रदायले पर्खाल खडा गरिदिए पनि यिनीहरूका बिच आन्तरिक सूत्रको सम्बन्ध रहेको छ । जसको स्मरण हामीमा छैन र कतिपय अवस्थामा यसको अपव्याख्या पनि गरिएको छ, अन्यथा मन्दिर र मस्जिदका भनाइमा कुनै भेद छैन। जसले जाने पनि सत्य, सत्य नै हो। उनीहरूले अलग-अलग ठाउँमा अलग-अलग भाषामा आ-आफ्ना ढङ्गले अभिव्यक्त गरेका मात्र हुन् ।

आफू नै आफ्नो मित्र र शत्रु पनि हो । तसर्थ श्रीकृष्ण भन्नुहुन्छ- प्रत्येक मनुष्यले आफ्नो मनको सहयोग लिएर आफूलाई यस संसारबाट उद्धार गरोस्, मन विषयमा आसक्त भएर जीवलाई पतन हुन नदेओस् किनभने मनुष्य आफू नै आफ्नो मित्र र शत्रु पनि हो । शत्रु हुन सदा सजिलो छ तर मित्र बन्न सिङ्गो जीवन पनि पर्याप्त छैन । मित्रता ठुलो साधना हो, त्यसमा पनि आफूसँगको मित्रता झन् कठिन हुन्छ । जो आफूलाई प्रेम गर्छ उसको जीवनमा नराम्रा कुराहरू टिक्न सक्दैनन् । क्रोध त आफूलाई आफैँले आगो लगाउनु हो । अरूसँग मित्रता कायम राख्न सजिलो छ किनभने त्यो दृश्य भएकाले तत्काल देखिन्छ । आफूसँगको मित्रता त अदृश्यमा गर्नुपर्छ । हामी आफूलाई प्रेम गर्दैनौँ । यदि आफूलाई प्रेम गरेको भए यति धेरै मानसिक समस्या वा आत्महत्याका घटना हुने नै थिएनन् । चिकित्सकहरूका अनुसार संसारमा सत्तरी प्रतिशत मानसिक रोगी छन् । हामी सबै आफूलाई नै दुख, पीडा दिइरहेका छौँ र आफैँलाई घृणा गर्छौं ।

एकक्षण पनि हामी नराम्रो कार्य गर्नबाट रोकियौँ भने दुष्कर्म हुनै सक्दैन । आफ्नो मित्र त्यही हो जसले अशुभलाई स्थगित गरेर शुभकार्यको आरम्भ गर्छ । आफ्नो शत्रु त्यही हो जसले शुभकृत्य स्थगित गरेर अशुभकर्म सुरुवात गर्छ । जो आफ्नो मित्र बन्छ ऊ ऊर्ध्वयात्रामा निस्किन्छ । उसको यात्रा दियोको प्रकाश जस्तै आकाशतिर हुन्छ । यो माथि उठ्ने चेतनारूपी आफ्नो मित्र हुनु नै योग हो । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- योग मङ्गल हो र यसबाट सर्वत्र शुभ प्राप्त हुन्छ । आत्मा स्वतन्त्र छ; उसले आफ्नो हित र अहित दुवै गर्न सक्छ । अहित गर्न सजिलो छ तर हित गर्न ज्यादै कठिन छ । जो आफ्नो मित्र हुन्छ ऊ आफैँ जीवनमा मुक्तिको अनुभव गर्न सक्छ । जो आफ्नो शत्रु हुन्छ, ऊ जीवनमा बन्धनमा पर्छ । यो जीवनमा व्यक्तिगत रूपमा अनुभव गर्नुपर्ने सूत्र हो । कृष्णका प्रत्येक शब्द एवम् वाक्य प्रयोगात्मक छन् ।

एक सूत्र मात्र प्रयोग गऱ्यो भने पनि आफ्नो जीवनको अमृत तत्त्वको बोध हुन्छ । आफूभित्रका शत्रुका कारण जीवन नै बर्बाद हुन्छ र यही नै आफ्नो दुखको कारण बन्छ जसलाई हामी मेरो भाग्य, मेरो नियति भन्छौँ । नियति पनि हामी आफैँले निर्माण गर्ने हो । हामी यति स्वतन्त्र छौँ कि स्वर्ग वा नर्क दुवैतर्फ जान सक्छौँ ।

*बन्धुरात्मात्मनस्तस्य येनात्मैवात्मना जित: ।*
*अनात्मनस्तु शत्रुत्वे वर्तेतात्मैव शत्रुवत् ॥६॥*

**जसले मन, शरीर र इन्द्रियमाथि विजय पाएको छ वा मनलाई आफ्नो नियन्त्रणमा राखेको छ भने त्यो नियन्त्रित मन नै जीवात्माको मित्र हो र जसको देह एवम् इन्द्रियलाई वशमा राखिएको छैन त्यस्तो अनियन्त्रित मन नै जीवात्माको शत्रु हो ॥**

जसले इन्द्रिय, मन र शरीरलाई नियन्त्रणमा राखेको छ त्यो आफ्नो मित्र हो र इन्द्रिय र शरीरमाथि जसको कुनै नियन्त्रण छैन त्यो आफ्नो शत्रु हो । मित्रता र शत्रुताको दोस्रो आयाम श्रीकृष्ण बताउनुहुन्छ । शरीर र इन्द्रिय जसको नियन्त्रणमा छैन, जसको स्वयम्को कुनै आवाज छैन, जो कहिले शरीरको, कहिले इन्द्रियको र कहिले मनको कुरा मान्दछ तर आफ्नो स्वतन्त्र आवाज छैन भने त्यो आफ्नो शत्रु हो । जस्तै- रथ गुडिरहेको छ, रथको लगाम टुटेको छ, सारथी सुतिरहेको छ र सबै घोडा आ-आफ्नै दिशामा दौडिरहेका छन् । यस्तो स्थितिमा रथ र रथारोहीको जुन बेहाल हुन्छ त्यस्तै स्थिति हाम्रो हुन्छ । हाम्रा इन्द्रियहरू पनि एक अर्काका विपरीत काम गर्छन् । हामी दुवैका कुरा मान्छौँ । हाम्रा शरीर र मन विपरीत माग गर्छन् । शरीरले भन्छ अब अपाच्य हुन्छ, भोजन पुग्यो तर मन भन्छ मिठो छ अझ अरू खाऊँ; हामी दुवैको कुरा मान्छौँ । एक कदम अघि, एक कदम पछि, एक कदम दायाँ एक कदम बायाँ चल्छौँ । विपरीत इन्द्रियका विपरीत कुराहरू हामी मानिरहेका छौं । एक जनालाई हात जोडेर अभिवादन गर्छौं र त्यही व्यक्तिलाई भित्रबाट गाली पनि गर्छौं । मन खण्डित छ र खण्डित इन्द्रिय खण्डित मनलाई समातेर बसेको छ । भित्र कोही मालिक नभएकोले हाम्रो आत्मा सुतिरहन्छ । हामी इन्द्रियका आवाज मात्र सुन्छौं, आत्माको आवाज हामीले कहिल्यै सुनेका छैनौं ।

श्रीकृष्ण भन्नुहुन्छ- यस्तो दशा शत्रुताको दशा हो । खण्ड-खण्डमा बाँडिएको मन र इन्द्रियको आवाजमा हामी पूरा दबिएका छौँ । जनावरलाई दाम्लाले बाँधे जस्तै इन्द्रियले हामीलाई तान्दछ । जो आफ्नो इन्द्रियको र शरीरको मालिक बन्न सक्छ त्यो आफ्नो मित्र हो । जो इन्द्रिय र शरीरको वशमा हुन्छ त्यो आफ्नो शत्रु हो । हामीले कहिल्यै आफूलाई इन्द्रियमाथिको मालिक वा स्वामीको घोषणा गरेका छैनौं । हामीलाई पतनको बाटोमा लैजाने जननेन्द्रियहरू हुन् किनभने यिनीहरू शक्तिशाली हुन्छन् । जसले आफ्नो कामेन्द्रियलाई नियन्त्रण वा वशमा राख्न सक्छ उसलाई कामशक्तिले नै स्वर्गको द्वारसम्म पुऱ्याउँछ । जब हामी कामेन्द्रियको दास बन्छौँ तब उसले हामीलाई खाल्डोमा जाकिदिन्छ । जब कामेन्द्रिय हाम्रो वशमा हुन्छ तब त्यो ब्रह्मचर्यको मार्गबाट ब्रह्ममा पुग्न सकिन्छ ।

इन्द्रियमाथि नियन्त्रण गर्न सक्ने मन मित्र हुन्छ अन्यथा शत्रु हुन्छ । सबल अवस्थामा नै इन्द्रियलाई जित्नुपर्छ अन्यथा बृद्धावस्थामा कामेन्द्रियमाथि विजय पाएँ भन्नु हास्यास्पद हुन्छ । जो आफूलाई इन्द्रियभन्दा भिन्न जान्दछ, ऊ मात्र इन्द्रियको मालिक हुन सक्छ । आँखाले देख्ने भन्नुको अर्थ चेतनाले देख्नु हो, आँखाले होइन । चेतना जुन इन्द्रियमा केन्द्रित हुन्छ त्यही कुरा इन्द्रियले गर्न सक्छ । ध्यान मालिक हो, इन्द्रिय त उपकरण मात्र हो । श्रीकृष्ण भन्नुहुन्छ- जो इन्द्रिय र शरीरको मालिक हुन्छ, ऊ आफ्नो मित्र हो । त्यस अवस्थामा उसको इन्द्रियले त्यही गर्छ जो उसको हितमा हुन्छ । इन्द्रियहरूसँग आफ्नै हार्मोनको सङ्ग्रह हुन्छ । प्रत्येक इन्द्रियले हामीलाई काम गराइरहन्छन् । हामी उसको धक्का अनुसार काम गर्छौं । जब हाम्रो कामेन्द्रियमा वीर्य जम्मा हुन्छ, तब हामीलाई कामातुर हुनका लागि दबाब

वा धक्का प्राप्त हुन्छ । ग्ल्यान्डले धक्का दिन लाग्यो भने यो सक्रिय भयो भन्ने बुझ्नुपर्छ । इन्द्रियको संरचनाले यी काम गरिरहेको छ भन्ने बोध भएमा र म यसबाट पृथक् छु भन्ने ज्ञान भयो भने हामी इन्द्रियका मालिक हुने छौं । हामी मालिक हुँदा इन्द्रिय हाम्रा मित्र हुन्छन् । श्रीकृष्ण भन्नुहुन्छ- हामी मालिक हुन सके इन्द्रिय स्वतः मित्र बन्छन् अन्यथा ती शत्रु हुन्छन् ।

*जितात्मनः प्रशान्तस्य परमात्मा समाहितः ।*
*शीतोष्णसुखदुःखेषु तथा मानापमानयोः ॥७॥*

**जसले आफ्नो मनलाई जितेको छ; गर्मी-जाडो, सुख-दुख तथा मान-अपमानमा जसको मन अर्थात् अन्तस्करण शुद्ध र शान्त भएको छ त्यस्तो स्वाधीन आत्मावाला पुरुषको ज्ञानमा सच्चिदानन्दघन परमात्मा सम्यक् प्रकारले स्थित हुन्छ अर्थात् उसको ज्ञानमा परमात्मासिवाय अरू केही हुँदैन ॥**

श्रीकृष्ण भन्नुहुन्छ- सुख-दुख, रुचि-अरुचि, मान-अपमान, सफलता-असफलता र जीवनका समस्त द्वन्द्वहरूमा जसको अन्तस्करण शुद्ध छ, आन्तरिक स्थिति डामाडोल छैन, जसको अन्तश्चेतनाको ज्योति जतिसुकै हावा हुन्डरीमा पनि कम्पित हुँदैन, जो निर्विकार भावले अनुद्विग्न, अनुचेष्टित भएर भित्र शान्त बनिरहन्छ यस्तो चेतनाको मन्दिरमा परमसत्ता विराजमान हुन्छ । विपरीत अवस्था सफलता-असफलता, मान-अपमान आदिमा पनि यस्तो व्यक्तिभित्र केही अन्तर हुँदैन । यस्तो व्यक्तिमा घटना सबै बाहिर घट्छ र भित्रबाट ऊ अस्पर्शित हुन्छ । हामी दुख एवम् सुखमा पनि उद्विग्न हुन्छौँ र हामी भित्रको चेतनाको ज्योति कम्पित हुन्छ । सुखमा व्यक्ति उत्तेजित हुन्छ र दुखमा उद्विग्न हुन्छ । वास्तवमा व्यक्ति सुखमा संलग्न भएका कारणले उत्तेजित हुन्छ । त्यस्तै दुखमा आफूलाई संलग्न गर्नाको कारणले दुखी हुन्छ । दुख र सुखमा हामी यसबाट अलग रहन सक्दैनौँ र यिनीहरूसँग हाम्रो तादात्म्य हुन्छ ।

सुख र दुख दिन र रात जस्तै निरन्तर आउँछन् र जान्छन् तर भित्रको चेतनालाई कसैले पनि छुन सक्दैन । यी सबै बाहिर घट्ने घटना मात्र हुन् । भित्र त अकम्पनीय, अटल एवम् अपरिवर्तनीय चेतना छ जो न दुखले दुखी हुन्छ न त सुखमा उत्तेजित हुन्छ । भित्रको चेतना अविचलित रहन्छ । यो अलग जान्ने चेतनाको अवस्था नै योग हो । यस्तो अकम्पनीय एवम् अस्पर्शित चेतनामा नै परमसत्ता विराजमान हुनुहुन्छ । चेतनाको यदि पदार्थसँग तादात्म्य भएमा संसारका बारेमा जानकारी हुन्छ र पृथक् भएर रहेमा परमात्माको जगत्का बारेमा जानकारी हुन्छ । हामी बिचमा उभिएका छौं । यता संसार र उता परमात्मा छ । जबसम्म हाम्रो दृष्टि संसारसँग आसक्त हुन्छ, तबसम्म परमात्माको संसार देखिँदैन । जब संसारबाट पृथकताको बोध हुन्छ, अनायास नै परमात्माको द्वार खुल्छ । पदार्थतिरको तादात्म्यको दृष्टि परिवर्तन हुनेबित्तिकै परमात्मातिर दृष्टि फेरिन्छ । त्यो परमात्मा सदा हामीभित्र अवस्थित छ तर हाम्रो दृष्टि मात्र उसतिर छैन । हामी बिचमा उभिएको हुँदा भ्रान्त छौ र यो भ्रान्ति अचेतन मनबाट पैदा भइरहेको छ । भ्रान्ति हामीलाई दुखबाट होइन कि सुखबाट पैदा हुन्छ किनभने सुख म होइन भनेर मान्न हामी तयार छैनौँ । सुखबाट यो भ्रान्ति तोडेपछि मात्र पृथकताको अनुभव हुन सक्छ ।

सुखबाट छुटाउने विधि धर्म हो । जो सुखबाट छुट्छ ऊ दुखबाट पनि छुट्छ । जो सुखबाट नभई दुखबाट मात्र छुट्न खोज्छ, ऊ दुखबाट कहिल्यै छुट्नै सक्दैन । सुख दुखकै नै रूप हो । हरेक सुखमा दुख लुकेको हुन्छ । त्यसैले सुखमा होसपूर्ण नभईकन व्यक्ति सुख-दुखबाट मुक्त हुन सक्दैन किनभने सुख प्रारम्भ र दुख अन्त्य हो । यदि व्यक्ति सुखमा सजग रह्यो भने दुखमा पनि सहजतापूर्वक पार हुन सक्छ । श्रीकृष्ण भन्नुहुन्छ- सुख र दुखमा अविचलित रहने व्यक्ति स्वाधीन हुन्छ । यसमा समताभाव राख्न सक्ने व्यक्तिलाई दुनियाँका कुनै तागतले पनि पराधीन बनाउन सक्दैनन् । सुख-दुखमा कम्पित हुने व्यक्ति जहिल्यै पनि दास हुन्छ । सुख-दुखमा उत्तेजित र हतोत्साही हुनेले परमात्मा प्राप्त गर्न सक्दैन । सुखलाई अनुभवबाट जान्न सकिन्छ ।

*ज्ञानविज्ञानतृप्तात्मा कूटस्थो विजितेन्द्रियः ।*
*युक्त इत्युच्यते योगी समलोष्टाश्मकाञ्चनः ॥८॥*

**जो ज्ञान र विज्ञानद्वारा पूर्ण रूपले सन्तुष्ट छ, जसले भौतिक इन्द्रियमाथि विजय हासिल गरेको छ, जो विकाररहित छ, जसले माटो-ढुङ्गा र सुनलाई समान ठान्छ वा वस्तुप्रतिको आसक्तिलाई त्यागेको हुन्छ त्यस्तो आत्मसा्क्षात्कार गरेको योगीलाई युक्त अर्थात् भगवत्प्राप्त भएको मानिन्छ ॥**

यस श्लोकमा ज्ञान-विज्ञानबाट जो तृप्त छ भनिएको छ । स्वयम्लाई जान्नु ज्ञान र परलाई जान्नु विज्ञान हो । विज्ञानको अर्थ अरूलाई जान्ने व्यवस्था र ज्ञानको अर्थ स्वयम्लाई जान्ने अवस्था हो । यस श्लोकको आशय ज्ञानी व्यक्ति ज्ञानमा उपलब्ध भएर समस्त विज्ञानलाई जान्दछ भन्ने नभएर यसको अर्थ आत्मा समस्त ज्ञान-विज्ञानबाट तृप्त भएको छ भन्ने हो । जीवनबाट कुतूहलता समाप्त भएको अवस्था नै विज्ञानबाट तृप्त हुने अवस्था हो । सानो उमेरमा कुतूहलता वा जिज्ञासा धेरै उठ्छन् । के, कसरी र किन भन्ने प्रश्न सानो उमेरमा नै जन्मिन्छ । समाजमा हुने कुतूहलताको कारणले विज्ञानको जन्म हुन्छ । पश्चिममा धेरै जिज्ञासा हुने हुँदा त्यहाँ जिज्ञासाको कारणले विज्ञानको जन्म भएको छ । सबै कुरा जानेपछि मात्र कुतूहलता मेटिन्छ भन्ने लाग्नु गलत हो किनभने आत्मसा्क्षात्कार नभई कुतूहलता मेटिँदैन । ज्ञान विज्ञानले तृप्त भन्नुको अर्थ जसको कुतूहलता वा जिज्ञासा समाप्त भएको छ भन्ने हो ।

बालबालिकाहरू अनेकन प्रकारका कुतूहलता व्यक्त गर्दछन्, जस्तो कि पात किन हरियो छ, सूर्य किन उदाउँछ, आकाशमा ताराहरू किन छन् आदि । प्रौढ व्यक्ति भन्छन्- हरियोको सट्टा पहेंलो पात भएको भए पनि उनीहरू किन भन्ने प्रश्न सोध्थे । प्रौढहरूमा यो कुतूहलता हुँदैन । त्यसैले त प्रौढ समाजले विज्ञानलाई जन्म नदिएर धर्मलाई जन्मायो । परमात्माको असीमिततालाई हाम्रो सीमित ज्ञानले जान्न असम्भव हुन्छ । सबै उत्तर प्रयोगात्मक हुन् । त्यसैले वैज्ञानिकका सबै उत्तरहरू समयक्रममा फरक फरक आउँछन् । प्रौढ जान्दछन् कि सबै उत्तर मनुष्यद्वारा निर्मित हुन् किनभने अस्तित्व निरुत्तरित छ । त्यसैले त अस्तित्व रहस्यात्मक छ । हरेक उत्तरले नयाँ कुतूहलता पैदा गर्छ । जसले अस्तित्वको रहस्यलाई जानेर प्रश्न गर्न छोड्छ यस्तो प्रश्नरहित अवस्थामा व्यक्ति ज्ञान विज्ञानबाट तृप्त हुन्छ जुन प्रौढ व्यक्तिको अवस्था हो । प्रश्न नै बाँकी नरहेपछि चित्त मौन र शान्त हुन्छ । यस्तो अवस्थामा चित्त जीवनको रहस्यको मार्गतिर लाग्दछ र नवजीवन प्राप्त हुन्छ । विज्ञानको ढङ्ग सोधेर जान्ने हो भने ज्ञान र धर्मको ढङ्ग नसोधेर जान्ने हो ।

श्रीकृष्ण भन्नुहुन्छ- ज्ञान विज्ञानबाट जो तृप्त हुन्छ ऊ प्रौढ मानिन्छ र उसमा कुनै कुतूहलता बाँकी रहँदैन । प्रौढता प्राप्त भएपछि कुनै प्रश्न र उत्तर हुँदैन, केवल मौनता र शान्ति मात्र हुन्छ । दर्शनशास्त्र र धर्ममा यही अन्तर छ । दार्शनिक प्रश्नको वर्षा गराउँछन्, त्यसैले यस अर्थमा उनीहरू बृद्ध बालक हुन् । प्रश्न र उत्तरमा जगत्को वास्तविकता छर्लङ्गिँदैन । दार्शनिकहरू कुतूहलताले भरिएका व्यक्ति हुन् । प्रौढ व्यक्तिहरू चाहिँ वस्तुको स्वभाव नै यस्तो हुन्छ भन्ने मान्दछन् । आगो तातो हुन्छ र पानी चिसो हुन्छ । तातो र चिसो वस्तुको गुण र स्वभाव हो । हरेक वस्तुको स्वभाव हुन्छ । ज्ञानी स्वभावका बारेमा जान्नु नै पर्याप्त छ भन्दछन् । महावीरले भन्नुभएको छ- वस्तुको स्वभाव जान्नु नै धर्म हो । यस्तो तब सम्भव हुन्छ जब ज्ञान-विज्ञानका बारेमा जान्ने जिज्ञासा क्षीण हुन्छ । जसले अस्तित्वलाई स्वीकार गरेर त्यसबारे सोच्न छोड्छ, उसले म विराट् सागरको एउटा लहर हुँ भन्ने जान्दछ । त्यसैले मौन रही गहिराइमा डुबेर अस्तित्वका बारेमा आफै जान्नु अनुभवबाट जान्नु हो । जान्ने व्यक्तिहरू के भन्छन् भने अनुभवको फलित परिणाममा व्यक्ति परमात्मातुल्य हुन्छ ।

श्रीकृष्णको मैले नै यस्तो भनिरहेको छु भन्ने कुनै दाबी छैन । जसले पनि जानेका छन् उनीहरूले पनि यस्तै भनिरहेका छन्, यस्तो मैले नै भनिरहेको छु भनी उहाँ भन्नुहुन्न । उहाँ त ज्ञानले यस्तो भन्छ

भन्नुहुन्छ । ज्ञानमा व्यक्ति रहँदैन तसर्थ कृष्णको भनाइ ज्ञानको कथन हो । समस्त द्वन्द्व र जिज्ञासाबाट मुक्त र कुतूहलताविहीन व्यक्ति परमात्मामा प्राप्त हुन्छ । यस्तै प्रौढ, निर्द्वन्द्व एवम् समबुद्धि चित्तवाला अकम्पित, अटल व्यक्ति नै परमात्मामा प्राप्त हुन्छ ।

*सुहृन्मित्रार्युदासीनमध्यस्थद्वेष्यबन्धुषु ।*
*साधुष्वपि च पापेषु समबुद्धिर्विशिष्यते ॥९॥*

**निस्वार्थ भई परोपकार गर्ने व्यक्ति; मित्र, शत्रु, तटस्थ वा मध्यस्थकर्ता व्यक्ति एवम् ईर्ष्यालु बन्धुबान्धव, साधुहरू र पापीजनहरूप्रति पनि समभाव राख्न सक्ने व्यक्ति सर्वश्रेष्ठ मानिन्छ ॥**

समबुद्धि सम्पूर्ण योगको सार हो । अघिल्ला श्लोकहरूमा श्रीकृष्णले अलग-अलग बाटोबाट समता बुद्धिरूपी मन्दिरमा प्रवेश गर्ने मार्ग बताउनुभएको थियो । यस श्लोकमा समता बुद्धिका बारेमा अर्को दिशाबाट बताउँदै हुनुहुन्छ । भिन्न भिन्न प्रवृत्तिका मानिसहरूका रुचि र अवस्थाका कारण समताबुद्धिका बारेमा पनि उहाँले फरक फरक मार्ग उल्लेख गर्नुभएको हो । कसैलाई समबुद्धि साध्न सुख र दुखको बिचमा रहेर अघि बढ्न सहज हुन सक्छ भने अर्का प्रवृत्तिका मानिसहरूलाई यो मार्गभन्दा फरक धार उपयुक्त लाग्न सक्छ किनभने मानिसहरूका संवेदनशीलता फरक फरक हुन्छन् । कसैका लागि सुख र दुख भन्दा यश र अपयश महत्त्वपूर्ण हुन सक्छ । एउटा व्यक्ति यश कमाउन र अपयशबाट बच्न सबै प्रकारका दुख झेल्न तयार हुन सक्छ । तसर्थ द्वन्द्व र रुचि अनुसारको मार्ग छनोट गरी समबुद्धिमा स्थिर रहनुपर्छ । कुनै मानिसलाई यश एवम् अपयशभन्दा पनि मित्रता र शत्रुताको मूल्य भारी हुन सक्छ । त्यसैले उनीहरूलाई मित्रता र शत्रुताका बिचमा समबुद्धिलाई साध्नुपर्ने हुन्छ । जुन द्वन्द्व अर्थात् मार्ग आफूलाई उपयुक्त लाग्छ त्यसको छनोट गर्नुपर्छ ।

प्रत्येक व्यक्तिले सुख-दुख, मान-अपमान, प्रेम-घृणा, सम्पन्नता-निर्धनता, ज्ञान-अज्ञान, शान्ति-अशान्ति, मित्र-शत्रु, यश-अपयश आदिमध्ये एकको पहिचान गर्नुपर्छ । आफ्नो द्वन्द्व के हो त्यसको पहिचान गरेर बिचमा रहनु नै समता बुद्धिमा प्राप्त हुने मार्ग हो । अर्काको द्वन्द्वमा समभाव राख्न सजिलो हुन्छ तर आफ्नो द्वन्द्वमा सम हुन सक्नु बुद्धिमानी हो । यस प्रसङ्गमा कृष्ण मित्र र शत्रुमा समभाव कायम राख्नुभन्दा धन र निर्धनमा समबुद्धि कायम राख्न सजिलो हुने कुरा बताउनुहुन्छ किनभने धन निर्जीव वस्तु हो । यश र अपयशमा पनि समता उपलब्ध गर्न कठिन हुँदैन किनभने यी पनि आफ्ना निजी कुरा हुन् तर मित्र र शत्रुका बिचमा समता भाव राख्नु चुनौती नै हुन्छ किनभने यसमा अर्को व्यक्ति पनि सम्मिलित हुन्छ । यो निजी विषय मात्र होइन । शत्रु र मित्र दुवै जड नभएर चेतन र आफूजस्तै धरातलमा उभिएका व्यक्ति हुन् । त्यसैले यसमा समभाव राख्न कठिन हुन्छ । श्रीकृष्ण जसले मित्र र शत्रुमा समभाव कायम राख्न सक्छ त्यसलाई योगी भन्नुहुन्छ ।

आफ्नो स्वार्थ परिपूर्ति गर्न कसैको पनि शोषण नगर्ने व्यक्ति मित्र र यसका लागि जुनसुकै स्तरको गलत काम गर्ने व्यक्ति शत्रु हो । यस्तो शोषण नगर्ने व्यक्तिले नै शत्रु र मित्रमा समभाव राख्न सक्छ । आफ्ना लागि अनुकूल व्यक्ति मित्र हो भने प्रतिकूल कित्तामा उभिने र आफ्नो काममा बाधा उत्पन्न गर्ने व्यक्ति शत्रु हो । त्यसैले आजको शत्रु भोलि मित्र बन्न सक्छ र आजको मित्र भोलि शत्रु पनि हुन सक्छ । यदि हाम्रो स्वार्थ छ भने हामी समभाव राख्न सक्दैनौँ र स्वार्थ छैन भने मात्र मित्र र शत्रुका बिच समभाव राख्न सक्छौँ । जसले जिन्दगीलाई काम होइन नाटक वा सपना ठान्दछ त्यस्ता व्यक्तिले मात्र मित्र र शत्रुका बिचमा समभाव राख्न सक्छन् । यसको अर्थ निष्क्रिय रहनु भन्ने होइन, बरु कर्म गरेर त्यस कर्मप्रतिको अहङ्कार र आसक्ति त्याग्नु भनेको हो । यस्तो अवस्थामा काममा सहायता दिने व्यक्तिलाई धन्यवाद दिइन्छ र काममा बाधा दिने व्यक्तिलाई पनि धन्यवाद नै दिइन्छ । परमात्मा जे काम म बाट लिन चाहन्छ त्यही काम गर्नका लागि म बाँचेको छु र उसकै इच्छा बमोजिमको कर्म गर्दछु । यस्तो इच्छा

राख्ने व्यक्तिको कुनै कर्मप्रति आग्रह नै रहँदैन र मित्र तथा शत्रुका बिचमा पनि कुनै भेदभाव रहँदैन । कामप्रति मोह राख्ने र संसारमा केही गरेर मात्र जान चाहने मनुष्यले नै शत्रु र मित्रको निर्माण गर्छन् । यस्ता व्यक्तिले समभाव कायम राख्न सक्दैनन् । अरूबाट प्रेमको चाहना नराख्ने व्यक्तिले मात्र समभाव कायम गर्न सक्छ । प्रायः हामी सबैमा मृत्युपर्यन्त प्रेम पाउने इच्छा कायम नै रहन्छ । स-साना बाल-बालिकाहरूदेखि वृद्ध-वृद्धासम्म सबैमा प्रेमको आकाङ्क्षा हुन्छ । प्रेम चित्तको भोजन हो जसको अभाव मानिसले कल्पना पनि गर्न सक्दैन । जबसम्म प्रेमको जरुरत पर्छ, तबसम्म मित्र र शत्रुमा समता कायम हुन सक्दैन ।

हामी कसैलाई प्रेम गर्छौं र त्यसको सट्टा उसबाट पनि प्रेम चाहन्छौं भने त्यो प्रेम होइन, लगानी हो । जबसम्म प्रेम पाउने आकाङ्क्षा रहन्छ, तबसम्म व्यक्ति प्रौढ हुँदैन, त्यो बालक नै हुन्छ । विना प्रेम बाँच्न सक्ने व्यक्ति मात्र प्रौढ हुन्छ । प्रेमको अपेक्षा नराख्ने व्यक्तिले मात्र अरूलाई प्रेम दिन सक्छ । हामी सबै प्रेमको सट्टामा प्रेम चाहन्छौं । पतिपत्नी, बाबुआमा, सन्तान सबैका बिचको प्रेमको आधार यही रहेको छ । जहाँ र जुन समाजमा प्रेम फिर्ता पाइँदैन त्यहाँ कुकुर वा जनावर पाल्ने प्रवृत्ति बढी हुन्छ । त्यो प्रेम फिर्ता पाउने एउटा बाटो मनुष्यले खोजेको हो । प्रेम माग्ने व्यक्ति शत्रु र मित्रको बिचमा समबुद्धि कायम राख्न सक्दैन । प्रेमको माग गर्ने अवस्था पार गरिसकेको व्यक्ति समबुद्धिमा प्राप्त हुन्छ । ऊ प्रेम माग्दैन तर प्रेम दिन समर्थ हुन्छ । उसले मित्र र शत्रु दुवैलाई प्रेम दिन सक्छ । जब व्यक्ति प्रेमले भरिन्छ, तब ऊ मालिक हुन्छ । उसमा लिने इच्छा रहँदैन केवल दिने इच्छा मात्र शेष रहन्छ । यस्तो व्यक्ति मित्र र शत्रुको बिचमा भेद नगरी समभावमा प्राप्त हुन्छ; सबैलाई प्रेम गर्छ तर प्रेम फिर्ता माग गर्दैन । प्रेम जति बाँडे पनि घट्दैन । मनले जसबाट प्रेम फिर्ता पाइँदैन, त्यसलाई शत्रु र जसबाट प्रेम फिर्ता पाइन्छ त्यसलाई मित्र मान्दछ । मित्र र शत्रुमा समता भाव राख्न सकेमा त्यस्तो व्यक्ति योगमा प्रतिष्ठित हुन्छ ।

श्रीकृष्ण अर्जुनलाई शत्रु र मित्रको बिचमा समभाव जगाएर योगमा प्रतिष्ठित हुन सुझाउनु हुन्छ । अर्जुनका लागि यो सूत्र उपयोगी हुन सक्छ । अर्जुनलाई आफन्तजन, मित्रलाई मारेर पाउने राज्य-वैभव व्यर्थ लाग्यो । क्षत्रियका लागि मित्र र प्रियजनको मूल्य धेरै हुन्छ र अर्जुन त्यही भन्दै छन्। अर्जुन चिन्ता र सन्तापमा उभिएका छन् । श्रीकृष्णको यो भनाइ अर्जुनका मित्र र शत्रुबिचको समभावका लागि विशेष महत्त्वको छ । यसको तात्पर्य युद्धमा को मित्र र को शत्रु हो फिक्री नगरी तटस्थ भएर युद्ध गर्नुपर्छ भन्ने हो । उहाँ अर्जुनलाई भन्नुहुन्छ- यी दुवैका बिचमा तटस्थ भएर को मित्र र शत्रु, भन्ने चिन्ता नगरी युद्ध गर । अर्जुन युद्धबाट भाग्न चाहन्छन् । उनका सबै जिज्ञासा नकारात्मक छन् तर कृष्णको सारा शिक्षा सकारात्मक छ । अर्जुन त केवल सन्तापबाट बच्ने उपाय मात्र चाहन्थे तर कृष्ण अर्जुनको चिन्ताको फिक्री नगरी उनलाई निश्चिन्त गराई योगारूढ बनाउन चाहनुहुन्छ । यदि अर्जुन योगी भएर युद्धमा उत्रिए भने मात्र त्यो युद्ध धर्मयुद्ध बन्न सक्छ ।

युद्ध सदैव धर्म र अधर्मका बिचमा नै हुन्छ । श्रीकृष्ण अनौठो प्रयोग गर्दै यस महाभारत युद्धलाई धर्म युद्ध बनाउने प्रयासमा हुनुहुन्छ । त्यसका लागि उहाँ अर्जुनलाई युद्धमा प्रवेश हुनुअघि नै समताबुद्धिमा स्थिर हुँदै योगी भएर युद्ध गर्न शिक्षा प्रदान गर्दै हुनुहुन्छ । उहाँ भन्नुहुन्छ- हे अर्जुन ! तिमी समबुद्धिमा रहेर, आफन्त-पराईका बिचको भेदलाई त्यागेर शत्रु-मित्रको बिचमा तटस्थ रहेर युद्ध गर । के फल वा परिणाम निस्किन्छ त्यसको चिन्ता नगर । को मर्लान् र को बाँच्लान् तिमी त्यसको फिक्री नगर । जो मरे वा बाँचे पनि जन्म-मृत्युको बिचमा भेद नगरी युद्ध गर । तिमी समतामा उपलब्ध भएर चित्त नडगमगाई कम्पित नभई, अविचलित र अटल बनेर युद्ध गर । सफलता-असफलता, विजय-पराजय जे भए पनि यसलाई समभावले हेर ।

युद्धका समयमा योगी बनाउने प्रयास सामान्य नभएर कठिन विषय हो । अर्जुन योगी भएर युद्धमा उत्रियून् भन्ने प्रयास नै कृष्णको अनौठो र सकारात्मक प्रयास रहेको छ । उहाँ असम्भव प्रयासलाई सम्भव बनाउन चाहनु हुन्छ । उहाँ अर्जुनलाई न त भोगी बनाएर युद्धमा उतार्न चाहनुहुन्न, न त योगी बनाएर जङ्गल नै पठाउन चाहनुहुन्छ । उहाँ त अर्जुनलाई योगी बनाएर युद्धमा संलग्न गराउन चाहनुहुन्छ । बुद्ध जस्तो भएर बोधी वृक्षमा बस्न कठिन छैन तर बुद्ध जस्तो ध्यानस्थ भएर युद्धमा होमिनु भने असम्भव प्रयास हो । त्यसैले श्रीकृष्ण सबै द्वार उघारेर अर्जुनलाई प्रकाश देखाउन चाहनुहुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- मित्र-शत्रुको बिचमा समबुद्धि कायम गऱ्यौ भने तिमी योगमा प्राप्त हुने छौ ।

*योगी युञ्जीत सततमात्मानं रहसि स्थितः ।*
*एकाकी यतचित्तात्मा निराशीरपरिग्रहः ॥१०॥*

**योगीले नित्य एकान्तमा एक्लै बसेर आफ्नो मन, इन्द्रिय र शरीरलाई वशमा राखी बाहिरी भोग र भित्री भोग एवम् आसक्तिलाई त्याग गरेर आत्मालाई परमात्मामा लगाउनुपर्दछ ॥**

वासनारहित, सङ्ग्रहमुक्त र समभावमा प्राप्त गरेको योगी एकान्तमा परमात्माको स्मरण गर्दै परमसत्ताको दिशामा उन्मुख हुन्छ । एकान्तमा परमात्माको ध्यान गर्दछ भन्ने यस सूत्रको गलत व्याख्या भएको छ । त्यसैले त अर्जुन पनि मलाई युद्धबाट विमुख हुन दिनुहोस् र म पनि एकान्तमा रहेर प्रभुको स्मरण वा ध्यान गर्न चाहन्छु भन्छन् । श्रीकृष्णले बाहिरको एकान्तस्थान भन्नुभएको होइन अन्यथा अर्जुनलाई पलायन हुनबाट रोकी समभावमा रहेर युद्ध गर भन्नु हुन्नथ्यो ।

श्रीकृष्णको एकान्तको अर्थ एकान्तवास अर्थात् एक्लोपन होइन एकान्तको अर्थ स्वयम्मा स्थित भएर परनिर्भर नहुनु हो । एकान्तको अर्थ दोस्रोको अनुपस्थिति होइन, एकान्तको अर्थ दोस्रो व्यक्तिको उपस्थितिको जरुरत नै छैन भन्ने हो । जङ्गलमा कोही सँगै नभएर एकान्तमा हुँदा पनि व्यक्ति एकान्तमा हुँदैन र मनभित्रको ठुलो भिडसँगै हुन्छ । जसलाई छोडेर जङ्गल आएको छ त्यो भिड मनभित्र मौजुद हुन्छ । त्यसैले जङ्गलमा मानिस एक्लै भए पनि एकान्तमा हुन सक्दैन । कृष्णको एकान्तको अर्थ भित्र एउटै चित्त होस् भन्ने हो । जसले एकान्तको जानकारी प्राप्त गर्छ ऊ भिडमा रहेर पनि भित्रबाट एकान्तमा हुन सक्छ किनभने भिड सदैव बाहिर छ र भिडले भित्र कुनै बाधा गर्न सक्दैन । भित्र स्वयम्को एकै स्वर एउटै सङ्गीत भएको आन्तरिक एकान्तको कुरा श्रीकृष्णले भन्नुभएको हो । भिडबाट भागेर जानु सामान्य कुरा हो तर भित्रको भिडलाई निकालेर एकान्तमा रहनु ठुलो कुरा हो । भित्रको रसको कारणले नै भिड जम्मा हुन्छ।

श्रीकृष्ण भन्नुहुन्छ- समभावमा प्राप्त भएको व्यक्ति स्थिर एवम् शान्त हुन्छ र एकान्तमा प्रभुको ध्यान गर्छ । हृदयको अन्तर गुफा जहाँ भित्र शून्यको स्थान छ, त्यहाँ बाह्य आकाशभन्दा पनि विराट् आकाश मौजुद हुन्छ । यस्तो व्यक्ति हृदयको अन्तर गुफामा रहेर एकान्तमा स्थित हुँदै प्रभुको ध्यान गर्दछ । प्रभुको ध्यान त्यही अन्तरगुफामा मात्र गर्न सकिन्छ । हामी सबैभित्र एउटा अन्तर आकाश हुन्छ । छान्दोग्योपनिषद्मा हृदयको अन्तरगुफाका बारेमा बताइएको छ जहाँ व्यक्ति वास्तवमा शुन्य र एकान्तमा हुन्छ । जुन समय व्यक्ति अन्तरगुफामा प्रवेश गर्छ त्यसै बेलादेखि व्यक्ति हट्न थाल्छ र खाली शून्य र एकान्त मात्र शेष रहन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- व्यक्तिमा आफू वा कर्तापन बाँचिरह्यो भने एकान्त हुँदैन । जब एकक्षण कर्तापन वा व्यक्ति स्वयम् हराउँछ, त्यसबेला चैतन्य मात्र बाँकी रहन्छ । जहाँ व्यक्ति आफू रहेको थाहा पनि हुँदैन, त्यहाँ केवल हुनु मात्र शेष रहन्छ । त्यो शुद्ध हुनुमा एकान्त हुन्छ र त्यो एकान्तमा प्रभुको ध्यान हुन्छ अनि प्रभुलाई जानिन्छ र प्रभुसँग मिलन हुन्छ । प्रभुलाई जान्न सकिएन भने ध्यान हुँदैन । श्रीकृष्ण भन्नुहुन्छ- समभावमा प्राप्त व्यक्ति स्थिर एवम् कम्पनरहित हुन्छ र स्थिर चित्तमा रहेर उसले एकान्तमा अन्तरगुफामा प्रभुको ध्यान गर्दछ । यस्तो व्यक्तिले सर्वत्र प्रभु देख्दछ र उसका रौं रौंमा प्रभुको स्मृति

गुञ्जन थाल्छ एवम् सर्वत्र प्रभुको ध्वनि बज्न थाल्छ । जससँग हामी आत्मसात् भएर एक हुन्छौं त्यो ध्यान हो । ध्यान गर्दा आफू रह्यो वा कर्तापनको भाव आयो भने प्रभुको ध्यान हुँदैन । ध्यानको अर्थ एकाकार हुनु हो । ध्यानको घटना एकान्तमा मात्र घट्छ । त्यसभित्रको एकान्त गुफा जहाँ सारा संसार हराउँछ, बाह्य कुरा समाप्त हुन्छ र अन्तमा आफू पनि विलीन भएर समाप्त हुन्छ, त्यस शून्यवत् एकाकार अवस्थामा मात्र प्रभुको ध्यान हुन्छ । जङ्गलमा भागेर जाने ठाउँ एकान्त होइन, यो त स्वयम्भित्र प्रवेश गर्ने एकान्त हो । श्रीकृष्णको यो भनाइ योगको परम उपलब्धि हो ।

समस्त योग मनुष्यभित्रको अन्तरगुफामा प्रवेश गर्ने विधि हो । यस अन्तरगुफामा प्रवेश गरेपछि प्रभुको ध्यान, अनुभव र साक्षात्कार गर्न सकिन्छ । हामी सबैभित्र त्यो गुफा मौजुद छ तर हामी सबै आफ्नो गुफाको बाहिर घुमिरहन्छौं र भित्र पस्ने चेष्टा पनि गर्दैनौं । हामी एक्लोपनलाई एकान्त ठान्छौं र यही एकान्तपनलाई भर्ने चेष्टा गर्छौं । एक्लोपनले सदैव उदासीनता ल्याउँछ तर प्रभुसँग मिलन हुने भएकाले एकान्तले सदा आनन्द ल्याउँछ । प्रत्येक व्यक्तिको ध्येय भगवान् हुनु हो जो एकान्तमा प्राप्त हुन्छ । श्रीकृष्ण अर्जुनलाई त्यो परम आनन्द प्राप्त गर्ने दिशातिर इसारा गर्दै हुनुहुन्छ ।

*शुचौ देशे प्रतिष्ठाप्य स्थिरमासनमात्मनः ।*
*नात्युच्छ्रितं नातिनीचं चैलाजिनकुशोत्तरम् ॥११॥*

**आफ्ना लागि अत्यन्त पवित्र स्थानमा न अति अग्लो न अति होचो ठिक्कको ठाउँमा नरम वस्त्र, मृगचर्म या कुशको दृढ आसन योगका लागि स्थापित गरोस् ॥**

*तत्रैकाग्रं मनः कृत्वा यतचित्तेन्द्रियक्रियः ।*
*उपविश्यासने युञ्ज्याद्योगमात्मविशुद्धये ॥१२॥*

**त्यसै आसनमा बसी मन, इन्द्रिय तथा कर्महरूलाई वशमा राखेर मनलाई एकाग्र गरी चित्तशुद्धिका लागि योगको अभ्यास गरोस् ॥**

हृदयको अन्तरगुफामा या अन्तस्करणमा प्रवेश गर्नका लागि कृष्ण केही विधिहरूको सङ्केत गर्नुहुन्छ । योगका समस्त विधिहरू बाहिरबाट प्रवेश गरेर भित्र समाप्त हुन्छन् । यो स्वाभाविक प्रक्रिया हो किनभने मानिस जहाँ छ त्यहीँबाट प्रारम्भ गर्नुपर्छ । श्रीकृष्ण भन्नुहुन्छ- व्यक्तिको अवस्थाको आधारमा विधि फरक हुन सक्छ । यहाँ आसनका बारेमा उल्लेख गरिएको छ । आसन जो धेरै अग्लो वा होचो नहोस् बरु ठिक्कको होस् । भित्र आफ्नो अन्तस्करणमा पुगिसकेका व्यक्तिहरूका लागि आसनका कुरा भनिएको होइन किनभने जो भित्र अन्तस्करणको रसास्वादनमा डुबेका छन्, उनीहरूका लागि होचो वा अग्लो आसनको कुनै अर्थ रहँदैन । कृष्णले अर्जुनलाई आसनको कुरा भन्नुमा करुणाको भाव छ । उहाँ भन्नुहुन्छ- न होचो, न अग्लो बरु समस्थानमा मृगचर्ममा बसेर चित्त एकाग्र पार्दै इन्द्रियको मालिक हुन सकेमा योगमा प्रवेश हुन सक्छ । उहाँ अर्जुनको अवस्था विचार गर्दै आसनको कुरा गर्नुहुन्छ किनभने अर्जुन चित्त एकाग्र गर्नुपर्ने अवस्थामा छन् । उनको चित्त एकाग्र गर्नका लागि कुन स्थानमा बसेर कसरी ध्यान गर्ने भन्ने कुराले फरक पार्ने भएकाले कृष्णले यो विधि र आसनका बारेमा भन्नुभएको हो ।

श्रीकृष्णको यो वक्तव्य झट्ट हेर्दा ज्यादै साधारण लाग्न सक्छ तर त्यसो होइन । यदि आसन समतल र शरीरको पूरै हिस्सा समान स्थितिमा छ भने त्यसका धेरै वैज्ञानिक कारणहरू हुन्छन् । जमिन सदैव आफ्नो गुरुत्वाकर्षणले हाम्रो शरीरलाई प्रभावित गर्दछ । जब हामी समतलमा हुन्छौं, तब जमिनको गुरुत्त्वाकर्षण न्यून हुन्छ र हामी अलिकति पनि ढल्कियौं भने गुरुत्त्वाकर्षण बढ्दछ किनभने हाम्रो शरीरको र गुरुत्त्वाकर्षणको सम्बन्ध बढ्दछ । सिधा आसनमा बस्दा गुरुत्त्वाकर्षणले सिधा रेखामा केवल रिडलाई मात्र प्रभावित गर्दछ । अलिकति मात्र झुक्दा पनि पृथ्वीको गुरुत्त्वाकर्षणले शरीरलाई बढी प्रभाव पार्दछ । बाङ्गो बस्दा गुरुत्त्वाकर्षणले ज्यादै खिच्छ र थकाउँछ । सुत्दा कम थाक्नु र बढी आराम प्राप्त हुनुको मुख्य

कारण सारा जमिनको गुरुत्वाकर्षण शरीरमा समान रूपले भएर हो । श्रीकृष्णको वक्तव्यको आधार समान गुरुत्वाकर्षण हो । न्यूटन (Newton) ले गुरुत्वाकर्षणलाई सिर्जेका होइनन् मात्र पत्ता लगाएका हुन् । आसनको विधिबाट न्यूनतम आकर्षण वा खिचाइमा हामी हाम्रो शरीरलाई राख्न सक्छौँ । जमिनले शरीरलाई जति खिच्छ त्यति नै चित्त अस्थिर हुन्छ । शरीरलाई गुरुत्वाकर्षणको न्यूनतम स्थितिमा राख्नु भनेको सिद्धासनमा राख्नु हो । वैज्ञानिकहरूले के कुरा स्वीकार गरेका छन् भने व्यक्ति सिद्धासनमा जति धेरै समय रहन सक्छ, त्यति नै उसको उमेर बढ्छ किनभने उसको शरीर र जमिनबिचको आकर्षण कमभन्दा कम हुन्छ र शरीर तुलनात्मक रूपमा कम बुढो हुन्छ ।

श्रीकृष्णले ध्यानका लागि समतल अर्थात् न अति होचो न अति अग्लो भूमि चयन गर्नुपर्छ भन्नुमा पनि कारण छ । समग्र पृथ्वी हरक्षण अनन्त तरङ्गहरूबाट प्रभावित भइरहेको हुन्छ । यसप्रकारका तरङ्ग सर्वत्र फैलिएका हुन्छन् । कतिपय तरङ्गहरू धेरै तौलका हुन्छन् । नराम्रा विचारका तरङ्गहरू वजनदार हुन्छन् भने शुभ विचारका तरङ्गहरू भारविहीन हुन्छन् । खाल्डामा पृथ्वीमा उठ्ने न्यूनतम तरङ्गहरू प्रवाहित हुने हुँदा खाल्डामा बसेर ध्यान गर्दा तिनै न्यूनतम तरङ्गसँग मात्र सम्पर्क हुन्छ र श्रेष्ठ तरङ्गहरू माथिबाट नै गुज्रिन्छन् । पहाड वा हिमालमा बसेर ध्यान गर्नुको अर्थ भएकाले मानिसहरू त्यहाँ गई ध्यान गर्न आकर्षित भएका हुन् । पृथ्वीका तरङ्गहरू हरेक तलमा यात्रा गरिरहेका हुन्छन् । एकप्रकारका तरङ्ग एक सतहमा यात्रा गर्छन् । जति उचाइ हुन्छ त्यति नै शुद्ध तरङ्गहरू यात्रा गर्छन् तर सत्पात्र भएन भने कहिलेकाहीँ श्रेष्ठ तरङ्गहरूले पनि उत्पात मच्चाउँछन् । त्यसैले त्यस्ता शुद्ध तरङ्ग झेल्न पनि सत्पात्र र सामर्थ्यवान् हुनुपर्छ । हामी जहाँ बाँच्छौँ त्यही तल वा सतह हाम्रो जीवनको सतह हुन्छ । त्यसैले ध्यानका सुरुवातमा व्यक्तिहरूका लागि न धेरै माथि या न धेरै तल हुने स्थान नै ध्यानका लागि उपयुक्त हुन्छ ।

जति-जति क्षमता बढ्दै जान्छ त्यति त्यति माथिको यात्रा गर्न सकिन्छ । हाम्रा प्राचीन तीर्थस्थल, शक्तिपीठहरू विशिष्ट कारणले नै सबैभन्दा अग्ला चुचुरा वा पहाडहरूमा बनाइएका हुन् । ती स्थानसम्म बिस्तारै साधकहरूले यात्रा गर्दथे र उनीहरूका लागि कैलाशको यात्रा अन्तिम यात्रा हुन्थ्यो जहाँ गएर उनीहरू समाधिमा लीन हुन्थे । अग्ला चुचुरा वा पहाडमा प्रशस्त शुद्ध तरङ्गहरू उपलब्ध हुने भएकाले व्यक्तिको क्षमता अभिवृद्धि भएपछि बिस्तारै ऊ शुद्ध तरङ्ग झेल्न समर्थ हुन्थ्यो । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- तिमी उपयुक्त समतल भूमि र उपयुक्त आसन समेत ध्यानका लागि चयन गर, तब मात्र तिमी सरलतापूर्वक शान्त हुने छौ । श्रीकृष्णले मृगचर्मका बारेमा पनि चर्चा गर्नुको कारण छ । पूर्वीय दर्शनमा आस्था राख्ने सन्न्यासीहरू लाखौं वर्षदेखि काठको खराउ उपयोग गरिरहेका छन् । काठको फल्याक, मृगचर्म, सिंहचर्मको आसनमा बसेर ध्यान गर्नुमा विशेष कारण छ । जुन वस्तुहरूमा विद्युत् प्रवाह हुँदैन, ती वस्तुहरू ध्यानमा सहयोगी हुन्छन् ।

विद्युत् प्रवाहित हुने वस्तुमा वसेर ध्यान गर्नु खतरनाक हुन्छ किनभने गहिरो ध्यानमा शरीरले एउटा अन्तरविद्युत् पैदा गर्छ । पूरा ध्यानमा शरीरको आन्तरिक विद्युत् शक्ति सक्रिय हुन्छ । हामी सबैको शरीरमा विद्युत्शक्ति छ र त्यही विद्युत् शक्तिका कारण हामी उठ्छौँ, हिँड्छौँ र जीवन चलाउँछौँ । हामी जुन श्वास लिन्छौँ त्यसले हाम्रो शरीरलाई प्राणवायु पुऱ्याएर हाम्रो शरीरको विद्युत्लाई जीवित राख्ने काम गर्दछ । श्वासले अक्सिडाइजेसनको काम गर्दछ । हाम्रो शरीरलाई जीवित राख्न प्रतिपल विद्युत्को आवश्यकता पर्दछ; त्यसैले श्वासविना हामी बाँच्न सक्दैनौँ । शरीर विद्युत्को एउटा जेनेरेटर हो, जहाँ पूरा समय विद्युत् पैदा भइरहेको हुन्छ । यो विद्युत्लाई ध्यानको समयमा संरक्षण प्राप्त हुन्छ । साधारणतया हामी विद्युत्लाई फ्याँकिरहेका हुन्छौँ । केवल हात हल्लाउँदा पनि विद्युत्को एक मात्रा हातबाट फ्याँकिन्छ । एक शब्द बोल्दा पनि शब्दलाई गति दिन विद्युत्को एक मात्रा नष्ट हुन्छ । हामी जति पनि क्रियाकलाप गर्छौं तिनमा विद्युत्को मात्रा उपयोगमा आइरहेको हुन्छ ।

ध्यानमा हिँड्ने, बोल्ने आदि सबै क्रियाहरू बन्द हुन्छन् । विचारशून्य, चित्त मौन र इन्द्रियहरू शिथिल भएर निष्क्रिय हुन्छन् । त्यसैले बाहिर निरन्तर फ्याँकिने विद्युत् ऊर्जा सबै एकत्रित र संरक्षित हुन्छन् । गलत स्थानमा बसेर ध्यान गरियो भने विद्युत्को धक्का अनुभव हुन्छ । काठको खराउ लगाएर तारलाई छोयो भने विद्युत्को झड्काले छुँदैन किनभने झड्का बिजुलीको कारणले होइन, झड्का त बिजुलीको तारबाट हामीभित्र जुन बिजुली आउँछ त्यसलाई जमिनले झड्काका साथ तान्दछ त्यसको कारणले लाग्छ । यदि खराउ लगाएको छ भने बिजुलीको तार छुँदा पनि झड्का लाग्दैन किनभने खराउले बिजुलीको प्रवाहलाई फिर्ता गरिदिन्छ । बिजुलीले एउटा चक्र बनाएमा झड्का लाग्दैन । मृगचर्म, सिंहचर्म, खराउ आदि विद्युत् प्रवाहरहित साधन हुन् र यी सामग्रीले बिजुलीलाई फिर्ता गरिदिन्छन् । ध्यान गर्ने व्यक्तिका लागि काठका फल्याकहरू, मृगचर्म, सिंहचर्म आदि उपयोगी हुन्छन् । व्यक्तिको ध्यानको स्तर माथिल्लो तहमा पुग्नु अघि यी वस्तुहरूको प्रयोग गर्नु उपयुक्त हुन्छ । ध्यानबाट शरीरको अन्तरचक्र निर्माण हुन्छ र विद्युत् अन्तरचक्र बनाउन सफल हुन्छ । यस्तो अवस्थामा जमिनमा बस्दा पनि झड्काको अनुभव हुँदैन । तर त्यो घटना ध्यानको माथिल्लो तहमा अन्तरचक्र निर्माण भएपछि मात्र सम्भव हुन्छ; प्रारम्भिक साधकहरूमा यो निर्माण भएको हुँदैन । त्यसैले माथिका वस्तुहरूको प्रयोग उपयोगी हुन सक्छ । जब अन्तरविद्युत्को चक्र निर्मित हुँदैन, तबसम्म हामी बाह्य चक्रमा निर्भर रहनुपर्छ र यसबाट पार हुने उपाय र प्रयास गर्नुपर्छ ।

त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- आसन र जमिन उपयुक्त हुनुपर्छ । इन्द्रियहरूलाई वशमा राख्न यस्तो स्थितिमा सजिलो हुन्छ । योगले यस्ता व्यवस्थाहरूको खोज गरेको छ जो बाह्य व्यवस्थालाई तानेर अन्तरव्यवस्थामा पुऱ्याउन सार्थक हुन्छन् । यस्तो मुद्रा खोजेको छ जो इन्द्रियलाई अन्तरमुखी बनाउन सहायक हुन्छन् । यस्ता स्थानहरू खोजेको छ जहाँबाट हाम्रो शरीरका विशेष केन्द्रहरूमा दबाब दिएमा त्यसको परिणामस्वरूप हाम्रा इन्द्रिय शिथिल हुन्छन् । अमेरिकी वैज्ञानिक थियोडर रेकले गरेको खोजमा उनी भन्छन्- मनुष्यका शरीरमा भएका विभिन्न विन्दुहरूलाई दबाएमा शरीरमा फरक परिणाम देखापर्दछन्। उनी योगी होइनन् फ्रायडका शिष्यहरूमध्ये एक सामान्य शिष्य मात्र हुन् । उनलाई पूर्वमा खोजिएको योगासनका बारेमा कुनै जानकारी थिएन, अन्यथा उनको खोज अझ प्रगाढ हुनसक्थ्यो। उनले शरीरका केही स्थानहरूको खोजी गरे जसलाई दबाउनाले शरीरमा विविध परिणाम निस्कन्छन्। दाँतको नजिक बङ्गारामा यस्ता स्थानहरूको खोजी गरे जसमा व्यक्तिको हिंसा सङ्ग्रहित हुन्छ । उनी भन्थे- हिंसाको मूलस्रोतको केन्द्र दाँत हो । समस्त जनावर एवम् मनुष्यमा पनि हिंसाको स्रोत दाँत नै हो । हिंस्रक जनावरमा नङ र दाँतबाट हिंसा हुन्छ । जब व्यक्ति हिंसाले भरिन्छ, तब उसको दाँतमा कम्पन सुरु हुन्छ । मनुष्यको शरीरमा नब्बे प्रतिशत समस्या दाँतमा जम्मा भएको हिंसाको केन्द्रका कारणले हुन्छ । हाम्रो औँलाको आसपास पनि हिंसाका केन्द्र मौजुद छन् । हातका औँलाको मोडलाई हेरेर व्यक्ति कति हिंस्रक छ भनेर बताउन सकिन्छ । शरीरभरि यस्ता अनेक केन्दहरू मौजुद छन् ।

योगले यस्तो खोज गरेको छ कि जसबाट माथि उल्लिखित अवस्थाहरूबाट मुक्त हुन सकिन्छ । बुद्ध र महावीरको आसन हेर्ने हो भने उहाँहरूको पूरा शरीर एउटा विद्युत्को चक्रजस्तो छ। दुवै गोडा घुँडासम्म जोडिएका छन् । विद्युत्को आभास तिखो विन्दुबाट हुन्छ, गोलो कुराबाट विद्युत् बाहिर जाँदैन । जननेन्द्रियबाट सर्वाधिक विद्युत् बाहिर निस्किन्छ । त्यसैले सम्भोगपछि बेचैनी र उद्विग्नता तथा थकान हुन्छ किनभने त्यसबेला हाम्रो शरीरले धेरै विद्युत् खर्च गरेको हुन्छ । रक्तचाप, हृदयको धड्कन र नाडीको गति पनि अत्यधिक बढेको हुन्छ र थकानको अनुभव हुन्छ । यस क्षणमा केवल वीर्यस्खलन मात्र होइन, वीर्यको स्खलनसँगै जननेन्द्रियले ठूलो मात्रामा विद्युत् पनि बाहिर फ्याँक्छ । त्यो विद्युत्का पनि निश्चित

केन्द्रहरू छन् । त्यसैले सिद्धासन वा पद्मासनमा बस्ने क्रममा कुर्कुच्चाले त्यो विन्दुलाई दबाउँछ जहाँबाट जननेन्द्रियसम्म विद्युत् पुग्छ ।

पद्मासनमा दुवै खुट्टा शरीरसँग जोडिन्छन् र दुवै खुट्टाबाट निस्कने विद्युत् शरीरले लिन्छ अनि पुनः आफूभित्र फिर्ता लैजान्छ । यसै गरी दुवै हात जोडिएका हुन्छन्; त्यसैले हातबाट विद्युत् बाहिर जान पाउँदैन, एक हातबाट अर्को हातमा यात्रा गर्छ र पूरा शरीर एउटा चक्रमा रूपान्तरित हुन्छ । बुद्ध र महावीरका मूर्तिको आसन नियाल्ने हो भने पूरा शरीर विद्युत् चक्रका रूपमा देखिन्छ । यस्तो अवस्थामा इन्द्रियलाई भित्र तान्नु अत्यन्त सजिलो हुन्छ । यो विद्युत्को चक्र निर्माणका कारण हामी र हाम्रो इन्द्रियका बिचमा एउटा पर्खाल बन्छ जसको फलस्वरूप हामी र इन्द्रिय अलग हुन्छौँ । विद्युत्को स्रोत हामीभित्र छ र इन्द्रियले केवल विद्युत्को उपयोग मात्र गर्छन् । यदि बिचमा चक्र बन्यो भने इन्द्रियहरू बाहिर रहन्छन् र हामी भित्र रहन्छौँ । हामी र हाम्रो इन्द्रियका बिचमा विद्युत्को पर्खाल बन्छ जसलाई पार गर्न सकिँदैन । यस क्षणमा अन्तर-आकाशको यात्रा सजिलो हुन्छ । यो एउटा वैज्ञानिक प्रक्रिया हो ।

कतिपय योगारूढ साधकले अनेकौँ जन्मको यात्राका क्रममा ९९ डिग्रीको यात्रा गरिसकेर पनि पार हुन नसकेर पुनः जन्म प्राप्त गरेका छन् । यस जन्ममा सानो घटनाले पनि उनीहरूको यात्रा पूरा हुन्छ अर्थात् १०० डिग्री पार गर्न कुनै ठुलो काम गर्नैपर्दैन तर यस्तो घटना अत्यन्त बिरलै हुन्छ । लाउत्सु नामका एक अद्भुत सन्न्यासी एक रुखमुनि सुतिरहेका हुन्छन् । त्यसै क्षण माथिबाट एउटा सुकेको पात झर्छ । उनी खुसीले नाच्छन् र भन्छन्- यदि कसैलाई ज्ञानको आवश्यकता छ भने पात झर्ने बेलामा रुखमुनि आएर हेरे पुग्छ, अर्थात् ज्ञान प्राप्त हुन्छ । यस घटनाबाट लाउत्सुले ज्ञान प्राप्त गरे । उनको यात्रा पूर्वजन्मबाट करिब करिब पूरा भइसकेको थियो । अन्ततः एउटा पात झर्नाले उनको यात्रा पूरा भयो। यस घटनाका आधारमा अन्य धेरै साधकहरूले यसको प्रयोग गरे तर उनीहरूलाई सफलता मिलेन । व्यक्तिहरू सबै आ-आफ्नो यात्राका जिम्मेवार स्वयम् हुन्छन् ।

श्रीकृष्णले अर्जुनको अवस्थालाई ध्यानमा राखेर उनका लागि उपयोगी आसन, स्थान, समय आदिको उल्लेख गर्नुभएको हो । दिउँसो ध्यान गर्दा ध्यान लाग्न कठिन हुन्छ किनभने सूर्य प्रदीप्त हुन्छ र शिर माथि हुन्छ । यस बेला टाउकालाई शान्त पार्न गाह्रो हुन्छ । प्रातःकालीन सूर्यमा बाल्यपन हुन्छ अर्थात् ताप कम हुन्छ । त्यसैले सूर्यको किरण हामीमा सिधा पनि पर्दैन र शिरमा त्यसको असर हुँदैन । तसर्थ त्यो समय ध्यानका लागि उपयुक्त हुन्छ । दिनमा सूर्यको किरण सहस्राधार चक्रबाट प्रवेश गरेर कामकेन्द्रमा चोट पुऱ्याउँछन्, तब सूर्यको धारा शिरबाट कामकेन्द्रसम्म निरन्तर पुगिरहन्छ । ध्यानको यात्रा ठिक उल्टो छ । कामकेन्द्रबाट सहस्राधार चक्रसम्मको यात्रा ध्यानमा गर्नुपर्ने हुन्छ । दिनको ध्यान उल्टो नदी बगेको जस्तो हुन्छ तर प्रातः एवम् सन्ध्याकालीन ध्यानमा सूर्यको किरण शिरबाट कामकेन्द्रमा चोट पुऱ्याउने ढङ्गको हुँदैन । त्यसैले ध्यानका लागि यो समय अनुकूल हुन्छ । प्रार्थनाका नाममा नै सन्ध्याको प्रादुर्भाव भएको हो। सन्ध्याको क्षणमा सूर्यको ताप न्यूनतम हुन्छ । बिहान वा साँझको सूर्यले व्यक्तिमाथि सिधा असर गर्दैन । साथै राती १२ बजे ध्यान गर्ने व्यक्तिलाई पनि लाभ हुन्छ । त्यसैले योगीहरूले त्यस समयको सदुपयोग गरेका छन् । मध्यरातमा ध्यान गर्दा सूर्य जब व्यक्तिको ठिक तल पुग्छ, तब ध्यानका लागि सूर्य कामकेन्द्रबाट सहस्राधार चक्रतिर जान सहयोगी बन्न सक्छ । सूर्यको किरण हाम्रो जीवनको आधार हो किनभने सूर्य हाम्रो जीवन हो । त्यसैले प्रातःकालीन त्राटक गर्ने विधि प्रारम्भ भएको हो । सूर्यसँग लड्न यदि कसैले त्राटकको सही अभ्यास गरेको छ भने ऊ दिउँसो पनि ध्यान गर्न सक्छ । सूर्यका किरणहरूसँग तालमेल गर्ने व्यवस्था जानेर मात्र लड्न सकिन्छ अन्यथा सम्भव छैन ।

ध्यानको परम अवस्था समयभन्दा बाहिर अर्थात् समयातीत छ तर ध्यानको व्यवस्था भने समय भित्र छ । समयको व्यवस्थालाई ठिकसँग नजान्नेले ध्यानमा व्यर्थको कष्ट पाउँछन् । ध्यानका पनि

स्थितिहरू हुन्छन् । जब हावा, गुरुत्त्वाकर्षण, तरङ्ग र सबै स्थितिहरू अनुकूल हुन्छन्, तब ध्यानको यात्रा धेरै कम श्रममा गर्न सकिन्छ । सबै कुरा प्रतिकूल हुँदा ध्यान गर्न धेरै प्रयत्न गर्नुपर्ने हुन्छ ।

अर्जुनले धेरै कठिन प्रयास गर्नु नपरोस् र उनको यात्रा सहज होस् भनेर कृष्णले प्राथमिक कुराहरू बताइरहनु भएको छ । कुशले पनि ध्यानमा मद्दत पुग्छ । हामी कुशल त्यो व्यक्तिलाई मान्छौं जसले ध्यानमा सहयोगी हुने कुशको खोजी गरे । कुशले विशेष शुद्धता र स्वच्छता ल्याउँछ । कुशको उपस्थिति एउटा उत्प्रेरक मध्यस्थकर्ताको रूपमा हो जसले शुद्धताको काम गर्दछ । कुश एउटा विशेषप्रकारको घाँस हो । यसको खोजी ध्यानको माध्यमबाट भएको थियो । त्यसैले यो ध्यानमा सहयोगी हुन्छ । सबै वस्त्र ध्यानका लागि उपयुक्त हुँदैनन् । भोजन गर्दा प्रयोग गरिएको वस्त्रमा ध्यान गर्न कठिन हुन्छ । अझ सम्भोग गर्दा प्रयोग भएको वस्त्रमा ध्यान गर्न त असाध्य कठिन नै हुन्छ । जुन बिछ्यौनामा बसेर कामवासनाको ध्यान गरेको छ, त्यही आसनमा वा वस्त्रमा परमात्माको ध्यान गर्न सम्भव हुँदैन । सुती कपडाभन्दा रेसमी वस्त्र ध्यानका लागि उपयुक्त हुन्छ । ध्यान गर्ने वातावरण पनि स्वच्छ हुनु जरुरी छ । आफ्नो घरमा एउटा स्वच्छ स्थान निर्माण गर्न सक्यो भने त्यो मन्दिर हुन्छ । त्यसैले श्रीकृष्ण शुद्ध स्थान भन्नुहुन्छ, जुन स्थानमा बसेर दुष्कर्म गरेको छैन र कुविचार राखेको छैन त्यो स्थान ध्यानका लागि शुद्ध र उपयुक्त हुन्छ । जुन स्थानमा बसेर परमात्माको सतत स्मरण भइरहेको छ त्यस स्थानमा प्रवेश गर्नुपूर्व आफ्ना सारा छुद्रतालाई बाहिर छाडेको हुनुपर्छ ।

लाखौं करोडौं मानिसहरूले ध्यान गरेको स्थान ऊर्जाले घनीभूत हुन्छ जहाँ प्रवेश गर्नेबित्तिकै पवित्रताको अनुभव हुन थाल्छ । आफ्नो अन्तरयात्राको लागि सहायता प्राप्त हुने व्यक्तिको सान्निध्यलाई सत्सङ्ग भनिन्छ । त्यसैले सनातन धर्म र चिन्तनमा दर्शनको ज्यादै ठुलो महत्त्व रहेको छ । कुनै पवित्र व्यक्तिका अघि दुई क्षण उभिएर शिर झुकाउन सके गहिरो परिणाम आउँछ । यस्ता पवित्र व्यक्तिसमक्ष शिर झुकाएमा उसको पवित्र ऊर्जा शिरमा प्रवाहित हुन थाल्छ र व्यक्ति ग्रहणशील हुन्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- ध्यानका लागि पवित्र स्थान, शुद्ध स्नान एवम् ध्यानमा सहयोगी वस्तु सन्निकट भएमा ध्यानमा यात्रा गर्न सजिलो हुन्छ । यो बाह्य परिस्थितिलाई निर्माण गरी अन्तर मनस्थिति निर्माण गर्ने व्यवस्था हो ।

*समं कायशिरोग्रीवं धारयन्नचलं स्थिरः ।*
*सम्प्रेक्ष्य नासिकाग्रं स्वं दिशश्चानवलोकयन् ॥१३॥*

**योगाभ्यासीले शरीर, शिर, घाँटीलाई सोझो र स्थिर राखी अन्य कुनै दिशामा दृष्टि नदिई नाकको अग्रभागमा एक टकले हेरिरहोस् ॥**

*प्रशान्तात्मा विगतभीर्ब्रह्मचारिव्रते स्थितः ।*
*मनः संयम्य मच्चित्तो युक्त आसीत मत्परः ॥१४॥*

**मनलाई संयमित र अविचलित राखेर निडर हुँदै ब्रह्मचर्य व्रतमा रही मलाई नै परम लक्ष्य मानेर मनमा मेरै चिन्तन गरोस् ॥**

श्रीकृष्ण यस श्लोकमा विधिका बारेमा बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ- योगाभ्यासीले शरीर, शिर, घाँटीलाई सोझो र स्थिर राखी नाकको अग्रभागमा एक टक हेरिरहोस् । शरीरलाई एकदम ९० डिग्रीको कोणमा सिधा राख्नुपर्छ । हाम्रो मेरुदण्ड जमिनबाट ९० डिग्री कोणमा राख्दा शिर सिधा हुन्छ। यस्तो स्थितिमा व्यक्ति करिब करिब पृथ्वीको गुरुत्त्वाकर्षणबाट बाहिर हुन्छ र पृथ्वीको गुरुत्त्वाकर्षण बाहिर हुनु ऊर्ध्वगमनको मार्ग बन्छ । दृष्टि नाकको अग्रभागमा राख्दा आँखाका परेलाहरू पनि झुकेको अवस्थामा हुन्छन् । नाकको अग्रभाग हेर्नका लागि पूरा आँखा खुल्ला राख्नुपर्दैन । आँखा झुकेका हुन्छन् र त्यस्ता आँखाले मुस्किलले २ फिट टाढा मात्र देख्न सक्छ । दृश्य स्पष्ट नभई धमिलो हुन्छ साथै पूरा समय नाकको टुप्पामा दृष्टि दिइयो भने संसार वास्तविक कम र स्वप्नको रूपमा ज्यादा देखिन्छ । यदि अर्ध-

खुल्ला आँखा नासाग्र भागमा राख्यौं भने सारा जगत् सर्वत्र स्वप्नतुल्य लाग्दछ । हाम्रो दृष्टिको कारणले हामी यस जगत्लाई ठोस देख्छौं । नासाग्र दृष्टिमा बाहिरका सबै कुरा धमिलो लाग्न थाल्छन् र सारा कुरा सपनातुल्य लाग्छन् । जब संसार अनित्य र सपना प्रतीत हुन्छ, तब परमात्मा सत्य लाग्न थाल्छ । जबसम्म संसार सत्य लाग्छ, तबसम्म ईश्वर सत्य लाग्दैन । यो संसारमा दुई सत्य हुन सक्दैन । यहाँ एक सत्य टुटेपछि मात्र अर्को सत्यको बोध हुन्छ ।

यहाँ ध्यानका क्रममा आँखा अर्धखुल्ला राख्न भनिएको छ । पूरा आँखा बन्द गर्न भनिएको छैन किनभने आँखा बन्द गरेमा संसार सपनातुल्य लाग्दैन । आँखा बन्द गरेमा सपना देख्न थालिन्छ, जो भित्र सत्य लाग्न सक्छ । आँखा न बन्द न खुल्ला राख्नु पनि दुई द्वन्द्वका बिचमा समता कायम गर्नुजस्तै हो । यो अर्ध खुल्ला आँखाको ठुलो रहस्य छ । आधा खुलेको आँखाले भित्र न त सपना उत्पन्न गर्छ न त बाहिरको दुनियाँलाई यथार्थ मान्न सक्छ । जब दृष्टि नासाग्रमा हुन्छ, तब आज्ञाचक्रमा अर्थात् दुवै आँखाको मध्यमा जोड परेको एक अनौठो अनुभव हुन थाल्छ । दृष्टि त नाकको अग्रभागमा हुन्छ तर नाकको भित्री भागमा जोड पर्न सुरु हुन्छ । यही विन्दु द्वार हो जो खुल्नेबित्तिकै ऊर्ध्वगमनको यात्रा सुरु हुन्छ ।

आज्ञाचक्रको तल संसार र माथि परमात्मा छ । तल्लो भाग संसारसँग र माथिल्लो मस्तिष्कको भाग परमात्मासँग जोडिएको हुन्छ । यसमा जोड पर्नु भनेको बन्द ढोकालाई खोल्ने प्रयास गर्नु हो । यो गोप्य कुञ्जी अर्थात् आज्ञाचक्रलाई खोल्ने कुञ्जी हो । जुन विद्युत् हाम्रो आँखाबाट बाहिर जान्छ, त्यही विद्युत्लाई आज्ञाचक्रमा रोक्दा केन्द्रमा जोड परेर त्यो कुञ्जीले ढोका खोल्ने काम गर्दछ । ढोका खुल्नेबित्तिकै अघिल्लो जगत्सँगको सम्बन्ध बन्द भएर अर्को दुनियाँमा छलाङ मार्न सकिन्छ । कृष्णले ब्रह्मचर्य व्रतका बारेमा पनि उल्लेख गर्नुभएको छ । ध्यानको यस भागमा जब आधा आँखा खुल्ला हुन्छ, नासाग्रमा दृष्टि पुग्छ र आज्ञाचक्रमा जोड पर्छ, तब चित्तमा अलिकति पनि कामवासनाको विचार आयो भने जुन द्वार खोल्ने प्रयास भइरहेको थियो त्यो तत्काल समाप्त हुन्छ । अनि समस्त ऊर्जा तलतिर बग्न थाल्छ किनभने जीवन ऊर्जा उतैतिर बग्छ जसको स्मरण आउँछ । जब कामना, वासनाको विचार मनमा उठ्छ, तब कामवासना तत्काल सक्रिय हुन्छ । विचार मस्तिष्कमा चल्छ तर कामकेन्द्र सक्रिय हुन्छ ।

यदि कामवासनाको विचार चल्यो भने जीवन ऊर्जा कामवासनातिर प्रवाहित हुन्छ । ध्यानका क्षणमा यदि कामवासनाको विचार चल्यो भने व्यक्ति एकदम तलको यात्रा गर्न थाल्छ । सामान्यतया कामवासनामा पनि यति तल गइँदैन; त्यसैले कृष्णले सचेत गराउनु खोज्नु भएको हो । अर्धआँखा खुलेको र नासाग्रमा दृष्टि रहेको अवस्थामा कामवासनाको विचार चल्यो भने तीव्रतापूर्वक कामवासनामा झरिन्छ, जसको कुनै हिसाब गर्न सकिँदैन । त्यसैले कतिपय व्यक्तिलाई ध्यानको अनुभव बढ्दा कामवासनाको अनुभव हुन्छ । ध्यानका क्षणमा कामवासनाले पक्रियो भने कामवासनालाई ध्यानको जुन ऊर्जा पैदा भइरहेको छ त्यो पनि प्राप्त हुन्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- कामवासना त्यागेर ब्रह्मचर्यमा स्थिर हुनुपर्छ । चेतन रूपमा कामको चिन्तन एकक्षण पनि गर्न सकिँदैन । काम चिन्तन सदैव अचेतनमा चल्छ । अर्जुन ब्रह्मचारी होइनन्, त्यसैले श्रीकृष्णले ब्रह्मचर्यका बारेमा कुरा गर्नुभएको हो ।

जैन धर्ममा महावीरभन्दा अघि तेइस तीर्थङ्करहरूले ब्रह्मचर्यको कुरा उठाउनुभएको थिएन । उहाँहरूले चार धर्मका कुरा उठाउनुभयो; ती चार धर्म हुन्- सत्य, अहिंसा, अपरिग्रह र अस्तेय (चोरी नगर्नु) । त्यसैले पारसनाथसम्मको धर्मको नाम चतुरयाम थियो । महावीरले ब्रह्मचर्य जोडेर पञ्चमहाव्रत बनाउनु भयो । महावीरभन्दा अघि तेइस तीर्थङ्कर जससँग कुरा गरिरहनुभएको थियो उहाँहरू निष्णात ब्रह्मचारी हुनुहुन्थ्यो । त्यसबेला जुन उपदेश दिइएको थियो त्यसले पनि ब्रह्मचर्य सहज बन्यो र लोकचर्चा भएन । महावीरले तीर्थङ्करहरूको गुप्त सन्देश जो साधकलाई मात्र दिइन्थ्यो, आम व्यक्तिहरूलाई पनि बताउनुभयो । त्यसपछि तेइस तीर्थङ्करहरू ओझेलमा पर्नुभयो । महावीर जैन धर्मका संस्थापक

मानिनुभयो किनभने उहाँले नै पहिलोपटक जनमानसमा ती कुरा प्रदान गर्नुभयो जुन केही साधकलाई मात्र दिइन्थ्यो ।

श्रीकृष्ण भन्नुहुन्छ- ब्रह्मचर्य वृत्तिमा भएको व्यक्ति वा ध्यानमा रहेको व्यक्ति ध्यानको समयमा यदि केही क्षणका लागि मात्र रोकियो भने पनि अब्रह्मचर्यमा जान मुस्किल हुन्छ किनभने एकपटक ऊर्जा माथि चढ्यो भने त्यसले यति धेरै आनन्द ल्याउँछ कि त्यो आनन्दको तल कामवासनामा गएको ऊर्जा र प्राप्त आनन्दसँग तुलना हुनै सक्दैन । त्यसैले एकपटक यो अनुभव भएपछि ऊर्जा तलको यात्रा गर्न बन्द गर्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- मेरुदण्डलाई सिधा राखी, स्थिर समतल आसनमा अर्ध खुल्ला आँखा, नासाग्रमा दृष्टिका साथ आज्ञाचक्रमा जोड पर्ने गरी ब्रह्मचर्यमा रहेर ध्यानमग्न हुने व्यक्ति 'म' मा उपलब्ध भएर 'म' मा नै प्रवेश गरेर 'म'सँग एक हुन्छ । यथार्थमा ऊ परमात्मामा प्राप्त हुन्छ । श्रीकृष्ण यस तथ्यको उद्घोष गर्दै भन्नुहुन्छ- परमात्मालाई जान्ने व्यक्ति परमात्मा नै हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- भयरहित, शुद्ध चित्तवाला व्यक्ति परमात्मामा प्रवेश गर्छ । भयको मूल आधार मृत्यु हो । गरिबी, अस्वस्थता, प्रतिष्ठामा आँच पुग्ने आदि हजारौं प्रकारका भय हुन्छन् तर गहिरो भय मृत्यु नै हो । बिरामी पर्दा व्यक्ति भयभीत हुन्छ किनभने यसमा मृत्युको अंश हुन्छ । गरिबीमा मृत्युको आंशिक दर्शन हुन्छ । प्रतिष्ठामा आँच पुग्दा मृत्युको अंश देखिन्छ अर्थात् जहाँ जहाँ भय हुन्छ त्यहाँ त्यहाँ मृत्युको अंश देखिन्छ । प्रत्यक्ष नदेखिए पनि अप्रत्यक्ष रूपमा कहीँ न कहीँ भित्र केही मर्छ, त्यसैले भयभीत हुन्छ । धनको सुरक्षा पनि मृत्युको भयबाट बच्ने उपाय हो । मृत्यु नै मूल भय हो र अरू भय यसका शाखाहरू हुन् । अभयमा प्राप्त हुने व्यक्ति नै ध्यानमा गति पाउन सक्छ । ध्यानमा गति पाउनका लागि भयरहित हुनुपर्छ किनभने ध्यान महामृत्युको अनुभव हो । साधारण मृत्युमा शरीर मात्र नष्ट हुन्छ भित्री तत्त्व नष्ट हुँदैन; केवल वस्त्र मात्र परिवर्तन हुन्छ । ध्यानमा महामृत्यु घटित हुन्छ जहाँ ममत्व, कर्तापन, अहङ्कार र मन पनि मर्छ । शरीरको मृत्युमा त यति धेरै भय हुन्छ भने मनसमेतको मृत्युमा कति ठुलो तयारी आवश्यक हुन्छ भन्ने कुरा स्वतः स्पष्ट छ । त्यसैले त अभय नबनी ध्यानमा प्रवेश गर्न सकिँदैन । जसरी कृष्णले भयरहित भन्नुभएको छ, त्यसरी नै महावीरले पनि अभयलाई पहिलो सूत्र मान्नुभएको छ ।

अभय नभई कोही ध्यानमा जान सक्दैन । ध्यानको अनुभवमा मृत्युको अनुभव अनिवार्य रूपमा हुन्छ । ध्यानका माध्यमबाट कैयौँ व्यक्ति मृत्युको भित्री भयबाट फिर्ता हुन्छन् । यदि त्यही क्षणमा निर्भय भएर पार हुनसक्यो भने व्यक्ति समाधिमा पुग्न सक्छ । फर्केर आएमा जहाँबाट सुरु गरेको थियो, त्यहीँ फिर्ता भइन्छ र फेरि ध्यानमा जाने हिम्मत पनि समाप्त हुन्छ किनभने उसमा मृत्युको डर प्रगाढ र गहिरो हुन्छ । ध्यानमा व्यक्ति अमृतको द्वारमा पुग्छ र त्यहाँ प्रवेश गर्न सक्यो भने अमृतमा प्रवेश हुन्छ । त्यसपछि ऊ निर्भय भएर सर्वत्र अमृत प्राप्त गर्दछ तर यस्तो अवस्थाबारे आफूलाई हटाएर मात्र जान्न सकिन्छ । स्वयम्लाई समर्पण गरे मात्र सबै जान्न सकिन्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- भयरहित चित्तले मात्र प्रवेश सम्भव छ । शान्ति गलत रूपको पनि हुन सक्छ । त्यसैले ठिक रूपले शान्त भएको मन ध्यानमा आवश्यक हुन्छ । सम्मोहनको माध्यमबाट प्राप्त हुने शान्ति ठिक रूपको होइन । शान्तिको अभ्यासले मानिसमा अर्धशान्ति कायम हुन्छ अर्थात् स्वसम्मोहन हुन्छ तर अशान्ति भने रहन्छ र त्यो थाहा हुँदैन । यसप्रकारको शान्ति प्राप्त गर्ने माध्यम धोका हो, यो वास्तविक शान्ति होइन । मनले आफूलाई धोका दिन सक्छ किनभने मन आफूलाई सुझाव दिन सक्षम छ ।

श्रीकृष्ण ससर्त शान्तिको कुरा गर्नुहुन्छ । ठिकसँग पाएको शान्तिले मन शान्त हुन्छ । ठिक रूपमा त्यो व्यक्ति मात्र शान्त हुन्छ जो शान्तिको चेष्टा गर्दैन बरु अशान्तिको कारण खोज्छ । अशान्तिको कारण नै नखोजी झुटो शान्तिको खोजी गर्ने व्यक्तिमा भित्र अशान्तिकै सागर हुन्छ । यस्तो व्यक्ति ध्यानको मार्गमा यात्रा गर्न सक्दैन । भित्र अशान्तिको कारण जानेर त्यसको निराकरण गर्नाले मात्र शान्ति आउन

सक्छ । हामी किन अशान्त छौं भन्ने कारण खोज गर्‍यौं भने अशान्तिको कारण देखापर्छ अनि त्यसको निराकरण गर्न कठिनाइ हुँदैन । हाम्रो अशान्तिको कारण यति छुद्र हुन्छ कि अशान्तिलाई होसपूर्वक जान्ने बित्तिकै त्यो तत्काल बिदा हुन सक्छ । आफ्नो अहङ्कारलाई ठुलो मान्ने र आफू सबैभन्दा अगाडि हुन चाहने चाहना नै अशान्तिको जड हो । हामी अशान्तिको बगैंचालाई पल्लवित गराएर शान्त हुन चाहन्छौं, यस्तो अवस्थामा झुटो शान्ति मात्र प्राप्त हुन सक्छ । श्रीकृष्ण भन्नुहुन्छ- अशान्त हुनाको कारण छोड्नाले नै मन तत्काल शान्त हुन्छ । मन स्वस्थानमा पुग्नु नै शान्ति हो अन्यथा शान्ति झुटो मात्र हुन्छ । अन्तरगुफाको द्वार ठिक रूपले शान्त भएको चित्तवालालाई मात्र खुल्छ ।

*युञ्जन्नेवं सदात्मानं योगी नियतमानसः ।*
*शान्तिं निर्वाणपरमां मत्संस्थामधिगच्छति ॥१५॥*

**यसप्रकार आफ्नो आत्मालाई निरन्तर परमात्मामा लगाउँदै संयमित र स्वाधीन मन भएको योगीले 'म' मा रहेको स्थिर रूप परमानन्द परमात्मामा शान्ति प्राप्त गर्दछ ॥**

निरन्तर परमात्मामा चेतना जगाउने योगीले शान्ति प्राप्त गर्दछ । निरन्तरको अर्थ एकक्षण पनि व्यवधान नभई जागृति वा निद्रावस्थामा पनि प्रभुको विस्मरण नभई अहर्निश रूपमा भित्र प्रभुस्मरणको धारा बनिरहोस् भन्ने हो । यस्तो अवस्थामा मात्र निरन्तर विना व्यवधान प्रभुको ध्यान हुन सक्छ । काममा, विश्राममा, सम्झनामा, जागरणमा र निद्रामा पनि जसरी सास चल्छ त्यसरी नै प्रभुको स्मरण, तृष्णा र लगनशीलता चलिरहनु नै निरन्तरता हो । हामीलाई एकक्षण पनि प्रभुस्मरणका लागि समय पाउन कठिन हुन्छ भने निरन्तर त असम्भव नै हुन्छ । हामीले स्मरण गर्दा केवल सतही रूपमा मात्र पुकार गर्छौं त्यसैले प्राणको अन्तर र गहिराइसम्म हाम्रो पुकार पुग्दैन ।

श्रीकृष्ण भन्नुहुन्छ- यस्तो निरन्तर प्रभुतिर बग्ने व्यक्ति मात्र ममा प्राप्त हुन्छ । जो व्यक्ति एक क्षण पनि प्रभुलाई अन्तर्हृदयबाट स्मरण गर्छ त्यसबाट निरन्तर प्रभुलाई स्मरण गर्ने व्यवस्था कायम हुन्छ किनभने हामीसँग केवल एक क्षण मात्र हुन्छ दुई क्षण कहिल्यै हुँदैन । एक क्षण रित्त भएपछि मात्र अर्को क्षण हातमा आउँछ । त्यसैले एक क्षण पनि यदि प्रभुस्मरण भयो भने निरन्तर प्रभुस्मरण हुनुमा कुनै पनि बाधा हुँदैन । एक क्षणमा प्राणबाट प्रभुस्मरण गर्न जान्ने व्यक्तिले निरन्तर स्मरण गर्ने पात्रता प्राप्त गर्दछ । हामी एक क्षण पनि उसलाई स्मरण गर्दैनौं । सामान्यतया हामी ईश्वरलाई उधारो नै पुकार्छौं । हामीले शब्दहरू कसैबाट सुनेर जानेका हुन्छौं, परमात्माको रूप, लक्षण पनि हामीले कसैबाट जानेर सिकेका हुन्छौं। यो हाम्रो प्राणको प्रामाणिक आधार हुँदैन । त्यसैले श्रीकृष्णले पहिलो श्लोकमा भन्नुभएको थियो- अन्तर गुफामा प्रवेश गरेको, अपरिग्रही चित्त र एकान्तमा प्राप्त भएको व्यक्ति नै परमात्मामा प्राप्त हुन्छ । एकान्तको अर्थ जसभित्र कुनै भिड र अरूको प्रतिबिम्ब नहोस् र अपरिग्रही चित्तको होस् भन्ने हो ।

अपरिग्रही चित्तवाला भन्नाले वस्तुहरूको सङ्ग्रह नगर्ने वा दान नलिने भन्ने हो । तर कृष्णको आशय यो होइन किनभने कृष्ण कुनै पनि मानिस संसार छोडेर जाओस् भन्ने चाहनुहुन्न । यदि वस्तुलाई छोड्यो भने संसार र जीवन पनि छुट्छ । उहाँ कर्म छोडाउन पनि चाहनुहुन्न किनभने वस्तु छोड्दा कर्म स्वतः छुट्छ । कृष्णका अनुसार अपरिग्रही चित्तको व्यक्तिले वस्तुको उपयोग त गर्छ तर वस्तुको मालिक आफू बन्दैन अर्थात् वस्तु उपयोग गरे पनि त्यसप्रतिको आसक्ति र रागको सम्बन्ध स्थापित गर्दैन भन्ने हो, जस्तो कि घरको सहयोगीले त्यस घरको वस्तुको रेखदेख, प्रयोग गर्छ तर त्यस वस्तुप्रति उसको आसक्ति वा राग गाँसिएको हुन्न । त्यसैले त बहुमूल्य वस्तु हरायो भने पनि त्यो सहयोगीलाई कुनै पीडा बोध हुँदैन । ऊ केवल साक्षी मात्र हुन्छ। त्यस्तै हामी केवल साक्षी मात्र हौं कर्ता होइनौं भन्ने बोध हुनुपर्छ । जीवन समग्रतामा बाँच्दै वस्तु र व्यक्तिहरूको बिचबाट अस्पर्शित गुज्रिनुपर्छ । त्यसैले अरू अपरिग्रहको व्याख्या साधारण छ तर श्रीकृष्णको अपरिग्रहको व्याख्या कठिन छ । जुन वस्तुप्रति मोह कायम भएको छ

त्यो वस्तु नासियो वा टाढियो भने मनले त्यसलाई केही समयमा भुल्छ र पुरानो राग विस्मृत भएर नयाँ राग निर्मित गर्छ । धेरै मायालु व्यक्तिको मृत्युमा पनि केही समयपछि स्मरण पातलिएर भुल्न थाल्छ अनि नयाँ सम्बन्ध वा राग सुरु हुन्छ । यसरी भुल्नु वा विस्मरण हुनु मुक्त हुनु होइन ।

श्रीकृष्णको अपरिग्रहको गहिरो अर्थ छ । वस्तुहरू जहाँ छन्, त्यहीँ रहून् र तिमी पनि जहाँ छौ त्यहीँ रहू; केवल तिमी र वस्तुबिच सेतु मात्र निर्मित नगर । तिमी वस्तुका होइनौ र वस्तुहरू पनि तिम्रा होइनन् भन्ने जान्नु नै अपरिग्रह हो । कृष्ण पहिले एकान्तको कुरा गर्नुहुन्छ; जहाँ व्यक्ति र वस्तुको भिडको सम्बन्धको सेतु टुट्नुपर्छ, त्यसपछि अपरिग्रहको कुरा गर्नुहुन्छ । व्यक्ति व्यक्ति बिचको सेतु टुट्न त्यति कठिन हुँदैन किनभने यहाँ दुई जीवित चेतनाहरू बिचको सम्बन्ध हुन्छ तर व्यक्ति र वस्तु बिचको सम्बन्ध टुटाउन अलि गाह्रो हुन्छ किनभने यहाँ निर्जीव वस्तुसँगको सम्बन्ध वा राग स्थापित भएको हुन्छ । व्यक्तिसँग जटिलता बढ्दै जान्छ तर वस्तुसँग कुनै जटिलता हुँदैन । अपरिग्रहीको अर्थ वस्तुको उपयोग गर्नु तर त्यसको रस वा मोहमा नपर्नु वा आसक्त नहुनु भन्ने हो। वस्तुहरूमा जति बढी रस हुन्छ त्यति नै उपयोग गर्न सकिन्छ । अपरिग्रही चित्त मात्र प्रभुको सतत स्मरणमा उत्रिन सक्छ र एक क्षण पनि सतत स्मरणमा उत्रिएमा पूर्ण स्मरण स्वतः बन्छ । श्रीकृष्ण भन्नुहुन्छ- प्रतिक्षण 'मेरो' स्मरण गर्ने व्यक्ति 'म' मा प्राप्त हुन्छ र 'म' मा प्रतिष्ठित हुन्छ ।

परमात्माको सतत स्मरण र स्वयम् भित्र उसको खोजी भयो भने त्यहाँ परमात्मा विराजमान भएको पाउन सकिन्छ । भित्रबाहेक अन्यत्र कहीँ पनि परमात्मासँग मिलन हुन सक्दैन । आफूभित्र प्रवेश गर्नका लागि जे जे बाहिर छ त्यसलाई समाप्त नगरी प्रवेश हुन सक्दैन । बाहिरको एक एक चिजलाई अस्वीकार गरेर भित्र मौनमा प्रतिष्ठित हुनुपर्छ जहाँ ऊ विराजमान छ । शरीरबाट सुरु गरौँ र के कुरा जानौँ भने म शरीर होइन, अलि भित्र सास भेटिन्छ अझ भित्र जाँदा विचार भेटिन्छ, अझ भित्र जाँदा त्यहाँ वृत्तिहरू भेटिन्छन् त्यो पनि म होइन भनेर निरन्तर भित्र जाँदा भाव भेटिइसकेपछि त्यो भन्दा पनि पर यस्तो क्षण आउँछ जहाँ इन्कार गर्ने कोही बच्दैनन् । जहाँ सन्नाटा र शून्य मात्र शेष रहन्छ र त्यहीँ अन्तर गुफाको दर्शन हुन्छ । प्रभुको अनुभव हुनेबित्तिकै त्यो निरन्तर सासमा, रौँ-रौँमा, उठ्दा, बस्दा, सुत्दा र जाग्दा त्यो गुञ्जन थाल्छ अनि स्वतः निरन्तर स्मरण हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- यस्तो निरन्तर स्मरणमा प्राप्त हुने व्यक्ति 'म' मा नै प्रतिष्ठित हुन्छ वा यस्तो निराकार शून्य सतत स्मरणले भरिएको व्यक्तिमा प्रभु प्रतिष्ठित हुनुहुन्छ ।

*नात्यश्नतस्तु योगोऽस्ति न चैकान्तमनश्नतः ।*
*न चाति स्वप्नशीलस्य जाग्रतो नैव चार्जुन ॥१६॥*

**हे अर्जुन ! धेरै खाने वा खाँदै नखाने, धेरै सुत्ने वा रातभरि जाग्राम बस्नेलाई बिलकुल यो योग सिद्ध हुन सक्दैन ॥**

*युक्ताहारविहारस्य युक्तचेष्टस्य कर्मसु ।*
*युक्तस्वप्नावबोधस्य योगो भवति दुःखहा ॥१७॥*

**उपयुक्त आहार-विहार, संयमित निद्रा एवम् समस्त कर्महरू प्रामाणिक ढङ्गले निश्चित समयमा मात्र गर्ने मानिसलाई योगाभ्यासद्वारा दुख नाश गर्ने योग सिद्ध हुन्छ ॥**

श्रीकृष्ण समता योगको अर्को दिशाको विवेचना गर्दै हुनुहुन्छ । अति निद्रा, भोजन, जागरण आदिमा समता ल्याउन बाधा हुन्छ । कुनै पनि कुरा वा अवस्थाको अतिले व्यक्तित्वलाई असन्तुलित गर्छ । प्रत्येक वस्तुको एक अनुपात हुन्छ र त्यो अनुपातभन्दा ज्यादा वा कम भयो भने त्यसले व्यक्तित्वलाई नोक्सान पुऱ्याउँछ । व्यक्ति एउटा जटिल व्यवस्था हो । यो विश्व ब्रह्माण्ड जति जटिल छ त्यति नै एउटा सानो व्यक्ति पनि जटिल हुन्छ । व्यक्तिको विस्तार भने कम हुन्छ तर जटिलता भने ब्रह्माण्ड जस्तो विशाल

हुन्छ। एउटा साधारण शरीरमा ७ करोड जीवाणुहरू हुन्छन्। यस अर्थमा व्यक्ति एउटा ठुलो बस्ती नै हो। त्यसैले साङ्ख्ययोगले व्यक्तिलाई पुरुष भनेको हो। पुरुषको अर्थ एउटा ठुलो पुरको बिच बस्ने व्यक्ति हो। हामी स्वयम् एक प्रकारले विशाल नगर हौँ। एउटा ठुलो पुरमा रहने व्यक्ति नै पुरुष हो।

एउटा सानो मस्तिष्कमा तीन अर्ब स्नायु तन्तुहरू हुन्छन्। एउटा सानो जीवकोष्ठ पनि आफैँमा एउटा जटिल घटना हो। यस शरीरमा भएका सात करोड जीवकोष्ठमध्ये एक जीवकोष्ठ पनि अति जटिल हुन्छ। एक जीवकोष्ठ जो सात करोड सम्बन्धीहरूले भरिएको छ त्यसको रासायनिक प्रक्रियाका बारेमा अब बल्ल थाहा भएको छ। यो सारा व्यवस्थाको जाल जो हामीमा छ, त्यस व्यवस्थामा एकप्रकारको सङ्गीतमय लयबद्धता भएन भने सञ्चालन गर्न कठिनाइ हुन्छ। यो पूरा नगर (पुर) जो हामीमा छ यदि यो अव्यवस्थित, अराजक वा विक्षिप्त भयो भने भित्र प्रवेश गर्न असम्भव हुन्छ। यो पूरा नगर सङ्गीतबद्ध, लयबद्ध, शान्त, मौन, प्रफुल्लित र आनन्दित भएमा मात्र हामी सजिलोसँग भित्र प्रवेश गर्न सक्छौं। अन्यथा एउटा सामान्य कुराले पनि बाहिर अड्काइदिन्छ किनभने चेतनाको स्वभावले हाम्रो शरीरमा कहीँ कतै दुर्घटना भएको खबर दिइरहन्छ। यदि शरीरमा दुर्घटना भयो भने चेतना दुर्घटनामा अल्झिरहन्छ। एउटा सानो काँडा बिझ्यो भने सारा चेतना काँडातिर दौडिन थाल्छ। यसको पीडाले हाम्रो धेरै जीवकोष्ठलाई पीडामा डुबाउँछ र चेतना त्यतातिर दौडिन थाल्छ। शरीरको कुनै पनि हिस्सा यदि अलिकति पनि रुग्ण छ भने चेतनाको अन्तर्गमन कठिन हुन्छ र चेतना त्यो रुग्ण हिस्सामा नै अड्किन्छ।

हाम्रो चेतनालाई कहीँ पनि अड्किनु नपर्ने अवस्था नै स्वास्थ्य हो। हामीलाई शिरको तब मात्र जानकारी हुन्छ, जब शिरमा पीडाबोध हुन्छ अन्यथा थाहा पनि हुँदैन। वास्तवमा टाउको दुखाइ नै शिर हो त्यसैले शरीरको जुन भागमा पीडा हुन्छ त्यसका बारेमा मात्र जानकारी हुन्छ। यदि हाम्रो शरीर पूर्ण स्वस्थ छ भने हाम्रो शरीरका बारेमा पनि जानकारी हुँदैन। शरीरका सम्बन्धमा हेर्दा मनुष्यले जति धेरै आहारा लियो त्यति धेरै चेतना पेटतिर दौडिन थाल्छ। भोजनपछि निद्रा लाग्छ अनि मस्तिष्क चेतनाबाट खाली हुन थाल्छ। मस्तिष्क धमिलो र तन्द्राले भरिन्छ। ज्यादा भोजन लिएमा ज्यादा निद्रा लाग्ने भएकाले पेटलाई धेरै चेतनाको जरुरत पर्छ। त्यसबेला मस्तिष्कले काम गर्न सक्दैन। त्यसैले त भोजनपछि मस्तिष्कको काम गर्न कठिन हुन्छ। जबरजस्ती काम गराउन खोजे पेटले पचाउन सक्दैन किनभने चेतनाले पेटलाई चाहिने चेतना प्रदान गर्न सक्दैन। त्यस्तै कम भोजन गरेमा पनि चेतना पेटतिर लाग्छ किनभने पेटले भोकका कारण अरू भोजनको आवश्यकताका सम्बन्धमा खबर दिइरहन्छ। पेट पीडाको स्थल बनेमा चेतना पेटमा अड्किन्छ र गहिरो अन्तरयात्रा गर्न असमर्थ हुन्छ।

त्यसैले भोजनमा सन्तुलन हुनुपर्छ। सन्तुलित भोजनले चेतना पेटतिर जाँदैन जसका कारण चेतना अन्तरयात्रा गर्न सक्छ। निद्रा कम लाग्दा शरीरका अणु अणु एवम् रौं रौंले विश्राम पुगेन भनेर पुकार गर्छन् र थकान महसुस हुन्छ। चेतना हाम्रो शरीरको विश्रामका लागि आतुर हुन्छ। ज्यादा सुत्ने आदत बनायौँ भने वा आवश्यकताभन्दा बढी सुतियो भने शरीर सुस्त हुन्छ, आलस्य र प्रमादले भरिन्छ। चेतना पूरा समय उसको प्रभावले पीडित हुन्छ। निद्राको पनि अनुपात हुन्छ, निद्रा पनि सन्तुलित हुनुपर्छ ज्यादा पनि होइन र कम पनि होइन। व्यक्तित्व अनुपातहीन नभएर समानुपातिक हुनुपर्छ। अनुपातहीन व्यक्तित्व अराजक हुन्छ र यसमा भित्रको लयबद्धता टुट्ने हुनाले ध्यानमा बाधा पुग्छ, जसले गर्दा भित्रको यात्रा हुन सक्दैन। अनुपात प्रत्येक व्यक्तिका लागि भिन्न हुन्छ। बृद्धबृद्धालाई निद्रा कम पर्छ जब कि किशोर एवम् युवालाई ज्यादा निद्रा लाग्छ। आमाको पेटमा बच्चा २४ घण्टा सुत्छ किनभने त्यसबेला शरीर निर्मित भइरहेको हुन्छ। बच्चा जन्मिएपछि २३ घण्टा, २२ घण्टा, २० घण्टा १८ घण्टा सुत्न थाल्छ। जति जति उमेर बढ्दै जान्छ त्यति त्यति निद्रा कम हुँदै जान्छ। अनुपात बमोजिम निद्रा नपरे प्रकृतिको व्यवस्था अस्तव्यस्त हुन्छ। मृत्यु सन्निकट उमेरका वृद्धवृद्धालाई ३-४ घण्टा मात्र सुते पुग्छ किनभने शरीरमा अब

कुनै निर्माण हुँदैन । शरीर अब विसर्जित हुने तयारी गर्दै छ । निद्रा निर्माणकारी तत्त्व भएकाले शरीरमा नवीन निर्माण कार्यका लागि यसको जरुरत पर्छ ।

बाल्यावस्थाबाट नै कति भोजन चाहिन्छ भन्ने कुराको निर्क्योल प्रकृतिले होइन यो आमाले तय गर्छिन् । बच्चा जब खाना खान अस्वीकार गर्छ, तब आमा मोहवश ज्यादा खुवाउने चेष्टा गर्छिन् । एकपटक प्रकृतिले सन्तुलन गुमायो भने विपरीत अतिमा जान सक्छ । तर त्यस्तो अवस्थामा पुनः सन्तुलनमा फिर्ता हुन मुस्किल हुन्छ । हामी बच्चाको निद्रा, भोजन आदि स्वभाव नष्ट गर्छौं र जीवनभर दिक्क बन्छौं । बालबालिकाको अधिकतर रोग बाबुआमाको भोजन गराउने बानीको कारणले हुन्छ । मनुष्यमा मात्र भोजनसम्बन्धी विकृति छ । पशुलाई मानिसले बाध्य पार्‍यो भने मात्र गलत आहारा लिन्छ । यदि जनावर बिरामी पर्‍यो भने आहारा लिन बन्द गर्छ र पेटमा भएको खानालाई पनि बाहिर उग्राएर वा वमन गरेर फ्याँकिदिन्छ । कुकुरलाई पेटमा तकलिफ भयो वा पचाउन गाह्रो भयो भने घाँस चपाएर उल्टी गर्छ । भोजन बाहिर फ्याँक्छ र पेट खाली गर्छ । पेट सुव्यवस्थित नहुन्जेलसम्म आहारा लिँदैन। केवल मनुष्य मात्र यस्तो प्राणी हो जो प्रकृतिको कुरा सुन्दैन । हामी केटाकेटी उमेरदेखि नै भोजनका सम्बन्धमा बानी बिगार्छौं । जब बालकलाई भोक हुँदैन, तब जबर्जस्ती रूपमा दुधलगायतका वस्तु खुवाइन्छ तर भोक लागेको बेलामा खुवाइँदैन । यसबाट हाम्रो भोजन, निद्रा, जागरण र जीवनका सारा चर्याहरू अतिमा डोलिरहन्छन् र समन्वय समाप्त हुन्छ ।

सारा कठिनाइहरू वा दुखद समय पैंतिस वर्षपछि प्रारम्भ हुन्छ किनभने त्यही बानीलाई पैंतिस वर्षपछि पनि हामी जारी राख्छौं । हामी त्यति नै खान्छौं जति पैंतिस वर्षअघि खान्थ्यौं तर अहिले त्यति भोजनको जरुरत नै पर्दैन । त्यति नै समय सुत्ने प्रयत्न गर्छौं जति पैंतिस वर्षअघि सुत्थ्यौं । निद्रा नलाग्दा दिक्क हुन्छौं तर के कुरा बुझ्दैनौं भने अब त्यति नै समय सुत्न आवश्यक छैन । त्यसैले सजग भएर व्यक्तिले दैनिक निद्रावधि तय गर्नुपर्छ । ठिक समयमा आफ्नो जरुरत अनुसार भोजन, निद्रा, स्नान र सम्यक् चर्याले एउटा आन्तरिक सुख-शान्तिको भावदशा बन्दछ र यस्तो शान्तिको अवस्थामा व्यक्ति सरलताले ध्यानमा प्रवेश गर्न सक्छ । हामीले केवल एउटै कुरामा विचार गर्नुपर्छ कि यदि हामी ठिकसँग बाँचिरहेका छौं भने हाम्रो शरीरले सुखको सन्देश दिइरहेको हुन्छ । त्यस्तै शरीरले दुखको सन्देश दिँदै छ भने हामी गलत ढङ्गले बाँचेका हुन्छौं । यो नै सुख र दुखको मापदण्ड हो ।

अति श्रम गरे पनि नोक्सान हुन्छ र श्रम नगरे पनि नोक्सान नै हुन्छ । उमेरसँगै श्रम गर्ने आवश्यकता पनि बदलिन्छ । बालबालिकालाई जति श्रमको जरुरी हुन्छ त्यति बुढालाई आवश्यक हुँदैन । बुद्धिले काम गर्ने व्यक्ति र शरीरले काम गर्ने व्यक्तिका आवश्यकता भिन्न भिन्न हुन्छन् । बुद्धिले काम गर्ने व्यक्ति कम भोजन गर्छ तर शारीरिक श्रम गर्ने व्यक्तिलाई अधिक भोजनको आवश्यकता पर्छ । शारीरिक श्रम गर्ने व्यक्तिलाई थप श्रम वा व्यायामको जरुरत पर्दैन तर बुद्धिले काम गर्ने व्यक्तिलाई व्यायामको आवश्यकता हुन्छ । प्रकृतिले सन्तुलन माग्छ । जसले प्राकृतिक सन्तुलन पूरा गर्दैन त्यसले जीवनमा दुखसिवाय केही पाउँदैन । ध्यान र योगमा प्रवेशका लागि एउटा सन्तुलित शरीर चाहिन्छ । त्यसैले श्रीकृष्ण सिधा सुझाव प्रदान नगरेर नियम बताउँदै हुनुहुन्छ । न त अति भोजन, न त अल्प भोजन, न अति निद्रा, न अति जागरण, न अति श्रम न अति विश्राम, यति भनेर उहाँ परिमाण भन्नुहुन्न । यो हामीलाई र अर्जुनलाई छोडिदिनुहुन्छ । के ठिक हो भनेर हाम्रो आवश्यकताबारे बुद्धिले खोज गर्नुपर्छ । प्रत्येक व्यक्ति आफ्नो जीवनको नियन्ता आफैं बन्नुपर्छ ।

निद्रासम्बन्धी अनुसन्धान अनुसार प्रत्येक व्यक्तिको तापमान राति २ घण्टा घट्छ । बिहान जुन हामी चिसो अनुभव गर्छौं त्यो बाहिरको चिसोले नभई हाम्रो शरीरको तापमान २ डिग्री तल झर्नाले भएको हो । वैज्ञानिकहरूका अनुसार त्यही बिहानपख गहिरो निद्राको घण्टा हो र त्यो २ घण्टा कुनै व्यक्ति

ठिकसँग सुत्न पायो भने दिनभर ऊ स्वच्छ हुन्छ । तर त्यो तापमान घट्ने समयको २ घण्टा राम्ररी सुत्न पाएन भने ८ घण्टा सुते पनि ऊ फुर्तिलो हुन सक्दैन र उसलाई निद्रा पुग्दैन । त्यो तापमान घट्ने २ घण्टाको समय व्यक्तिअनुसार भिन्न-भिन्न हुन सक्छ । कुनै मानिसको बिहान २ बजेदेखि ४ बजेसम्म तापमान झर्छ भने कसैको बिहान ५ बजेदेखि ७ बजेसम्म तापमान झर्छ । पुरुष र स्त्रीका बिच अनेक प्रयोगपछि त्यो २ घण्टाको अवधि पत्ता लागेको हो । अधिक पुरुष ५ बजे उठ्न सक्छन् तर स्त्री उठ्न सक्दैनन् । यो शरीरको अन्तरले भएको हो । शरीरको आफ्नो नियम छ जुन ब्रह्माण्डसँग जोडिएको छ । स्त्रीको मासिक-धर्म (रजस्वला) चन्द्रसँग सम्बन्धित हुन्छ । त्यसैले २८ दिनको अवधिपछि रजस्वला हुन्छ जुन चन्द्रमाको चार सप्ताहसँग सम्वन्धित हुन्छ । जसरी चन्द्रमाको प्रभाव समुद्रमा पर्छ त्यसै गरी स्त्रीको शरीरमा पनि यसको असर हुन्छ तर अहिले स्त्रीको मासिक-धर्ममा पनि परिवर्तन हुन थालेको छ किनभने सभ्यता सँगसँगै विकृतिहरू पनि जन्मिएका छन् । पहिले विराट्सँग जुन तालमेल स्थापित थियो त्यो अस्तव्यस्त हुन थालेको छ जसले गर्दा पृथ्वीमा पचास प्रतिशत स्त्रीहरू मासिक-धर्मका कारण दुखमा छन् । स्त्रीको व्यक्तित्वमा जुन प्रकृतिको अनुकूलता हुनुपर्ने हो त्यो सन्तुलन समाप्त हुन थालेकाले यस्तो असर परेको हो। हामी आफ्नै ढङ्गबाट बाँच्न थाल्यौँ र आफू विराट् प्रकृतिकै हिस्सा भएको पनि बिर्सियौँ । व्यक्तिमा असमझदारी ज्यादा भएकोले भित्रबाट सन्तुलन पनि तोडिँदै गएको छ ।

जबसम्म बिजुली बत्तीको व्यवस्था थिएन, तबसम्म पृथ्वीमा निद्राको समस्या नै थिएन । अहिले पनि आदिवासीहरूमा निद्राको समस्या छैन । केही आदिवासीहरू त रात्रिमा सपना पनि देख्दैनन् । कहिलेकाहीँ मात्र सपना देख्ने मानिसको सपना महत्त्वपूर्ण सूचक हुन सक्छ । अनुसन्धानका माध्यमबाट वैज्ञानिकहरू के भन्छन् भने सुशिक्षित व्यक्ति राती निद्रामा १० मिनेट मात्र सपनाभन्दा बाहिर हुन्छन् अन्यथा समग्र रात सपनामा नै बितिरहेको हुन्छ । जसको जीवन सन्तुलित छ उसलाई मात्र गाढा निद्रा लाग्छ र स्वस्थ्य हुनका लागि गाढा निद्रा आवश्यक हुन्छ । जसको भोक र भोजन एवम् वाणी र मन सन्तुलित छ उसलाई मात्र गाढा निद्रा लाग्छ । निद्रा नलाग्ने व्यक्ति ध्यानमा एकाग्र हुनै सक्दैन। त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- आफ्नो आवश्यकतानुसार आहार, विहार एवम् व्यवहार सन्तुलित गर्नुपर्छ । हाम्रा सारा चेष्टा असम्यक् हुन्छन् । हामी आवश्यकभन्दा कम चेष्टा वा अधिक चेष्टा गर्छौं । कुन कर्मका लागि कति श्रम गर्ने र कति शक्ति लगाउने भन्नेबारे ध्यान दिनु जरुरी छ ।

योगीले सदैव कर्ममा सम्यक् चेष्टा गर्ने कुरामा ध्यान दिनुपर्दछ । बुद्धले सम्यक् चेष्टाका लागि ठुलो व्यवस्था गर्नुभएको छ । बुद्ध जसलाई अष्टाङ्गिक मार्ग भन्नुहुन्छ त्यो सबै सम्यक्मा आधारित छ । सम्यक् व्यायाम, सम्यक् श्रम, सम्यक् स्मृति, सम्यक् दर्शन, सम्यक् ज्ञान, सम्यक् आहार आदि सबै कुरा सम्यक् होऊन्, कुनै पनि असम्यक् नहोओस् भन्ने हो । त्यसैले त श्रीकृष्ण सम्यक्तिर इसारा गर्दै भन्नुहुन्छ- कर्म न अधिक न कम त्यो सम्यक् हुनुपर्छ । यस प्रकारको सम्यक् कर्मले बाँध्दैन र जसले सम्यक् चेष्टा गर्छ ऊ कर्मभन्दा बाहिर हुन्छ । जो आवश्यकताभन्दा ज्यादा कर्म गर्छ ऊ कम फलप्राप्ति हुँदा पछुताउँछ र चिन्तित बन्छ । सम्यक् कर्म गर्ने मानिस कर्मानुसारको फलप्राप्ति हुँदा सन्तुष्ट हुन्छ । हाम्रा असम्यक् कर्मका कारण हाम्रो पुनर्जन्म हुन्छ । हाम्रा पुराना जन्मका असम्यक् कर्म र यस जन्मका असम्यक् कर्मको भार थपिएर जोडिन्छ र त्यो बढ्दै जान्छ अनि जन्म जन्मान्तरसम्म भड्कनुपर्छ । सम्यक् कर्म गर्नेको पुनर्जन्म हुँदैन, उनीहरू मोक्ष प्राप्त गर्छन् ।

*यदा विनियतं चित्तमात्मन्येवावतिष्ठते ।*
*निःस्पृहः सर्वकामेभ्यो युक्त इत्युच्यते तदा ॥१८॥*

**संयमित आहार विहार एवम् जागरणले युक्त चित्त जब परमात्मामा स्थित रहन्छ तब पुरुष सबै भौतिक इच्छा-आकाङ्क्षाबाट मुक्त हुन्छ र त्यही मुक्त पुरुष नै योगमा स्थापित पुरुष कहिन्छ ॥**

योगको अभ्यासले मात्र चित्त शुद्ध र शान्त हुन्छ तर हाम्रो अशुद्ध हुने अभ्यास गहन छ । हाम्रो जटिल हुने कुशलता पनि अद्भुत छ र स्वयम्लाई समस्यामा जाक्न पनि हामी कुशल छौँ । हामीले जिन्दगीमा यस्तो बन्दोबस्त गरेका छौँ, जहाँ आनन्दको आगमन हुन नसकोस् । चौतर्फी रूपमा हामीले आफूलाई नर्कतिर उन्मुख गराइरहेका छौँ । यसका विपरीत दिशामा जाने प्रयासको नाम नै योगाभ्यास हो। हामी त सदैव अशान्तिका लागि नै अभ्यास गरिरहन्छौँ । योगाभ्यासले हाम्रो नकारात्मक भावलाई सकारात्मक कारण खोज्नमा लगाउँछ । जिन्दगीमा नकारात्मक र सकारात्मक दुवै पक्ष मौजुद छन् । नकारात्मक भावले राम्रो कुरामा पनि नकारात्मक पक्षलाई खोज्छ र राम्रो कुरालाई बिर्सिन्छ । सकारात्मक सोचवाला व्यक्तिले नराम्रो कुरामा पनि राम्रो पक्षलाई पहिले खोज्छ । अशान्तिको अभ्यासमा तल्लीन हुनेहरू भने हरेक व्यक्तिमा नराम्रो कुराको खोजी गर्छन् । यो अस्तित्वमा पूरा राम्रा र नराम्रा कोही पनि हुँदैनन् अर्थात् असल व्यक्तिमा पनि केही अवगुण हुन्छ र खराब व्यक्तिमा पनि केही असल गुण पक्कै हुन्छ।

हामी के चयन गर्छौं भन्ने कुरा हाम्रो छनोटमा र हाम्रो अभ्यासमा भर पर्छ यदि हामी खराब कुराको छनोट गर्ने कुरामा अभ्यस्त छौँ भने हामीलाई नराम्रो कुरा नै राम्रो लाग्छ । जिन्दगीमा प्रशस्त नराम्रा कुराहरू मौजुद छन् । हामी जे खोज्छौँ त्यही पाउँछौँ । नराम्रो खोज्छौं भने नराम्रो, दुख खोजे दुख, अँध्यारो खोजे अन्धकार र पीडा खोजे पीडा नै पाउँछौँ । परमात्माको खोजी गर्‍यौँ भने परमात्मा पनि यहीँ मौजुद छन् । जो व्यक्ति काँडाहरूको बिचमा प्रभुको लीला, चमत्कार भनेर फूलको सुन्दरता खोज्न सक्छ उसले केही समयमा काँडाको अस्तित्व पनि बिर्सिन्छ र उसले ती काँडाहरू फूलको सुरक्षार्थ रहेका हुन् भन्ने सोच्दछ । अन्ततः उसले पनि काँडाविना फूल सिर्जिन सक्दैन र काँडालाई पनि फूल र फूलको विस्तारको रूपमा सोच्दछ । हाम्रो दृष्टि अलिअलि गर्दै फैलिएर निरपेक्ष हुन्छ। अस्तित्व द्वन्द्व हो जहाँ दुवै पक्ष मौजुद हुन्छन् ।

जीवनमा शान्ति, आनन्द, सौन्दर्य, नृत्य र उत्सवको मार्ग खोज्ने व्यक्ति नै योगाभ्यासी हो । योगाभ्यासको अर्थ जीवनलाई बिधायक दृष्टिले हेर्ने ढङ्ग हो । पुरानो अभ्यासलाई योगका माध्यमले काट्नुपर्ने हुन्छ । हामीले नकारात्मक घर बनाएका छौँ भने त्यसलाई नै सकारात्मक दृष्टिले तोडेर नयाँ घर बनाउनुपर्छ । हाम्रा गलत अभ्यास एवम् दुष्प्रवृत्तिलाई काट्ने माध्यम योगाभ्यास हो । हामीले नराम्रोमा राम्रो, शत्रुमा मित्र र विषमा अमृत खोज्नुपर्छ । हामी जे पाउन चाहन्छौँ आफूले पनि त्यही गर्नुपर्छ । आफूभित्र शुभ खोज्नुपर्छ अनि मात्र शुभ प्राप्त हुन सक्छ । कामवासनामा स्वर्गको बाटो खोज्यौँ भने त्यो कामवासना ऊर्ध्वगामी हुन थाल्छ । क्रोधमा क्षमा खोजेमा क्रोधको शक्ति नै क्षमा बन्दछ; कामको शक्ति नै ब्रह्मचर्यको शक्ति बन्दछ; लोभको शक्ति दान बन्छ । अहिलेसम्म जीवनलाई हेर्ने ढङ्गलाई विपरीत दिशाबाट हेर्नुपर्छ । गलत अभ्यासलाई काट्ने अभ्यास गरेमा दुष्कर्म हटेर शुभ मात्र शेष रहन्छ । शुभ हाम्रो स्वभाव हो र शुभ प्राप्त गर्न कुनै अभ्यास गर्नुपर्दैन तर अशुभलाई काटेर शुभ ल्याउन भने अभ्यास गर्नुपर्ने हुन्छ र यही अभ्यास नै योगाभ्यास हो ।

आत्मज्ञानीहरूका अनुसार मनुष्यको स्वभाव नै परमात्मा हुनु हो । मानिस परमात्माको खोजी गर्छ तर जो खोज्न निस्केको छ ऊ स्वयम् परमात्मा भएपछि बाहिर खोजेर परमात्मा पाइँदैन। जो परमात्मा खोज्न निस्केको छ उसको खोज स्वयम्को नै खोज हो । यद्यपि हामी खोजकार्य जारी राख्छौँ किनभने यो खोजीको कारण हाम्रो विस्मरण हो । स्वभाव हराउन सकिँदैन तर यसलाई बिर्सन सकिन्छ । परमात्मा केवल विस्मृत छ र योगले त्यो विस्मरणलाई तोडेर पुनः स्मरण गराउन मद्दत गर्छ । योगको प्रयोग कुनै चिज पाउनका लागि होइन, कुनै अड्किएका कुरालाई तोड्नका लागि हो, योगबाट हामीसँग भएका चिजहरूको पुनः स्मरण मात्र हुने हो । योग विस्मरणलाई काट्ने विधि हो । हामीभित्रको परमात्माको जानकारी पनि एकपटक विस्मरण नभई थाहा हुँदैन । बिरामी नभई स्वास्थ्यका बारेमा थाहा हुँदैन । त्यसैले

विस्मरण स्मरणको प्रक्रियाको अनिवार्य अङ्ग हो । ईश्वरसँग टाढिनु ईश्वरको नजिक आउने प्राथमिक कदम हो । जो परमात्मासँग पर भएका छन् तिनले मात्र परमात्मालाई जान्न सक्छन् । चेतनाले पनि आत्माबाट विस्मरण भएपछि मात्र आत्माको स्मरण गर्न सक्छ ।

विस्मृतिका विपरीत यात्रा योग हो जुन पुनः घर फिर्ता हुने प्रक्रिया हो । योग शुद्ध विज्ञान हो । सनातन धर्मबाट तीनवटा धर्महरू बौद्ध, जैन र शिख उत्पत्ति भएका छन् । यिनीहरूमा जतिसुकै सैद्धान्तिक विवाद भए पनि योगका सम्बन्धमा कुनै विवाद छैन । योग कुनै सिद्धान्त होइन, अध्यात्म पनि होइन । योग एउटा प्रक्रिया र प्रयोग हो यसलाई जसले गरे पनि अनुभव फलित हुन्छ । त्यसैले योग एक अर्थमा समस्त धर्मको सार हो । इस्लाम, यहुदी, क्रिस्चियन, पारसी धर्मको पनि योगप्रति कुनै विरोध छैन । योगले परमात्मा के हो भन्दैन बरु परमात्मालाई कसरी जान्न सकिन्छ त्यसका बारेमा भन्छ । योग भन्छ- तिमी स्वयम् आँखा खोल र जान म त केवल आँखा खोल्ने ढङ्ग मात्र बताउन सक्छु । विज्ञान पदार्थगत हुन्छ भने योग विषयगत वा आत्मगत हुन्छ । विज्ञानले पदार्थको र योगले परमात्माको खोजी गर्छ । श्रीकृष्ण भन्नुहुन्छ- योगको सतत अभ्यासले व्यक्तिलाई परमात्मामा प्रतिष्ठित गराउँछ ।

मनुष्यको शरीरमा जति शक्तिको उपयोग गरिन्छ त्यसभन्दा अनन्त गुणा बढी शक्ति पैदा गर्ने व्यवस्था र सुबिधा हुन्छ । साधारण व्यक्तिको छातीबाट कार चलाउन सकिँदैन तर भारतका राममूर्तिको छातीबाट कार चलाउन सकिन्छ । हुन त उनको र हाम्रो छातीबिच कुनै अन्तर या भेद छैन । हामी जुन शक्तिको कहिल्यै उपयोग गर्दैनौं त्यो शक्ति राममूर्तिले उपयोग गर्छन् । हामी छातीबाट श्वास खिच्ने र फ्याँक्ने काम मात्र गर्छौं तर उनी त्यही छातीबाट कार ओहोरदोहोर गराउँछन् । उनीसँग यस रहस्यबारे सोध्दा उनी भन्छन्- रहस्य टायर र ट्युब जस्तै हो । साधारण रबरको ट्युबमा हावा भरेपछि गह्रौं भारी बोक्ने सामर्थ्य राख्छ । त्यस्तै म आफ्नो फोक्सोबाट त्यही काम लिन्छु, जुन गाडीको टायरले ट्युबसँग लिन्छ । हावालाई विशेष अनुपातमा रोक्छु त्यसैले मेरो छातीबाट हात्ती या गाडी निस्किँदा पनि त्यसको कुनै बोझ ममाथि पर्दैन । त्यो बोझ हावा माथि पर्छ तर यस प्रक्रियाका लागि एउटा अभ्यासको आवश्यकता हुन्छ । हाम्रो शरीर अथाह क्षमताले युक्त छ, जसको हामीलाई कुनै जानकारी छैन । ती सारा क्षमता अनुपयोगी रूपमा व्यर्थ खेर गइरहेका छन् किनभने जीवनमा त्यसको कुनै आवश्यकता नै पर्दैन । वैज्ञानिक भन्छन्- हाम्रो शरीरमा भएका दश प्रतिशतभन्दा बढी क्षमता हामी उपयोग गर्दैनौं र नब्बे प्रतिशत शरीरका शक्ति निष्क्रिय वा प्रयोगविहीन छन् ।

योगको पहिलो काम शरीरभित्र सुतेर रहेका नब्बे प्रतिशत प्रयोगविहीन शक्तिलाई जगाउनु हो जसका माध्यमबाट अन्तरयात्रा हुनसक्छ किनभने विना ऊर्जा या शक्ति कुनै यात्रा हुन सक्दैन । परमात्मासम्मको यात्रा गहन यात्रा हो र यसका लागि हामीसँग ऊर्जा हुनु जरुरी छ । जुन शक्तिको हामी प्रयोग गर्छौं त्यो शक्ति हाम्रो दैनिक कार्यमा समाप्त हुन्छ र केही बच्दैन । भित्र लुकेको शक्तिलाई जगाउन सकिँदैन । योगले भित्र लुकेको शक्ति जगाउने काम गर्दछ । योगले त्यो शक्ति कसरी जगाउन सकिन्छ भनेर खोज गरेको छ । यसका लागि प्राणायामको विधि छ जसले हाम्रो सुतेको या निष्क्रिय भएको शक्तिलाई प्रहार गर्ने र थपथपाउने कार्य गर्दछ । योगले आसनका खोजी गर्छ र आसनले हाम्रो शरीरमा लुकेको ऊर्जाको स्रोतको विन्दुलाई दबाब दिने काम गर्दछ ताकि त्यो लुकेको शक्ति सक्रिय हुन सकोस् । हाम्रो शरीरमा भएका शक्तिलाई दबाएमा त्यहाँ रहेका निष्क्रिय ऊर्जा सक्रिय हुन्छन् । जहाँ शक्ति लुकेको छ यो शक्तिको विन्दुलाई योगचक्र भन्दछन् । प्रत्येक चक्रमा लुकेका शक्तिहरू छन् । प्राणायामका विधिबाट प्रत्येक चक्रका शक्तिहरूलाई सक्रिय बनाउने आसनहरू पनि छन् ।

राति सुत्दा तकियाको प्रयोग गरिएन भने शरीरको रगत शिरतिर प्रवाहित हुन्छ । शिरका तन्तुहरू रगतको गतिले सजग बन्ने भएकाले निद्रा लाग्दैन । त्यसैले रगत शिरतिर प्रवाहित नहोओस् भनेर

तकियाको प्रयोग गरिन्छ । शीर्षासनका माध्यमबाट योगीहरू सारा शरीरको रगत शिरतिर बगाउँछन् । वैज्ञानिकहरूका अनुसार हाम्रो मस्तिष्क अहिले जति काम गर्ने क्षमता राख्छ त्यो केवल एक चौथाइ मात्र हो । बाँकी तीन चौथाइ मस्तिष्क बन्द रहेकाले कहिल्यै कुनै काम गर्दैन । त्यो निष्क्रिय मस्तिष्कलाई शीर्षासनका माध्यमबाट रगतको तीव्र चोट या दबाब दिएर सक्रिय गराउन सकिन्छ किनभने यो प्रयोगविहीन थन्किएर रहेको मस्तिष्कको हिस्सालाई रगतको चाप या दबाबले नै सक्रिय बनाउँछ । मस्तिष्कको त्यो हिस्सा जो बन्द छ, त्यसले काम गर्न थाल्यो भने व्यक्तिको स्मरण वा जानकारीमा गुणात्मक परिवर्तन भई आमूल अन्तर देखापर्छ । व्यक्ति नवीन ढङ्गले देख्ने र सोच्ने हुन्छ र एउटा नवीन दृष्टि निर्माण हुन्छ ।

यसरी शरीरको चक्रमा लुकेका विशेष ऊर्जाहरू योगको माध्यमद्वारा उपयोग गर्न सकिन्छ । योगासन यी सबै चक्रहरूको ऊर्जालाई जागृत गराउने प्रयोग हो । योगद्वारा शरीर एउटा जीवन्त ऊर्जाको साकार रूप बन्छ । यी शक्तिरूपी यानमा चढेर अन्तरयात्रा हुनसक्छ अन्यथा अन्तरयात्रा अत्यन्त कठिन हुन्छ । प्रभुको स्मरण योगशक्तिहरूको प्रयोगबाट हुन सक्छ । योगले शक्तिका सुषुप्त स्रोतलाई सजीव, जागृत र पुनर्जीवित गराउँछ । शरीरमा कैयौँ ऊर्जास्रोतहरू छन् । योगले ती सबै शक्तिहरूलाई सक्रिय तुल्याउने विधि खोजेको छ, त्यसको निरन्तरको अभ्यासले व्यक्तिलाई परमात्मामा प्रतिष्ठित गराउन सक्छ ।

अहिले हामीसँग भएको मन लिएर हामी परमात्मामा पुग्न सक्दैनौँ । यही मनका कारण हामी पदार्थतिर आकर्षित भएका छौँ । यो मनले हामीलाई पदार्थसँग जोड्दछ । परमात्मासँग तोड्ने यो मनलाई योगका माध्यमबाट क्रियाशील गराई नवीन मन पैदा गर्नुपर्छ । जसरी शरीरको शक्ति जगाउन आसन, प्राणायाम र मुद्राहरूको व्यवस्था गरिएको छ त्यसरी नै योगबाट नयाँ मन सिर्जिनुपर्छ । हठयोगले यस सम्बन्धमा अपूर्व चेष्टा गरेको छ । यस्ता धेरै रहस्यहरू खोजेको छ जसबाट विज्ञान पनि अपरिचित छ । हठयोगका अनुसार रगतको गति स्वेच्छाले चल्न र बन्द हुन सक्छ । शरीरको उमेर पनि विशेष प्रक्रियाबाट लामो र कम गर्न सकिन्छ।

सन् १८८० मा इजिप्टमा एक जना योगी ४० वर्षपछि आफ्नो चिहान खनेर कफिन निकाल्न आग्रह गर्दै आफू त्यतिन्जेलसम्म जीवित नै रहने घोषणा गरेर जीवित अवस्थामा नै समाधिस्थ भए । सन् १९२० मा अर्थात् समाधिस्थ भएको ४० वर्षपछि उनको चिहान खनेर कफिन निकाल्नुपर्ने थियो । उनका समकालीन र अन्य त्यस बेलाका युवायुवतीहरू पनि मरिसकेका थिए । केही बालबालिकाहरू मात्र बाँचेका थिए । सन् १९२० सम्म करिब उनको घोषणा सबैले भुलिसकेका थिए । अकस्मात् त्यो घोषणाको कागज हात पऱ्यो र खनेर निकाल्दा उनी जीवित अवस्थामा नै फेला परे । यसरी उनी जीवित होलान् भन्ने कुरामा कसैलाई भरोसा थिएन । ४० वर्षको अन्तरालमा पनि उनको उमेरमा कुनै परिवर्तन देखापरेन । उनका फाइलमा भएका ४० वर्ष अघिका चित्र र अहिलेका चित्रमा कुनै भिन्नता थिएन, हुबहु उस्तै थियो । सन् १९२० मा चिहानबाट जीवित भएर बाहिर आएका उनी अरू नौ महिना थप बाँचे । यो नौ महिनामा यति अन्तर आयो कि त्यति उनको शरीरमा ४० वर्षमा पनि आएको थिएन । उनलाई यसको रहस्य सोध्दा प्राणायामको साधारण प्रयोगद्वारा आफू ४० वर्ष जीवित रहन सकेको कुरा बताए । उनले साससलाई नियन्त्रणमा राख्ने प्रयोग म जान्दछु र यो त्यसैको परिणाम हो भने ।

ऊर्जाको एउटा हिस्सा शरीर र अर्को मन हो । योगले नवीन मन र स्वच्छ शरीर कायम राख्ने विधि या सूत्र खोजेको छ । योगको अर्को खोज शब्द र मन्त्रको प्रयोग अर्थात् ध्वनि हो । यसका लागि मन्त्रयोगको पूरा व्यवस्था छ । हाम्रो चित्त ध्वनिहरूले चल्छ जुन हामीलाई थाहा छैन । भारतीय प्रख्यात सङ्गीतज्ञ ओमकारनाथ ठाकुर एकपटक इटलीका शासक मुसोलिनीका अतिथि बन्नुभयो । भोजनका समयमा ख्यालठट्टामा नै मुसोलिनीले सोधे- कृष्णले बाँसुरी बजाउँदा जनावरहरू पनि आउँथे, गाई,

मयूरहरू नाच्थे भनिन्छ तर के यो सम्भव छ ? सङ्गीतज्ञ ओमकारनाथ ठाकुरले भन्नुभयो- श्रीकृष्णको जस्तो मेरो सामर्थ्य छैन साथै उहाँको जस्तो स्मरण या ज्ञान अन्य कुनै व्यक्तिसँग छैन र हुन पनि सक्दैन । म त सङ्गीतको कखरा मात्र जान्दछु तैपनि यहाँको अनुमति पाए त्यो सामान्य सङ्गीत बजाएर देखाउँछु । मुसोलिनीको अनुमति पाएर ओमकारनाथले आफूसँग वाद्यवादनका सामग्री नभए पनि खाना खाने चम्चा हातमा लिएर चियाको कप एवम् भाँडाकुँडाहरूमा बजाउन थाल्नुभयो । पाँच-सात मिनेटमा नै मुसोलिनीका आँखा नशाले लट्ठ भए र उनी बेहोसीको अवस्थामा पुगे । सङ्गीतको तालले उनको टाउको टेबलमा आफैं ठोक्किन थाल्यो । जति जोड र तालमा सङ्गीत बज्थ्यो त्यति नै जोडका साथ उनी टेबलमा टाउको ठोक्न थाले । बिचमा जोडले कराएर मुसोलिनीले सङ्गीतज्ञलाई आफूले टाउको रोक्नै नसकेकाले सङ्गीत रोक्न अनुरोध गरे । ओमकारनाथले सङ्गीत रोके उता मुसोलिनीको टाउको रगताम्य भइसकेको थियो । पछि मुसोलिनीले आफ्नो आत्मकथामा लेखेका छन् कि मैले श्रीकृष्णका बारेमा जे भनेको थिएँ त्यसका लागि क्षमा चाहन्छु । उनी थप्छन्- श्रीकृष्णको बाँसुरीको स्वरको आकर्षणले खिचिएर पक्कै जङ्गली जनावरहरू आउँथे होलान् ।

ध्वनि चित्तको सूक्ष्म तरङ्ग हो जसमा हामी बाँच्छौँ । पश्चिमा ध्वनिशास्त्रीहरू भन्छन्- त्यहाँ यति धेरै विक्षिप्तता बढ्नुको कारण सवारीका साधनहरू र हवाईजहाज आदिको ध्वनि हो । त्यहाँ सवारीसाधनका ध्वनिलाई मनले सहन नसकेर मानिसहरू विक्षिप्त भएका छन् । जसरी अन्य कुनै ध्वनि सुनेर मानिस पागल भएका छन् त्यसरी नै कुनै ध्वनि सुनेर मानिस शान्त एवम् समाधिस्थ पनि हुन सक्छन् । मन्त्रयोग यसको चेष्टा हो । यसप्रकारको ध्वनि मन्त्रयोगले खोजेको छ । ध्वनिको आन्तरिक उच्चार, हृदयगत उच्चार एवम् प्राणगत उच्चारले मनलाई नवीन रूप दिन थाल्छ । प्रत्येक ध्वनिको आफ्नो नमुना छ । पृथ्वीमा सबैभन्दा संवेदनशील वस्तु नै हाम्रो चित्त हो । हामी बस्दा, उठ्दा, हिँड्दा जुन ध्वनि, तरङ्ग सुन्छौँ, त्यसले एकप्रकारको मनको निर्माण गर्छ । योग भन्छ- यदि परमात्मामा जानु छ भने नयाँ मन चाहिन्छ । त्यसैले त्यो ध्वनि प्रयोग गर जुन ध्वनिले परमात्मातिर जानका लागि लयबद्ध मन निर्माण गर्न सक्छ । यसैले गर्दा निरन्तर शब्द दोहोऱ्याउने प्रक्रिया थालनी भएको हो । चित्तको रूपान्तरणको अद्भुत कुञ्जी नै ध्वनिशास्त्र हो । योगको प्रथम तत्त्व ऊर्जा, दोस्रो तत्त्व ध्वनि र तेस्रो तत्त्व ध्यान हो । चेतना त्यसै दिशामा बग्छ जसतर्फ हामी चेतनालाई उन्मुख गर्छौं ।

परमात्माको कुनै दिशा नै नभएकाले चेतना परमात्मातिर बग्ने कुरै भएन । परमात्मा त सबै दिशामा व्याप्त छ र दिशाहीन र दिशातीत छ । यस जगत्मा परमात्माबाहेक सबै कुराको दिशा छ । त्यसैले योगले यस्तो ध्वनि खोज्यो जो दिशाहीन छ । ॐ त्यो दिशाहीन ध्वनि हो । ॐ को पाठ गोलाकार छ र ॐ को प्रतीक पनि गोलाकार नै छ । मन्दिरको गुम्बजको निर्माण पनि ॐ सँग जोडेर गरिएको हो । शिरदेखि शरीरका सबै भागमा वर्तुलाकार दिशाहीन ध्वनि प्रवाहित हुन्छ । ॐ को ध्वनि सबैतिरबाट आउने र सबैतिर जाने जस्तो छ । यो एउटा अद्भुत ध्वनि हो जो योगले खोजेको छ र यस ध्वनिको तुलनामा जगत्मा दोस्रो ध्वनि खोज्न सकिएको छैन र सकिँदैन । त्यसैले यसलाई मूलध्वनि वा बीजध्वनि भनिन्छ । यो वर्तुलाकार ध्वनिको अवस्थामा मात्र हामी परमात्मातिर उन्मुख हुन्छौँ अन्यथा उन्मुख हुन सक्दैनौँ । दिशामुक्त भएपछि मात्र भित्रको यात्रा सुरु हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- योगको निरन्तर अभ्यासबाट परमात्मामा पुग्न सकिन्छ ।

*यथा दीपो निवातस्थो नेङ्गते सोपमा स्मृता ।*
*योगिनो यतचित्तस्य युञ्जतो योगमात्मनः ॥१९॥*

**जसरी हावा नभएको ठाउँमा दीपज्योति हल्लिँदैन वा स्थिर रहन्छ, त्यसैगरी मनलाई नियन्त्रणमा राखेका योगीहरू, योग वा ध्यानमा तल्लीन परमात्मामा ध्यान लगाएका मानिसहरूको मन त्यस्तै स्थिर हुन्छ, विचलित हुँदैन ॥**

जसरी वायुरहित स्थानमा दीपज्योति स्थिर एवम् कम्पनरहित हुन्छ त्यस्तै योगीको चित्तमा चेतना स्थिर हुन्छ । यो उपमा योगीको चित्तका लागि भनिएको हो । जबसम्म चेतना छरिन्छ वा कुनै दिशामा, जान्छ तबसम्म त्यो चेतनाको ज्योति अस्थिर हुन्छ । बाटामा एउटा हर्न बज्यो भने पनि चेतना कम्पित हुन्छ, सबै ध्वनिहरूले चेतनालाई कम्पित गराउँछन् । योगको अभ्यासद्वारा चित्त स्थिर गराउन सकिन्छ । जसले यस दिशामा अभ्यास गर्छ उसको चित्त कम्पनरहित हुन सक्छ । बुद्धले यसलाई मण्डला भन्नु भएको छ । चेतना बाहिर नजाने र बाहिरबाट कुनै ध्वनितरङ्ग भित्र नआउने यस मण्डलामा रोकिएको चेतना वायुरहित स्थानमा दियोको बत्ती जस्तै हुन्छ । यस्तो कम्पनरहित चेतना मात्र प्रभुमा प्रतिष्ठित हुन्छ किनभने कम्पनरहित हुनु नै प्रभुमा पुग्नु हो । संसार अनन्त कम्पनको समूह हो । वासना, विचार, वृत्ति आदिमा चित्त कम्पित भएर डोलिइरहन्छ ।

योगका अनुसार पात नभई जरा काट्नुपर्छ । जरा काटियो भने मात्रै पूरा रुख ढल्छ । भित्रको काम बाँकी रहुन्जेल क्रोध त्याग्न सकिँदैन । त्यस्तै लोभ बाँकी रहुन्जेल काम सकिँदैन । जबसम्म काम रहन्छ, तबसम्म अहङ्कार पनि सँगै रहन्छ । यी चार काम, क्रोध, लोभ, अहङ्कारमध्ये कुनै एक मात्र बाँकी भए पनि चारै मौजुद हुन्छन् । केवल एकको मात्रा कम र अर्कोको मात्रा बढी हुन सक्छ । सबै व्यक्तिमा यी चारको मात्रा हुन्छ तर कुनै व्यक्तिमा क्रोध ज्यादा र लोभ अलि कम हुन सक्छ । योग भन्दछ- एक एक हाँगालाई होइन जरालाई नै काट्नुपर्छ । जरा काम, क्रोध, लोभ, अहङ्कार नभई मनको व्यवस्था एवम् स्वभाव हो । त्यसैले योग यो मनलाई नै बदलिएर नयाँ मनलाई स्थापित गर्नुपर्छ भन्दछ । मनलाई बदलेर नयाँ मन बनाउने दिशामा योग सहयोगी हुन्छ । योगले तीन प्रकारका व्यक्तिहरूका लागि तीन प्रकारको व्यवस्था गरेको छ । ती तीन प्रकारका व्यक्तिहरू पहिलो विचारप्रधान, दोस्रो भावप्रधान र तेस्रो कर्मप्रधान हुन् । यी तीनै प्रकारका व्यक्तिहरूका लागि योगले अलग अलग व्यवस्था गरेको छ ।

योगका तीन शाखाहरू कर्म, भक्ति र ज्ञान हुन् । विचारप्रधान मानिसका लागि भजन, प्रार्थना उपयुक्त हुँदैन । विचारमा प्रश्न उठ्छ तर भावमा प्रश्न उठ्दैन किनभने भाव प्रश्नरहित हुन्छ । भाव स्वीकार हो र विचार सङ्घर्ष हो । भाव भएको व्यक्ति भावनाले बाँच्ने हुँदा उसलाई नाच भन्यो भने आनन्दमग्न भएर नाच्न लाग्छ र उसले नाच्नाले के हुन्छ भनेर सोच्दैन । नाच्ने क्रममा त्यो क्षण आउँछ जब नाच्ने नर्तक वा नृत्याङ्गना र नाच्ने विचार पनि हराउँछ र मात्र नृत्य बाँकी रहन्छ । मीराले गाउँदै नृत्य गर्दा उनी हराउँछिन् र कृष्ण पनि हराउनुहुन्छ मात्र गीत बाँकी रहन्छ । जब मीरा गाउँछिन्, "मेरे तो गिरिधर गोपाल !" तब न त गोपाल रहन्छ, न मेरा कोही रहन्छन्, केवल गीत मात्र बाँकी रहन्छ । जहाँ गीत मात्र बाँकी रहन्छ त्यहाँ त्यही घटना घट्छ जो ज्ञानयोगमा ज्ञान बाँकी रहँदा घटित हुन्छ । ज्ञान योगमा ज्ञेय र ज्ञाता नरही ज्ञान मात्र बाँकी रहन्छ । जसलाई जान्नु छ र जो जान्नेवाला छ त्यसलाई छोडेर जान्ने क्षमतामा अडिग रहनुपर्छ । महावीरका लागि नृत्य वा गीत होइन, ज्ञान शेष रहन्छ, त्यो महावीरको स्वभाव हो । मीराका लागि ज्ञानको केही काम छैन, केवल गीत बाँकी रहन्छ, यो उनको स्वभाव हो ।

अर्को वर्ग पनि छ जसलाई ज्ञान र भावको केही अर्थ छैन । उसको जीवनको अभिप्राय त कर्मबाट मात्र खुल्छ । कर्मठ व्यक्तिलाई पनि ज्ञान र भक्तिको त्यो उपलब्धि प्राप्त हुन सक्छ तर उसलाई कर्मबाट

मात्र प्राप्त हुन्छ । अर्जुन जस्ता व्यक्तिलाई पनि जब तरवार चम्किन्छ तब अर्जुन रहँदैनन्, शत्रु पनि रहँदैन केवल कर्म मात्र शेष रहन्छ । तरवार चलाउँदै छु भन्ने भाव रहँदैन केवल तरवार चल्नु मात्र शेष रहन्छ अनि यस्तो अवस्थामा अर्जुनलाई त्यही प्राप्त हुन्छ जुन ज्ञान र भावबाट प्राप्त हुन्छ । यी तीन खास प्रकारका विधिको प्रयोग गरी चेतनालाई स्थिर अवस्थामा ल्याउन सकिन्छ । ज्ञान, भाव र कर्ममध्ये आफ्नो स्वभावअनुरूप मार्ग चयन गरेमा वायुरहित स्थानमा दियोको ज्योति स्थिर भए जस्तै व्यक्तिको चेतना स्थिर हुन्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- योगी पनि वायुरहित स्थानको दीपज्योति ठहरिए जस्तै स्थिर र कम्पनरहित रूपमा ठहरिन्छ ।

*यत्रोपरमते चित्तं निरूद्धं योगसेवया ।*
*यत्र चैवात्मनात्मानं पश्यन्नात्मनि तुष्यति ॥२०॥*

**योगाभ्यासद्वारा मन जब भौतिक, मानसिक क्रियाकलापबाट पूर्ण रोकिन्छ वा चित्त निश्चल रहन्छ, तब परमात्माको ध्यानबाट शुद्ध भएको सूक्ष्म बुद्धिद्वारा सच्चिदानन्दस्वरूप परमात्मालाई हृदयमा देखेर सन्तुष्ट हुन्छ ॥**

यस श्लोकमा कसरी योगाभ्यासद्वारा ब्रह्मको चिन्तन गरेर दिव्यसुख वा निश्चलता प्राप्त हुन्छ र प्रभुमा कसरी रमाइन्छ वा प्रतिष्ठित हुन सकिन्छ भन्ने बारेमा कृष्णले बताउनु भएको छ । जबसम्म विषयहरूमा दौडिनु सुखद छ भन्ने भ्रान्ति चित्तमा रहिरहन्छ, तबसम्म चित्त विश्रान्तिमा पुग्दैन । चित्तको नियम दौडिने हुन्छ । जहाँसम्म सुख प्राप्ति हुन्छ भन्ने ठान्दछ, त्यहाँसम्म चित्त दौडिरहन्छ र जहाँ दुख पाइन्छ भन्ने सोच्छ त्यहाँ चित्त दौडिँदैन । पानी भिरालो वा खाल्डोतिर दौडिए जस्तै चित्त पनि सुखको प्रतीति हुने बित्तिकै त्यसतर्फ दौडिन्छ । जबसम्म दौडन्छ तबसम्म चित्त विश्राममा हुँदैन र श्रममा नै लागिरहन्छ । एउटा सुखको भ्रान्ति सकिने बित्तिकै अर्को सुखतिर चित्त दौडिहाल्छ । चेतनाको दौडिने नाम नै मन हो र चेतनाको निश्चल दिव्यसुखको नाम आत्मा हो । एकक्षण पनि सुख छैन भन्ने लाग्यो भने चित्त विश्रामतिर लाग्छ । त्यसैले बुद्धले चित्तको विश्राम र निश्चल दिव्य सुखद अवस्थाका लागि चार आर्य सत्यको स्थापना गर्नुभएको छ । यो योगसाधनामा सहयोगी हुन्छ ।

बुद्धले जीवन दुख हो भन्नुभएको छ, यसको प्रतीति पहिलो आर्य सत्य हो । जे हामी चाहन्छौँ र जसलाई सुख ठान्छौँ, त्यसको नजिक पुग्नेबित्तिकै दुख प्राप्त हुन्छ । परबाट हेर्दा प्रत्येक खोज असल र प्रीतिकर लाग्छन् तर जब नजिक गइन्छ तब ती कुरूप र अरुचिकर हुन्छन् । जीवन दुख हो भन्ने साक्षात्कार भएन भने चित्त निश्चल हुन सक्दैन । यस्तो साक्षात्कार हुनेबित्तिकै चित्तले गति पाउँदैन र रोकिन्छ । हाम्रो सहयोगविना चित्त चल्नै सक्दैन । हाम्रो सहयोग टुट्ने बित्तिकै चित्तको गति पनि टुट्छ । जीवन दुखमय छ भन्ने प्रतीति प्रतिक्षण हामीलाई भइरहेको छ तर त्यो प्रतीतिले हामी कहिल्यै कुनै निर्णय लिँदैनौँ । पूरा जीवन दुखपूर्ण छ तर हामी यसको निष्कर्ष  लिँदैनौँ । एउटा सुख दुखमा रूपान्तरण भए पनि हामी अर्को सुख त दुखद हुँदैन होला भन्ने ठान्दछौँ र अनन्तसम्म यही प्रक्रिया चलिरहन्छ र यो मोह कायम नै रहन्छ । हजारपटक अनुभूत भए पनि हामी त्यसको निष्पत्ति लिँदैनौँ । हरेक जन्ममा त्यही अनुभव भइरहन्छ । अघिल्लो जन्म छोड्यौँ भने पनि एउटै जन्ममा लाखौँ पटक त्यही अनुभव भइरहन्छ र यस्तो लाग्दछ कि मनुष्य कहिल्यै पनि अघिल्लो भूलबाट सिक्न नै चाहँदैन । त्यसैले निरन्तर त्यही भूल गरिरहन्छ जुन उसले हिजो गरेको  थियो । भुलबाट मानिस झन् कुशलतापूर्वक अन्य भुल गर्न सिक्दछ । हामी हाम्रो मनबाट गलत अभ्यास सिक्छौँ र कुशलतापूर्वक त्यही कुरालाई दोहोऱ्याउँछौँ ।

जीवन दुख हो भन्ने जानेपछि योगद्वारा त्यसबाट मुक्त हुने चेष्टा गरेमा चित्त निश्चल हुन सक्छ । जीवन दुख हो भनेर जान्नेबित्तिकै व्यक्ति त्यसको अतिक्रमण गर्ने चेष्टा गर्न थाल्छ । दुखका बिच कोही पनि विश्राम गर्न चाहँदैन र व्यक्ति जीवनबाट फड्को मार्ने चेष्टा गर्छ किनभने दुखसँग रहिरहनु असम्भव

हुन्छ । हामी सुखसँग भ्रान्ति नै भए पनि रोकिन सक्छौं तर दुखसँग बाँच्नु असम्भव हुन्छ । त्यसैले बुद्ध पहिलो आर्यसत्य "जीवन दुख हो" भन्नुहुन्छ । दुखबाट मुक्त हुने उपाय छ भन्ने बुद्धको दोस्रो आर्य सत्य हो । जब दुखको प्रतीति हुन्छ, तब तत्काल त्यसबाट बच्ने उपायको खोज हुन्छ । सुखको खोज संसार हो र दुखबाट मुक्तिको खोज योग हो । योगको खोज नकारात्मक कुराको हुन्छ । योग भन्छ- दुखबाट मुक्ति खोज्न सकिन्छ । जब दुखबाट मुक्त भइन्छ, तब जे शेष रहन्छ त्यही आनन्द हो किनभने आनन्द हाम्रो स्वभाव हो । व्यर्थलाई हटाउने बित्तिकै जे हाम्रो स्वभाव छ त्यो प्रकट हुन्छ । दुख मुक्तिको उपाय, विधि र साधन योग हो । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- योगबाट निश्चल भएको चित्त दुखबाट मुक्त हुन सक्छ । दुखको बोध भएपछि योगद्वारा दुख मुक्तिको उपाय हुन सक्छ ।

बुद्ध तेस्रो आर्यसत्य दुखबाट मुक्त हुन सकिन्छ भन्नुहुन्छ । आफ्नै अनुभवबाट उहाँ भन्नुहुन्छ- दुखमुक्तिको अवस्थामा पुगेको ज्वलन्त प्रमाण र दुखबाट निश्चल भएर दिव्य सुखानुभूति गरेको चित्त भएको व्यक्ति म नै हुँ । जिससँग कसैले मुक्तिको मार्गका बारेमा सोध्दा उहाँ भन्नुहुन्छ- "म नै मार्ग हुँ" I am the way । मतिर हेर, मेरा आँखामा प्रवेश गर । चित्त यदि अशान्त हुन्छ भने शान्त हुन सक्ने सम्भावना पनि हुन्छ । जब कोही दुखी हुन सक्छ भने दुखबाट मुक्त हुनसक्ने सम्भावना पनि हुन्छ । यदि हामीभित्र आनन्द नभएको भए हामीलाई दुखको कहिल्यै पनि जानकारी नै हुँदैनथ्यो । दुख जान्नका लागि उसलाई दुखको चोट हुनै पर्छ । बुद्ध चौथो आर्य सत्य भन्नुहुन्छ- "यो मलाई मात्र घटेको घटना होइन र म कुनै अपवाद पनि होइन । यो सबैलाई घट्न सक्छ किनभने प्रत्येक व्यक्ति गहिराइमा त्यही हो। हाम्रो सबै भेद बाह्य मात्र हो । भित्र अर्थात् अन्तस्करणमा कुनै भेद छैन । भित्र एक त्यही छ तर त्यसलाई भित्र नगई बुझ्न सकिन्न । अष्टाङ्गिक योग यसको मार्ग हो ।

योगबाट उपराम (विश्राम) मा पुगेर यसलाई जान्न सकिन्छ । मनले कुनै कुरामा सुख छ भन्यो भने मनसँग सुख साँच्चिकै छ कि छैन भनेर सोध्नुपर्छ । जब मनले यसमा सुख छ भन्छ, तत्काल सुख कहाँ छ भनेर सोधिहाल्नुपर्छ । एकक्षण पनि रोकिएर हेर्‍यौं भने थाहा हुन्छ कि सुख कदापि छैन र तत्काल दुखको दर्शन हुन्छ तर मनले भ्रान्ति दिन खोज्छ । जब मनमा गति सुरु हुन्छ, तब एकक्षण अडिएर सोच्यौं भने जीवन दुखमय भएको प्रतीति झन् गहिरो हुन्छ । जब यो प्रतीति गहिरो हुन्छ, तब उपरामको अवस्था आउँछ । हरेक दुख प्रारम्भमा सुखजस्तै लाग्छ र अन्ततः ती सबै सुख दुखमा रूपान्तरित हुन्छन् । जब दुखको अनुभव हुन्छ, त्यो अनुभवलाई कहिल्यै नबिर्सौं किनभने कैयौं पटकको अनुभवपछि पनि हुँदै नभएको सुख खोज्न हामी छोड्दैनौं । एकपटक फर्केर खोज्यौं भने जीवन दुख हो सुख होइन भनेर थाहा हुन्छ । जब कुनै क्षणमा चेतना जाग्दछ र यी सबै दुख हुन् भन्ने जानिन्छ त्यसपछि एउटा नयाँ अनुभव प्रारम्भ भएर साक्षीसँग नयाँ सम्बन्ध हुन्छ जो सबैको पछाडि उभिएको हुन्छ । जब भित्रको त्यो तत्त्वसँग परिचय हुन्छ, तब तत्काल चित्त उपराममा प्राप्त हुन्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- योगसाधनाबाट शान्त भएको चित्तको माध्यमबाट प्रभु वा परम सत्यलाई प्राप्त गर्न सकिन्छ ।

पतञ्जलिले चित्त-वृत्ति-निरोध भनेका छन् । वृत्तिको साक्षात्कारले व्यक्तिलाई निरोधमा लिएर जान्छ किनभने शुद्ध वृत्तिको साक्षात्कार नै नर्कको साक्षात्कार हो । त्यसलाई जान्ने बित्तिकै व्यक्ति त्यसबाट बाहिर हुन्छ । हाम्रो सारा व्यवस्था वृत्तिलाई अस्वीकार गर्ने व्यवस्था हो । निरोधको अर्थ चित्तको दमन होइन । क्रोधको अन्तरधारा हामीमा बगेको हुन्छ र कसैले अलिकति चोट पुर्‍याउने बित्तिकै प्रकट हुन्छ । क्रोधको साक्षात्कार गर्नेबित्तिकै त्यसबाट व्यक्ति बाहिर निस्कन सक्छ । त्यसैले वृत्तिका बारेमा जान्नु नै त्यसबाट निरोध गर्ने उपाय बन्छ । चित्तको दमनले कहिल्यै पनि वृत्तिबाट बाहिर हुन सकिँदैन । वृत्ति निरोधको अर्थ वृत्तिको गहिरो जानकारी हुनु हो र त्यो जानिसकेपछि वृत्तिमा रहिरहन सम्भव हुँदैन । ज्ञानका अतिरिक्त

कुनै मुक्ति एवम् निरोध छैन । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- उपराम, निश्चल एवम् शान्त भएको चित्त अर्थात् चित्तवृत्तिबाट निरोध भएको चित्त त्यो निरोधको क्षणमा प्रभुलाई जान्दछ ।

*सुखमात्यन्तिकं यत्तद्बुद्धिग्राह्यमतीन्द्रियम् ।*
*वेत्ति यत्र न चैवायं स्थितश्चलति तत्त्वतः ॥२१॥*

**शुद्ध भएको सूक्ष्म बुद्धिद्वारा जब जो आत्यन्तिक सुखबारे जानिन्छ त्यस स्थितिमा मानिस सचेत र आनन्दित हुन्छ त्यस्तो अनुभूतिप्राप्त मानिस परमात्माको स्वरूपबाट कहिल्यै विचलित हुँदैन ॥**

जो भगवत् स्वरूपबाट चलायमान हुँदैन त्यस्तो चित्त भएको योगी आफू इन्द्रियको पार हुँ भनेर जान्दछ । भगवत् स्वरूपबाट हामी चलायमान हुन्छौँ किनभने हामी आफू इन्द्रिय हौं भनेर मान्दछौँ । जब इन्द्रिय हुँ भन्ने लाग्दछ तब स्वयम्बाट पर जान थालिन्छ र इन्द्रियले अझ पर लान्छ किनभने प्रत्येक इन्द्रियले आफ्नो विषयको माग गर्दछ र प्रत्येक विषयको भोगपछि यसबाट तृप्ति हुँदैन भन्ने अनुभव हुन्छ अनि अर्को विषयको खोज सुरु हुन्छ र जीवन एक यात्रा बन्दछ । यदि संसारमा जानु छ भने इन्द्रियसँग तादात्म्य बनाउनुपर्छ । चेतना जुन चिजको नजिक जान्छ त्यसकै प्रतिबिम्ब पक्रिन्छ किनभने चेतना निर्मल र शुद्ध हुन्छ । जस्तो कि नीलमणिलाई कुनै जल भएको भाँडामा राखियो भने पूरा जल निलो हुन्छ । नीलमणिको आभाले पूरा जललाई घेर्छ तर नीलमणिलाई त्यो थाहा पनि हुँदैन किनभने पूरा जल निलो भइसकेको हुन्छ । आत्माले पूरा शरीरलाई आवृत्त गरेको हुन्छ । आत्माको आभा अनन्त भएकाले यो जहाँ पनि पर्छ र जुन सीमालाई घेर्छ त्यो एक हुन्छ । त्यसैले आत्माको इन्द्रियहरूसँग तादात्म्य हुन्छ । कामेन्द्रियहरूले काम विषय खोज भनेपछि काम बिषयको खोज शुरू हुन्छ । यसरी हामी आफूभन्दा बाहिर गएर चलायमान र गतिमान हुन्छौं र हाम्रो भित्र जो सदा अचलायमान छ ऊ पनि चलायमान भएको भ्रान्तिमा पर्छ र खोजमा निस्किन्छ । जति खोजे पनि केही नपाएपछि अरू पर जान्छ र यसरी नै जन्मको लामो यात्रा हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- जसले आफूलाई इन्द्रियको पार हुँ भन्ने जान्दछ, त्यस्तो योगी भगवत् स्वरूपबाट चलायमान हुँदैन र ऊ भगवान्मा एक भएर भगवान् नै हुन्छ तर आफू इन्द्रियको पार हुँ भन्ने जान्नु जरुरी हुन्छ । एक एक इन्द्रियप्रति जागेर यो आफू नभएको भन्ने जान्नुपर्छ । यदि यो उत्तर भित्रबाट आयो भने व्यक्तिको जीवन नै बदलिन्छ र भित्र त्यो तत्त्वसँग साक्षात्कार हुन्छ अनि चित्त उपराममा प्राप्त हुन्छ । जुन क्षण यो शरीर र आफू अलग भएको अनुभव हुन्छ त्यस क्षणमा चेतना चलायमान हुन रोकिएर प्रभुमा रम्न थाल्छ र एक हुन्छ । शरीर जति चले पनि भित्र आत्माले आफू अचल हुँ भन्ने जान्दछ । अनि शरीर समाप्त हुँदा पनि आफू अमर भएको र शरीर काटिँदा पनि आफू नकाटिने भन्ने जानिन्छ । यस्तो स्थिरतामा प्रभुमा एकता हुन्छ र प्रभुमा स्थित हुनु नै आनन्द हो ।

*यं लब्ध्वा चापरं लाभं मन्यते नाधिकं ततः ।*
*यस्मिन्स्थितो न दुःखेन गुरुणापि विचाल्यते ॥२२॥*

**मानिसले परमात्माको स्वरूपको चिन्तनबाट जुन आनन्दको अनुभूति गर्दछ, त्यो पाएपछि उसलाई अन्य कुनै बढ्ता लाभको प्रयोजन रहँदैन । यस्तो स्थितिमा आइपर्ने ठुला कठिनाइ वा दुखहरूबाट पनि ऊ विचलित हुँदैन ॥**

परमात्माप्राप्तिको कामना पूर्ण भएपछि अन्य कुनै कामना शेष रहँदैन अर्थात् प्रभुको प्राप्तिपछि अन्य कुराको प्रयोजन नै रहँदैन । श्रीकृष्ण भन्नुहुन्छ- जसले प्रभुप्राप्तिको लाभ कमायो उसले परम लाभ प्राप्त गऱ्यो । यस्तो परम लाभ प्राप्त व्यक्ति महान् दुखमा समेत अविचलित हुन्छ । हामी सामान्य दुखमा पनि विचलित हुन्छौँ किनभने हामीलाई आनन्दको कुनै अनुभव नै छैन । यदि आनन्दको अनुभव भयो भने दुखबाट हामी विचलित नै हुँदैनौँ । साधारण दुखमा हामी अभ्यस्त भइसकेकाले त्यसलाई झेल्न सक्छौँ तर

असाधारण दुख आइपर्ने बित्तिकै हामी विचलित हुन्छौं । सामान्यतः हामी साधारण दुखमा नै जन्मिन्छौं, हुर्किन्छौं र बाँच्छौं । यसमा अभ्यस्त भएकाले नै यसको सामना गर्न सक्ने हैसियत राख्छौं तर जब ठुलो आपत् आइलाग्छ तब चित्त कम्पित हुन्छ र हामी विचलित हुन्छौं।

विज्ञान पूर्ण रूपमा सफल भयो भने पनि हामीलाई दुखबाट पूर्ण रूपले छुट्कारा दिलाउन सक्दैन । कुन प्रयास गरियो भने दुख आउँदैन वा दुख सामान्य मात्र हुन्छ भनेर विज्ञानले केही प्रयास मात्र गर्न सक्छ । सामान्य दुख बिस्तारै हाम्रो बानी बन्छ । त्यसैले त त्यसबाट हामीलाई ज्यादा पीडा हुँदैन । विशेष दुख आइपर्दा मात्र हामी पीडित भएर छटपटिन्छौं । हामीमा विशेष आनन्दको जानकारी नभएकाले हामीलाई विशेष दुखले चिन्तित पार्छ तर यो दुख दैनिक आउन थाल्यो भने त्यसमा अभ्यस्त हुने भएकाले त्यसले पनि हामीलाई पीडित बनाउन छोड्छ । दुखप्रतिको हाम्रो संवेदनशीलता दुख आएपछि मन्द हुन्छ । युद्धमा जाने सैनिक जबसम्म युद्धस्थलमा पुग्दैन तबसम्म पीडित र बेचैन हुन्छ तर युद्धस्थलमा पुगेपछि उसको छटपटी स्वतः बिदा हुन्छ । जब युद्धको विकराल दृश्य एवम् स्थिति देख्छ र भोग्छ, तब उसको संवेदनशीलता पनि क्षीण हुन्छ । यसरी हामी कतिपय वास्तविक स्थितिमा दुखमा अभ्यस्त बन्छौं ।

यदि भित्र आनन्दको वर्षा हमेसा भइरहेको छ भने बाहिर जतिसुकै दुख आइपरे पनि त्यसले कुनै फरक पार्दैन र त्यो दुख भित्र प्रवेश गर्न पनि सक्दैन । भित्र दुख मौजुद भए मात्र बाहिरको दुख भित्र पस्न सक्छ । श्रीकृष्ण भन्नुहुन्छ- परमात्मा प्राप्त गरिसकेपछि ठुलोभन्दा ठुलो दुखले पनि विचलित गराउन सक्दैन । जससँग अनन्त खजाना हुन्छ उसले केही रकम गुमायो वा हरायो भने पनि उसलाई केही चिन्ता र पीडा हुँदैन किनभने अनन्तमा केही कमी हुँदैन । जसले आफूभित्रको तत्त्व कहिल्यै मर्दैन भनेर जान्दछ, त्यो सानोतिनो बिरामीको त के कुरा मृत्युसँग पनि विचलित हुँदैन । हामी मृत्युसँग विचलित हुन्छौं किनभने हामी अवश्य मर्छौं भन्ने सोच्दछौं । अमृतको अनुभव नभएकाले हामी मृत्युबाट हुने पीडाबाट विचलित र भयभीत हुन्छौं । यदि हामीलाई बारम्बार दुखले दिक्क बनाउँछ भने हामीभित्र दुखको खात छ भन्ने बुझ्नुपर्छ । उदास व्यक्तिले चौतर्फी उदासीनता नै देख्दछ र उसभित्र उदासी नै प्रवेश गर्छ । यदि कोही आनन्दित छ भने उसले चौतर्फी रूपमा आनन्दको धारा बगेको मात्र देख्छ र उसभित्र पनि आनन्द नै प्रवेश गर्छ । हामीभित्र जे बसेको छ बाहिरबाट त्यही नै प्रवेश गर्छ ।

दुख त अनेकौं हुन्छन् । प्रियतम वा प्रियतमासँगको बिछोडले पनि दुख हुन्छ । जसले परमात्मा प्राप्त गर्‍यो उसले संसारकै उत्कृष्ट प्रियतम वा प्रियतमा पायो भन्ने बुझ्नुपर्छ । जब सामान्य प्रियतम वा प्रियतमासँगको बिछोडले कुनै दुख वा कष्टको अनुभूति हुँदैन, तब शाश्वतसँग मिलन हुन्छ । जसको झलक हामीले प्रियजनमा देखेका थियौं त्यो नै पाएपछि दुख समाप्त हुन्छ । कसैलाई प्रेम गर्नु भनेको गहिरोमा परमात्माको नै खोज हो । जब कोही कसैको प्रेममा पर्छ, तब ऊ दिव्यताको खोज गरिरहेको हुन्छ । दिव्यता प्राप्त नभएमा ऊ विषादले घेरिन्छ । जसले प्रभुलाई प्राप्त गर्न सकेको छ उसलाई अब अन्य कुनै मिलनको आवश्यकता रहँदैन किनभने उसले परम मिलनको दिव्य सुखको क्षण प्रात गरिसकेको हुन्छ र सबैको मिलनमा परमात्मा नै सर्वत्र देख्दछ । परम मिलनपछि बिछोडको सम्भावना रहँदैन र प्रभुको सम्मानपछि कुनै अपमान पनि शेष रहँदैन किनभने उसले सबैभन्दा ठुलो सम्मान पाइसकेको हुन्छ ।

मन्सुरलाई शूली दिएपछि उनी आकाशतिर हेरेर हाँस्न लागे । उनलाई काट्न लागेको बेलामा एक लाख व्यक्तिहरूको भिड थियो । कसैले उनको हात, कसैले खुट्टा काट्न लागे भने कोही ढुङ्गा बर्साउन थाले तर उनी भने हाँसिरहेका थिए । भिडमा उनलाई कसैले सोध्यो कि मृत्यु सामुन्ने हुँदा पनि तिमी कसरी हाँस्न सकिरहेका छौ । उनले जवाफ दिए- तिमीहरू जसलाई मृत्यु देखिरहेका छौ म परमात्मासँग हुन लागेको महामिलन देखिरहेको छु । आकाशबाट परमात्माले हात फैलाएर मलाई बोलाइरहनु भएको देखिरहेको छु । तिमीहरू मलाई छिट्टै बिदा गर ताकि परमात्माले मेरा निम्ति लामो प्रतीक्षा गर्नु नपरोस् ।

मन्सुरजस्ता व्यक्तिलाई हामी काटेर दुख दिन सक्दैनौं किनभने उनलाई हामी काट्नै सक्दैनौं । जहाँ उनी बाँचिरहेका छन्, त्यहाँ कुनै शस्त्रअस्त्रले काम गर्दैन । त्यस्तै जिससलाई शूलीमा झुन्ड्याएर कुनै दुख दिन सकिन्न ।

जसले प्रभुको झलक प्राप्त गर्छ उसलाई कुनै कारणले विचलित गराउन सक्दैन तर प्रभुको झलक नपाउने व्यक्ति भने स-साना कुरामा पनि बारम्बार विचलित हुन्छ । वास्तवमा हामी विचलित र दुखी छौं त्यसैले जीवनको स्वरूपमा दुख आउनु स्वाभाविक हो । जबसम्म हामीलाई आनन्द प्राप्त हुँदैन, तबसम्म दुखले हामी कम्पित भइरहन्छौं । जब ठुलोभन्दा ठुलो दुखले पनि कम्पन वा विचलन ल्याउँदैन, तब प्रभुसँग मिलन भएको छ भनेर जान्नुपर्छ । जसले प्रभुको परम लाभ प्राप्त गरेको छ उसलाई जतिसुकै ठुलो दुखले पनि विचलित गराउन सक्दैन ।

*तं बिद्याद्दुःखसंयोगवियोगं योगसञ्ज्ञितम् ।*
*स निश्चयेन योक्तव्यो योगोऽनिर्विण्णचेतसा ॥२३॥*

**त्रिविध ताप र इन्द्रियजन्य विषयले दिने संयोग र वियोगलाई जान्नु नै योग हो । दृढ सङ्कल्प, धैर्य र उत्साहयुक्त चित्त लिएर विचलित नभइकन योगपद्धतिको अभ्यास निश्चयपूर्वक गर्नु व्यक्तिको कर्तव्य हो ॥**

श्रीकृष्ण भन्नुहुन्छ- इन्द्रियजन्य विषयले दिने संसारका संयोग र वियोगलाई जान्ने, दुख र अज्ञानलाई हटाउन सक्ने सामर्थ्य योगमा हुन्छ । यस्तो योगको अथक साधना गर्नु मानिसको कर्तव्य हो । मन दिक्क हुनु नै मानिसको लक्षण हो । पशुहरूमा कुनै हतास या दिक्क हुने लक्षण हुँदैन । मानिस सुख नै सुख, महल, सुन्दरी स्त्री, सुन्दर पति, धन, यश, कीर्ति आदि प्राप्त गरे पनि दिक्क हुन्छ । जबसम्म ती प्रिय वस्तु प्राप्त गर्दैन, तबसम्म ती वस्तुप्रति आकर्षित हुन्छ तर पाएपछि दिकदारी सुरु हुन्छ । परमात्मातर्फको यात्रामा ठिक विपरीत नियम लागू हुन्छ । संसारतर्फ यात्रा गर्ने क्रममा मानिस कहिल्यै हरेस खाँदैन र प्रयत्न गरि नै रहन्छ तर त्यसको परिणाम प्राप्त भएपछि दिक्क हुन्छ। संसारमा गतिशील हुने नियम परमात्मामा ठिक उल्टो हुन्छ । संसारमा प्रयत्न गर्दा हामी दिक्क हुँदैनौं प्राप्तिपछि मात्र दिक्क हुन्छौं । त्यस्तै परमात्मालाई पाउन प्रयत्न गर्दा दिक्क होइन्छ तर परमात्मा पाए आनन्द मात्र प्राप्त हुन्छ । संसारको साम्राज्य पाए पनि व्यक्ति दिक्क हुन्छ तर परमात्माको प्राप्तिपछि भने कुनै दिक्दारी आउँदैन । परमात्मा प्राप्तिको यात्रा भने कठिन हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- परमात्मालाई पाउन दिक्क नभईकन परिश्रम गर्नुपर्छ र त्यस्तो परिश्रम गर्नु योग्य पनि छ।

श्रीकृष्णले भनेको कुरा अर्जुनले मान्नका लागि श्रद्धाको आवश्यकता हुन्छ । श्रद्धाको अर्थ पूर्ण भरोसा हो । अर्जुन कृष्णलाई राम्ररी जान्दछन् । उनले कृष्णलाई कहिल्यै विचलित भएको पाएका छैनन् । न त कृष्ण कहिल्यै दिक्क देखिनु हुन्छ न त उहाँको बाँसुरीबाट कहिल्यै दुख वा विरहका स्वर, ताल सुनिन्छ । उहाँ त सदा फुर्तिलो र प्रसन्न मुद्रामा हुनुहुन्छ । कृष्ण, बुद्ध, महावीर जस्ता व्यक्तिहरूको तस्बिर सदैव स्वच्छ र फुर्तिलो छ अर्थात् बुढ्यौलीको कुनै आभास छैन किनभने हिन्दू चिन्तक शरीरको तस्बिर होइन, मनोभावको तस्बिर कोर्छन् । त्यसैले त कृष्ण कहिल्यै बुढो हुनुहुन्न । उहाँ मलिन, निराश, उदासीन पनि देखिनुहुन्न बरु सदा स्वच्छ, फुर्तिलो र प्रसन्न मुद्रामा देखिनुहुन्छ । शरीर आफ्नो नियमले चल्ने हुँदा बुढो हुन्छ तर कृष्णको चेतना अविचलित भावले आनन्दमग्न भएर एवम् युवा बनेर सदा नाचिरहन्छ । कृष्णले एक खुट्टामा उभिएर बाँसुरी बजाएको तस्बिर उहाँको आन्तरिक विम्ब र भित्री भावको तस्बिर हो । यसले भित्र एउटा प्रफुल्लित चेतना भएको बताउँछ । भित्र एउटा गीत गाउँदै गरेको मन छ जसको बाँसुरीमा स्वर भरिएको छ । बाँसुरी प्रतीकात्मक हो जसले भित्र गाउँदै गरेको मनको खबर दिन्छ ।

त्यस्तै गोपिनीहरू नाच्दै गरेको पनि चित्रमा देखाइन्छ । यो पनि एक आन्तरिक प्रतीक हो । हिन्दूहरूका पुराण प्रतीकात्मक छन् । यो प्रतीकले सुन्दर नारीहरू नाचिरहेको र पुरुष प्रफुल्लित भएको

जस्तो देखाउँछ र कृष्ण ठिक यस्तै हुनुहुन्छ । चित्रमा प्रतीकको रूपमा गोपिनीहरू नाचिरहेका र कृष्ण बाँसुरीलाई ओठमा लगाइरहनुभएको देखिन्छ । यो कृष्णको नित्य स्वभाव हो । चारैतिर शरद् ऋतुको सुगन्धमय सौन्दर्य प्रस्फुटित भई सङ्गीतमय वातावरणमा घुँगुरा छमछम बजेर प्रेम बर्सिरहेको जस्तो स्थितिमा कृष्ण चौबिसै घण्टा रहनुहुन्छ । बाहिर चारैतिर जस्तो वातावरण देखिइरहेको छ भित्री रूपमा कृष्ण त्यस्तै हुनुहुन्छ । कृष्णलाई उदासीले कहिल्यै आफ्नो बनाउन सकेन । अर्जुन उहाँलाई राम्ररी चिन्दछन् । कृष्णको आँखामा कहिल्यै निराशा देखिँदैन र त्यहाँ कहिल्यै दुख पनि देखिँदैन ।

अर्जुन आफ्नो यात्रा गन्तव्यमा पुऱ्याउन कृष्णप्रति ठुलो भरोसा राख्छन् । श्रीकृष्ण अर्जुनलाई गर्न योग्य कर्तव्य गरेपछि मात्र जान्ने छौ, गरेनौ भने जान्न सक्ने छैनौ भन्नुहुन्छ । कर्तव्यकर्म गरेपछि मात्र जानिन्छ । यो गर्नुमा सबैभन्दा बाधक तत्त्व निराशा हो । अथक श्रम अर्थात् अनन्त प्रतीक्षाको शक्ति आवश्यक हुन्छ किनभने कहिले घटना घट्छ वा प्रभु मिलन हुन्छ भन्न सकिन्न । क्षणमा नै घटना घटेर प्रभु मिलन हुनसक्छ र यसका लागि अनन्त जन्म पनि प्रतीक्षा गर्नुपर्ने हुन सक्छ । हामी मात्र प्रतीक्षा र प्रयत्न गर्न सक्छौँ त्यसैले दिक्क भएमा हामी केही प्राप्त गर्न सक्दैनौँ । दिक्क हुनु स्वाभाविक घटना हो । त्यसैले धार्मिक स्थलमा जति दिक्क भएका व्यक्तिहरू हुन्छन् त्यति कतै पनि हुँदैनन् ।

त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- यो दिक्दारीबाट बच्न योगको आश्रय लिनुपर्छ र अथक श्रम गर्नुपर्छ। ईश्वरप्राप्तिमा जीवनको सारा खोज पूरा हुन्छ र कहिल्यै दिक्दारी हुँदैन तर यो श्रम नगरी आफूले नजानीकन प्राप्त पनि हुँदैन । श्रमको एक कदम पनि हजारौँ विचारको कदमभन्दा उपलब्धिपूर्ण हुन्छ र एक कदमले पनि लामो दूरीको यात्रा पूर्णतातिर लम्काउँछ । निराशामा शक्ति खर्च हुन्छ त्यसैले त्यो शक्ति पनि श्रममा नै लगाउनु श्रेयस्कर हुन्छ । जब दिक्दारी आउँछ तब जोडले शक्तिलाई श्रममा लगाउनुपर्छ । बुद्ध भिक्षुहरूलाई दुई प्रकारका ध्यान गराउनुहुन्थ्यो । पहिलो बसेर ध्यान गराउनुहुन्थ्यो र जब दिक्क लाग्न थाल्छ, तब हिँडेर ध्यान गर भन्नुहुन्थ्यो । दिक्क भएमा बौद्ध भिक्षुहरू तत्काल उठेर ध्यान गर्न थाल्छन् र दिक्क हुँदैनन् ।

*सङ्कल्पप्रभवान्कामांस्त्यक्त्वा सर्वानशेषतः ।*
*मनसैवेन्द्रियग्रामं विनियम्य समन्ततः ॥२४॥*

**सङ्कल्पबाट उत्पन्न हुने सबै प्रकारका कामनाहरूलाई जरैदेखि उखेलेर मनले इन्द्रियका समूहलाई पनि सबैतिरबाट वशमा राखोस् ॥**

*शनैः शनैरुपरमेद्बुद्धया धृतिगृहीतया ।*
*आत्मसंस्थं मनः कृत्वा न किञ्चिदपि चिन्तयेत् ॥२५॥*

**बिस्तारै बिस्तारै धैर्यपूर्वक अभ्यास गर्दै बुद्धिको सहायताले मनलाई परमात्मामा स्थिर गराएर इन्द्रियका वृत्तिहरूबाट निवृत्त होओस् र परमात्माबाहेक अन्य कुनै कुराको पनि चिन्तन नगरोस् ॥**

यी श्लोकका सार नै परमात्मा सिवाय अरूको चिन्तन नगर्नु भन्ने हो । श्रीकृष्ण पुनः दोहोऱ्याउँदै भन्नुहुन्छ- कामलाई वशमा राखेर, मनलाई नियन्त्रित गरी इन्द्रियातीत हुँदै सङ्कल्प विकल्परहित भएर परमात्माको चिन्तनमा लीन होऊ । संसारमा जति पनि महत्त्वपूर्ण वाङ्मय छन् ती सबै बोलिएका वा भनिएका हुन्, लेखिएका होइनन् । चाहे कुरान होस् या बाइबल, गीता होस् या धम्मपद यी सबै कसैलाई लक्षित गरेर बोलिएका हुन् । गीतामा अर्जुनको आँखामा हेरेर श्रीकृष्ण बोलिरहनुभएको छ । बारम्बार उहाँ एउटै कुरालाई जोड दिँदै दोहोऱ्याइरहनुभएको छ । उहाँ करुणाले भरिएको हुनाले बारम्बार नयाँ कोणबाट त्यही कुरा दोहोऱ्याउनुहुन्छ । श्रीकृष्ण कुनै क्षण अर्जुनको चेतनाले भनिएका कुरा बुझेर उनका लागि यो मननयोग्य बनोस् भन्ने आशाले बोल्दै हुनुहुन्छ साथै कृष्ण दोहोऱ्याउँदा पनि हरेक पटक नयाँ सत्य जोडेर भन्नुहुन्छ। उपर्युक्त श्लोकमा श्रीकृष्णले प्रभुको सतत चिन्तन भनेर नयाँ सत्य जोड्नु भएको छ ।

प्रभु जसलाई हामी जान्दैनौं, त्यसको हामी कसरी चिन्तन गर्न सक्छौं । चिन्तनको अर्थ विचार होइन किनभने चिन्तन केवल ज्ञानको मात्र हुन सक्छ, अज्ञानको हुन सक्दैन । हामीलाई तिर्खा लागेको बेला जुनसुकै काममा लागेको भए पनि तिर्खाको चिन्तन भित्र लागि नै रहन्छ । विचार त हामी अरू नै गरिरहेका हुन्छौं तर भित्र अनुचिन्तन तिर्खाको नै चलिरहन्छ । भित्रबाट बारम्बार कसैले तिर्खा लागेको अनुभव व्यक्त गरिरहन्छ भने त्यो चिन्तन हो । प्रभुको तिर्खा हामी सबै भित्र छ । प्रभुतृष्णा विना कसैको जन्म नै हुन सक्दैन । पद, धन, यशको सारा यात्रा प्रभु चिन्तनकै यात्रा भए पनि यो गलत यात्रा हो केवल प्रभु प्राप्तिको यात्रा मात्र सही यात्रा हो । यो गलत व्याख्यालाई तोड्न सकेमा हामीभित्र सही चिन्तन सुरु हुन्छ । सतत रूपमा जे गरे पनि भित्र प्रभुको तृष्णा जारी रह्यो भने त्यो भित्रको तृष्णारूपी सिंढीको नाम नै चिन्तन हो । त्यो द्वारमा पुग्न प्रभुको शरण नपरीकन कुनै उपाय नै छैन। जब भित्र यस्तो तिर्सना चल्न थाल्छ, तब प्रभुको सतत चिन्तन हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- यस्तो सतत चिन्तनमा पुग्ने भाग्यमानी व्यक्ति वा योगी समस्त वासना त्यागेर इन्द्रियबाट पार हुँदै दुर्लभ सत्य प्राप्त गर्दछ जुन पाउन योग्य छ ।

*यतो यतो निश्चरति मनश्चञ्चलमस्थिरम् ।*
*ततस्ततो नियम्यैतदात्मन्येव वशं नयेत् ॥२६॥*

**जुन जुन शब्दादि विषयका लागि संसारमा दौडिने, स्थिर नरहने चञ्चल मन छ, त्यसलाई त्यस विषयवाट नियन्त्रित गरेर बारम्बार परमात्मामा स्थिर हुने गरी वशमा ल्याओस् ॥**

मन चञ्चल हुनुको उपयोगिता र व्यर्थता दुवै हुन्छ । मनको प्रयोजन नै चञ्चल हुनु हो । मनुष्यको व्यक्तित्वमा चारैतिर जे अन्तर भइरहेको छ त्यसलाई खबर दिने यन्त्र मन हो; त्यसैले यो चञ्चल हुन्छ । गर्मीबाट जाडो भएको मनले यदि खबर दिएन भने जीवन असम्भव हुन्छ । मित्र-शत्रु भएको, कुनै अङ्गमा चोट लागेको र जीवनमा हुने परिवर्तनको खबर मनले दिएन भने जीवन चल्न असम्भव हुन्छ । प्रतिक्षण हजारौं प्रकारका खबर मनले दिइरहन्छ । ती हजारौं खबर तबसम्म दिन सक्छ, जब सानो घटनाबाट पनि मन विचलित र चञ्चल हुन्छ । हाम्रो जीवनलाई अस्तित्वमा राख्ने यन्त्र नै मन हो । अस्तित्व प्रतिपल परिवर्तन भइरहन्छ । एकक्षण अघि भएको अस्तित्व त्यही रूपमा एकक्षण पछि नरहन सक्छ । हरक्षण चारैतिर परिवर्तनको प्रवाह भइरहेको छ । त्यसैले यो परिवर्तनको खबर गर्ने मन हावामा पङ्खा घुमेझैं हावासँगै परिवर्तित हुन तयार हुनुपर्छ । हरपल परिवर्तनको सूचना हामीलाई दिनु नै मनको उपादेयता हो र मन यसै प्रयोजनका लागि हुन्छ ।

संसार प्रतिक्षण परिवर्तन हुन्छ तर परमात्मा शाश्वत र सनातन हुनाले कहिल्यै परिवर्तन हुँदैन । परमात्मा सदैव त्यही रूपमा हुन्छ तर संसार क्षणभर पनि उही रूपमा रहँदैन । संसार त बगिरहेको नदी जस्तो हो जुन एकक्षण पनि रोकिँदैन अर्थात् संसार परिवर्तनशील छ । मन संसारलाई जान्न वा बुझ्न सक्षम र सहयोगी भए पनि परमात्मालाई जान्न वा बुझ्न बिलकुल व्यर्थ र असहयोगी हुन्छ । मनको प्रयोजन नै चञ्चल छ र चञ्चलपन हुनु नै यसको स्वभाव हो । त्यसैले नित्य र शाश्वतलाई जान्नु मनको प्रयोजन होइन; शाश्वत र नित्यतिर मनको उपयोग गर्नु भूल हो र व्यर्थ पनि हो । जो नित्य वा शाश्वततिर गति लिन चाहन्छ उसले मनको चञ्चलतालाई रोकेर वा शान्त गराएर मात्र यात्रा गर्नुपर्छ । मनलाई प्रयोग गर्ने विधि र मालिक हुन जान्नुपर्छ । मनलाई वशमा गर्ने व्यक्तिले आवश्यकतानुसार मनको उपयोग गर्न सक्छ । अस्तित्व दोहोरो छ, बाहिरतिर संसार र भित्रतिर परमात्मा छ । सम्यक् व्यक्तित्व त्यो हो जो मनको मालिक बन्न सक्छ । मनलाई मार्ने होइन यसलाई स्वेच्छाले गतिमान् या गतिहीन गर्न सकिन्छ ।

हामीले खुट्टालाई चलाउन नचाहँदा नचले जस्तै मनलाई पनि चाहे अनुसार चलाउन मिल्ने गरी एउटा उपकरणको रूपमा प्रयोग गर्न जान्नुपर्छ । मन त पटक्कै नसुनी चलि नै रहन्छ तर यसमा मनको

कुनै दोष हुँदैन । जसले मनलाई गाली गर्छन् ती बिलकुल अबुझ हुन् किनभने हामीले नै मनको यस्तो व्यवस्था गरेका छौँ । जीवनभर हामीले मनलाई यस्तै शिक्षा दिएका छौँ । हामीले मनको मालिक आफू भएको कहिल्यै घोषणा गरेका छैनौँ । यसलाई नियन्त्रण गर्ने उपाय पनि हामीले गरेका छैनौं र विनाकारण मनलाई चलाइरहेका छौँ । यसरी मनको मार्ग निर्माण भएको छ । जन्म-जन्मान्तरदेखि मन चलिरहेको छ । त्यसलाई रोक्ने वा बन्द गर्ने अभ्यास हामीसँग छैन । जब यसलाई अड भन्छौँ, तब यो अडिदैन । यसमा मनको दोष नभई हामीले नै यसलाई अभ्यस्त बनाएका कारण यो रोकिन जान्दैन । वास्तवमा आत्तिएर जब हामी यसलाई रोकियोस् भन्छौं त्यो पनि मनको नै गति हो । मन नियन्त्रण गर्ने कला जान्नुपर्छ । कार चलाउँदा ब्रेक लगाउन आएन भने रोक भन्दैमा त्यो रोकिदैंन । कार रोक्न चाहन्छौँ तर हामीले कहिल्यै ब्रेक नलगाएका कारण ब्रेक जाम भइसकेको छ । मनको स्थिति पनि ठिक त्यस्तै छ, मनलाई रोक्ने अभ्यास नगरेकाले हामी यसलाई रोक्न सक्दैनौँ ।

श्रीकृष्ण भन्नुहुन्छ- मन चञ्चल हुनु यसको स्वभाव हो तर मनको यन्त्रमा यसलाई रोक्ने व्यवस्था पनि छ । त्यो रोक्ने व्यवस्था राम्ररी जान्नुपर्छ । पहिलो कुरा मन रोक्न खोज्दा मनरूपी एक्सिलेटर जसले गति प्रदान गर्छ त्यसमा खुट्टा राख्नुहुन्न । गाडीमा हामी एउटै खुट्टाले एक्सिलेटर र ब्रेक थिच्छौँ । त्यस्तै मनलाई रोक्नका लागि अलिकति स्थान परिवर्तन गर्नुपर्छ । मनलाई दौडाउनका लागि मनसँग तादात्म्य कायम गर्नुपर्छ र यही तादात्म्य नै एक्सिलेटर हो । मनलाई ब्रेक लगाउने स्थिति ठिक विपरीत हुन्छ । यसका लागि मनको तादात्म्य तोड्नुपर्छ । जति मन वृत्तिबाट अलग हुनसक्यो र म भिन्न छु भन्ने अनुभव गर्नसक्यो त्यति नै ब्रेक लाग्छ । यदि तादात्म्यलाई दबायो भने वा एक भयो भने मनले गति पक्रिन्छ र मन अझ चञ्चल हुन्छ । यदि तादात्म्यलाई अलग गऱ्यो भने मन अचल भएर पर हट्छ । हाम्रो सहयोग विना मन न त चञ्चल हुनसक्छ न हाम्रो असहयोगविना स्थिर हुन सक्छ । सहयोगले गति प्रदान गर्छ र असहयोगले गति तोड्छ । कुनै पनि वृत्तिको रागमा पऱ्यौं भने रङ्ग पूरै फैलिन्छ र मनको गति तीव्र हुन्छ । यदि वृत्तिसँग पूरा रमियो भने घटना घट्छ तर स्मृति बन्दैन । मनमा विचार चल्दा रोक्ने होइन हेर्ने अभ्यास गर्नुपर्छ । विचार चल्दा परबाट साक्षीको रूपमा हेरिरहेको छु भन्ने भाव गर्ने बित्तिकै मनको शक्ति र गति कम हुन थाल्छ । साक्षीभाव जाग्ने बित्तिकै मन तत्काल विसर्जन हुन्छ । मनसँग कसैले लड्न सक्दैन, मनप्रति केवल जाग्न सकिन्छ र जागृतिमा निरोध फलित हुन्छ । जबसम्म मनको निरोध हुँदैन, तबसम्म परमात्मातर्फको यात्रा हुन सक्दैन किनभने मन संसारको लागि साधन र परमात्माका लागि बाधक हो ।

मनको मालिक हुने व्यक्तिले संसारलाई पनि परमात्माको रूप ठान्दछ र उसका लागि दुवैतिरको यात्रा सुगम हुन्छ । हाम्रो चेतना एक दिशातर्फ मात्र बग्ने हुँदा यो हामीलाई कठिन लाग्दछ । हामी एकातिर मात्र देख्न सक्छौँ; यसमा मनको कुनै गल्ती नभई यो हाम्रो गल्ती हो । धार्मिक व्यक्तिहरू मनलाई चञ्चल भनेर दोष दिन्छन् । दोष दिने पनि मन नै हो । जो मनरहित हुन्छ त्यो स्थिर, अचल र मौन हुन्छ र त्यहाँ निशब्दको निवास हुन्छ । मनको खुबी ऊ आफ्नो विपरीत वक्तव्य दिन सक्छ । मन अशान्त हुन्छ र मनले नै शान्ति चाहियो पनि भन्छ । एक मनको हिस्साले शान्ति र अर्को हिस्साले अशान्ति खोज्छ । त्यसैले प्रेम गर्न जाँदा घृणा प्राप्त हुन्छ र मित्रता कायम गर्न खोज्दा शत्रुता प्राप्त हुन्छ । कसैलाई सुख दिन खोज्यो भने दुखसिवाय केही दिन सकिँदैन । हामी सबै विक्षिप्त जस्तै दौडिरहेका छौं र हरेक कुरा समस्यामा जेलिएको छ । यो मनको विक्षिप्त अवस्थालाई जबसम्म संयममा ल्याएर निरोधमा उपलब्ध हुँदैन तबसम्म प्रभुको यात्रा हुन सक्दैन । निरोध प्राप्त हुने विधि साक्षीभाव हो । मनसँगको तादात्म्य तोड्नु नै योग हो । योगको अर्थ जोड्नु हो जसबाट संसारसँग तोडिने र प्रभुसँग जोडिने हुन्छ । जसले प्रभुसँग जोडिने कला जान्दछ त्यो व्यक्ति संसारसँग पनि एक हुन्छ । परमज्ञानी योगमा उपलब्ध भएर

परमात्मासँग एकाकार हुन्छन् । जीवनको कला मनको मालिक हुनु हो । जब चाह्यो जुट्न सक्छ र चाहेमा टुट्न पनि सक्छ । यस्तो मालिकपन होस् कि इसारा गर्नेबित्तिकै हावाको रुख नै बदलियोस् र चेतना उतैतिर बग्न थालोस् । यस्तो स्वतन्त्र चेतना भएको व्यक्ति नै प्रभुमा उपलब्ध हुन्छ ।

*प्रशान्तमनसं ह्येनं योगिनं सुखमुत्तमम् ।*
*उपैति शान्तरजसं ब्रह्मभूतमकल्मषम् ॥२७॥*

**जब मन परमात्मामा स्थित भएर शान्त हुन्छ, जो पाप रहित छ, जो रजोगुणबाट माथि उठेको छ र सच्चिदानन्दघन ब्रह्मका साथ एक भएको छ, यस्तो योगीले उत्तम आनन्द प्राप्त गर्दछ ॥**

प्रस्तुत श्लोकमार्फत पापरहित र रजोगुण शान्त भएको व्यक्ति पापबाट मुक्त हुने कुरा उल्लेख गरिएको छ । मानिस पापबाट कसरी मुक्त हुन्छन्, के चोरी गर्नु, हिंसा गर्नु र असत्य बोल्नु पाप हो ? वस्तुतः यी पापका रूप मात्र हुन् । सुनको चुरा, कर्णफूल, हार आदि आभूषण सुनका स्वरूप हुन् । यदि हामीले सुनलाई जान्यौ भने सुनका सबै स्वरूपबारे जान्न सक्छौं तर यदि रूपलाई मात्र जानेर सुनका बारेमा जानेनौं भने हामी धोकामा पर्छौं । त्यसैले स्वर्णबाट ज्ञान हासिल गर्नुपर्छ, आभूषणबाट होइन । ठिक त्यस्तै पाप एउटै हुन्छ तर यसका स्वरूप अनेक हुन्छन् । मूलस्रोत जान्न सक्यौं भने पाप के हो भनेर जान्न सकिन्छ। अलग-अलग समाज अलग-अलग कुरालाई पाप ठान्दछन्। जुन कुरा एउटा समाजमा पाप ठानिन्छ त्यही कुरा अर्को समाजमा पुण्य हुन सक्छ । एक स्थानमा पुण्य मानिएको कुरा अर्को स्थानमा पाप कहलिन सक्छ । एउटा युगमा पाप मानिएको कुरा अर्को युगमा पुण्य हुन सक्छ । त्यसैले पापका बारेमा विभ्रम पैदा भएको छ । आकारलाई दृष्टिगत गर्ने हो भने विभ्रम पैदा हुन्छ किनभने आकार परिवर्तन हुन सक्छ ।

पापको मूललाई जान्न सकियो भने हामी पापबाट बच्न सक्छौं अन्यथा बच्न सक्दैनौं । श्रीकृष्ण पापबाट मुक्त र रजोगुणबाट बाहिर जो छ त्यसका बारेमा भन्नुहुन्छ । रजोगुण पापको आधार हो । यदि रजोगुण भित्र छ भने उसले नयाँ पापको ढङ्ग खोज्छ तर भित्र रजोगुण छैन भने पाप खोज्ने उपाय पनि रहँदैन । हामी भित्र पाप उत्पन्न गर्ने ऊर्जा रजोगुण हो । यसको क्षमता वा स्वभाव नै पाप हो । सनातन मानसशास्त्र विशेष गरी साङ्ख्यले तीन गुणको खोज गरेका छन् । यी तीनै गुण गहन छन् । प्रकृतिका त्रिगुण साङ्ख्यका खोज हुन् । साङ्ख्यले प्रतिपादन गरेका सत्व, रज र तम यी तीन गुणबाट प्रकृतिले काम गर्दछ ।

तम स्थिर शक्ति वा वस्तुमा अवरोध उत्पन्न गर्ने शक्ति हो । हामीभित्र स्थिर शक्ति वा अवरोधक भएन भने हामी रोकिन सक्दैनौं । तमोगुण नभएमा हामी परमात्मामा पनि रोकिन सक्दैनौं। हामी माथि तिर ढुङ्गा फ्याँक्छौं तर त्यो एकक्षण पछि झर्छ र रोकिन्छ । स्थिर शक्ति तमोगुण नभएमा त्यो नरोकिई अनन्त कालसम्म चलेको चल्यै हुन्थ्यो । संसारमा कुनै कुराबाट रोकिनु छ भने स्त्रीको सहारा लिनुपर्छ । पुरुष सबै कुरा चलाउनेवाला हो र स्त्री त्यसका अवरोधक हुन् । त्यसैले पुरुष रज र स्त्री तमो गुणका प्रतीक हुन् । संसारमा रहेका सबै धर्मका प्रतिपादक पुरुष हुन् र स्त्री तिनीहरूका संरक्षिका हुन् । स्त्रीका कारणले सबै धर्मको अस्तित्व जोगिएको छ । हिन्दू, जैन, बौद्ध, शिख, इस्लाम, इसाई आदि सबै धर्म पुरुषबाट सिर्जिएका हुन् तर सबैको सुरक्षा स्त्रीले गरेका छन् । त्यसैले हरेक मन्दिर एवम् चर्चहरूमा पुरुष कम र महिला बढी भेटिन्छन् । पुरुष एउटा गति दिएर अर्को गति दिने कुरामा दौडिन्छ तर त्यसलाई रोक्ने, शान्ति दिने र स्थिरतामा ल्याउने काम स्त्रीले गर्छन् ।

मनसँग पनि रोक्ने र दौडाउने दुवै शक्ति हुन्छ । तमस् अवरोधक वा स्थिर शक्ति हो र रज गति वा चञ्चल शक्ति हो । व्यक्तिमा रजोगुण अधिक भएमा मनको गति रोक्न सकिन्न र चलायमान भइरहन्छ। रज चलाउने गति र ऊर्जा हो भने तम स्थिर र विश्राम हो । दुवै शक्ति व्यक्तिलाई गतिशील एवम् विश्राम

गराउने शक्ति हुन् । सत्त्व गति अवरोधक नभई स्वभाव हो । रज बढी भएमा सत्त्वमा रोकिँदैन र रज शून्य भएमा सत्त्वमा रोकिन्छ तर बेहोस भइन्छ । सबै पाप रजको अधिकताले हुन्छ । रजको अधिकताले कहिलेकाहीँ अकारण पनि पाप गराउँछ । पाप गरिसकेपछि हामी कारण खोज्छौं । हामी भित्रको रजले केही गर्न चाहेर धक्का दिन्छ जसले गर्दा पाप घटित हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- रजोगुणबाट पार अर्थात् माथि उठ्नुपर्छ । यसको अर्थ रजोगुण र तमोगुण सन्तुलनमा आएर शून्य हुन सकियोस् भन्ने हो । रजोगुणलाई काट्ने काम पनि रजोगुणले नै गर्छ किनभने सबै साधनाहरू रजोगुणबाट नै हुन्छ । त्यसैले रजोगुण काट्ने दिशामा जानु व्यर्थ हुनाले दुई गुणको सन्तुलनका बारेमा मात्र विचार गर्नुपर्छ । रजोगुण र तमोगुण बराबर अनुपातमा आएमा सत्त्वमा प्रतिष्ठित हुन सकिन्छ । यस्तो सत्त्वमा उपलब्ध भएको व्यक्तिले अति उच्च र श्रेष्ठ आनन्दका साथै अति प्रसन्नता प्राप्त गर्दछ । यी तीन गुणबाट जीवनका शक्तिहरूको त्रिभुज बन्छ । दुई भुजाहरू तल कोण बनाउँछन् । तलका दुई कोण रज र तम हुन् । यदि यिनीहरू बिलकुल ६०-६० डिग्रीको भएमा सत्त्वको सन्तुलित कोणमाथि उपलब्ध हुन्छ । यो तेस्रो कोण नै सन्तुलित सत्त्वको कोण हो । यो सत्त्वको स्थिति अतिश्रेष्ठता हासिल गर्नु र आनन्दको शिखर छुनु हो । यो शिखर छुनका लागि गति र स्थिरतालाई सन्तुलनमा ल्याउनुपर्छ । जब मनलाई जतिखेर चाह्यो स्थिर राख्न वा गतिमान् बनाउन सकिन्छ, तब चल्ने र रोकिने काम सन्तुलित हुन्छ किनभने त्यो हाम्रो हातमा हुन्छ । मन वशमा नहुँदा हामी असन्तुलित भएर एक चिजमा रोकिन्छौं । यसरी असन्तुलित भएका कारण जीवनका सारा जटिलताहरू पैदा भएका छन् । सारा जटिलता र पाप असन्तुलनको फल हो ।

रज र तम दुई गुणबाट पाप उत्पन्न हुन्छ । रजोगुणबाट उत्पन्न हुने पाप बिधायक र तमोगुणबाट उत्पन्न हुने पाप मूक दर्शक (Silent spectator) हुन्छ । कसैले छुरा प्रहार गर्दा पनि चुपचाप बसिरहनु, मूकदर्शक भएर केही नगरी मौन रहेर विरोध नगर्नु मूकदर्शक पाप हो । यस्तो अवस्थामा हामी तमोगुणका कारण पापमा सहभागी भइरहेका हुन्छौं । छुरा प्रहार गर्नु रजोगुणप्रधान पाप हो र चुपचाप हेरेर बस्नु तमोगुण प्रधान पाप हो । तमोगुणी व्यक्ति चुपचाप उभिएर सहभागी हुन्छ र यो घटना हाम्रो नकारात्मक सहयोगबाट फलित हुन्छ । समाजमा प्रत्यक्ष र अप्रत्यक्ष दुई प्रकारका पापी हुन्छन् । बिधायक पाप त्यो हो जो प्रत्यक्ष पाप गर्छन् र मूक दर्शक पाप त्यो हो जो चुपचाप उभिएर वा दर्शक भएर हेर्छन् ।

नेपालमा माओवादी द्वन्द्वकालमा पाँच हजार जनता बसोबास गर्ने गाउँमा पाँच जना आतङ्कारीहरूले दैनिक आतङ्क मच्चाई हत्यासमेत गरिरहँदा पनि पाँच हजार व्यक्ति सधैं मौन रहेर उनीहरूलाई नकारात्मक सहयोग गरिरहे । पचास जना सवार गाडीमा दुई जना आएर आगो लगाए वा बम पड्काए । पचास जना चुपचाप दर्शक बने । यसलाई तमस्को प्रभावबाट हुने नकारात्मक पाप भनिन्छ । हामी प्रत्यक्ष पापीलाई पक्रन्छौं, जेलमा हाल्छौं तर अप्रत्यक्ष पापीलाई केही गर्दैनौं । अप्रत्यक्ष पापी पनि सानो पापी हुँदैन । त्यसैले पापको आभूषणलाई होइन पापको जडलाई पहिचान गर्ने प्रयत्न गर्नुपर्छ । यदि चित्त तमस्तिर बढी झुक्यो भने मानिस नकारात्मक पापमा लाग्छ । रजोगुणतिर बढी झुक्यो भने व्यक्ति बिधायक पापमा लाग्छ ।

पापबाट बाहिर आउने उपाय भनेको रज र तम बराबर भई सन्तुलन कायम हुनु हो । यसका माध्यमबाट सत्त्वमा पुग्न सकिन्छ । सत्त्व नै पुण्य हो । पाप जस्तो पुण्य पनि दुई प्रकारको हुन्छ । कुनै मानिस पुण्यात्मा जस्तो देखिन्छ किनभने तमस् बढी भएकाले पाप गर्न सक्दैन जुन नकारात्मक पुण्य हो । कोही भन्छन्- मैले कुनै चोरी गरेको छैन यसको मतलब ऊ चोर होइन भन्ने होइन । यति मात्र हो कि तमस्का कारण चोरी गर्ने हिम्मत गर्न सकेन । सिर्जनात्मक ज्ञान रज र तमको सन्तुलनमा फलित हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- यस्तो स्थितिमा परम आनन्द उपलब्ध हुन्छ ।

*युञ्जन्नेवं सदात्मानं योगी विगतकल्मषः ।*
*सुखेन ब्रह्मसंस्पर्शमत्यन्तं सुखमश्नुते ॥२८॥*

**पापरहित, निरन्तर आत्मालाई परमात्मामा लगाइरहने आत्म्संयमी योगी समस्त भौतिक कल्मषबाट मुक्त भई सुखले परमात्मा प्राप्तिरूप आनन्दलाई अनुभव गर्दछ ॥**

पापरहित व्यक्ति आत्मालाई परमात्मामा लगाउँदै परम आनन्दमा उपलब्ध हुन्छ । पापरहित पुरुषले नै आत्मालाई परमात्मातिर अटुट रूपमा लगाउन सक्छ । जो व्यक्ति पापबाट रहित छैन उसले आत्मालाई सतत रूपमा पदार्थमा लगाइरहन्छ । आत्मालाई पदार्थमा लगाउनु पाप हो र परमात्मामा लगाउनु पुण्य हो । पापको फल दुख हो र पुण्यको फल आनन्द हो । पदार्थको उपयोग गर्नु राम्रो कुरा हो तर पदार्थमा आत्मालाई लगाउनु गलत कुरा हो । आत्मालाई पदार्थमा नलगाई त्यसको उपयोग गर्नु नै योगको कला हो र त्यही कुशलताको नाम योग हो । उपयोग त शरीरबाट गर्नुपर्ने हुन्छ; जस्तो कि भोजन शरीरबाट गरिन्छ । भोजनको जरुरत शरीरका निम्ति हो तर भोजन नगरे पनि आत्मालाई भोजनमा लगाइराख्न सकिन्छ । आत्मा पदार्थसँग होइन विचारसँग बाँधिन्छ । यदि विचार छोडेमा आत्मा मुक्त हुन सक्छ । आत्मामाथि पदार्थको कुनै बन्धन हुँदैन केवल रसको बन्धन हुन्छ । हामी पदार्थबाट रस लिन्छौँ । जहाँ हामी रस लिन्छौँ त्यहीँ ध्यान प्रवाहित हुन थाल्छ ।

पदार्थमा सिधा रस नलिएर उपयोग गरेमा धेरै रस लिन सकिन्छ । पदार्थमा रस लिने व्यक्ति उपयोग पनि गर्न सक्दैन र धेरै दुख, पीडा प्राप्त गर्छ । जो व्यक्ति भोजनमा रस लिन खोज्छ उसलाई भोजनबाट रस प्राप्त नभई नोक्सान मात्र हुन्छ । भोजनमा रस नलिई उपभोग गर्ने व्यक्तिले नै सुख प्राप्त गर्दछ । रसको फिक्री नगरी ठिकसँग भोजन गर्ने व्यक्ति चपाएर बिस्तारै खान्छ तर स्वादले खाने व्यक्ति चपाएर खाँदैन । जीवनमा सम्यक् उपयोगबाट मात्र रसपूर्ण कुरा प्राप्त हुन्छ । सम्यक् उपयोग तब प्राप्त हुन्छ, जब हाम्रो आत्माको पदार्थसँग कुनै लगाव हुँदैन । पदार्थबाट धेरै सुख पाइन्छ भन्ने लाग्नु आसक्ति हो । जति हामी वस्तुको संग्रह गर्छौं त्यति नै चिन्तित हुन्छौँ । हरेक वस्तुको रक्षाका लागि हामीलाई अन्य वस्तुको आवश्यकता पर्दछ र अन्तमा व्यक्ति हराएर वस्तुहरूको संग्रह मात्र बाँकी रहन्छ । कृष्ण पापरहित पुरुषको कुरा गर्नुहुन्छ । पापको अर्थ वस्तुमा लागेको रस हो । वस्तुहरूको संग्रहको दौडमा पाप र पुण्यको जानकारी पनि हुँदैन । वस्तुतः वस्तुले सबै पाप गराउँछ । धन हातमा भयो भने सारा वस्तु किन्न सकिन्छ भन्ने भ्रममा भइन्छ तर जति वस्तु किने पनि वस्तुभन्दा आफू अलग भएको जानकारी नभएमा जीवन पाप र अन्धकारमय हुन्छ । पदार्थतिर दौडिने, पापले भरिएको चित्तबाट मुक्त नहुने हो भने हाम्रो सारा जीवन पापमा नै समाप्त हुन्छ । पदार्थतिर दौडिने चित्त परमात्मातिर दौडिन सक्दैन ।

पदार्थ साकार र परमात्मा निराकार छ । पदार्थ जड र परमात्मा चेतन हो । पदार्थ बाहिर र परमात्मा भित्र छ । पदार्थ तल र परमात्मा माथि छ । पदार्थले मृत्युमा र परमात्माले अमृततिर लैजान्छ । परमात्मातिर यात्रा गर्ने चित्त बिलकुल विपरीत छ । त्यसैले त पदार्थतिर जाने चित्त परमात्मातिर जानै सक्दैन । पदार्थतर्फ अघि बढ्दा परमात्मासम्म पुगिँदैन । त्यसैले परमात्मा प्राप्त गर्नका लागि यात्राको दिशा फिर्ता गर्नुपर्छ । जबसम्म प्रभु पाउन सकिन्न, तबसम्म शान्ति पनि प्राप्त हुँदैन । पदार्थबाट फिर्ता भएर विपरीत यात्रा गरेमा परमात्मा अत्यन्त निकट हुन्छ । केवल पदार्थतिर दौडिने पापबाट पूरै फिर्ता हुनुपर्छ । पदार्थ उन्मुख हुनु पाप हो भने पदार्थ तर्फ ढाड फर्काउनु पुण्य हो । हामी अबुझ भएकाले नै पदार्थसँग जोडिएका छौँ । हाम्रो धन एवम् वस्तुमा भएको आसक्ति छुटाउनुपर्छ अनि मात्र वस्तुको उपयोग हुन सक्छ । प्रभुलाई पाउनका लागि पदार्थमा भएको हाम्रो आसक्तिलाई छोड्नुपर्छ । श्रीकृष्ण भन्नुहुन्छ- जो पापबाट मुक्त हुन्छ ऊ प्रभुतिर उन्मुख हुन्छ । पदार्थबाट मुक्त मन प्रभुतिर तत्काल गतिमान् हुन्छ । पदार्थमा भएको आसक्ति छोड्ने बित्तिकै परमात्मालाई पाइन्छ । प्रभुसँगको मिलनमा आनन्द नै आनन्द

भएकाले एकपटक सम्बन्ध स्थापित भएपछि उसलाई भुल्न नै सकिन्न र जे गर्दा पनि उसको सतत स्मरण भइरहन्छ ।

चित्त पापबाट मुक्त भएपछि मात्र प्रभुस्मरण सतत रूपमा सम्भव हुन्छ । जब सबै काम गर्दागर्दै पनि सतत रूपमा प्रभुस्मरणमा चित्त लागिरहन्छ, तब योग पूरा हुन्छ । यस्तो अवस्थामा भएको व्यक्तिलाई कुनै कामले पनि प्रभुस्मरणबाट छुटाउन सक्दैन । श्रीकृष्ण भन्नुहुन्छ- एकपटक चित्तबाट पाप हट्यो भने परम आनन्द प्राप्त हुन्छ । हामीले अलिकति सुख र धेरै दुख जानेका छौं । सुखको कामना गरे पनि अन्त्यमा हामीलाई दुख प्राप्त भएको छ । हामीले सुख र दुख मात्र जानेका छौं र परमानन्दका बारेमा हामीलाई केही जानकारी छैन । हामीलाई आनन्द सुखकै ठुलो रूप हो भन्ने लाग्छ तर आनन्द शब्दकोशमा लेखिएको जस्तो ठुलो सुख होइन । सुख र दुखसँग आनन्दको कुनै सम्बन्ध छैन । सुख र दुख दुवै शेष रहेन भने मात्र आनन्द फलित हुन्छ ।

सुख र दुख दुवै पदार्थसँग जोडिएका हुन्छन् र यी दुवै पाप हुन् । पदार्थसँग नजोडिएका सुख-दुख नै हुँदैनन् । यी दुवैसँग नजोडिएको आनन्द हो जससँग हामी परिचित नै छैनौं । हामीलाई धन प्राप्त हुँदा सुखको र धन हरायो भने दुखको अनुभव हुन्छ । आफन्तसँग मिलन हुँदा सुखको र बिछोड हुँदा दुखको अनुभव हुन्छ । सबै अनुभव पदार्थसँग मात्र हुन्छ । आनन्दको अनुभवबाट मात्र परमात्मालाई जानिन्छ र आनन्द परमात्माको सतत स्मरणबाट मात्र पाउन सकिन्छ । साक्षीभावको दशामा हामी परमात्माको नजिक पुग्न सक्छौं । हरेक घटनामा आफू अलग भएर पर उभिएर हेर्ने कला साक्षीभाव हो ।

*सर्वभूतस्थमात्मानं सर्वभूतानि चात्मनि ।*
*ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शनः ॥२९॥*

**वास्तविक योगीले समस्त जीवहरूमा मलाई देख्दछ र ममा नै समस्त जीवहरूलाई देख्दछ । स्वरूप सिद्ध व्यक्तिले निःसन्देह मलाई नै समस्त ब्रह्माण्ड, सम्पूर्ण प्राणी र सर्वत्र विद्यमान परमात्माको रूपमा देख्दछ ॥**

*यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति ।*
*तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति ॥३०॥*

**जसले सर्वत्र सम्पूर्ण प्राणीहरूमा 'म' वासुदेवलाई देख्दछ र 'म' मा सम्पूर्ण प्राणीहरूलाई देख्दछ त्यसका लागि 'म' कहिल्यै अदृश्य हुन्न र मेरा लागि पनि ऊ कहिल्यै अदृश्य हुँदैन ॥**

हामी परमात्मा अदृश्य छ भन्ने मान्यता राख्छौं तर हाम्रो मान्यता त्रुटिपूर्ण छ किनभने परमात्मा अदृश्य छैन । हामी नै अन्धा छौं । हामी आफ्नो अन्धोपनलाई स्वीकार गर्दैनौं बरु परमात्मालाई नै अदृश्य ठान्दछौं किनभने आफूलाई अन्धो मान्दा हाम्रो अहङ्कारलाई चोट लाग्छ । हामी जे देख्छौं, त्यो सबै परमात्मा नै भएकोले ऊ त दृश्य नै छ केवल हाम्रो आँखा मात्र खुल्ला हुनुपर्छ । श्रीकृष्ण भन्नुहुन्छ- जसले समस्त प्राणीमा एक र एकमा समस्त प्राणीको अनुभव गर्न सक्छ, त्यसका लागि न त 'म' अदृश्य छु र न ऊ मेरा लागि अदृश्य हुन्छ । हामी आफ्नो अन्धोपन र अज्ञानताका कारण परमात्मा अदृश्य भएको ठान्दछौं तर परमात्माका लागि हामी अदृश्य छैनौं अन्यथा यो जीवन सञ्चालन नै हुन सक्दैन ।

प्रत्येक वस्तुको आकार, गुण र स्वभाव पनि अलग-अलग हुन्छ तर वस्तुको भिन्नताभित्र जसले अभिन्नता देख्न सक्छ, उसले सबैलाई देख्न सक्छ । जब हामी रूप हेर्छौं, तब अरूप देखिन्न । हामी साकार एवम् रूपवान् मात्र देख्छौं तर निराकार देख्दैनौं । सर्वत्र निराकार मौजुद छ तर हामी साकार मात्र देख्दछौं। सर्वत्र निर्गुण मौजुद छ तर हामी सगुण मात्र जान्दछौं । हरेक स्थानमा असीम मौजुद छ तर हामी सीमासँग मात्र परिचित छौं । जब हामी निराकारलाई जान्ने छौं, तब परमात्मालाई सर्वत्र र अनेकमा एक देख्न सक्ने छौं । झ्यालबाट आकाश हेर्दा आकाश सीमित देखिन्छ तर आकाश असीमित र निराकार छ ।

इन्द्रियको सीमाका कारणले हामी निराकार देख्न सक्दैनौँ केवल साकार मात्र देख्छौँ । सबै इन्द्रियहरूले निराकारलाई आकार दिन्छन् । कृष्णले यसभन्दा अघिसम्म इन्द्रियबाट पार हुने व्यक्तिले मात्र मलाई जान्न सक्छ भन्नुभएको थियो । अहिले उहाँ जसले मलाई सबै प्राणीहरूमा देख्दछ र 'म' मा सबै प्राणीहरू देख्छ अर्थात् एकमा सबै र सबैमा एक देख्छ त्यो 'म' मा नै स्थित हुन्छ भन्नुहुन्छ । यी दुवै घटना सबैमा एक देख्ने र एकमा सबै देख्ने एउटै घटनाका दुई किनारा हुन् ।

स्त्रीचित्त सजिलैसँग एकमा सबैलाई देख्न सक्छ र एकबाट नै तृप्त पनि हुन्छ । स्त्रीचित्त एकमा रोकिने हुनाले स्त्री जति प्रगाढ प्रेम गर्न सक्छन् त्यो पुरुषले गर्न सक्दैनन् । पुरुषको प्रेम बाँडिन्छ । पुरुष र स्त्री चित्त यति भिन्न छ कि यी दुवैका बिचमा एकरूपता हुन सक्दैन । पुरुषको चित्त परिवर्तन भइरहने हुँदा आध्यात्मिक दिशामा पनि उसलाई अनेकमा एकको खोजबाट यात्रा गर्न सजिलो हुन्छ । साकार रूपसँग इन्द्रियको सीमित क्षमताले गर्दा हाम्रो गहिरो तादात्म्य हुन्छ । यो तादात्म्यलाई तोड्नुपर्छ र तोड्नका लागि आफू द्रष्टा भएको जान्नुपर्छ । कृष्णको सारा साधना पद्धति द्रष्टाको साधना पद्धति हो । म द्रष्टा हुँ भनेर जान्नेबित्तिकै विचारहरू र 'म' भिन्न हुन्छ । यो पृथकता जानेपछि त्यो विराट् अन्तरआकाशको यात्रा सुरु हुन्छ । जुन दिन त्यो विराट्लाई जानिन्छ त्यसै दिन एकमा अनेक र अनेकमा एक देखिन्छ ।

जसलाई एकमा अनेक देख्नु छ उसका लागि भक्ति सुगम मार्ग हुन्छ । भक्तिमार्ग मूलतः स्त्री-चित्तको प्रतीक हो । मीराको जस्तो स्त्री-चित्त भक्तिमार्गको प्रतीक हो । मीरा वृन्दावनको मन्दिरमा दर्शनार्थ गइन् तर पूजारीले स्त्रीलाई मन्दिर प्रवेशको अनुमति नदिने बताए । तब मीराले भनिन्- म त श्रीकृष्णबाहेक कोही पुरुष छैनन् भन्ने सोच्थें तपाई पनि पुरुष हुनुहुन्छ भन्ने मलाई थाहा थिएन । यसर्थ म तपाईंको दर्शन गर्न चाहन्छु । यो एकमा अनेक खोज्नेवाला चित्त हो जसमा एक मात्र पुरुष श्रीकृष्ण हुनुहुन्छ, बाँकी सबै स्त्रीहरू हुन् । पुजारी मीराको कुरा सुनेर आत्तिए र माफी माग्दै भित्र आउन अनुरोध गरे । कृष्णको मन्दिरमा अर्को पुरुष भएको दाबी गर्नु गलत भएको उनले स्विकारे । भक्ति समर्पणको मार्ग या स्त्रीचित्तको मार्ग हो । कसैको चरणमा सबै राखिदिनु अर्थात् एउटा चरणमा सारा जगत्को शिर झुकाउनु भक्ति हो ।

महावीर शुद्ध पुरुष चित्त हुनुहुन्छ । आत्मा नै परमात्मा हो भन्नु शुद्ध पुरुषको घोषणा हो । पुरुष कुनै परमात्मा मान्न सक्दैन किनभने परमात्मा मानेमा समर्पण गर्नुपर्ने हुन्छ । पुरुष सङ्कल्प र साधना गर्न सक्छ । महावीर भन्नुहुन्छ- स्वयम्लाई जान्नु नै परमात्मा हुनु हो अरू केही जान्नु जरुरी छैन । पुरुष स्वयम्मा बाँच्छ र स्त्री सदैव अरूमा बाँच्छन् । यदि समर्पण गर्ने चित्त भएमा एकमा अनेक सहजै देखिन्छ । त्यसैले स्त्री पुरुषमा परमेश्वर देख्न सक्छन् । बुद्धपथ पुरुष पथ हो; त्यसैले यसमा स्त्री ल्याइयो भने पथ नै बदलिन्छ भनेर उहाँले स्त्रीलाई दीक्षा दिन धेरै समयसम्म अस्वीकार गर्नुभयो । एउटा तार्किक घटनाका कारण बुद्धले स्त्रीलाई दीक्षा दिनुपर्ने अवस्था आयो । त्यही समय बुद्धले घोषणा गर्नुभयो कि मेरो धर्म जो पाँच हजार वर्षसम्म चल्ने थियो त्यो अब पाँच सय वर्षसम्म पनि चल्न सक्ने छैन किनभने स्त्रीहरूले मेरो पद्धतिलाई परिवर्तन गरिदिने छन् । स्त्री-चित्तले उहाँको घोषणा जस्तै बौद्ध धर्मलाई परिवर्तन गरिदिए । पुरुष र स्त्री दुवै प्रकारको चित्त इन्द्रियभन्दा माथि उठ्नुपर्छ । स्त्रीचित्त समर्पणले माथि उठ्छ भने पुरुष चित्त सङ्कल्पले पार हुन्छ । स्त्रीमार्ग समर्पणको मार्ग भएकाले एक फड्कोमा पार हुन सक्छ तर पुरुष मार्ग सङ्कल्पको मार्ग भएकाले लामो हुन्छ; तसर्थ एक-एक गरी माथि उठ्नुपर्ने हुन्छ । यी दुवै मार्गबाट त्यहीँ पुगिन्छ अर्थात् परमात्मा प्राप्त हुन्छ ।

इन्द्रियातीत हुने व्यक्तिका लागि परमात्मा दृश्य हुन्छ र निराकार समग्रतामा प्रकट हुन्छ । अहङ्कारले आकार प्रदान गर्छ; तसर्थ निराकार देख्न अहङ्कार शून्य हुनैपर्छ । श्रीकृष्ण भन्नुहुन्छ-

अहङ्कारविहीन अवस्थामा भएको व्यक्तिका लागि 'म' निराकार हुँदा हुँदै पनि साकार जस्तो दृश्य हुन्छु र यस्तो व्यक्ति मलाई दृश्य हुन्छ । हामी जे छौं त्यही देख्छौं र परमात्मा पनि ऊ जे छ, त्यहीँ देख्न सक्छ । त्यसैले जबसम्म हामी परमात्मा जस्तो हुन सक्दैनौं तबसम्म उसले हामीलाई देख्न सक्दैन । हामीलाई उसले देख्न सक्दैन किनभने ऊ यति शुद्ध छ र हामी यति अशुद्ध छौं कि त्यो शुद्धिमा हाम्रो अशुद्धिको कुनै प्रतिफलन हुन सक्दैन । त्यसैले जबसम्म हाम्रो अशुद्धि हट्दैन हामी उसको शुद्धिमा प्रतिफलित हुन सक्दैनौं । परमात्मा नदेखिनुमा उसको होइन हाम्रो अशुद्धि बाधक हुन्छ । ऊ यति निराकार, विराट्, असीम छ कि त्यो निराकारको आँखामा हाम्रो आकार ग्रहणयोग्य नै हुँदैन । जसरी आकारको आँखामा निराकार देखिँदैन त्यसरी नै निराकारको आँखामा आकार आउँदैन किनभने आकार यति छुद्र घटना हो जो त्यो विराट् निराकारको नियन्त्रणमा आउन सक्दैन । वास्तवमा निराकार र आकारको बिचमा कुनै सम्बन्ध बन्न सक्दैन । निराकार आकारसँग मिल्न सके त्यो पनि आकारवाला हुन्छ । सबै सीमाहरू अरूसँग बन्छन् तर असीमको लागि कुनै अर्को नै हुँदैन । जब हामी सीमामा नभएर असीम हुन्छौं, तब असीमको असीमसँग मिलन हुन्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- जबसम्म हामी परमात्मा जस्तै हुँदैनौं, तबसम्म हामी उहाँलाई देख्न र प्राप्त गर्न सक्दैनौं ।

जब हामी सबैमा एक र एकमा सबै देख्न थाल्छौं, त्यस क्षण नै हामीलाई परमात्माको साक्षात्कार हुन्छ । साक्षात्कार मात्र होइन हामी परमात्मामा एकाकार हुन्छौं । त्यसक्षण हामी पनि निराकार परमात्मा हुने छौं । परमात्मा मात्र परमात्मासँग मिल्न सक्छ । मिलन सदा समानमा हुन्छ । असमानका बिच मिलन हुँदैन । जसलाई आफ्नो निराकारको बोध हुन्छ उही आफ्नो आकारबाट पार भएर परमात्मासँग मिल्न सक्छ। निराकारको बोध हुनासाथ यो शरीर एउटा वस्त्रभन्दा बढी हुँदैन । इन्द्रियहरू उपयोग गर्ने यन्त्रसिवाय केही हुँदैनन् । हामी परमात्मासँग तब दृश्य हुन्छौं, जब परमात्मा हाम्रा लागि दृश्य हुन्छ । जबसम्म परमात्मा हाम्रा लागि अदृश्य हुन्छ, तबसम्म हामी पनि उसका लागि अदृश्य नै हुन्छौं । हामी परमात्मामा नै बाँच्छौं, बस्छौं, खान्छौं, उठ्छौं, जन्मिन्छौं र उसमा नै मर्ने छौं तर पनि उसले हामीलाई देख्न पाउँदैन किनभने हाम्रो पात्रता नै उसले देख्न सक्ने गरी निर्माण भएको छैन । हाम्रो पात्रताको घोषणा त्यही क्षण हुन्छ जब हामी उसका निम्ति योग्य हुन्छौं ।

श्रीकृष्ण ज्यादै करुणावान् हुनुहुन्छ । उहाँका एक एक शब्द गहन महत्त्वका छन्; त्यसैले गीता महान् संवाद हो । यो अर्जुनको स्थितिलाई दृष्टिगत गरी कृष्णले भन्नुभएको हो । जब अर्जुन कृष्णका कुरा बुझ्दैनन्, तब कृष्ण अझ तल झरेर अर्जुनलाई सम्झाउनुहुन्छ । अर्जुनको बुझाइले उचाइ टेक्ने बित्तिकै कृष्ण माथि गएर बोल्नुहुन्छ । त्यसैले गीतामा धेरै उतार-चढाव छन्, यो समतलमा छैन । अर्जुन हामी सबैका लागि निमित्त भएकाले यो गीतारूपी अमृतको पान गर्ने सौभाग्य हामीले पनि पाएका छौं ।

*सर्वभूतस्थितं यो मां भजत्येकत्वमास्थितः ।*
*सर्वथा वर्तमानोऽपि स योगी मयि वर्तते ॥३१॥*

**जुन योगी एकै भावमा स्थित भएर सम्पूर्ण प्राणीहरूमा आत्मरूपले बसेको परमात्मास्वरूप म सच्चिदानन्दघन बासुदेवलाई भज्दछ त्यो सदैव 'म'मा नै विराजमान हुन्छ ॥**

श्रीकृष्ण भन्नुहुन्छ- सबै प्राणीहरूमा परमात्मालाई भज्ने व्यक्ति 'म'मा प्राप्त हुन्छ । एकान्तमा प्रभुमा समर्पित गीत गाउनु, प्रभुको स्मरण गर्नु वा मन्दिरमा मूर्तिसमक्ष भावपूर्ण निवेदन गर्नु नै भजन हो । उहाँ अर्को गम्भीर र व्यापक आयामका बारेमा पनि भन्नुहुन्छ । समस्त प्राणीमा 'म' सच्चिदानन्द परमात्मालाई भज्ने र जति वस्तुहरू छन् ती सबैमा परमात्माको रूपको स्मरण गर्ने व्यक्ति 'म' मा नै विराजमान हुन्छ । बाटामा रहेको ढुङ्गा होस् वा आकाशका बादल र सूर्य नै किन नहोऊन्, बच्चाको कोमल रूप या मित्र वा शत्रु नै किन नहोऊन्; भेटिएका जति सबै प्राणी र पदार्थमा प्रभुको रूप देख्ने र

स्मरण गर्ने व्यक्तिहरू सच्चिदानन्द परमात्माको रूपलाई भज्दछन् र 'म' मा प्राप्त हुन्छन् । बाटामा भेटिने वृक्ष, जनावर, नदी वा जे प्रकट रूप देखिन्छ त्यसमा त्यो निराकारको स्मरण गर्नु नै भजन हो । कसैलाई देख्दा त्यो व्यक्तिमा परमात्मा नै देख्नु एवम् समस्त प्राणीमा पनि प्रभुको रूप देख्नु र भज्नु परमात्माको स्मरण गर्नु हो ।

एकान्तमा भजन सजिलो हुन्छ किनभने त्यहाँ हामी एक्लै हुन्छौं । मूर्तिका अगाडि पनि भज्न सजिलो हुन्छ । प्रायः त्यहाँ पनि गहिराइमा हामी एक्लै हुन्छौं तर जीवनको अटुट प्रवाहमा जहाँ कैयौं व्यक्तिहरूसँग भेटघाट हुन्छ त्यहाँ शत्रुलाई पनि परमात्माको रूपमा देख्नु भनेको प्रभु भजन गर्नु हो । जीवनमा जहाँ सङ्घर्ष, तनाव, अशान्ति र शत्रुता हुन्छ त्यहाँ पहिलो स्मरण प्रभुको गर्न सक्नु प्रभु भजन हो । पहिले अरूपको पहिचान गरी पछि रूपलाई चिन्न सक्नु एवम् यस्तो अरूपलाई प्रतिपल देख्ने साधना नै प्रभु भज्नु हो । जीवन्त साधना घर वा मन्दिरभित्र होइन मुक्त अन्तर-आकाश भित्र हुन्छ ।

एउटा महानास्तिक जो परमात्मा छैन भन्थ्यो ऊ एक दिन भारत महाराष्ट्रको सन्त एकनाथकहाँ पुग्यो । एकनाथ शङ्करको पिँडीमा खुट्टा राखेर सुतिरहनु भएको थियो । उहाँलाई उठाउने प्रयास नगरी त्यस नास्तिकले सन्त उठ्ने प्रतीक्षा गरेर कुरिरह्यो । एकनाथ बिहान १० बजे उठ्नुभयो । अनि नास्तिकले भन्यो- साधुसन्त त ब्राह्ममुहूर्तमा उठ्छन् तर तपाई कस्तो साधु हो जो १० बजे उठ्नुहुन्छ ? एकनाथले जवाफ दिँदै भन्नुभयो- जब साधुसन्त उठ्छन्, तब ब्राह्ममुहूर्त हुन्छ । त्यसैले यो ब्राह्ममुहूर्त नै हो । म आफ्नो तर्फबाट सुत्दिनँ, जब ऊ सुत्छ तब यो शरीर सुत्छ, जब ऊ उठ्छ तब शरीर उठ्छ । मैले त यही जानेको छु कि जब ब्रह्मको निद्रा खुल्छ तब ब्राह्ममुहूर्त हुन्छ। म आफ्नो तर्फबाट सुत्दा पनि सुत्दिनँ, उठ्दा पनि उठ्दिनँ, ऊ नै सुत्छ र ऊ नै उठ्छ । यही हो ब्राह्ममुहूर्त किनभने ब्रह्म उठिरहेको छ । त्यस नास्तिकले भन्यो- म त ब्रह्म छ कि छैन भनेर सोध्न आएको थिएँ तर तपाइँ त आफैँलाई ब्रह्म भन्दै हुनुहुन्छ । एकनाथले भन्नुभयो- म मात्र होइन तिमी पनि ब्रह्म हौ । तिमी र ममा यति अन्तर छ कि तिमीलाई आफू ब्रह्म भएको थाहा छैन तर मलाई थाहा छ ।

नास्तिकले एकनाथलाई शङ्करको पिँढीमा खुट्टा पसारेर सुत्नुको कारण सोध्दा उहाँले जवाफ दिनुभयो- मैले सबैतिर खुट्टा राखेर हेरें, सबैतिर शङ्कर रहनु भएको थाहा पाएँ । सर्वत्र शङ्कर रहनुभएकाले कुनै न कुनै दिशामा त खुट्टा पसार्नै पर्छ । त्यसो भएकाले मैले सोच्नै छोडें । उहाँले भन्नुभयो- तिमी टाढाबाट आएका छौ । त्यसैले म भोजन बनाउँछु, खाएर मात्र जाऊ । उहाँले गाउँमा गएर गहुँको पिठो ल्याएर रोटी बनाउनुभयो । जब रोटी बनाएर राख्नुभयो, तब कुकुरले एउटा रोटी लिएर भाग्यो । एकनाथ पनि घिउको भाँडो लिएर कुकुरको पछि दौडनुभयो । त्यो दृश्य देखेर त्यस नास्तिकलाई के लाग्यो भने यी दुष्ट साधु कुकुरले लगेको रोटी खोस्न दगुर्दै छन् । ऊ पनि साधुको पछि पछि दौडियो । उता साधुले एक माइल दौडिएपछि कुकुरलाई समाते र रोटी खोसेर घिउ दल्न थाले । घिउ नदली रामलाई रोटी खान मन लाग्दैन । तिमी पनि आइन्दा घिउ नदली रोटी लिएर नभाग अन्यथा म राम्रो मान्ने छैन भन्नुभयो र कुकुरलाई पुनः घिउ दलेको रोटी खुवाउनुभयो । यही नै प्रभुलाई निरन्तर भज्नु हो । सबैमा प्रभु देख्ने यही भजन उनमा चलिरहेको छ । यदि सबैतिर प्रभु छ भने शङ्करको पिँढीमा मात्र होइन सबैतिर प्रभु नै हुन्छ । यदि सबैमा प्रभु छ भने कुकुरमा पनि उही छ; त्यसैले घिउविना रोटी कसरी खान दिने । यी दुवै प्रभुभजनमा लीन भएका चित्तका रूप हुन् । हामी जे देख्छौँ, त्यसमा प्रभुको होइन संसारको स्मरण गर्छौं । संसारमा जे जति छुद्र, अशुभ र निम्नस्तरका कुराहरू छन् तिनको नै हामी सतत स्मरण गरिरहन्छौँ ।

श्रीकृष्ण भन्नुहुन्छ- प्रभुको भजन कठिन तपस्या हो । जहाँ जे वस्तु देखिन्छ, ती सबैमा प्रभु प्रकट भएको ठान्नु र प्रभुका अतिरिक्त अरू कोही पनि छैनन् भन्ने स्मरणभाव विकसित गर्नु नै प्रभुभजन हो । बाहिरी दृश्यमा जबसम्म अर्को व्यक्ति वा वस्तु देखिन्छ, तबसम्म उसमा परमात्मा खोज्ने प्रयास जारी

राख्नुपर्छ । हरेक व्यक्ति र वस्तुमा निरन्तर प्रभुको रूप खोजिरहेमा एकक्षण यस्तो आउने छ जब कोही पनि देखिने छैनन्, परमात्मा मात्र देखिनेछन् । यस्तो अवस्थामा अब भजनको कुनै जरुरत पर्दैन त्यो प्रभुको अटुट भजन हुन्छ । मनुष्यमा सोचका अनेकौं खात हुन्छन् प्याज वा बन्दाको जस्तै एउटा पत्र निकालेपछि पुनः अर्को पत्र देखिन्छ । हाम्रा विचार वा दृष्टिकोणका पनि अनेकौं खात छन् जसलाई एक एक गरेर अनेकौं पत्र उधार्दै जानुपर्छ । एक एक गरेर पत्र उधार्दै जाँदा जब भित्र शून्य अवस्था मात्र बाँकी रहन्छ, तब भगवत् चैतन्य वा भगवान्‌को अनुभव हुन्छ । हामीले रूपमा अरूपलाई खोज्नुपर्छ । हामीलाई दुख कष्ट दिने, गाली गर्ने व्यक्तिमा पनि परमात्मा मौजुद छ । हामीलाई प्रेम गर्नेलाई परमात्मा देखेजस्तै सर्वत्र परमात्मा मौजुद छ भन्ने ठान्नुपर्छ ।

परमात्मा यथार्थमा अस्तित्व हो जो सदा मौजुद छ । ऊ सर्वत्र भएकाले जहाँ खोजे पनि पाइन्छ । तर हामीले खोजेनौं भने कहीँ पाइँदैन । परमात्मा हामीबाट धेरै सम्भावना प्रकट भएको हेर्न चाहन्छ । त्यसैले ऊ तत्काल प्रकट हुँदैन । परमात्मा पाउनु तपस्या हो जसको मूल्य चुकाउन तयार रहनुपर्छ । हामीप्रति उसको आस्था हामीभन्दा धेरै छ । त्यसैले त हामीले हजारौं भूल गरे पनि उसले माफ गर्छ । हजारौं जन्म लिएर व्यर्थ गुमाउँछौं तैपनि जन्म दिन्छ । प्रभु नखोजीकन पाइन्न । खोज गर्दा सुरुमा खोजेको कुराको उल्टो कुरा पाइन्छ । पहिले शरीर अनि मन पाइन्छ । यदि यसलाई पार गर्ने सामर्थ्य छैन भने बाहिरबाट नै फर्किनुपर्छ र अन्तरकक्षमा विराजमान प्रभुसँगको मिलनबाट वञ्चित हुनुपर्छ । खोज गर्ने साहस र धैर्य छ भने मनलाई पार गरेर उसलाई जान्न सकिन्छ र प्रभुसँग मिलन हुन सक्छ ।

प्रभुलाई समस्त प्राणीमा भज्नुको अर्थ जतिसुकै प्रतिकूल र विपरीत अवस्था भए पनि र आफ्ना अगाडि राक्षस नै उभिएको भए पनि त्यहाँ प्रभु मौजुद छ भनेर स्मरण गर्नु हो । यस अर्थमा जसले प्रभुको भजन गर्दछ उसलाई अरू कुनै भजनको आवश्यकता नै पर्दैन । यसप्रकार ईश्वर चिन्तन गर्ने मानिसले कुनै मन्दिरमा गएर प्रभु खोज्न आवश्यक छैन । यस्तो व्यक्तिका लागि पूरा पृथ्वी नै मन्दिर हुन्छ । उसका लागि सबै रूप प्रतिमा हुन्छ र सबै आकारमा निराकारको निवास हुन्छ भनेर श्रीकृष्ण भन्नुहुन्छ । जो सबै प्राणीहरूमा 'म' वासुदेवलाई देख्दछ र भज्दछ त्यस योगीले परमसिद्धि प्राप्त गर्दछ ।

*आत्मौपम्येन सर्वत्र समं पश्यति योऽर्जुन ।*
*सुखं वा यदि वा दुःखं स योगी परमो मतः ॥३२॥*

**हे अर्जुन ! जो आफ्नो आत्मासँग तुलना गरेर ब्रह्माण्डका समस्त प्राणीहरू एवम् तिनीहरूका सुख-दुखमा सादृश्य अर्थात् समानता देख्दछ त्यो नै महान् योगी हो ॥**

सुख-दुख, अनुकूल-प्रतिकूल सबै स्थिति-परिस्थितिमा जो सम बनिरहन्छ, त्यो समताको बोध नै श्रेष्ठयोग हो र त्यही नै महान् योगी हो । आफ्नो सादृश्य सबैमा सम देख्नु अत्यन्त कठिन कुरा हो । आफूजस्तै अरूका बारेमा सोच्नु वा गर्नु सादृश्यता हो । अरूका बारेमा कुनै निर्णय गर्दा सादृश्य भावका साथ गर्दा राम्रो हुन्छ तर हामी ठिक उल्टो गर्छौं । अरूले नराम्रा काम गरेमा हामी उसलाई नराम्रो व्यक्ति भन्छौं तर आफूले नराम्रो काम गर्दा भने त्यसलाई बाध्यता भन्छौं र सादृश्यता (बराबरी) को भावना त्याग्छौं । अर्काले चोरी गर्दा त्यो चोर हो भन्छौं तर हामी आफूले चोरी गर्दा त्यो आपद्धर्म हो भन्छौं । हामी कहिल्यै सादृश्यता सोच्दैनौं । हामीले क्रोध गर्दा त्यो अरूको सुधारका लागि र अरूले क्रोध गरेमा उसलाई हिंस्रक भन्छौं । अरूका बारेमा हामी स्वयम्‌लाई सोचेजस्तो कहिल्यै सोच्दैनौं । स्वयम्‌मा जे श्रेष्ठ छ त्यसलाई हामी आफ्नो स्वभाव मान्छौं तर अरूमा जे निकृष्ट छ त्यो उसको स्वभाव ठान्छौं । अरूको नराम्रो वा कुभलो सोच्नु भन्दा पहिले आफ्नो कुभलो वा नराम्रोका बारेमा सोच्नु सादृश्यता हो ।

यसो गर्न सकेमा मभन्दा नराम्रो ऊ कसरी हुन सक्छ भन्ने भाव विकसित हुन्छ । जब आफ्नो श्रेष्ठताका बारेमा सोच्छौं, तब अरूको श्रेष्ठताका बारेमा पनि सोचौं । अनि मात्र थाहा हुन्छ कि मेरो

श्रेष्ठता त उसको श्रेष्ठताका तुलनामा केही पनि होइन तर हामी अरूको निकृष्टता र आफ्नो श्रेष्ठताको बारेमा मात्र सोच्छौँ । तसर्थ हामीबाट समता नभएर निरन्तर अन्याय हुन्छ । कृष्णको समता गहन छ जो स्वयम्‌को सादृश्यताको समता हो । आफूलाई अरू समान सम्झनु नै सादृश्यता हो तर यो ज्यादै जटिल कुरा हो । यसमा अहङ्कारले ज्यादै बाधा गर्छ । समाजवादी नेताहरू सबैलाई समान गर्न चाहन्छन् तर अन्त्यमा अरू सबै त समान हुन्छन्, उनीहरू आफू सबैभन्दा माथि हुन्छन् । त्यस्तै तथाकथित साधुहरू आफूलाई उच्च, महान् र अरूलाई निम्नस्तरको ठान्दछन् । यस्ता व्यक्तिहरू कोही पनि अरू आफू समान भएको देख्न चाहँदैनन् ।

श्रीकृष्ण भन्नुहुन्छ- जब अरूका बारेमा सोच्छौ, तब स्वयम्‌को सादृश्यले सोच । जब व्यक्ति स्वयम्‌को सादृश्यले सोच्न थाल्छ, तब ऊ अरूको निर्णय लिन छोड्छ किनभने उसले 'म' निर्णय गर्ने को हुँ भन्ने सोच्न थाल्छ । म पनि त्यही उभिएको छु जहाँ अरू उभिएका छन् । हाम्रा तथाकथित साधु, सन्त र नेताहरू जो आफूलाई भगवान् र अरूलाई नारकीय रूपमा देख्छन् उनीहरूलाई कृष्णको यो श्लोकबाट व्यक्त हुने विचारबारे जानकारी छैन। ठिक सन्त त त्यो हो जो सबै सम छन् भन्ने जान्दछ किनभने जो भित्र छ त्यो अलिकति पनि तल-माथि हुँदैन । सबैभित्र बसेको एउटै छ, त्यसैले ऊ असमानताको विषय हुन सक्दैन । बुद्धले आफ्नो पूर्वजन्मको कथा भन्नुभएको छ । अघिल्लो जन्ममा जब बुद्धले ज्ञान प्राप्त गर्नुभएको थिएन त्यस समयमा उहाँ एक बुद्धपुरुष (ज्ञानी) को आश्रममा दर्शन गर्न जानुभयो । उहाँले झुकेर बुद्धपुरुषको चरणमा ढोग्नुभयो । अनपेक्षित रूपमा बुद्ध पुरुषले पनि बुद्धको चरण छुनुभयो । बुद्धले ज्ञानीलाई हडबडाउँदै उठाउनुभयो र भन्नुभयो- तपाईंले यो के गर्नुभएको हो, मलाई पाप लाग्ने छ । तब ज्ञानी पुरुषले हाँस्दै भन्नुभयो- जे तिमी भित्र बसेको छ त्यसलाई म राम्ररी जान्दछु किनभने त्यही मभित्र पनि विराजमान छ । तिमीलाई थाहा छैन । यो कुरा पछि कुनै जन्ममा थाहा पाउने छौ । त्यतिखेर तिमीले मैले तिम्रो चरण स्पर्श गरेको रहस्य जान्ने छौ ।

श्रीकृष्ण भन्नुहुन्छ- सादृश्यता सर्वश्रेष्ठ योगको स्थिति हो । यो समता (सादृश्यता) 'तिमी' र म बिचको हो । मलाई तिमीसँग समान रूपमा ल्याउनु महान् योग हो किनभने 'म' को सारा चेष्टा नै तिमीलाई कसरी तल गरूँ भन्ने हुन्छ । त्यसैले हामी निन्दामा ज्यादै रस लिन्छौँ । हामी जहिले पनि अर्काका बारेमा नकारात्मक कुरा सोच्छौँ । अरूको राम्रो कुरा सुनेर हामीलाई बेचैनी मात्र हुन्छ र अर्कालाई नराम्रो देख्न हामी अनेकौँ तर्क दिन्छौँ । कसैले हामीलाई अर्काका बारेमा नराम्रो कुरा सुनाएमा हामी तत्काल मलाई त पहिलेदेखि नै थाहा थियो भन्छौँ । अरूको निन्दा गर्दा हामी प्रमाण माग्दैनौँ र जब कसैले प्रशंसा गर्छ, तब प्रमाण माग्छौँ । निन्दा गर्दा मन खुसी हुन्छ किनभने आफू माथि होइन्छ । प्रशंसा गर्नमा ज्यादै पीडा हुन्छ किनभने आफू तल होइन्छ । सबैसँग सादृश्य वा समान सम्झिनु महायोग हो । नराम्रो-राम्रो, पाप-पुण्य एवम् अर्को र 'म' मा कुनै अन्तर नदेख्नु नै सादृश्यता हो । यस्तो प्रतीति भएमा हामीभित्र क्रान्ति घट्ने छ ।

अर्काका बारेमा सोच्नुअघि त्यही कुरा आफ्ना बारेमा सोच्नुपर्छ र आफ्नो मनको धोकामा नपरी सही आत्म-आलोचना गर्नुपर्छ । यस सूत्रलाई महावीरले अहिंसा भन्नुभएको छ । यो स्वयम्‌को सादृश्य सबैले मान्नुलाई उहाँले अहिंसा भन्नुभएको हो । उहाँ भन्नुहुन्छ- जस्तो हामीलाई लाग्छ त्यस्तै सबैलाई लाग्छ । त्यसैले तिमी जस्तो व्यवहार आफूसँग गर्छौ त्यस्तै व्यवहार अरूसँग गर । जिससका सारा भनाइहरूका सार निकालियो भने एउटै परम वाक्य छ । तिमी अरूसँग त्यो नगर जो तिमी आफ्नासाथ नहोस् भनी ठान्छौँ । यो महावाक्य हो । बुद्ध भन्नुहुन्थ्यो- जसलाई सादृश्य योगको साधना गर्नु छ, उसले पहिले तीन महिना स्मसानघाटमा गएर वास बस्नुपर्छ । जब कुनै मुर्दा ल्याइन्छ, तब एक दिन म पनि यही ल्याइने छु भन्ने सोच्नुपर्छ । जब लास जलाइन्छ, तब मलाई पनि यसरी नै जलाउने छन् भन्ने

ठम्याउनुपर्छ । उहाँ भन्नुहुन्छ- मृत्युबाट सादृश्य सुरु गर; बाँकी जिन्दगीमा यो सहयोगी हुन्छ । मृत्यु वास्तवमा सही कम्युनिस्ट व्यवस्था हो जसले सबैलाई समान गरिदिएर केवल खरानी मात्र बाँकी राख्छ । यो सादृश्यले योगको उच्चतम स्थितिमा पुऱ्याउँछ ।

बाटामा शवयात्रा देखियो भने जान्नु कि आफू नै मरें, तब सही सादृश्य फलित हुन्छ । सादृश्यको बोध हुँदासाथ करूणा पैदा हुन्छ । वासनायुक्त तथा करुणावान् दुई प्रकारका व्यक्तिहरू हुन्छन् । वासनाले आवेग र करुणाले संवेदना पैदा गर्छ । जबसम्म कुनै व्यक्ति आफूलाई अरूभन्दा भिन्न ठान्दछ तबसम्म वासनामा बाँच्छ र जब आफू पनि अरू समान हुँ भनेर जान्दछ, तब करुणामा प्रवेश गर्छ । अहङ्कारलाई केन्द्र बनाउने व्यक्ति वासनामा र सादृश्यलाई केन्द्र बनाउने व्यक्ति करुणामा बाँच्दछ । सादृश्यले अरू जति नै कमजोर आफू पनि छु भन्ने भावको पुष्टि गर्छ । सादृश्य नै अहङ्कारको मृत्यु र करुणाको जन्म हो ।

*अर्जुन उवाच*
*योऽयं योगस्त्वया प्रोक्तः साम्येन मधुसूदन ।*
*एतस्याहं न पश्यामि चञ्चलत्वात्स्थितिं स्थिराम् ॥३३॥*

**अर्जुनले भने- हे मधुसूदन ! हजुरले वर्णन गर्नुभएको समभावको योग-विधि मेरो चञ्चल एवम् अस्थिर मन भएका कारण यसको स्थिरता वा स्थिति 'म' देख्दिनँ ॥**

*चञ्चलं हि मनः कृष्ण प्रमाथि बलवद्दृढम् ।*
*तस्याहं निग्रहं मन्ये वायोरिव सुदुष्करम् ॥३४॥*

**हे कृष्ण ! यो मन अत्यन्त चञ्चल, उच्छृङ्खल, बलवान्, दुराग्रही (हठी) छ । यसलाई नियन्त्रणमा राख्नु वायुलाई वशमा राख्नुभन्दा पनि अत्यन्त कठिन छ ॥**

योगका आधारशिलाहरूका सम्बन्धमा श्रीकृष्णले बताउनु भएपछि अर्जुनले त्यही सोधे जुन हामी सबै सोध्न चाहन्छौं । अर्जुन कृष्णलाई बिन्ती गर्दछन्- हजुरको कुरा ठिक नै होला । परमानन्द पनि प्राप्त हुन्छ होला । त्यो आयाममा यात्रा गरूँ जस्तो पनि लाग्छ तर मन ज्यादै चञ्चल छ । मन स्थिर राख्ने कुरा बुझ्न कठिन भइरहेको छ । यसको चञ्चलपन देखेर क्षणभर पनि मन स्थिर हुन सक्छ भन्ने भरोसा पनि हुँदैन । यो मन चञ्चल मात्र होइन ज्यादै शक्तिशाली, हठी स्वभावको छ । हे मधुसूदन ! वायुलाई वशमा राख्न कठिन भएजस्तै मन स्थिर वा वशमा राख्न कठिन छ । वायु र मन एकक्षण स्थिर हुँदैन । वायु अदृश्य भएकोले केवल यसको कम्पनको अनुभव मात्र हुन्छ । वायु यदि स्थिर हुने हो भने यसको कुनै अनुभव हुँदैन । वायु दौडेर स्पर्श गर्दा मात्र यसको स्पर्शको अनुभव हुन्छ । मनको अनुभव हुँदैन तर यसको परिवर्तनको मात्र अनुभव हुन्छ । मनको चञ्चलता मात्र प्रतीतिमा आउँछ । जस्तो वायुको प्रतीति स्पर्शको अनुभवमा आउँछ त्यस्तै मनको प्रतीतिमा चञ्चलता आउँछ । यस्तो अदृश्य जो वशभन्दा बाहिर र सदा दौडिने मन छ यस्तो मनका बारेमा अर्जुनले हामी सबैको संशय श्रीकृष्णसँग उठाएका छन् । उनी कृष्णसँग भन्छन्- हजुर सदाका लागि मन स्थिर गर्न भन्नुहुन्छ तर यो त सम्भव नै लाग्दैन । मन त एकक्षण पनि स्थिर गर्न सम्भव छैन । मनको स्थिर हुने स्वभाव नै देख्दिनँ । मन त चञ्चल नै हुन्छ किनभने चञ्चलता नै मन हो । अर्जुन भन्छन्- हजुरको कुरामा आकर्षण पनि छ तर मनको चञ्चलतालाई देखेर मन स्थिर गर्न असम्भव जस्तो लाग्छ । यो अर्जुनको मात्र होइन समग्र मानव जातिको मनको अवस्था हो ।

हामीले कहिल्यै मन स्थिर भएको नजान्नाले हामीलाई मन स्थिर गर्नु असम्भव लाग्छ तर यो हाम्रो धारणा नकारात्मक हो । केवल चञ्चलताको अनुभवका आधारमा स्थिरता हुन सक्दैन भन्ने सोच नकारात्मक सोच हो । जो हाम्रो अनुभव छैन त्यसका बारेमा असम्भव भन्नु उचित हुँदैन । दृष्टिविहीनलाई

प्रकाशको सम्भाव्यता र श्रवणशक्तिविहीनलाई वाणी सुन्ने सम्भाव्यता सोध्दा दुवैको उत्तर असम्भव नै आउँछ । उनीहरूका कुरालाई गलत भन्न सकिँदैन किनभने उनीहरू आफ्नो अनुभव भन्दै छन् । त्यस्तै जब हामी मनका सम्बन्धमा भन्छौँ, त्यो पनि हामी आफ्नो अनुभवबाट भन्छौँ किनभने त्यो पनि दृष्टिविहीनको अनुभव जस्तै हो । हामीले मनको अनुभवको सिवाय केही जानेका नै छैनौँ । अर्जुनले मन चञ्चल छ भन्नु त उचित नै छ तर यसलाई वशमा गर्नु र स्थिर गर्नु अकल्पनीय र असम्भव छ भन्ने कुरा उपयुक्त मान्न सकिन्न किनभने असम्भव भन्ने धारणा बसिसकेपछि सम्भव बनाउन प्रयास गर्ने धारणा नै समाप्त हुन सक्छ । यदि असम्भव मान्यौं भने प्रयत्न गरिँदैन र प्रयत्न गरिएन भने सम्भव पनि हुँदैन । हाम्रो मान्यता अझ दृढ हुन्छ र यदि असम्भवलाई पनि सम्भव मानेर प्रयास गर्ने हो भने असम्भव पनि सम्भव हुन सक्छ । धेरै असम्भवहरू सम्भव भएका छन् । हामी अतीतबाट निष्कर्ष लिन्छौँ तर अतीत भविष्यको निर्धारक हुन सक्दैन ।

अर्जुन भन्छन्- एकक्षणका लागि पनि मन रोकिन्छ भन्ने कल्पना गर्न सकिन्न । त्यसैले यो सम्भव लाग्दैन तर अर्जुन यसलाई अज्ञानतावश भनिरहेका छन् । जे हामी जान्दैनौँ त्यसका बारेमा निष्कर्षपूर्ण भनाइ उपयुक्त हुँदैन । कुनै व्यक्तिले मेरो आयु ८० वर्षको भयो तर आजसम्म ईश्वरको दर्शन पाइनँ; त्यसैले ईश्वरको दर्शन असम्भव छ भन्नु उपयुक्त हुँदैन । ईश्वर छ कि छैन मलाई थाहा छैन तर मैले अहिलेसम्म उसको दर्शन पाएको छैनँ भन्नु उपयुक्त हुन्छ । मैले देखेको छैनँ, त्यसैले ईश्वर छैन भन्ने जस्तो तर्क आफ्नै सीमाभन्दा बाहिरको हुन्छ । अर्जुनको भनाइ वास्तविक भए पनि यो त्रुटिपूर्ण छ । अर्को कुरा अर्जुन भन्छन्- मन वायु जस्तै छ । यसमा के कुरा बुझ्नु जरुरी छ भने वायु पदार्थ हो तर मन पदार्थ होइन । वायुलाई पक्रिन वा नियन्त्रण गर्न सकिन्छ र विज्ञानले वायु समातेर ठन्डा बनाई पानी बनाउन सफल भइसकेको छ । अझ ठन्डा गरेमा ठोस बरफ बन्न सक्छ । विज्ञान भन्छ- प्रत्येक पदार्थका तीन अवस्था हुन्छन्; बरफ, पानी र बाफ । प्रत्येक पदार्थ एक अवस्थाबाट दोस्रो अवस्थामा प्रवेश गर्न सक्छ । वायु पनि एक विशेष अवस्थामा जल जस्तै हुन सक्छ र अर्को विशेष परिस्थितिमा ढुङ्गा जस्तै जम्न सक्छ । आज वायुको उदाहरण उपयुक्त हुँदैन किनभने आज वायुलाई मुट्ठीमा समात्न सकिन्छ । त्यसैले अर्जुनले पदार्थको तुलना मनसँग गर्दा त्रुटि भएको पाइन्छ ।

मन त केवल विचार हो । हाम्रो शरीर पदार्थ एवम् पञ्चभूतको समूह हो । आत्मा पदार्थ नभई चैतन्य हो । मन चेतना र पदार्थ यी दुईको मिलनबाट उत्पन्न भएको सहउत्पादन हो । वस्तुतः आत्मा र शरीरको अस्तित्व छ तर मनको अस्तित्व हुँदैन । मन पदार्थ एवम् आत्मा पनि होइन किनभने दुई पदार्थका बिच यो घटित हुन सक्दैन; त्यसैले यो पदार्थ पनि होइन । शरीरलाई माध्यम नबनाई दुई आत्माबाट पनि यो घटित हुन सक्दैन त्यसैले यो आत्मा पनि होइन तर शरीर र आत्मा मौजुद भएमा मैत्री कायम हुन सक्छ । त्यसैले मन पदार्थ होइन सम्बन्ध हो । सम्बन्धलाई पदार्थसँग तुलना गर्दा त्रुटि हुन सक्छ । पदार्थलाई कहिल्यै तोड्न सकिन्न । एउटा ढुङ्गालाई सय टुक्रा गर्दा पनि पदार्थ तोडिँदैन, मात्र ढुङ्गा तोडिन्छ । ढुङ्गा फोडेर शून्यमा विलीन गर्न सकिन्न तर सम्बन्ध नष्ट गर्न सकिन्छ ।

वायु पदार्थ हो र मन सम्बन्ध हो । मन शरीर र आत्माबिचको सेतु हो । आत्माले शरीरसँग सम्बन्ध स्थापित गर्न मनको सृजना गर्छ । यदि म मेरो कारलाई प्रेम गर्छु भने पनि कारले मलाई प्रेम गर्न सक्दैन । त्यसैले सम्बन्ध शरीरबाट आत्मातिर हुन सक्दैन । यो सम्बन्ध चेतनाको तर्फबाटको सम्बन्ध हो र यो एकतर्फी सम्बन्ध हो जुन एकतर्फबाट टुट्न पनि सक्छ । सम्बन्ध राख्ने वा नराख्ने यो चेतनाको निर्णय हो र चेतनाले चाहेमा यो सम्बन्ध तोड्न पनि सक्छ । अर्जुन जब मनलाई वायुसँग तुलना गर्छन्, तब केही भूल हुन्छ । उपमा दिँदा प्रायः भुल नै हुन्छ किनभने विज्ञान मनलाई मान्न राजी छैन । वैज्ञानिक प्रयोगशालामा मनलाई समातेर राख्न सकिन्न । शरीर काट्दा मासु, हड्डी, बोसो, पानी, फलाम, तामा

आदि तत्त्व सबै पाइन्छ तर मन पाइँदैन । वैज्ञानिकहरूले खोज गरेर पाएको शरीर मात्र हो । उनीहरूले मनलाई भेटाएका छैनन् र उनीहरूका खोजमा प्रेम पनि छैन । तर विज्ञानले नभेटेको प्रेम हाम्रो अनुभवमा छ । हामी सबैको अनुभवमा प्रेम छ तर त्यो विज्ञानको प्रयोगशालाले सिद्ध गर्न सक्दैन । सम्बन्ध वस्तु नभएकोले यो बन्न पनि सक्छ र विनाश पनि हुन सक्छ । सम्बन्ध शून्यबाट सिर्जिन्छ र शून्यमा नै विलीन हुन्छ । वस्तुको सिर्जना र विनाश हुँदैन, रूपान्तरण मात्र हुन्छ । जो अहिले शरीर छ त्यो भोलि खरानी बन्न सक्छ र जो आज खरानी छ त्यो शरीर बन्छ । यी सबै रूपान्तरण हुन सक्छन् तर मूल पदार्थ कहिल्यै विनाश हुँदैन । पदार्थ जति छ त्यति नै रहन्छ तर सम्बन्ध दैनिक नयाँ बन्न र घट्न पनि सक्छ । त्यसैले मनको तुलना वायुसँग गर्नु युक्तिसङ्गत हुँदैन ।

मनलाई स्थिर गर्न सकिन्न भन्ने अर्जुनको भनाइमा पनि सत्यता छैन । जुन वस्तु चञ्चल हुन्छ त्यो स्थिर पनि हुन्छ । यो गहन विषय हो । जुन चिज स्थिर छैनन् ती चञ्चल पनि हुँदैनन् । दौडिने व्यक्ति उभिन सक्छ तर जो उभिन सक्दैन त्यो दौडिन पनि सक्दैन । हामी जन्म जन्मान्तरदेखि मनलाई चञ्चल बनाइरहेका छौँ । त्यसैले यसलाई स्थिर बनाउन कठिन छ । साथै मनले नै स्थिर गर्न कठिन हुने कुरा भनिरहेको छ । अर्जुन जुन प्रश्न सोधिरहेका छन् त्यो उनको मनले सोधिरहेको प्रश्न हो । उनको मनले के भनिरहेको छ भने मन स्थिर गर्न कठिन र असम्भव छ । मन भन्दै छ म सदा चञ्चल छु र दौडिरहेको छु किनभने चञ्चलता मेरो स्वभाव हो । त्यसैले म स्थिर र शान्त हुन सक्दिनँ। यस संसारमा प्रत्येक शक्ति आफ्नो विपरीत शक्तिसँग जोडिएको हुन्छ । जो जन्मिन्छ त्यो मर्छ । बाँच्नुसँग मर्नु पनि जोडिएको हुन्छ । अस्तित्व ध्रुवीय हुनाले जोडिएको छ । संसारबाट प्रकाश समाप्त भएमा अन्धकार पनि तत्काल समाप्त हुन्छ । प्रकाश र अन्धकार संयुक्त अस्तित्व हुन्। संसारबाट गर्मी समाप्त भएमा जाडो पनि समाप्त हुन्छ । चिसो गर्मीको नै एक रूप हो, जो गर्मीसँग नै समाप्त हुन्छ । सबै पुरुष समाप्त भए भने नारीहरू पनि स्वतः समाप्त हुन्छन् किनभने पुरुष र स्त्री संयुक्त अस्तित्व हुन् जो एकसाथ हुन सक्छन् । संसारबाट शत्रुता समाप्त भएमा मित्रता पनि तत्काल समाप्त हुन्छ। यो अस्तित्वको नियम हो । यदि युद्ध समाप्त भएमा शान्ति पनि समाप्त हुन्छ । अस्तित्व विपरीतसँग बाँधिएको हुन्छ र यो ध्रुवीय छ ।

त्यसैले मन चञ्चल छ र यो स्थिर हुन सक्दैन भन्ने अर्जुनको भनाइ गलत छ । मन चञ्चल छ त्यसैले यो स्थिर हुन सक्छ। यदि अर्जुनलाई मनको स्वभाव चञ्चल छ तर अभ्यास गरियो भने यो रोकिन पनि सक्छ भन्ने बोध भइदिएको भए उनको भनाइ ठिक हुन्थ्यो । अर्जुनले यस्तो प्रश्न गरेका भए हामीलाई मनका बारेमा बुझ्न कठिन हुन्थ्यो । अर्जुनमा पनि हामी जस्तै बोध छैन र जुन तर्क वा विधिबाट हामी चल्छौँ त्यही विधिबाट उनी पनि चलिरहेका छन् । कुनै व्यक्तिसँग प्रेम हुनु झगडाको नाता स्थापित गर्नु हो तर हाम्रो तर्कले यो मान्दैन । प्रकृतिको नियमानुसार जससँग जति प्रेम छ त्यससँग त्यति नै कलहको सम्भावना हुन्छ । कलहबाट बच्नु छ भने प्रेमबाट बच्नुपर्छ । शत्रुताबाट बच्न चाहनेले मित्रताबाट पनि बच्नुपर्छ । जो जति आफ्नो हुन्छ उसबाट त्यति नै पराईपन प्राप्त हुन्छ । यो जीवनको गहन नियम हो जो साधारणतया हामीलाई जानकारी हुँदैन; त्यसैले हामी जिन्दगीभर गल्ती गरिरहन्छौँ । हामी जति जीवनका भित्री तहमा जान्छौं त्यति नै विरोधी तत्त्व पाउँछौँ । राग-विराग र आकर्षण-विकर्षण एकसाथ हुन्छन् । श्रीकृष्ण सैद्धान्तिक होइन सत्य बोल्दै हुनुहुन्छ भन्ने कुरा अर्जुनले बुझ्न सकेका छैनन् । यदि कृष्णले सिद्धान्तको कुरा गर्नु भएको भए अर्जुनले तर्कका कुरा गरेर कृष्णलाई नै हराउने थिए किनभने सबै सिद्धान्त मनका सन्तति हुन् । मनले नै सिद्धान्त जन्माउँछ र चलाउँछ । कृष्णले सत्यको कुरा गर्नुभएको हो। अर्जुनले उठाएका विषयहरू मानिसका मनका कठिनाइहरू हुन् र कृष्णलाई सिद्धान्तको कुनै चासो छैन ।

गीतामा श्रीकृष्णले सिद्धान्तका बारेमा धेरै उल्लेख गर्नुभएको छ । संसारमा जति सिद्धान्त छन् करिब करिब सबैका बारेमा गीतामा कृष्णले सङ्केत गर्नुभएको छ । त्यसैले त सबै सिद्धान्तवादी

पण्डितहरूलाई गीता ज्यादै उपयोगी भएको छ किनभने सबैले आ-आफ्नो सिद्धान्तका कुरा गीताबाट निकाल्न सक्छन् । यसै कारणले होला ! गीतामा यति धेरै टीकाहरू लेखिएका छन् जुन एक अर्काका विरोधी छन् । अधिकांश टीकाहरूमा केवल आफ्नो भाषामा संस्कृतको अनुवाद मात्र गरिएको छ र ती टीकाहरूमा कृष्णलाई बुझ्ने सामर्थ्य अत्यन्त अल्प छ । केही टीकाकारहरूले आफ्नो सिद्धान्तलाई गीतामा थोपर्ने प्रयास पनि गरेका छन् । श्रीकृष्णको गीता सिद्धान्त होइन सत्यको उद्घोषण हो तर उहाँ त्यो सत्यसम्म पुग्नका लागि कुनै पनि सिद्धान्त अवलम्बन भने गर्न सक्नुहुन्छ । त्यसैले त उहाँ भक्ति, ज्ञान, ध्यान, कर्म आदिको सारा कुरा गर्नुहुन्छ । यी सबै सिद्धान्त, सिद्धान्त जस्तै विरोधी छन् र सत्य जस्तै अविरोधी छन् । सत्यमा कुनै विरोध हुन सक्दैन । त्यसैले गीतामा भएको अनाचार पृथ्वीमा अन्य कुनै पुस्तकसँग भएको छैन किनभने एक सिद्धान्तलाई मान्नेवाला जब आफ्नो सिद्धान्तको व्याख्या गर्छ, तब ऊ सबै सिद्धान्तको गर्दन छिनालेर गीतामा थोपरिदिन्छ र आफ्नो सिद्धान्तलाई मात्र बचाउँछ ।

गीता सिद्धान्तवादी शास्त्र होइन, गीता सत्यको उद्घोषणा हो । यो जीवनको शास्त्र हो । जीवन जति विरोधी छ गीता पनि त्यस्तै छ । जति नियम ध्रुवीय छ त्यति नै गीताका वचन पनि स्वविरोधी छन् । अर्जुन प्रश्न गरेर आफ्नो अवस्था बताइरहेका छन् र यस प्रश्नले उनको स्थितिलाई स्पष्ट पारेको छ । अर्जुनलाई मनभन्दा माथि कुनै पनि कुराको अनुभव छैन । तर्क र बुद्धि उनीसँग गहन छ । भावको संसारमा उनको कुनै प्रवेश छैन । उनी नियमको कुरा त गर्छन् तर अकाट्य वा ध्रुवसत्य नियमबारे उनलाई कुनै बोध छैन ।

*श्रीभगवानुवाच*
*असंशयं महाबाहो मनो दुर्निग्रहं चलम् ।*
*अभ्यासेन तु कौन्तेय वैराग्येण च गृह्यते ॥३५॥*

**भगवान्ले भन्नुभयो- हे महाबाहु ! यो मन अत्यन्त चञ्चल छ र यसलाई वशमा राख्न वा दमन गर्न निःसन्देह कठिन छ । तर पनि हे कौन्तेय ! यसलाई अभ्यास र वैराग्यद्वारा वशमा ल्याउन सकिन्छ ॥**

श्रीकृष्णले अर्जुनको मनोदशालाई बुझेर भन्नुभयो- मन ज्यादै मुस्किलले वशमा हुन्छ । उहाँले यो मानिसको मनलाई दृष्टिगत गरेर भन्नुभएको हो । हामी जस्ता छौँ, त्यसलाई दृष्टिगत गर्ने हो भने त मन वशमा हुन पनि सक्दैन होला ! तर श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! अभ्यास र वैराग्यले मन वशमा हुन्छ । जहाँ जस्तो अवस्थामा मानिस छ, त्यसलाई त्यस्तै रहन दियो भने मन वशमा हुन सक्दैन । हामी त मन नै हौं त्यसैले हामीलाई मनको पार केहीँ पनि छैन जस्तो लाग्छ र मनको पार भएको हाम्रो कुनै अनुभव पनि छैन । मनलाई वशमा गर्ने कुनै उपाय पनि हाम्रो हातमा छैन तर अभ्यास र वैराग्यबाट मन वशमा हुन्छ । अभ्यास र वैराग्य गीताका प्राण हुन् । अभ्यास र वैराग्यबाट मानिस जस्तो छ त्योभन्दा भिन्न हुन सक्छ । एउटा बच्चालाई जन्मिने बित्तिकै जङ्गलमा छाडिदिने हो भने उसले मानव भाषा बोल्दैन । मनुष्य त्यही हुन्छ जुन आयाममा उसलाई अभ्यास गराइन्छ । जङ्गलमा रह्यो भने ऊ जङ्गली हुन्छ । जुन परिस्थितिमा बाँच्छ तदनुसार नै हुन्छ । मनुष्य अनन्त सम्भावनाको भण्डार हो । त्यसैले हामी जे भयौं त्यो केवल हाम्रो एक सम्भावना मात्र हो । संसारमा आदिवासीहरूको यस्तो कविला छ जहाँ व्यक्तिहरू क्रोध गर्न जान्दैनन् किनभने क्रोध पनि अभ्यासले मात्र आउँछ । घरमा आमाबाबु सबै क्रोध गरिरहेका छन् भने बच्चाले त्यही सिक्छ ।

अभ्यासको मूल अर्थ हामी जस्ता छौँ, त्योभन्दा अन्य हुन सक्छौँ भन्ने हो । अभ्यासको अर्थ यस्तो विधि हो जसले अन्यथा गर्न मद्दत गर्छ । अर्जुन भन्छन् मन ज्यादै चञ्चल छ र श्रीकृष्ण भन्नुहुन्छ अभ्यासले नै मन चञ्चल हुनबाट रोक्न सकिन्छ । सबै बाह्य र आन्तरिक स्थितिमा परिवर्तन आउनु र हामीभित्र जमेर बसेको संस्कारलाई तोडेर नयाँ दिशा दिनु अभ्यास हो । अभ्यासको अर्थ जस्तो छ त्योभन्दा

अन्यथा गर्ने विधि हो । हामी जस्ता छौं, त्यो पनि कुनै विधिका कारणले छौँ, आफ्ना कारणले होइन । नेपाली भाषाको अभ्यास गराएकाले हामी नेपाली बोल्छौँ । हामी जे छौँ, त्यो अभ्यासको फल हो । अहिले जे छौँ त्यो समाजले गराएको अभ्यासको कारणले भएको हो । समाज बिरामीहरूको समूह हो र भिड मानिसको न्यूनतम अवस्था हो । अभ्यासको अर्थ त्यो दिशामा व्यक्तिगत चेष्टा हो जहाँ हामी नयाँ र भिन्न हुन सक्छौँ । यो मनको धारा चञ्चल छ किनभने सारा व्यवस्थाले यसलाई चञ्चल गराइरहेको छ । हामी पनि केटाकेटीदेखि सबै मिलेर मनलाई दौडाइरहेका छौँ । बाबुले प्रथम होऊ भनेर दौडाउँछ, आमा छिमेकीको बच्चासँग तुलना गरेर दौडाउँछिन् । पत्नीले धनसम्पत्ति र समृद्धिका लागि दौडाउँछिन् । सन्तानको अपेक्षाका लागि अर्को दौड सुरु हुन्छ । त्यसैले धेरै दौडेर सङ्घर्षमा मनले रोकिने स्थान नै पाउँदैन र दौडि नै रहन्छ । अर्जुनले उठाएको प्रश्न हामी सबैको मनको अवस्था हो ।

श्रीकृष्ण भन्नुहुन्छ- यो मनको ढङ्ग केवल एउटा संस्कारित व्यवस्था हो । अभ्यासले यसलाई तोडेर नयाँ व्यवस्था दिन सकिन्छ । वैराग्य भएन भने मानिसहरू यसका विधिहरूको उपयोग नै गर्दैनन् । त्यसैले कृष्णले वैराग्य भन्नुभएको हो किनभने राग दौडाउने व्यवस्था हो र रागका कारणले नै व्यक्ति दौडिन्छ । राग केही पाउने विचार र कुनै लक्ष्यको अपेक्षा हो । त्यसैले राग चञ्चल हुने आधार हो र वैराग्य विश्रामको आधार हो । हाम्रो पूरा समाज रागले भरिएको छ । चञ्चलता सिक्ने कलाको आधार राग हो त्यस्तै स्थिरता सिक्ने कलाको आधार वैराग्य हो । वैराग्य नभएसम्म कोही कहीँ रोकिन सक्दैन । जबसम्म कहीँ पुग्ने राग हुन्छ, तबसम्म मन स्थिर हुन सक्दैन । यसमा मनको कुनै दोष छैन । मन त केवल आज्ञापालन मात्र गर्दछ । श्रीकृष्ण अभ्यासपछि वैराग्य भन्नुहुन्छ । वैराग्यको भावना भएमा यस्ता विधिहरू छन्, जसबाट व्यक्ति मनलाई विश्राममा पुऱ्याउन सक्छ । राग संसार यात्राको मार्ग हो भने वैराग्य संसारतिर ढाड फर्काउँदै स्वयम्‌को घर फिर्तीको मार्ग हो । जसलाई वैराग्य फलित भएको छैन, ऊ अभ्यासमा जाँदैन । वैराग्यको बोध भएपछि हामी मार्ग, पद्धतिको खोज गर्छौं ताकि हामी स्वयम्‌का घर फर्किएर त्यो आनन्दलाई जान्न सकौँ ।

संसारप्रतिको वितृष्णा नै वैराग्य हो। जहाँ-जहाँ आकर्षण हुन्छ त्यहाँ-त्यहाँ विकर्षण पनि हुन्छ । हामी सबैलाई विकर्षण हुन्छ र प्रत्येक दिन हामी वैराग्य प्राप्त गर्छौं तर वैराग्यको बोध भएपछि हामी अभ्यासतिर जाँदैनौँ । त्यसबेला पुरानो राग त समाप्त हुन्छ तर हामी नयाँ रागको खोजीमा निस्किन्छौँ । प्रत्येक रागको पछाडि पश्चात्ताप गहन रूपमा उत्पन्न हुन्छ तर हामी विरागतिर नगएर नयाँ रागको खोजमा यात्रा सुरु गर्छौं । एउटा सुखको खोजी व्यर्थ हुन्छ किनभने तत्काल मनले नयाँ सुखको खोज गरेर निरन्तरको यात्रा जारी राख्छ । यो सुख त व्यर्थ भयो तर सबै सुख व्यर्थ हुन्छ भन्ने जरुरी छैन भनी मनले आश्वासन दिन्छ । अनन्त कालसम्म पनि यस्तै हुन्छ, सुख पाइँदैन तर सुखको खोज भने जारी रहन्छ । यस्तो भएमा वैराग्य कहिल्यै पनि जन्मिँदैन । एउटा रागको अन्त्यपछि पुनः अर्को रागको कामना गर्ने हो भने रागको धारा जारी रहन्छ । एउटा टुट्छ र अर्को निर्मित हुन्छ । दोस्रो टुट्छ र तेस्रो निर्मित हुन्छ । यस्तो अनन्तसम्म चल्न सक्छ । जो एउटा रागबाट छुटेपछि समस्त रागहरूको व्यर्थता जान्दछ, एउटा सुख छुट्दा समस्त सुख छुटेको देख्न समर्थ हुन्छ र जसले सुखलाई पनि विषाद भनेर जान्दछ उसलाई वैराग्य प्राप्त हुन्छ । जसले मनको रहस्य सुखको धोखा हो भन्ने जान्दछ उसले जसलाई सुख मानेको थियो त्यो त दुख रहेछ भन्ने पनि जान्दछ । यो गहिरो सत्य जान्न सक्ने व्यक्ति रागबाट मुक्त भएर वैराग्यको यात्रामा अघि बढ्छ ।

वैराग्यको अर्थ कुनै कुराले पनि आकर्षित नगर्नु हो । चाहेको कुरा नपाउँदा पनि जीवन व्यर्थ छ भन्ने सोच नहुनु वैराग्य हो । वैराग्यको अर्थ वस्तुहरूसँगको मुक्ति र स्वयम्‌को तर्फको यात्रा हो । चित्तले कि त आफूबाट पदार्थतिर या पदार्थबाट आफूतिर यात्रा गर्न सक्छ । आफूबाट पदार्थतिर जाने धाराको

नाम राग हो र पदार्थबाट आफूतिर फर्किने धाराको नाम वैराग्य हो । वैराग्यका ससाना अनुभवहरू हामी सबैलाई आउँछन् तर ती स्थिर हुन पाउँदैनन् । वैराग्यको कुनै अभ्यास नभएकाले ती स्थिर हुँदैनन् । त्यसैले श्रीकृष्ण वैराग्य र अभ्यासको कुरा गर्नुहुन्छ । यस जगत्मा बाहिर कहीँ पनि सुख र शान्ति छैन, यसको अपेक्षा गर्नु व्यर्थ हो भन्ने प्रतीति हुनसक्यो भने वैराग्य प्राप्त हुन्छ । जीवनले हामीलाई राग र विराग दुवै दिन्छ तर हामीलाई रागको अभ्यास भएकाले राग दिगो हुन्छ, वैराग्यको अभ्यास नभएकाले यो दिगो हुँदैन ।

श्रीकृष्णले अभ्यासपछि वैराग्य भन्नुभएको छ किनभने वैराग्य त प्रत्येक दिन आउँछ तर अभ्यास नभएका कारण टिक्दैन । जसरी हामी कामवासनाको चिन्तन गर्छौं त्यसरी नै निष्कामको पनि चिन्तन गर्नुपर्ने हुन्छ । जुन कुरामा रस लिएका थियौं त्यही कुरामा विरस पैदा गर्नुपर्छ । जुन कुरामा रस लिइएको छ त्यसको यथार्थतालाई खोज्यौं भने विरसता पैदा हुन्छ । वैराग्यको क्षणलाई स्थिर गर्नका लागि यो क्षणको उपयोग गर्नुपर्ने हुन्छ । जिन्दगीमा जति क्षण रागको हुन्छ त्यति नै क्षण वैराग्यको पनि हुन्छ अर्थात् यसको अनुपात बराबर हुन्छ । जसरी हामीले रागको क्षणको उपयोग गरेका थियौं त्यसरी नै वैराग्यको क्षणको पनि उपयोग गर्नुपर्ने हुन्छ । हामी विरक्तिको क्षणलाई छिट्टै पन्छाउने वा त्यसबाट यथाशक्य छिटो उम्कने प्रयास गर्छौं तर रागको क्षणमा आरामसँग रहिरहन चाहन्छौं । यदि अतीतको स्मरण दुखद रह्यो भने भविष्यको सपना क्षीण हुन्छ किनभने भविष्य अतीतको योजना हो । भविष्यको योजना नै अतीतको असफलतालाई फेरि सह्माल्ने प्रयास हो । वैराग्यको क्षणलाई टिकाइराख्न जसरी सुखको खोजमा लाग्दा दुख आइपरेको छ त्यसको मात्र निरन्तर अभ्यास गर्नुपर्ने हुन्छ । कामवासनाको अभ्यास चलिरहँदा विगतको अनुभवबाट घटेको पश्चात्तापको स्मरण स्थिर भयो भने कामवासनाबाट वैराग्य प्राप्त गर्न सकिन्छ तर यसका लागि त्यो पश्चात्तापको अभ्यास भने चाहिन्छ ।

जागरुकताको अभ्यास गर्नै पर्छ किनभने जागरुकताको अभ्यास व्यर्थ हुन सक्दैन । यदि कसैलाई जाग भनिन्छ भने त्यसको अर्थ केही गर भन्नु हो । अभ्यासको तात्पर्य व्यक्ति जस्तो छ त्यसै रूपमा परमात्मामा प्रवेश गर्न सक्दैन भन्ने हो । त्यसैले आफूलाई परिवर्तन गरी योग्य बनाउनका लागि पनि अभ्यास आवश्यक हुन्छ । अभ्यासबाट रूपान्तरित भएर परमात्मामा प्रवेश पाउन योग्य हुनुपर्छ । रूपान्तरणका हजारौं विधिहरू हुन सक्छन् । संसारका सबै धर्मले रूपान्तरणका अलग-अलग विधिहरू बताएका छन् । यी अलग-अलग विधिहरूका कारण वैमनस्य पैदा भएको छ किनभने प्रत्येक विधिका आ-आफ्नै सर्त छन् जसलाई उसै गरी पूर्ण रूपमा मान्नुपर्ने हुन्छ । यति धेरै बाटाहरू छन् भन्ने हामीलाई लाग्यो भने एउटै बाटामा नहिँडेर दुई कदम एउटा बाटो र दुई कदम अर्को बाटामा हामी हिँड्ने छौँ र जीवनभर बाटो परिवर्तन गरिरहने छौँ। फलस्वरूप हामी कहिल्यै दिव्यधाममा पुग्न सक्दैनौँ ।

त्यसैले प्रत्येक धर्मले आफ्नो बाटो मात्र सही हो भन्छ किनभने यदि सबै बाटो ठिक हो भनियो भने दोधारमा परी व्यक्तिहरू झन् भड्कन्छन् । त्यसैले प्रत्येक धर्मले आग्रहपूर्वक आफ्नो विधि मात्र ठिक हो भन्छ र यो आग्रह हामीमाथि करुणाका कारण गरिएको हो । जो यो विधिको उपयोग गरेर दिव्यधाममा पुग्छ उसले अरू विधिको उपयोगबाट पनि त्यहीँ पुगिन्छ भन्ने जान्दछ । विधिको उपयोग अनिवार्य छ किनभने हामीले अहिलेसम्म जे गरेका छौँ त्यसलाई काट्न जरुरी छ । जो हामी निर्मित गर्छौं त्यसलाई हटाउन पनि जरुरी छ । हामीले रागका प्रतिमाहरू निर्माण गरेका छौँ, तिनलाई काट्न हामीले वैराग्यको तरवार उठाउनै पर्छ । श्रीकृष्ण भन्नुहुन्छ- रागलाई अभ्यासले तोड्नुपर्छ ।

*असंयतात्मना योगो दुष्प्राप इति मे मतिः ।*
*वश्यात्मना तु यतता शक्योऽवाप्तुमुपायतः ॥३६॥*

**श्रीकृष्ण भन्नुहुन्छ– जसको मन उच्छृङ्खल छ उसका लागि आत्मसाक्षात्कार अर्थात् योग प्राप्त गर्न अत्यन्त कठिन छ तर नियन्त्रित मन र अटुट प्रयत्न गर्नेले सफलता प्राप्त गर्न सक्छ भन्ने मेरो मत हो ॥**

मन आफ्नो वशमा नगर्ने पुरुष योगमा उपलब्ध हुन कठिन हुन्छ तर असम्भव भने हुँदैन । मन वशमा गर्नेहरूका लागि भने योगको उपलब्धि सरल र सहज हुन्छ । श्रीकृष्ण यही सत्य हो नभनेर यस्तो मेरो मत छ भन्नुहुन्छ । मनलाई वशमा नगर्ने व्यक्तिका लागि योगको उपलब्धि असम्भव हुन्छ भनेर कृष्णले नभनी अति कठिन छ मात्र भन्नुभएको छ । यसको अर्थ कुनै स्थितिमा मन वशमा नगरीकन पनि कुनै व्यक्तिलाई योगको उपलब्धि सम्भव हुन सक्छ । यस्ता व्यक्ति अत्यन्त अल्पसङ्ख्यामा हुन्छन् अर्थात् करोडौंमा कुनै व्यक्ति मनलाई वशमा नराखीकन पनि योगमा प्राप्त हुन्छन् । श्रीकृष्ण पनि यस्तै अत्यन्त दुर्लभमध्ये एक हुनुहुन्छ । कृष्णले यस्तो नभन्नु भएको भए अर्जुन जसले उहाँलाई कहिल्यै आसन विधिको प्रयोग गरेको, प्रभुस्मरण, योगसाधना र तपस्या गरेको देखेका छैनन्, केवल मधुर बाँसुरीवादक, गोपिनीहरूसँग नृत्य गर्ने र रासलीला रच्ने रचयिताका रूपमा मात्र चिनेका छन् उनका मनमा प्रश्न उठ्न सक्थ्यो । तर कृष्णले असम्भवको ठाउँ कठिन शब्दको प्रयोगद्वारा अर्जुनको मनमा यो प्रश्न उठ्ने मौका नै दिनुभएन । त्यस्तै तन्त्रसाधना एउटा यस्तो विधि हो, जसमा मनलाई वशमा राख्न पर्दैन । तन्त्रको प्रयोग जब अत्यन्त थोरै व्यक्तिहरू गर्दथे, त्यसबखत यो अत्यन्त प्रभावकारी थियो । यो जो असम्भव छैन भनेर कृष्णले अलिकति खाली ठाउँ छाड्नुभएको छ, यो तन्त्रका लागि हो ।

तन्त्रको कुरा उहाँले बताउनु भएन किनभने तन्त्रका बारेमा बताउनु खतरनाक सिद्ध हुन सक्छ । हामी सबै आफूलाई अपवाद मान्दछौं र मनलाई वशमा नगरी योग फलित हुने मार्गमा जान सक्छौं भन्ने ठान्दछौं । त्यसैले तन्त्रको व्यापक फैलावटसँगै कठिनाइ पनि उत्पन्न भयो । तन्त्रको पञ्चमकार प्रसिद्ध छ जसले यी पाँच 'म'को प्रयोग गर्छ उही योगमा प्राप्त हुन्छ । तन्त्रमा मदिराको त्याग होइन सेवन गर्नुपर्छ । मैथुनको त्याग गर्नुपर्दैन र मासुको भोजन गर्नुपर्छ । जो यसलाई भोग्न सक्छ उही योगमा उपलब्ध हुन्छ । यो मार्ग अत्यन्त अल्पवर्गका लागि उपयुक्त छ । यो अल्पवर्ग अत्यन्त कठिन मार्गबाट गुज्रिन्छ । हेर्दा सामान्य लाग्छ रक्सी पिउन पाइने, मासु-मैथुनमा कुनै प्रतिबन्ध नभएको तर तन्त्रको साधना अत्यन्त कठिन छ । तन्त्रले भन्छ रक्सी पिउनु तर बेहोस नहुनु, यही साधना हो। बेहोस भएमा साधना असफल हुन्छ । रक्सी पिएर होस कायम राख्नु अति कठिन साधना हो किनभने हामी त रक्सी नपिएर पनि होस कायम राख्दैनौं । तन्त्रको आफ्नो विधि छ जसमा वर्षौंको साधनापछि मात्र होस कायम हुन्छ । तन्त्र साधनाको प्रयोगका क्रममा यदि रक्सीले काम गरेन भने सर्पबाट आफ्नो जिब्रोमा टोकाउनुपर्थ्यो । साधनाको अन्तिम प्रयासमा सर्पको टोकाइबाट भए पनि होस कायम हुनुपर्थ्यो । तन्त्र ज्यादै साहसीको मार्ग हो जो अत्यन्त कठिन छ। उनीहरू भन्छन्- यदि हिलोमा कमल फुल्न सक्छ भने हामी रक्सीमा पनि होस कायम गर्न सक्छौं ।

तन्त्रले भन्छ- हामी ब्रह्मचर्यको साधना गर्दैनौं । हामी मैथुन (सहवास) को प्रयोग गर्छौं र यसमा प्रवेश गरेर वीर्य स्खलित हुन दिँदैनौं । यो अत्यन्त कठिन मार्गलाई तन्त्रले प्रयोग गरेको छ । तर यो मार्ग गुप्त थियो जो समूहमा गरिंदैनथ्यो । जब रक्सी पिएर नालीमा लड्ने व्यक्तिहरूले तन्त्रको प्रयोग सरल ठानेर गर्न थाले, तब उनीहरूको झन् पतन भयो । मैथुनमा नै परमात्माको उपलब्धि हुन्छ भनेर सरल र सहज मार्ग ठान्दै जब कामुकहरू यस मार्गमा लागे, तब उनीहरू झन् निम्नस्थितिमा भासिए । यो तन्त्र साधनाको जुन वर्ग छ, त्यो अत्यन्त कठिन व्यक्तिहरूको वर्ग हो जहाँ मैथुन भएर स्खलन हुनु हुँदैन । वास्तवमा मैथुनमा अघि बढ्ने नै स्खलनका लागि हो । तन्त्र यसलाई अतिक्रमण गर्छ किनभने कुनै व्यक्ति

कामक्रीडाका क्रममा स्खलनरहित अवस्थामा उपलब्ध हुन सके त्यो भन्दा ठुलो ब्रह्मचर्य केही हुन सक्दैन। यो अत्यन्त दुरुह र कठिन मार्गबारे श्रीकृष्णले केवल सङ्केत गरेर छोडिदिनुभयो । तन्त्र भन्छ मनरूपी रथमा लगाम नकसी यसलाई जहाँ दौडिन्छ त्यहीँ दौडिन देऊ । खाल्डाखुल्डी भएको खराब बाटाबाट समेत रथ गुज्रिँदा पनि कम्पनरहित रथमा बस्न सकेमा असली मालिकपन त्यही हो । यस्तो मालिकपन कायम गर्नसक्ने अत्यन्त अल्पसङ्ख्यक व्यक्तिहरू मात्र हुन्छन् । तन्त्रको बाटोमा मनलाई वशमा नगरीकन योगमा उपलब्ध हुन सम्भव छ ।

त्यसैले कृष्णले यसलाई असम्भव भन्नुभएन केवल कठिन मात्र भन्नुभयो किनभने यस्ता व्यक्ति अपवादका रूपमा मात्र हुन्छन् । श्रीकृष्ण अर्जुनलाई जुन नियमको कुरा बताउँदै हुनुहुन्छ त्यसलाई हृदयङ्गम गर्दा अर्जुनको अवस्था र स्थिति त्यस्तो मार्गमा जान सक्ने देखिँदैन । त्यसैले श्रीकृष्ण यो मार्ग दुष्प्राप्य र कठिन छ भन्नुहुन्छ । मनलाई वशमा गर्न सक्ने व्यक्तिका लागि यो मार्ग सरल पनि हुन सक्छ । दोस्रो कुरा श्रीकृष्णले जसले मनलाई वशमा राख्न सक्छ त्यसका लागि यो मार्ग सरल छ भन्नुभएको छ । मनलाई काबुमा राख्न सक्ने व्यक्ति सहजताका साथ योगमा उपलब्ध हुन सक्छन् ।

बुद्ध जङ्गलको बाटो हुँदै एउटा गाउँमा जान लाग्नुभएको थियो । अङ्गुलीमाल नामको कुख्यात डाँकु जसले ९९९ जनाको हत्या गरी उनीहरूका हातका औँला काटेर त्यसको माला लगाएको थियो र ऊ त्यो सङ्ख्या एक हजार पुऱ्याउने दाउमा थियो । ऊ त्यही जङ्गलमा रहेको हुँदा त्यो बाटो नजान गाउँका मानिसहरूले उहाँलाई आग्रह गरे । यस्तो चर्चा सुनेपछि बुद्धले त्यही बाटो नै जाने निधो गर्नुभयो । उहाँलाई देखेपछि अङ्गुलीमाल हतियारमा साँध लगाउन थाल्यो तर बुद्धको शान्त र निश्चल स्वभाव देखेर दया लागेकाले आफ्नो परिचय दिँदै उसले बुद्धलाई टाढैबाट भाग्न आग्रह गऱ्यो । तर बुद्ध झन् अघि बढ्नुभयो । उसले पुनः बुद्धलाई रोकिनका लागि आदेश दियो तर बुद्धले त आफू जागृत भएदेखि नै रोकिएको र केवल आफ्नो शरीर मात्र चल्ने बताउँदै उनलाई नै रोकिन भन्नुभयो । अङ्गुलीमालले म रोकिएकोलाई अड भन्ने तर आफू हिँडिरहदा पनि चलेको छैन भन्ने यस्तो मानिस पक्का पागल हुनसक्छ भनी ठान्यो । बुद्धले म त रोकिएकै छु तर तिम्रो मन चञ्चल हुनाले तिमी दोधारमा छौ त्यसैले तिमी शान्त भएर अड भन्नुभयो । अङ्गुलीमाल हतियार लिएर उहाँलाई मार्न तम्सियो । त्यसैबेला बुद्धले एउटा माग पूरा गरेर मात्र आफूलाई मार्न आग्रह गर्नुभयो। बुद्धले उसलाई रुखको २-४ वटा पात टिपेर दिन भन्नुभयो । उसले हतियारको प्रयोग गरी हाँगा नै काटेर दियो ।

बुद्धले आधा माग पूरा गरिदिएकोमा धन्यवाद दिँदै अब यस पातलाई पहिलाकै रुखमा जस्ताको त्यस्तै जोड भन्नुभयो । अङ्गुलीमालले बुद्धलाई भन्यो- तिमी पक्कै पागल रहेछौ अन्यथा झरेको या टिपेको पात पनि पुनः कसरी जोड्न सकिन्छ । बुद्धले तोड्न त सामान्य बालकले पनि सक्छ तर ठुलो मान्छे त्यही हो जसले उक्त पातलाई पुरानोमा जोड्न पनि सक्छ । यति गर्नसक्यौ भने तिमी केही हौ भनेर बुझ्ुँला, अन्यथा तिमी केही होइनौ । हजार घाँटी छिनाल्नु सामान्य कुरा हो तर जसले ती छिनालेका टाउका जोड्न सक्छ त्यही महान् हो । यति गर्न सक्यौ भने भने तिमीलाई मान्ने छु अन्यथा तिमी केही पनि होइनौ भन्नुभयो । बुद्धका वाणी सुनेर अङ्गुलीमालले तत्काल हतियार छोडेर उहाँको चरणमा शिर राख्यो । उहाँले अङ्गुलीमाललाई तिमी आजबाट सन्न्यासी भयौ भन्नुभयो । उहाँका अन्य भिक्षुहरू ईर्ष्याले भरिए र हजुरले यस्तो हत्यारालाई पनि सन्न्यासी बन्न सफल भयौ भनेर कसरी भन्नुभयो भनि प्रश्न गरे । बुद्धले भन्नुभयो- यो अङ्गुलीमाल एकदम थोरै व्यक्तिहरूमध्ये एक हो जसले फड्को मार्न सक्यो त्यसैले ऊ हत्या गर्दा गर्दै पनि मुक्त भयो । उसका लागि मनलाई वश गर्ने कुनै विधिको आवश्यकता छैन । विधि विना नै ऊ योगमा प्राप्त भयो । अङ्गुलीमाल जस्तै केही अल्प व्यक्तिहरू सोझै फड्को मार्ने सामर्थ्य राख्दछन् ।

श्रीकृष्णले यस्तै अत्यन्त अल्प व्यक्तिहरूका लागि दुष्प्राप्य भन्नुभएको हो । उहाँ भन्नुहुन्छ- मनलाई वश गर्न दुष्प्राप्य अर्थात् कठिन छ तर क्रमिक अभ्यासद्वारा यसलाई वश गर्न सकिन्छ । यदि मनका हजार घोडाहरू छन् भने एक एक घोडालाई लगाम लगाएर वशमा राख्न सकिन्छ र एक दिन समतामा प्राप्त हुन सकिन्छ । विपरीतका बिचमा समतामा पुग्न कठिन हुन्छ भने अनुकूलका बिच समता प्राप्त गर्न सजिलो हुन्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- मनलाई अनुकूल बनाएर समतामा पुग्न सरल छ र प्रतिकूल परिस्थितिमा समतामा पुग्न कठिन छ तर असम्भव भने छैन । श्रीकृष्ण नै असम्भव परिस्थितिमा उपलब्ध हुनुभएको उदाहरण हुनुहुन्छ नत्र उहाँ युद्धमा सहभागी हुनुहुन्थ्यो । युद्धमा सहभागी हुन तयार हुनुहुन्छ किनभने उहाँको चित्त त्यहाँ पनि उस्तै हुने छ ।

त्यसैले त श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- युद्धमा निस्फिक्री भएर लड र शत्रुलाई बेफिक्री भएर काट केवल काट्नेवाला हुँ भन्ने भाव मात्र त्याग किनभने कोही कसैलाई काट्न सक्दैन । यो त केवल भ्रान्ति मात्र हो । सबै आफ्नै कारणले मर्छन्, तिमी निमित्त भन्दा बढ्ता होइनौ । त्यसैले त मार्ने काट्ने चिन्ता छोड, यहाँ कोही मर्दैन शरीर मात्र मर्छ । भित्रको आत्मतत्त्व अजर-अमर छ यसलाई शस्त्रास्त्रले काट्न सकिन्न, आगोले जलाउन र पानीले डुबाउन पनि सक्दैन । यस्तो जानेको हुनाले कृष्ण यसरी भन्न सक्नुहुन्छ- जानेर करोडौं करोडमा एक व्यक्ति मात्र युद्धमा उभिन सक्छ अन्यथा तथाकथित अहिंसावादीहरू भएको भए त युद्धमा उत्रिन नै सक्ने थिएनन् । कृष्ण सरल विधिबाट जान्न उपयुक्त हुने बताउनुहुन्छ किनभने यो विधिबाट अधिकांश व्यक्तिहरूलाई पार पाउन अनुकूल र सहज हुन्छ । यस सन्दर्भमा श्रीकृष्ण यो 'मेरो अभिमत' हो भन्नुहुन्छ । उहाँले यो सत्य हो नभनेर यो मेरो अभिमत हो भन्नुभएको छ ।

सत्य कसैले जाने वा नजानेमा, कसैले माने वा नमानेमा र भने वा नभनेमा पनि सत्य त्यही हुन्छ । मतको अर्थ सत्यको सम्बन्धमा आफ्नो विचार हो । विचारमा अभिव्यक्तिको दोष पनि हुन सक्छ र तल माथि पनि हुन सक्छ । शब्द भन्नेबित्तिकै अर्काको हातमा जान्छ र त्यसको व्याख्या सुन्ने व्यक्तिले मात्र गर्छ । त्यसैले श्रीकृष्ण यो मेरो अभिमत हो भन्नुहुन्छ । सत्यलाई शब्द दियो भने त्यो मत हुन्छ सत्य रहँदैन । सत्य त जब निःशब्द हुन्छ, तब मात्र सत्य रहन्छ । सत्य प्रकट गरेमा त्यो मत हुन्छ, त्यसैले सबै शास्त्र मत हुन् । कुनै पनि शास्त्र सत्यको शास्त्र हुन सक्दैन । सत्यका सम्बन्धमा हजार मत हुन सक्छन् । प्रत्येक शास्त्रले सत्यको दाबी गर्छ तर दुई सत्य मान्दा कलह उत्पन्न हुन्छ । अर्जुनलाई कृष्णले भन्नुभएको यो मत हो । श्रीकृष्ण जस्ता व्यक्तिले यो मेरो मत हो भन्नु अद्भुत कुरा हो । उहाँजस्ता व्यक्तिले मात्र सहजै यो सत्य हो भन्न सक्छन् किनभने उहाँ नै सत्य हो । मत हो भन्नुको तात्पर्य सत्य अर्जुन स्वयम्ले खोजून् भनेर यसो भनिएको हो । श्रीकृष्ण यी भनाइमार्फत अर्जुनलाई सत्य पाउनु छ भने तिमीले नै अभ्यास, चेष्टा र साधना गरेर त्यसलाई प्राप्त गर्न सक्ने छौ भन्ने सूचना दिइरहनु भएको छ ।

*अर्जुन उवाच*

*अयतिः श्रद्धयोपेतो योगाच्चलितमानसः ।*
*अप्राप्य योगसंसिद्धिं कां गतिं कृष्ण गच्छति ॥३७॥*

**अर्जुनले भने- हे श्रीकृष्ण ! श्रद्धापूर्वक आत्मसाक्षात्कारको विधिमा लागेको व्यक्ति जब विचलित मनका कारण योगसिद्धि गर्नबाट वञ्चित हुन्छ त्यस्ता असफल व्यक्तिहरूलाई कस्तो गति प्राप्त हुन्छ ?**

*कच्चिन्नोभयविभ्रष्टश्छिन्नाभ्रमिव नश्यति ।*
*अप्रतिष्ठो महाबाहो विमूढो ब्रह्मणः पथि ॥३८॥*

**हे श्रीकृष्ण ! कतै ब्रह्मप्राप्तिको बाटोबाट च्युत भएको साधक सांसारिक भौतिक सम्पदाका मार्गबाट समेत च्युत हुन पुग्यो भने छिन्नभिन्न भएको बादलजस्तै दुवै सफलताबाट नाश हुने त होइन ?**

*एतन्मे संशयं कृष्ण छेत्तुमर्हस्यशेषतः ।*
*त्वदन्यः संशयस्यास्य छेत्ता न ह्युपपद्यते ॥३९॥*

**हे श्रीकृष्ण ! मेरा यी आशङ्काहरू छन् । यसलाई जरैदेखि काट्न वा नाश गर्न हजुरबाहेक अरू कोही समर्थ छैन । तसर्थ मेरा यी सन्देहहरू हटाइदिनुहोस् किनभने हजुर यी संशय हटाउन योग्य हुनुहुन्छ ॥**

श्रीकृष्णको कुरा सुनेर जुन संशय उठ्नुपर्ने थियो अर्जुनमा त्यही उठेको छ । अर्जुन अघिबाट नै बताउन सकिने स्वभावका व्यक्ति छन् । उनको मनमा कस्तो प्रश्न उठ्दै छ भन्ने कुरा भविष्यवाणी गर्न सकिन्छ । हामी सबैको मनमा जस्तो कुरा उठ्छ त्यही उनको मनमा पनि उठिरहेको छ । अर्जुनको मनमा संशय उठेको छ । जसको चित्त योगबाट चलायमान भएको छ, जसमा प्रभु पाउने चाहना र प्रयासको कुनै कमी छैन तर पनि उसको मन स्थिर छैन भने यस्ता मानिसको गति के हुन्छ भन्ने उनी जान्न चाहन्छन् ।

यस प्रकारको डर स्वाभाविक नै हो । त्यसैले त अर्जुन जान्न चाहन्छन्- मन स्थिर नहुँदा कतै यहाँ संसार पनि छुट्ने र उता परमात्मालाई नपाइने स्थिति भयो भने के हुन्छ । कहीँ राम र काम दुवै छुट्ने पो हो कि भनेर उनी चिन्तित छन् । उनमा यस्तो प्रश्न उठ्नु स्वाभाविक नै हो । सांसारिक भोग पनि छुट्ने र परमात्मा पनि प्राप्त गर्न नसकिने भयो भने म यताको न उताको हुने त होइन भनी उनी आशङ्का व्यक्त गर्दछन् । अहिले संसारमा नै भए पनि मसँग पत्नी, पुत्र, परिवार, साम्राज्य छ भोलीले के हुने हो निश्चित छैन । तसर्थ हे महाबाहु ! यहाँ संसार पनि छुट्ने र परमात्मा पनि नपाइने भएमा घरको न घाटको हुने स्थिति आउने त होइन भनी अर्जुन चिन्तित छन् । हे श्रीकृष्ण ! हजुरको कुरा सुनेर त्यो ब्रह्म र आनन्द प्राप्त गर्ने इच्छा त जागेको छ तर संसार छुटेर ब्रह्म पनि प्राप्त भएन भने के गर्ने भनेर उनी जान्न चाहन्छन् । धार्मिक यात्रामा निस्किने यात्रीमा यो प्रश्न उठ्नु स्वाभाविक हो । त्यसैले अर्जुन कृष्णलाई भन्दछन्- मेरो संशय पूर्ण रूपमा निवारण गरिदिनुहोस् । मलाई निश्चिन्त गराई मेरो आशङ्का हटाइदिनुहोस् । के मैले यो संसाररूपी किनारा छोडे पनि अर्को किनारा पाउँछु, हजुरबाहेक मेरो आशङ्का हटाइदिने अरू कोही छैन । आशङ्कारहित व्यक्तिले मात्र आशङ्का पूर्ण रूपमा हटाउन सक्छ । आफूभित्र पूर्ण भरोसा भएको र सन्देह नभएको व्यक्ति श्रीकृष्णबाहेक अर्को कुनै हुनै सक्दैन । हजारौँ वर्षमा कृष्णजस्ता व्यक्ति पाइन्छन् । कृष्णजस्तो सन्देहरहित र प्रश्नविहीन व्यक्तिले नै यस्ता आशङ्काको समाधान गर्न सक्छन् ।

सांसारिक मन कुनै चिज पाउने भरोसा भए मात्र अन्य चिज छोड्न सक्छ । सहज रूपमा नभएर त्यसको बदलामा कुनै कुरा पाउने आश्वासन भएमा मात्र त्यो कुरा छोड्न सक्छ । व्यक्ति त्यागको रूपमा लगानी गर्न तयार हुन्छ । त्यसैले सांसारिक मनले त्याग गर्न होइन मोलमोलाइ मात्र गर्न जान्दछ । यस्तो मनले पाउने निश्चित भएपछि मात्र छोड्छ । यथार्थमा पाउनका लागि नै छोड्ने हो भने त्यो छोड्नु नै होइन । जसले केही पाउने आशा नराखी छोड्छ त्यसले धेरै पाउँछ र जो पाउने आशा राखेर त्याग गर्छ त्यो त्याग नै हुँदैन र त्यसले केही पनि पाउँदैन । जसलाई पाउनु छ उसले पाउने कुरा नै छोड्नुपर्छ । अर्जुन कृष्णसँग भरोसा माग्छन् । कृष्णले भरोसा दिनुभयो भने पनि उनको मनले सन्देह गर्न छोड्दैन । मानिस एउटा सन्देहको समाधान पाएपछि अर्को सन्देह उठाउँछ।

श्रीकृष्ण अर्जुनको आशङ्कालाई निःसर्त गर्न खोज्दै हुनुहुन्छ । एक एक गरेर उहाँ अर्जुनको संशय मेटाउन चाहनुहुन्छ । सन्देहको कुनै अन्त्य हुँदैन भन्ने कुरा अर्जुनले बुझे भने आशङ्का हट्न सक्छ अन्यथा एउटा सन्देह समाप्त हुनासाथ पुनः अर्को सन्देह उब्जने छ । सन्देह वा आश्वासनको खोज व्यर्थ हो भन्ने ज्ञान भए मात्र सन्देहले सताउँदैन । अर्जुनको तृष्णा मानवीय छ । सपना देख्ने व्यक्तिले अझ राम्रो सपना देखेपछि मात्र म सपना त्याग्छु भनेर सोचे जस्तो अर्जुन पनि त्यसलाई पाउने निश्चिन्तता भएमा मात्र यसलाई त्याग गर्न चाहन्छन् ।

*श्रीभगवानुवाच*
*पार्थ नैवेह नामुत्र विनाशस्तस्य विद्यते ।*
*न हि कल्याणकृत्कश्चिद्दुर्गतिं तात गच्छति ॥४०॥*

**भगवान्ले भन्नुभयो- हे पार्थ ! कल्याणकारी कर्ममा लागेका साधकको न यस लोकमा न परलोकमा नै नाश हुन्छ । भगवत् चिन्तनमा लागेका वा आत्मोद्धारका लागि कर्म गर्ने मानिस दुर्गतिमा प्राप्त हुँदैन ॥**

अर्जुन आफ्नो चिन्ता प्रकट गर्छन्- हे श्रीकृष्ण ! हजुरले इसारा गर्नु भएतर्फ संयम साध्न नसकेर, मन अस्थिर भएमा एकातिर संसार पनि छुट्ने छ र अर्कोतर्फ परमात्मा पनि प्राप्त भएन भने म दुवै किनाराबाट वञ्चित हुने त होइन ? श्रीकृष्ण अर्जुनको प्रश्नको उत्तरमा भन्नुहुन्छ- शुभ कर्म गर्ने व्यक्ति कहिल्यै पनि दुर्गतिमा पर्दैन । प्रभुतर्फ उन्मुख भएको चैतन्य यसलोक र परलोक दुवैमा नाश हुँदैन किनभने चैतन्य तत्त्व कहिल्यै नष्ट हुँदैन केवल संयोगको मात्र नाश हुन्छ । जुन चिज कुनै कुराको जोडबाट निर्मित हुन्छ, त्यसको विनाश हुन्छ तर विना जोडको चिज नष्ट हुँदैन । हामी जोड बनाउन र तोड्न सक्छौँ । तत्त्वको निर्माण हुँदैन केवल संयोगको मात्र निर्माण हुन्छ । जो बन्छ, त्यो नष्ट हुन्छ र जसको प्रारम्भ छ त्यसको अन्त्य पनि हुन्छ । तत्त्वलाई हामी बनाउन सक्दैनौँ । त्यसैले हिन्दूहरूले तत्त्वको परिभाषा नष्ट गर्न र सिर्जना गर्न सकिँदैन भन्ने मानेका छन् ।

जगत्मा दुई तत्त्व जड र चैतन्य छन् । सर्वत्र फैलिएको पदार्थ जड र जसले यस जड पदार्थलाई अनुभवबाट जान्दछ त्यो तत्त्व चैतन्य हो । यी दुवै तत्त्वको न विनाश हुन्छ न निर्माण नै हुन्छ । शरीर चेतना र पदार्थबाट उत्पन्न हुने हुँदा यो एक दिन जन्मिन्छ र विसर्जित हुन्छ । शरीर पदार्थको रूपमा र आत्मा चैतन्यको रूपमा मौजुद हुन्छ; मृत्युमा केवल यी दुईको बिचको सम्बन्ध मात्र समाप्त हुन्छ । त्यो सम्बन्ध नै नाम र रूप हो । श्रीकृष्ण भन्नुहुन्छ- चेतनाको विनाश हुँदैन किनभने चेतना अविनाशी हुन्छ । कुनै व्यक्ति बेहोस हुँदा उसको चेतना विनाश हुँदैन शरीरसँग मात्र होस हुँदैन तर आत्मा पूर्ण चेतनायुक्त हुन्छ । मानिस बेहोस हुँदा चेतना र शरीरको सम्बन्ध शिथिल भएर चेतनाको प्रवाह मात्र बन्द हुन्छ । भित्रको ऊर्जा शरीरसम्म आउने बाटो मन हो र व्यक्ति बेहोस हुँदा विद्युत्को स्विच बन्द भएजस्तै मन बन्द हुन्छ । बिचको सेतु टुट्छ तर भित्रको चेतना जस्ताको त्यस्तै रहन्छ । शरीर जड भएकोले यो त्यति नै अचेतन हुन्छ जस्तो थियो । आत्माबाट यो चेतना शरीरसम्म जुन प्रतिविम्बित हुन्थ्यो, त्यो मात्र हुँदैन । पापीले जति धेरै पापकर्म वा नराम्रो कर्म गरे वा संसारसँग अझ ससक्त सम्बन्ध बनाए पनि चेतना विनाश हुँदैन । चेतना केवल दुखद सन्तापले घेरिन्छ र नर्कमा कष्ट र पीडाका साथ बाँच्छ तर पनि चेतना नष्ट हुँदैन ।

हामी वालुवाको सानो कण पनि नष्ट गर्न सक्दैनौँ । वैज्ञानिकहरूले परमाणु ऊर्जाको खोज गरी चन्द्र धरातलमा पाइला टेकिसकेका छन् । पाँच माइल गहिरो प्रशान्त महासागरमा डुबुल्की लिन सक्ने भएका छन् र अन्य धेरै आश्चर्यजनक काम विज्ञानवाट भएका छन् तर वालुवाको सानो कण पनि विज्ञानले बनाउन सक्दैन किनभने पदार्थ न त नष्ट हुन्छ, न त सिर्जना नै हुन्छ । अणुलाई फुटाएर परमाणु बनाए जस्तै मानिसको जीवकोषलाई पनि तोडेर मनुष्यलाई प्रयोगशालामा जन्म दिन सक्ने प्रयोग गर्न पनि वैज्ञानिकहरू सफल भएका छन् । टेस्टट्युब बेबी अर्थात् बच्चालाई परस्व नलीमा जन्माउने व्यवस्था पनि गरिसकेका छन् तर आत्मा पैदा गर्न असम्भव छ । वैज्ञानिकहरूले प्रयोगशालामा निर्माण गरेको बच्चामा पनि आमाको गर्भमा प्रवेश गरेजस्तै त्यसमा पनि आत्मा प्रवेश गर्छ । आत्मा अप्रकट चेतना भएकोले प्रकट हुने माध्यम पाउने बित्तिकै ऊ प्रकट हुन्छ ।

श्रीकृष्णले "नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः" अर्थात् आत्मालाई हात-हतियारले काट्न र अग्निले जलाउन पनि सकिन्न भन्नुभएको छ । शरीर निर्माण भएपछि आत्मा त्यसमा प्रवेश गर्छ र त्यो

आत्मा अजन्मा, अमृतरूपी र अविनाशी हुन्छ । श्रीकृष्ण अर्को कुरा भन्नुहुन्छ- जसले शुभकर्म गरेको छ, त्यो शुभकर्म गर्नु नै पर्याप्त छ । यस्तो शुभकर्म गर्ने व्यक्तिको कहिल्यै दुर्गति हुँदैन । शुभकर्म सफल भयो भने त कुरै नगरौं, असफल भयो भने पनि उसको कहिल्यै दुर्गति हुने छैन । अशुभ कर्म गर्ने क्रममा सफल हुन सकेन अथवा अशुभ विचार मात्र उठ्यो भने पनि ऊ दुर्गतिमा पर्ने निश्चित छ । कसैको हत्या गर्न चाह्यो तर सकेन भने पनि ऊ पापको भागिदार बन्छ किनभने अन्ततः हाम्रो विचार नै जीवनको फल बन्छ । तसर्थ दुर्गतिबाट बच्न सही विचार नै पर्याप्त हुन्छ । बुद्धले धम्मपदमा भन्नुभएको छ- तिमी जे छौ, त्यो तिम्रो विचारको फल हो । यदि दुखी छौ भने आफ्नो विचारलाई खोज र त्यो बीज (मूलस्रोत) पाउने छौ जसका कारण दुख भएको छ । हामी आफ्नो नर्कको निर्माण ज्यादै मिहिनेत साथ गर्छौं ।

बुद्धसँग एउटा दुष्प्रवृत्तिमा लागेका राजकुमारले दीक्षा लिए जसको ज्यादै चर्चा भयो- यस्तो खराब व्यक्तिले कत्रो सौभाग्य प्राप्त गर्‍यो भनेर भिक्षुहरू छक्क परे । बुद्ध र महावीरले पूर्वजन्मका सबै कुरा जान्न सक्ने विज्ञानको विकास गर्नुभएको थियो । उहाँले त्यस राजकुमारको पूर्वजन्मको वृत्तान्त सुनाउनुभयो । पूर्वजन्ममा घटेको एक घटनाले उसको सन्न्यासको वातावरण निर्माण भएको हो । अघिल्लो जन्ममा सो व्यक्ति जङ्गलमा हात्तीहरूको राजा थियो । उक्त जङ्गलमा आगलागी भयो । सबै पशुपन्छी त्रसित भएर आगलागीबाट बच्नका लागि भागे । एउटा विशाल रुखको छायाँमा त्यो हात्ती केही क्षण विश्राम गरी हिँड्न लागेका बेला आफ्नो खुट्टामुनि एउटा खरायो बसेको पायो । हिँड्दा खरायो कच्याककुचुक हुने भएकाले हात्तीमा करुणा जाग्यो र कतै नचलीकन त्यहीँ बस्यो र अन्ततः आगोमा जलेर मर्‍यो । त्यस जीवनमा उसले त्यही एउटा पुण्य गरेको थियो । त्यसैको फल आज यो राजकुमारको रूपमा जन्मेर सन्न्यासको दीक्षासमेतको सौभाग्य प्राप्त गर्‍यो । पूर्वजन्मको शुभकर्मको फलले नै आज ऊ सन्न्यासी हुन सक्यो । शुभकर्मको विचार मात्र पर्याप्त हुन्छ सफल भयो भने त भन्नै परेन, असफल भए पनि दुर्गतिबाट बच्न सफल हुन्छ । तसर्थ श्रीकृष्ण भन्नुहुन्छ- हे पार्थ ! कल्याणकारी कर्ममा लागेका साधकको न यस लोकमा न परलोकमा नै नाश हुन्छ । आत्मोद्धारका लागि कर्म गर्ने व्यक्ति दुर्गतिमा प्राप्त हुँदैन ।

*प्राप्य पुण्यकृतां लोकानुषित्वा शाश्वतीः समाः ।*
*शुचीनां श्रीमतां गेहे योगभ्रष्टोऽभिजायते ॥४१॥*

**आत्मसाक्षात्कारको बाटोमा लागेर सिद्धि प्राप्त गर्न नसकेकाहरू स्वर्गादि लोकमा धेरै वर्षसम्म पुण्यकर्मको आनन्द भोगेर उत्तम आचरणयुक्त परिवारमा वा सम्पन्न कुलमा जन्म लिन्छ ॥**

*अथवा योगिनामेव कुले भवति धीमताम् ।*
*एतद्धि दुर्लभतरं लोके जन्म यदीदृशम् ॥४२॥*

**आत्मसाक्षात्कारको मार्गमा लाग्दा लाग्दै असफल भएको वैराग्यवान् पुरुष स्वर्गादि लोकको भोग र सदाचारी कुल वा परिवारमा नजन्मेर सिधै बुद्धिमान् योगीको कुलमा जन्म लिन्छ र ऊ परम बुद्धिमान् हुन्छ । निश्चय नै यसप्रकारको जन्म अत्यन्त दुर्लभ छ ॥**

योगभ्रष्ट व्यक्तिहरूका बारेमा अर्जुन प्रश्न सोध्दै छन्- म सांसारिक भोग छाडिदिन्छु तर योगमा पनि सफल हुन सकिनँ भने कतै म यी दुवै बाटाबाट पतन हुने त होइन भनेर उनी जान्न चाहन्छन् । योगभ्रष्ट व्यक्तिका बारेमा श्रीकृष्ण भन्नुहुन्छ- चैतन्य प्राप्तिको मार्गमा गएर योगसिद्ध गर्न सकेन र योगभ्रष्ट भएर बिचमा नै अड्कियो भने पनि अपरिमित सुख पाउँछ र बिचमा नअड्किई योगमा पूर्णता प्राप्त गर्‍यो भने त मुक्त भइहाल्छ । अपरिमित सुखको जगत्को नाम स्वर्ग हो । योगभ्रष्ट व्यक्तिले पनि अत्यधिक सुख प्राप्त गर्ने छ तर जतिसुकै सुख प्राप्त गरे पनि त्यो सुख एकदिन सकिन्छ अर्थात् जतिसुकै ठूलो र लामो सुख पनि क्षणमा नै समाप्त भएको भान हुन्छ । यस्तो चेतनाले धेरै सुख भोग्छ र सुख

सिद्धिएपछि पुनः फिर्ता भएर पहिलाको स्थितिमा आउँछ । अर्को सम्भावना- योगभ्रष्ट पुरुषको चेतनाले त्यस्तो घरमा जन्म लिन्छ जहाँ ज्ञान तथा योगको वातावरण छ । जहाँ उर्ध्वगमनको यात्राका लागि सचेत व्यक्तिहरू छन् त्यस्तो कुल एवम् परिवारमा उसले जन्म लिन सक्छ । अघिल्लो जन्ममा जहाँबाट योग छुटेको छ त्यहीँबाट पछिल्लो जन्ममा त्यसको पुल (सेतु) जोडिन्छ ।

श्रीकृष्णले योगभ्रष्ट व्यक्तिका दुई विकल्पका बारेमा बताउनु भएको छ । एउटा सुखै सुखले युक्त स्थान स्वर्गमा जन्मिन सक्छ जहाँ कुनै दुख हुँदैन । शुभ गर्न चाहेको थियो तर गर्न सफल भएन भने पनि स्वर्ग त उसका लागि निश्चित छ । तर सुखको भोग गरिसकेपछि त्यही अवस्थामा फेरि संसारमा फर्कनुपर्छ । संसारबाट जबसम्म मोक्षको यात्रा पूरा हुँदैन, तबसम्म संसारमा फिर्ता भइरहनुपर्छ । अर्को विकल्प उनीहरूको जन्म यस्तो परिवारमा हुन्छ जहाँ उनीहरू योगको यात्रा सुरु गर्न सकून् । त्यसैले श्रीकृष्ण अर्जुनलाई आश्वासन र भरोसा दिनुहुन्छ- तिमी विचलित र भयभीत नहोऊ । यदि मोक्ष पाउन सकेनौ भने पनि स्वर्ग त अवश्य प्राप्त हुन्छ वा त्यस कुलमा जन्म हुनेछ जहाँ तिमीले अघिल्लो जन्ममा छोडेको यात्रा पुनः सुरु गर्न सक्नेछौँ । कृष्ण जस्ता मार्गदर्शक भेट्टाउनु अर्जुनको अहोभाग्य हो । उहाँ अर्जुनको अवस्थालाई दृष्टिगत गरी उनलाई सहायता प्रदान गर्नुहुन्छ । कृष्ण अर्जुनलाई एक-एक कदम पछ्याउँदै हुनुहुन्छ । अर्जुनका निमित्त फकाउँदै अघि बढाउने जति प्रयास उहाँले गर्नुभएको छ त्यति कसैले गरेका छैनन् र गर्न पनि सक्दैनन् । श्रीकृष्ण अर्जुनका कतिपय अनावश्यक तर्क र कुरालाई पनि ध्यानपूर्वक सुनेर प्रेमले फकाउनुहुन्छ र एक एक इन्च माथि ल्याउनुहुन्छ । प्रभु त प्रत्येकलाई मोक्षमा पुऱ्याउन चाहन्छन् तर हामी किनारालाई यति जोडले समात्छौं कि हामी नै यात्रामा अगि बढ्न चाहँदैनौं ।

*तत्र तं बुद्धिसंयोगं लभते पौर्वदेहिकम् ।*
*यतते च ततो भूयः संसिद्धौ कुरुनन्दन ॥४३॥*

**हे कुरुनन्दन ! यस्तो जन्म पाएपछि पूर्वजन्मको बुद्धिसंयोग अर्थात् समबुद्धि योगको संस्कार र चेतना पुनः अनायास नै प्राप्त हुन्छ । त्यसको प्रभावले आत्मसाक्षात्कारको पूर्णता वा सिद्धिका लागि यस जन्ममा पहिलाभन्दा पनि अझ अघि बढेर प्रयत्न गर्दछ ॥**

जीवनमा कसैले पनि केही गुमाउँदैन । जीवन हामीले गरेका समताको जोड हो । हामीबाट गरिएका कर्म, विचार हाम्रो प्राणको हिस्सा बन्दछ । हामी जब केही सोच्छौँ वा गर्छौं, तब नै हामी रूपान्तरित हुन्छौं । त्यो रूपान्तरण हामीसँगै हिँड्छ । हामी आज जे छौं त्यो हाम्रो अतीतको विचार र कर्मको श्रृङ्खला हो । हामीसँग अनन्त जन्ममा गरेका कुराहरू सङ्ग्रहित छन् । श्रीकृष्ण भन्नुहुन्छ- यस जन्ममा यदि कसैले योगसाधना गरिरहँदा सिद्धि प्राप्त नभएको अवस्था छ भने पछिल्लो जन्ममा अनायास नै पूर्व जन्मदेखिको साधनाको बल र शक्ति अप्रत्याशित ढङ्गले उसमा देखापर्दछ । कुनै व्यक्ति अघिल्लो जन्ममा सिद्धि प्राप्त गर्दा उनान्सय डिग्री सफलता हासिल गर्दा गर्दै मृत्यु भएको छ भने यस जन्ममा पूर्वजन्मको बाँकी सामान्य एक डिग्री काम वा सफलता प्राप्त गर्ने बित्तिकै उसलाई सिद्धि प्राप्त हुन्छ । यस जन्ममा सानो घटना वा प्रयास गर्नासाथ तिनीहरूलाई अप्रत्याशित रूपले परमज्ञान प्राप्त हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- अघिल्लो जन्मको यात्रा अलिकति अधुरो छ भने त्यो अधुरो समयका लागि जति समयसम्म प्रतीक्षा गर्नुपर्ने थियो त्यति मात्र समयमा यस जन्ममा कुनै पनि दिन अप्रत्याशित रूपमा बीज फुटेर द्वार खुल्ने छ । कैयौं जन्ममा हामी इन्च भरले मात्र चुक्छौं र त्यसको भरपाई गर्न अर्को जन्मको यात्रा गर्नुपर्ने हुन्छ ।

अमेरिकाको कोलोराडोमा पहिलोपटक सुनको खानी भेटियो । आज पनि सबैभन्दा बढी सुनको खानी कोलोराडोमा नै छ । त्यतिखेर खेतमा खन्दा खन्दै किसानहरूले सुन प्राप्त गर्न थाले । पहाडमा व्यक्ति चढ्थे र सुन पाउँथे । त्यहाँ जमिन किनेर मानिसहरू अरबपति भए । एक व्यक्तिले त्यहाँ खर्बपति

बन्ने आशामा एउटा पूरै पहाड किने तर आश्चर्य के भयो भने ठुला ठुला यान्त्रिक उपकरणको प्रयोग गरे पनि उनले सुन पाएनन् । उनले तीन करोड डलर उक्त पहाड किन्न र खन्नमा खर्च गरेका थिए । उनी टाट पल्टिए तर सुन भेटिएन । उनीसँग पहाडबाट मेसिन तल झार्न पनि पैसा भएन । उनले पूरै पहाड र यान्त्रिक उपकरणहरू बिक्रीका लागि विज्ञापन गरे । एक जना व्यक्ति त्यो पहाड र उपकरण तीन करोडमा किन्न तयार भए । उनका परिवार र अन्य हितैषीहरूले उनलाई तिमीले किन्यौ भने पहिलाको मानिस जस्तै हरिकङ्गाल हुने छौ भने । उनले पहिलेको व्यक्तिले खनेको भन्दा तल सुन हुन सक्छ भन्ने सोचेर उक्त पहाड किन्ने अठोट गरे । आश्चर्य ! उनले किनिसकेपछि एक फिट गहिरो खन्दा नै त्यो पहाडमा सुन भेटियो । अहिले पनि त्यो पहाड कोलोराडोको सबैभन्दा ठुलो सुनखानीको रूपमा परिचित छ ।

कहिलेकाहीँ एक वा आधा इन्चले पनि व्यक्ति चुक्छ । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! तिमी जतिसुकै चुक्यौ भने पनि भय नमान किनभने शुभकर्म निष्फल हुँदैन । अघिल्लो जन्ममा तिमीले जति गरेका छौ त्यसभन्दा अधिक नै तिमीले पाउने छौ । केवल समयको व्यवधान मात्र हुने छ र अप्रत्याशित रूपमा घटना घट्ने छ । तर तिमीले गरेको कर्मको फल निष्फल जाने छैन । योगको दिशामा गरिएका कुनै पनि प्रयत्न कहिल्यै चुक्दैनन् । प्रभुको दिशामा उठाइएको कुनै पनि कर्म निष्फल हुँदैन । यस दिशामा उठाइएका विचार पनि व्यर्थ जाँदैनन् । श्रीकृष्ण भन्नुहुन्छ- तिमी भयभीत नभई कर्म गर । यस जन्ममा सफलता मिलेन भने पनि अर्को जन्ममा तिमीलाई अप्रत्याशित रूपमा सफलता मिल्ने छ । कृष्णले अर्जुनमा पहिलोपटक उत्सुकता पाउनुभएको छ किनभने अर्जुन सोध्दै छन्- कहीँ म न यताको न उताको हुने त होइन ? कहीं म न सांसारिक भोगको र न परमात्मा प्राप्तिको अवस्थामा पुग्ने त होइन ? यस प्रश्नको अर्थ अर्जुनको मनमा अर्कोतर्फ जाने भित्री पुकारको पदार्पण भएको छ तर उनमा केवल भय मात्र छ । अर्जुन चिन्तित हुनु शुभ लक्षण हो र श्रीकृष्णले जब उनको द्वार खुलेको पाउनुभयो तब आश्वासन दिनुभयो- तिम्रो यात्रा यदि पूरा भएन भने पनि तिमीले गरेका शुभकर्मको शुभफल अर्को जन्ममा अप्रत्याशित रूपमा प्राप्त हुने छ; तसर्थ भयभीत नहोऊ ।

तिब्बतमा एउटा पुरानो भनाइ छ- तिमी गुरुलाई नखोज, शिष्य तयार भएपछि गुरु आफैं उपस्थित हुन्छन् (Do not seek master, when disciple is ready master appears) । छ हजार वर्ष पुरानो पुस्तकमा यो कुरा उल्लेख भएको छ । हाम्रो योग्यताको आधार हेरेर सदा परमात्माले साधन जुटाइदिन्छन् । सबै सम्पत्ति यसै जन्ममा छुट्छ तर गहिराइमा गरेको शुभ या अशुभ कर्मसम्पत्ति अर्को जन्ममा पनि आफूसँगै यात्रा गर्छ ।

*पूर्वाभ्यासेन तेनैव ह्रियते ह्यवशोऽपि सः ।*
*जिज्ञासुरपि योगस्य शब्दब्रह्मातिवर्तते ॥४४॥*

**पूर्वजन्मको अभ्यास, दैवी संस्कार एवम् दैवी चेतनाले युक्त त्यो साधक नचाहेर पनि स्वतः समता वा बुद्धियोगतर्फ आकर्षित हुन्छ । ऊ वेदमा वर्णित सकाम कर्म एवम् अनुष्ठानलाई अतिक्रमण गर्छ ॥**

श्रीकृष्ण अन्य दुई कुराहरू भन्नुहुन्छ- अघिल्लो जन्ममा कसैले अलिकति प्रभुको दिशातर्फ यात्रा गरेको छ र अलिकति पनि योगको सञ्चय गरेको छ भने त्यो उसको सम्पदा बन्छ र अर्को जन्ममा विषय र वासनामा लिप्त भएमा पनि प्रभु कृपाको पात्र हुन्छ जसबाट उसको रूपान्तरणको सम्भावना सदा बनी नै रहन्छ । प्रभु कृपा अनेकन रूपमा उसमाथि बर्सिरहन्छ । श्रीकृष्ण अर्को कुरा पनि भन्नुहुन्छ- योगको सिद्ध, साधक वा मुमुक्षु होइन केवल जिज्ञासु मात्र भए पुग्छ । ऊ पनि वेदमा बताएको सकाम कर्मको उल्लङ्घन गर्दै पार हुन्छ; अर्थात् त्यसभन्दा राम्रो फल प्राप्त गर्छ । वेदमा यज्ञ गर्दा यो यो फल प्राप्त हुन्छ भनी उल्लेख गरिएको छ । अमुक चिज दान गर्दा स्वर्ग प्राप्त हुन्छ । त्यसैले अमुक देवताको यसरी पूजा गरेमा नैवेद्य चढाएमा अमुक फल प्राप्ति हुन्छ भनिएको छ । वेदले धेरै विधिका बारेमा बताएको छ जसले

मनुष्यलाई सुखको दिशामा लैजान्छ । वेद अर्जुन जस्तो स्पष्ट जिज्ञासुलाई दिएको वचन मात्र होइन, वेद विश्वकोष (Encyclopidea) हो। पृथ्वीमा भएका सम्पूर्ण मानिसका लागि आवश्यक सूत्र वेदमा उपलब्ध छन् । गीता एउटा विशिष्ट व्यक्तिद्वारा विशेष पात्रलाई दिइएको विशेष शिक्षा हो तर वेद अनेकौं व्यक्तिहरूद्वारा अनेकौं व्यक्तिहरूका लागि दिइएको शिक्षा हो । वेदमा छुद्रदेखि महान् व्यक्तिका लागि वचनहरू छन् । वेदमा छुद्र व्यक्तिले "हे इन्द्र ! मेरा छिमेकी शत्रुका गाईको दुध सुकाइदेऊ" भनेर प्रार्थना गर्ने विधिसम्म पनि छ। संसारका कुनै पनि धर्मग्रन्थले यस्ता कुरालाई संलग्न गर्ने हिम्मत गर्दैनन् तर वेदमा सबै सम्मिलित (Inclusive) छ किनभने परमात्मामा पनि सम्पूर्ण कुरा सम्मिलित छ ।

श्रीकृष्ण भन्नुहुन्छ- वेदमा कुनै सकाम कामनासहित गरिएको पूजा, पाठ, हवन विधि, कर्मकाण्ड गरेर पनि व्यक्ति जहाँ पुग्छ, निष्काम भावले योगको जिज्ञासा मात्र गर्ने व्यक्ति अगाडि नै त्यसको पार निस्किन्छ। निष्काम भाव यति शक्तिशाली हुन्छ भन्ने कुरा बताउनका लागि कृष्णले वेदको उदाहरण दिनुभएको हो । कृष्णले निष्काम कर्मको तुलना वेदको सकाम कर्मसँग गर्नुभएको छ । वेदसँग बुद्ध र महावीर सहमत हुनुहुन्न । वास्तवमा वेदका कारणले गर्दा बौद्ध र जैन धर्म उत्पत्ति भएका हुन् । जैनका तीर्थङ्करहरू भन्छन्- वेदमा अनेक अनर्थका कुराहरू छन् । महावीर भन्नुहुन्छ- अरूका लागि पनि त्यही सोच जे आफ्ना लागि सोच्छौ । वेदले दुष्मनलाई नष्ट गरिदेऊ भन्ने प्रार्थनालाई पनि स्थान दिन्छ । बुद्ध भन्नुहुन्छ- तिम्रा हत्यारामाथि पनि करुणा गर तर वेदमा छिमेकीको जीवन नष्ट गर्ने प्रार्थना पनि मौजुद छ । वेद विश्वकोष हो यसमा धर्मको दिशामा जे सम्भव हुन्छ त्यो सबै सङ्ग्रहित छ । सबै किसिमका प्रार्थना र तथ्यहरू वेदमा सङ्ग्रहित छन् ।

संसारका सबै किताबहरूमा राम्रा कुरा छनोट गरिएका हुन्छन् । केही छोडिएका र केही नराम्रा हटाएर राम्रा मात्र राखिएको हुन्छ । धर्मग्रन्थमा पनि राम्रो राखेर नराम्रो हटाइएको हुन्छ तर वेद धर्मग्रन्थ मात्र होइन, यो त समस्त मनुष्यहरूको क्षमताको सङ्ग्रह हो । वेद सम्पूर्ण राम्रा-नराम्रा कुराहरू सम्मिलित ग्रन्थ हो । त्यसैले वेदमा छुद्र व्यक्तिका छुद्र प्रार्थनादेखि श्रेष्ठ व्यक्ति जो परमात्मासमक्ष कुनै फलका लागि प्रार्थना गर्दैन, उसको प्रार्थना पनि समावेश भएको छ । वेदमा त्यो व्यक्तिका लागि विधि छ जो परमात्मातिर जाने अनेकौं प्रयोग गरेर पनि परमात्मा पाउन सक्दैन । त्यो व्यक्तिका लागि पनि स्थान छ जो परमात्मातिर जाने कुनै प्रयास नै गर्दैन बरु परमात्मा स्वयम् यस्तो व्यक्तिलाई खोज्दछ । त्यसैले वेदमा निन्दा गर्ने व्यक्ति र प्रशंसा गर्ने व्यक्तिका लागि पनि अवसरहरू छन् । वेद सबै वर्गलाई प्रतिनिधित्व गर्ने पुस्तक हो र यस्तो पुस्तक संसारमा अरू कुनै पनि छैन । वेदलाई मनुष्यको प्रतिनिधि भनियो भने अझ उपयुक्त हुन्छ । वेदको अर्थ ज्ञान हो । तसर्थ मनुष्यको सबै ज्ञान यसमा सङ्ग्रहित छ ।

श्रीकृष्ण भन्नुहुन्छ- सकामकर्मीहरूका लागि वेद पनि ठिकै छ तर निष्कामकर्मीहरू वेदभन्दा पार जान्छन् । बुद्ध र महावीरले वेदलाई पूरै अस्वीकार गर्नुभएकाले बौद्ध र जैन अवैदिक धर्मका रूपमा स्थापना भए तर वेद जो सर्वसंयुक्त र सम्मिलित छ त्यसलाई ठिकसँग जान्न र बुझ्न सकिएन किनभने विपरीत स्वभावका कुराहरू पनि त्यसमा मौजुद छन् । मनुष्य एकै प्रकृतिका हुँदैनन् । बुद्ध र महावीरलाई वेदसँग समस्या यसकारण हुन सक्छ कि वेदमा उहाँहरूका स्वभावभन्दा भिन्न कुराहरू पनि छन् । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- वेदको समस्त साधना तिमीले गर्‍यौ भने पनि योगको जिज्ञासुले त्यसभन्दा बढी पाउने छ । कसैले योगसाधना गर्छ भने त प्रभुकृपा उसले सिधै प्राप्त गर्ने छ ।

*प्रयत्नाद्यतमानस्तु योगी संशुद्धकिल्बिषः ।*
*अनेकजन्मसंसिद्धस्ततो याति परां गतिम् ॥४५॥*

**जसले प्रयत्नपूर्वक योगाभ्यास गरेको छ र सबै प्रकारका पापबाट शुद्ध भएको छ, जसले अनेकौं जन्मदेखि अन्तस्करण शुद्ध भएर सिद्धि प्राप्त गरेको छ त्यसले नै तत्काल परमगति अर्थात् परमात्मालाई प्राप्त गर्दछ ॥**

यस श्लोकमा श्रीकृष्ण दुई कुरा भन्नुहुन्छ- अर्जुन जति जति कुरा बुझ्दै अघि बढ्ने क्षमता राख्छन् त्यति त्यति नै कृष्ण उनलाई थप कुरा बताउनुहुन्छ । जसको चित्त अनन्त जन्ममा शुद्ध भएको छ, ऊ साधनद्वारा विधिको सहायताले परमगतिमा प्राप्त हुन्छ । साधारणतया हामीलाई शुद्ध भइसकेपछि साधनको कुनै आवश्यकता छैन र परमात्मा त उसलाई विना साधन नै प्राप्त हुनुपर्ने हो भन्ने लाग्न सक्छ । चित्त शुद्ध भएको व्यक्तिले साधनको उपयोग नगर्दा शुद्ध एवम् पवित्र अहङ्कार भित्र निर्मित हुन्छ । कसैलाई हत्या गर्छु भनेर घोषणा गर्ने असात्त्विक अहङ्कारको घोषणा हो । तर सात्त्विक अहङ्कार म त केही होइन, हजुरको चरणको धुलो हुँ भन्ने जस्तो सूक्ष्म हुन्छ । यो पनि अहङ्कारको सूक्ष्म सात्त्विक रूप हो । अहङ्कार अत्यन्त चलाक हुन्छ र हरेक कुरासँग आफूलाई जोड्न सक्छ । बाहिरी अहङ्कार त सबैमा देखिन्छ तर त्यागवाला सूक्ष्म अहङ्कार देखिँदैन ।

श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन सबै प्रकारले शुद्ध भएको व्यक्ति पनि साधनको सहायताले प्रभुमा प्राप्त हुन्छ । सात्त्विक व्यक्ति जतिसुकै शुद्ध भए पनि उसको भित्र 'म' बाँचिरहन्छ जसलाई साधनविना काट्न सकिँदैन । योगका परम विधिहरूबाट यो 'म' लाई काट्न सकिन्छ । योगमा अलग-अलग व्यक्तिहरूका लागि अलग-अलग मार्ग र विधिहरू छन् । सात्त्विक अहङ्कार जो बिचमा रहन्छ साधनद्धारा त्यसलाई पनि काट्नुपर्छ र त्यो काट्ने विधि योग हो । यदि कोही शुद्ध नैतिक हुने प्रयास गर्छ भने शुद्ध अहङ्कार काट्नका लागि उसलाई साधनको आवश्यकता पर्छ ।

*तपस्विभ्योऽधिको योगी ज्ञानिभ्योऽपि मतोऽधिकः ।*
*कर्मिभ्यश्चाधिको योगी तस्माद्योगी भवार्जुन ॥४६॥*

**हे अर्जुन ! मेरा मतमा तपस्वी र ज्ञानीभन्दा पनि योगी श्रेष्ठ मानिएको छ । योगी सकामकर्मीभन्दा पनि श्रेष्ठ हुन्छ । त्यसैले हे अर्जुन तिमी पनि योगी होऊ ॥**

तपस्वीभन्दा योगी श्रेष्ठ हुन्छ । सकाम कर्म गर्नेवालाभन्दा योगी उत्तम हुन्छ । ज्ञानीभन्दा पनि योगी नै श्रेष्ठ हुन्छ । त्यसैले त अर्जुन पनि त्यही सर्वश्रेष्ठ योगी बनून् भन्ने श्रीकृष्णको चाहना छ । श्रीकृष्ण योगीलाई तपस्वीभन्दा महान् भन्नुहुन्छ । साधारणतया यो भनाइ स्वीकार गर्न कठिन लाग्छ किनभने तपस्वी नै श्रेष्ठ जस्ता देखिन्छन् । तपश्चर्या प्रकट र योग अप्रकट कुरा हो । योग अन्तर्साधना र तपस्या बहिर्साधना हो । सबैले देख्ने गरी नै तपस्वी कडा घाम वा चिसोमा उभिएर शरीरलाई सताउने र गलाउने गरी साधनारत रहन्छन् । मूलतः तपस्वी भोगीजस्तै शरीरसँग बाँधिएको हुन्छ । तपस्वी शरीरलाई कष्ट दिने गर्छन् । भोगी मानिस र तपस्वी दुवैको केन्द्र शरीर नै हो । एउटाले शरीरलाई प्रेमपूर्वक सजाउँछ र अर्कोले शरीरलाई कष्ट दिन्छ ।

हामी सबै शरीरवादी भएकाले योगीको वास्तविक स्वरूप पहिचान गर्न सक्दैनौं । योगीको यात्रा अन्तस्करणबाट सुरु हुन्छ । उसको यात्रा शरीरबाट प्रारम्भ नभई भित्री हुन्छ । योगीको यात्रा वैज्ञानिक हुन्छ । वैज्ञानिक यस अर्थमा कि योगी साधनको उपयोग गरेर अन्तस्करण शुद्ध गर्छ । त्यागी शरीरसँग शत्रुको भाँती लड्छ भने तपस्वीले शरीरको दमन गर्दछ । ऊ शरीरसँग लड्छ किनभने ऊ वासना शरीरमा छ भन्ने सोच्छ । वासना आँखामा छ भन्ने सोचले गर्दा स्त्रीप्रति आसक्ति बढ्यो भने ऊ आँखाको कारणले मोहित भएको भन्ने ठानेर आँखा नै फुटाउने कुरा सोच्छ तर आँखा फुटे पनि वासना कहिल्यै

फुट्दैन । दृष्टिविहीनको पनि कामवासना त्यति नै हुन्छ जति सबल दृष्टिवालाको हुन्छ । तर योगी आँखा फुटाउँदैनन्, बरु आँखाभित्र ध्यान दिने जुन शक्ति हो जसले कामवासना जगाएको छ त्यसलाई नै आँखाबाट पर हटाउँछन् । आँखामा भएको ध्यान हटाएपछि वासना पनि बाँकी रहँदैन । योग रूपान्तरणको माध्यम हो ।

भोगीले आफ्नो क्षमताभन्दा बढी खान्छन् र त्यागीले भोजन पूरै त्याग गरिदिन्छ । योगी न भोगी जस्तो अत्यधिक भोजन गर्छ न त्यागी जस्तो त्याग नै गर्छ । योगी भोजनको होइन रसको त्याग गर्छ । स्वादको त्याग गर्छ र शरीरलाई जति भोजनको जरुरत पर्छ त्यति मात्र भोजन गर्छ । ऊ स्वादको विक्षिप्ततालाई छोडिदिन्छ । योगीले के गरेको छ भन्ने कुरा अन्यले देख्दैनन् तर तपस्वीले जे गर्छन् त्यो सबैले देख्छन् । योगीका सबै साधना अन्तर्साधना हुन् । त्यसैले त श्रीकृष्ण भन्नुहुन्छ- योगी तपस्वीभन्दा महान् हो । हेर्दा तपस्वी महान् देखिन्छ । काँढामा सुत्नु त्यति महान् कुरा होइन किनभने यो त केही दिनको अभ्यासबाट पनि गर्न सकिन्छ । मानव शरीरमा केही यस्ता विन्दुहरू हुन्छन् जसलाई घोच्दा पीडा हुँदैन । प्रत्येक व्यक्तिको ढाडमा २५-३० वटा अन्धा स्थान (Blind spots) हुन्छन् जहाँ काँढाले घोच्दा पनि कुनै दुखाइ हुँदैन । त्यही नदुख्ने अभ्यास गरेमा तपस्वीले काँढाले घोचेजस्तो गर्न सकिन्छ तर काँढामा सुतेका व्यक्तिलाई देख्नेहरू भने आश्चर्यचकित हुन्छन् । उनीहरूलाई यो नै चमत्कार हुन्छ ।

ध्यानमा एकाग्र हुनु काँढामा सुत्नुभन्दा धेरै कठिन कार्य हो । ध्यान एकै स्थानमा रोक्नु कठिन कार्य हो जो योगले मात्र गर्न सक्छ । योगमा उपलब्ध व्यक्तिको जीवनमा तपस्या पनि हुन्छ तर तपस्या गरिरहेको व्यक्तिको जीवनमा योग फलित हुनु धेरै कठिन कार्य हो । योगमा उपलब्ध व्यक्ति सहजतापूर्वक दुख भोल्न सक्छ र ऊ सुखको माग पनि गर्दैन । त्यसैले उसलाई जीवनमा दुख आइपऱ्यो भने पनि सन्तोषपूर्वक ग्रहण गर्छ । योगी सुख र दुखमा सम हुन्छ तर तपस्वी दुखको वास्ता नगरी आफैँले दुखको व्यवस्था गर्ने हुँदा हठधर्मी हुन्छ । भोक लाग्दा भोजन भए पनि हठपूर्वक भोजन नगरी बस्छ । यो उसको आयोजित दुख हो । योगी प्रभुको प्रसाद ठानेर समभावले भोजन ग्रहण गर्छ; भने तपस्वी दुखको आयोजन गरेर सुख लिन खोज्छ ।

संसारमा प्राय: सबै जना अरूलाई सताएर मजा लिन्छन् तर केही व्यक्ति आफूलाई सताएर पनि मजा लिन्छन् । मनोवैज्ञानिकहरू भन्छन्- यस्ता व्यक्तिहरू थुप्रै छन् जो आफूलाई दुख दिन तत्पर रहन्छन्। यस्ता व्यक्ति आफूलाई सताउने मौका खोज्छन् । छायाँमा बस्न सक्ने व्यक्ति घाममा, खाना पाउने ठाउँमा भोकै रही, सुत्न सक्ने स्थानमा जागेर तथा सजिलो बाटो नहिँडेर खाल्डाखुल्डी अप्ठ्यारो बाटो हिँड्छन् किनभने आफूलाई दुख दिँदा पनि अहङ्कारको तृप्ति हुन्छ । यो आफूलाई दुख दिने वृत्ति अरूलाई दुख दिने प्रवृत्तिको उल्टो रूप हो । श्रीकृष्ण भन्नुहुन्छ- योगी तपस्वीभन्दा धेरै माथि हुन्छ । तपस्वी आफूलाई दुख दिनमा हमेसा संलग्न हुन्छन् । मनोवैज्ञानिकहरूका भाषामा यस्तो व्यक्ति मेसोचिस्ट हो । मेसोज नाम गरेका एक व्यक्ति जो लेखक थिए, उनलाई आफैंलाई कोर्राले नहिर्काई सुत्न सक्दैनथे । ओछ्यानमा काँडा नबिच्छ्याई उनलाई निद्रा लाग्दैनथ्यो । खानामा पनि अत्यधिक पिरो चाहिन्थ्यो । पूर्वमा मेसोज जन्मिएका भए उनी ठुला महात्मा हुन्थे ।

महात्मा गान्धी पनि निमको अचारसँग खाना खानुहुन्थ्यो । जान्ने बुझ्ने मानिस उहाँलाई कस्तो त्यागी भन्थे । एक दिन लुइ फिसर गान्धीलाई भेट्न आए । उनलाई भोजनको समयमा गान्धीजीले निमको अचारको ठुलो डल्लो नै खानामा राखिदिनुभयो । उहाँ आफूकहाँ आउने हरेक अतिथिलाई निमको अचार खुवाउनुहुन्थ्यो । जसले आफूलाई दुख दिन जान्दछ त्यो अरूलाई पनि दुख दिएर सुखी हुन खोज्छ । लुइ फिसरले देखे- गान्धीजी ज्यादै मिठो मानेर निमको अचार खाँदै हुनुहुन्छ। उनले चाख्ने बित्तिकै पूरा मुख तितो भयो । गान्धीजीले के भन्नुहोला भनेर लुइले पूरै डल्लो एकैपटकमा पानीसँग निले । उता गान्धीजीले

लुइलाई अचार मिठो लागेको छ उहाँलाई अरू थप्नुहोस् भने । लुइको हालत के भयो होला हामी कल्पना मात्र गर्न सक्छौँ । गान्धीजीको आश्रममा एक जना सज्जन प्राध्यापक भन्साली हुनुहुन्थ्यो । गान्धीजीलाई मान्नेहरूले भन्सालीलाई पनि महान् सन्त भनेर मान्छन् । उहाँ पक्का तपस्वी हुनुहुन्थ्यो । उहाँ छ महिनासम्म गाईको गोबर मात्र खाएर बस्नुहुन्थ्यो । उहाँ तपस्वीका साथै मेसोचिस्ट पनि हुनुहुन्थ्यो ।

आज बल्ल मनोविज्ञानले आफूलाई सताउने वृत्ति बिरामी वृत्ति वा रुग्ण अवस्था हो भनेर जानेको छ । यो कुरा श्रीकृष्णले हजारौँ वर्षअगि जानेर यसका बारेमा बताउनु भएको हो । उहाँ अर्जुनलाई जो आजको मनोविज्ञानले भन्छ त्यही कुरा भनिरहनु भएको छ- तपस्वीभन्दा योगी महान् हुन्छ । हामी पनि प्रायः दुखी छौँ किनभने हामी कोही अरू व्यक्तिलाई सताउन पाउँदा र विपद्मा परेकालाई देख्दा आनन्द लिन्छौँ । मनोवैज्ञानिकहरू यस प्रवृत्तिलाई अरूलाई पीडा दिने (Saddist) प्रवृत्ति भन्छन् । हामीमा पनि दुष्प्रवृत्ति हाबी भएकाले यसमा रस लिइरहेका छौं । अहङ्कारलाई तब झन् बल मिल्छ, जब यस्तो देख्दा पनि मानिसहरू कत्रो तपस्वी भनेर आदर गर्छन् । यो सुनेर र देखेर तपस्वी झन् आफूलाई दुख दिन थाल्छन् ।

श्रीकृष्ण अर्को कुरा भन्नुहुन्छ- जो शास्त्रज्ञ अर्थात् शास्त्र जान्नेहरू छन्, तिनीहरूभन्दा पनि योगी महान् हुन्छ किनभने शास्त्रज्ञले शब्दका अतिरिक्त केही जानेको हुँदैन । शास्त्र पढेर सत्य त कहिल्यै जानिँदैन केवल शब्द र सिद्धान्त मात्र पाउन सकिन्छ । सारा सिद्धान्त जानेर पनि कुनै कुराको अनुभूति हुँदैन । हजारौँ शास्त्र पिएर पनि त्यसबाट रत्तीभर अनुभव प्राप्त हुँदैन । शास्त्र पटक्कै नजान्ने योगी पनि शास्त्र जान्ने व्यक्तिभन्दा श्रेष्ठ हुन सक्छ । कबिर पटक्कै शास्त्र जान्नुहुन्न । कसैले शास्त्रका बारेमा सोधे भने उहाँ भन्नुहुन्छ- कागजमा के लेखिएको छ त्यो मलाई थाहा छैन । म त त्यही जान्दछु जो आँखाले देखिन्छ “मै तो कहता आँखन देखी, तू कहता है कागज लेखी ।” शास्त्र जान्ने व्यक्ति र योगीमा यही अन्तर हुन्छ । शास्त्र जान्नेलाई जान्ने भ्रम पैदा हुन्छ तर ज्ञान पैदा हुँदैन । ज्ञान त स्वयम्को दर्शनबाट मात्र पैदा हुन्छ । जुन दिन कसैले स्वयम्लाई जान्ने छ, त्यस दिन गीताले जे भनेको छ त्यो उसले बुझ्ने छ । जे हामी जान्दैनौँ त्यो गीतामा पढ्न पनि सक्दैनौँ । हामी त्यही पढ्न सक्छौँ, जे हामी जान्दछौँ । त्यसैले गीता पढ्ने व्यक्तिहरू गीतामा अलग-अलग अर्थ वा धारणा निकाल्छन् किनभने प्रत्येक व्यक्ति त्यही पढ्न र जान्न सक्छ जुन उसको क्षमता हुन्छ ।

एउटै शब्दको हजार अर्थ निकाल्न र व्याख्या गर्न सकिन्छ । शास्त्रज्ञान दोस्रो कोटिको ज्ञान हो । पहिलो कोटिको ज्ञान त स्वयम्को अनुभव हो । पहिलो कोटिको ज्ञान प्राप्त गर्ने मानिसलाई शास्त्र आफ्नो अनुभवसँग दाँज्न उपयोगी हुन्छ तर शास्त्र मात्रको ज्ञान कुनै मूल्यको हुँदैन । गीता योगीले पढ्यो भने यसमा उसले अमृतको सागर पाउँछ र गीतालाई अरूले पढे भने शब्दका अतिरिक्त केही पाउँदैनन् । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- योगशास्त्र ज्ञानभन्दा पनि श्रेष्ठ हुन्छ । श्रीकृष्ण अर्को कुरा पनि भन्नुहुन्छ- सकाम कर्मभन्दा योगी महान् हुन्छ किनभने कुनै पनि आशा राखेर गरिने पूजा, अनुष्ठान, यज्ञभन्दा योगी श्रेष्ठ हुन्छ । योगको निष्ठाको पहिलो सर्त नै निष्काम हुनु हो । योगले भन्छ- आशा, आकाङ्क्षा र फलको अपेक्षा त्याग अनि मात्र योगमा प्रवेश हुन्छ । सकाम कर्म साधारण कुरा हो जो प्रायः सबैले गरेका हुन्छन् । वासना र कामनाबाट हुने कुनै पनि आयोजन भन्दा योग धेरै श्रेष्ठ छ किनभने त्यहाँ फलको कुनै आशा नै हुँदैन । त्यसैले श्रीकृष्ण अर्जुन सकामकर्मी, शास्त्रज्ञाता र तपस्वी नबनी योगी बनून् भन्ने अभिप्रायले भन्नुहुन्छ- हे अर्जुन ! तिम्रो मन युद्ध जितौँ, राज्य प्राप्त होस् भन्ने चाहन्छ; भने पनि तिम्रा लागि सकाम पथको यात्रा उचित होइन । तिम्रा लागि निष्काम कर्मयोग नै उपयुक्त हो । शास्त्र पढेर पनि न केही जानिन्छ न त केही पाइन्छ । तिम्रो स्वयम्को अनुभवभन्दा ठुलो ज्ञान कुनै छैन । त्यसैले तिमी योगी बन ।

अर्जुन भनिरहेका छन्- आफन्तलाई मारेर प्राप्त हुने राज्यसुखभन्दा त म आफैँले दुख पाएर जङ्गल पस्नु राम्रो हुने छ । अर्जुन यस्तो विषादका अवस्थामा छन् । क्षत्रिय अरूलाई सताउने वृत्तिमा निष्णात हुनुपर्छ अन्यथा क्षत्रिय हुन सक्दैन । क्षत्रियहरू अरूलाई सताउन पाएनन् भने आफैँलाई सताउन थाल्छन् । त्यसैले क्षत्रियहरूले ब्राह्मण या अरूभन्दा पनि धेरै तपस्वीहरू जन्माएका छन् । अर्जुनलाई पनि तपस्या सजिलो हुन्थ्यो र उनी योगीभन्दा तपस्वी बन्न सक्थे । त्यसैले श्रीकृष्णले अर्जुनलाई तीन कुरा बताउनु भयो- तिमी सकाम कर्मी, शास्त्रज्ञाता या स्वयम्लाई सताउनेवाला तपस्वी पनि बन्न सक्छौ तर यी तीन कुराभन्दा पनि योग महान् छ । त्यसैले तिमी योगी बन ।

*योगिनामपि सर्वेषां मद्गतेनान्तरात्मना ।*
*श्रद्धावान्भजते यो मां स मे युक्ततमो मतः ॥४७॥*

**सम्पूर्ण योगीहरूमा पनि जो अन्तस्करणमा मेरै चिन्तन गर्दछ, जो मेरै दिव्य भक्तिमा संलग्न छ, जो श्रद्धावान् छ र ममा नै समर्पित छ त्यो नै मेरो मतमा श्रेष्ठ योगी हो ॥**

छैटौँ अध्यायको अन्तिम श्लोक श्रद्धामा पूरा भएको छ । श्रीकृष्ण भन्नुहुन्छ- श्रद्धाका साथ 'म' मा समर्पित योगी परम अवस्थामा उपलब्ध हुन्छन् । जीवनको पीडाबाट पार पाउन मानिस योगको चेष्टा गर्न सक्छ । तर यो त दुखबाट पार पाउनका लागि योगको सहारा लिएको ठहर्छ । जसमा बिधायक श्रद्धा हुँदैन र जो जीवनको दुखबाट पार पाउनका लागि मात्र योगको सहारा लिन्छ ऊ परमात्माप्रतिको श्रद्धाविना पनि यस मार्गमा लाग्न सक्छ । यस्तो व्यक्तिले परमात्माप्राप्तिका लागि लामो यात्रा गर्नुपर्ने हुन्छ किनभने परमात्माले जुन सहायता दिन सक्छ त्यो उसलाई प्राप्त हुँदैन ।

श्रीकृष्ण भन्नुहुन्छ- जो मप्रति श्रद्धायुक्त भएर ममा नै लीन हुन्छ त्यसलाई म परम श्रेष्ठ मान्दछु । जो अन्तर आत्मादेखि नै निरन्तर मलाई भज्दछ त्यो योगी श्रेष्ठ हो । जो 'म'मा श्रद्धापूर्वक लाग्दछ र पूरा परिश्रम गरे पनि यदि परमात्माको कृपा भएन भने म पार हुन सक्दिनँ भन्ने जान्दछ, त्यो नै प्रभुमा उपलब्ध हुन्छ । यस्तो श्रद्धायुक्त योगीमा अहङ्कार निर्मित हुन पाउँदैन । ऊ मेरो एक्लो मेहनतले केही हुन सक्दैन भन्ने जान्दछ । परमात्माको सहाराविना केही हुन सक्दैन । यस्तो चित्तको द्वार सदैव परम शक्ति प्राप्त गर्न खुल्ला हुन्छ । जो श्रद्धावान् हुँदैन उसका लागि द्वार बन्द हुन्छ । ऊ म नै पर्याप्त छु भन्ने ठान्दछ । श्रद्धावान् व्यक्तिका सबै द्वार खुल्ला हुन्छन् र त्यहाँ परमात्मालाई भित्र प्रवेश गर्ने सुबिधा हुन्छ ।

श्रद्धाको अर्थ मभन्दा धेरै विराट् शक्ति सर्वत्र मौजुद छ र उसको सहारा र सहायताका लागि निरन्तर निवेदन गरिरहन्छु, म एक्लै केही गर्न पनि समर्थ छैनँ भन्ने हो । त्यो विराट् शक्ति म जन्मिनुअघि पनि अस्तित्वमा थियो र आज पनि अस्तित्ववान् छ । मेरो हृदयको धड्कन उसैद्वारा चल्छ । मेरो रगतको सञ्चालन उसैले गर्छ । मेरो श्वास उसैले लिन्छ र दिन्छ । मेरो मृत्युपछि मलाई उसैले आफूमा फिर्ता बोलाएर समाहित गर्छ । उसले मलाई जन्म र जीवन दिन्छ । सारा खेल उसैले खेल्छ र खेलाउँछ भने म कसरी यत्रो भवसागर एक्लै पार गर्न सक्छु ।

श्रीकृष्ण योगको लामो चर्चापछि श्रद्धाको कुरा बताउनुहुन्छ । योगको अर्थ म गर्ने छु र श्रद्धाको अर्थ 'म' बाट एक्लै सम्भव छैन भन्ने हो । तसर्थ त्यो विराट् शक्तिको सहयोग विना पार पाउन सकिन्न । झट्ट हेर्दा योग र श्रद्धा विपरीत जस्तो लाग्छ । योगसाधन विधि व्यक्तिले गर्ने हो तर श्रद्धा परमात्माविना सम्भव छैन । यो अलग होइन किनभने साधनविधि जे गर्दा पनि श्रद्धापूर्वक गरेको खण्डमा उसको सहयोग प्राप्त हुन्छ । इसाराहरू प्राप्त हुन थाल्छन् र बल एवम् शक्ति पनि मिल्दछ। श्रद्धापूर्वक चल्न नसक्नेलाई पनि परमात्माको इसारा त मिल्छ तर उसको द्वार बन्द भएका कारण उसले सुन्न सक्दैन । शक्ति प्राप्त त हुन्छ तर ढोका बन्द भएकाले शक्ति ढोकाबाट नै फर्किन्छ । परमात्मा सहायता त सबैलाई दिन्छन् तर श्रद्धावान्ले मात्र त्यो सहायता लिन सक्छ । जो श्रद्धा गर्दैनन् तिनीहरूले त्यो सहायता लिन पाउँदैनन् ।

श्रद्धाको अर्थ पूर्ण समर्पण हो । म विशाल सागरमा एक थोपा जल वा अस्तित्व स्वरूप सानोभन्दा सानो कण हुँ । योग साधनविधि गर्दा पनि तिमीले सहायता दिएकाले यो जान्न सकेको छु । यसप्रकारको श्रद्धा भएमा सानो दियो पनि सूर्यको बराबर शक्तिवान् हुने छ । यस्तो भएमा सानो अणु पनि परम शक्तिको अङ्ग बन्छ । हामी एक्लै हुँदैनौं परमात्मा सदैव साथमा हुन्छ ।

सेन्ट टेरिसा एक इसाई सन्न्यासी हुन् । उनी संसारकै सबैभन्दा ठुलो चर्च बनाउन चाहन्थिन् । त्यसैले उनी गाउँमा गएर चर्च बनाउनका लागि दान माग्न थालिन् । तीन पैसा दान पाएपछि चर्च बन्ने भयो भन्दै उनी नाच्न लागिन् । गाउँलेले तीन पैसाले कसरी चर्च बन्छ, कतै तिमी पागल त भइनौ भने । उनले आफ्नो तर्फबाट तीन पैसा जुटाएपछि बाँकी परमात्माको काम हो भनिन् । हामीबाट जे सम्भव थियो त्यो भयो । अब बाँकी काम त परमात्माले गर्छ । जुन ठाउँमा सेन्ट टेरिसाले भनेकी थिइन्, त्यहाँ पृथ्वीमा श्रेष्ठ चर्चहरूमध्ये एक क्याथेड्रिल बनेको छ । त्यो चर्चको शिलामा लेखिएको छ- हामी गाउँका मानिसहरू ती गरिब महिलासँग हार्‍यौं जसले तीन पैसा, 'म' र परमात्मा मिलेर चर्च बन्ने छ भनेकी थिइन् । श्रद्धाको यही अर्थ हो । श्रम र शक्ति हाम्रो तीन पैसाभन्दा बढी हुँदैन । योग हाम्रो जो तीन पैसाभन्दा बढी छैन । त्यसैले श्रीकृष्णले योगको कुरा गरिसकेपछि अन्तमा भन्नुभएको छ- जो श्रद्धावान् छ त्यसलाई म परम श्रेष्ठ भन्दछु ।

*ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे*
*श्रीकृष्णार्जुनसंवादे आत्मसंयमयोगो नाम*
*षष्ठोऽध्यायः ॥६॥*





*ॐ श्रीपरमात्मने नमः*

सातौं अध्याय

# ज्ञानविज्ञानयोगः

*श्रीभगवानुवाच*
*मय्यासक्तमनाः पार्थ योगं युञ्जन्मदाश्रयः ।*
*असंशयं समग्रं मां यथा ज्ञास्यसि तच्छृणु ॥१॥*

**भगवान्ले भन्नुभयो- हे पार्थ ! मनलाई 'म'मा प्रेमले आसक्त गराएर, मेरै शरण परेर कर्मयोगमा लागेका तिमी जुन प्रकारले सम्पूर्ण विभूति, बल, ऐश्वर्यादि गुणहरूले युक्त सबैको आत्मरूप मलाई संशयरहित जान्न सक्छौ, त्यो सुन ॥**

जीवनप्रति प्रीतिकर निष्ठाको नाम धर्म हो । जीवनप्रति स्वीकार र अस्वीकारका दुई दृष्टिकोण हुन्छन् । अहङ्कार हुने व्यक्तिको अस्वीकारको र विनम्र हुने व्यक्तिको स्वीकारको दृष्टि हुन्छ । स्वीकारको दृष्टि हुने व्यक्ति जीवनले जता डोऱ्याउँछ उतै डोरिन्छ । प्रेम पनि दुई प्रकारको हुन्छः एउटा प्रेममा अन्यको भाव हुन्छ त्यसैले त्यहाँ फरकपन रहन्छ र दोस्रो प्रेममा अनन्यको भाव हुन्छ जहाँ दुई विलिन भएर एक मात्र बच्छ । प्रेममा दुई नबची एकमात्र बचेमा यही अनन्य भावको प्रेम हो । दुई कायम भएमा प्रेम र दुई विलीन भएमा प्रार्थना हुन्छ, प्रार्थना र प्रेममा यही फरक हुन्छ, यो प्रार्थनाको सूत्र हो । अनन्य भावको प्रेम परमात्माप्रति मात्र हुन सक्छ, कुनै व्यक्तिप्रति हुन सक्दैन किनभने परमात्मासँगको प्रेम असीम हुन्छ । अनन्य प्रेममा प्रेयसी र प्रेमी दुवै बच्दैन केवल प्रेम मात्र बच्छ । यस्तो अनन्य भावले युक्त भएको व्यक्ति नै भक्त हो ।

जीवनमा कलह वा अन्तरविरोध नभएको प्रेम खोज्न गाह्रो छ । दुई व्यक्ति प्रेममा पर्नेबित्तिकै कलहको तयारी सुरु हुन्छ किनभने जहाँ म र अर्को व्यक्ति हुन्छ, त्यहाँ मालिकपन र हिंसाको कोसिस सुरु हुन्छ । अनन्य भावमा कुनै मालिकपन एवम् कोही तलमाथि हुँदैन । अनन्य भावमा न भक्त न भगवान् केवल भक्ति मात्र रहन्छ । जुन दिन यस्तो घटना घट्छ, तब हरेक ठाउँ, हरेक दिशा, हरेक अनुहारमा भगवान्को अनुहार मात्र देखिन्छ । कुनै ढुङ्गा हुँदैन जसमा भगवान्को मूर्तिको स्वरूप नहोस्, यस्तो कुनै फल हुँदैन जुन नैवैद्य नबनोस् । सबै कुरा उसकै हुन्छ र उबाहेक अर्को कोही रहँदैन । श्रीकृष्ण अनन्य भावले जो मलाई प्रेम गर्छ ऊ 'म' मा नै एकाकार हुन्छ भन्नुहुन्छ । कृष्णसँग कुनै अहङ्कार छैन, उहाँको 'म' असीम छ जसमा सारा ब्रह्माण्ड समाहित छ । यथार्थमा यो 'म' विराट् छ र पूरा गीता यही 'म' सँग सम्बन्धित छ; त्यसैले यो 'म' जानेपछि गीतालाई जान्न सकिन्छ । श्रीकृष्णले परमात्माको रूपमा गीताको ज्ञान प्रदान गर्नुभएको हो । कृष्ण भगवान्को रूपमा अर्जुनलाई जो अनन्य भावले मेरो शरणमा आउँछ, उही योगमा उपलब्ध हुन्छ र जसको निष्ठा सन्देहरहित भएर 'म' मा पुग्दछ, ऊ असन्दिग्ध ज्ञानमा प्राप्त हुन्छ भन्नुहुन्छ । उहाँले मेरो शरणमा आऊ भन्नुको तात्पर्य भगवान्को शरणमा आऊ भन्नुभएको हो । श्रीकृष्ण भन्नुहुन्छ- हे पार्थ ! मनलाई 'म' मा प्रेमले आसक्त गराएर मैरै शरण परेमा सम्पूर्ण विभूति, बल, एश्वर्यादि गुणहरूले युक्त सबैको आत्मरूप मलाई संशयरहित जान्न सक्ने छौ ।

निष्ठा पनि संशयात्मक र असंशयात्मक गरी दुई प्रकारको हुन्छ । विज्ञानको निष्ठा संशयात्मक निष्ठा हो; त्यसैले विज्ञानको खोजका लागि संशयात्मक निष्ठा चाहिन्छ । धर्ममा प्रवेश गर्नु छ भने असंशयात्मक निष्ठा चाहिन्छ । सन्देहरहित निष्ठा असंशयात्मक निष्ठा हो । सूर्य नउदाए पनि असंशयात्मक निष्ठा भएको व्यक्तिले सूर्य त पक्कै उदाएको छ, आफ्नो आँखाको कुनै समस्याले नदेखिएको होला भन्ने

ठान्दछ । संशयवान् व्यक्ति सदा भुल अरूमा खोज्दछ तर सन्देहरहित व्यक्ति भुल सदा आफूमा खोज्दछ । जीवनमा सुख-दुख जे घटे पनि संशयरहित व्यक्तिको निष्ठामा कुनै अन्तर पर्दैन । दुख आइपर्दा संशयवान् व्यक्ति परमात्माको कृपाको कमीले दुख घटेको ठान्दछ तर संशयरहित व्यक्ति आफ्नै भुलको कारण दुख घटेको, परमात्माको कृपामा कुनै कमी छैन भन्ने अनुभूति गर्दछ ।

श्रीकृष्ण जो निसंशय भएर 'म' मा निष्ठा राख्दछ, उसको भित्रको द्वार खुल्दछ भन्नुहुन्छ । आज निसंशय निष्ठाको कुरा प्रायः असम्भव जस्तो लाग्दछ । कृष्णको वचनमा अर्जुनले कुनै प्रश्न उठाएनन् । अर्जुन त्यो समयका सर्वश्रेष्ठ कुलीन, सुशिक्षित, सभ्य व्यक्तिहरूमध्ये एक थिए । कृष्णले धेरैपटक सबै छोडेर 'म'मा निष्ठा राख भन्नु भएको छ । अर्जुनको मन चञ्चल भए पनि उनले कसरी हजुरमाथि निष्ठा राखूँ भनेर कहिल्यै प्रश्न उठाएनन् । अर्जुनमा आशङ्का नउठ्नु र हामीमा उठ्नु निष्ठाको कारणले नैं हो । हामीलाई यसो गरेमा त हामी मिट्नेछौँ जस्तो लाग्छ तर कृष्णको शिक्षा नै हामीलाई मिटाउने शिक्षा हो । यदि धर्मको जगत्मा प्रवेश गर्नु छ भने स्वयम्लाई मेटाउने सामर्थ्य चाहिन्छ । यदि हामी आफूलाई बचाउन चाहन्छौं भने भित्र प्रवेश गर्न सक्दैनौं । शङ्काबाट पाइने वस्तुहरूमा मन आनन्दित हुँदैन । जुन दिन आशङ्काले केही पाइँदैन भन्ने लाग्छ त्यस दिन मात्र भित्रको मन्दिरमा प्रवेश हुन्छ । हाम्रो आजको युग विज्ञानको युग हो; त्यसैले शिक्षाका कारण हामी प्रश्न उठाउँछौ र आशङ्का गर्छौं । यो शिक्षा विज्ञानका लागि जरुरी छ अन्यथा विज्ञान खडा पनि हुन सक्दैन । त्यसैले पूर्वमा विज्ञान उभिन सकेन किनभने जुन देशमा गीतामाथि भरोसा गरिन्छ, त्यो देश विज्ञानमा पछाडि पर्ने निश्चित छ तर पश्चिममा विज्ञानको विकास त भयो तर आशङ्काका कारणले धर्म विलीन हुँदै गयो ।

पश्चिमले सन्देह गरेर बाहिरका धेरै कुराहरू त पायो तर भित्र जाने द्वार बन्द गर्‍यो । सन्देह नगर्नाले हामीले बाहिरका धेरै कुराहरू गुमाए पनि श्रद्धा गरेर भित्रको द्वार खुल्ला राख्न समर्थ भएका छौं । ज्ञानी व्यक्तिहरू भन्दछन्- भित्र पुगेपछि परम आनन्द प्राप्त हुन्छ, जहाँ डुबेर कोही बाहिर आउन चाहँदैन । उमर खैयाम जो एक सुफी फकिर हुन् उनले त्यही नशा, रक्सी र बेहोसीको गीत गाएका हुन् । व्यक्तिहरूले उनी रक्सी पिउने स्थानको कुरा गर्दै छन् भन्ने सम्झे तर उनी भित्री मधुशाला अर्थात् परमात्माको नशाको कुरा गर्दै छन् । भित्रको द्वार श्रद्धाले मात्र खुल्दछ जुन असंशयात्मक निष्ठा हो तर हाम्रो शिक्षण विज्ञानको भएकाले हाम्रो मन सधैं सन्देह गरेर प्रश्न उठाउँछ । अर्जुनको समयमा विज्ञानको नभई धर्मको शिक्षण थियो । त्यसैले अर्जुनले कुनै सन्देहको प्रश्न उठाएनन् । गीताको भवसागरमा प्रवेश गर्नका लागि यस्तै असंशयात्मक मन चाहिन्छ । यो संशयले भरिएको चित्तलाई असंशयको अवस्थामा पुऱ्याउनका लागि सङ्कल्प गरेर थाक्न जरुरी हुन्छ । संशय गरेर पनि केही पाइँदैन भन्ने अनुभव भएपछि मात्र असंशयको अवस्थामा पुग्न सकिन्छ जुन भित्रको मन्दिरमा प्रवेश गर्ने पहिलो सर्त हो । श्रीकृष्ण पूरा निसंशयी भएर मेरा कुरा सुन अनि मात्र तिमीलाई त्यो रहस्य खोल्छु जो बुद्धिको लागि होइन केवल हृदयको समक्ष मात्र खोल्न सकिन्छ भन्नुहुन्छ । यो आन्तरिक सत्य अनन्य भावको प्रेमको दशामा मात्र भन्न सकिन्छ । अनन्य प्रेममा जस्तोसुकै घात पनि स्वीकार्य हुन्छ ।

परमात्माप्रतिको आसक्ति नै पूर्ण आसक्ति हो । आसक्ति अलिकति पनि अन्यत्र रह्यो भने त्यो परमात्माप्रति प्रेम र भक्ति हुन सक्दैन । परमात्मा सर्वस्व अस्तित्व हो जसले सबैलाई घेरेर, सबैको भित्र लुकेर बसेको छ । त्यो निराकार र अरूप्रति आकर्षित हुने व्यक्ति नै भित्रको अव्यक्तिप्रति आकर्षित हुन्छ । परमात्माप्रतिको आसक्तिपूर्ण प्रेम नै भक्ति हो । श्रीकृष्ण परमात्मातिर उन्मुख हुन सक्छौ भने तिमी मेरो कुरा सुन भन्नुहुन्छ किनभने उहाँ जे भन्न गइरहनु भएको छ त्यो परमात्मातिर विमुख हुने व्यक्तिले सुन्न सक्दैन । अर्जुन परमात्मातिर उन्मुख होऊन् भन्ने कृष्ण चाहनुहुन्छ । तर अर्जुनको उन्मुखता युद्धबाट कसरी बच्ने भन्ने छ । उनी हिंसा रोक्न एवम् कुनै ब्रह्मज्ञानका लागि कृष्णकहाँ गएका पनि होइनन् ।

अर्जुनको इच्छाले नभई श्रीकृष्ण आफै उनलाई ब्रह्मज्ञान दिँदै हुनुहुन्छ किनभने कृष्णसँग जे छ उहाँ त्यही दिन सक्नुहुन्छ । यदि कोही अमृतको सागरसमक्ष विष लिन गयो भने पनि अमृत नै पाउँछ । अर्जुनले त कृष्णसमक्ष एउटा सानो प्रश्न मात्र राखेका थिए त्यसबाट यत्रो महान् अमृतरूपी गीता उपलब्ध हुन्छ र कृष्ण यत्रो ज्ञानको गहिराइमा उनलाई लिएर जानुहुने छ भनेर उनले सोचेका पनि थिएनन् । कृष्णले भन्नु भएका गहन कुरा अर्जुन कृष्णतर्फ उन्मुख भए मात्र बुझ्न सक्ने छन् । त्यसैले त उहाँ अनन्य प्रेमभावले 'म' प्रति परायण भएर सुन भन्नुहुन्छ ।

*ज्ञानं तेऽहं सविज्ञानमिदं वक्ष्याम्यशेषतः ।*
*यज्ज्ञात्वा नेह भूयोऽन्यज्ज्ञातव्यमवशिष्यते ॥२॥*

**'म' तिमीलाई रहस्मय विज्ञानसहित तत्त्वज्ञान पूर्ण रूपले बताउँछु जुन जानेपछि तिमीले जान्नुपर्ने कुनै कुरा शेष रहँदैन ॥**

धेरै कुरा जाने पनि अझ जान्नुपर्ने कुरा शेष रहन्छ तर स्वयम्लाई तत्त्वपूर्वक जानेमा अरू जान्नुपर्ने केही शेष रहदैन । उपनिषद्मा एउटा प्रसिद्ध कथा छ- श्वेतकेतु गुरुकुलबाट घर फर्किए । त्यसबेला उनी प्रचलित १८ शास्त्रका सम्पूर्ण ज्ञान लिएर आएका थिए । पिता पनि मेरा अगाडि केही जान्नुहुन्न भन्ने उनमा अहङ्कार थियो । पिता उद्दालकले अहङ्कारले भरिएको छोरालाई के तिमीले सबै जानेर आयौ भनेर प्रश्न गर्नुभयो । श्वेतकेतुले भने- म निश्चित रूपमा सबै शास्त्रमा अब्बल दर्जामा उत्तीर्ण भएर आएको छु । पिताले पुनः के तिमीले त्यो पनि जान्यौ जुन एक जानेपछि सबै जानिन्छ भनेर सोधे । श्वेतकेतु असमञ्जसमा परे र भने सम्पूर्ण शास्त्रमा त्यस्तो कुनै विषय छैन जो जानेपछि सबै जानिन्छ । म त त्यही कुरा जानेर आएको छु जो जानेपछि उसैलाई जानिन्छ । उद्दालकले भने- तिमी ज्ञानी भएर फर्किएका छौं, तिमीले शास्त्र त बुझ्यौ तर ज्ञानको किरण अहिले तिम्रो जीवनमा फुटेको छैन । त्यसैले जाऊ र त्यो जानेर आऊ, जुन एक जानेपछि जान्नलाई केही पनि शेष रहँदैन । श्वेतकेतु फर्किएर गए र उनले गुरूसँग पिताले भनेको कुरा सोधे । उनका गुरुले भने त्यो त तिमी स्वयम् हौ र तिमीले आफूलाई जान्नु नै त्यो एकलाई जान्नु हो । तिमीले कहिल्यै पनि म को हुँ भनेर सोधेनौ, जबसम्म तिमी स्वयम्लाई जान्दैनौ, तबसम्म आत्मज्ञान पाउँदैनौ । स्वयम्लाई जानेपछि सबै जानिन्छ र त्यसपछि जान्नका लागि केही शेष रहँदैन ।

श्रीकृष्णले सत्यको बारेमा बताउछु नभनेर स्वयम्को रहस्यका बारेमा बताउँछु भन्नुभयो किनभने यसलाई उजागर गर्न सत्य शब्द सानो हुन्छ । सत्य जतिसुकै भने पनि यसलाई जानेको दाबी गर्न सकिन्न । रहस्यको अर्थ स्वयम्लाई जानेपछि आफू विलीन भएर सत्य मात्र बाँकी रहने छ भन्ने हो । त्यो रहस्यमा जति भित्र प्रवेश गऱ्यो उति नै असीमितता बोकेको नयाँ रहस्य पाइन्छ । त्यसैले कृष्णले रहस्य शब्द प्रयोग गर्नुभएको हो । सन्तहरूले सधैँ सत्यको दाबा होइन रहस्यको घोषणा गरेका छन् तर दार्शनिकहरूले सत्यको दाबा गरेर सत्यको हत्या गरेका छन् । त्यसैले धर्म र दर्शनमा फरक भनेको धर्म रहस्यको र दर्शनशास्त्र सत्यको खोज हो । दर्शनशास्त्र तर्क, निष्कर्ष र निष्पत्ति निकाल्नमा संलग्न हुन्छ भने सन्त सबै निष्पत्तिलाई तोडेर त्यो अनन्त अज्ञातमा डुबुल्की लगाउन संलग्न हुन्छन् । रहस्यवादीहरू भन्दछन्- ज्ञानको घोषणा तिम्रो अज्ञानको प्रमाण हो । यदि तिमीले वास्तवमा नै जान्यौ भने तिमी जान्ने दाबा नै गर्ने छैनौ । सत्य यति विशाल छ कि तिमी कहाँ छौ भनेर थाहा पाउन पनि सकिन्न । जति हामीले जाने पनि त्यो अज्ञात नै रहन्छ । त्यो अज्ञात जो शेष रहन्छ; त्यही रहस्य हो ।

श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- 'म' सबै तिमीलाई भन्छु, जे भन्न सकिन्छ त्यो पनि र जे भन्न सकिन्न त्यो पनि भन्छु तर कस्तो अभागी छ हाम्रो मन ! कृष्ण जब शब्दमा भन्नुहुन्छ, तब अर्जुनले बुझ्दैनन् । जब पूरा प्रकट हुनुहुन्छ, तब अर्जुन भन्दछन् बन्द गर्नुहोस्, यो रूपलाई रोक्नुहोस् किनभने मेरो

मन तर्सिन्छ र प्राण काँप्न थाल्दछ । त्यसैले यो विराट् रूप नै फिर्ता लिनुहोस् । हामी सुनेर वा देखेर बुझ्दैनौँ । कृष्णको करूणा अपरिमित र असीमित छ किनभने उहाँ हाम्रो अवस्थालाई जानेर पनि असम्भव प्रयास गरिरहनु हुन्छ । श्रीकृष्ण त्यो कुरा बताउन चाहनुहुन्छ जुन कुरा जानेपछि सबै जानिन्छ, त्यो अनिर्वर्चनीय परम आखिरी सत्य जुन जानेपछि अरू जान्न बुझ्न केही शेष रहँदैन । उहाँ सबै ताल्चा खुल्ने रहस्यमयी साँचो प्रदान गर्न चाहनुहुन्छ ।

*मनुष्याणां सहस्रेषु कश्चिद्यतति सिद्धये ।*
*यततामपि सिद्धानां कश्चिन्मां वेत्ति तत्त्वतः ॥३॥*

**हजारौँ मानिसहरूमध्ये कुनै एक जनाले योगसिद्धिका लागि अर्थात् मेरो प्राप्तिका लागि प्रयत्न गर्दछ । त्यस्तै ती सिद्धिका लागि प्रयत्न गर्नेहरूमध्ये पनि कुनै एकले मात्र मेरो परायण भएर तत्त्वपूर्वक मलाई जान्दछ ॥**

प्रभुको यात्रा सरल र सर्वाधिक कठिन पनि छ । यसकारण सरल छ कि जसलाई पाउनु छ उसलाई हामीले सदा पाइरहेका नै छौँ र जसलाई खोज्नु छ वस्तुतः त्यसलाई हामीले कहिल्यै पनि हराएका छैनौँ । निरन्तर हामीमा, हाम्रो श्वासमा र हाम्रो हृदयको प्रत्येक धड्कनमा उही रहेको छ । प्रभुको तर्फबाट कुनै पनि बाधा नहुनाले उहाँलाई पाउन सरल छ । साथै प्रभुलाई पाउन कठिन पनि छ । मनुष्यका तर्फबाट धेरै कठिनाइ छन् तर प्रभुका तर्फबाट भने कुनै पनि कठिनाइ छैन । उसको मन्दिरको द्वार सदा खुल्ला छ तर हामी त्यस मन्दिरको विपरीत दिशामा बसेका छौँ र विपरीत दिशातर्फ नै दौडिरहेका छौँ । हजारौँ जन्म दौडेर पनि हामी त्यो मन्दिरमा प्रवेश गर्न सक्ने छैनौँ तर जुन दिन हामी पूरा फर्केर हेर्ने छौँ तब त्यो मन्दिर त्यहीँ भएको पाउने छौँ जहाँबाट हामीले दौडन सुरु गरेका थियौँ ।

मनुष्यका तर्फबाट प्रभुको यात्रा कठिन छ । त्यसैले श्रीकृष्ण करोडौँमा कोही एक त्यसतर्फ यात्रा गर्छ र त्यो प्रयास गर्ने करोडौँमा पनि कोही एक मात्र 'म' मा उपलब्ध हुन्छ, त्यही एक मप्रति परायण भई समर्पित भएको व्यक्ति 'म' मा उपलब्ध हुन्छ भन्नुहुन्छ । परमात्मा जीवन, अमृत र आनन्द हो । तथापि करोडौँमा कुनै एक व्यक्तिले मात्र प्रयास गर्नुको पहिलो कारण त जो हामीलाई सदा उपलब्ध छ यसका लागि किन प्रयास गर्नु भन्ने भावनाले गर्दा नै हो । सागरको माछाले सबै कुरा खोजे पनि सागरलाई खोज्दैन । त्यसैमा जन्मन्छ, बाँच्छ र समाप्त हुन्छ तर उसलाई सागर छ भन्ने अनुभूति पनि हुँदैन । मनुष्य परमात्माभन्दा कहिल्यै पनि अलग हुँदैन । मनुष्य जहाँ गए पनि सर्वत्र परमात्माको उपस्थिति हुन्छ । त्यसैले मनुष्यले परमात्माको विषयमा सोच्न छाडिदिन्छ । हाम्रो एउटा दाँत भाँचिदा अनायास जिब्रो त्यतैतिर जान्छ । मनको गहिरो नियमानुसार जो हामीलाई उपलब्ध हुन्छ, त्यसको खोजी हामी छोडिदिन्छौँ र जो उपलब्ध छैन त्यसको हामी खोज गर्दछौँ । त्यसैले परमात्मालाई खोज्नुपर्छ भन्ने वास्तविकतासँग पनि हामी अनभिज्ञ हुन्छौँ किनभने उहाँ त यत्रतत्र सर्वत्र मौजुद हुनुहुन्छ । त्यसैले करोडौँमा एक व्यक्ति परमात्माको खोजमा निस्किन्छ । यदि परमात्मालाई पाउनु छ भने जे हामीसँग छ त्यसको विचार गरी हामीसँग नभएको खोज बन्द गर्नुपर्दछ, तब हामी पनि त्यो करोडमा एक बन्न थाल्ने छौँ । जब आफूसँग जे छैन, त्यसको चिन्ता छाडी जे छ त्यससँग पूरा आनन्दले बाँच्न सिक्छौँ, तब हामी परमात्माको खोजको सही दिशामा निक्लिएको ठहर्ने छ ।

परमात्माको यात्राका लागि हाम्रो मनको ढङ्ग परिवर्तन गर्नुपर्छ । एउटा घर बनाउनुअघि मन अनेकौं कल्पना सजाउँछ तर जब घर बन्छ र त्यहाँ बस्न थालिन्छ, तब घरलाई मनले पूरै भुल्छ । मन परेको कुरा प्राप्त भएपछि त्यसलाई मनले भुल्दछ किनभने यो मनको नियम हो । परमात्मा त पाइएकै छ, त्यसैले यसलाई भुल्नु मनको नियमभित्र नै पर्छ । मनको नियम परिवर्तन गरी खाल्डोतिर नभई पहाडतिर दौडाउन सुरु गर्नुपर्दछ । जे पाइएको छ त्यसमा प्रसन्न र सन्तुष्ट हुनुका साथै प्रभुलाई धन्यवाद

दिनुपर्दछ । जे छैन त्यसको खोजी रोकेमा चाँडै नै परमात्माको खोज सुरु हुन्छ । त्यसैले जसले परमात्माको खोजमा सन्तोषलाई अनिवार्य बनाएका छन् त्यसको कारण पनि यस सूत्रमा रहेको छ । सन्तोष आफैँमा कुनै मूल्यको हुँदैन किनभने कमजोर, कायर र भयभीत व्यक्ति जो चुनौती लिनबाट डराउँछ त्यस्तो व्यक्ति पनि सन्तुष्ट देखिन सक्छ । तर वास्तविक सन्तोषीको जीवनमा प्राप्त हुने दुख नै परमात्माको यात्रामा जान सहयोगी हुन्छ । यस्तो सन्तोषी जीवनमा जे उपलब्ध छ, त्यसमा सन्तुष्ट हुनुका साथै परमात्माप्रति अनुग्रहित पनि हुन्छन् । यस्तो सन्तोषीमा परमात्मालाई पाउन एउटा नयाँ प्रसव पीडा सुरु हुन्छ । त्यसैले सन्तहरूले परमात्मालाई पाउने एउटा सूत्रको रूपमा सन्तोषलाई लिएका छन् । सन्तोषी व्यक्ति आफूभित्र गहिराइमा रहेको महारसको खोज सुरु गर्छ । त्यसैले करोडमा एक व्यक्ति जससँग सकारात्मक सोच छ, ऊ त्यसको खोजमा निस्किन्छ ।

हामीहरू त सबै नकारात्मक सोचका व्यक्ति हौँ । हामीलाई सुखको पनि जानकारी तब हुन्छ जब दुखको प्रवेश र सुख तिरोहित हुने अवस्था हुन्छ । प्रेमका बारेमा पनि प्रेमको दियो निभ्न लागेपछि मात्र ज्ञात हुन्छ । जब कोही मर्छ, तब मात्र ऊ पनि थियो भन्ने आभास हुन्छ । पिता जीवित हुँदा छोरालाई यादै हुँदैन र जुन दिन मृत्यु हुन्छ, त्यसै दिन पिताको कमीको आभास हुन्छ । जो छैन त्यो हाम्रा लागि महत्त्वपूर्ण हुन्छ र जे छ त्यो गैरमहत्त्वपूर्ण हुन्छ । त्यसैले जे छ त्यो हामीलाई स्मृति नहुँदा परमात्मा हामीसँग अति निकट भएर पनि विस्मरण भएको छ । त्यसैले करोडमा कोही एक उसको खोजमा निस्किन्छ । बिधायक सोचको व्यक्ति उसको खोजमा निस्किन सक्छ । त्यसैले जे छ त्यसलाई हेर्न र जे छैन, त्यसलाई भुल्न सुरु गर्नुपर्छ । श्रीकृष्ण भन्नुहुन्छ- करोडौँमा कोही एक व्यक्ति प्रभुको खोजमा निस्किन्छन् किनभने करोडौँमा कुनै एकको मात्र बिधायक चित्त हुन्छ । सन्देहले भरिएको चित्त नकारात्मक हुन्छ र श्रद्धाले भरिएको चित्त बिधायक हुन्छ । बिधायक चित्त भएको व्यक्ति प्रभुको खोजीमा निस्कन्छ ।

करोडौँमा एक व्यक्ति प्रयास गरेपछि परमात्मामा उपलब्ध हुन्छ । त्यही एक व्यक्तिले मात्र समर्पण गर्दछ र बाँकी व्यक्तिहरू सङ्कल्प गर्दछन् तर समर्पण गर्दैनन् । करोडौँमा कुनै एक व्यक्तिले भन्दछ- प्रभु ! तिमीलाई खोज्ने मेरो कुनै सामर्थ्य र शक्ति पनि छैन । तिमीले नै यदि मलाई खोज्यौ भने मात्र मिलन हुन सक्छ अन्यथा म तिमीलाई खोज्न असमर्थ छु । अरू करोडौँ व्यक्तिहरू प्रभु खोजमा पनि अस्मिता, अहङ्कारसँगै लिएर निस्किन्छन् र प्रभुलाई पाएरै छोड्छौं भन्ने सङ्कल्प गर्दछन्। त्यसका निम्ति साधना, योग र ध्यान गर्छन् तर अहङ्कार भने साथमा नै रहन्छ । यस्तो अवस्थामा हामी परमात्मालाई प्रार्थना होइन परमात्मासँग संघर्ष गरिरहेका हुन्छौं । अहङ्कारलाई छोडेर प्रयास गर्ने त्यही करोडमा एक व्यक्ति मात्र लक्ष्यमा पुग्दछ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- जो मेरो चरणमा शरणागत हुन्छ त्यस्तो व्यक्तिको शिर मेरातर्फ समर्पित भएर झुकेको हुन्छ । श्रीकृष्णका चरणमा शरणागति गर्नु भनेको अहङ्कारलाई विसर्जन गरेर झुक्न सिक्नु हो । बिधायक र समर्पित मन नै त्यहाँ पुग्ने सर्त हो । परमात्माको तर्फबाट कुनै बाधा छैन तर मनुष्यका तर्फबाट बाधा भनेको नकारात्मक मन र अहङ्कारले भरिएको भाव हो । यी दुईलाई पार गर्न जरुरी छ । तसर्थ श्रीकृष्ण करोडौँमा एक व्यक्ति प्रयासपश्चात् 'म' मा उपलब्ध हुन्छ भन्नुहुन्छ ।

*भूमिरापोऽनलो वायुः खं मनो बुद्धिरेव च ।*
*अहङ्कार इतीयं मे भिन्ना प्रकृतिरष्टधा ॥४॥*

**हे अर्जुन ! पृथ्वी, जल, अग्नि, वायु, आकाश, मन, बुद्धि र अहङ्कार यी आठ मेरा भिन्न-भिन्न भौतिक शक्तिहरू प्रकृति हुन् ॥**

पञ्चमहाभूतले जगत् बनेको सर्वव्यापी मान्यता छ र श्रीकृष्ण पनि पञ्चतत्त्वको नै कुरा गर्नुहुन्छ । श्रीकृष्ण प्रकृतिलाई आठ हिस्सामा विभाजन गर्नुहुन्छ । पृथ्वी, जल, वायु, अग्नि, आकाश पञ्चमहाभूत हुन् । वैज्ञानिकहरू १०८ तत्त्वहरू छन् भन्दछन् । यदि गहिरिएर हेर्ने हो भने एक तत्त्व मात्र हुन्छ, १०८

तत्त्व त त्यसका प्रकार हुन् । त्यो एक तत्त्व विद्युत् हो भन्ने उनीहरूको भनाइ छ । जुन व्यक्तिहरू अन्तस् अनुभूतिको गहिराइमा उत्रिन्छन् उनीहरूलाई अग्नितत्त्वको साक्षात्कार हुन्छ । जति भित्र गहिरोमा व्यक्ति प्रवेश गर्छ उत्ति नै हजारौं सूर्य उत्रिए जस्तो प्रकाश देखिन थाल्दछ । ध्यानमा प्रकाशको अनुभव अन्तर्गमनको सूचना हो । यो विराट् अग्निको अनुभव अन्तस्को अनुभव हो । जीवनको समस्त रूप अग्निको नै रूप हो । अब त वैज्ञानिकहरू के पनि मान्दछन् भने भित्र चलेको अक्सिडाइजेसन नै अग्नि हो जो पूरा समय सासबाट अक्सिजन भित्र गएर जीवनज्योति जलाइरहेको हुन्छ । एउटा दियोको बत्ती ढाकिदिने हो भने केही समयमा अक्सिजन सकिएर बत्ती निभ्दछ । दियोले जस्तै मनुष्य पनि बरु आँधी झेल्न सक्छ तर अक्सिजनको कमीलाई झेल्न सक्दैन । यदि हाम्रो सम्पूर्ण शरीरलाई प्लास्टिकले छोपिदिने हो भने नाक बन्द नगरे पनि हामी १०-१५ मिनेट भन्दा बढी बाँच्न सक्दैनौं किनभने हाम्रो प्रत्येक रौंले श्वास लिइरहेको हुन्छ जसले भित्र हाम्रो प्राण अग्नि जलाउँछ । अग्निको जल्ने प्रक्रिया जस्तै हाम्रो जीवन चल्ने प्रक्रिया पनि त्यस्तै हुन्छ । अग्नि जीवनको समस्त तत्त्वमा हुन्छ, किनभने अग्नि जीवनको आधारभूत तत्त्व हो । आज विज्ञानको खोजले जसलाई विद्युत् भनेको छ सनातन महर्षिले त्यसलाई अग्नि मानेका थिए । विद्युत् पनि अग्निकै रूप हो ।

अग्नि मूल तत्त्व हो र पृथ्वी अग्निको एक रूप हो । अग्निको पहिलो रूप ठोस, दोस्रो रूप जल र तेस्रो रूप वायु हो । विज्ञानले ठोस, तरल र ग्याँस (वायु) पदार्थका तीन स्थितिहरू हुन्छन् भनेको छ । प्रत्येक अस्तित्ववान् चिजहरू तीन रूपमा प्रकट हुन्छन् । पृथ्वीलाई आज विज्ञानले ठोस (Solid) भन्दछ । आजको समयमा पृथ्वीभन्दा ठोस अन्य कुरा छैन त्यसैले यो प्रतीकात्मक शब्द हो । त्यस्तै जलजस्तो प्रवाहमान अन्य कुनै कुरा हुँदैन । त्यसैले जलभन्दा उपयुक्त प्रतीक कुनै कुरा हुन सक्दैन । त्यस्तै वायुभन्दा ज्यादा आकाशीय तत्त्व अरू कुनै हुन सक्दैन । अग्नि मूल तत्त्व हो । अग्नि जब प्रकट हुन्छ तब ठोस, जलीय र ग्यासका रूपमा प्रकट हुन्छ । अग्निलाई प्रकट हुन जुन स्थान चाहिन्छ त्यो आकाश हो । आकाशको अर्थ स्पेस (Space) हो जसमा अवकाश मिल्छ । कुनै पनि वस्तु हुनलाई दुई आयाम समय र स्थान चाहिन्छ । आइन्स्टाइनभन्दा अघि समय र स्थानलाई दुई मानिन्थ्यो । उनले समय र स्थान दुई होइनन् एकै कुराका दुई पक्ष हुन् भनेर प्रमाणित गरे । श्रीकृष्णले हजारौँ वर्षअघि समयलाई स्थानको एक हिस्सा मानेर त्यसलाई अलग रूपमा भन्नुभएन । पञ्चमहाभूतको धारणानुसार खालीपनका लागि आकाश, अस्तित्वका लागि आधारभूत अग्नि र प्रकट अस्तित्वका लागि तीन रूप पृथ्वी, जल र वायु हुन् । कृष्णले बताउनु भएका पञ्चमहाभूतमा वैज्ञानिक दृष्टिकोण पनि छ ।

अग्नि जीवनको आधारभूत तत्त्व हुनाले देवता मानेर यस संसारमा अग्निको पूजा गर्न थालिएको हो । संसारका प्रायः सबै धर्महरू अग्निलाई पूजा गर्दछन् । पारसीहरू आफ्नो मन्दिरमा चौबिसै घण्टा अग्नि प्रज्वलित गर्छन् । अग्निबाट जीवनको सबै रूप विकसित हुन्छ । अग्निका तीन प्रकट रूप छन्- ठोस, जलीय र ग्यासीय । स्थान र समय जहाँ मिलेको छ त्यो आकाश हो । पञ्चमहाभूतबाट प्रकृति बनेको छ, श्रीकृष्णले अन्य तीन अन्तर् रूपको कुरा गरेर यसलाई आठ बताउनुभएको हो । ती तीन मन, बुद्धि र अहङ्कार हुन् । यी आठमा पहिलो पृथ्वी र अन्तिम अहङ्कार हो । पृथ्वी सबैभन्दा स्थूल र अहङ्कार सबैभन्दा सूक्ष्म चिज हो । भित्रको यात्रामा रहने मन हो, मनको अर्थ सचेतना र हामीभित्रको मनन शक्ति हो । बुद्धि मनको विशेष रूप हो, केवल मनन मात्र होइन तर्कयुक्त चिन्तनको नाम पनि बुद्धि हो । जब कुनै पुरुष धेरै बुद्धिको उपयोग गर्छ, तब भित्र धेरै सूक्ष्मतम चिजको जन्म हुन्छ र त्यही अहङ्कार हो ।

श्रीकृष्ण भन्नुहुन्छ- यो आठ तत्त्वबाट मैले सारा प्रकृति रचेको हुँ । यी आठ तत्त्व प्रकृतिलाई जानेर यिनबाट पार हुने मनुष्यले मात्र मलाई जान्न सक्ने छन् । यी आठका साथ जबसम्म कोही हुन्छ, तबसम्म संसारमा हुन्छ र यसबाट पार भएपछि परमात्मा अर्थात् कृष्ण तत्त्वमा पुग्दछ । सर्वाधिक कठिनाइ

अहङ्कारसँग हुन्छ किनभने यो सूक्ष्म हुन्छ । हावालाई बरु वशमा राख्न सकिएला तर अहङ्कारलाई वशमा राख्न निकै कठिन हुन्छ । हावा चल्दा उसको झङ्का लाग्न सक्छ तर अहङ्कार चल्दा उसको स्पर्श पनि थाहा हुँदैन । त्यसैले अहङ्कारबाट उठ्न कठिन हुन्छ किनभने यो यति सूक्ष्म छ, जे गर्‍यो त्यसमा नै प्रवेश गर्छ । त्याग गरेमा उसका पछाडि नै उभिन्छ र भन्छ- मैले त्याग र समर्पण गरेँ । प्रार्थनामा भन्छ- म कति धार्मिक छु । त्यो 'म' प्रत्येक कर्मका पछाडि उभिन्छ र जहाँ हामी हुन्छौँ, ऊ त्यहीँ पुग्छ । जबसम्म 'म' हुन्छ, तबसम्म अहङ्कार पनि साथै हुन्छ ।

श्रीकृष्णको यस विभाजनमा सबैभन्दा ठुलो कुरा पृथ्वी र सूक्ष्म कुरा अहङ्कार हो । सर्वप्रथम पदार्थबाट मुक्त हुनैपर्छ किनभने पदार्थको सूक्ष्मरूप अहङ्कार हो । बाह्य पदार्थ र भित्री पदार्थको रूप अग्निकै रूप हो । मनन बुद्धि र हामीभित्र जे चलिरहेको छ त्यो सबै अग्निकै रूप हो तसर्थ परमात्मातिर यात्रा गर्दा प्रकृतिका सूक्ष्मरूप भन्दा माथि उठ्नुपर्छ । श्रीकृष्ण यो प्रकृतिको आठ हिस्सा मैले रचेको हुँ भन्नुहुन्छ । जे रचिन्छ र बन्छ त्यो प्रकृति हो र जो रचिँदैन, बन्दैन, बनाउन एवम् सिर्जिन सकिन्न त्यो परमात्मा हो । बाल्यवयमा अहङ्कार हुँदैन तर बिस्तारै निर्मित हुन थाल्छ; बुद्धि पनि पछि मात्र पैदा हुन्छ । मन, बुद्धि र अहङ्कार यी तीनैवटा प्रकृति हुन्, यीभन्दा पर असिर्जित परमात्मा छ । जो यी आठ प्रकृतिभन्दा माथि हुन्छ उसलाई मात्र परमात्मा दर्शन हुन्छ ।

*अपरेयमितस्त्वन्यां प्रकृतिं विद्धि मे पराम् ।*
*जीवभूतां महाबाहो ययेदं धार्यते जगत् ॥५॥*

**हे महाबाहु ! यी आठ प्रकृति जसलाई 'अपरा' भनिन्छ ती जड हुन्छन् । यीबाहेक सम्पूर्ण प्राणीहरूमा जीवरूपले रहने चेतन शक्ति 'परा' हुन् । 'परा' अर्थात् चेतन शक्तिले नै 'अपरा' अर्थात् जडरूप संसारलाई उपभोग वा धारण गर्दछ ॥**

श्रीकृष्ण भन्नुहुन्छ- यी अष्टाङ्ग प्रकृतिलाई 'अपरा' भनिन्छ । अपरा भन्नाले जड र निम्न भन्ने बुझिन्छ । यसभन्दा माथि 'मेरो' त्यो प्रकृति छ जसलाई 'परा' भनिन्छ । एउटै किनारामा एकापट्टि यी आठ प्रकृति छन् र अर्को किनारामा म छु । आठ प्रकृतिभन्दा मेरो पराशक्ति माथि छ किनभने म यिनीहरूलाई पार गर्दछु । यी आठ प्रकृतिभन्दा माथि त्यो चैतन्य छ, हे अर्जुन ! सबैलाई धारण गर्नेवाला सर्वोच्च शक्ति नै 'परा' हो । जुन चेतनयुक्त छ त्यही धर्म हो; यसले नै सबैलाई संरक्षण गरेको छ । यो विशाल ब्रह्माण्ड पराशक्तिकै विस्तार हो । समस्त योगको सार नै त्यो परालाई चिन्ने प्रक्रिया हो । शरीर पदार्थ, मन विचारहरूको जोड, बुद्धि अग्निको सूक्ष्मतम रूप र अहङ्कार स्वनिर्मित धारणा भएकाले यिनीहरू सबै अपरा शक्ति हुन् । यथार्थमा पराशक्ति यसभन्दा माथि र अलग सबैको साक्षी भावमा हुन्छ । हामी आफ्नो शरीरको साक्षी हुन सक्छौँ । हाम्रो शरीरको कुनै एक अङ्ग वा सबै भाग काटिए पनि 'हामी' उत्तिकै रहन्छौँ । केवल शरीरमा कमी हुन्छ तर हाम्रो अस्तित्वमा कुनै अन्तर हुँदैन । बाहिरको एक द्वार टुक्रिन सक्छ तर भित्रको पूर्णतामा कुनै अन्तर हुँदैन किनभने भित्र कुनै चिज काटेर काटिँदैन । हामी विचारहरूको पनि साक्षी हुन सक्छौँ; भित्र काम, क्रोध र लोभ चलिरहेको देख्न सक्छौँ । विचारको साक्षी भएपछि मात्र हामी आफू अलग भएको बुझ्न सक्छौँ ।

अहङ्कार देख्न कठिन हुन्छ किनभने हामी 'म'सँग बाँधिएका छौँ तर साक्षी भावले 'म'लाई पनि देख्न सकिन्छ । सडकमा हिँड्दा कुनै व्यक्ति देख्ने बित्तिकै भित्र केही परिवर्तन हुन्छ । हामी एक्लै हुँदा अरू नै हुन्छौ र व्यक्ति देख्ने बित्तिकै परिवर्तित भएर म को भाव सृजित हुन्छ । यो अहङ्कार होसपूर्वक कहाँ र कहिले हावी हुन्छ भनेर हेर्ने हो भने हामी र हाम्रो अहङ्कार बिचको फरकपना जान्न सकिन्छ । जुन दिन हामी अहङ्कारलाई पनि साक्षी भएर देख्न सक्छौँ, त्यही समय हामी यी आठ प्रकृतिभन्दा मुक्त भएर भित्रको 'परा' प्रकृतिमा पुग्न सक्छौँ । जसलाई श्रीकृष्ण त्यो 'मेरो' स्वरूप र चेतना हो एवम् त्यही चेतनाले

सबैलाई धारण गरेको छ भन्नुहुन्छ । त्यतिखेर हामी शरीर र बुद्धिलाई पनि उसैले धारण गरेको भन्ने पाउँछौं । त्यस्तै सर्वोपरि प्राण जसलाई हामीले देखेका छैनौं त्यसलाई पनि जान्न सकिन्छ साथै त्यो परा शक्ति नै सारा परिधिको केन्द्र हो भनेर पनि जान्न सकिन्छ । कृष्ण अर्जुनलाई एक एक कदम गर्दै त्यो केन्द्रतिर लैजाने प्रयास गर्दै हुनुहुन्छ । यी आठ प्रकृति जसलाई अपरा भनिन्छ यसभन्दा पार 'परा' शक्ति छ, जो चैतन्य छ । यो पराशक्ति नै सबैको निर्माता र सबैको आधार हो जसले सबैलाई आत्मसात् गरेको छ ।

*एतद्योनीनि भूतानि सर्वाणीत्युपधारय ।*
*अहं कृत्स्नस्य जगतः प्रभवः प्रलयस्तथा ॥६॥*

**हे अर्जुन ! सम्पूर्ण प्राणीहरू यी दुई परा (चेतन) र अपरा (जड) प्रकृतिद्वारा उत्पन्न भएका हुन् भन्ने जान । 'म' नै सम्पूर्ण जगत्को उत्पत्ति र प्रलयको कारण हुँ ॥**

*मत्तः परतरं नान्यत्किञ्चिदस्ति धनञ्जय ।*
*मयि सर्वमिदं प्रोतं सूत्रे मणिगणा इव ॥७॥*

**हे धनञ्जय ! 'म' भन्दा श्रेष्ठ कुनै सत्य छैन । जसरी धागोमा विविध मोतीका दाना उनिएका छन् त्यसरी नै यो संसार 'म'मा नै आश्रित छ वा उनिएको छ ॥**

धागोमा उनिएको फूलको मालामा फूल प्रकट र धागो अप्रकट भए झैँ जगत् प्रकट र परमात्मा अप्रकट छ । जे अदृश्य छ त्यसमा दृश्य सह्मालिएको हुन्छ । त्यो लुकेको अदृश्यको आधारमा नै प्रकटको जीवनलीला आधारित हुन्छ । हामीलाई माथिबाट हेर्दा फूलमा पनि प्राण छ भन्ने लाग्छ तर प्राण त जरामा नै हुन्छ । फूल चुँड्दा वा हाँगा भाँच्दा पनि बोटको अन्त नभई पुनः अङ्कुरित हुन्छ । नयाँ पात तथा हाँगा पलाएर फूल पुनः फक्रिन्छ र फुल्छ तर जरा नै काटिदिने हो भने फूलको बोटको नै अन्त हुन्छ । जीवनको विराट् रूप पनि यस्तै छ । जे देखिन्छ त्यसभित्रको मूलस्रोत वा जरा खोज्न सके मात्र धर्मको यात्रा प्रारम्भ हुन्छ । अदृश्यको खोज र त्यसलाई नै जीवनको उद्देश्य मान्नु धर्म हो र दृश्यमा अल्झिनु र त्यसलाई नै सर्वस्व ठान्नु संसार हो । श्रीकृष्ण यसमा आफ्नो अदृश्य रूपका बारेमा बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ- म लुकेको, गुप्त र अप्रकट छु । जे प्रकट रूप छ त्यो प्रकृति हो । त्यो अष्टप्रकृति मैले बनाएको खेल हो र त्यसलाई मैले मनबाट निर्मित गरेको हुँ । विश्वब्रह्माण्ड जो प्रकट रूप हो, त्यो मेरो अप्रकट रूपमा नै समाहित छ । परमात्मा अदृश्य छ भन्ने सत्यलाई कृष्णले यस प्रसङ्गमा स्पष्ट पार्नुभएको छ । श्रीकृष्ण जे देखिन्छ त्यो 'म' होइन, प्रकृति हो भन्नुहुन्छ । इन्द्रियको नियन्त्रणमा जे आउँछ र देखिन्छ त्यो प्रकृति हो । इन्द्रियातीत अर्थात् जसलाई देख्न र जान्न सकिन्न त्यो परमात्मा हो । जुन दिन अदृश्यका बारेमा मानिस जान्न थाल्छ बल्ल ऊ प्रौढ भएर धार्मिक हुन्छ ।

धर्म अदृश्य विज्ञान हो । विज्ञान संसारको खोज हुनाले यो सतहमा प्रकट हुन्छ तर अदृश्य गहिराइमा लुकेको हुन्छ । त्यसैले जीवनको दुर्लभ सम्पदा गोप्य स्थानमा लुकेको हुनाले त्यसलाई पाउनका लागि त्यति नै गहिराइमा उत्रिनुपर्छ । इन्द्रियले जबसम्म हामीलाई नियन्त्रणमा लिन्छ तबसम्म हामी गहिराइमा जान सक्दैनौं । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- जे इन्द्रियातीत छ त्यो म हुँ र जे इन्द्रियको नियन्त्रणमा छ त्यो जगत् हो । मैले नै यी आठ प्रकृति सिर्जेको हुँ र यो प्रकृति प्रलयकालमा 'म'मा नै समाहित हुन्छ । जसबाट जगत् पैदा हुन्छ त्यसैमा जगत् लीन हुन्छ । जो जन्मदाता हुन्छ त्यही मृत्युको कारक पनि हुन्छ । यी दुवै प्रक्रिया उसैको कृपाबाट हुन्छन् । जसले स्रष्टामा मात्र कृपा देख्दछ त्यो धार्मिक होइन तर जसले विनाशकमा पनि परमात्माको नै कृपा देख्दछ त्यो धार्मिक हो । श्रीकृष्ण स्रष्टा र विनाशक दुवै 'म' नै हुँ एवम् मैले नै सम्पूर्ण ब्रम्हाण्ड निर्माण गरेको हुँ र यो सबै 'म'मा नै विलीन हुन्छ भन्नुहुन्छ । यो ज्यादै वैज्ञानिक दृष्टिकोण हो । जीवनका सबै गति चक्राकार हुन्छन् र जहाँबाट प्रारम्भ हुन्छ, त्यहीँ

अन्त भएर वृत्त पूरा हुन्छ । मृत्यु जन्मभन्दा विपरीत होइन यो जन्मसँग जोडिएको दोस्रो अवस्था हो । त्यसैले विनाश पनि केवल विश्राम मात्र हो । सृष्टि श्रम हो भने प्रलय विश्राम हो ।

त्यसैले हामीले सृष्टिलाई ब्रह्माको दिन र प्रलयलाई रात्रि भनेका हौँ । दिन जीवन र सृष्टि श्रम हो भने रात्रि मृत्यु र विनाश विश्राम हो । सनातन धर्मावलम्बीहरूले कहिल्यै विनाश वा मृत्युलाई शत्रुको रूपमा हेर्दैनन् । जसले मृत्यु र विनाशलाई शत्रु ठान्दछ ऊ निर्भय भएर बाँच्न सक्दैन तर जसले मृत्यु र विनाशलाई पनि जीवन ठान्दछ ऊ नै सही रूपमा बाँच्न सक्छ । उसलाई मृत्यु र विनाशले दुख दिँदैन किनभने उसले यिनीहरूमा पनि जीवनको पूर्णता देखेको हुन्छ । अमृत र विष दुवैलाई एकसाथ स्वीकार गर्नु नै अद्‌भुत सत्य हो । जीवनको समस्त द्वन्द्व अन्धकार र प्रकाश जस्तै संयुक्त छन् । यदि परमात्मा प्रकाश मात्र हो र अँध्यारो होइन भने जगत्‌मा शक्ति विभाजन हुन्छ । यदि हामीले जगत्‌लाई दुई धारमा विभाजन गर्‍यौँ भने हाम्रो निष्ठा पनि विभाजित हुन्छ । विभाजित निष्ठा निष्ठा नै होइन, अविभाजित निष्ठा मात्र निष्ठा हो । पश्चिममा धर्मप्रति मनुष्यको झुकाउ नहुनुको कारण पनि निष्ठा विभाजित भएर हो ।

त्यसैले श्रीकृष्ण ज्यादै सहजताका साथ 'म' नै सर्जक र प्रलय हुँ र सबै 'म' बाट नै जन्मिन्छन् र 'म' मा नै लीन हुन्छन् भन्नुहुन्छ । हामी हिन्दूहरूले परमात्मालाई अभिन्न रूपमा जानेका छौँ । निष्ठा भिन्न हुँदा हाम्रो श्रद्धा पनि भिन्न हुन्छ, अभिन्न रहन सक्दैन । त्यसैले त आज पश्चिममा सबैभन्दा ठुलो समस्या दोहोरो चरित्र रहेको छ । त्यहाँका मनोचिकित्सकलाई मनुष्यको मन दुई भागमा किन टुक्रिएको हो भन्ने जानकारी छैन । त्यसको प्रमुख कारण मन दुई निष्ठामा बाँडिनुले गर्दा हो । निष्ठा विभाजित हुनासाथ हृदय पनि दुई हिस्सामा बाँडिन्छ तर परमात्मालाई सम्पूर्णतामा स्वीकार गर्न सके मात्र निष्ठा विभाजित हुँदैन । निष्ठा विभाजित भई चित्त डामाडोल हुनु नै दुईमा बाँडिनु हो । पश्चिममा व्यक्तिको विखण्डित व्यक्तित्व हुनुको प्रमुख कारण त्यहाँ अस्तित्वलाई दुई हिस्सामा बाँड्नुले गर्दा हो । श्रीकृष्ण राम्रो र नराम्रो दुवै 'म' नै हुँ भन्नुहुन्छ । जसले यो समग्र स्वीकृतिलाई बुझ्दछ, उसले नै कृष्णको तत्त्वदर्शनलाई बुझ्न सक्छ ।

श्रीकृष्णको व्यक्तित्व समग्रलाई समाहित गरेको व्यक्तित्व हो । त्यसैले त कतिपयलाई उहाँमा दुवै व्यक्तित्व कसरी हुन सक्छ भनेर लाग्न सक्छ । एकातिर परमात्माको कुरा गर्नुहुन्छ अनि अर्कातिर युद्धमा उतार्न प्रेरित गर्नुहुन्छ । परमात्मा त शान्तिको पक्षमा हुनुपर्ने हो र अशान्ति दुष्टको काम हुनुपर्ने हो । युद्धबाट भाग्न लागेका अर्जुनलाई युद्धमा बलजफ्ती प्रवेश गराइदिने काम राम्रो होइन भनेर पनि कतिपयलाई लाग्न सक्छ तर श्रीकृष्ण समग्रतामा सबै स्वीकार गरेर, दुवै राम्रो-नराम्रो र युद्ध-शान्ति पनि 'म' नै हुँ भन्नुहुन्छ । उहाँका अनुसार जब तिमी दुवै रूप 'म'मा देख्न सक्छौ, तब मात्र तिमीले मलाई देख्ने  छौ । यदि तिमीले मलाई भिन्न बाँडेर हेर्‍यौ भने कहिल्यै मलाई देख्न सक्ने छैनौ । परमात्मालाई चुनाव गर्न सकिन्न, छनोट त केवल घरमा राखेको परमात्मालाई मात्र गर्न सकिन्छ । धार्मिक व्यक्ति दुस्साहसी हुन्छ किनभने उसले परमात्माका दुवै रूपलाई स्वीकार गर्छ । विरोधलाई आत्मसात् गर्ने यो स्वीकृति वेदान्तको सार हो । जब जीवनको दृष्टि अविरोधको हुन्छ, तब भित्र पनि अविरोध नै जन्मिन्छ । हाम्रो हृदय त्यही रूपमा ढल्छ जुन रूपमा हामी परमात्मालाई स्वीकार गर्छौं । जुन दिन फूलका लागि मात्र होइन काँडाका लागि पनि परमात्मालाई धन्यवाद दिन्छौं त्यो दिन परमात्मा खोज्न मन्दिर वा अन्य कहीं जानु नै पर्दैन । ऊ जहाँ छ, त्यहीँ मन्दिर हुन्छ र त्यहीँ परमात्मा विराजमान हुन्छ ।

*रसोऽहमप्सु कौन्तेय प्रभास्मि शशिसूर्ययोः ।*
*प्रणवः सर्ववेदेषु शब्दः खे पौरुषं नृषु ॥८॥*

**हे कौन्तेय ! 'म' जलमा रस वा स्वाद हुँ, चन्द्र र सूर्यको प्रकाश म नै हुँ, वेदका प्रणव वा ओङ्कार 'म' नै हुँ, आकाशको ध्वनि तथा मानव पुरुषार्थ अर्थात् शक्ति पनि 'म' नै हुँ ॥**

*पुण्यो गन्धः पृथिव्यां च तेजश्चास्मि विभावसौ ।*
*जीवनं सर्वभूतेषु तपश्चास्मि तपस्विषु ॥९॥*

**हे अर्जुन ! पृथ्वीमा विद्यमान पवित्र सुगन्ध 'म' नै हुँ । अग्निको तेज, सम्पूर्ण प्राणीहरूमा स्थित जीवन अर्थात् जेमा उनीहरू बाँच्दछन् त्यो तत्त्व तथा तपस्वीहरूको तप 'म' नै हुँ ॥**

यी कथनमार्फत श्रीकृष्ण त्यो अदृश्यतिरको इसारा गर्नुहुन्छ । उहाँ दृश्य वस्तुहरूलाई इङ्गित गर्दै अदृश्यको अनुभूति गराउन चाहनुहुन्छ । पहिले दृश्य वस्तु जलमा 'म' रस हुँ भन्नुहुन्छ । जल दृश्य हो तर रस अद्भुत अनुभूति हो जुन सूक्ष्म र अदृश्य हुन्छ । जे देखिन्छ त्यो रस नभएर पेय वस्तु जल मात्र हो तर पिउँदा प्राप्त भएको अनुभव अदृश्य हुन्छ, त्यही आन्तरिक अनुभूति नै रस हो । श्रीकृष्ण भन्नुहुन्छ- समस्त जलीय द्रव्यहरू जुन पेय पदार्थ छन् ती उहाँ होइन तर जुन हामी पिएर अनुभव गर्छौं, त्यो रस उहाँ हो । जलमा उहाँ रस हो जुन अदृश्य हुन्छ । फूल दृश्य हो तर सौन्दर्य अदृश्य हो । फूलमा कुनै रस हुँदैन तर फूल देखेर जुन रस आउँछ, त्यसमा सौन्दर्य देखिन्छ । मोतीका दानाहरूलाई बाँधेर राख्ने धागो अदृश्य भएझैँ जीवनमा हाम्रा जे जति गहिरा अनुभव छन् ती सबै रसका अनुभव हुन् जुन अदृश्य हुन्छन्, चाहे त्यो सौन्दर्य, गीत-सङ्गीत वा प्रेम नै किन नहोस् । समस्त अनुभवको जुन सार छ त्यो रस हो । उपनिषद्ले पनि त्यो ब्रह्मरस हो भनेर घोषणा गरेको छ ।

यसै गरी श्रीकृष्ण पृथ्वीमा म पवित्र सुगन्ध हुँ भन्नुहुन्छ । उहाँ पवित्र सुगन्ध भन्नुहुन्छ किनभने सुगन्ध सबै पवित्र हुँदैनन् । जुन सुगन्धको प्रभाव पर्नेबित्तिकै जीवनको ऊर्जा ऊर्ध्वगमनको यात्रामा प्रभावित हुन्छ त्यो पवित्र सुगन्ध र जसको प्रभाव पर्नासाथ जीवनको ऊर्जा तलतिर प्रवाहित हुन्छ त्यो अपवित्र सुगन्ध हो । कतिपय सुगन्धहरू परीक्षण गरेर विपरीत लिङ्गीलाई आकर्षित गर्ने अभिप्रायले तयार गरिन्छन्, जसले कामवासना जगाउन मद्दत गर्दछन् । त्यो अपवित्र सुगन्धले जीवन ऊर्जालाई तलतिर लैजान सहयोग गर्छ । महावीरका सम्बन्धमा उहाँ हिँड्दा, बस्दा हावामा एक पवित्र सुगन्ध बहन्थ्यो भनिन्छ । पवित्र सुगन्ध बिरलै आउँछ, महावीरको शरीर पनि हाम्रो जस्तो नै हो तर उहाँको शरीरबाट निस्कने सुगन्ध पवित्र सुगन्ध हो । तीव्र कामवासनाको क्षणमा हाम्रो शरीरका अलग ग्रन्थिहरू काम गर्न थाल्छन् र शरीरबाट दुर्गन्ध फैलिन थाल्छ जसले हामी तलतिर ओर्लिन्छौं । त्यस्तै ध्यानको अवस्थामा शरीरबाट एक प्रकारको सुगन्ध प्रकट हुन्छ, तब ऊर्जा माथितिर बहन थाल्छ । महावीर र बुद्धजस्ता महापुरुषहरूको ध्यानको फूल जब फक्रिन्छ, तब आसपास सुगन्ध फैलिन थाल्छ । श्रीकृष्ण त्यसैले त सुगन्ध मात्र नभनेर पवित्र सुगन्ध हुँ भन्नुहुन्छ । पवित्र सुगन्ध फूलमा होइन बरु यो मानवरूपी फूलमा पनि बिरलै पैदा हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- "चन्द्रमा, सूर्य र ताराहरूमा 'म' आभा र प्रकाश हुँ ।" हामी प्रकाश देख्न सक्दैनौं, प्रकाशित चिजहरू मात्र देख्न सक्छौं । प्रकाश देख्न असम्भव हुन्छ । त्यसैले त उहाँ सूर्य, तारा, चन्द्रमाहरूमा 'म' प्रकाश हुँ भन्नुहुन्छ । चन्द्रमा जे देखिन्छ त्यो 'म' होइन, 'म' त्यसको प्रकाश मात्र हुँ । प्रकाशका कारणले हामी चिजहरू प्रकाशित भएको देख्छौं तर प्रकाश देख्दैनौं किनभने त्यो अदृश्य हुन्छ । प्रकाश दृश्य घटना जस्तो लाग्छ तर यो अदृश्य घटना हो । जसले अन्तरङ्ग यात्रामा गएर भित्रको आँखा खोल्न सक्छ, उसले सारा जगत् नै प्रकाशवान् देख्न सक्छ । श्रीकृष्ण भन्नुहुन्छ- तिमी चन्द्र, सूर्य, ताराहरू देख्न सक्छौ तर मलाई देख्न सक्दैनौ किनभने 'म' अदृश्य छु । त्यसै गरी श्रीकृष्ण तपस्वीहरूमा 'म' तेज हुँ भन्नुहुन्छ । शरीरलाई कष्ट दिएर उपवास बसिरहेको र एक गोडाको भरमा मात्र उभिएको वा काँडामा सुतिरहेको तपस्वी सबैले देख्छन् तर कृष्ण भन्नुहुन्छ- 'म' तपस्वी होइन तपस्वीमा तेज हुँ ।

समग्रमा हामी तेजको आ-आफ्नै व्याख्या गर्छौं; जसको अनुहारमा रौनक देखिएको छ त्यसलाई हामी तेज ठान्छौँ । स्वस्थ्य वा शक्तिशाली देखियो भने त्यसलाई तेज ठान्छौँ तर यो त दृश्य हो, तेज होइन । कृष्ण अदृश्यको कुरा गर्दै हुनुहुन्छ । यदि कुनै तपस्वीमा तेज खोज्नु छ भने तपस्वीको ध्यानमा खोज्नुपर्छ । महावीर या बुद्धलाई ध्यानको मुद्रामा निरन्तर हेर्ने हो भने त्यहाँ एउटा यस्तो स्थिति आउँछ जहाँ उहाँहरू हराउनुहुन्छ, केवल तेजपुञ्ज र आभायुक्त स्रोत मात्र बच्छ । दियोको आभामा स्रोत हुन्छ तर बुद्ध र महावीरहरूको तेजमा कुनै स्रोत हुँदैन । त्यसैले हामी कृष्ण, महावीर, बुद्धको चित्रको शिरका पछाडि जुन गोलो घेरा बनाउँछौं त्यो तेजको प्रतीक हो । श्रीकृष्ण तपस्वीमा तपश्चर्या भन्नुहुन्न उहाँ त तेज हुँ भन्नुहुन्छ । जतिसुकै तपस्या गरे पनि जबसम्म आफू पूर्ण रूपमा हराएर प्रकाशपुञ्ज मात्र बाँकी रहँदैन, तबसम्म त्यो तेज पैदा हुँदैन । बुद्ध, महावीरलाई ज्ञान प्राप्त भएपछि पनि अरू चालिस वर्ष बाँच्नुभयो । त्यो बाँकी समयमा उहाँहरू शरीर होइन प्रकाशपुञ्ज मात्र हुनुहुन्थ्यो ।

जुन दिन बुद्ध समाधि लिन लाग्नुभएको थियो, त्यसैबेला कुनै एक व्यक्तिले आएर उहाँलाई सोध्यो कि मृत्युपश्चात् हजुर कहाँ जानुहुन्छ । उहाँले जवाफ दिनुभयो- चालिस वर्षदेखि म जहाँ थिएँ अब पनि त्यहीं नै हुने छु । उसले पुनः सोध्यो- यसलाई हामी कसरी मानौं किनभने हजुरको शरीर त अब हराउने छ, तब बुद्धले भन्नुभयो- मेरा लागि त यो शरीर चालिस वर्ष अगाडि नै समाप्त भइसकेको थियो, त्यसयता त म केवल शून्य, प्रकाशको भाँती बाँचिरहेको छु । अब मेरो नाश हुने कुनै उपाय छैन किनभने जुन नाश हुनुपर्ने हो त्यो भइसकेको छ । तेज अमृत तत्त्व हो र शरीर मरण धर्म हो । तपस्वीमा तेजको अर्थ त्यो हो जो उनीहरूमा कहिल्यै मर्दैन । तेज गुप्त रहस्य हो जबसम्म तेज हुँदैन, तबसम्म ऊ तपस्वी पनि हुँदैन । बुद्ध अमुक व्यक्तिलाई ज्ञान भयो र उसलाई ज्ञान भएको छैन भन्नुहुन्थ्यो । उहाँको ज्ञान भएको हेर्ने त्यो विधि नै तेज हो । बुद्ध व्यक्तिको तेज हेरेर यो व्यक्ति कुन अवस्थामा छ भनेर बताउनु हुन्थ्यो ।

श्रीकृष्ण एक एक चिजमा अदृश्यको इसारा गर्नुहुन्छ । उहाँ भन्नुहुन्छ- आकाशमा 'म' शब्द हुँ । आकाश देखिन्छ तर शब्द देखिदैंन । यद्यपि आकाश शब्दले नै भरिएको छ । वैज्ञानिकहरू भन्छन्- कृष्णले भनेको गीता हामी एक दिन अवश्य पत्ता लगाउँछौं किनभने शब्द जहिले भनिए पनि यो नाश नहुने भएकाले यो आकाशमा नै मौजुद रहन्छ । यो सारा अस्तित्व शब्दको खातले भरिएको छ । यस जगत्मा बोलिएका शब्दहरू अभिलेखको रूपमा संरक्षित हुन्छन् । त्यसैले त धर्म अपशब्द कहिल्यै नबोल्नु भन्दछ किनभने त्यो शब्द कहिल्यै नाश हुँदैन। त्यो शब्द अनन्त यात्रासम्म अभिलेखको रूपमा सुरक्षित हुन्छ। अस्तित्वले शब्दलाई विनाश गर्दैन । आकाश जो सर्वाधिक वस्तुले व्याप्त छ त्यो शब्द हो तर त्यो शब्द देखिँदैन । अतः गलत बोल्नुभन्दा त चुपचाप लाग्नु राम्रो हो । बुद्ध भिक्षुहरूलाई भन्नुहुन्थ्यो- प्रार्थना सुरु गर्नुभन्दा पहिले जगत्को मङ्गलको कामनाबाट र प्रार्थनाको अन्त्य पनि जगत्को मङ्गलको कामनाका साथ गर्नुपर्छ। प्रार्थना बेकार भए पनि मङ्गलको उद्घोष अनन्त कालसम्म सुरक्षित रहन्छ ।

आकाशमा सूक्ष्म सङ्ग्रहित रूप छ जसलाई शब्द भनिन्छ, जो अदृश्य छ र त्यो अदृश्य श्रीकृष्ण 'म' हुँ भन्नुहुन्छ। वेदमा 'म' ओङ्कार हुँ। जगत्मा खोजिएका प्रायः सबै चिज वेदमा छन् तर ती सबैलाई छोडेर श्रीकृष्ण भन्नुहुन्छ- वेदमा 'म' ओङ्कार हुँ, अन्य बाँकी 'म' होइन । बाँकी त सबै संसार हो, 'म' केवल ओङ्कार मात्र हुँ । उहाँको आशय यदि सबै शास्त्र नष्ट भएर ओङ्कार मात्र बच्यो भने पनि सबै शास्त्र बच्छ र सबै शास्त्र बचेर ओङ्कार हरायो भने सबै शास्त्र हराउँछ शास्त्रको अस्तित्व नष्ट हुन्छ । ॐ एउटा अर्थहीन शब्द हो । एउटा सानो ॐ मा सनातन धर्मालवम्बीहरूले समस्त मन्त्रको योगसारलाई बीज रूपमा बन्द गरेका छन् । हिन्दू धर्मावलम्बीहरूले जीवनमा जे अन्तरङ्ग अनुभव र जुन विधिहरू विकसित गरेका छन्, सत्यतिर यात्रा गर्न ती सबैमा ॐ लाई बीज मन्त्रको रूपमा राखिएको छ । सारा

शब्दको विस्तार ॐ को विस्तार हो । ॐ बाट सारा वेद पुनः निर्मित हुन सक्छ । सारा जगत्को शास्त्र अ-ऊ-म् अर्थात् ॐ भएमा निर्माण हुन सक्छ । विज्ञान भैरवतन्त्रमा शिवले पार्वतीलाई भन्नुभएको छ- तिमी धेरै नसोध तिमीलाई म थोरै भन्छु । अ-ऊ-म् को योगबाट बनेको यो जो ॐ छ यसमा तिमी 'अ' लाई भुल 'म्' लाई पनि भुल र जो बिचमा ऊ बच्छ त्यो 'ऊ' मा तिमी डुब । यसो गऱ्यो भने 'म' तिमीमा प्राप्त हुन्छु । यदि 'ऊ' जोडले भन्यो भने हाम्रो पूरा नाभि भित्र पस्छ र बलपूर्वक नाभिमा जोड पर्छ । नाभि जीवनको मूल ऊर्जास्रोत हो; यसमा जसले धक्का दिन्छ उसको जीवनको ऊर्जा उठ्न सुरु हुन्छ र कुण्डलिनी जाग्न थाल्छ । ॐ समस्त वेदको गुह्यतम शक्ति हो । व्यक्तिभित्र जुन परमात्माको ऊर्जा बीजमा लुकेको हुन्छ त्यसलाई सक्रिय गर्ने विधि ओङ्कार हो । त्यसैले श्रीकृष्ण वेदहरूमा म ॐकार हुँ भन्नुहुन्छ ।

श्रीकृष्ण पुरुषमा 'म' पुरुषत्व हुँ भन्नुहुन्छ । यो पुर भनेको नगरी वा बस्ती हो त्यही पुरभित्र बस्ने मालिकलाई पुरुष भनिन्छ । यो पुर स्त्रीको विपरीत होइन किनभने यो पुरुष त स्त्रीको भित्र पनि स्थित हुन्छ । स्त्रीको शरीर अलग हुनाले उसको नगर भिन्न र पुरुषको नगर भिन्न हुन्छ तर दुवै भित्र आसीन हुने पुरुष एकै हुन्छ, पृथक् हुँदैन । जीवनको सृजनामा पुरुष सांयोगिक र स्त्री आधारभूत हुन्छन् । स्त्री पुरुषमा सम्मिलित भएकाले कृष्णले जानेर नै स्त्रीको कुरा गर्नुभएन । यहाँ नगरको कुरा नगरी नगरको बिचमा बस्ने मालिक पुरुषका बारेमा उहाँ भन्नुहुन्छ । स्त्री भित्र पनि त्यो पुरुष तत्त्व हुन्छ । हजारौँ फूल टिपेर प्रशोधन गरी अलिकति अत्तर बनाएजस्तै समस्त पुरको मालिक जहाँजहाँ छ उसभित्रको पुरुषत्व 'म' हुँ भनेर श्रीकृष्ण भन्नुहुन्छ । पुरुष सीमामा बाँधिएको हुन्छ तर पुरुषत्व असीम हुन्छ । जस्तो प्रेमीको सीमा हुन्छ तर प्रेम असीम हुन्छ । पुरुषत्व विराट् आकाश जस्तै सीमाविहीन र शाश्वत छ भने पुरुष त आउने र जाने छन् । पुरुषभित्रको पुरुषत्व निर्गुण, निराकार र शाश्वत हुन्छ । छालहरूमा 'म' सागर हुँ भने जस्तै श्रीकृष्ण पुरुषहरूमा 'म' पुरुषत्व हुँ भन्नुहुन्छ । उहाँ त्यो पुरुषत्वको कुरा गर्दै हुनुहुन्छ जुन जति नै रूप निर्मित र विसर्जित भए पनि ऊ निराकार र अरूप नै हुन्छ ।

*बीजं मां सर्वभूतानां विद्धि पार्थ सनातनम् ।*
*बुद्धिर्बुद्धिमतामस्मि तेजस्तेजस्विनामहम् ॥१०॥*

**हे पार्थ ! सम्पूर्ण प्राणीहरूको वा अस्तित्वको मूल बीज वा उत्पत्तिको सनातन कारण 'म' हुँ । बुद्धिमान्हरूको बुद्धि र तेजस्वीहरूमा रहेको तेज (कान्ति) पनि 'म' नै हुँ ॥**

*बलं बलवतां चाहं कामरागविवर्जितम् ।*
*धर्माविरुद्धो भूतेषु कामोऽस्मि भरतर्षभ ॥११॥*

**हे भरतश्रेष्ठ ! म बलवान्हरूमा रहेको कामवासना र आसक्तिरहित सामर्थ्य हुँ । सम्पूर्ण प्राणीहरूमा रहेको धर्मानुकूल आचरणयुक्त कामवासना पनि 'म' नै हुँ ॥**

व्यक्तिलाई आफ्नो परिचय दिँदा जति कठिनाइ हुन्छ परमात्मालाई आफ्नो परिचय दिन त्यस भन्दा बढी कठिनाइ हुन्छ । ऊ स्वयम्ले आफ्नो परिचय आधा मात्र दिन सक्छ किनभने अस्तित्व विराट् छ र शब्द सारै छुद्र भएकाले व्यक्त हुनै सक्दैन । परमात्माले चाहेको कुरा शब्दको कारणले व्यक्त गर्न सक्दैन र भन्न चाहेको कुरा कुनै न कुनै रूपमा छुट्छ । जे भन्न सकिन्छ त्यो सङ्केतमा मात्र भन्न सकिन्छ । कृष्णलाई पनि त्यही कठिनाइ छ । कृष्णले साधारण कुराबाट उदाहरण दिँदै सम्झाउन खोज्नुभएको छ । मनुष्यसँग कुरा गर्न मनुष्यको भाषा प्रयोग गर्नुपर्छ । त्यसैले कृष्ण सोहीअनुसार इसारा गर्नुहुन्छ तर इसारा त्यसका लागि मात्र उपयोगी हुन सक्छ जसले चन्द्रमालाई औँलाले देखाउँदा प्रतिविम्बमा नभई चन्द्रमामा मात्र नजर लगाउँछ । उहाँले जे बताउँदै हुनुहुन्छ त्यसमा आंशिक इसाराहरू मात्र छन् । इसाराको माध्यमबाट माथि उठ्न सक्ने व्यक्ति नै वास्तविक रूपमा त्यो इसारा बुझ्न समर्थ हुन्छ । श्रीकृष्ण

भन्नुहुन्छ- 'म' वासना र कामनारहित वीर्य र विरक्त वीरता हुँ । मानवभित्र काम र वासना नभएको वीर्यको ऊर्जा 'म' नै हुँ ।

महावीरको जन्मको नाम वर्धमान थियो । वीरताका लागि पछि उहाँको नाम महावीर राखियो । उहाँ गोडा टेक्ता पनि कुनै जीव नमरून् भनेर राम्ररी फुकेर मात्र टेक्नुहुन्थ्यो । उहाँको कसैसँग ईर्ष्या र प्रतिस्पर्धा नै थिएन । उहाँमा अचम्मको वीरता थियो । कृष्णको यस कथनमा उहाँलाई महावीर भन्नुको कारणका बारेमा बताइएको छ । उहाँमा वासना र कामनारहित नवीन वीर्यरूपी ऊर्जाको उदय भएको थियो । महावीरले कठोर साधनाका माध्यमबाट जगत्लाई नै भुलेर केवल आफूलाई मात्र याद राख्नुभयो । उहाँ गाउँ बाहिर नाङ्गो रहनुहुन्थ्यो; तसर्थ गाउँलेहरू उहाँलाई सताउँथे । एक दिन एउटा ग्वालाले उहाँ भएको स्थानमा गाई चराउन लग्यो र उहाँलाई उक्त गाईहरू हेरिदिन अह्रायो । ऊ केही समयपछि फर्किएर आउँदा महावीर ध्यानमग्न हुनुहुन्थ्यो, उसले गाई देखेन । गाईहरू चर्दाचर्दै टाढा पुगेका थिए; त्यसैले उसले गाईहरू कतै भेटेन । साँझ फर्केर घर आउन लाग्दा गाईहरू महावीरको नजिक भएको देख्यो । यसले नै गाई चोरेर राखेको रहेछ र केही बेरपछि घरमा लैजाने यसको मनसाय होला भनेर ध्यानको स्वाङ पारेको ठानी उहाँलाई उसले कुटपिट गऱ्यो र बहिरोको नाटक गरेको भन्दै कानमा ठेडी ठोकिदियो । उहाँको कानबाट रगतको धारा बग्न थाल्यो ।

कथा बडो रसपूर्ण छ । महावीरको अवस्था देखेर देवताहरू पनि दुखी र चिन्तित भए । इन्द्रले आएर उहाँसँग आफूलाई क्षमा गर्नुहोस् भन्दै हजुरको सुरक्षा गर्न हामीलाई आज्ञा दिनुहोस् भने । उहाँले त्यो गोठालो जस्तै हजुर पनि कुनै ढङ्गले मलाई विचलित गराउन आउनुभएको छ कृपया ममाथि दया गर्नुहोस् र म जस्तो अवस्थामा छु त्यही अवस्थामा छाडिदिनुहोस् । जन्म-जन्मान्तरमा मैले धेरैको सहयोग लिएँ तर ती सबै व्यर्थ भए । अब म एक्लै छु र एक्लै रहन चाहन्छु भन्नुभयो । युद्धमा कुशलता र वीरता प्रदर्शन गर्नेहरू पनि महावीरका अगाडि बालकजस्तै हुन् किनभने उहाँको जस्तो वीरता त कुनै वीरहरूसँग पनि हुँदैन । उहाँ अब सम्बन्ध र मित्रता नगाँस्ने र आफू एक्लै पर्याप्त रहेको बताउनुहुन्छ । ज-जसले मलाई सहारा दिएर संरक्षण गर्ने बताए, तिनीहरू नै आफ्नो दुखका कारण बने, त्यसैले अब मलाई कोही चाहिँदैन, म एक्लै रहन चाहन्छु । महावीर पृथ्वीमा एक्लै बस्न सक्ने साहसी व्यक्ति हो र त्यही साहस वीरता हो । सबैभन्दा ठुला पराक्रमी योद्धा पनि एक्लै बस्न नसकी कम्तीमा सुरक्षाका लागि तरवार साथमा राख्दछ । जसको हातमा हतियार हुन्छ उसभित्र कायरता लुकेको हुन्छ । तर महावीर नाङ्गो हुनुहुन्छ र उहाँका साथमा केही पनि छैन किनभने उहाँमा एक्लै बस्ने साहस छ ।

श्रीकृष्ण जसमा काम समाप्त भएको छ र वासना पनि शेष छैन त्यसमा 'म' वीर्य र बल हुँ भन्नु हुन्छ । उहाँ काम र वासनारहित वीर्य 'म' हुँ भन्नुहुन्छ । वासना र काम जहाँ हुन्छ त्यहाँ वीर हुनु भनेको रक्सी खुवाएर युद्धमा लड्न पठाएजस्तै हो । नशामा बहादुर हुन सजिलो हुन्छ किनभने त्यतिखेर व्यक्ति मूर्छित हुन्छ । त्यसैले त हात्तीलाई युद्धमा पठाउँदा रक्सी खुवाएर मात्र पठाइन्छ । कामवासना पनि एउटा विष र मादकपदार्थ जस्तो हो । कामवासनाले भरिँदा व्यक्ति आगो लागेको घरमा पनि वासना पूरा गर्न प्रवेश गर्न सक्छ । तुलसीदासको कथा रोचक छ । उहाँ एक पटक कामवासनाले उद्विग्न भएर रातमा माइत बसेकी श्रीमतीलाई भेट्न आतुरताले अन्धो भएर पुग्दा उहाँकी पत्नीको जुन वासना कामतिर लगाउनु भएको छ, त्यो वासना रामतिर लगाउनुहोस् भन्ने आग्रहबाट तुलसीदासको जीवनले सार्थकता प्राप्त गऱ्यो ।

तीव्र वासनामा व्यक्ति बेहोस हुन्छ र बेहोसीमा भएको बलको कुनै अर्थ रहन्न । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- कामवासना मुक्त बलवान्हरूको 'म' बल हुँ तर जो धर्मले भरिएको हुन्छ त्यसको 'म' कामवासना पनि हुँ । कामवासनारहित बलवान्हरूको 'म' बल हुँ भन्नु भएकोमा यो भनाइ विपरीत जस्तो

पनि लाग्न सक्छ । श्रीकृष्ण धर्मले भरिएको व्यक्तिको कामवासना पनि 'म' हुँ भन्नुहुन्छ। जब व्यक्तिको जीवनमा धर्म उत्रिन्छ तब उसमा कामवासना रहँदैन । जीवनमा धर्मको अवतरण हुने व्यक्तिका सबै क्रियाकलाप धार्मिक हुन्छन् । धर्मले बुद्धि र हृदयलाई मात्र होइन, व्यक्तिको शरीरलाई पनि रूपान्तरण गर्छ। धर्मको घटना घटेपछि व्यक्ति त्यसमा पूरा डुब्छ अनि कामवासना शेष नै रहँदैन । धर्मको अमृतमा विष परे पनि त्यो अमृत नै हुन्छ । धर्मको मुख्य प्रयास नै भित्र रहेको विषलाई हटाई अमृत स्थापित गर्नु हो । हामीभित्रको काम एवम् वासना यदि प्रभुमा अर्पित भएमा त्यो काम एवम् वासनारूपी ऊर्जा पनि ब्रह्मको ऊर्जा बन्दछ । यस प्रकारका व्यक्तिको कामवासनाको गति आमूल रूपमा बदलिन्छ । हामी बेहोस, अचेतन र विक्षिप्त भएर कामवासनाबाट भरिन्छौ र वासनाले हामीलाई बलपूर्वक समातेर कठपुतली बनाउँछ । हामी जब होसमा आउँछौं, तब पश्चात्तापले जलेर दुखी र पीडित हुन्छौं । प्रकृतिले हामीबाट काम लिन्छिन् र हामी उसको दास बनेर आज्ञापालन गर्छौं ।

धर्मको उपलब्धि चुमिसकेको व्यक्ति प्रकृतिको आदेशको सीमाभन्दा पार हुन्छ र उसमा नवीन घटना घटित हुन्छ । यस्ता व्यक्तिहरूले प्रकृतिको आदेश मान्दैनन् बरु उनीहरूले प्रकृतिलाई नै आदेश दिन सुरु गर्दछन् । त्यसबेला उनीहरूमा आमूल परिवर्तन भएर रूपान्तरण हुन्छ । जबसम्म हामी अधर्ममा बाँच्छौं, तबसम्म हामी प्रकृतिको दासजस्तै आज्ञापालक हुन्छौं र प्रकृतिले नै हामीलाई तानेर चलाउँछ । हामीलाई प्रकृतिले नै क्रोध गराउँछ । त्यसैगरी कामवासना पनि हामीलाई प्रकृतिले नै धक्का दिएर गराएको हो, हामी त केवल एक सिकार मात्र हौं । प्रकृतिले चारैतिरबाट हामीलाई धक्का दिइरहेको हुन्छ । धर्मले भरिएको व्यक्ति प्रकृतिभन्दा माथि उठ्छ र प्रकृतिको आज्ञापालक होइन आदेशकर्ता बन्दछ । यसप्रकारका व्यक्तिको जीवनमा कामवासना रहँदैन । यस्ता व्यक्तिका जीवनमा यदि कामको घटना घट्यो भने यसको कारण भिन्न हुन्छ ।

जिसस कुमारी आमा मरियमबाट जन्मिनुभएको हो भनिन्छ । कुमारीबाट कोही जन्मिन सक्दैनन् तर कृष्णको कथनलाई बुझ्ने हो भने कुमारी आमाबाट पनि कोही जन्मिन सक्छ । जिससकी आमा मेरीले जिससको आत्मालाई जन्म दिनका लागि आफ्नो शरीर अस्तित्वको आदेश स्वरूप प्रयोग गर्न दिएकी हुन् भने उनी कुमारी नै हुन् । जब कुनै बालकको जन्म हुन लाग्छ, तब बालकको आत्मा चारैतिरबाट मलाई जन्म देऊ भनेर आमालाई प्रेरित गरिरहन्छ । यद्यपि हामीलाई यो कुरा प्रत्यक्ष अनुभव हुँदैन किनभने हामी बेहोस हुन्छौं र प्रकृतिले हामीलाई धक्का दिएर जन्म गराउँछिन् तर कामवासना जुन दिन धर्मबाट रूपान्तरित हुन्छ, त्यही दिन हामी सचेत रूपमा एउटा आत्मासँग कुरा गर्न सक्छौं जो हामीद्वारा जन्म लिन चाहन्छ । यदि हामी उसलाई जन्म दिन चाहन्छौं भने वासना एवम् कामकृत्यमा उत्रिन भनी सो व्यक्तिले आफ्नो शरीरलाई आदेश दिन्छ । हामी जब कामवासनामा उत्रिन्छौं, तब हामी बेहोस हुन्छौं तर धार्मिक व्यक्ति कामवासनामा उत्रियो भने ऊ पूर्ण होसमा हुन्छ । ऊ आफ्नो शरीरको उपयोग एउटा यन्त्रको भाँती गरिरहेको हुन्छ । मालिक भएर शरीरको उपयोग गर्छ तर शरीरले उसको उपयोग गर्दैन ।

श्रीकृष्ण धर्मले भरिएको व्यक्तिका लागि म कामवासना पनि हुँ भन्नुहुन्छ । यदि व्यक्तिलाई सचेत बनाइयो भने शरीरलाई रूपान्तरण गरेर होइन चेतनालाई रूपान्तरण गरेर व्यक्ति कामवासनामा लाग्दछ । यो एउटा होसपूर्वक रूपान्तरित चेतनाले सहयोग गर्न सक्ने बिधायक मार्ग हो जसको प्रयोग हजारौं वर्षसम्म पूर्वमा गरिएको थियो । महावीर र बुद्धको जीवनमा स्वप्नविज्ञानको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । जैन परम्परामा जब कुनै तीर्थङ्कर आमाको गर्भाशयमा प्रवेश गर्न खोज्छ, तब आमालाई यसका बारेमा सपनामा जानकारी आउन थाल्छ । त्यो सपना कुनै एउटा विराट् आत्मा आमाको गर्भमा प्रवेश गर्न चाहेको साङ्केतिक सन्देश हुन्थ्यो । जैनका चौबिस तीर्थङ्कर लामो समय करिब दश हजार वर्षको अन्तरालमा हुनु भयो तर उहाँहरूकी आमालाई आउने सपना एकै प्रकारको हुन्थ्यो ।

बुद्धलाई जन्माउने आमा उहाँलाई जन्म दिएर तत्काल मर्ने छिन् भन्ने पनि थाहा थियो किनभने बुद्धजस्तो व्यक्तित्वलाई जन्म दिँदा आत्मासम्म प्रसव पीडाको अनुभव हुन्छ । साधारण स्त्रीलाई पनि शरीरको तलसम्म पीडा हुन्छ तर पनि बुद्धकी आमा उहाँलाई जन्माउन राजी हुनुभयो किनभने बुद्धलाई जन्माउने सौभाग्य प्राप्त गर्नु पनि महान् अवसर हो । बुद्धले घोषणा गर्नु भएको छ कि दुई हजार वर्षपछि म धर्तीमा मैत्रेयका नाममा अवतरित हुने छु । दुई हजार वर्षभन्दा बढ्ता समय बितिसकेको छ यद्यपि मैत्रेयलाई असल गर्भ मिल्न सकेको छैन । श्रीकृष्ण त्यो विज्ञानका बारेमा बताउँदै हुनुहुन्छ, जुन दिन चित्त धर्मबाट भरिन्छ त्यस दिनको कामवासना पनि उहाँ नै हुनुहुन्छ ।

त्यस्तै श्रीकृष्ण सम्पूर्ण प्राणीहरूका सनातन कारण पनि 'म' नै हुँ भन्नुहुन्छ । जसलाई हामी कारण भन्छौं, त्यो माथिबाट जोडिएको घटना मात्र हो तर श्रीकृष्ण सबै प्राणीहरूको कारण नभनेर सनातन कारण (Ultimate cause) अर्थात् अनादि कारण भन्नुहुन्छ । यदि हामी एक एक कारण खोज्न थाल्यौं भने यस संसारमा अनन्त कारणहरू हुन्छन् । सानो घटनामा पनि सम्पूर्ण जगत् कारणहरूको जालो लिएर उपस्थित हुन्छ र जति भित्र पस्यो अनन्त कारण भेटिन्छन् किनभने खोजको कुनै अन्त हुँदैन । त्यसैले श्रीकृष्ण कारणहरूमा सनातन कारण 'म' हुँ भन्नुहुन्छ । सनातन कारणको अर्थ यो सबै 'म' बाट सिर्जिएर 'म'मा नै लीन हुने छन्, 'म' विना केही पनि हुँदैन र यी सबै मेरो नै खेल हो भन्ने हो । जसबाट सबै जन्मिन्छ उसैमा समाप्त हुनु सनातन कारण हो । त्यस बिचमा भएका अन्य कारणहरूको जुन जालो छ त्यससँग कुनै सम्बन्ध हुँदैन । अर्जुन र हामी सबै माथिल्लो कारण देख्छौं । अर्जुन भन्दै छन्- मैले यसलाई मारें भने यो मर्ने छ तर श्रीकृष्ण भन्नुहुन्छ- यसमा तिमी कत्ति पनि चिन्ता नगर किनभने यसको जन्म र मृत्यु दुवैको सनातन कारण 'म' नै हुँ । जबसम्म 'म' चाहँदिन तबसम्म यिनीहरू कोही मर्ने छैनन् । त्यसैले तिमी निश्चिन्त भएर युद्ध गर । तिमीले मारेर यिनीहरू मर्नेवाला छैनन् र तिमीले नमार्दैमा वा बचाएर राख्दैमा पनि यिनीहरू बाँच्ने होइनन् । यिनको हुनु र नहुनु 'म'मा निर्भर हुन्छ किनभने 'म' सनातन कारण हुँ ।

यदि परमात्मा सनातन कारण हो भन्ने कुरा बुझ्न सकियो भने व्यक्ति कर्ता बन्ने मोहबाट मुक्त हुन्छ । जुन दिन यो सत्यलाई आत्मसात् गर्न सक्छौं, त्यो दिन अहङ्कार पनि शेष रहन्न । परमात्मा सनातन कारण हो भन्ने कुरा बोध भएपछि व्यक्तिमा कर्तापन पनि रहँदैन । जब कर्तापन हट्छ तब हाम्रो यात्रा परमात्मातिर प्रारम्भ हुन्छ, सबै परमात्माले नै गराउँछ र उही कर्ता हुन्छ । हामीलाई सनातन कारणको बोध भएपछि हाम्रा सुख-दुख, मान-अपमान, जन्म-मृत्युमा पनि हाम्रो उत्तेजना शान्त हुन्छ । उत्तेजनाका सबै कारण क्षणिक हुन् । उत्तेजनाविहीन शान्तिपूर्ण जगत्मा प्रवेश गर्ने हो भने सनातन कारणको स्मरण गर्नुपर्ने हुन्छ ।

त्यस्तै श्रीकृष्ण बुद्धिमान्हरूको बुद्धि 'म' हुँ भन्नुहुन्छ । सबै बुद्धिमान्हरू बुद्धिले युक्त हुँदैनन् । अत्यधिक बुद्धिमान्हरूमा सूचनाको सङ्ग्रह हुन्छ । एउटा भनाइ छ- तिमी मूर्खलाई शिक्षित बनाउन सक्छौ तर उसलाई बुद्धिमान् बनाउन सक्दैनौ (You can educate a fool but you can not make him wise) । धेरैजसो बुद्धिमान्हरूमा बुद्धिको धोका मात्र हुन्छ जो उसले अरूबाट पाएको हुन्छ । बुद्धि प्रज्ञा हो जसलाई (Wisdom) भनिन्छ । यसलाई जसले जान्दछ उसले आफ्नो जीवनलाई फूलजस्तै फुलाउँछ । विवेकसम्मत ज्ञान जीवनको रहस्यको बोध हो, यो कुनै जानकारी र सङ्ग्रह होइन । यो भित्रबाट आएको शाश्वत भाव एवम् होसपूर्ण ज्ञान हो । तथाकथित बुद्धिमान् अतीतको ज्ञानमा निर्भर हुन्छन् । वस्तुतः बुद्धि सदा वर्तमानमा र यहीँ जागृत अवस्थामा हुन्छ ।

श्रीकृष्ण त्यस्तै बुद्धिको कुरा गरिरहनुभएको छ । बुद्धिमान्हरूको 'म' बुद्धि हुँ । बुद्धिमानी वा बुद्धिमत्ता (Intellect) एवम् ज्ञान (Knowledge) होइन, यो त शुद्ध बुद्धि (Intellegence) हो । एउटा

कोठामा जति सामान भऱ्यो उति नै कोठा सानो हुन थाल्छ । त्यस्तै बुद्धिमा जति सूचना भऱ्यो बुद्धि त्यति नै सानो हुन्छ । बुद्धि त खाली स्थान हो । बुद्धिमान् त्यो हो जो आफ्नो बुद्धिलाई सदा खाली, ताजा र सजग राख्दछ । जति सूचनाहरू भित्र भरिन्छ त्यति नै बुद्धि सङ्कुचित हुन्छ अर्थात् बुद्धिको जरुरत कम पर्दछ किनभने हामी सूचनाबाट नै काम चलाउँछौँ । श्रीकृष्ण 'म' त्यो खाली स्थान हुँ भन्नुहुन्छ जसलाई उपनिषद्मा हृदयको अन्तर स्थान भनिएको छ । यो पूरा खाली अन्तर गुफासम्म जो पुग्न सक्छ त्यो परमात्माको मन्दिरमा प्रवेश गर्छ । बुद्धिको अर्थ बाठो हुनु होइन । बुद्धिको अर्थ भित्रको शून्य अन्तरगुफामा प्रवेश गर्नु हो । त्यही शून्यमा उभिएर सत्यको दर्शन हुन्छ । श्रीकृष्ण तपस्वीहरूमा 'म' तप हुँ, तपस्या होइन भन्नुहुन्छ । तप र तपस्या दुवै एक शब्द जस्ता छन् तर तपस्याको जोड कृत्यमा हुन्छ भने तपको जोड आन्तरिक उपलब्धिमा हुन्छ । तपस्या गर्ने क्रिया बाह्य कृत्य हो । उपवास, प्राणायाम, आसन यी सबै तपस्याका बाहिरी कृत्य हुन् । कुनै अज्ञानी वा अहङ्कारीले पनि यो कृत्य गर्न सक्ने हुँदा भित्र कुनै पुण्य फलित नहुन सक्छ । तपस्वीहरूका बारेमा अनुसन्धान गर्ने हो भने अत्याधिक तपस्वीहरू प्रदर्शनकारी हुन्छन् किनभने तपस्यामा अहङ्कारको तृप्ति पनि हुन सक्छ ।

जब कुनै व्यक्ति दुख-सुख, सम्मान-अपमान, जीवन-मृत्यु आदिमा पनि दुख मान्दैन, तब उसभित्र स्वयम्मा स्थिर हुन सक्ने तत्त्व पैदा हुन्छ, यही तप हो र तपको अर्थ आत्मवान् हुनु हो । जबसम्म यी अनुभूतिहरूले हामीलाई हल्लाउँछन्, तबसम्म हामी कमजोर हुन्छौँ । परिपक्व अवस्था तब आउँछ जब द्वन्द्वको बिचमा समता भाव फलित हुन्छ । तपस्या रूप र दृश्य हो भने तप रूपविहीन अदृश्य र समता हो । श्रीकृष्ण तपस्वीहरूमा आफूलाई तप भन्नुहुन्छ । उहाँ अनेक मार्गबाट बुझाउने प्रयास गर्नुहुन्छ । मलाई तिमी कहीँबाट खोज र चिन, मेरा द्वारहरू अनेक छन् । तिमी दृश्यलाई छोडेर अदृश्यमा उत्रिन सक्यौ भने, रूपलाई छोडेर अरूपमा हेर्न सक्यौ भने तिमी मलाई चिन्ने छौ । त्यति मात्र होइन; आकारलाई छाडेर निराकारमा, व्यर्थलाई छाडेर सारभूतमा जान सक्यौ भने पनि तिमीले मलाई चिन्ने छौ । श्रीकृष्णले 'म' सनातन कारण हुँ भनेर छाडिदिन पनि सक्नुहुन्थ्यो तर यति धेरै उदाहरण दिनुको कारण हाम्रो चित्तको अवस्थालाई हेरेर हो । अर्जुनले त्यो क्षण ग्रहण गर्न सकून् भनेर नै करुणावश श्रीकृष्णले यति धेरै उदाहरणहरू दिनुभएको हो । त्यसैले त उहाँले अलग-अलग मार्गबाट घचघच्याइरहनुको कारण अर्जुनको सम्पूर्ण द्वार खुलोस् र उनी त्यही द्वारबाट प्रवेश गर्न सकून् भन्ने हो ।

*ये चैव सात्त्विका भावा राजसास्तामसाश्च ये ।*
*मत्त एवेति तान्विद्धि न त्वहं तेषु ते मयि ॥१२॥*

**सत्त्वगुण, रजोगुण र तमोगुणका भाव एवम् वस्तुहरू जे जति छन् ती सबै मबाट नै उत्पत्ति भएका हुन् । म स्वतन्त्र भएकोले तिनीहरूका अधीनमा छैन तर मेरा अधीनमा तिनीहरू छन् ॥**

प्रकृति परमात्मामा निर्भर छ तर परमात्मा प्रकृतिमा निर्भर छैन । यो विरोधाभासी जस्तो देखिने भनाइको सार गहन छ । श्रीकृष्ण भन्नुहुन्छ- सत्त्व, रज र तमोगुणले बनेको प्रकृति 'म'मा छ तर 'म' प्रकृतिमा छैन अर्थात् 'म' निर्लिप्त छु । एउटा ठुलो वृत्त बनाऔँ, त्यसभित्र सानो वृत्त पनि बनाऔँ । यसो गर्दा ठुलो वृत्तमा सानो वृत्त हुन्छ तर सानो वृत्तमा ठुलो वृत्त अटाउँदैन । प्रकृति असीम र विराट् छ जसको सुरु र अन्त्य नै जान्न सकिन्न तर परमात्माका दृष्टिमा प्रकृति केही पनि होइन मात्र सानो र सीमित वृत्त जस्तै हो । यस्ता अनन्त प्रकृति परमात्मामा हुन्छन्, जुन बन्छन् र समाप्त हुन्छन् । परमात्माभित्र नै सबै कुरा घटित हुन्छ । त्यसैले त श्रीकृष्ण भन्नुहुन्छ- सबै कुरा 'म' मा छ तर 'म' उसमा छैन । विराट् छुद्रमा हुँदैन तर छुद्र विराट्मा हुन्छ ।

जो प्रकृतिसँग मात्र रहन्छ, त्यसमा परमात्मा हुँदैन तर जो परमात्मामा प्रवेश गर्छ त्यसमा प्रकृति पनि हुन्छ । कृष्ण, जिसस, बुद्ध, महावीर लगायत हामी सबैमा पनि प्रकृतिले बराबर काम गर्दछ ।

जिससलाई शूलीमा चढाउँदा हामीलाई जस्तै दुख्छ तर उहाँलाई शूलीमा चढाउँदा उहाँ प्रकृतिबाट पार भएर परमात्मामा प्रवेश गर्नुहुन्छ । हामी मृत्युको निकट हुँदा पीडित भएर छटपटिन्छौँ किनभने प्रकृतिका अतिरिक्त हामीले केही पनि जानेका छैनौँ । शरीर छुट्दा प्रकृति पनि टुट्छ त्यसैले हामी नष्ट हुन्छौँ । तर क्राइस्टको प्रकृति छुट्दा उहाँ आनन्दित हुनुहुन्छ किनभने उहाँ त्यो ठुलो वृत्तमा थाहा पाएर प्रवेश गर्दै हुनुहुन्छ । जब हाम्रो प्रकृति टुट्छ तब केवल प्रकृति मात्र टुट्छ किनभने हामीलाई परमात्माको जानकारी छैन । जसले परमात्मालाई जान्यो ऊ प्रकृतिको साक्षी हुन्छ । उसले सानो वृत्त देखे पनि ऊ ठुलो वृत्तमा स्थित हुन्छ । परमात्मालाई नजान्ने मानिस सानो वृत्तका अतिरिक्त केही पनि देख्दैन । प्रकृतिमा अतिशय मन लाग्ने व्यक्तिलाई परमात्मातिर जान सम्भव हुँदैन ।

सन् १८८० मा युरोपको स्पेनमा अल्तामिराको गुफा पत्ता लाग्यो । यसको खोजमा ज्यादै रोचक घटना घट्यो । एउटा ठुलो जमिनदार दान मार्सिलानोको पहाडी भागमा यो गुफा पाइयो । त्यो गुफामा वर्षामा माटाको कारण भ्वाङ परेको थियो । त्यहीँबाट एउटा कुकुर भित्र पस्यो तर निस्कन नसकेपछि भुक्न थाल्यो । किसान मार्सिलानोले जमिन खनेर कुकुर निकाले । कुकुर त निस्कियो सँगसँगै गुफाको आविष्कार पनि भयो । मार्सिलानो इतिहासका विद्यार्थी थिए जो मानिसको हड्डीको अनुसन्धान गरिरहेका थिए । गुफामा बहुमूल्य हड्डी पनि पाउन सकिन्छ भन्ने सोचका कारण टर्च बालेर उनी गुफाभित्र पसे । उनी छ दिनसम्म निरन्तर हड्डीको खोजमा तल्लीन रहे र सातौँ दिनमा सानी छोरी पनि उनीसँग प्रवेश गरिन् । उक्त गुफामा ती सात वर्षकी केटीले टर्चलाइटको प्रकाशमा आफ्ना बुबालाई माथि हेर्न आग्रह गरिन् । मार्सिलानो हड्डीको खोज र अनुसन्धानमा यति व्यस्त थिए कि उनले माथि सिलिङ्गमा हेरेका पनि थिएनन् । जब उनकी छोरीले चिच्याएर माथि हेर्न आग्रह गरिन्, तब सिलिङ्गमा बहुमूल्य चित्रहरू कोरिएका भेटिए । ती चित्र अत्यन्त सुन्दर र भर्खरै कोरिएका जस्ता देखिन्थे तर ती चित्रहरू बिस हजार वर्ष पुराना थिए ।

तिनै प्राचीन चित्रका कारण अल्तामिराको गुफा विश्वप्रसिद्ध भयो । ती यस्ता बहुमूल्य र अद्भुत चित्रहरू थिए कि पिकासोले बनाएका चित्रहरूभन्दा कम सुन्दर थिएनन् । पुरानो समयमा यति सुन्दर चित्र बनाउने साधन थिए भनेर पत्याउन मुस्किल पर्‍यो । त्यस गुफामा एउटा साँढेको चित्र यति अद्भुत थियो कि जसको मुकाबिला गर्न आज पनि कुनै चित्रकारले सक्दैन । हड्डीको खोजमा तल्लीन भएकाले मार्सिलानोको ध्यान माथि सिलिङ्गमा गएन तर उनकी छोरीले माथितिर नजर पुर्‍याएको हुनाले उनी ती चित्र खोज्न सफल भइन् । यसैप्रकार जबसम्म हामीहरू पनि प्रकृतिमा र जमिनको कामनारूपी हड्डीको खोजमा तल्लीन हुन्छौँ, तबसम्म परमात्मातिर दृष्टि पुर्‍याउन असमर्थ हुन्छौँ । जब माथितिर मार्सिलानोकी छोरीको जस्तै ध्यान दृष्टि पुग्दछ, तब मात्र हामी लक्ष्य चुम्न सफल हुन्छौँ । तल हेरेर होइन माथि परमात्मातिर दृष्टि पुर्‍याउनुपर्छ । कामना, वासना, धन र पद प्रतिष्ठाको खोज पनि हड्डीको खोज नै हो । प्रकृतिमा रुमल्लिएको मन न त माथि उठ्छ न त ठुलो वृत्तलाई नै देख्न सक्छ ।

श्रीकृष्ण 'म' मा प्रकृति छ तर 'म' प्रकृतिमा छैन भन्नुहुन्छ । सानो वृत्त ठुलो वृत्तमा हुन्छ भने नियमअनुसार ठुलो वृत्त सानो वृत्तमा हुनुपर्ने हो तर प्रकृतिमा पनि परमात्मा छ भनेर मान्ने हो भने व्यक्तिले प्रकृतिभन्दा माथि उठ्ने चेष्टा नै गर्दैन । यसोभन्दा शरीर नै परमात्मा हुन्छ । व्यक्तिमा शरीरबाट माथि किन उठ्नु भन्ने भाव आउन सक्छ र उसले परमात्मा तत्त्वको खोज नै गर्दैन । जुन दिन ठुलो वृत्तलाई कसैले जान्दछ, त्यो दिन उसले प्रकृति पनि त्यसमा नै छ भनेर जान्ने छ । परमात्मारूपी त्यो ठुलो वृत्त पनि प्रकृतिमा छ भन्ने बित्तिकै हामीजस्ता अज्ञानी आफ्ना हरेक कृत्यमा परमात्माको खोजको विचार नै मेटाउँछौँ । त्यसैले त श्रीकृष्ण जानेरै प्रकृति 'म'मा छ तर 'म' प्रकृतिमा छैन, तिमीले प्रकृतिमा जति खोजे पनि मलाई पाउन सक्दैनौ तर मलाई पायौ भने प्रकृति त स्वतः पाइहाल्छौ भन्नुहुन्छ । धनले

व्यक्ति धनी हुँदैन । परमात्माको खोजीले भने दरिद्र पनि धनी हुन्छ तर हामी प्रभुबाहेक अन्य सबै कुराको खोजीमा रहन्छौं । तसर्थ न त खोजेको पाइन्छ न त प्रभु नै भेटिन्छ । यश जति खोजे पनि पाइँदैन तर प्रभु खोज्दा त स्वतः यशस्वी भइन्छ । प्रेम बाहिर कहीँ खोज्दा पाइन्न तर प्रार्थनालाई खोजे जीवन सुगन्धले भरिएर प्रेमपूर्ण हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- सत्त्व, रज र तमोगुण सबै 'म' मा छ तर 'म' त्यसमा छैन । परमात्मा प्राप्ति विना सात्त्विक व्यक्ति पनि धार्मिक हुन सक्दैन तर राजसी र तामसी गुणले युक्त मानिसमा परमात्मा प्रवेश गऱ्यो भने ऊ तत्काल सबै गुणबाट पार हुन्छ । आफ्नै बलले कुनै व्यक्ति सात्त्विक भयो भने ऊ अहङ्कारी हुन्छ, अर्थात् उसमा पवित्र अहङ्कारले जन्म लिन्छ । यदि कोही दीनहीन, कुरूप र पापी छन् भने पनि परमात्मामा फड्को मार्न सक्यो भने तत्काल आगोमा फोहर जलेजस्तो परमात्माको आगोमा सबै पाप र अहङ्कार जल्दछ । अहङ्कार नाश नभई परमात्मा पाउन सकिन्न । त्यसैले श्रीकृष्ण पहिले तिमी परमात्मा खोज भन्नुहुन्छ । अर्जुन भन्दै छन् कि मलाई यो युद्धबाट भाग्न दिनुहोस् किनभने म राजसी र तामसी भाव त्यागेर सात्त्विक हुन चाहन्छु । राज्य प्राप्त गर्नका लागि गरिने काटमार छुद्र व्यवहार मेरो सात्त्विक मनलाई प्रिय लाग्दैन । युद्ध गर्नुभन्दा बढ्ता त भाग्नु वा भिख मागेर खानु नै उत्तम हुने छ । युद्ध गर्नुभन्दा म जङ्गलमा प्रार्थना गरेर बस्न उपयुक्त ठान्दछु ।

श्रीकृष्ण भन्नुहुन्छ- सत्त्व, रज र तम यी तीन तत्त्व 'म'मा नै छन् । त्यसैले यदि तिमी 'म'मा समर्पित नभई सात्त्विक हुन चाह्यौ भने तिमी अहङ्कारी हुने छौ । तिम्रो सत्वबाट समस्याको हल हुँदैन । पहिले तिमी ममा प्राप्त होऊ अनि सत्त्व, रज र तमका बारेमा सोच । त्यसपछि तिमी प्रकृतिका बारेमा पनि विचार गर । नीतिले सात्त्विक बन र धर्मले धार्मिक होऊ भन्छ । धर्म र नीतिमा यही अन्तर छ । नीति भन्छ पहिले आफ्नो स्वभाव, आचरण बदल; धर्मले भन्छ पहिले प्रभुमा प्रवेश होऊ किनभने धर्मलाई प्राप्त नगरी आचरण मात्र परिवर्तन गरे पनि त्यो तिम्रै आचरण हुने छ जो तिमी भन्दा ठुलो हुँदैन । कुनै व्यक्ति पनि आफैँद्वारा सदाचरणमा उपलब्ध हुन सक्दैन ।

श्रीकृष्ण भन्नुहुन्छ- परमात्मामा पहिले दृष्टि लगाऊ, परिवर्तन आफैँ हुन्छ किनभने त्यसबेला तिमी परमात्माकै हात हुने छौ । विराट् देख्नासाथ हामी भित्रका छुद्रताहरू स्वतः हट्न थाल्छन् । जुन दिन परमात्माप्रति दृष्टि उठ्छ त्यसैदिन त्यो विराट्मा सम्पूर्ण प्रकृति देखिने छ र हामी अर्कै व्यक्ति हुने छौं । त्यस दिन बेठिक कार्य गर्न असम्भव हुने छ । त्यसपछि काम र क्रोध फुट हुनै सक्दैन किनभने स्वयम् परमात्मा नै देखेपछि कसैले पनि गलत कार्य गर्न सक्दैन । जब कोही परमात्मामा एक हुन्छ, तब कर्ता समाप्त भएर केवल प्रभु मात्र कर्ता हो भन्ने थाहा हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- 'म'मा सारा प्रकृति छ, त्यसैले तिमी मलाई खोज अनि प्रकृति तिमीलाई प्राप्त हुन्छ तर प्रकृति खोजेर मलाई पाउँदैनौ । सत्त्वगुणको कुरा नगर; रज र तमोगुणको पनि निन्दा नगर किनभने यी तीन गुण 'म'मा नै छन् । त्यसैले तिमी मेरो शरणमा आऊ । तिमी खण्डको होइन अखण्ड अर्थात् पूर्णताको कुरा गर । परमात्मालाई बुझ्नासाथ सबै वस्तु र व्यक्ति आफ्ना लाग्ने छन्, भित्र प्रफुल्लता फुल्ने छ र सबै आफ्ना हुन् भन्ने भावले परमानन्दमा विराजमान हुने छौ । प्रकृतिमा खोज्ने व्यक्तिले यो आनन्द पाउँदैन तर परमात्मामा जसले खोज्छ उसले त्यो आनन्द प्रकृतिमा पनि पाउने छ ।

श्रीकृष्ण भन्नुहुन्छ- यदि प्रकृतितर्फ तिमीले ध्यान दियौ भने तिमी 'म' सम्म आइपुग्न सक्दैनौ । यद्यपि प्रकृति 'म' मा हुन्छ तर पनि तिमी 'म' कहाँ आउन पाउँदैनौ किनभने 'म' अदृश्य रूपमा लुकेको हुन्छु । जे तिमी देख्छौ त्यो 'म' होइन र जे देखिँदैन त्यो 'म' हुँ । तिमी अदृश्यलाई देख्न सफल भयौ भने दृश्यमा हेर्न ज्यादै सरल हुन्छ । ध्वनिरहित ध्वनि सुन्न सक्नेले ध्वनि सुन्न र शब्दरहित शब्द जान्न सक्यो भने शब्द सजिलै जान्न सकिन्छ । विराट्लाई हेर्न सक्नेले छुद्र वस्तुलाई सजिलै हेर्न सक्छ । त्यसैले कृष्णको

पद्धति पूर्णबाट प्रारम्भ गर्ने पद्धति हो । समस्त विज्ञानको पद्धति खण्डबाट सुरु गर्ने हुन्छ भने धर्मको पद्धति पूर्णबाट प्रारम्भ गर्ने हुन्छ । धर्म र विज्ञानको अन्तर यही हो । विज्ञान परमाणुबाट वा छुद्रबाट सुरु गर्छ किनभने जति छुद्र हुन्छ त्यति नै व्यक्तिले त्यसलाई सजिलोसँग विश्लेषण गर्न सक्छ । धर्मले विराट्बाट सुरु गर्ने हुँदा यसलाई विश्लेषण गर्न सकिन्न । विराट्लाई जान्न स्वयम् नै विराट्को चरणमा पर्नुपर्छ । धर्म पूर्णबाट सुरु हुने हुनाले यसको विधि समर्पण हो भने विज्ञान छुद्रबाट सुरु हुने हुनाले यसको विधि सङ्घर्ष हो । विज्ञान आफूलाई जित्ने भाषामा र धर्म समर्पण अर्थात् आफूलाई हार्ने भाषामा सोच्दछ । श्रीकृष्ण 'म' त यो छुद्रमा पनि छु तर तिमी पूर्णबाट सुरु गर भन्नुहुन्छ ।

*त्रिभिर्गुणमयैर्भावैरेभिः सर्वमिदं जगत् ।*
*मोहितं नाभिजानाति मामेभ्यः परमव्ययम् ॥१३॥*

**सत्त्व, रज र तम यी तीन गुणको कार्यरूपले मोहित भएका प्राणीहरू समग्रमा यो संसार, तिनीहरूभन्दा माथि या अलग रहेको आफैँलाई पैदा गर्ने अविनाशी 'म'लाई चिन्न असमर्थ छन् ॥**

श्रीकृष्ण भन्नुहुन्छ- सम्पूर्ण मानिस प्रकृतिका मोहमा हुन्छन् । मोहको कारण बहाना फरक फरक हुनसक्छ तर मोहको परिणाम भने एउटै हुन्छ । तीन गुण सत्त्व, रज र तमबाट मोहित हुनेहरूले 'म'लाई जान्न सक्दैनन् अर्थात् गुणबाट मोहित हुनेहरूले अविनाशी तत्त्वलाई जान्न सक्दैनन् किनभने 'म' ती गुणभन्दा माथि छु । रज र तमोगुणीले मात्र होइन सत्त्वगुणीले पनि 'म' लाई जान्न सक्दैन । नराम्रो वा खराब प्रवृत्तिका मानिसका साथै सत्त्वगुण प्रधान व्यक्ति पनि प्रकृतिमा नै मोहित हुन्छन् । राम्रो काम पनि परमात्मामा समर्पित नगरीकन मोहवश गरेमा त्यसबाट पनि अहङ्कार नै निर्मित हुन्छ । सात्त्विक व्यक्तिहरू पनि आफ्नै प्रक्रियाअनुसार आफ्नो अस्तित्व बलियो बनाउन लागिरहेका हुन्छन् । परमात्मा अर्थात् 'परमका' अतिरिक्त सबै सम्मोहन हो । परमात्माका अतिरिक्त सबै मोहको आधार बनेर मनलाई मूर्छित तुल्याउँछन् ।

अर्जुन सत्त्वसँग मोहित भएकाले श्रीकृष्ण भन्दै हुनुहुन्छ- सबै कर्म चाहे राम्रो वा नराम्रो नै किन नहोस् त्यो सबै प्रकृतिको हो र त्यो प्रकृतिसँग मोहित हुने व्यक्तिले मलाई प्राप्त गर्न सक्दैन । कृष्णको यस कथनको निष्पत्ति परमात्मालाई पाउन दुष्कर्मबाट मात्र होइन सुकर्मबाट पनि माथि उठ्नुपर्छ भन्ने हो । उसलाई पाउन असत् वृत्तिका साथै सत्वृत्ति पनि त्याग्नुपर्छ । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! तिमी सत्त्वमा लाग्ने विचार नगर र साधुताको कुरा पनि नगर किनभने 'म'मा प्राप्त नभई कोही पनि साधु हुनै सक्दैन । त्यसभन्दा अघि उहाँ सबै मनको धोका मात्र हो भन्नुहुन्छ । जबसम्म प्रकृतिको गुणभन्दा माथि कोही उठ्दैन, तबसम्म साधु बन्ने कुरा धोका मात्र हो । चित्त यस्तो समतामा हुनुपर्छ कि राम्रो-नराम्रो, काम-क्रोध, लोभ-मोह, सेवा, सद्भाव, मङ्गल, कल्याण आदि कुनैले पनि आकर्षण वा अनाकर्षण गर्न नसकोस् । यस्तो स्थितिमा चित्त स्थिर हुन्छ, अन्यथा भौँतारिन्छ । चित्त तब मात्र रोकिन्छ जब दुवैबाट माथि उठ्छ र यस्तो अवस्थामा एउटा नयाँ आयाममा यात्रा सुरु हुन्छ । त्यो यात्रा अन्तरयात्रा वा ऊर्ध्वयात्रा हो । त्यसपछि मात्र व्यक्ति प्रकृतिभन्दा माथि उठेर परमात्मालाई अनुभव गर्न सक्ने हुन्छ । त्यसैले साधुलाई भन्दा सन्तलाई मूल्य र आदर दिइएको हो ।

साधु र दुष्ट दुवै एउटै संसारमा रहन्छन् । एउटा सुकर्ममा र अर्को दुष्कर्ममा व्यस्त हुन्छन् तर दुवैको नजर आकाशतिर नभई जमिनमै हुन्छ । सन्त त्यो हो जो राम्रो-नराम्रोबाट आफ्नो दृष्टि उठाएर परमात्मालाई चिन्न सक्षम हुन्छ । परमात्मालाई जानिसकेको व्यक्ति नै सन्त हो । परमात्मा चिन्न नसक्ने व्यक्तिको साधुता दुष्टको विरुद्ध सङ्घर्ष मात्र हुन्छ । साधु त्यो हो जसले क्रोधलाई भित्र दबाएर अक्रोधी, दुष्ट प्रवृत्तिलाई भित्र दबाएर सज्जन र अहङ्कारलाई दबाएर विनम्र भएको छ। तर भित्र सबै विकृति मौजुद हुन्छ किनभने त्यो भित्र दबिएर बसेको हुन्छ र विश्रामको प्रतीक्षा गरिरहेको हुन्छ । जबसम्म

दुष्प्रवृत्ति कायम रहन्छ साधुपन केवल सतही मात्र हुन्छ । सन्त परमात्मालाई जान्ने व्यक्ति हो । उसभित्र कुनै सङ्घर्ष, असङ्गति दबिएको नहुँदा विपरीतको कुनै सम्भावना हुँदैन । परमात्मालाई चिन्ने बित्तिकै व्यक्तिको दुष्टता स्वतः समाप्त भई ऊ सन्त हुन्छ । ठुलो वृत्त परमात्मा हो, त्यसभित्रको सानो वृत्त प्रकृति हो र त्यसभन्दा पनि सानो वृत्त मनुष्य हो । प्रकृति परमात्मामा हुन्छ तर परमात्मा प्रकृतिमा हुँदैन, त्यस्तै मनुष्य प्रकृतिमा हुन्छ तर प्रकृति मनुष्यमा हुँदैन । मनुष्य प्रकृतिका विरोधमा लड्यो भने निश्चित हार्ने छ किनभने प्रकृति विराट् छ । प्रकृति व्यक्तिमा भित्र लुकेको छ तर व्यक्ति सदैव प्रकृतिसँग लडेर हार्दछ ।

जब हामी क्रोधसँग लड्छौं, तब हामी प्रकृतिको एक हिस्सासँग लडिरहेका हुन्छौं । क्रोध गहिरो भएकाले हामीले क्रोध नगर्ने निर्णय गरे पनि भित्रको गहिरो प्रकृतिले वास्ता गर्दैन र क्रोध गरिहाल्छौं। प्रकृतिसँग हामी आफ्नो बल एवम् शक्तिले लड्न सक्दैनौं, त्यसैले त हामी प्रतिदिन हार्छौं । यदि प्रकृतिलाई हराउनु छ भने त्यो ठुलो वृत्तको सहारामा जानुपर्छ । परमात्माको सहारा पाएपछि मात्र प्रकृतिलाई हराउन सम्भव हुन्छ । जसरी प्रकृति हामीभन्दा विशाल भएका कारण हामी उससँग हमेसा हार्छौं, त्यसरी नै प्रकृति पनि त्यो विराट् शक्तिसँग हार्छ किनभने परमात्माका अगाडि प्रकृति केही होइन । उदाहरणका लागि परमात्मा सागर हो, प्रकृति त्यसको छाल हो र हामी त त्यो तरङ्ग माथि एउटा सानो तृण मात्र हौं । त्यसैले हामी हमेसा छालबाट हार्छौं तर सागरको सहारा लियौं भने निश्चित रूपमा जित्ने छौं । परमात्माको सहारा लिनु र उसमा समर्पित हुनुको अर्थ हो प्रकृतिसँग मनुष्यको सिधा लडाइँ असम्भव छ । त्यसैले परमात्मामा समर्पित हुने बित्तिकै हाम्रो प्रकृतिसँगको लडाइँ नै समाप्त हुन्छ र परमात्मालाई देख्नासाथ प्रकृति शान्त हुन्छ ।

आफैँ सात्त्विक हुने चेष्टा परमात्मामा समर्पित नभई प्रकृतिसँग लड्ने चेष्टा मात्र हो । परमात्मा यी तीन गुणभन्दा माथि हुन्छ । जब चित्तमा यी तीन गुण हुँदैनन्, तब चित्त परमात्मातिर उठ्छ । रजस् र तमस् शक्तिका दुवै दिशाहरू सन्तुलित भएर बन्द भए पश्चात् शक्ति माथितिर तेस्रो यात्रातिर जान थाल्छ र त्यो तेस्रो यात्रा परमात्माको यात्रा हो जहाँ शुभ-अशुभ एवम् द्वन्द्व नभई अद्वैत मात्र हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- पहिला तिमी त्यो परमात्माको ज्योतिको दर्शन गर अनि सत्त्व वा साधुताको कुरा गर । तिमीमा परमात्माको नजर पर्नासाथ तिमी साधु बन्नै पर्दैन, आफैँ साधु बन्ने छौ । एकपटक उसको दर्शन गर त्यसपछि तिमी पार हुन्छौ तर उसको दर्शन पाउनका लागि प्रकृतिका तीन गुण सत्त्व, रज र तमबाट माथि उठ्नुपर्छ । श्रीकृष्ण यी तीन गुणसम्म प्रकृति छ र यसभन्दा माथि म गुणातीत छु भन्नुहुन्छ ।

*दैवी ह्येषा गुणमयी मम माया दुरत्यया ।*
*मामेव ये प्रपद्यन्ते मायामेतां तरन्ति ते ॥१४॥*

**प्रकृतिका सत्त्व, रज र तम गुणले युक्त मेरो अलौकिक शक्तिबाट पार पाउन ज्यादै कठिन छ तर कुनै पुरुष मेरो शरणमा पर्छन् र मलाई निरन्तर भज्दछन् भने तिनीहरू माया र भवसागरबाट सजिलै पार हुन सक्छन् ॥**

प्रकृतिको शक्ति अलौकिक, अद्भुत, एवम् कठिन छ किनभने प्रकृतिको शक्ति पनि परमात्माको शक्ति नै हो । हामी पनि त्यही शक्तिबाट निर्मित भएका हौं । हामीभित्रको चैतन्य बाहेक सबै कुरा प्रकृतिबाट बनेको छ । हाम्रो शरीर, मन, बुद्धि सबै कुरा प्रकृति निर्मित हुन् । हामी जब माटोसँग लड्छौं तब हाम्रो माटो नै लडिरहेको हुन्छ । हामी प्रकृतिलाई नै प्रकृतिका विरुद्धमा लडाइरहेका छौं । त्यसैले हामी प्रकृतिलाई जित्न सक्दैनौं किनभने प्रकृति ज्यादै व्यापक छ । कृष्णको भनाइअनुसार प्रकृति ज्यादै विचित्र, अद्भुत र अलौकिक छ । यो शक्ति असाधारण हुनुका कारण त्यो परमात्माको नै शक्ति भएर हो । लहर जति सानो भए पनि त्यो सागरको नै अंश हो । त्यसैले जब व्यक्ति आफ्नो क्षमताले लडेर पार गर्छु भन्ने विचार गर्छ तब त्यो ज्यादै कठिन हुन्छ तर परमात्माको सहारा लिएमा यो सम्भव हुन्छ । तसर्थ श्रीकृष्ण

मेरो सहारा लिएर 'म' मा भरोसा राख्यौ भने त्यो ज्यादै सरल हुनेछ भन्नुहुन्छ । विराट् शक्तिसँग भरोसा भएमा लडाइँ ज्यादै सजिलो हुन्छ तर व्यक्ति आफैँ लड्यो भने जित्न असम्भव हुन्छ । कृष्णको निरन्तर भजनले मात्र प्रकृतिरूपी संसारबाट पार पाइन्छ ।

निरन्तर भज्नु आत्यन्तिक भावदशा हो । जहाँ जे दृश्य छ त्यहाँ कृष्णकै स्मरण रहोस् । फूल देख्दा फूलको होइन, भोजन गर्दा भोजनको होइन कृष्णको स्मरण रहोस् र फूल, भोजन कृष्णरूप बनोस् । उठ्दा, बस्दा, सुत्दा रौँ रौँमा भावपूर्वक कृष्णको स्मरण नै भइरहोस्, सुख-दुख एवम् विपत्तिमा पनि उनको नै स्मरण रहोस् र सबै कुरा उनैमा समर्पित होओस् । यस्तो भाव भएमा हाम्रो चेतना त्यहीँ बग्न थाल्छ जहाँ हाम्रो स्मृति हुन्छ । यस्तो भावमा प्रवेश गऱ्यो भने परमात्माको भजन निरन्तर हुन्छ । आमा र बच्चाको प्रेममा शब्द हुँदैन, केवल भावदशा हुन्छ । आमाले बच्चालाई छातीमा टाँस्दा बच्चा उनमा समाहित हुन्छ । आमा र बच्चाको जस्तै निरन्तर हामी र परमात्माका बिचमा त्यस्तै भावपूर्ण सम्बन्ध स्थापित गरेमा यस्तो व्यक्ति परमात्माको निरन्तर भजनमा हुन्छ ।

प्रभुस्मरण गर्ने भावको अन्तरधारा बगिरह्यो भने यस्ता व्यक्तिको परमात्मासँग सेतु निर्मित हुन्छ । यस्तो सेतु निर्मित भएपछि व्यक्ति प्रकृतिभन्दा निर्बल हुँदैन । श्रीकृष्ण भन्नुहुन्छ- जबसम्म सेतु बन्दैन, तबसम्म प्रकृति महान् शक्तिशाली हुन्छ र सेतु बनेपछि व्यक्तिको शक्ति परमात्माकै शक्ति भएर प्रकृतिलाई सहजतापूर्वक पराजित गर्न सकिन्छ । हामी आफ्नो शक्तिले प्रकृतिसँग लड्न असमर्थ छौँ यद्यपि हरेक असफलतापछि सफलता पाउने आशामा त्यही भुल गरिरहन्छौँ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- 'म' प्रति समर्पित होऊ र यो दौडबाट बच । यी प्रकृतिका तीन गुण र सम्मोहनको जाल मेरो योगमाया हो । यो योगमायामा सारा जगत् दौडिरहेको छ । तिमी स्थिर भएर मेरो स्मरण गर । परमात्माको स्मरण सम्मोहनको विपरीत हुन्छ र यसले सम्मोहनलाई तोडेर समाप्त पार्छ ।

बाटामा सुन्दरी युवती देख्दा ती युवतीमा पनि कृष्णको, भित्र जहाँबाट यो आकर्षण आएको छ त्यहाँ पनि कृष्णकै स्मरण गरौँ । बिचमा पैदा भएको सम्मोहन र वासना कृष्ण स्मरण गर्नासाथ पछि हट्ने छ । म परमात्माको दर्शन गरिरहेको छु भन्ने भाव आउनासाथ ती सुन्दर युवतीमा पनि प्रभु देखिन्छ र वासनाको अवस्था समाप्त हुन्छ । अचानक भित्रबाट अन्धकार हराएर उज्यालो भएको अनुभव हुन्छ । हामीभित्र क्रोधको धुवाँ उठेको अवस्था प्रकृतिको सम्मोहन हो । त्यस बेला पनि कृष्ण स्मरण गर्ने बित्तिकै क्रोधको पङ्खा जो उड्न तयार भएको थियो त्यो खुम्चिएर समाप्त हुन्छ । यदि आफूलाई कर्ता भएको सम्झेमा सम्मोहन अझ ससक्त बनेर आफैलाई मूर्च्छित गर्छ । यी प्रकृतिका तीन गुणका लीला सर्वत्र चलिरहन्छन् । यसबाट उठ्ने द्वार नै प्रभुस्मरण हो ।

*न मां दुष्कृतिनो मूढाः प्रपद्यन्ते नराधमाः ।*
*माययापहृतज्ञाना आसुरं भावमाश्रिताः ॥१५॥*

**जो दुष्ट, मूर्ख र सबैभन्दा अधम छन्, जसको ज्ञान मोहग्रस्त छ, जो राक्षसी स्वभावका छन् ती मूढहरू मेरा शरणमा आउँदैनन् ॥**

*चतुर्विधा भजन्ते मां जनाः सुकृतिनोऽर्जुन ।*
*आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ॥१६॥*

**हे भरत श्रेष्ठ अर्जुन ! उत्तम कर्म गर्ने, सकाम दुखबाट मुक्त हुने इच्छा भएको ज्ञानी र जिज्ञासु यी चार प्रकारका मानिसहरूले मात्र मलाई भज्दछन् ॥**

प्रभुको स्मरण कुन मनुष्यले गर्छन् यही यस श्लोकको मूल धारणा हो । मनुष्यलाई हामी शिक्षा, धनसम्पदा, वर्ण अर्थात् रङका आधारमा, शिक्षित-अशिक्षित, धनी-गरिब र कालो-गोरो गरी दुई भागमा बाह्य विभाजन गर्छौं तर प्रभुतिर उन्मुख हुने र उन्मुख नहुने व्यक्तिको विभाजन अन्तिम र परम विभाजन

हो । श्रीकृष्ण भन्नुहुन्छ- मूढ व्यक्तिहरूले मलाई भज्दैनन् । उहाँ सत्यका बारेमा बताउँदै हुनुहुन्छ । मूढ भन्नु तथ्यको घोषणा हो, यो कसैलाई गाली होइन । वास्तवमा जो परमात्मातिर उन्मुख नभई बसेको हुन्छ त्यो मूढ नै हो । यो उहाँले रिसाएर भन्नुभएको होइन । यथार्थमा मूढ व्यक्तिहरूले आत्मघात गरिरहेका हुन्छन् । मूढको अर्थ मूर्ख मात्र होइन । मूर्खको अर्थ कम बुद्धिमान् हो र जसलाई हामी बुद्धिमान् भन्छौँ, त्यो कम मूर्ख हो । मूर्ख र बुद्धिमान्का बिचको अन्तर मात्राको हुन्छ, गुणको होइन । आफू जुन हाँगामा बसेको छ त्यही हाँगा काट्ने कालीदास मूढताको प्रतीक हो । मूढ यस्तो व्यक्ति हो जसले आत्मघात गर्छ । परमात्मातिर विमुख भएर बस्ने भन्दा ठुलो मूढ या आत्मघाती अरू कोही हुँदैन किनभने यस्तो व्यक्ति सबैतिरबाट नोक्सानीमा पर्छ । त्यसैले श्रीकृष्ण मूढ भनेर यस्ता व्यक्तिका बारेमा सूचना दिइरहनु भएको छ ।

जतिसुकै धन-सम्पत्ति, यश आदि प्राप्त गरे पनि परमात्माविना हामी दरिद्र नै हुन्छौँ किनभने ऊ हाम्रो परम सम्पदा हो । परमात्मा विना जता दौडिए पनि अन्त समयमा हामी जहाँ पहिला थियौं त्यही उभिएको पाउने छौँ । परमात्माका विरुद्धमा उभिनु भनेको आफ्नै विरुद्धमा उभिनु हो । जुन व्यक्ति परमात्माप्रति उन्मुख हुँदैन ऊ आफूप्रति पनि विपरीत हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- यस्तो व्यक्ति मूढ हो जो परमात्माको भजन गर्दैन । भजनको अर्थ परमात्मा र आफूबिच सेतु बनाउनु हो । परमात्माको शक्तिलाई जो आफ्नो शक्ति मान्दैन त्यो विराट् ऊर्जासँग लड्छ र निश्चित हार्छ, जस्तो लहर सागरसँग लड्न खोज्दा हार्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ मूढजनले मलाई भज्दैनन् र यो मूढतामा उनीहरू आफ्नै विनाश गरिहरेका हुन्छन् ।

आफ्नो जीवनको अन्तिम समयमा फ्रायडले मनुष्यभित्र मृत्युको आकाङ्क्षा (थानाटोज) पनि रहेको कुराको खोज गरेका थिए । उनले जीवनभर आकर्षण (इरोज) कामवासना नै जीवनको इच्छा हो भनेका थिए तर अन्त्यमा उनलाई यो अधुरो लाग्यो । मानवभित्र मर्ने इच्छा लुकेको हुन्छ । त्यसलाई उनले मृत्युको आकाङ्क्षा भने । मानवमा यस्तो तत्त्व पनि छ जो स्वयम्लाई नष्ट गर्न पनि आतुर हुन्छ । फ्रायडको यो खोजले पश्चिममा आश्चर्य उत्पन्न गर्‍यो । तर पूर्वमा मनुष्यभित्र मर्ने र बाँच्ने दुवै आकाङ्क्षा हुन्छन् भन्ने ज्ञान धेरै पहिलेदेखि थियो । स्वस्थ व्यक्ति जीवनको आकाङ्क्षाको यात्रा गर्छ भने अस्वस्थ्य व्यक्ति मृत्युको आकाङ्क्षाको यात्रा गर्छ । जीवनको आकाङ्क्षामा बाँच्ने व्यक्ति परमात्माको यात्रामा उन्मुख हुन्छ । मृत्युको आकाङ्क्षाले बाँच्ने व्यक्ति परमात्माबाट विमुख हुन्छ ।

आफूलाई सताउने व्यक्ति मूढ हो । आफूलाई सताउने विधि भनेको प्रभुको विस्मरण हो । परमात्माको विस्मरण हुँदा ठुलो कष्टका साथ व्यक्ति मरी मरी बाँच्छ, जुन मृत्युभन्दा कष्टकर र पीडादायी हुन्छ । प्रभुविहीन जीवनमा शत्रुको चौतर्फी घेरामा परिन्छ । क्रोध, हिंसा, चोरी, उपद्रव आदि सबै वरिपरि जम्मा भई यिनीहरूका बिचमा हामी बाँच्नुपर्छ, प्रभुतिर विमुख अवस्था यस्तै हुन्छ । प्रभुको साथ छोड्नेले दुर्गुणका साथै पतन र नर्कको वास पाउँछ । प्रार्थना गर्नु कठिन कार्य हो । धन, पद, यश, स्वास्थ्य, सुख पाउने अभिलाषाले प्रभुको नाम उच्चारण गर्नु एवम् मन्दिर जानु प्रार्थना होइन किनभने यसको प्रयोजन परमात्मासँग नभई आफ्नो सुखका लागि हुन्छ । यो त परमात्माबाट सुख पाइएला भनेर उहाँलाई साधनको रूपमा प्रयोग गरेको मात्र हो । मूढजन पनि प्रार्थना गर्छन् तर उनीहरू जे जस्ता कुरा गर्छन् ती प्रार्थना नभई केवल छुद्र माग मात्र हुन् । प्रार्थना भनेको माग नभई विनामागको धन्यवाद हो । परमात्माले जे दिएको छ त्यसका लागि धन्यवाद ज्ञापन गर्नु एवम् अनुग्रहको भाव व्यक्त गर्नु नै प्रार्थना हो । हामी त परमात्मासमक्ष धन्यवाद होइन आफ्ना असन्तुष्टिहरू लिएर जान्छौँ । मूढको प्रार्थनालाई कृष्ण प्रार्थना भन्नुहुन्न किनभने ऊ परमात्मालाई होइन, परमात्माको बहानामा जगत् र केवल सांसारिक वस्तुहरूलाई मात्र भज्दछ ।

श्रीकृष्ण जिज्ञासु, मुमुक्षु, सात्त्विक जन, बुद्धिमान् एवम् सदाचारमा रहेका व्यक्तिहरूले मलाई भज्दछन् भन्नुहुन्छ । वास्तवमा तिनै व्यक्तिहरू बुद्धिमान् हुन् जसले संसारको सारा अवसरलाई प्रभुको दर्शन पाउनमा लगाउँछन् । त्यसका अतिरिक्त सबै बुद्धिहीन हुन् । जीवन वस्तुसङ्ग्रह गर्नमा मात्र पनि लगाउन सकिन्छ तर त्यो पाएर पनि केही प्राप्ति हुँदैन । सिकन्दर सारा संसार जितेर पनि सुखी भएनन् किनभने सुखको सम्बन्ध सारा जगत् जित्नुसँग हुँदैन। हाम्रो मनले चाहेजस्तो सबै पाए पनि भित्र सबै खाली हुन्छ । जीवनको गहिरो सत्य परमात्माको खोज हो । उसको प्राप्तिमा अमृत प्राप्त हुन्छ । जुन जन्मभन्दा पहिले पनि थियो र मृत्युपछि पनि त्यस्तै रहन्छ । त्यो सारा परिवर्तनभित्र शाश्वत, उथलपुथलमा पनि स्थित, आँधीहरूको बिचमा अडिग र जीवन र मृत्युको बिच जुन एक छ त्यो एकको खोज नै परमात्माको खोज हो । यो एकको खोजमा लाग्ने मानिस नै निश्चित रूपमा बुद्धिमान् हो । मेधावी त्यही हो जसले मानव जीवनमा परमात्मालाई प्राप्त गर्छ । प्रभुलाई भज्ने व्यक्ति नै बुद्धिमान् हुन् ।

प्रभुस्मरणको अर्थ अमृतयुक्त परमसत्ताको स्मरण गर्नु हो । यो स्मरण केही समयका लागि मात्र नामोच्चारण गरिए जस्तो होइन; यो स्मरण त रौँ रौँमा, प्रत्येक सासमा, हृदयको धड्कनमा प्रवेश गर्नुपर्छ । उठ्दा, बस्दा, सुत्दा खाँदा, हिँड्दा सदैव प्रभुभजनमा जब कोही लाग्दछ त्यही व्यक्ति बुद्धिमान् कहलाउँछ । श्रीकृष्ण भन्नुहुन्छ- जगत्मा दुई प्रकारका व्यक्तिहरू छन्: एउटा मूढजन र अर्को बुद्धिमान् । मूढजन 'म' तिर आँखा लगाउँदैनन् र बुद्धिमान् जो मेरा अतिरिक्त कहीँ पनि नजर लगाउँदैनन् किनभने 'म'मा आँखा लगाउने बित्तिकै आँखा लगाउन योग्य संसारमा कुनै पदार्थ वा व्यक्ति नै हुँदैन । मलाई जसले प्राप्त गर्छ उसले सबै पाउँछ । सबै मूढ बुद्धिमान् र सबै बुद्धिमान् मूढ पनि हुन सक्छन् । सबै सन्तहरूको यस्तै अतीत छ । सबै पापीहरूको भविष्य छ र कोही पनि पापबाट नगुज्रीकन सन्तत्वमा पुग्दैन । अन्तर एक फड्काको मात्र छ जसबाट रूपान्तरण हुन सक्छ । एकपटक फरक्क फर्किन (About turn) सक्यो भने मूढ पनि बुद्धिमान् हुन सक्छ ।

हामी जीवनरूपी धन कैयौँपटक गुमाएर पनि त्यसबाट अनुभव लिँदैनौं । हामी संसारसँग विक्षिप्त रूपमा सम्मोहनमा परेका छौं र पूरा बाँधिएका छौं । श्रीकृष्ण भन्नुहुन्छ- माया र सम्मोहनमा डुबेका, प्रकृतिको गुणबाट आसक्त भएका मूढजन मेरो भजन गर्दैनन् र प्रकृतिको स्मरण गर्दछन् । उनीहरू दुखका अतिरिक्त अन्य केही पाउँदैनन् र सुख पाउने आशामा कैयौँ जन्म बिताउँछन् । धन-सम्पदा, पद, घर-परिवार आदिको खोजमा मृत्युका अतिरिक्त अरू केही प्राप्त हुँदैन । जति धन प्राप्त भए पनि भित्र व्यक्ति निर्धन नै रहन्छ । जति उच्च पद प्राप्त गरे पनि भित्र हीनता नै रहन्छ । मनोवैज्ञानिकहरू भन्छन्- राजनीतिज्ञमा जति हीनताको भाव अन्य कसैमा पनि हुँदैन । राजनीतिज्ञहरू हीनताको ग्रन्थिबाट पीडित भएर पदको खोजमा निस्किन्छन् ।

लेनिनका खुट्टाले कुर्सीमा बस्दा पनि भुइँ छुँदैनथे । माथिको भाग ठुलो थियो तर तलको भाग सानो अर्थात् छोटो थियो । एडलर भन्छन्- हीनताका कारण म केही हुँ भनेर देखाउनका लागि लेनिनले त्यति ठुलो षड्यन्त्र गर्न सफल भए । जसभित्र हीनताको ग्रन्थि हुन्छ उनीहरू ठुलो पदमा बसेर जनतालाई देखाउन चाहन्छन् कि हामी पनि केही हौँ । यसले वास्तवमा केही अन्तर पर्दैन किनभने हीन व्यक्ति आखिर सदैव हीन नै हुन्छ । त्यो पद र प्रतिष्ठामा पनि उसको हीनता देखिन्छ । यदि हामीमा अनुभवबाट पाठ सिक्ने स्थिति बन्यो भने प्रकृतिको सम्मोहन टुक्रिन्छ र हाम्रो आँखा प्रभुतिर केन्द्रित हुन थाल्छ । सम्मोहनमा बाँधिनु मूढता र प्रभुतिर जानु बुद्धिमानी हो ।

*तेषां ज्ञानी नित्ययुक्त एकभक्तिर्विशिष्यते ।*
*प्रियो हि ज्ञानिनोऽत्यर्थमहं स च मम प्रियः ॥१७॥*

**तिनीहरूमध्ये पनि जो अनन्य प्रेम र भक्तिवाला छ, ज्ञानी छ, जो नित्य 'म'मा एकै भावले स्थित हुन्छ त्यही नै सर्वश्रेष्ठ हो किनभने अनन्य भावले मलाई तत्त्वपूर्वक जान्ने ज्ञानीलाई 'म' प्रिय छु र त्यो ज्ञानी मलाई प्रिय छ ॥**

श्रीकृष्ण भन्नुहुन्छ- एउटै रूपले अनन्य भावका साथ तत्त्वलाई जानेर जसले मलाई प्रेम गर्छ त्यो ज्ञानी हो । एउटै भावले जसले 'म' र आफूबिच अलिकति अन्तर राख्दैन त्यही नै मेरो प्रिय हो । आफूलाई परमात्मासँग केही नलुकाई प्रेम गरेमा त्यो सच्चा प्रेम हुन्छ । प्रेमको अर्थ अर्को व्यक्तिसँग म आफैँसँग गरेजस्तो व्यवहार गर्ने छु र उससँग म केही लुकाउँदिनँ भन्ने भाव आउनु हो । हामी परमात्मासँग पनि पूरा खुलेर नग्न हुँदैनौँ । इसायतले यसै सिद्धान्तका आधारमा स्वीकारोक्ति (Confession), पहिले पापको स्वीकार अनि प्रार्थनाको व्यवस्था गरेको छ । यस्तो स्वीकारोक्ति गरेमा परमात्माको अघि हामी नग्न हुने छौँ र हाम्रो बिचमा कुनै अन्तर, गोपनीयता र दूरी नरही प्रेम स्थापित हुने छ । हामी आफ्नो कुरूपतालाई लुकाएर परमात्मालाई धोका दिन खोज्छौँ । त्यसैले गर्दा हामी उससँग तद्‌रूपता कायम गर्न सक्दैनौँ । श्रीकृष्ण भन्नुहुन्छ- जो केही न लुकाई सरलता एवम् इमानदारीपूर्वक 'म' समक्ष आफूलाई प्रकट गर्छ त्यस्तो एकभाव भएको भक्तले मलाई प्राप्त गर्दछ । यस्तो व्यक्तिलाई 'म' प्रिय हुन्छु र मलाई यस्तो व्यक्ति प्रिय हुन्छ । जब परमात्मासँग केही लुकाइँदैन, तब एक भाव कायम भएर व्यक्ति भक्त हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- अनन्य भावले मलाई तत्त्वपूर्वक जान्ने ज्ञानीलाई म प्रिय छु र ऊ मलाई प्रिय छ । कतिपय व्यक्ति तत्त्व नबुझी अर्थात् जीवनको रहस्य नबुझी धर्मको यात्रामा निस्कन्छन् । यस्तो अप्रौढ र बालचित्त भएका मानिसहरू धार्मिक यात्रामा निस्किए भने धर्म के हो भन्ने नै बुझ्दैनन् तर धर्मलाई अपरिपक्व बनाउन भने सफल हुन्छन् । यस्ता अपरिपक्व मानिसले धर्मको यात्रा प्रलोभनका कारणले मात्र गर्दछन् । कतिपय मानिसहरू आनन्द पाउने लोभको कारणले धर्मको यात्रामा निस्कन्छन् तर लोभका कारणले गरिएको धर्मको यात्राबाट परमात्मा पाउन सकिन्न । श्रीकृष्ण भन्नुहुन्छ- संसार दुखको सागर हो भन्ने तत्त्वलाई बुझेर जसले धर्मको यात्रा गर्दछ त्यो यात्रा परमात्मातिरको यात्रा हो । परमात्मामा आनन्द प्राप्त हुन्छ भन्ने सुनेर त्यसतर्फ यात्रा गर्नु प्रलोभनको यात्रा हो ।

मठ, मन्दिर, चर्च, गुम्बा, मस्जिद आदिमा मानिसहरू लोभ एवम् भयका कारण जान्छन् भने त्यो लोभको यात्रा हो । मृत्यु-उन्मुख मानिसहरू प्रायः धनसम्पति, घरपरिवार, इष्टमित्र, पद, समाज आदि केहीले पनि बचाउन सक्दैनन् र अब परमात्माकै सहारामा जानुको विकल्प छैन भन्ने ठानेर मठमन्दिरमा जान्छन् । प्रायः अपवादलाई छाडेर मन्दिरमा लोभी, डरपोकहरू एवम् वृद्धवृद्धाहरूको नै भिड लाग्छ । कतिपय वृद्धहरू युवा युवतीलाई तिम्रो उमेर धर्मको यात्रामा निस्कने होइन भनेर पनि भन्दछन् । जीवनभर धर्मको नाममा मुखबाट रामको नाम ननिकाल्नेहरू पनि कतिपयले मृत्युको बेला डराएर रामराम भन्छन् । सबै पापबाट रामको नाम जप्ने बित्तिकै मुक्त हुन सकिन्छ भनेर धर्मका तथाकथित पुरोहितहरूले बताएका कारण उनीहरू श्रद्धाले नभई भयका कारण राम नाम जप्दछन् ।

तत्त्वज्ञान प्राप्त गर्न उमेर बाधक हुँदैन र उमेरसँग तत्त्वको कुनै सम्बन्ध पनि हुँदैन । तसर्थ श्रीकृष्ण भन्नुहुन्छ- तत्त्व बुझेर जो मेरो शरणमा आउँछन् उनीहरू वास्तविक ज्ञानी हुन् । लोभ र भयबाट आउनुको कुनै अर्थ छैन । जो ज्ञानी छन् तिनीहरू मेरा लागि प्रिय छन् र म पनि उनीहरूको प्रिय हुन्छु । जो मलाई प्रेम गर्छन् तिनीहरूलाई 'म' पनि प्रेम गर्छु भन्ने कृष्णको भनाइ बुझ्न जरुरी छ । परमात्माको प्रेम त सबैमा बराबर नै बर्सिन्छ तर जो परमात्मालाई प्रेम गर्दैनन् उनीहरूलाई परमात्माको प्रेमका बारेमा कुनै जानकारी नै हुँदैन । त्यसैले उनीहरूको प्रभुसँग मिलन हुने सम्भावना हुँदैन । प्रभुलाई जसले प्रेम गर्छ उसलाई मात्र प्रभुको प्रेम प्राप्त हुन्छ । यसको अर्थ उसलाई मात्र प्रभुको प्रेमको वर्षाको अनुभूति हुन्छ । जो प्रेम गर्दैन उसलाई प्रेमानुभूति हुने कुरै भएन । सूर्यको प्रकाश, चन्द्रको अमृतरूपी कान्ति र

वायुको हावा सबैलाई निरन्तर प्राप्त भइरहेको हुन्छ तर सूर्यको किरण छिर्न नदिने गरी द्वार बन्द गरेर बस्यौं भने सूर्यले केही गर्न सक्दैनन् ! साथै सूर्यको किरण भित्र पस्दा पनि आँखा चिम्लेर बस्यौं भने सूर्यले यस्ता व्यक्तिका आँखाको परेली खुलाउन सक्दैनन् । हामीले ढोका र आँखा खोल्ने बित्तिकै सूर्य किरणको दर्शन पाउने छौं ।

यस्तै परमात्माको प्रेम त सधैं सबैमा समान रूपमा नै बर्सिरहेको हुन्छ तर सबैले समान रूपमा पाउन सक्दैनन् किनभने त्यो प्रेम लिन व्यक्ति तयार हुनुपर्छ । प्रभुको प्रेम त आ-आफ्नो पात्रता, व्यवहार, जिज्ञासा र उन्मुखताले मात्र प्राप्त हुन्छ । लोभ र भयको उद्देश्यका साथ परमात्मातिर जाने व्यक्तिको घडा उल्टो हुन्छ, जतिसुकै पानी भर्न खोजे पनि पानी भर्न सकिन्न । तसर्थ जतिसुकै प्रार्थना गरे पनि प्रभु प्रेम प्राप्त हुन सक्दैन तर जो जीवनको व्यर्थतालाई जानेर प्रभुको यात्रामा निस्किन्छ त्यसमाथि प्रभुको प्रेम बर्सिन्छ । श्रीकृष्ण भन्नुहुन्छ- एक भावले, अनन्य रूपमा तत्त्व जानेर जसले मलाई प्रेम गर्छ म पनि उसलाई प्रेम गर्छु ।

*उदाराः सर्व एवैते ज्ञानी त्वात्मैव मे मतम् ।*
*आस्थितः स हि युक्तात्मा मामेवानुत्तमां गतिम् ॥१८॥*

**सबै भक्तहरू निःसन्देह उदार आत्मा हुन् तथापि जो मेरै ज्ञानमा अवस्थित छन् तिनीहरूलाई म आफैं समान ठान्दछु । मेरो दिव्य सेवामा लाग्ने स्थिर बुद्धि भएका ज्ञानी भक्त अन्ततः परम सर्वोच्च गतिका रूपमा मलाई प्राप्त गर्दछन् ॥**

*बहूनां जन्मनामन्ते ज्ञानवान्मां प्रपद्यते ।*
*वासुदेवः सर्वमिति स महात्मा सुदुर्लभः ॥१९॥*

**अनेकौं जन्म जन्मान्तरपछिको अन्तको जन्ममा तत्त्वज्ञानमा प्राप्त भएका ज्ञानीहरू वासुदेव नै कारणहरूका कारण हुन् भन्ने ठानेर मेरो शरणमा पर्छन् । यस्ता महात्माहरू अत्यन्त दुर्लभ हुन्छन् ॥**

अज्ञानताका कारण परमात्मासँग दूरी रहन्छ तर जब परमात्मालाई जानिन्छ, तब व्यक्ति उससँग एकाकार हुन्छ । परमात्मालाई परबाट जान्न सकिँदैन, उसलाई जान्नका लागि ऊसँग एक हुनुपर्छ । परमात्मालाई जान्ने व्यक्ति ज्ञानी र महात्मा हो । परमात्मासँग युक्त हुने व्यक्ति ज्ञानी र स्थिर बुद्धिको हुन्छ । हामी सबैको आत्मा खण्ड-खण्डमा विभाजित भएर अयुक्त छ । हामी एक होइन, धेरै व्यक्तिहरूको भिड हौं र प्रत्येक क्षण हामीभित्र परिवर्तन भइरहन्छ । हामीमा खण्ड-खण्ड मात्र होइन विपरीत खण्ड पनि मौजुद हुन्छ । प्रत्येक क्षण हामी भित्र सबै कुरा परिवर्तन भइरहन्छ । हामीसँग एउटा अनुहार र एउटै आत्मा छैन । त्यसैले त क्षणक्षणमा कैयौं अनुहार परिवर्तन गरिरहन्छौं । हामी एक प्रकारको प्रवाह हौं । श्रीकृष्ण भन्नुहुन्छ- युक्त पुरुष यसको ठिक विपरीत हुन्छ, जसको बुद्धि स्थिर हुन्छ त्यस्तो व्यक्तिले मात्र मलाई जान्दछ र मसमक्ष आउन सक्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- जब व्यक्ति बहुचित्तबाट एकचित्तको हुन्छ, तब मात्र म समक्ष आउन सक्छ त्यसअघि मलाई जान्न सक्दैन । हामी सबै अनेकौं अनुहार भएको भिडमा छौं, जहाँ व्यक्तिलाई खोज्न सकिँदैन । हामी झुटो अनुहार लिएर जीवन चलाइरहेका छौं किनभने भित्र कसैसँग पनि युक्त आत्मा छैन । स्थिर चेतना र एकीकृत चित्तवाला व्यक्तिले मात्र युक्त आत्मा प्राप्त गर्न सक्छ । त्यस्तो व्यक्ति अब वहुचित्तवान् हुँदैन किनभने उसलाई विराट् चेतनाले एक गराउँछ र यस्तो युक्त चेतना भएको ज्ञानी मेरा शरणमा आउन सक्छ भनेर श्रीकृष्ण भन्नुहुन्छ । खण्डित चित्तवाला पुरुषले अनेकौं जन्म प्राप्त गर्छ । अनेकौं जन्मको यात्रापछि मात्र उसलाई मैले अघिल्ला जन्महरू व्यर्थमा गुमाएँ, त्यसैले अघिल्ला जन्महरूको धोकाबाट अनुभव लिएर अखण्डित चित्त भएर बाँच्छु भन्ने विचार आउँछ । यसप्रकारको

अनुभव अनन्त जन्मपछि पनि भयो भने ठुलो उपलब्धि मान्नुपर्छ किनभने हामी सबैको अनन्त जन्म भइसकेको छ ।

धार्मिक व्यक्तिमा जीवन जस्तो छ त्यसकै सहज स्वीकृतिको घोषणा हुन्छ । जसले राम्रो-नराम्रोलाई जस्ताको त्यस्तै स्वीकार गर्छ तत्क्षण उसमा रूपान्तरण हुन्छ र सबै दुष्कर्म समाप्त हुन्छन् । दुष्कर्म नगर्ने र आफू जस्तो छ त्यस्तै रूप प्रकट गर्ने, खुलस्त व्यक्ति नै युक्त आत्मामा प्राप्त हुन्छ। युक्त आत्मा नै परमात्मासँग एकाकार हुन्छ । जब भक्तले भगवान्लाई जान्दछ, तब ऊ भक्त रहँदैन भगवान् नै हुन्छ । वास्तवमा परमात्मा र हामी बिचमा कुनै अन्तर छैन त्यो त केवल हामीले बनाएको कारणले मात्र अन्तर देखिएको हो । परमात्मालाई भज्ने व्यक्ति परमात्मा नै हुन्छ । मनुष्य भगवान् हुन सक्छ भन्ने कुरा हामी विश्वास गर्न सक्दैनौँ किनभने हामी आफूभित्रका छुद्र कुराहरूसँग मात्र परिचित छौँ । हामी राक्षस हुन सक्छौँ तर भगवान् हुन सक्दैनौँ भन्ने सोच्दछौँ। हामीभित्र जुन छुद्र प्रवृत्ति देखिन्छ वास्तवमा त्यो हामी होइनौँ । हामीलाई आफू के हौं भन्ने कुरा थाहा नभएकाले त्यो छुद्रता आफू भएको जस्तो लागेको हो । जुन दिन हामीलाई आफ्ना बारेमा जानकारी हुन्छ त्यस दिन त्यो छुद्रता समाप्त हुन्छ र हामीलाई आफू भगवान् भएको थाहा हुन्छ ।

जतिसुकै फोहर नदी पनि सागरमा मिसिए पछि शुद्ध भएझैँ जब हामी भित्रको विराट्लाई देख्छौँ तब हाम्रा सबै छुद्रताहरू आफैँ शुद्ध हुन्छन् । ठुलो शक्तिले सानोलाई पवित्र पार्ने सामर्थ्य राख्दछ तर हामीलाई विराट्का बारेमा जानकारी नै छैन; त्यसैले हामी सानो छुद्रतामा नै बाँच्छौँ । वास्तवमा जति जीवन ऊर्जाले हाम्रो शरीर चल्छ त्यसैलाई हामी आत्मा ठान्दछौँ । शरीर चलाउन त अत्यन्त कम ऊर्जा भए पुग्छ त्यसका लागि हामीसँग भएको विराट् ऊर्जाको आवश्यकता नै पर्दैन । शरीरको ऊर्जासँग तादात्म्य स्थापित गरेर हामी आफू आत्मा भएको ठान्छौँ । त्यसैले राक्षसी प्रवृत्ति जन्माउने छुद्रताको मात्र हामीलाई जानकारी हुन्छ । विराट् ऊर्जासँगको सम्बन्धले भगवान्सँगको सम्बन्ध स्थापित गराउँछ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- जसले मलाई जान्दछ, ऊ वासुदेव नै हुन्छ । जसले ब्रह्म जान्दछ ऊ ब्रह्म नै हुन्छ तर कृष्णको यो वचन बुझ्न हामीलाई गाह्रो हुन्छ किनभने हाम्रो अनुभवमा जे जान्यो त्यससँग एक भइन्छ भन्ने छैन । हाम्रो सबै जान्नु द्वैतलाई जान्नु हो । हामी जान्ने कुरासँग परबाट नै प्रयास गर्छौं । जुन चिजलाई हामी जान्नु भन्छौँ; त्यो जान्नु होइन, केवल परिचय मात्र हो । यदि हामीले कसैसँग प्रेम गरेको भए हामी त्यही हुन्थ्यौँ जससँग प्रेम गरिएको छ । यदि यस्तो भएन भने हामी प्रेमलाई जान्दैनौँ केवल परिचयलाई मात्र जान्दछौँ ।

श्रीकृष्ण भन्नुहुन्छ- स्वयम्लाई जान्नु नै ज्ञान हो यसका अतिरिक्त कुनै ज्ञान छैन । जससँग आत्मसात् गरेर आफू त्यहीँ भइन्छ त्यही ज्ञान हो । ज्ञान त्यही हो जो एकाकार भएर मात्र जान्न सकिन्छ । श्रीकृष्ण जुन ज्ञानको कुरा गर्दै हुनुहुन्छ त्यहाँ हुनु र जान्नुका बिचमा एकाकार भएमा मात्र ब्रह्मतत्त्वलाई जान्न सकिन्छ । उहाँ भन्नुहुन्छ- मलाई भज्ने, युक्त चित्तवाला, स्थिर बुद्धि भएको भक्त वासुदेव नै हुन्छ; तब त्यो भक्त रहँदैन भगवान् नै हुन्छ । एक क्षण पनि हामीलाई भगवान् भएको स्मरण भयो भने हाम्रा अघिल्ला जीवनहरू स्वप्नबद्धजस्ता लाग्ने छन् । साथै यो जीवनलाई स्वप्नरूप मानेर बाँच्न थालियो भने पनि एक दिन अचानक परमात्माका साथ एक भएको अनुभव हुने छ । यसलाई केवल बुद्धिले मात्र जान्न खोजियो भने त्यो जान्नु नजान्नु जस्तै हुन्छ र परमात्मासँग पनि एक हुन सकिन्न । ज्ञानको किरण जब फुट्छ, तब ज्ञानी रहँदैन भित्र केवल ज्ञान मात्र रहन्छ र यसपछि परमात्मासँग साक्षात्कार हुन्छ । साक्षात्कार पनि शब्दको सीमितताले भन्नुपरेको हो; यस्तो व्यक्ति परमात्मा नै हुन्छ । जसलाई खोज्न निस्किएको हो त्यो पूरा हराएर जसलाई खोजिएको हो त्यही शेष रहन्छ । तर शास्त्र, जानकारी र परिचय

आदिबाट केही पनि पाइँदैन, केवल हाम्रो सङ्ग्रह मात्र बढ्छ । जबसम्म अहङ्कार रहन्छ तबसम्म परमात्मासँग मिलन हुँदैन ।

*कामैस्तैस्तैर्हृतज्ञानाः प्रपद्यन्तेऽन्यदेवताः ।*
*तं तं नियममास्थाय प्रकृत्या नियताः स्वया ॥२०॥*

**भौतिक वस्तु वा कामनाबाट जसको बुद्धि अपहरित भएको छ तिनीहरू तदनुरूपका कामना पूर्ण गर्न अन्य देवताहरूको नियम पालना गर्दै पूजा-अर्चना गर्दछन् र उनीहरूको नै शरण लिन्छन् ॥**

श्रीकृष्ण भन्नुहुन्छ- कामासक्त, विषयासक्त पुरुषहरू भोगको आकाङ्क्षाले भरिएका हुन्छन् । त्यसैले भोगबाट सम्मोहित भएकाहरू र ज्ञानबाट च्युत भएकाहरू मेरो स्मरण गर्दैनन् र अन्य भोगप्रधान देवताहरूको स्मरण गर्दछन् । कामासक्त र विषयासक्त पुरुष ज्ञानबाट च्युत हुन्छन् । विषयतिर मन दौडिने बित्तिकै भित्र ज्ञानको धारा तल झर्छ । एक क्षण मात्र पनि भोग वा विषयतिर मन प्रेरित भयो भने भित्रको चेतना डामाडोल हुन्छ र अधोगतितिरको यात्रा सुरु गर्छ । विषयतिरको सामान्य विचार, वासना आदिले अज्ञान जन्माउँछ र ज्ञान हराउँछ । थोरै मात्र वासनाले पनि मूर्च्छित बनाउँछ । हामीहरू चौबिसै घण्टा विषयको कामनाले भरिन्छौं । त्यसैले त हामीलाई ज्ञानधारा पतन भएको थाहा हुँदैन । जससँग धन हुन्छ, त्यसलाई मात्र टाट पल्टिने कुरा थाहा हुन्छ, भिखारीलाई टाट पल्टिने कुरा थाहा हुन्न । वासनाले तीव्र रूपमा घेर्न थाल्यो भने ज्ञानको गुण कमजोर बन्छ । हरेक वासनाले एउटा सूक्ष्म विषादमा पुऱ्याएर पतित बनाउँछ । हामी जे पाउँथ्यौं त्योभन्दा कैयौं गुणा बढी गुमाउँछौं । वासनामा हाम्रो व्यवहार मूर्खतापूर्ण हुन्छ । वासनामा कुनै वस्तुतिर आकर्षित हुनासाथ हाम्रो चेतनाको धारा तलतिर झर्छ ।

धर्मका धेरै विधिहरू वासनालाई तोड्ने साधनको रूपमा प्रयोग गरिएको हुन्छ जुन कुरा हामीलाई थाहा हुँदैन तर संस्कारजन्य रूपमा हामी गरिरहेका हुन्छौं । मन्दिरमा घण्टी बजाउँदा हाम्रा वासना र विचारलाई एकाग्र गर्न सहज हुन्छ । घण्टी बज्नासाथ वासना र कामनाको सम्बन्ध सजग भएर शून्यतामा प्रवेश गर्दछ । त्यो अन्तरधारा जो भित्र चलिरहेको हुन्छ त्यो एक झड्कामा टुटोस् भन्नाका लागि घण्टी बजाइन्छ । मन्दिरमा स्नान गरेपछि मात्र जानुपर्छ भन्नुको आशय पनि यो वासनाको अन्तरधारा तोड्ने एउटा विधि हो । त्यस्तै बाहिर जुत्ता फुकाल्नु पनि भित्रका चाहनाहरूको अन्तरधारा तोड्नका लागि गरिने स्मरण हो । मन्दिरमा साष्टाङ्ग दण्डवत् प्रणाम गर्ने विधि अन्तर्गत शरीरका सबै अङ्ग भुइँमा छोइएका हुन्छन् । यो अहङ्कार छोडेर पृथ्वीसँग एक भई वासनाको अन्तरधारा त्यागी एकाग्रताका साथ प्रार्थना गर्ने एउटा विधि हो । मनुष्यलाई सहयोग पुऱ्याउने उद्देश्यले व्यक्तिहरूले नै यस्ता विधि र व्यवस्थाको निर्माण गरेका हुन् । त्यस्तै मनुष्यको शिरको प्रतीकको रूपमा नरिवलको व्यवस्था गरिएको हो जुन देवताहरूलाई शिरको सट्टा चढाइन्छ तर परमात्मालाई त नरिवल होइन आफूलाई समर्पित गरे मात्र प्रार्थना हुन्छ । त्यस्तै सिन्दूर मानव रगतको प्रतीकको रूपमा चढाइएको हो ।

ज्ञान प्राप्त भएपछि मात्र वासनाको धारामा बगेको चित्त वासनाबाट मुक्त हुन्छ । ज्ञान हाम्रो स्वभाव हो, वासनाले हामीलाई जोडले समातेको हुनाले नै हामीले ज्ञान गुमाएका हौं । वासना हाम्रो स्वभाव नभएकोले त्यसले हामीलाई कहिल्यै तृप्त पार्न सक्दैन । वासना पतनको मार्ग हो जसले हामीलाई पीडा र सन्ताप दिन्छ र नर्कमा पुऱ्याउँछ । त्यसैले वासनाबाट मुक्त भई एक न एक दिन हामीले आफ्नो प्राणको शिखरमा फर्किनै पर्छ । कैलाश हिमालयमा होइन हृदयमा स्थित छ । यो ज्ञानको शिखरको नाम हो जहाँ भगवान् सदैव स्थित हुन्छ । जुन दिन हामी सबै वासना त्यागेर त्यो शिखरमा पुग्छौं, त्यसैदिन जो सदैव हामीभित्र स्थित थियो त्यससँग मिलन हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- अर्थार्थी, आर्त, जिज्ञासुहरू मेरो होइन अन्य भोगप्रधान देवीदेवताको पूजा गर्दछन् । परमात्माको प्रार्थनामा उनीहरू संलग्न हुँदैनन् किनभने उनीहरू परमात्माको प्रार्थनाको सर्त नै

पूरा गर्न सक्दैनन् । ईश्वरको प्रार्थनाको पहिलो सर्त वासना त्याग्नु हो । विषयासक्त मानिस कहिल्यै परमात्मामा पुग्न सक्दैनन् । त्यसैले उनीहरू आफ्ना माग पूरा गराउन सामान्य देवता निर्मित गरेर उनीहरूको उपासना गर्दछन् जसले उनीहरूलाई कुनै सर्तमा बाँध्दैनन् । श्रीकृष्ण भन्नुहुन्छ- यस्ता व्यक्तिहरू अन्य देवताका आश्रयमा पुग्दछन् । यस्ता देवताको पूजा-प्रार्थनाबाट कहिलेकाहीँ फल प्राप्त हुन्छ । यदि फल प्राप्त नहुने भए मानिस दिक्क भइसक्थ्यो । जब हामी कुनै देवताको स्थापना गरेर पूजा गर्छौं, तब धेरै असल मृतात्माहरूले पनि हाम्रो प्रार्थनामा सहयोग पुऱ्याउँछन् । ती देवताको दया र करुणाको कारण जब प्रार्थना पूरा हुन्छ र परिणाम आउँछ, तब हामी त्यसैलाई बारम्बार गरिरहन चाहन्छौं । हाम्रा प्रत्येक देवीदेवताका आसपास असल आत्माहरू हुन्छन् जसले सहायता गर्न सक्छन् । मूर्ति र मन्दिरले होइन त्यहाँ निवास गर्ने असल आत्माहरूले मद्दत गर्दछन् । यो शुभ आत्माको दया र करुणाको प्रसाद हो । तर जतिसुकै शुभ आत्माले पनि कसैलाई परमात्मा दिलाउन सक्दैन । धन, पद, यश, रोगमा सरलतापूर्वक मद्दत गर्न सक्छन् तर परमात्मालाई भेट्न त हामी स्वयम् जानुपर्छ । परमात्मा त केवल एक मात्र छ, जो असृष्ट, सनातन र अविनाशी छ । वासना र आसक्तिबाट चित्त हटेपछि मात्र ज्ञानमा स्थिर होइन्छ । एक भावले समर्पित भई प्रभुको भजन गरेमा मात्र हामी ऊसमक्ष पुग्न सक्छौं र त्यही दिन भक्त भगवान् हुन्छ ।

*यो यो यां यां तनुं भक्तः श्रद्धयार्चितुमिच्छति ।*
*तस्य तस्याचलां श्रद्धां तामेव विदधाम्यहम् ॥२१॥*

**म प्रत्येक जीवका हृदयमा विराजमान छु । जो जुन जुन देवताको भक्ति एवम् श्रद्धाका साथ पूजा गर्दछन् ती भक्तको श्रद्धा तिनै देवतामा स्थिर गरिदिन्छु ॥**

*स तया श्रद्धया युक्तस्तस्याराधनमीहते ।*
*लभते च ततः कामान्मयैव विहितान्हि तान् ॥२२॥*

**मैले जुन श्रद्धा तिनीहरूका हृदयमा स्थिर गरिदिएको छु, त्यसका माध्यमबाट तिनीहरू देवताको आराधना गर्दछन् र इच्छित कामना पूर्ति गर्दछन् । तिनीहरूले प्राप्त गर्ने कामना वा लाभ 'म' द्वारा नै व्यवस्थित गरिएका हुन् ॥**

प्रभुको खोजका लागि श्रद्धाभाव अत्यन्त महत्त्वपूर्ण हुन्छ । कुनै नाम लिएर कुनै यात्रामा निस्कनु, कुनै देवतालाई सम्झेर अमुक मन्दिरमा प्रवेश गर्नु, अमुक शास्त्रको आश्रय लिनु आदि महत्त्वपूर्ण हुँदैन । उसले कुन भगवान्लाई भज्ने हो त्यसले केही फरक पर्दैन तर भज्नुले भने फरक पर्छ । प्रभुलाई कुनै कारणले पुकार गर्नुभन्दा प्रभुमा श्रद्धा गर्नु महत्त्वपूर्ण हुन्छ । परमश्रद्धाले आपूरित भएको व्यक्ति मात्र परमात्माको चरणमा पुग्दछ। हृदयबाट श्रद्धाको फूल बर्सिएमा नास्तिक पनि त्यहाँ पुग्न सक्छ तर श्रद्धाको भाव नभएको आस्तिक पनि त्यहाँ पुग्न सक्दैन । श्रद्धाको अर्थ विश्वास होइन किनभने विश्वासी अविश्वासी पनि हुन सक्छन् । जसको हृदयमा अविश्वास हुँदैन उसले नै श्रद्धा गर्दछ । संसारमा यति धेरै विश्वासयुक्त व्यक्ति भएर पनि धर्म कहीँ देखिँदैन । पृथ्वी विश्वासीहरूले भरिएको छ तर धर्म कहीँ देखिँदैन किनभने धर्मको यात्रामा विश्वासले काम चल्दैन । मन्दिर, मस्जिद, चर्चमा विश्वासीहरू प्रार्थना त गर्छन् तर प्रार्थनाले जति आनन्द विभोर हुनुपर्ने हो त्यो देखिँदैन ।

श्रद्धाको अर्थ अविश्वास नहुनु हो । भगवान् स्वयम् आएर श्रद्धावान् व्यक्तिलाई भगवान् छैनन् भने पनि उसले पत्याउँदैन । श्रीकृष्ण भन्नुहुन्छ- जसले श्रद्धा गर्छ चाहे त्यो श्रद्धा कुनै कामनाले प्रेरित भएर कुनै देवतालाई गरिएको भए पनि म उसको श्रद्धालाई हटाउँदिनँ बरु म उसको श्रद्धालाई परिपुष्ट र अझ बलियो बनाउँछु । कृष्णलाई राम्ररी थाहा छ कि देवताप्रतिको श्रद्धाले मुक्ति प्राप्त हुँदैन र कामनाले प्रेरित भएर गरिएको श्रद्धा सांसारिक हुन्छ । त्यसैले देवतामा राखिने यस्तो श्रद्धा केही पाउनका लागि हुन्छ ।

कृष्णले देवताबाट मुक्ति हुँदैन तसर्थ तिमीहरू सत्य र अमृत प्राप्त गर्न मसमक्ष आऊ भन्नुभयो भने उनान्सय प्रतिशत व्यक्तिहरू कृष्णतिर पक्कै आउँदैनन् । यस्ता व्यक्तिहरू जो देवताको प्रार्थना श्रद्धापूर्वक गरिरहेका छन् ती एक प्रतिशत व्यक्तिहरू पनि कृष्णको भनाइ सुनेर देवताप्रति श्रद्धाभाव नराख्न सक्छन् ।

त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- म उसकै देवतामा उसको श्रद्धा स्थापित गरिदिन्छु किनभने श्रद्धा आज देवतामा स्थापित हुनसक्यो भने भोलि त्यसलाई एक कदम अघि बढाउन सकिन्छ । कामना पूरा भएर पनि अन्ततः दुखका अतिरिक्त केही पनि प्राप्त हुँदैन । त्यसैले त उहाँ कामनायुक्त व्यक्तिको श्रद्धालाई पनि स्थापित गराउन  चाहनुहुन्छ । यो पनि अनुभव गराउन चाहनुहुन्छ कि जुन कामनापूर्तिका निम्ति देवताको सहायता प्राप्त गऱ्यो त्यही श्रद्धाले वासनारहित कामना गरेको भए ऊ परमात्मा नै हुनसक्ने थियो, जुन अवसर उसले माग गरेर गुमायो । त्यसैले त श्रीकृष्ण भन्नुहुन्छ- म उसको श्रद्धालाई त्यही देवतामा अझ बलियो बनाउँछु, जसप्रति उसको लगाव छ । जब परमात्माको कृपाको वर्षात हुन सुरु हुन्छ, तब कामना गर्ने व्यक्तिले त्यो प्रसादको वर्षामा आफ्नो कामना नै बिर्सिएर जे बर्सिरहेको छ त्यतैतिर यात्रा सुरु गर्न सक्छ । हामी गलत छौँ र जबसम्म परमात्मा प्राप्त हुँदैन, तबसम्म सही हुन सम्भव नै छैन । कृष्णको पद्धति अनौठो छ, करुणा अपरिसीम छ र उहाँको विधि बिधायक छ । त्यसैले उहाँ भन्नुहुन्छ- तिमी कामनासहित श्रद्धा आफ्नो जुन देवताप्रति छ त्यसैमा राख, म त्यसलाई अहिले बलियो बनाएर स्थापित गर्छु किनभने तिम्रो कामनाको संसारबाट तिमी एक दिन माथि उठेर परमको खोज गर्ने छौ ।

संसारमा विगत तीन सय वर्षमा मनुष्यको बुद्धि नकारात्मक रूपमा सोच्नेतर्फ प्रवाहित भएको पाइन्छ। हामीलाई यस्तो लाग्छ कि अँध्यारो हटाएपछि प्रकाश पाइने छ । तर कुरा ठिक विपरीत छ, प्रकाश आउनासाथ अन्धकार स्वतः हट्छ । यो जीवनलाई सकारात्मक ढङ्गबाट हेर्ने दृष्टिकोण हो । त्यसैले कृष्ण गलतलाई पनि समर्थन गर्दै हुनुहुन्छ । उहाँलाई राम्ररी थाहा छ कि वासनायुक्त चित्त गलत हो । वासनायुक्त चित्त वासनापूर्तिका निम्ति देवता समक्ष जान्छ र यस्तो व्यक्तिको परमको खोज अहिले सुरु भएको छैन । जो माग्न आएको छ त्यो बालक समान भएकाले श्रीकृष्ण म सबै कुरा तिम्रो देवतामा नै प्रतिष्ठित गरिदिएर तिम्रो श्रद्धालाई झन् बलियो बनाइदिन्छु, तिम्रो देवतामा शक्ति प्रवाहित गरिदिएर तिम्रो माग तिम्रै देवताका माध्यमबाट पूरा गरिदिन्छु, तब तिमी आफ्नो श्रद्धामा अझ दृढ हुन सक्ने छौ भन्नुहुन्छ । यदि व्यक्ति एक एक कदम श्रद्धामा दृढ हुन सक्यो भने एक दिन त्यो अनिर्वचनीय र अवर्णनीय हुने छ । जब श्रद्धा पूर्ण हुन्छ तब कुनै सन्देहको रेखा शेष रहँदैन । त्यो असन्दिग्घ श्रद्धामा भएको व्यक्तिको परमको यात्रा आफैँ सुरु हुन्छ । यो भनाइ हामी जस्ता असङ्ख्य कमजोर व्यक्तिका लागि भनिएको हो ।

प्रकाश सदैव अँध्यारोमा नै बालिन्छ र सबै कदम भ्रममा नै लिइन्छ । सबैतिरबाट भुलले भरिएका हामीजस्ता व्यक्तिहरूलाई श्रीकृष्ण करुणाकै कारण हाम्रो अबुझ प्रार्थनालाई पनि स्वीकार गर्ने छु भन्नुहुन्छ । यस जगत्मा सबै कुरा परमात्माको बिधान बमोजिम हुन्छ, कुनै पनि बिधान विपरीत हुन सक्दैन । उसको नियमभन्दा बाहिर कुनै कुरा पनि हुन सक्दैन । सबै कुरा परमात्माकै ऊर्जाले सञ्चालित हुन्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- मैले निर्धारण गरेको बिधान बमोजिम नै देवताहरू कामनाहरूको पूर्ति गर्दछन् । मेरो शक्ति नै सारा बिधानको पछाडि सक्रिय हुन्छ र देवताहरूबाट प्राप्त हुने सारा कामना पूर्ति पनि मेरो शक्तिले नै प्राप्त हुन्छ ।

*अन्तवत्तु फलं तेषां तद्भवत्यल्पमेधसाम् ।*
*देवान्देवयजो यान्ति मद्भक्ता यान्ति मामपि ॥२३॥*

**अल्पबुद्धि भएका मानिसहरू देवताको पूजा गर्छन् र क्षणिक फल प्राप्त गर्दछन् त्यो फल नाशवान् हुन्छ र तिनीहरू अन्त्यमा देवलोक जान्छन् तर मेरा भक्तहरू चाहे जसरी भजून् तिनीहरू मलाई नै प्राप्त हुन्छन् ॥**

कामनाहरूबाट अभिप्रेरित भएर गरिएका प्रार्थनाहरूको फल त प्राप्त हुन्छ तर त्यो फल क्षणिक हुन्छ । कुनै पनि सुख वा दुख सदैव टिक्दैन । सुख-दुख समुद्रमा उठ्ने र हराउने तरङ्गजस्तै क्षणिक हुन्छन् । सुख-दुखको आभास अल्प समयका लागि मात्र हुन्छ । वासनाको मार्गबाट यसभन्दा बढी पाउनै सकिँदैन । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- उहाँ समक्ष आउन चाहनेले वासना र विषयप्रतिको आसक्ति त्याग्नै पर्छ । यसप्रकारका शुद्ध बुद्धि भएका मानिसहरू अविनाशी तत्त्वमा प्राप्त हुन्छन् । श्रीकृष्ण अल्पबुद्धि भएका मानिसहरूका बारेमा चर्चा गर्नुहुन्छ । त्यस्ता अल्पज्ञहरू आफ्ना हातबाट मूल्यवान् वस्तु गुमाएर अति सामान्य वस्तु प्राप्त गर्न चाहन्छन् । प्रार्थनाले परम सत्य पाउन सकिन्छ तर अल्पज्ञहरू शरीरका सामान्य आवश्यकताका परिपूर्तिको माग गर्छन् किनभने उनीहरू जे माग गर्छन् त्यो प्राप्ति पश्चात् पनि उनीहरूका मागको अन्त्य हुँदैन । जति आवश्यकता पूर्ति भए पनि सन्तुष्ट नभई सधैँ अतृप्त, अधुरो र दीनहीन रहन्छन् । यदि माग्नु नै छ भने त्यो माग्नुपर्दछ जुन मागेर प्राप्त भएपछि तृप्त हुन सकियोस् र अरू केही माग्न बाँकी नै नरहोस् तर अल्पज्ञ टाढासम्म देख्न नसक्ने हुँदा उनीहरूको बुद्धि क्षणिक हुन्छ । उनीहरू केवल तत्कालको आवश्यकताको मात्र माग गर्दछन् । बुद्धिमान् तिनै हुन् जसले जीवनको परम आवश्यकताको माग गर्दछन् ।

हामी बुद्धिमान् नभई अल्प बुद्धिवाला हौं । अल्पबुद्धि बुद्धिहीन होइन, थोरै बुद्धि भएका हुन् । मनुष्य सुख चाहन्छ किनभने ऊ अल्पबुद्धिको छ । ऊ यस्तो सुख चाहन्छ जसले अन्त्यमा दुख मात्र ल्याउँछ । हामी सबै कागजको डुङ्गामा समुद्रमा यात्रा गर्छौं । हाम्रो डुङ्गा सपना जस्तो छ र भवन तासको घरजस्तो छ । हाम्रो सपना बालुवाजस्तो छ जो हावाको झड्काले तितरबितर हुन्छ । हामी सबैमा अल्प नै भए पनि बुद्धि हुन्छ । हामी सबै सुखको चाहना राख्छौं तर सुखका बारेमा जान्न सकेका छैनौं । त्यसैले सुख चाहन्छौं, तर दुख प्राप्त हुन्छ । हामी जे गर्छौं त्यसबाट दुख मात्र हात लाग्छ । भोगी आज मात्र सुख हुने मार्ग छान्छ जुन भोलि दुख बन्छ । योगी आज दुखजस्तो देखिने मार्ग छनोट गर्छ जुन भोलि गएर सुख बन्छ । आज दुखको छनोट गर्नेहरू भोलि सुखको मालिक हुन्छन् भने आज सुख छनोट गर्नेहरू भोलि दुखका अतिरिक्त केही पाउँदैनन् । अल्पबुद्धिवालाहरू एउटा कुराले सुख दिएन भने अर्को वस्तुबाट सुख पाइन्छ कि भन्ने ठान्दछन् । उनीहरू जीवनको एउटा अनुभवलाई चिरस्थायी बनाउन सक्दैनन् र आफूलाई धोका दिइरहन्छन् । यस जगत्मा एउटा अनुभवले सारा अनुभवको जानकारी दिन्छ त्यसका लागि अल्पबुद्धि होइन बुद्धिमान् हुनुपर्छ ।

सम्राट् अशोक कलिङ्गको युद्धमा लडाइँ लड्न गए जुन युद्धमा एकलाख मानिस मारिए । अशोकले युद्धमा जुन अनुभव गरे त्यो अन्य कसैले पनि कहिल्यै गरेनन् । उनी कलिङ्गको युद्ध जितेर फर्किंदा पनि विजयको प्रसन्नताको ठाउँमा दुखी देखिन्थे । उनले अब उनका लागि अर्को युद्ध असम्भव छ भने, किनभने कलिङ्गको युद्ध जित्दा जुन आनन्द प्राप्त हुन्छ भन्ने सोचेका थिए त्यो प्राप्त भएन । कलिङ्ग त जिते तर आनन्दको साटो विरक्ति आयो । मनले त अझै थुप्रै राज्य जित्न बाँकी छ भनेर धोका दिन खोजिरहेको थियो तर यो मनको कुरा मान्न उनको विवेकले दिएन । एकपटक मनको कुरा मानेर एकलाख मानिसको लास लडेको देखिसकेको हुनाले यो अनुभवबाट उनले पाठ सिके । अब यो अनुभवबाट पाठ सिक्छु र अरू मूर्खता गर्दिनँ किनभने मनले सपना देखायो तर आनन्द प्राप्त नभई केवल दुख मात्र प्राप्त हुँदो रहेछ भन्ने उनले बुझे । त्यस दिनदेखि सम्राट् अशोक भिक्षुजस्तै भएर रहन थाले ।

श्रीकृष्ण भन्नुहुन्छ- अल्प बुद्धिमान्हरू देवताहरूसँग सुखको कामना गरेर सुख पाउँछन् तर उनीहरूको त्यो सुख क्षणभङ्गुर सिद्ध हुन्छ तर 'म' समक्ष आउने व्यक्ति परम ऊर्जाको द्वारमा आएर अनन्त आनन्दको मालिक हुन्छ । प्रभुको द्वारमा जानु छ भने छुद्र वासना लिएर जानुको अर्थ अल्पबुद्धि हो । वासना पूरा भए पनि केही हातमा आउँदैन । प्रभुको द्वारमा वासनाशून्य भएर तिमीले जे दिएका छौ त्यो

आवश्यकता भन्दा धेरै छ भनेर प्रार्थना गरेमा प्रभुको कृपा उसमा बर्सिन्छ । हामीले जे पाएका छौं त्यसमा सन्तुष्ट छैनौं र जे पाइएको छैन त्यसका लागि प्रभुसँग गुनासो गर्छौं । धार्मिक व्यक्ति मन्दिरमा मागरहित प्रार्थना गर्न जान्छ । ऊ सधैं आफ्नो सामर्थ्यभन्दा बढी प्रभुले दिएकोमा कृतज्ञता ज्ञापन गर्छ । प्रभुले दिएको कुराको पनि हामीले पूर्ण उपयोग गरेका छैनौं । हामीलाई आँखा प्राप्त छ तर परमात्माको दृश्य हेर्न सकेका छैनौं । हाम्रो कानले कुनै अमृतरूपी वाणी सुन्न सकेको छैन । अमृत त सर्वत्र मौजुद छ तर त्यसतर्फ आकृष्ट नभई हामी केवल छुद्र मागमै सीमित हुन्छौं । हाम्रो सारा प्रार्थना नपाइएको चिजको माग हो । हामी जस्तो अल्पबुद्धिवालालाई त्यो माग पूरा भएको एक क्षणमा नै त्यो हराउने छ भन्ने महसुस नै हुँदैन । प्रार्थना त त्यही सार्थक हो जो एक पटक पाएपछि कहिल्यै हराउँदैन र समाप्त पनि हुँदैन तर त्यो देवताको पूजनबाट होइन परमसत्तातर्फको समर्पणले मात्र सम्भव हुन्छ ।

*अव्यक्तं व्यक्तिमापन्नं मन्यन्ते मामबुद्धयः ।*
*परं भावमजानन्तो ममाव्ययमनुत्तमम् ॥२४॥*

**अल्पज्ञहरू मेरो अनुत्तम, अविनाशी र परम भावलाई नबुझेर मन इन्द्रियभन्दा पर 'म' सच्चिदानन्दघन परमात्मालाई मनुष्य ठानेर व्यक्तिको भावलाई प्राप्त गरेको मान्दछन् ॥**

*नाहं प्रकाशः सर्वस्य योगमायासमावृतः ।*
*मूढोऽयं नाभिजानाति लोको मामजमव्ययम् ॥२५॥*

**मूर्ख एवम् अल्पज्ञानीहरूका लागि 'म' योगमायाको आवरणद्वारा ढाकिएकाले देखिन्नँ वा अप्रकट हुन्छु तर तिनीहरू 'म' अजन्मा र अविनाशी परमात्मालाई तत्त्वपूर्वक जान्दैनन् र मलाई जन्मने र मर्नेवाला ठान्दछन् ॥**

श्रीकृष्ण भन्नुहुन्छ- म अहिले साकार शरीरको रूपमा उभिएको छु अथवा मैले आकार लिएको छु तर अल्पज्ञहरू सोच्छन् मेरो आकार नै 'म' हुँ तर 'म' भित्रको निराकारलाई उनीहरू अज्ञानताका कारण देख्न सक्दैनन् । मेरो रूप देख्नका लागि आँखा र सोच्नका लागि मेधा नहुनेहरूले मेरो साकार रूप देख्न सक्छन् तर भित्र लुकेको अरूपलाई देख्न सक्दैनन् । मेरो सच्चिदानन्दस्वरूप उनीहरूको आँखाबाट देख्न सकिन्न । जब जब परमात्मा प्रकट हुन्छन्, तब तब आकार वा रूपमा नै प्रकट हुन्छन् । प्रकट हुनुको अर्थ नै रूपायित हुनु हो । प्रकट हुनु भनेको भौतिक जगत्मा रूप र आकारमा अभिव्यक्त हुनु हो। जो व्यक्ति बुद्धिहीन छन् उनीहरू मेरो शरीरलाई नै 'म' ठान्दछन् तर उनीहरू 'म' भित्रको अरूप तत्त्वलाई जान्दैनन् । कृष्णलाई शरीरधारी मान्ने र भगवान् नमान्ने व्यक्तिहरू उहाँलाई हामीजस्तै मानव ठानेर जन्मने र मर्नेवाला ठान्दछन् र भगवान् मान्दैनन् तर कृष्ण त अजन्मा र अविनाशी परमात्मा हुनुहुन्छ ।

निराकारलाई देख्न सक्ने व्यक्ति बुद्धिमान् हो भने आकारलाई मात्र देख्ने व्यक्ति बुद्धिहीन हो । बुद्धिमानले चौतर्फी निराकार देख्छ । हाम्रो दृष्टिमा सबैतिर आकार मात्र दृष्टान्त हुनाले कृष्णमा पनि हामी आकार नै देख्दछौं । श्रीकृष्ण भन्नुहुन्छ- जो मलाई साकार रूपमा मात्र देख्छन् र मलाई शरीरधारी मात्र ठान्छन् उनीहरू त बुद्धिहीन हुन् । उनीहरू मलाई निराकारमा देख्न सक्दैनन् तर 'म' त्यही निराकार हुँ । अभिव्यक्त हुनका लागि रूप र आकार चाहिन्छ । यदि हामीलाई बोल्नु छ भने शब्दको उपयोग गर्नैपर्छ तर अर्थ त कहिले पनि पुग्दैन, केवल शब्द मात्र पुग्छ । अर्थ निराकार र शब्द साकार हो तर जे बोल्नु छ त्यो निःशब्द छ । यहाँ जे सिर्जिन्छ त्यसले रूप लिन्छ; रूप लिनासाथ रूप देखिन्छ र अरूप लुक्छ, यही जीवनको कठिनाइ हो । जबसम्म त्यो अरूप देखिँदैन हाम्रो जीवनमा भगवत् चैतन्यको कुनै अनुभूति नै हुँदैन । तसर्थ श्रीकृष्ण 'म' सच्चिदानन्दलाई जान्नु छ भने रूपबाट आँखा उठाएर अरूप अर्थात् निराकारलाई खोज्नुपर्छ । मेरो साकार रूपमा, शब्दमा नरोकिई त्यसभन्दा टाढा खोज्न सकेमा मात्र त्यहाँ

मेरो सच्चिदानन्द रूपलाई पाउने छौ जुन निराकार र निःशब्द छ। जो भित्र अचल छ उसले कहिल्यै पनि जन्म लिँदैन र कहिल्यै मर्दैन, ऊ सारा घटनाहरूबाट पार छ। यी सबै घटनाहरू आकार भित्र मात्र हुन्छ।

बुद्धिहीन व्यक्तिहरू आकारमा अड्किन्छन् र बुद्धिमान् व्यक्तिहरू निराकारलाई खोजेर त्यसमा डुबुल्की लगाउँछन्। एकपटक निराकारको झलक प्राप्ति पर्यन्त सम्पूर्ण आकारहरू आफैं समाप्त हुन्छन् जहाँ केवल आनन्द मात्र शेष रहन्छ। त्यसैले श्रीकृष्ण त्यो मेरो सच्चिदानन्दस्वरूप हो, त्यहाँ सत्, चित् र आनन्दको वास हुन्छ भन्नुहुन्छ। सत्को अर्थ हो अस्तित्व र असत्को अर्थ जो छ जस्तो देखिन्छ तर छैन। चित्को अर्थ चैतन्य जसको आकार हुँदैन। आकारमा त जड मात्र पाइन्छ। आनन्दलाई आकारमा खोजे सुख र दुख पाइन्छ तर आनन्द पाइँदैन, त्यो त केवल निराकारमा मात्र पाइन्छ। तसर्थ श्रीकृष्ण जो आकार र आकृतिमा अल्झिँदैन उसले मात्र मेरो असली रूप निराकार देख्न सक्छ भन्नुहुन्छ।

*वेदाहं समतीतानि वर्तमानानि चार्जुन।*
*भविष्याणि च भूतानि मां तु वेद न कश्चन॥२६॥*

**हे अर्जुन ! म भूत, भविष्य र वर्तमान कालमा घटेका, घट्ने र घटिरहेका सबै कुरा जान्दछु। म सबै प्राणीलाई जान्दछु तर ती श्रद्धाविहीन प्राणी मलाई जान्दैनन्॥**

श्रीकृष्ण भन्नुहुन्छ- अघि जे भयो अहिले जे भइरहेको छ र भविष्यमा जे हुन्छ यी सबै 'म' जान्दछु। मजस्तो निराकार चेतनासमक्ष समय नै हुँदैन। वर्तमान, भूत र भविष्य साकार व्यक्तिहरूको धारणा हो। जसरी निराकारमा साकार रूप हराउँछ त्यसरी नै समयमा भूत र भविष्य हराएर वर्तमानमा समय रोकिन्छ। वास्तवमा हामी समय बितिरहेको छ भन्छौँ तर सही अर्थमा समय होइन, हामी बितिरहेका छौँ। समय कहीं जाँदैन र आफ्नै ठाउँमा हुन्छ। न त हिजो बितेको समय अस्तित्वमा जम्मा हुन्छ न त भोलि जो आएकै छैन त्यो कतैबाट आउँछ। न त भविष्य आइरहेको हुन्छ न त अतीत गइसकेको छ। समय जहाँ छ त्यही रहन्छ केवल हामी गुज्रिरहेका हुन्छौँ। मानिस चल्छ, तर समय स्थिर हुन्छ। त्यसैले त श्रीकृष्ण भूत, भविष्य र वर्तमान सबै जान्दछु भन्नुहुन्छ। त्यसको मतलब के हो भने उहाँजस्तो व्यक्तिलाई परम चेतनाको अवस्थामा वर्तमान, भूत र भविष्यको सबै अन्तर समाप्त हुन्छ।

जति चेतनाको उचाइ हुन्छ उति नै वर्तमान, भविष्य र अतीतको दूरी कम हुँदै जान्छ। जुन दिन कृष्णजस्तो परम चेतनाको अवस्था हुन्छ त्यो दिन सबै कुरा जो भइसकेको, भइरहेको र हुनेवाला छ तीनै स्थिति देखिन्छन्। यही अनुभवका आधारमा समस्त ज्योतिषको विकास भएको थियो। ज्योतिषको सारा विकास समाधिस्थ चित्तबाट भएको थियो जसका लागि समयको सबै अन्तर समाप्त भएको हुन्छ। उनीहरूले भूत, भविष्य र वर्तमान सबै देखे। ज्योतिष ज्योतिर्यमय चेतनाबाट आरम्भ भएको हो। श्रीकृष्ण भन्नुहुन्छ- 'म' सबैलाई देख्छु तर अज्ञानीहरू 'मलाई' देख्दैनन्। कृष्णलाई कौरवहरू युद्ध हारिरहेका छन् भन्ने थाहा थियो। यो युद्धको परिणाम उहाँको लागि वर्तमान हो तर अर्जुनलाई कौरवहरू युद्ध हारिरहेका छन् भन्ने कुनै जानकारी छैन। कृष्णलाई युद्धका बारेमा थाहा थियो त्यसैले उहाँले अर्जुनलाई भन्नुभयो- तिमी युद्धबाट नभाग, तिमी जसलाई मार्छु भनिरहेका छौ तिनीहरू त पहिल्यै मारिइसकेका छन् किनभने म उनीहरूको लास देखिरहेको छु। जब केही समयपछि त्यो वर्तमान हुन्छ तब तिमीले पनि देख्ने छौ। तिमी उनीहरूलाई मैले मार्छु भन्ने ठान्दछौ तर तिनीहरू त पहिल्यै समाप्त भइसकेका छन्। तिमी त केवल निमित्त मात्र हौं।

पहाडबाट तल हेर्न सजिलो हुन्छ तर तलबाट माथि हेर्न कठिन हुन्छ। जति हामी तल हुन्छौं हाम्रो चेतना त्यति नै सङ्कीर्ण हुन्छ र जति माथि हुन्छौं त्यति नै विस्तार हुन्छ। कृष्णलाई देख्न सजिलो छ, त्यसैले उहाँ सबैलाई सजिलै देख्न सक्नुहुन्छ तर सबैले कृष्णलाई देख्न सक्दैनन्। कृष्णलाई चिन्नेहरू आफूलाई उहाँमा समर्पण गरेर बाँच्छन् र जे कृष्णले भन्नुभएको हो त्यही हुन्छ भन्ने कुरा जान्दछन्।

कृष्णका लागि युद्ध खेल मात्र हो र उहाँले जुन नियति हो त्यो भएर नै छाड्ने छ भन्ने देख्नुभएको छ । कृष्णलाई जे हुनेवाला छ त्यो ज्ञात छ । यस युद्धमा कृष्णलाई जसले जान्न सक्यो उसका लागि त उहाँ निराकार परमात्मा हुनुहुन्थ्यो तर जसले उहाँलाई जान्न सकेनन् तिनीहरूका लागि त केवल सामान्य व्यक्तिका रूपमा मात्र देखिनुभयो । श्रीकृष्ण जसले निराकारलाई देख्न सक्छ त्यसले मात्र मलाई वास्तविक रूपमा चिन्ने छ भन्नुहुन्छ ।

*इच्छाद्वेषसमुत्थेन द्वन्द्वमोहेन भारत ।*
*सर्वभूतानि सम्मोहं सर्गे यान्ति परन्तप ॥२७॥*

**हे भरतवंशी परन्तप ! सबै जीवहरू इच्छा, द्वेष एवम् घृणाबाट उत्पन्न भएको सुख-दुखादिको द्वन्द्वमा परी भ्रमित भएर मोहवश सम्पूर्ण प्राणी अति-अज्ञानतामा प्राप्त भइरहेका छन् ॥**

*येषां त्वन्तगतं पापं जनानां पुण्यकर्मणाम् ।*
*ते द्वन्द्वमोहनिर्मुक्ता भजन्ते मां दृढव्रताः ॥२८॥*

**जसले पापकर्म निर्मूल भएर पुण्यकर्म अर्थात् श्रेष्ठ कर्मको आचरण गरेका छन् तिनीहरू मोहको द्वन्द्वबाट मुक्त हुँदै दृढ निश्चय भएका पुरुष मेरै भजन गर्दछन् ॥**

यहाँ श्री कृष्णले अर्जुनलाई 'भारत' भनेर सम्बोधन गर्नु भएको छ र यसै अध्यायको आठौँ श्लोकमा 'कौन्तेय' भनेर सम्बोधन गर्नुभएको छ जुन अर्थपूर्ण छ । कौन्तेय भन्दा अर्जुनको मातृकूलतर्फको र भारत भन्दा अर्को पितृकूल तर्फको महानता प्रकट हुन्छ । अर्जुन युद्धबाट विमुख हुनुअघि उनको मातृ-पितृकुलको उत्तरदायित्त्व र कर्तव्य पालनको स्मरण गरून् भनेर बडो कुशलतापूर्वक श्रीकृष्णले यो सम्बोधन गर्नु भएको हो । इच्छा, राग र द्वेषबाट मुक्त भएका मानिसले नै प्रभुको स्मरण र भजन गर्दछन् । जसको चित्त इच्छा, राग र द्वेष जस्ता व्यर्थ विकारहरूले भरिएको हुन्छ, त्यसले प्रभुको प्रार्थना र स्मरण गर्ने सम्भावना नै हुँदैन । तसर्थ श्रीकृष्ण भन्नुहुन्छ- हे भरतवंशी परमतप इच्छा, द्वेष र घृणाबाट उत्पन्न सुख-दुखको भ्रममा परेर मोहवश सम्पूर्ण प्राणी अति अज्ञानतामा प्राप्त भइरहेका छन् । मनको आफूले आफैँलाई विषाक्त गर्ने दौड जबसम्म समाप्त हुँदैन, तबसम्म प्रभुस्मरण र भजन असम्भव हुन्छ । अबुझ एवम् अज्ञानीहरू इच्छा र द्वेषमा नै आफ्नो जीवनलीला समाप्त पार्छन् र आफैँ नै नर्कको यात्रा गर्छन् । ज्ञानीहरू आफ्नो जीवनलाई आनन्दको यात्रामा निरन्तर प्रवाहित गर्छन् । जसले आफ्नो मनलाई निष्काम भावले पवित्र गरेर एवम् राग र द्वेष प्रभुमा समर्पित गर्छ त्यस्तो ज्ञानी भक्तले कृष्णलाई प्राप्त गर्छ । त्यस्तै उठ्दा, बस्दा, सुत्दा प्रत्येक कृत्यमा भगवत् भजनमा लीन रहने एवम् प्रभुमा समर्पित हुने व्यक्ति पनि कृष्णमा लीन  हुन्छ ।

जीवनलाई हेर्ने दृष्टिकोणले नै हाम्रो धारणा बन्छ । पानी पर्नुलाई सामान्य दृष्टिबाट हेर्दा पानी परेको वा भिज्दा पानीले भिजायो भन्ने धारणा हुन सक्छ । नकारात्मक धारणा राखेमा पानी परेको प्रति नकारको दृष्टि पनि हुन सक्छ तर सकारात्मक दृष्टिले हेर्ने हो भने पानीमा हामी परमात्माको प्रसाद बर्सिएको पाउन सक्छौँ । तसर्थ श्रीकृष्ण भन्नुहुन्छ- जसको मनमा काम-द्वेष आदि छैन, जसले पापकर्म निर्मूल भएर पुण्यकर्म अर्थात् श्रेष्ठ कर्मको आचरण गरेका छन्, जो कसैप्रति घृणाले भरिएको छैन ऊ सरलतापूर्वक मेरो भजनमा लीन हुन सक्छ । यस्तो ज्ञानीलाई म उपलब्ध हुन्छु । यस्तो व्यक्ति जगत्मा परमात्माका अतिरिक्त अरू कसैलाई देख्दैन ।

*जरामरणमोक्षाय मामाश्रित्य यतन्ति ये ।*
*ते ब्रह्म तद्विदुः कृत्स्नमध्यात्मं कर्म चाखिलम् ॥२९॥*

**जो वृद्वता र मृत्युबाट मुक्ति प्राप्त गर्नका लागि भक्तिपूर्वक मेरो शरणमा पर्दछन् तिनीहरू समस्त दिव्य कर्मलाई, ब्रह्मलाई र सम्पूर्ण अध्यात्मलाई पूर्ण रूपले जान्दछन् ॥**

श्रीकृष्ण भन्नुहुन्छ- जो मेरो शरणमा पर्दछन् उनीहरू सबै दुखबाट मुक्त हुन्छन् र समस्त दिव्य कर्म, ब्रह्म र अध्यात्मलाई जान्दछन् । शरण शब्दमा धर्मको सारा सार रहेको छ । पूर्वमा खोजिएको आधारभूत विषय पनि शरण नै हो । जो आफूलाई असहाय र सबै कृत्य ज्ञात-अज्ञात शक्तिले नै गराएको हो, म त केवल निमित्त मात्र हुँ भन्ने ठानेर आफूलाई प्रभुमा समर्पित गर्छ त्यही शरणमा पर्नु शरणागति हुनु हो । अनन्तलाई अब म तिम्रो चरणमा समर्पित भएँ भन्ने भाव शरणागति हो । श्रद्धापूर्वक जसले प्रभुलाई तिम्रो इच्छा पूरा होस् भन्न सक्छ उसको जीवनबाट दुख बिदा हुन्छ । मेरो इच्छा दुख हो र उसको इच्छा दुखको अन्त्य हो भनेर सोच्ने व्यक्तिलाई मृत्यु नै आए पनि ऊ विचलित हुँदैन । घटनाहरू बाहिर हुन्छन् र व्यक्ति त्यसबाट मुक्त हुन्छ । वास्तवमा 'म'को सिवाय जगत्मा अरू कुनै दुख छैन । हामी पूरा 'म'भाव अर्थात् कर्तापनबाट भरिएका छौं र त्यो 'म' नै हामीलाई समर्पित हुन एवम् शरणमा जान दिँदैन ।

जुन परमात्मालाई हामी पाउनयोग्य पनि छैन भनेर उपेक्षा गर्छौं अन्त्यमा उही परमात्मा शरण हुन योग्य थियो भन्ने थाहा हुन्छ । शरण अद्भुत अनुभव हो । शरणको अर्थ 'म' अब छैन तिमी नै छौ र अब तिमी जे गराउँछौ र जे गर्छौ त्यससँग म सहमत छु भन्ने हो । जुन दिन व्यक्ति परमात्माको शरणमा आफूलाई छोडिदिन्छ त्यसै क्षण ऊ परमात्मासँग एक हुन्छ । जीवनको रहस्य जबसम्म हामी आफूलाई बचाउँछौं तबसम्म हामी आफूलाई हराउँछौं र जुन दिन आफूलाई छोडिदिन्छौं त्यही दिन आफूलाई बचाउँछौं भन्ने हो । जबसम्म हामी आफूलाई बचाउँछौं, हाम्रो मुट्ठी खाली हुन्छ र जुन दिन आफूलाई छोडिदिन्छौं, त्यही समय यो सारा सम्पदा र जगत् हाम्रो हुन्छ । जबसम्म म अर्थात् अहङ्कार भित्र बाँकी रहन्छ यो सम्भव हुँदैन । वास्तवमा अहङ्कार हाम्रो मित्र जस्तो लाग्छ तर यही नै सबैभन्दा ठूलो शत्रु हो । जसलाई हामीले मित्र सम्झ्यौं तिनीहरू नै हाम्रा शत्रु हुन् र त्यही 'म'ले शरणमा जान र शिर झुकाउन पनि दिँदैन । हामी जब समर्पण गर्छौं त्यही क्षण विराट् ऊर्जा हामीभित्र प्रवेश गरेर नयाँ शक्ति प्रदान गर्छ । कृष्णको गीताको सार नै शरणागति (Complete surrender) हो । श्रीकृष्ण भक्तिपूर्ण शरणागतिले मात्र म अर्थात् अहङ्कार हट्छ भन्नुहुन्छ । उहाँका भनाइमा जो शरणमा जान्छ त्यसले सबै कुरा पाउँछ ।

*साधिभूताधिदैवं मां साधियज्ञं च ये विदुः ।*
*प्रयाणकालेऽपि च मां ते विदुर्युक्तचेतसः ॥३०॥*

**जो पुरुष अभिधूत, अधिदैव तथा अधियज्ञसहित मलाई अन्तकालमा पनि जान्दछ त्यस्तो युक्त चित्त भएको पुरुषले 'म' लाई नै जान्दछ र मृत्युकालमा 'म' लाई नै प्राप्त गर्दछ ॥**

श्रीकृष्ण भन्नुहुन्छ- सम्पूर्ण प्राणीहरूमा र अन्धकारमा पनि जसले अधिभूत, अधिदैव तथा अधियज्ञसहित मलाई नै देख्दछ उसले मलाई नै जान्दछ र मृत्युकालमा पनि मलाई नै प्राप्त गर्दछ । हामी सबैलाई परमात्मा प्रकाश, जीवन र आनन्दस्वरूप हो जस्तो लाग्दछ । तर श्रीकृष्ण भन्नुहुनछ- जसले मलाई सबै प्राणीमा देख्दछ त्यसले अन्धकार, दुख र मृत्युमा पनि मलाई नै देख्दछ र मलाई नै प्राप्त गर्दछ । जबसम्म मृत्युमा परमात्मा देखिन्न, तबसम्म अमृत प्राप्त हुँदैन । विपरीत र अन्धकारमा परमात्मा नदेखिएसम्म परमात्मा उपलब्ध हुन सक्दैन । हामी जिन्दगीलाई दुई हिस्सामा बाँडेर हेर्छौं । त्यसैले हामी भन्छौं- हे प्रभु ! मलाई अन्धकारबाट प्रकाशतिर, मृत्युबाट अमृततिर, भयबाट अभयतिर र दुखबाट सुखतिर लैजाऊ । यो हामीजस्ता नबुझ्ने व्यक्तिहरूको प्रार्थना हो, जसले जीवनलाई दुई भागमा बाँडेर सोच्दछौं । जसले सम्पूर्ण प्राणीमा कृष्णलाई देख्छन् उनीहरू अन्धकारमा पनि उहाँलाई नै पाउँछन् । यस्तो व्यक्तिले हे प्रभु ! म अन्धकार, दुख र मृत्युमा पनि तिमीलाई नै देख्न सकूँ, मलाई अमृतको कुनै चाहना छैन भन्ने प्रार्थना गर्दछ । जगत्मा तत्त्व एक मात्र छ । जसलाई हामी अन्धकार भन्छौं, त्यो प्रकाशको नै रूप हो । जसलाई हामी मृत्यु भन्छौं, त्यो अमृतको एउटा रूपान्तरण हो । जसलाई हामी पीडा, सन्ताप, दुख भन्छौं

त्यो पनि आनन्दको यात्राको बिसौनी मात्र हो । तर त्यसलाई हामी तब देख्न सक्छौँ, जब हामी जीवनलाई एकत्रित रूपमा हेर्न सक्छौं । तर हामी त जीवनलाई टुक्रा-टुक्रा गरेर हेर्छौं । हाम्रो बुद्धिले सबै कुरालाई खण्ड-खण्ड पार्छ किनभने बुद्धिको काम नै चिजहरूलाई तोड्नु हो, जोडनु होइन ।

आज भन्दा एक हजार वर्षअगि सेलबेसिस नामका इसाई साधु भारतवर्ष आए । उनी अत्यन्त अद्‌भुत व्यक्तिहरूमध्ये एक थिए । केही वर्षपछि उनी क्याथोलिक चर्चका पोप पनि भए । जति पोपहरू भए तिनीहरूसँग उनको तुलना नै हुन सक्दैन । उनले हिन्दू संस्कृति, साधना र रहस्यका बारेमा गहन अध्ययन र प्रयोग गरेका थिए । एक जना साधुले उनलाई तामाले बनेको टाउको (मानव खप्पर) उपहार दिए । त्यो टाउकाबाट 'हो वा होइन' भन्ने जवाफ आउँथ्यो । त्यो टाउको चाँदीले बेरिएको थियो । सेलबेसिसले त्यो खप्परसँग हजारौं प्रश्न गरे, सदैव सही जवाफ पाए । जस्तो कि कुनै व्यक्ति भोलि मर्छ ? भनेर सोध्दा टाउकाले हो भनेर जवाफ दिँदा त्यो व्यक्ति भोलि नै मर्‍यो । कसैलाई उसले होइन भन्यो जो मरेन । सेलबेसिसलाई त्यो टाउको उपहार दिने व्यक्तिले भनेको थियो कि बुद्धिको कुरा सुनेर यो टाउकालाई कहिल्यै खोलेर नहेर्नू । तर सेलबेसिसले जब प्रत्येक प्रश्नको जवाफ सही पाए उनी बेचैन भए र सुत्न पनि सकेनन् । तब यसभित्र के छ भनेर उनले त्यो टाउको खोलेर हेरे । टाउको भित्र त केही पनि थिएन । त्यो एउटा साधारण खप्पर मात्र थियो । सेलबेसिस अत्यन्त दुखी भए । आज पनि त्यो खप्परलाई भेटिकन सिटीको पोपको कार्यालयमा राखिएको छ । सेलबेसिसले धेरै पश्चात्तापका साथ त्यो टाउकालाई जोड्न त सफल भए तर त्यसबाट कुनै जवाफ आएन ।


भित्र के छ भनेर हामी तत्काल चिजहरूलाई फोडेर वा टुक्र्याएर हेर्न चाहन्छौँ तर भित्रको तत्त्व जोडिएको हुन्छ, टुक्रिएको हुँदैन । जुन चिजलाई हामी फोड्छौं त्यसको पूर्ण अस्तित्व समाप्त हुन्छ । जीवनका सबै रहस्यहरू पूर्णतामा हुन्छन् । त्यसैले विज्ञानले कहिल्यै पनि रहस्य पत्ता लगाउन सक्दैन किनभने विज्ञानको पूरा प्रक्रिया टुक्र्याएर विश्लेषण गर्ने हुन्छ । त्यसैले परमाणु त पाइयो तर आत्मा कहिल्यै पाइएन । परमाणु टुक्रा पारेर पाइन्छ भने आत्मा जोडेर पाइन्छ । विद्युतीय कण इलेक्ट्रोन टुक्र्याएर पाइन्छ तर परमात्मा जोडेर मात्र पाइन्छ । कृष्ण अन्धकार-प्रकाश, जीवन-मृत्युको बिचमा समताको कुरा गर्नुहुन्छ । जो सबै प्राणीमा मलाई देख्छ उसले एक दिन अन्धकारमा पनि मलाई देख्ने छ । जुन दिन नराम्रो वा अरुचिकर वस्तुमा पनि परमात्मा देखिन थाल्छ त्यो दिन कुनै अरुचिकर नै शेष रहन्न । कुनै व्यक्तिको आँखा निकालेर सामुन्ने राख्यो भने त्यो भयानक देखिन्छ । तर शरीरको एक अङ्गको रूपमा हेर्दा आँखा सुन्दर हुन्छ किनभने पूर्णतामा मात्र सबै कुरा सुन्दर हुन्छ । जब खण्ड हुन्छ, तब कुरूप हुन्छ । जब कसैले पूरा जीवन र विराट्‌लाई संयुक्त रूपमा हेर्छ, तब यो परम सौन्दर्यमय हुन्छ । त्यही परम सौन्दर्य नै भगवत् सौन्दर्य हो ।

तर हामी सबै कुरा टुक्रामा हेर्छौं । जब हामी वृक्ष हेर्छौं, तब सूर्य देख्दैनौँ । सूर्य र वृक्ष संयुक्त जोडिएका हुन्छन् । सूर्यलाई जब हेर्छौं, तब जमिन हेर्दैनौँ । सूर्य र पृथ्वी संयुक्त रूपमा जोडिएका छन् । रात हेर्दा दिन र दिन हेर्दा रात देख्न सक्दैनौं तर यी दुवै एक अर्कासँग संयुक्त हुन्छन् । प्रकाश र अन्धकार पनि एक-अर्काका पूरक हुन् । हामी त यतिसम्म कमजोर छौं कि हामी एउटा सिक्काका दुई पाटा पनि एकसाथ देख्न सक्दैनौं । त्यसैले तर्कशास्त्रीहरू भन्छन्- पैसाका दुई पाटालाई कसैले पनि एक साथ देखेका नै छैनन् अनि कसरी मान्नु कि यी एक हुन् । मानव बुद्धिले संयुक्त देख्न सक्दैन, खण्ड खण्ड गरेर मात्र देख्न सक्छ तर खण्डमा सबै सौन्दर्य चेतना र सत्य समाप्त भएर हराउँछ र केवल असौन्दर्य र कुरूपता मात्र बाँकी रहन्छ । श्रीकृष्ण भन्नुहुन्छ- सबै प्राणीमा मलाई देख्ने व्यक्तिले मात्र मलाई देख्छ । समस्त प्राणी, वर्षा, बादल, पानी, दुख, सुख, मित्र, शत्रु, शब्द, मौन आदि सबैमा जब एक देखिन्छ तब मात्र द्वैत अर्थात् विपरीत बाँकी रहन्न, केवल एक मात्र बच्छ । जब प्राणमा एक मात्र बच्छ त्यो दिन नयाँ आयाममा

फड्को मारेर नयाँ जगत्मा प्रवेश हुन्छ । अन्त्यमा शरणमा जानु नै महत्त्वपूर्ण हुन्छ । अनुकूलमा मात्र होइन प्रतिकूलमा पनि परमात्मालाई देखेर शरणमा जान सक्नु नै मनुष्यको परीक्षा र चुनौती हो ।

*ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे*
*श्रीकृष्णार्जुनसंवादे ज्ञानविज्ञानयोगो नाम*
*सप्तमोऽध्यायः ॥७॥*







*ॐ श्रीपरमात्मने नमः*

आठौं अध्याय

# अक्षरब्रह्मयोगः

*अर्जुन उवाच ।*
*किं तद्ब्रह्म किमध्यात्मं किं कर्म पुरुषोत्तम ।*
*अधिभूतं च किं प्रोक्तमधिदैवं किमुच्यते ॥१॥*

**अर्जुनले सोधे– हे पुरुषोत्तम ! ब्रह्म के हो ? अध्यात्म वा आत्मा के हो ? सकाम कर्म के हो ? भौतिक जगत् के हो ? अधिभूत भनेको के हो अधिदैव कसलाई भनिन्छ ?**

*अधियज्ञः कथं कोऽत्र देहेऽस्मिन्मधुसूदन ।*
*प्रयाणकाले च कथं ज्ञेयोऽसि नियतात्मभिः ॥२॥*

**हे मधुसूदन ! यहाँ अधियज्ञ भनेको के हो र अधियज्ञ यो शरीरमा कसरी रहन्छ ? तथा युक्तचित्त भएको पुरुषले मृत्युकालमा अर्थात् अन्तकालमा कसरी हजुरलाई जान्न सक्छन् ?**

*श्रीभगवानुवाच ।*
*अक्षरं ब्रह्म परमं स्वभावोऽध्यात्ममुच्यते ।*
*भूतभावोद्भवकरो विसर्गः कर्मसञ्ज्ञितः ॥३॥*

**भगवान्ले भन्नुभयो- सच्चिदानन्दस्वरूप अविनाशी दिव्य जीवात्मा नै ब्रह्म हो । जीवको सनातन स्वभावलाई अध्यात्म भनिन्छ । प्राणीको भावना जागृत गराउने त्याग वा विसर्ग नै कर्म हो ॥**

अर्जुनको प्रश्नको कुनै अन्त छैन । श्रीकृष्ण जस्ता दिव्यपुरुष उपस्थित हुँदा पनि अर्जुन प्रश्न नै उठाइरहेका छन् । त्यही कारणले उनले कृष्णलाई बुझ्न सकिरहेका छैनन् । कृष्णले भन्नुभएका कुरा पनि अर्जुनले बुझ्न सकेका छैनन् । जबसम्म प्रश्न मात्र हुन्छ, तबसम्म उत्तर बुझिँदैन । प्रश्नरहित भएपछि मात्र उत्तर बुझ्न सकिन्छ । कृष्ण जस्ता साक्षात् उत्तर अगाडि हुँदा पनि अर्जुन उत्तर बुझ्न सकिरहेका छैनन् । अर्जुन जति प्रश्न गर्दै जान्छन् उति नै उत्तर बुझ्न असमर्थ हुन्छन् । निरन्तर प्रश्न उठाइरहेकोले सानो उत्तर पनि उनलाई बुझ्न कठिन भइरहेको छ । कृष्णको उत्तर नबुझ्नुमा उनको मन नै बाधक छ । अघिल्ला सात अध्यायहरूमा कृष्णले उत्तर दिइसकेको भए पनि प्रश्नका नाममा अर्जुन पुरानै प्रश्न दोहोर्‍याइरहेका छन् । यस प्रसङ्गमा अर्जुन प्रश्नको वर्षा नै गर्दै छन् ।

अर्जुन सोध्छन्- हे पुरुषोत्तम ! ब्रह्म के हो, यद्यपि ब्रह्मसम्बन्धी प्रश्नपछि समस्त प्रश्नको अन्त्य हुन्छ त्यसपछि त प्रश्न नै बच्दैन । ब्रह्म त अन्तिम प्रश्न (Ultimate question) हो । अर्जुन ब्रह्मको प्रश्नपछि पनि प्रश्नको सिलसिला जारी राख्दै सोध्छन्- अध्यात्म के हो, कर्म के हो, अधिभूत के हो, अधिदेव के हो र अधियज्ञ के हो, यो शरीरमा ऊ कसरी हुन्छ र युक्त पुरुषद्वारा अन्त्य समयमा हजुर कसरी जानिनुहुन्छ । अर्जुनको प्रश्न सुन्दा कुनै एक प्रश्नमा उनको उत्सुकता भएजस्तो लाग्दैन किनभने उनी हतार गरेर एकपछि अर्को प्रश्न सोध्दै छन् अन्यथा ब्रह्मको प्रश्नपछि त कुनै प्रश्न नै शेष नरहनु पर्ने हो । यसको अर्थ ब्रह्ममा उनको विशेष जिज्ञासा छैन भन्ने बुझिन्छ अन्यथा यो एउटा प्रश्न नै सारा उत्तरहरूको लागि पर्याप्त हुनुपर्ने हो । यो एकलाई जान्ने बित्तिकै सबैलाई जानिन्छ र जान्न केही बाँकी रहदैन । अर्जुनका प्रश्नहरूको छाटबाट के बुझिन्छ भने जुनसुकै उत्तर आए पनि उनका प्रश्नहरूको समाधान मिल्लेवाला छैन । वास्तवमा हाम्रो मनले जब एउटा उत्तर पाउँछ, तब त्यस उत्तरबाट अन्य दश प्रश्न सोध्न मन सिपालु हुन्छ ।

वादरायणको ब्रह्मसूत्र एउटा सानो प्रश्नबाट प्रारम्भ हुन्छ । 'अथातो ब्रह्मजिज्ञासा' अर्थात् यहाँबाट ब्रह्मसम्बन्धी जिज्ञासा सुरु हुन्छ । यही नै त्यस ब्रह्मसूत्रको पहिलो र अन्तिम प्रश्न हो । अर्जुन ब्रह्म के हो भनी सोध्छन्- तर क्षणभर पनि प्रतीक्षा नगरी उनी अध्यात्म के हो भन्ने अर्को प्रश्न गर्छन् । यस्तो प्रश्न हाम्रो बुद्धिबाट आउँछ, हृदयबाट आउन सक्दैन । यो प्रश्न मैले पहिले पनि सोधिसकेको छु भन्ने स्मरण पनि उनी राख्दैनन् । उनलाई कृष्णले दिनुभएको उत्तरको मतलब पनि छैन किनभने उनी कृष्णका ती उत्तरहरू सुनिरहेका छैनन् । अर्जुन कृष्णलाई कुनै प्रश्नले अप्ठ्यारो पार्ने विचारमा पनि हुन सक्छन् । उनले कृष्णलाई दिक्क पारेर थकाएर तिमी जे चाहन्छौ त्यही गर भनाउन चाहेको पनि हुन सक्छ ।

तर श्रीकृष्ण जस्तो महापुरुषलाई थकाउन असम्भव छ किनभने उहाँलाई राम्ररी थाहा छ अर्जुनलाई प्रश्नसँग कुनै मतलब छैन । अर्जुनका सबै प्रश्न समाप्त भएर उनको जीवनमा क्रान्ति घटित हुन सकोस् भन्ने कृष्ण चाहनुहुन्छ । अर्जुनलाई प्रश्नसँग कुनै प्रयोजन छैन भन्ने उहाँलाई थाहा छ अन्यथा कृष्णले यो प्रश्न त तिमीले सोधिसक्यौ र मैले यसको उत्तर दिइसकेको छु भन्नुहुन्थ्यो । अर्जुनलाई जवाफ होइन, रूपान्तरण चाहिएको छ र त्यो रूपान्तरणको अवस्थासम्म पुऱ्याउनका लागि उनलाई कृष्ण सम्झाउँदै हुनुहुन्छ । त्यसैले अब कृष्णले अर्जुनको भाषामा बोल्नुपर्ने हुन्छ । अर्जुनको मनमस्तिकमा प्रकाशको किरण पुगोस् भन्ने आशाले कृष्ण सम्पूर्ण प्रश्नहरूको उत्तर दिइरहनुभएको छ । यसै आशाबाट गीताको प्रादुर्भाव भएको हो र श्रीकृष्ण जस्ता अलौकिक व्यक्ति हामी सबैले पाएका हौं । बुद्धलाई एक जनाले सोधे- मृत्यु के हो ? उहाँले प्रतिप्रश्न गर्नुभयो- के तिमी मृत्युलाई जान्न चाहन्छौ ? त्यो जिज्ञासुले भन्यो- म मृत्युबाट बच्न चाहन्छु । बुद्धले भन्नुभयो- मृत्युका बारेमा जान्न चाहन्छौ भने मृत्युमा नै प्रवेश गर्नुपर्छ त्यसभन्दा अतिरिक्त जान्ने कुनै उपाय छैन । यसपछि त्यो व्यक्तिले अप्ठ्यारोमा परी ध्यानका बारेमा मलाई बताइ-दिनुहोस् भनेर अर्को प्रश्न सोध्यो । बुद्धले भन्नुभयो- तिमी ध्यान किन गर्न चाहन्छौ, जबसम्म ध्यानबारे जान्ने कारण राम्ररी बताउँदैनौ, तबसम्म म उत्तर दिन्नँ । सायद कृष्ण र अर्जुनको संवादबाट बुद्धलाई अनुभव भएको हुन सक्छ ।

तर श्रीकृष्ण अन्य सबैका तुलनामा अद्‌भुत हुनुहुन्छ । श्रीकृष्ण अर्जुनलाई तिमी यो के सोधिरहेका छौ, तिमी जस्ता व्यक्तिले यस्तो प्रश्न सोध्न सुहाउँदैन पनि भन्नुहुन्न । यस प्रश्नको मैले उत्तर दिइसकेँ पनि भन्नुहुन्न र बारम्बार उत्तर दिन तयार हुनुहुन्छ । अर्जुनको पहिलो प्रश्न ब्रह्म के हो भन्ने छ, श्रीकृष्णले उत्तरमा भन्नुभयो- जसको कहिल्यै नाश हुँदैन त्यो नै ब्रह्म हो । हामीलाई जगत्का सबै वस्तु नाशवान् जस्तो लाग्छ । यसलाई मान्ने हो भने ब्रह्म जगत्मा कहीँ पनि छैन । जगत्का सबै चिज नाशवान् छन् र सबै नदीका धार जस्तो प्रवाहमा बगिरहेका छन् तर श्रीकृष्ण भन्नुहुन्छ- जसको कुनै विनाश हुँदैन त्यो ब्रह्म हो । अर्जुन यो कुरा बुझ्न सक्दैनन् किनभने उनी त युद्धमा मारिनेहरूको विनाशको जिम्मेवार आफूलाई ठान्दछन् । श्रीकृष्ण भन्नुहुन्छ- यहाँ त सबै नाशवान् छन् र यदि तिमी स्थिर हुन चाहन्छौ भने तिमी अविनाशी ब्रह्ममा स्थिर हुनुपर्छ । हाम्रो इन्द्रियले पैदा हुने र नष्ट हुने चिजलाई मात्र जान्न सक्छ, सदा स्थित हुने चिजलाई जान्न सक्दैन । यदि त्यो सदा स्थित रहने सत्यलाई जान्नु छ भने इन्द्रियबाट होइन स्वयम्को अन्तस्करणमा खोज्नुपर्छ, जहाँ इन्द्रियको कुनै गति हुँदैन । कृष्ण ब्रह्मबारे छोटो उत्तर दिनुहुन्छ जुन सत्य छ अर्थात् जुन नाश हुँदैन, त्यो नै ब्रह्म हो । जहाँ पनि विनाश भएको देखिन्छ, त्यहाँ केवल रूपको विनाश भएको हो, रूपायत तत्त्व त विनष्ट हुँदैन । आकार विनाश हुन सक्छ तर आकारको भित्री तत्त्व विनाश हुँदैन । पानी बाफमा परिणत हुँदा पानी नष्ट हुँदैन किनभने बाफ चिसो बनेमा यो फेरि पानी बन्छ । रूप, आकार विनष्ट हुन्छ तर रूपायत विनष्ट हुँदैन । हामी त रूप मात्र देख्न सक्छौं त्यो भित्र लुकेको तत्त्वलाई देख्न सक्दैनौं जुन कहिल्यै पनि विनाश हुँदैन । अब त विज्ञान पनि कुनै पनि पदार्थ नष्ट हुँदैन भनेर स्वीकार गर्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- जुन चिज नष्ट हुँदैन त्यही दिव्य जिवात्मा ब्रह्म हो । विज्ञानलाई पनि ब्रह्मको अनुमानसम्म भएको हुन सक्छ तर उसले ब्रह्मलाई जानेको छैन । विज्ञानलाई परिवर्तित रूपका बारेमा जानकारी छ तर भित्रको अपरिवर्तित वस्तुका बारेमा थाहा छैन, केवल अनुमान मात्र छ । पानीलाई तताउँदा बाफ बन्नु अघि बिचमा एकक्षण पानी पानी पनि हुँदैन र बाफ भइसकेको पनि हुँदैन । पानी बाफमा परिवर्तन हुनका लागि जुन क्षण आवश्यक हुन्छ जहाँ पानी पनि नरहने र बाफ पनि नबनेको स्थितिको क्षणमा नै ब्रह्मको अनुभव गर्न सकिन्छ । त्यस्तै गाडीको गियर बदल्ने क्रममा पहिलो गियरबाट दोस्रोमा वा अर्को गियरमा लैजाँदा तटस्थ (Neutral) गियर भएर जानुपर्ने हुन्छ । यो तटस्थ गियर नभई नहुने जरुरी कडी हो । पानी र बाफ दुवै नभएको बिचको स्थितिको एकक्षण वा गाडीको गियर परिवर्तन गर्दा बिचको तटस्थ अवस्थामा नै ब्रह्मलाई खोज्न सकिन्छ । श्रीकृष्ण भन्नुहुन्छ- जुन नाश हुँदैन त्यो ब्रह्म हो । अरूप वा अदृश्य जो देख्न सकिन्न त्यही ब्रह्म हो । पानी र बाफ देखिन्छ तर बिचको न पानी न बाफ भएको क्षण जुन अरूप छ त्यो देखिँदैन । त्यो अरूपलाई व्यक्तिले खोजेमा ब्रह्मलाई जान्न सक्छ । जब हाम्रो एक विचार गएर अर्को विचार आउँछ, ती दुवै विचारका बिचमा कुनै विचार नै नभएको अवस्था आउँछ । पहिलो विचारको अन्त्य र नयाँ विचारको प्रारम्भ हुन नसकेको क्षणमा ब्रह्मलाई खोज्न सकिन्छ । यदि विचार भावको बिचमा भएको खाली स्थानको अन्तरमा डुब्न सकेमा अरूपको दर्शन हुन सक्छ । यदि भित्र त्यो अरूपको दर्शन भयो भने बाहिर पनि दुई आकारका बिचमा हामी त्यो अरूपलाई देख्न सक्छौं र निराकारलाई जान्न सक्छौं ।

श्रीकृष्ण भन्नुहुन्छ- रूप नासिन्छ तर अरूप नासिन्न । कहिल्यै नाश नहुने अरूप नै ब्रह्म हो जुन सच्चिदानन्दस्वरूप अविनाशी हुन्छ । जहाँ रूप हुन्छ त्यहाँ मृत्यु भएर एक रूप अर्को रूपमा परिवर्तन हुन्छ । त्यसैले रूप वा आकारमा दुख मात्र हुन्छ कहिल्यै आनन्द हुन सक्दैन । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- रूपविहीन, अरूप, शाश्वत र अविनाशी तत्त्व नै परमानन्द हो र आफ्नो स्वरूप वा स्वभावलाई जान्नु नै अध्यात्म हो । कृष्णको यो अत्यन्त मूल्यवान् सूत्र हो । गीतालाई गीता बनाउन यो सूत्र अत्यन्त महत्त्वपूर्ण छ । श्रीकृष्ण हाम्रो स्वभाव नै अध्यात्म हो भन्नुहुन्छ । गीता पढ्ने र मनन गर्ने मानिसहरूको पनि यस सूत्रमा त्यति ध्यान जाँदैन । स्वभाव अध्यात्म हो भन्नुको अर्थ आफूभित्रको सदा स्थिर रहने तत्त्व जुन कसैले पनि निर्माण गरेको होइन त्यस तत्त्वको खोजी गर्नु हो । त्यो तत्त्व कृत्रिम नभई अजन्मा हो । प्रत्येक व्यक्तिले जसबाट यो सबै जगत् निर्मित भएको छ तर स्वयम् भने अजन्मा र शाश्वत छ त्यसको खोजी गर्नुपर्छ ।

हामीलाई आफ्नो स्वभावका बारेमा पत्ता लगाउन पनि मुस्किल पर्छ । हामी को हौँ भन्ने पनि हामीलाई थाहा छैन । हामीले जानेका सबै कुरा हाम्रा स्वभाव होइनन्; ती सबै हामीले सिकेका कुराहरू हुन् । म जुन भाषा बोल्छु यदि त्यो भाषीको परिवारमा नजन्मेको भए अर्कै भाषा बोल्ने थिएँ । भाषा स्वभाव नभएर प्रशिक्षण हो जो सिकाइएको हुन्छ । भाषाभित्र लुकेको अदृश्य तत्त्व जो सदैव मौन हुन्छ त्यो हामीले सिक्नुपर्दैन । त्यसैले भाषा कृत्रिम हो र मौन हाम्रो स्वभाव हो । मौन हामीलाई स्वभावमा लैजाने मार्ग हो र यो हाम्रो साधना पनि हो । मौनको अर्थ भित्रको भाषा बन्द हुनु हो । भाषा विचार आदान-प्रदान र अभिव्यक्तिको माध्यम हो । हामी एक्लै भएमा भाषाको कुनै आवश्यकता हुँदैन । भित्रको मौनता हाम्रो स्वभाव हो त्यो कसैले हामीलाई सिकाएको होइन । एउटा ठुलो भिडमा शब्द प्रयोग नगरी सबै मौन रह्यौं भने हामी सबै एक हुन्छौं र भाषा प्रयोग गर्‍यौं वा बोल्न थाल्यौं भने अलग-अलग हुन्छौं किनभने भाषाले व्यक्तिहरूमा विभाजन गर्छ । मौनतामा हामी वृक्ष, चन्द्र, तारा, सूर्य आदि सबैसँग एक हुन्छौं । त्यसैले गहिरो मौनमा भएका महावीर जस्ता व्यक्तिहरू वनस्पति, किरा आदि कसैलाई पनि आघात पुर्‍याउनुहुन्न । जो व्यक्ति मौनमा जान्छ उसको सम्बन्ध सबैसँग गहिरो हुन्छ किनभने उसका लागि जीवन सर्वव्यापी हुन्छ र सबैमा एकको नै विस्तार हुन्छ । यस्तो एकात्मकतामा जो काटिए पनि आफू नै काटिन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- स्वभाव अध्यात्म हो । यसलाई अर्को दृष्टिबाट पनि बुझ्न सकिन्छ । आँखा बन्द गरेर भित्र विचार गऱ्यो भने शरीरको त आकृति छ तर शरीरभित्र मेरो हुनुको (Being) रूप के हो भनेर खोज्नुपर्छ । भित्रको आकृति जसमा शरीर बन्छ र परिवर्तन भइरहन्छ यदि त्यो आकृतिलाई जान्न सकियो भने बिस्तारै अरू आकृतिहरू सबै हराउँछन् र त्यही निराकारको आकृति मात्र बाँकी रहन्छ । त्यो निराकार आकृति नै हाम्रो स्वभाव हो । हाम्रा शरीरका आकृतिहरू जुन हामीलाई आमाबुबाबाट प्राप्त हुन्छन् ती कृत्रिम हुन् । भित्रको तत्त्व जो शरीरभन्दा भिन्न र अजन्मा छ, त्यही हाम्रो स्वभाव हो । हामी शरीरलाई नै आफ्नो रूप ठान्छौँ तर शरीर त प्रत्येक पल आफ्नो रूप परिवर्तन गरिरहन्छ । आफ्नै सानो बच्चाको तस्बिर पनि हामी आज चिन्न सक्दैनौँ । जापानका जैन फकिरहरू भन्छन्- आफ्नो असली अनुहार पत्ता लगाऊ (Find out your original face) जुन अनुहार हेर्नका निम्ति ऐनाको आवश्यकता पर्छ त्यो तिम्रो अनुहार हुन सक्दैन, कमसेकम आफ्नो अनुहार त विना ऐना देखिनुपर्छ । कृष्णको भनाइ अनुसार स्वभाव अध्यात्म हो र त्यो अजन्मा छ । स्वभावको अर्थ अजन्मा, सनातन, अविनाशी, असृष्ट, अनिर्मित्त र अनायोजित सत्यरूप हो । उसलाई जान्नु नै अध्यात्म हो र जो उसलाई जान्दछ उसैले ब्रह्मलाई पनि जान्दछ । त्यसैले अध्यात्म ब्रह्मलाई जान्ने विज्ञान हो । आफ्नो स्वरूपलाई जान्नु आध्यात्म हो ।

अर्जुनले कृष्णसँग कर्म के हो भनेर सोधेका छन् । उहाँ भन्नुहुन्छ- समस्त प्राणीहरूमा अनेक भाव उत्पन्न गर्नेवाला तत्त्वहरूको विसर्जनलाई नै कर्मको नाम दिइएको छ । गीताका कतिपय व्याख्याताहरूले कर्मको अर्थ वैदिक कर्मकाण्ड भनेका छन् । उनीहरूका अनुसार यज्ञ, दान, होमादिका निमित्त जुन द्रव्य आदि त्याग गरिन्छ त्यसलाई कर्म भनिएको छ, तर यस्तो अर्थ उचित छैन । कृष्ण जस्तो व्यक्ति सामयिक भाषामा होइन, शाश्वत भाषामा बोल्नुहुन्छ । प्राणीका भाव उत्पन्न गर्ने किसिमको त्याग नै कर्म हो । यो साधारण अर्थ होइन जो अरू टीकाकारले गरेका छन्, यो असाधारण सूत्र हो । मनुष्यको हुने (Being) शाश्वत स्वभाव नै आध्यात्म हो र जो उसको स्वभाव होइन त्यो उसको कर्म हो । हाम्रो दुई हिस्सा छ- एउटा हुनु जुन मेरो स्वभाव हो र अर्को जस्तो म गर्दछु त्यो मेरो कर्मको जगत् हो । हामी सबै गरिरहेको कामलाई नै आफू भएको सोच्दछौँ । एउटा व्यक्तिलाई तपाईँ को हो भनेर सोधियो भने उसले म डाक्टर हुँ भन्छ । वास्तवमा डाक्टर हुनु उसको परिचय होइन केवल उसले के गर्छ भन्ने कुराको जानकारी मात्र हो । हामी कर्मको जोडलाई आफ्नो आत्मा बनाउँछौँ । त्यसैले प्रत्येक व्यक्ति आफ्नो कर्मबाट नै आफ्नो परिचय दिन्छ । यदि कर्मलाई खोसियो भने पनि हामी हुन्छौं । यदि धनीसँग धन, त्यागीसँग त्याग, चित्रकारसँग चित्रकला खोसियो भने पनि हाम्रो हुनुमा कुनै कमी हुँदैन। मेरो हुनु मेरो गर्नु होइन ।

मेरो हुनु नितान्त अकर्मको अवस्था हो । त्यसैले श्रीकृष्ण स्वभाव आध्यात्म हो भनेपछि कर्मको कुरा गर्नुहुन्छ । अर्जुनले सोधेका छन्- कर्म के हो, उनले पनि वैदिक कर्मकाण्डका बारेमा सोधेका छैनन् । श्रीकृष्ण भन्नुहुन्छ- प्राणीहरूको भावलाई उत्पन्न गर्नेवाला त्याग नै कर्म हो । यस संसारमा जब हामी केही पाउने इच्छा राखेर केही भोग्न चाहन्छौँ, तब हामीले केही त्याग्नुपर्छ । यदि धनी हुन चाहने हो भने त्यसका लागि हामीले आफ्नो आत्मालाई त्याग्नुपर्छ । यो संसारको कुनै पनि भोग स्वयम्को त्याग हो र व्यर्थका लागि सार्थकलाई छोड्नु हो । भोगादि इच्छा, वासना र आकाङ्क्षाले जे पनि त्याग गरिन्छ त्यो विसर्ग हो । विसर्गको अर्थ आफूबाट बिछोडिनु र स्वयम्सँग टुट्नु हो । त्यसैले जो भोगी हुन्छ त्यो त्यागी हुन्छ र आफूसँग टुट्ने त्याग गरेर भोगलाई प्राप्त गर्छ । हामी छुद्रका लागि विराट् त्यागेर बसेका छौँ । त्यसैले हामी जस्तो त्यागी खोज्न कठिन छ । हामी त एक कौडीका लागि आत्मा बेच्न तयार हुन्छौँ । श्रीकृष्ण भन्नुहुन्छ- स्वयम्बाट छुट्नु र वस्तुतिर भाग्नु कर्म हो । तर त्यो वस्तु कहिल्यै पाउन सकिन्न र यदि पाइयो भने पनि त्यसलाई पाएर केही पाइन्न । प्रत्येक व्यक्ति आफूलाई छोडेर व्यर्थतिर दौडिरहेको हुन्छ ।

कर्मको यो व्याख्या बुझियो भने जहाँ जहाँ हामी कर्ममा रत छौं, त्यहाँ कर्म छोडेर होइन हामी आफूलाई छोडेर भागेका छौं । कोही पनि कर्म छोडेर भाग्नै सक्दैन । भाग्नु र छोड्नु दुवै कर्म हुन् । कर्ममा प्रतिष्ठा नगरेर कर्मलाई चलिरहन दिनु र प्रतिष्ठा अस्तित्वमा हुनु नैं निष्काम कर्म गर्नु हो । आफ्नो स्वाभावमा प्रतिष्ठित हुनु अध्यात्म र आफ्नो स्वाभावबाट चुक्ने नाम कर्म हो । कर्ममा जब कर्ताभाव हुन्छ तब त्यो कर्म स्वयम्को त्यागबाट फलित हुन्छ । ज्ञानीले पनि कर्म गर्छ तर कर्ताको भाव हुँदैन । त्यसैले उसको कर्मलाई श्रीकृष्ण अकर्म जस्तो कर्म भन्नुहुन्छ । यस्तो कर्म गर्दा पनि कर्म हुँदैन अकर्म नै हुन्छ ।

*अधिभूतं क्षरो भावः पुरुषश्चाधिदैवतम् ।*
*अधियज्ञोऽहमेवात्र देहे देहभृतां वर ॥४॥*

**हे देहधारीहरूमा श्रेष्ठ अर्जुन ! भौतिक प्रकृति निरन्तर परिवर्तनशील छ जुन अधिभूत हो । समस्त सूर्यादि देवहरूको विराट् स्वरूप अधिदैव हो र प्रत्येक जीवका ह्रदयमा परमात्मा स्वरूपले स्थित हुने म नै अधियज्ञ वा यज्ञ (कर्म) को स्वामी हुँ ॥**

*अन्तकाले च मामेव स्मरन्मुक्त्वा कलेवरम् ।*
*यः प्रयाति स मद्भावं याति नास्त्यत्र संशयः ॥५॥*

**जीवनको अन्तिम क्षणमा मलाई सम्झँदै जसले शरीर त्याग गर्दछ त्यसले मेरो स्वभावलाई तत्काल प्राप्त गर्दछ; यसमा कुनै सन्देह छैन ॥**

*यं यं वापि स्मरन्भावं त्यजत्यन्ते कलेवरम् ।*
*तं तमेवैति कौन्तेय सदा तद्भावभावितः ॥६॥*

**हे कौन्तेय ! शरीर त्याग गर्ने समयमा मानिसले जुन जुन भावको स्मरण गर्दै आफ्नो देह त्याग गर्दछ, त्यही त्यही स्वरूपको सदैव चिन्तन गर्दै त्यो त्यही स्थितिमा प्राप्त हुन्छ ॥**

जसको न प्रारम्भ हुन्छ न त अन्त्य नै हुन्छ त्यसलाई नै श्रीकृष्ण ब्रह्म भन्नुहुन्छ । कहिल्यै नजन्मिने र कहिले मृत्यु नहुने तत्त्व नै ब्रह्म हो । श्रीकृष्ण भन्नुहुन्छ हाम्रा चारैतिर जे देखिन्छन् त्यो उत्पत्ति र विनाश हुन्छ । त्यही उत्पत्ति र विनाश हुने तत्त्व पदार्थ अर्थात् अधिभूत हो । पदार्थ हामी त्यसलाई भन्छौं, जो वास्तविक रूपमा देख्न र छुन सकिन्छ । कृष्णका अनुसार परमात्मा त्यो हो जो सत्य, शाश्वत, अव्यय र सनातन छ । त्यो सदैव एक रस र अपरिवर्तनशील छ । पदार्थ अस्थिर र परिवर्तनशील छ । जसको स्वभाव नै परिवर्तनशील छ त्यसलाई पदार्थ भनिन्छ र जो नित्य स्थित छ त्यसलाई ब्रह्म भनिन्छ ।

चारैतिर हामी परिवर्तन देख्छौं । जुन चिज बदलिन्छ त्यो हामी देख्छौं तर जुन चिज स्थिर हुन्छ त्यसमा हामीलाई कुनै आकर्षण हुँदैन । गतिले हामीलाई आकर्षित गर्ने हुँदा हामी स्थिर चिजलाई पूरै भुल्छौं र परिवर्तन एवम् गतिशील वस्तुलाई मात्र सम्झना गर्छौं । इन्द्रियहरू र मनलाई परिवर्तनले बेचैन पार्छ किनभने मनले त्यो परिवर्तनसँग तालमेल गर्नुपर्छ । अपरिवर्तनशील वस्तुमा सम्झना राख्नुपर्ने कुनै कारण हुँदैन त्यसैले हामी नबदलिने कुरालाई भुल्छौं । साधारण स्थिर चिजहरूसँग त यस्तो हुन्छ भने शाश्वत र नित्यलाई हामीले भुल्नु स्वाभाविक नै हो । पदार्थ प्रतिपल बदलिरहने हुनाले हामीले उसको स्मरण गर्नुपर्छ किनभने इन्द्रियले बदलिने पदार्थलाई मात्र पकड्न सक्छ । बदलिँदो संसारसँग तालमेल गरेर आफूलाई त्यसका निम्ति योग्य बनाउनु इन्द्रियको कुशलता हो तर परमात्मा कहिल्यै बदलिँदैन त्यसैले इन्द्रियले परमात्मालाई जान्न सक्दैन । श्रीकृष्ण भन्नुहुन्छ- ऊ नित्य, निराकार र शून्यको सागर हो ।

श्रीकृष्णले पहिले जो कहिल्यै नाश हुँदैन त्यो ब्रह्म हो भन्नुभयो । विनाश त्यसको हुँदैन जसको हुनु नहुनु जस्तो हुन्छ । त्यसैले आकार नाश हुन्छ तर निराकार नष्ट हुन सक्दैन । परमात्माको अस्तित्व एक प्रकारले नहुनु जस्तो छ जसलाई छुन खोज्दा छुन सकिन्न, हेर्न खोज्दा देखिन्नँ र हातले समात्न सकिँदैन

तथापि उही मात्र छ बाँकी सबैको हुनु नहुनु जस्तो मात्र छ । ईश्वरलाई छ भन्ने बित्तिकै त्यो छैन पनि हुन्छ तर ईश्वर त सनातन र शाश्वत छ त्यसैले उसलाई छ भन्नु ठिक होइन किनभने छ भन्ने बित्तिकै छैन् अर्थात् पदार्थमा प्रवेश हुन्छ । आस्तिकले ईश्वरको हुनुलाई कुनै प्रमाण वा तर्क दिएका छैनन् । जसले प्रमाण र तर्क दिएका छन् उनीहरूलाई ईश्वरका बारेमा कुनै जानकारी नै छैन । जसले ईश्वरले नै संसार बनायो भन्छ त्यो संसार त नष्ट हुन्छ किनभने निर्मित वस्तु विनाश हुन्छ । त्यसैले परमात्मालाई बनाउनेवाला भन्नु विनाशको जगत्मा प्रवेश गराउनु हो । परमात्मा छ तर नभएको जस्तो उसको उपस्थिति छ । कोठाभित्रका सबै सामग्री निकाल्न सकिन्छ तर त्यस कोठाभित्रको अवकाश निकाल्न सम्भव छैन । त्यसैले जगत्मा सबै कुरा बन्छ र नष्ट हुन्छ तर आकाश सृष्टिरहित र अविनाशी हुन्छ ।

परमात्माका लागि ज-जसले निकटतम प्रतीक खोजेका छन्, उनीहरूले परमात्मालाई आकाश जस्तो शून्य, निराकार, रिक्त आदि भनेका छन् । यस्तो भएमा मात्र ऊ विनाशभन्दा बाहिर हुन सक्छ । पदार्थको विनाश हुनाको कारण पदार्थ विभाजन गर्न सकिने भएर हो । हामी हरेक पदार्थ विभाजन गर्न सक्छौँ । विभाजन गर्न सकिने वस्तु धेरै चिज मिलेर बनेको, वस्तुहरूको संयोग हो । तर परमात्मा असंयोग हो । अस्तित्व संयुक्त छ र अस्तित्वमा कुनै खण्ड हुँदैन, त्यसैले ब्रम्हलाई अखण्ड भनिएको हो । जसको खण्ड वा टुक्रा हुँदैन त्यसको विनाश पनि हुँदैन । जसको सीमारेखा हुँदैन उसको खण्ड पनि हुँदैन । जतिसुकै सानो भए पनि जसको सीमा छ, त्यसलाई हामी खण्डमा विभाजन गर्न सक्छौं । अस्तित्व अर्थात् परमात्मा असीम छ; त्यसैले परमात्माको खण्ड गर्न सकिन्न तर पदार्थ सीमित भएकोले त्यसको खण्ड गर्न सकिन्छ । जुन चिजलाई हामी बनाउन सक्छौ त्यो मेटिन्छ तर परमात्मालाई हामी बनाउन सक्दैनौं त्यसैले उसलाई मेटाउन सकिन्न । हामीले मात्र नभएर प्रकृतिले पनि जसलाई बनाउन सक्छ त्यो पनि मेटिन्छ । हामीले बनाउन सक्ने सबै वस्तुहरू पदार्थ हुन्, जुन नासिन्छन् । जसलाई हामी बनाउन सक्दैनौं त्यसलाई खोज्न सक्यौं भने हामीले ब्रह्मलाई जान्न सक्ने छौं ।

श्रीकृष्ण भन्नुहुन्छ- उत्पत्ति र विनाश हुने स्वभाववाला सबै भौतिक पदार्थ अधिभूत हुन् र पुरुष अधिदेव हो । जो पदार्थका बिचमा बाँचेर पनि पदार्थप्रति होसले भरिन्छ त्यसलाई श्रीकृष्ण पुरुष भन्नुहुन्छ । पदार्थलाई स्वयम्को कुनै बोध हुँदैन । पदार्थ छ भन्ने बोध पनि हाम्रो चेतनाको बोध हो । पुरुष नगरको बिचमा बसेर प्रतिपल आफूप्रति र नगरप्रति पनि होसले भरिएको हुन्छ । त्यसैले नगरको बिचमा बस्ने होसले भरिएको पुरुष अधिदेव हो । यही परम चैतन्यको अवस्था हो । चेतनाको लक्षण होस हो । धर्मले बेहोसीको विरोध गर्नुको कारण जति हामी बेहोस हुन्छौं, त्यति नै हामी पुरुष नभएर पदार्थ हुन्छौं साथै ध्यानको समर्थन गर्नुको कारण जति हामी ध्यानस्थ हुन्छौं त्यति नै पदार्थ कम भएर पुरुष ज्यादा हुन्छौं भनेर हो । पूर्णरूपमा ध्यानमग्न अवस्थामा शुद्ध चेतना मात्र बाँकी रहन्छ । यस्तो अवस्थामा ऊ पूर्ण पुरुष अर्थात् पुरुषोत्तम हुन्छ । जब व्यक्ति मूर्छित हुन्छ, तब ऊ करिब-करिब जड पदार्थ जस्तै हुन्छ । हामी दिनभरिमा कैयन् पटक कहिले पदार्थ र कहिले परमात्माको निकट हुन्छौं । जब हामी होसले भरिएका हुन्छौं, तब परमात्माको निकट र बेहोसीका क्षणमा पदार्थका निकट हुन्छौं । क्रोध या कामवासनाले भरिँदा व्यक्तिको होस हराउँछ र जब यस्तो म कसरी गर्न सक्छु भन्ने विचार गर्छ, तब ऊ होसमा फर्किन थाल्छ । क्रोध र वासनाले शरीरमा विष छोड्ने हुँदा यस्तो बेलामा व्यक्तिले जे पनि गर्न सक्छ । व्यक्तिले कसैको हत्या गर्दा पुरुषको हैसियतले नभई पदार्थको हैसियतले हत्या गर्छ । नराम्रो कृत्यमा हामी पदार्थ हुन्छौं र असल कृत्यमा हामी पुरुष हुन्छौं । हामीले चेतनाको ज्योतिलाई जति बढायो उति नै अधिदेवका निकट हुन्छौं र जति घटायो उति नै हामी अधिभूतका निकट हुन्छौं ।

श्रीकृष्ण अर्जुनलाई देहधारीहरूमा श्रेष्ठ भन्नुहुन्छ । गीतामाथि हजारौं व्याख्या गरिएका छन् तर कसैले पनि अर्जुनलाई किन देहधारीहरूमा श्रेष्ठ भन्नुभयो भन्ने कुराको ठिक विश्लेषण गरेको पाइँदैन । उनीहरूको मान्यता अर्जुन क्षत्रिय कुलको सम्भ्रान्त परिवार, कुलीन वंशज, राजपरिवार, योद्धा, कृष्णका

मित्र, पुण्यात्मा भएकाले नै देहधारीहरूमा श्रेष्ठ भनिएका हुन् भन्ने छ तर यो भनाइ सही होइन । जुन दिन व्यक्ति जीवनको परम सत्य सुन्नका लागि लालायित भएर त्यसको निकट हुन्छ त्यस क्षणमा नै व्यक्ति देहधारीहरूमा श्रेष्ठ हुन्छ । अर्जुन कृष्णको यति निकट भएर परम सत्यबारे जान्नका लागि तत्पर हुनु नै देहधारीहरूमा श्रेष्ठ भएकाले हो । यस्ता व्यक्तिहरू अर्थात् अर्जुन कृष्णका निकट, आनन्द बुद्धका निकट, ल्युक क्राइस्टका निकट, च्वांग तु से लाउत्सुका निकट, गौतम महावीरका निकट हुनु देहधारीहरूमा श्रेष्ठ हुनुका उदाहरणहरू हुन् । यस्तो सत्य उद्घाटित गर्ने व्यक्तिहरू पारस जस्तो भएर अन्य पदार्थलाई सुन बनाउन सक्छन् । यस्ता व्यक्तिको निकट रहन पाउनु नै देहधारीहरूमा श्रेष्ठ हुनु हो । यो अर्जुनलाई स्मरण गराउने प्रयास पनि हो । गीता जस्तो पवित्र सन्देश बारम्बार उद्घाटित हुँदैन र श्रेष्ठतम् कुराको पुनरुक्ति पनि हुँदैन । त्यसैले कृष्ण अर्जुनलाई यो क्षण वहुमूल्य भएको स्मरण गराउनुहुन्छ ।

श्रीकृष्ण तत्काल भन्नुहुन्छ- यो शरीरमा म अधियज्ञ हुँ । यही शरीरभित्र तीनवटा तत्त्व छन् । पहिलो शरीर पदार्थ हो जो परिवर्तनशील र विनाशशील हुन्छ । श्रीकृष्ण यसलाई पदार्थ अर्थात् अधिभूत भन्नुहुन्छ । यो हाम्रो शरीरको एक पत्र हो । दोस्रो भित्रको चैतन्य जुन करिब-करिब मूर्छित जस्तो छ त्यसलाई श्रीकृष्ण अधिदेव भन्नुहुन्छ र तेस्रो यसभन्दा पनि भित्र जुन केन्द्र छ त्यसलाई श्रीकृष्ण अधियज्ञ भन्नुहुन्छ । बाहिर मूर्छित शरीररूपी पदार्थ छ । त्यसभन्दा भित्र अर्धजागृत धमिलो चेतनाको दोस्रो तह छ । यसभन्दा पनि भित्र प्रज्वलित अग्नि अर्थात् पूर्ण चेतना छ जसलाई श्रीकृष्ण अधियज्ञ भन्नुहुन्छ । उहाँ भन्नुहुन्छ- 'म' अधियज्ञ हुँ, अर्थात् अखण्ड पूर्णज्योति हुँ जहाँ कुनै धुवाँ छैन । यदि त्यो ज्योतिमा धुवाँ भएमा त्यो अर्धजागृत र अर्धमूर्छित चेतना अधिदेव हो । यदि ज्योति नभएर केवल धुवाँ मात्र छ भने त्यो अधिभूत हो । धुवाँरहित पूर्णज्योति भएमा त्यो अधियज्ञ हो । त्यसैले बाहिरको ज्योतिले केही हुँदैन त्यहाँ त धुवाँ मात्र हुन्छ । यथार्थमा हामीले त्यो आगोलाई खोज्नुपर्छ जुन सनातनदेखि नै अविच्छिन्न रूपमा जलिरहेको छ । यो अग्निका लागि इन्धनको आवश्यकता हुँदैन र यो कहिल्यै निभ्दैन । श्रीकृष्ण भन्नुहुन्छ- त्यो अनिर्मित, धुवाँरहित, इन्धनविना प्रज्वलित हुने अग्निको ज्योति 'म' हुँ । यस शरीरमा 'म' अधियज्ञ हुँ जुन शाश्वत र नित्य छ ।

विराट्को सानो प्रतिरूप व्यक्ति हो । यो विराट् ब्रह्माण्डलाई शरीर मान्यौं भने पहिलो पत्र पदार्थ, दोस्रो पत्र अर्ध चैतन्य र तेस्रो पत्र पूर्ण ज्योतिर्मय चैतन्य हो । पूर्ण चेतना र पदार्थ जहाँ परस्परमा गाभिन्छन्, त्यहीँ हाम्रो अर्ध-चेतना पैदा हुन्छ । अर्ध-चेतनाबाट पार भएपछि 'म' र पदार्थ अलग भएको थाहा हुन्छ । अर्ध-चेतना दुई प्रकारले समाप्त हुन्छ पहिलो पूर्ण बेहोस भएर पदार्थ भएमा र दोस्रो पूर्ण होसमा अर्थात् अधियज्ञ भएमा बिचको चेतना विलीन हुन्छ । मानिसलाई दुई प्रकारको आनन्द प्राप्त हुन सक्छ । पहिलो आनन्द आनन्द नभएर भम्र मात्र हो र त्यो पूर्ण मूर्छाको अवस्था हो । त्यसैले निद्रामा सुख पाइन्छ । रक्सी पिउँदा वा कामवासनामा सुख पाउनु भनेको मूर्छाको सुख हो । त्यहाँ केही समयका लागि सुख पाए जस्तो हुन्छ तर त्यो सबै निद्राको सुख हो । यो आनन्दको धोका मात्र हो । दोस्रो आनन्दमा व्यक्ति केही भुल्दैन, उसको स्मरण स्थिर हुन्छ र निद्रामा पनि ऊ जागरणमा नै भएर चैतन्यको अखण्डधारा निरन्तर बागिरहन्छ । श्रीकृष्णले यही अधियज्ञ शुद्ध चेतनाको बारेमा भन्नुभएको हो । त्यो आनन्दमा दुख पूर्णरूपमा हट्छ । बेहोसीमा हुँदा केही बेरका लागि दुख भुलिन्छ जसलाई हामी सुख ठान्छौँ तर दुख पूर्णरूपमा हटेर जुन आनन्द प्राप्त हुन्छ त्यो नै वास्तविक आनन्द हो । व्यक्तिको पूर्ण बेहोसीबाट अर्धचैतन्य र अर्धचैतन्यबाट पूर्णचैतन्यको यात्रा नै अध्यात्म हो । पूर्ण चैतन्यमा स्थित हुनु नै हाम्रो स्वभाव हो ।

श्रीकृष्ण भन्नुहुन्छ- जसले अन्त्यकालमा मेरो स्मरण गर्दै आफ्नो शरीर त्याग गर्छ, त्यसले मेरो स्वरूप प्राप्त गर्दछ यसमा कुनै संशय छैन । जो अन्त्यमा परमात्मालाई स्मरण गर्दै मृत्युवरण गर्छ अर्थात् अखण्ड, धुवाँरहित, ज्योतिलाई सम्झँदै अन्तिम समयमा शरीर त्याग गर्छ, उसले मेरो स्वरूपलाई प्राप्त

गर्छ तर जसले जीवनभर शरीरलाई स्मरण गरेको छ उसले मर्ने बेलामा ईश्वरलाई स्मरण गर्न अत्यन्त कठिन हुन्छ । अन्तिम क्षणमा हामी जीवनभर जे थियौं त्यही अनुहार प्रकट हुन्छ । अन्तक्षण हाम्रो जीवनभरको निचोड हो ।

श्रीकृष्णको भनाइबाट धेरै व्यक्तिहरूमा भ्रम पैदा भएको छ । उनीहरूलाई अन्तिम समयमा परमात्मालाई स्मरण गरौँला, जीवनभर परमात्माको स्मरण गर्न आवश्यकता छैन र अन्त्य समयमा आफूले सम्भन सकिएन भने पुरोहितबाट पाठ गराउँला, कानमा प्रभुको नाम भन्न लगाउँला र घरमा भागवतको पाठ गराउँला भन्ने लागेको हुन सक्छ तर यी सबै भ्रान्ति हुन् । यो कथनको गलत व्याख्या गर्नु अनर्थ हो । श्रीकृष्णले अन्त्यमा जसले मेरो नाम सुन्ने छ भन्नुभएको छैन बरु जसले स्मरण गर्ने छ भन्नुभएको छ । अन्त्यमा त्यसले नै भगवत् नाम स्मरण गर्न सक्ने छ, जसले जीवनभर उसको सम्पदालाई सह्मालेर राखेको हुन्छ अन्यथा अन्त्य समयमा स्मरण हुन सक्दैन । मृत्यु जीवनको सबैभन्दा ठुलो घटना हो । त्यस क्षणमा प्राण तथा श्वासमा जीवनभर परमात्माको स्मरण नगरेको व्यक्तिले उसको स्मरण गर्नै सक्दैन । साथै अन्त समयमा भयको कारणले गरिने स्मरण पनि प्रयोजनहीन हुन्छ किनभने स्मरण त परमानन्दको स्फुरणा हो । त्यसैले जीवनका हरेक क्षणमा आनन्दले स्मरण गर्न सकेमा कृष्णले भन्नुभए जस्तो अन्तिम समयमा कृष्णस्मरण हुन्छ अन्यथा त्यो स्मरण नै होइन । यस्तो व्यक्तिले मृत्युको क्षणमा त्यो अन्तरज्योतिको स्मरण गरेर यथार्थ रूप मृत्यु त हुँदै हुँदैन, केवल शरीरमात्र छुट्छ भन्ने जान्दछ । यस्ता व्यक्ति नै परमानन्दमा डुबुल्की मार्न सफल हुन्छन् र उनीहरूलाई आवागमनको चक्रमा पनि पर्नुपर्दैन ।

शरीरसँग तादात्म्य राख्ने व्यक्तिलाई मात्र मृत्युको भय हुन्छ । त्यस्तो व्यक्तिलाई मात्र शरीर छुट्दा दुख-कष्ट हुन्छ तर जसले आफूलाई पूर्ण चैतन्यको हिस्सा भन्ने जानेको छ उसलाई शरीर छुट्नुमा कुनै भय हुँदैन । जीवनभर प्रभुस्मरणमा गुजारेको व्यक्तिले मात्र यस्तो अवस्था प्राप्त गर्न सक्छ । यस कथनको सही व्याख्यालाई जान्नुपर्छ अन्यथा यसको बुझाइ गलत हुन सक्छ । कृष्णलाई अर्जुनसँग यही कुराको डर रहेको हुन सक्छ । त्यसैले उहाँ तत्काल भन्नुहुन्छ- हे कुन्तीपुत्र ! अन्त्यकालमा मानिस जुन भावलाई स्मरण गर्दै शरीर त्याग गर्छ, ऊ त्यही भावमा प्राप्त हुन्छ । परन्तु सदैव त्यही भाव एवम् चिन्तन गरिएमा मात्र अन्त्यमा त्यही भाव स्मरण हुन सक्छ । कृष्णले भनेको कुरा सुनेर अर्जुनले पनि अन्त्य समयमा नै स्मरण गरौँला भनी सोचेको हुन सक्छ तर अन्त्य समय कहिले आउँछ भन्ने कसैलाई पनि थाहा हुँदैन । कुनै पनि क्षण अन्तिम समय हुन सक्छ । त्यसैले अन्त्य समयमा स्मरण गरुँला भन्ने जसले ठान्दछ ऊ प्रभुस्मरणबाट वञ्चित हुन्छ । अखण्ड भजन भज्ने धारणा विकसित हुनाको कारण पनि यही हो । यसको अर्थ कति सङ्ख्या परमात्माको नाम उच्चारण गर्ने भन्ने होइन कति भावपूर्वक प्रभुस्मरण गर्छौं भन्ने हो । अखण्ड भजनको एक मात्र प्रयोजन कुनै पनि क्षण प्रभुस्मरणविना खाली नजाओस् भन्ने नै हो ।

श्रीकृष्ण भन्नुहुन्छ- अन्त्य समयमा व्यक्तिको जुन भाव हुन्छ ऊ त्यही भावमा प्राप्त हुन्छ। मृत्युको अन्तिम विचार नै जीवनको पहिलो विचार हुन्छ । मृत्यु एउटा गहिरो बेहोसी हो, एउटा नाटकको अन्त्य र अर्को नाटकको प्रारम्भ हो । अर्को नाटक त्यहीँबाट सुरु हुन्छ, जहाँबाट अन्त्य भएको छ । त्यसैले अन्तिम भाव नै निर्णायक हुन्छ । मानिस मर्दा दुखद भावमा प्राण त्याग गर्छ र त्यही अन्तिम भावको सिलसिलाले अर्को जन्ममा निरन्तरता प्राप्त गर्छ । अन्तिम भाव नै सारा जीवनको निचोड हुनाले अन्तिम भावलाई सह्माल्नु छ भने त्यसलाई पूरा जीवनभर सह्माल्नुपर्छ । श्रीकृष्ण पुनः भन्नुहुन्छ- सदैव जुन भावले चिन्तन गरिन्छ, अन्त्यकालमा पनि प्रायः उसैको स्मरण हुने भएकाले सदा असल भावले चिन्तन गरिरहनुपर्छ । जीवनको सारा समय अरू नै कर्म र भावमा बिताउने मानिसले अन्त्य समयमा प्रभुस्मरण गर्ने सम्भावना हुँदैन । जीवनभर जसको स्मरण गरिन्छ अन्तिम समयमा पनि उसको नै स्मरण गर्दै बिदा हुनुपर्छ । जीवनभर सतही रूपमा स्मरण गरेको छ भने त्यस्तो स्मरणको कुनै अर्थ हुँदैन । यस्तो सतहमा गरेको स्मरणमा स्मृतिको एक खण्ड खाली भएर यान्त्रिक स्मरण हुन्छ । यदि लामो समय राम-राम भजेको

खण्डमा स्मृतिको एक भाग स्वतःस्फूर्त रूपमा राम-राम भन्न थाल्छ र व्यक्ति आफ्नो काम पनि गरिरहेको हुन्छ । यसप्रकार स्मरण गर्नेवाला व्यक्ति यान्त्रिक स्मरण मात्र गर्दछ जुन अभ्यासबाट पनि गर्न सकिन्छ ।

श्रीकृष्णले यस्तो यान्त्रिक स्मरण नभई हार्दिक स्मरणका बारेमा भन्नुभएको हो । परमात्मासँग हार्दिक प्रेम भएर हृदयको स्पन्दनबाट स्मरण निस्किएको भएमा मात्र त्यो हार्दिक स्मरण हुने छ । त्यसैले श्रीकृष्णले भन्नुभएको छ- अन्त्यकालमा जसले जुन भावले शरीर त्याग गर्छ उसले त्यही स्वरूपलाई प्राप्त गर्ने छ । परमात्माप्रति हार्दिक प्रेम गर्नका लागि वस्तुहरूको प्रेमप्रति सजग रहनुपर्छ । वस्तु तथा व्यक्तिहरूप्रतिको प्रेमलाई परमात्माको प्रेममा हृदयलाई खोलेर लगाउनुपर्छ । छुद्रलाई प्रेम गर्नुभन्दा विराट्लाई प्रेम गर्नु उत्तम हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- यस्तो हृदयको भावले निःसंशय जो मेरो स्मरण गर्छन् उनीहरू मेरो स्वरूपमा उपलब्ध हुने छन् । यसमा कुनै संशय छैन ।

*तस्मात्सर्वेषु कालेषु मामनुस्मर युध्य च ।*
*मय्यर्पितमनोबुद्धिर्मामेवैष्यस्यसंशयम् ॥७॥*

**हे अर्जुन तसर्थ सदैव मलाई चिन्तन गर र युद्ध पनि गर । जब तिमी आफ्ना कर्म, बुद्धि र मन ममा समर्पित गर्छौ तब निश्चय नै मलाई प्राप्त गर्ने छौ ॥**

*अभ्यासयोगयुक्तेन चेतसा नान्यगामिना ।*
*परमं पुरुषं दिव्यं याति पार्थानुचिन्तयन् ॥८॥*

**हे पार्थ ! जसले परमात्माको ध्यान र अभ्यासयुक्त योगका माध्यमले मन एवम् बुद्धिलाई अन्यत्र जान नदिई दिव्य परमात्माको निरन्तर चिन्तन गर्छ ऊ उसैमा प्राप्त हुन्छ ॥**

*कविं पुराणमनुशासितार-*
*मणोरणीयांसमनुस्मरेद्यः ।*
*सर्वस्य धातारमचिन्त्यरूप-*
*मादित्यवर्णं तमसः परस्तात् ॥९॥*

**जो सर्वज्ञ, प्राचीनतम, अनुशासित, सूक्ष्मभन्दा पनि सूक्ष्म, सबैका पालनकर्ता, भौतिक अवधारणाभन्दा पर, अचिन्त्य र पुरुषका रूपमा स्थित हुनुहुन्छ, जो सूर्य समान प्रकाशवान् र अविद्या वा अन्धकारबाट पर, दिव्य स्वरूपका हुनुहुन्छ उनै परमपुरुषको सदैव स्मरण गर्नुपर्छ ॥**

छोटो समयका लागि गरिएको प्रभुको स्मरण प्राणको अन्तस्तलसम्म पुग्दैन । त्यस्तो स्मरण सतही मात्र हुन्छ र अन्तस्तल अछुतो रहन्छ । श्वासको भाँती प्रभुको सतत स्मरण गर्नुपर्छ । श्वास बन्द भए जीवनसँगको सम्बन्ध छुट्छ । त्यस्तै गरी स्मरणको धागो क्षणभरका लागि मात्र टुट्यो भने पनि परमात्मासँगको सम्बन्ध टुट्छ । शरीरसँग जोडिन श्वास चाहिन्छ र प्रभुसँग जोडिन स्मरण चाहिन्छ। हामीले प्रभुको प्रतिपल स्मरण गर्‍यौं भने अन्य कार्यहरू गर्नका लागि समय हुँदैन । त्यसैले एक घडी प्रभुस्मरण गरेर बाँकी समय काममा खर्चिनुपर्छ भन्ने विचार आउन सक्छ तर यस्तो एक क्षणको स्मरणले काम चल्दैन किनभने यदि हामीले एक क्षणमात्र श्वास लिएर अन्य समय अरू कार्य गर्दै श्वास फेर्न बिर्सियौं भने हाम्रो प्राण समाप्त हुन्छ । त्यसैले परमात्माको स्मरण सतत रूपमा हरपल गर्नुपर्छ । प्रभुको स्मरण हृदयको भावले गरेमा जे काम गरे पनि त्यो परमात्माको सतत स्मरण नै हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- तिमी हरदम मेरो स्मरण गर । यो स्मरणले युद्धमा कुनै बाधा हुने छैन । प्रभुको स्मरण जङ्गलमा भागेर मात्र हुन्छ भन्ने तिम्रो सोच गलत हो । तिमी मेरो स्मरण र युद्ध दुवै एकसाथ गर्न सक्छौ तर यो हामीलाई गर्न गाह्रो जस्तो लाग्छ किनभने हाम्रो चित्त एकपटकमा एउटा काम मात्र गर्न सक्छ र त्यसैक्षण अर्को काम गर्न खोज्यो भने पहिलो कार्यबाट चित्त हट्छ । चित्तको स्वभाव कुनै एउटा विषयमा एकाग्र हुनु हो । त्यसैले युद्धका समयमा प्रभुलाई कसरी स्मरण गर्न सकिन्छ भनेर अर्जुनलाई लाग्न सक्छ । हामीलाई प्रभुस्मरण र युद्धमध्ये कुनै एक काममा मात्र चित्त लाग्न सक्छ भन्ने लाग्छ तर

श्रीकृष्ण भन्नुहुन्छ- दुवै काम तिमी एक साथ गर अर्थात् युद्ध गर्दै प्रभुको हर क्षण स्मरण गर । परमात्माको नाम दोहोऱ्याउनु उसको साँचो स्मरण होइन । साँचो स्मरणमा नामको पनि जरुरत रहँदैन । नाम त स्मरणलाई नभुल्नका लागि गर्ने बहाना मात्र हो । यदि प्रभुलाई विना स्मरण सम्झन सकिँदैन भने नामस्मरण गरे पनि भुल्न सकिन्छ र हामी ठिक यही गरिरहेका हुन्छौँ । हामी परमात्माको नाम त लिइरहन्छौँ तर प्रभुलाई भने हामीले भुलेका छौँ ।

श्रीकृष्ण जुन स्मरणका बारेमा भन्दै हुनुहुन्छ- यो नामोच्चारण होइन । यो संसार जुन चौतर्फी फैलिएको छ त्यो प्रभुको नै विस्तार हो । यसको बोध बनिरह्यो भने हामी जे काम गर्दा पनि प्रभुस्मरण जारी रहन्छ अनि सम्पूर्ण कर्महरू परमात्माको स्मरणबाट नै हुन्छन् । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- तिमी प्रभुस्मरण र युद्ध दुवै गर । यसको अर्थ जो युद्ध गरिरहेको छ, अगाडि जुन शत्रुहरू छन् र युद्धमा जित र हार जसको भए पनि यी सबैका बिचमा परमात्मा नै सक्रिय छ भन्ने हो । यदि यो बोध भएमा हामी जे गर्दा पनि प्रभुको स्मरण गर्न सक्छौँ अनि मित्र-शत्रु, आफन्त सबैमा प्रभु देख्न सक्छौँ र सबै कुरामा परमात्मालाई स्मरण गरेको अनुभव हुन्छ । जीवनको धारामा कण कणमा प्रभुलाई स्मरण गर्न सक्यो भने मात्र सच्चा स्मरण हुन्छ । प्रभुस्मरण मालामा धागो जस्तै हुन्छ । सबै कर्मलाई प्रभुको चरणमा समर्पण गर्न सकियो भने यो प्रभुस्मरण हुने छ । स्मरण यस्तो होस् कि प्रत्येक कर्म ध्यान बन्न सकोस् । ज्ञानीले कर्मत्याग नगरी प्रभुको स्मरण गर्दै परमात्मालाई आफ्नो मनमन्दिरमा विराजमान गराएको हुन्छ । अर्जुनको चिन्ता र भनाइ युद्ध र धर्म दुवै अलग कुरा हुन् भन्ने छ । अर्जुनको मात्र होइन हामी सबैको चिन्ता पनि यही हो ।

यदि युद्धमा नै गहिरो ध्यान गऱ्यौ भने जीवनको गहन धारामा प्रवेश गर्न सकिन्छ र स्मरणपूर्वक ध्यानका साथ युद्ध हुन सक्छ । जब स्मरणपूर्वक युद्ध हुन्छ तब युद्ध युद्ध हुँदैन, त्यो धर्मयुद्ध हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- यदि तिमी प्रभुस्मरणबाट भाग्यौ भने र स्मरणको कला जानेनौ भने तिम्रो सन्न्यास पनि सन्न्यास हुने छैन । यदि स्मरणको कला ज्ञात भयो भने जतिसुकै गलत काम गर्ने व्यक्ति पनि मन्दिरको पुजारीभन्दा धेरै पहिले नै प्रभुको मन्दिरमा प्रवेश गर्ने छ । एकपटक पनि जो कोहीले श्रद्धापूर्वक प्रभुको स्मरण गऱ्यो भने ऊ त्यही व्यक्ति रहँदैन किनभने स्मरण यति ठुलो घटना हो जसले व्यक्तिको जीवनमा आमूल परिवर्तन ल्याइदिन्छ । त्यसैले युद्ध गर्दै प्रभुको स्मरण गर । यसप्रकार ममा अर्पण गरिएको मन बुद्धिले युक्त भएको व्यक्तिले निःसन्देह मलाई नै प्राप्त गर्ने छ । हे अर्जुन ! तिमी नडराऊ र युद्धबाट नभाग ।

श्रीकृष्ण मन बुद्धिले युक्त भएको हुनुपर्छ भन्नुहुन्छ । हृदयले निरन्तर अरू केही भन्छ र बुद्धिले अर्कै कुरा भन्छ अर्थात् मन र बुद्धिको योग कहिल्यै हुँदैन । बुद्धिले एउटा कुरालाई ठिक भन्छ, हृदयले अर्को कुरालाई सत्य ठान्दछ र निरन्तर भित्र कलह चलिरहन्छ । हृदयले भजनमा डुब्न भन्छ तर बुद्धिले यसलाई व्यर्थताको संज्ञा दिन्छ । हृदयले पदार्थबाट निस्केर प्रभुलाई खोज भन्छ र बुद्धि अहिले अन्य कुराको खोजी गरेर अनुभव प्राप्त गरूँ, परमात्मालाई त अन्त्य समयमा खोजुँला भन्छ । बुद्धि र हृदयको बिचमा चिरा परेको छ । त्यसैले यदि कुनै व्यक्ति यस्तो चिरा परेको समयमा प्रभुको स्मरण गर्छ भने त्यो स्मरण पूरा हुँदैन । बुद्धिले मात्र गरिएको स्मरण लगानी हो । उनीहरू यदि प्रभुस्मरण गरिएन भने नर्क त जानुपर्दैन भनेर सोच्छन् । त्यसैले प्रभुस्मरण गऱ्यो भने स्वर्ग र सफलता प्राप्त हुने छ र दुखबाट मुक्त भएर सुख प्राप्त हुने छ भन्ने उनीहरूको धारणा हुन्छ । यस्तो हिसाब किताबको भाषामा सोच्ने व्यक्तिको हृदयको गहिराइमा प्रभुको कुनै प्यास हुँदैन र यो बौद्धिक व्यापार मात्र हुन्छ ।

हामीहरूलाई यस्तै बौद्धिक व्यापार नै प्रभुको सम्बन्धमा सिकाइएको हुन्छ । केटाकेटीदेखि नै भनिन्छ- भगवान्को स्मरण गरेमा परीक्षामा राम्रो अङ्क ल्याएर उत्तीर्ण हुने छौ । हामीलाई थाहा नभएर हामी व्यक्तिलाई अधार्मिक बनाइरहेका छौं । यी बालबालिका जसलाई प्रभुस्मरण गर्नाले उत्तीर्ण हुने छौ

भनेर सिकाइएको छ यदि उनीहरू उत्तीर्ण भए भने उनीहरूले प्रभुको स्मरण गर्नाले लाभ हुन्छ भन्ने बुझ्ने छन् र यस्ता बालबालिका अधार्मिक ठहर्ने छन् किनभने लाभका लागि गरिने स्मरण धार्मिक हुँदैन । यदि असफल भए भने उनीहरू सदाका लागि परमात्माप्रति विरोधी हुन्छन् र प्रभु नै हुँदैन भन्ने ठान्छन् । प्रेमपूर्वक र प्रार्थना गरेर प्रभुको उपयोग गर्ने विचार नै उठ्दैन र जहाँ उपयोग हुन्छ त्यहाँ कुनै हार्दिक सम्बन्ध नै हुँदैन ।

बुद्धिले कि त नास्तिक बनाउँछ कि त नास्तिकभन्दा पनि तल्लो स्तरमा गिराउँछ । नास्तिक जो परमात्मा छैन भन्छन् उनीहरू तथाकथित आस्तिकभन्दा राम्रा हुन्छन् । तथाकथित आस्तिकले त परमात्मालाई लाभको लागि पुकार्छ । बिरामी छ भने निको पारिदेऊ, नोकरी छैन भने नोकरी दिलाइदेऊ भन्छ । आफ्ना कामना पूर्ण भए मात्र परमात्मा छ भन्ने उसलाई प्रमाण मिल्छ; नत्र उसका लागि सबै प्रमाण व्यर्थ सिद्ध हुन्छ । बुद्धि मात्र पर्याप्त छैन तर हाम्रो सारा शिक्षण बुद्धिको नै छ । त्यसैले बुद्धिको तल लुकेको भावजगत्को अन्तस्तल बिलकुल अछुतो रहन्छ । कहिलेकाहीँ त्यो अछुतो मनबाट पनि आवाज त आउँछ तर बुद्धिले यसलाई दबाएर राख्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- बुद्धियुक्त मन र भाव दुवैले हो भनोस् तब मात्र दुवैको बिचमा तालमेल भएर सेतु बन्दछ । त्यो सेतु बाँधिएको क्षणमा नै व्यक्तिले पूर्णरूपमा परमात्मामा समर्पण गर्न सक्छ ।

बुद्धि मनको माथिल्लो सतह भएकाले यसबाट बाह्य जगत्सँग मात्र सम्बन्ध स्थापित गर्न सकिन्छ । त्यसैले बुद्धिलाई अन्तस्तलका बारेमा सोध्नु हाम्रो मूर्खता मात्र हो । जब अन्तस्तलका बारेमा हामी उसलाई सोध्छौँ, ऊ कुशलतापूर्वक जवाफ दिन्छ तर त्यसबाट परमात्माको कुनै सान्निध्य वा सुगन्ध प्राप्त हुँदैन । बुद्धिलाई उपयोग गरेर हृदयसँग सोध्ने हो भने जवाफ आउँछ । हृदयलाई के गर्नु छ भनेर सोध्ने र बुद्धिलाई कसरी गर्ने भनेर सोध्ने हो भने मात्र पार हुन्छ । हृदयलाई लक्ष्य र बुद्धिलाई साधनका बारेमा सोध्यो भने यस्तो अवस्थामा मन बुद्धिबाट युक्त हुन सक्छ । बुद्धिले मार्ग बताउन सक्छ तर लक्ष्य बताउँदैन । हामीहरू त बुद्धिसँग लक्ष्य सोधेर भड्किन्छौँ । बुद्धिको चरम विकास विज्ञानमा भएको छ र हृदयको चरम विकास धर्ममा भएको छ । यदि विज्ञानलाई हामी केका लागि बाँच्छौँ भनेर सोध्यौँ भने विज्ञानले भन्न सक्दैन तर विज्ञानलाई कुन प्रकारले बाँचौं र कसरी ज्यादा बाँच्न सकिन्छ भनेर सोध्यो भने विज्ञानले बाटो बताउँछ ।

विज्ञानले के गर्ने भनेर बताउन सक्दैन तर धर्मले बताउन सक्छ । त्यस्तै बुद्धिले मार्ग बताउन सक्छ । त्यसैले हृदयलाई यो पाउनु छ र त्यसका लागि विधि र मार्ग खोज भनेर बुद्धिलाई आदेश दिनुपर्छ । यसो गरेमा बुद्धि र हृदय संयुक्त हुन्छन् । बुद्धि र हृदयको संयोगबाट योग फलित हुन्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- 'म'मा अर्पण गरिएको मन बुद्धिले युक्त भएको व्यक्ति निःसन्देह 'म'मा प्राप्त हुन्छ । किनभने हृदय सदा अर्पण गर्न चाहन्छ कारण हृदय अपूर्व विनम्रता हो । यदि कसैले बुद्धिबाट परमात्मालाई खोज्न चाह्यो भने तर्क गर्दागर्दै नै खोज समाप्त हुन्छ र कुनै उत्तर मिल्दैन तर हृदयलाई सोध्यो भने परमात्माको उत्तर प्राप्त हुन्छ । हृदयलाई परमात्माका बारेमा सोध्यो भने परमात्मा चारैतिर मौजुद भएको उसको अनुभव हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- बुद्धिले युक्त 'म'मा समर्पित मन भएको व्यक्ति निस्सन्देह 'म'मा नै प्राप्त हुन्छ किनभने समर्पण नै उपलब्धि हो। जसले समर्पण गर्दैन ऊ परमात्माबाट वञ्चित हुन्छ तर समर्पण गर्ने व्यक्ति परमात्मासमक्ष पुग्न सफल हुन्छ । सर्वशक्तिमान् विराट्प्रति जसले समर्पण गर्दछ ऊ तत्काल अर्कै व्यक्ति भएर परमात्मातिर अग्रसर हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- हे पार्थ ! ध्यानको अभ्यासरूप योगले युक्त, अरूतिर नबहकिने चित्तले निरन्तर चिन्तन गरिरहेको पुरुषलाई परम दिव्य परमात्मा प्राप्त हुन्छ । जसको ध्यान 'म'मा मात्र अभ्यासरत हुन्छ र 'म'बाहेक अन्यत्र कही ध्यान जाँदैन भने त्यो 'म'मा नै प्राप्त हुन्छ । यसको अर्थ अन्य परमात्मा क्राइस्ट, बुद्ध, राम, मोहम्मदतिर नजाने भन्न खोजेको होइन । यस भनाइको भक्त समुदायले गलत अर्थ लगाएका

छन् । कृष्णभक्त सोच्न सक्छन्- रामतिर मन गयो भने परमात्मा प्राप्त हुँदैन, तर यो बुझाइ गलत हो । परमात्मा त एक मात्र छ । उसलाई राम, रहिम, कृष्ण जे भने पनि हुन्छ । यहाँ अन्यको अर्थ मानिसका मनमा हजारौँतर्फ दौडिने वृत्तिहरू हुन्छन् र मन एक ठाउँमा धेरै बेरसम्म रहन सक्दैन भनेर यस्तो भनिएको हो । मन प्रतिक्षण नयाँलाई खोज्छ र मन एक ठाउँमा स्थिर भएर रहनुपर्ने भयो भने उसले गति पाउँदैन र कुँजो हुन्छ । जो नित्य नयाँको खोज गरिरहन्छ त्यो परमात्मामा धेरै समय रोकिन सक्दैन ।

परमात्मा त एक रस हो र परमात्मासँग त त्यही व्यक्ति रोकिन सक्छ जो त्यो अभ्यासमा पारङ्गत हुन्छ । मानिसलाई अधार्मिक बनाउने महत्त्वपूर्ण कुरा पट्यार लाग्नु हो । मन हरेक कुराबाट दिक्क हुन्छ, पतिपत्नी बिचमा पनि दिक्क वा हैरानी उत्पन्न हुन सक्छ । मित्रसँग वा व्यवसायप्रति दिक्दारी पैदा हुनसक्छ र नयाँको खोजी गर्न थाल्छ । साथै मन आफैँसँग पनि दिक्क भएर आत्तिन्छ । यथार्थमा मनमा दिक्दारी उत्पन्न भइरहन्छ । ध्यान दिक्क नहुने अभ्यास हो । ध्यानमा पहिले विचारहरूको पोको खुल्छ र जब ध्यान फलित हुन्छ, तब कुनै कुरामा दिक्दारी उत्पन्न हुँदैन । जस्तो समुद्रको पानीलाई जहाँबाट चाखे पनि नुनिलो हुन्छ, त्यस्तै प्रभुलाई जहाँबाट चाखे पनि ऊ एक रस हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- अन्यतिर अलिकति पनि चित्त गयो भने त्यो ध्यान होइन र अन्यतर्फ चित्त नगएर अनन्य रूपले 'मेरो' तर्फ लाग्यो वा परम दिव्य पुरुषतिर लाग्यो भने मात्र परमात्मा प्राप्त हुन्छ । जो पुरुष सर्वज्ञ, अनादि, सबैको नियन्ता, सूक्ष्मभन्दा पनि सूक्ष्म, सबैको धारण पोषण गर्नेवाला, अचिन्त्य स्वरूप, सूर्यको सादृश्य प्रकाशरूप र अविद्याबाट पर परमात्मालाई स्मरण गर्छ उही परमानन्द परमात्मामा उपलब्ध हुन्छ ।

यस जगत्मा सबै अल्पज्ञ नै हुन्छन् । जति जाने पनि जान्नका लागि थुप्रै बाँकी रहन्छ र जान्नुको पूर्णता हुँदैन । पूर्ण विज्ञ त परमात्मा मात्र हुन्छ जससँग जान्नका लागि केही बाँकी रहन्न । पूर्ण ज्ञान परमात्माको अन्तस्तलमा मात्र हुन्छ । त्यसैले त परमात्मा सर्वज्ञ हो । जो सबै कुरा जान्ने सर्वज्ञको स्मरण गर्छ ऊ अलिअलि गरेर उससँग एक हुन्छ । जो परमसत्तामा लीन हुन्छ, उसलाई ज्ञान र अज्ञानका बारेमा केही पनि थाहा हुँदैन । हाम्रा समाजमा रहेका तथाकथित जान्ने व्यक्तिसँग एक प्रकारले पूर्वनिर्मित उत्तर सदैव तयार रहन्छ । कसैले सोध्नासाथ उनीहरू बनिबनाउ उत्तर तत्काल दिन्छन् । परमसत्ता प्रभुमा लीन हुने व्यक्तिलाई ज्ञान र अज्ञानका बारेमा केही थाहा हुँदैन र केही सोध्दा उत्तर भित्रबाट जे आउँछ त्यही दिन्छन्; आफूले कुनै उत्तर दिँदैनन् । त्यसैले श्रीकृष्ण जस्तो व्यक्तिबाट आफैँ उत्तर आउँदैन । उहाँ त प्रश्न पिउनुहुन्छ र भित्रबाट उत्तर आफैँ आउँछ । परमात्मा सर्वज्ञ छ र सबै कुरा जान्दछ तर पनि उसलाई ज्ञान र अज्ञानको जानकारी हुँदैन किनभने त्यो जानकारी त केवल अज्ञानीलाई मात्र हुन्छ ।

परमात्मा मात्र छ र ऊ सदा रहने छ । ऊ अनादि, प्रारम्भरहित, अजन्मा र अनन्त छ । श्रीकृष्ण भन्नुहुन्छ- जो सर्वज्ञ, नियन्ता, सूक्ष्मभन्दा सूक्ष्म, सबैको पालनकर्ता, अचिन्त्य, सूर्यसमान प्रकाशवान् र अविद्याबाट पर दिव्यस्वरूप हुनुहुन्छ उनै परम पुरुषको सदैव स्मरण गर्नुपर्दछ । ऊ सबैको नियन्ता हो जसको हातमा सबै कुरा छ । उसको औंलामा सूर्य, चन्द्र, ताराहरू छन् र सबै कुरा उसबाट नै चल्छन् । नियन्ता शब्दबाट बडो भ्रान्ति भएको छ । नियन्ता भन्नाले सबैको नियन्त्रक (Supreme controller) अर्थात् जसले सबैमाथि नियन्त्रण गरिरहेको हुन्छ भन्ने अर्थ सही होइन । नियन्त्रण जहिले पनि अर्कामा गरिन्छ तर यहाँ त उसका अतिरिक्त कोही पनि छैन त्यसैले उसले कसैलाई नियन्त्रण गर्न आवश्यक नै छैन। नियन्ताको अर्थ नियन्त्रक नभएर शाश्वत नियम (The law) हो । जसको जीवनको धारा र नियम छ एवम् जसलाई वेदले रीत भनेको छ त्यही नै नियन्ताको खास अर्थ हो । उही परमसत्ता नै नियम हो र यहाँ उसका अतिरिक्त कोही पनि छैन । त्यसैले ऊ सर्व नियन्ता हो । बाटामा हिँड्ने क्रममा उल्टो पाइला चाल्ने बित्तिकै हामी गर्ल्याम्म ढल्छौं । वैज्ञानिकलाई सोध्यो भने उनीहरू जमिनको गुरुत्वाकर्षणले गर्दा यस्तो भएको भन्ने जवाफ दिन्छन् । हामी जमिनले लडायो भन्छौं, यथार्थमा यस्तो होइन उल्टो खुट्टा राखेमा आफैँ लडिन्छ, जुन जमिनलाई थाहा पनि हुँदैन किनभने त्यो उसको नियम हो । पानी सागरतिर

बगिरहेको हुन्छ र परमात्मा एक एक नदीलाई धकेलेर सागरतिर पठाउँदैन, पानीको नियम नै तलतिर बग्नु हो । त्यसैअनुरूप नदीहरू तलतिर बगिरहन्छन् । नियन्ताको अर्थ शाश्वत नियम हो र परमात्मा त्यही सर्वोच्च सर्वनियन्ता हो ।

सूक्ष्मभन्दा पनि अतिसूक्ष्म भन्नुको कारण यो सूक्ष्म शब्द पनि स्थूल भएर हो । हामी कुनै कुरालाई अतिसूक्ष्म भन्छौँ । कपाललाई हामी सूक्ष्म भन्छौँ तर कपाल पर्याप्त मोटो र स्थूल छ । एकलाख अणुलाई एक साथ राखियो भने एउटा कपाल बराबर हुन्छ । त्यसैले श्रीकृष्ण सूक्ष्मभन्दा पनि सूक्ष्म भन्नुहुन्छ । वास्तवमा त्यसलाई बताउन हामीसँग अरू शब्द नै छैन । यो केवल मात्राको भेद हो । हात्तीको अघिल्तिर कमिलालाई राख्ने हो भने त्यो अति सूक्ष्म हुन सक्छ तर कमिलाभन्दा पनि सूक्ष्म कुराहरू छन् जहाँ कमिला पनि स्थूल हुन सक्छन् तर परमात्मालाई सूक्ष्मतम भन्नुको तात्पर्य उसभन्दा सूक्ष्म अरू केही छैन भन्ने हो । परमात्माको केवल प्रतीति मात्र हुन सक्छ र अनुभवले अलिकति स्पर्श लिन सकिन्छ । श्रीकृष्ण परमात्मालाई सूर्यको सादृश्य प्रकाशरूप भन्नुहुन्छ- सूर्य एउटा मध्यवर्गीय तारा हो । यसभन्दा लाखौँ गुणा ठुला सूर्यहरू छन् । हाम्रो सूर्य पृथ्वीभन्दा साठी हजार गुणा ठुलो भए पनि अन्य सूर्यहरूको तुलनामा यो सानो छ । सूर्यको सादृश्य प्रकाश रूप एउटा सङ्केत मात्र हो । त्यसैले उदाहरणस्वरूप कृष्णले सूर्यको सादृश्य प्रकाशवान् भन्नुभएको हो । त्यो अनादि परमात्माको कुनै अन्त छैन एवम् परमात्मा स्वप्रकाशित छ ।

जगत्मा अर्काबाट प्रकाशित हुने र स्वयम् प्रकाशवान् हुने दुई प्रकारको अवस्था छ । एउटा कोठामा दियो बाल्दा कोठामा भएका सबै कुराहरू देखिन्छन् र बत्ती निभायो भने देखिँदैनन् । कोठाका सामग्री देखिनका लागि अर्को प्रकाश मौजुद हुनुपर्छ तर दियोको प्रकाशलाई हेर्न अर्को प्रकाश चाहिँदैन किनभने दियो स्वप्रकाशित हो तर पनि दियोलाई इन्धनको जरुरत पर्छ । त्यसैले दियो स्वतन्त्र नभएर परतन्त्र छ । परमात्मा यस्तो प्रकाश हो जो स्वयम् प्रकाशित र स्वतन्त्र छ । कुनै पनि कुरामा निर्भर नभएकाले ऊ स्वयम् प्रकाशित छ । अविद्याबाट अति पर, अज्ञानबाट अति टाढा शुद्ध सच्चिदानन्द परमात्मालाई जसले स्मरण गर्छ उसैलाई परमात्मा प्राप्त हुन्छ । हामी कोही पनि अज्ञानमा झर्दैनौँ किनभने हामी परमात्माका रूप हौं तर हामीलाई विचारबाट झरेको जस्तो लाग्छ । यो केवल हाम्रो धारणा हो । त्यसैले जब कोही ज्ञानमा प्राप्त हुन्छ, उसको अज्ञानी हुने धारणा मात्र हट्छ, अज्ञान हट्दैन । हामीले जे मान्यो त्यही घट्छ किनभने विराट् शक्ति भित्र छ र चेतना स्वतन्त्र छ । उसले जे चाह्यो त्यही मान्न सक्छ । वस्तुतः ज्ञानीले आफूलाई न ज्ञानी न अज्ञानी केवल अविद्याबाट पर भएको मात्र पाउँछ । अविद्याभित्र दुवै ज्ञानी र अज्ञानी हुन्छन् । अविद्याबाट पर ज्ञान न अज्ञान यस्तो हाम्रो स्वभाव हुन्छ । यो स्वभावको परम अभिव्यक्ति परमात्मा हो र जुन दिन कसैलाई भित्र यो परम अभिव्यक्ति हुन्छ, तब ऊ पनि परमात्मा नै हुन्छ । हामी जे मान्छौँ, त्यो स्थिति हाम्रो आत्मसम्मोहन हो र यदि यो आत्मसम्मोहनलाई तोड्नु छ भने परमेश्वरको सतत् स्मरण आवश्यक हुन्छ ।

*प्रयाणकाले मनसाचलेन*
*भक्त्या युक्तो योगबलेन चैव ।*
*भ्रुवोर्मध्ये प्राणमावेश्य सम्यक्-*
*स तं परं पुरुषमुपैति दिव्यम् ॥१०॥*

**शरीर त्याग गर्ने समयमा मनलाई अटल राखी योगबलका शक्तिले दुवै आँखीभौँको बिचमा प्राण राम्ररी स्थिर गरेर जसले पूर्ण भक्तिका साथ परमेश्वरको स्मरण गर्दछ त्यसले निश्चय नै परम दिव्य पुरुषलाई नै प्राप्त गर्दछ ॥**

*यदक्षरं वेदविदो वदन्ति*
*विशन्ति यद्यतयो वीतरागाः ।*
*यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति*
*तत्ते पदं सङ्ग्रहेण प्रवक्ष्ये ॥११॥*

**वेदका ज्ञाताहरू जुन परमपद अक्षर ओङ्कार (ॐ) को जप गर्दछन्, आसक्तिबाट मुक्त हुन प्रयत्नशील महान् सन्न्यासीहरू जसमा प्रवेश गर्दछन्, परमात्माका साधक जो ब्रह्मचर्यको अभ्यास गर्छन् ती जसरी परमपदमा पुग्दछन्, त्यो विधि संक्षेपले भन्दछु ॥**

जीवनको अन्तिम क्षण सर्वाधिक महत्त्वपूर्ण हुन्छ किनभने त्यो नै आगामी जीवनको बीज रूप हो । हामीले आफ्नो जीवनको अन्तिम क्षणमा आफूले गरेको, चाहेको र सोचेको सम्पूर्ण वृत्तान्त सङ्ग्रहित गरेर राख्छौँ र त्यसलाई स्मरणको रूपमा लिएर अगाडिको यात्रा गर्छौं । हाम्रो जन्मको क्षण प्रारम्भ होइन किनभने जन्ममा त्यही बीज अङ्कुरित हुन्छ जो मृत्युको समयमा सङ्ग्रहित गरिएको हुन्छ । त्यसैले प्रारम्भको क्षण मृत्युको क्षण हो र त्यो समयमा बनेको बीज जन्मपछि अङ्कुरित भएर वृक्ष बन्छ । ज्ञानीहरू मृत्युलाई नै प्रारम्भ मान्दछन् । मृत्यु अघिल्लो जन्मको अन्त्य र आगामी जीवनको प्रारम्भ हो । त्यस क्षणमा हामीले फड्को मार्न सक्यौँ भने त्योभन्दा सरलतापूर्वक जीवन पार हुनका लागि अर्को अवसर कहिल्यै प्राप्त हुँदैन किनभने मृत्युको क्षणमा शरीर छुटेको साक्षी बन्न सक्यौं भने हामी त्यो देहविनाको अनुभव गर्न सक्छौं, जसलाई शरीरमा रहेर अनुभव गर्न कठिन हुन्छ । नयाँ जन्म सुरु भएको छैन र पुरानो जन्म छुटेको पनि छैन, बिचको त्यो सन्धिकालमा यदि प्रभुको स्मरण भयो भने चेतनाको यात्रा शरीरलाई छोडेर ब्रह्मतिर सुरु हुन्छ। श्रीकृष्ण यहाँ अर्जुनलाई अन्तिम क्षणमा के गर्न सकिन्छ र अन्तिम क्षणमा स्मरण गरेको पुरुष कुन यात्रामा निस्किन्छ भन्ने सन्दर्भका बारेमा बताउँदै हुनुहुन्छ । उहाँ भन्नुहुन्छ- त्यो भक्तियुक्त पुरुष अन्तकालमा पनि योगका माध्यमले भृकुटीको मध्यमा प्राण स्थापना गरेर निश्चल मनले स्मरण गर्दै त्यो दिव्य स्वरूपलाई नै प्राप्त गर्छ ।

मनुष्यको चेतनामा विचार र भावको क्षमता हुन्छ । संसारमा गतिशील बनाउने उपकरण विचार हो भने संसारबाट पार गर्ने उपकरण भाव हो । विचारको क्षमता संसारका लागि उपयोगी हुन्छ । विचारविना संसारमा र भावविना परमात्मामा एक कदम पनि चाल्न सकिँदैन र हामी जन्मैदेखि विचारको क्षमताबाट सञ्चालित छौँ । त्यसैका आधारमा परमात्मातिरको यात्रा गर्ने प्रयास गर्छौं जसले गर्दा असफलता मात्र प्राप्त हुन्छ । संसारप्राप्तिका निम्ति प्रयोग हुने उपकरण परमात्मा प्राप्तिका निम्ति उपयुक्त हुँदैन । विचार तर्कको प्रक्रिया, चिन्तनको मार्ग र विश्लेषणको विधि हो । यदि कुनै कुरालाई नियममा ल्याउनु छ भने विचार र तर्क जरुरी हुन्छ । विचारलाई प्रबल बनाउन निरन्तर चिन्तन जरुरी हुन्छ । गलत विचारलाई तर्कबाट मात्र हटाउन सकिन्छ र सही विचारका लागि पनि तर्क जरुरी हुन्छ । विचार विज्ञानको जन्मदाता हो तर अन्तरयात्राको मार्ग होइन । परमात्माको खोजमा वस्तुको विश्लेषण गरेजस्तो गरेर जान सकिँदैन । विश्लेषण गर्दा चिजहरू नष्ट हुने हुँदा आत्माको कुनै विश्लेषण हुन सक्दैन । विज्ञान पदार्थको जगत्मा सफल भएको छ तर चेतनाको जगत्मा यसले सफलता हासिल गर्न सकेको छैन ।

यदि जीवनलाई जान्नु छ भने भाव उसको मार्ग हो । विचार फोडेर जाँच गर्छ र भाव जोडेर जाँच गर्छ । भाव प्रेमको मार्ग हो । हामी परमात्मा छ कि छैन भनेर तर्कले भित्र जाँदैनौँ बरु भावले जोडिएर जाने प्रयास गर्छौं । त्यसैले फोड्ने विधिले विचारलाई प्रभुतिर लैजान सक्दैन । संसार जति विचारवान् हुन्छ त्यति नै परमात्माबाट वञ्चित हुन्छ । पाँच हजार वर्षदेखि मानिसहरू विचार गर्न कुशल छन् तर भावको कुशलता प्रदर्शन गर्न भने चुकेका छन् । भावको कुशलता पूर्णरूपमा समाप्तप्रायः भएको छ । आज मन्दिर, मस्जिद, गुम्बा, गिर्जाघर आदि सबै प्रभावहीन जस्तै भएका छन् । पूजा-प्रार्थना सबै व्यर्थ भएका छन्

किनभने भावको जुन क्षमताले मन्दिर जीवन्त हुन्थ्यो र जुन स्पन्दनले पूजा गरिन्थ्यो, त्यो भाव नै अब करिव-करिव समाप्त भएको छ । अब भावको कुनै प्रशिक्षण नै छैन ।

भक्तिको साधना नै भावको प्रशिक्षण हो र जो भावमा प्रशिक्षित हुन्छ उही भक्त हो । विचारलाई छोडी भावमग्न भएर प्रेममा बाँच्ने व्यक्ति नै भक्त हो । परमात्मालाई जान्न प्रेमभावमा लीन भएर डुब्नुपर्छ । भावको लोकमा व्यक्ति र भक्त रहँदैन केवल भक्ति मात्र रहन्छ । यस्तो प्रेमभावमा डुबेर परमात्मातिर प्रवाहित गर्ने शक्ति नै भक्ति हो । विचारको यात्रामा अहङ्कार पनि साथमा नै हुने हुनाले परमात्माको यात्रा असम्भव हुन्छ तर भावको दशामा अहङ्कार नहुने हुँदा परमात्माको यात्रा सुगम हुन्छ । भाव अन्तरप्रवेश र आफैमा फिर्ता हुनु हो । विचार बाहिरतिरको दौड हो, यसले ब्रह्माण्डको भ्रमण गराउँछ तर भित्रको यात्रा गराउँदैन । जसलाई हामी भाव भन्छौँ, त्यो वास्तविक भाव होइन किनभने भावले मेरो र तेरो जान्दैन । विचारले मात्र तेरो र मेरो भन्ने जान्दछ । भाव त केवल प्रेम मात्र जान्दछ, भेदभाव जान्दैन । भाव गहिरो भएमा कोही नभएको निर्जन स्थानमा पनि प्रेमको धारा सघन भएर बगिरहन्छ । कृष्ण, बुद्ध जस्ता महापुरुषहरूबाट कोही व्यक्ति नभए पनि त्यहाँ प्रेमको किरण फैलिरहन्छ । एकान्तमा बलेको दीपबाट प्रकाशपुञ्ज फैलिए जस्तै त्यो भाव कसैका लागि लक्षित हुँदैन । भावमा रमण गर्दा आनन्द फलित हुन्छ किनभने भाव अन्तरगमन हो । त्यसैले जसलाई भावको यात्रा गर्नु छ ऊ विचारबाट सावधान हुनुपर्छ । जुन दिन कसैप्रति लक्षित नहुने भाव फलित हुन्छ त्यसै दिन त्यो भाव परमात्माप्रति लक्षित हुन्छ ।

वास्तवमा भाव नै हाम्रो मूल आधार हो । भक्तियुक्त चित्तले सङ्कल्प शक्तिका साथ विचारलाई भित्रको काममा बाधा दिनबाट पूरै रोक्नुपर्छ । जुन व्यक्तिले विचार बाहिरका लागि र भाव भित्रका लागि हो भन्ने जान्दैन उसलाई भावको जगत्मा प्रवेश गर्न कठिनाइ हुन्छ । जीवनमा कतिपय कुरा सोचेर गर्नै सकिँदैन जस्तो कि प्रेम गर्नु अघि सोच्न सकिन्न । जहाँ विचार हटेर भावको तरङ्ग पैदा हुन्छ, त्यहाँ हृदयमा आनन्द फलित हुन्छ । भावको अङ्कुरणबाट प्रेम जागेर प्रार्थनाको लोकमा प्रवेश हुन्छ र बिस्तारै भक्ति फलित हुन्छ । भक्तिको अर्थ कुनै एकप्रतिको मात्र नभई समस्तप्रतिको प्रेम हो । जबसम्म सुन्दरलाई सुन्दर देखिन्छ, तबसम्म पूर्ण सौन्दर्यका बारेमा थाहा हुँदैन तर जब कुरूपमा पनि सौन्दर्य देखिन्छ तब पूर्ण सौन्दर्यको अनुभव हुन्छ । मित्रसँग मात्र प्रेम गर्नेले पूर्ण प्रेमको आस्वादन गर्न सक्दैन तर शत्रुसँग पनि प्रेम गर्नेले पूर्ण प्रेमका बारेमा जान्दछ । जुन दिन समस्तका प्रति कुनै कारण, निर्णय र छनोटविना प्रेमधारा बग्न थाल्छ त्यस्तो अवस्थामा भक्ति फलित हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- यस्तो भावले भरिएको भक्तियुक्त पुरुष अन्तकालमा पनि योगबलबाट भृकुटीको मध्य भागमा प्राण स्थापना गरेर परमात्मामा प्राप्त हुन्छ ।

हाम्रा दुई आँखीभुइँको बिचको स्थान यो शरीरमा सर्वाधिक महत्त्वपूर्ण हुन्छ । यो तेस्रो नेत्र (Third-eye) लाई शिवनेत्र पनि भनिन्छ । समष्टिप्रति प्रेम, प्रार्थना र पूजाको भाव हुने व्यक्तिले परमात्माका अतिरिक्त केही पनि देख्दैन । यस्तो व्यक्ति अन्त समयमा भृकुटीको मध्यमा ध्यानस्थ हुन्छ र उसका अगाडिको शरीरको यात्रा बन्द हुन्छ । यदि तेस्रो नेत्रमा ध्यान नभएमा आवागमनको यात्रा जारी रहन्छ । संसारबाट छुट्ने द्वार तेस्रो नेत्र हो । यो भृकुटीमा रोकिएको चित्तले निश्चल मनबाट स्मरण गर्दै त्यो दिव्यस्वरूप परमात्मालाई प्राप्त गर्दछ । भृकुटीको सन्धि अत्यन्त सानो भएकाले त्यसमा निष्कम्प भाव भएको व्यक्तिले मात्र प्रवेश गर्न सक्छ । भावदशाको अन्तक्षण आएमा समस्त भाव एकत्रित भएर भृकुटीमा जम्मा हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- योगबलबाट भृकुटीमा ध्यान केन्द्रित गरेका व्यक्तिहरूका लागि अन्तक्षणमा भृकुटीमा भाव आउन सजिलो हुन्छ । शरीरभित्रका मार्गबाट कोही चुकेको छ भने अन्तिम समयमा मार्ग बनाउन कठिनाइ हुन्छ । हाम्रो ध्यान कामकेन्द्रमा अत्यधिक हुन्छ र कामकेन्द्र भृकुटीको ठिक उल्टो छ । एक किनारामा कामकेन्द्र र अर्को किनारामा ध्यानकेन्द्र अवस्थित छ । यदि कामको चिन्तन ज्यादा भयो भने हाम्रो चेतनाको जाने मार्ग कामवासनाको मार्ग हुन्छ ।

भृकुटीको मध्यको केन्द्रलाई योगीहरू आज्ञाचक्र भन्दछन् । भक्तको चेतना ध्यानमा गएर भृकुटीमा स्थित हुन्छ तर त्यस्तो हुनका लागि योगको अभ्यास हुनु जरुरी छ । यदि यो मार्ग तयार रह्यो भने अन्त समयमा समस्त भाव आज्ञाचक्रमा जम्मा भएर शरीरको आवागमन बन्द हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- भृकुटीको मध्यमा योगबलबाट प्राणलाई राम्ररी स्थित गरेर निश्चल मनले परमात्माको स्मरण गर्ने पुरुष त्यो दिव्यस्वरूप परमात्मालाई प्राप्त गर्छ । हे अर्जुन ! वेद जान्नेवाला जुन परमपदलाई ॐ नाम (ऊँकार) ले चिन्छन् र आसक्तिरहित यत्नशील महात्माजन जसमा प्रवेश गर्छन् तथा जुन परमपदलाई चाहनेवाला ब्रह्मचर्यको आचरण गर्दछन्, त्यो परमपदका बारेमा म तिमीलाई संक्षेपमा बताउँछु । वेद जान्नेवाला भन्नुको तात्पर्य चारवटा संहिता जान्ने वा वेदपाठी व्यक्ति होइन । शास्त्र जान्नेवाला व्यक्ति कृष्णका लागि महत्त्वपूर्ण हुँदैन । जसलाई हामी वेद भन्छौं, त्यो केवल ज्ञानको प्रतिछवि हो । हामीले परमज्ञानका अगाडि ऐना लग्यौं भने जति प्रतिछवि देखिन्छ, त्यति नै वेद उदय हुन सक्छन् । वेदको इशारा परम ज्ञानतिर छ । त्यसैले वेदका चारवटा संहिता हराए पनि वेद हराउँदैन । ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद मानवजातिका स्मरणमा परम ज्ञानको प्रतीतिका छवि हुन् ।

वेद निरन्तर सिर्जित भइरहन्छ । जब कुनै व्यक्ति परमभावमा उपलब्ध हुन्छ, तब त्यो शाश्वत ज्ञान परमात्माको हृदयमा विराजमान भएर आफ्नो प्रतिविम्ब बनाउँछ । त्यो छवि ऐनाजस्तै अलग-अलग हुन्छ । ऋग्वेद एउटा छवि हो । कुरान मोहम्मदको छविको ऐना हो भने बाइबल जिससको छविको ऐना हो । बुद्ध, महावीर, लाउत्सु जस्ता हजारौं व्यक्तिको प्रतिविम्ब पनि वेद हो । वेद कुनै मृत किताबको नाम होइन । वेद त्यो परमात्माको परम ज्ञानको नाम हो जसका समक्ष व्यक्ति पूर्ण शून्य भएर उभिन्छ । श्रीकृष्ण जब वेदको कुरा गर्नुहुन्छ उहाँ एउटा धर्मको भाषामा बोल्नुहुन्न, उहाँ त परमज्ञानका बारेमा भन्नुहुन्छ । त्यो परम ज्ञान जो दर्पण बनेका व्यक्तिहरूमा प्रतिविम्बित हुन्छ यस्तो वेदलाई जान्नेवाला त्यो परमपद अक्षरलाई ओङ्कार (ॐ) नामले सम्बोधन गर्छन् । अक्षर कहिल्यै नष्ट एवम् क्षीण हुँदैन र छरिँदैन । हामी सबै वर्णमालालाई अक्षर भन्छौं तर ती सबै छरिन्छन् र नष्ट हुन्छन् । त्यसैले तिनीहरूलाई अक्षर भन्नु ठिक होइन । यदि मैले बोलिनँ भने यी अक्षर जन्मिँदैनन् र म चुप लागेँ भने यी अक्षर हराउँछन् ।

श्रीकृष्ण भन्नुहुन्छ- यो परमपदलाई जान्नेवाला जो हो उसलाई अक्षर भन्छन् र त्यो अक्षर ओङ्कार (ॐ) हो । ॐ यस्तो अक्षर हो जो हामी बोलेनौं भने पनि बोलिन्छ । अरू सबै अक्षर हामीले बोल्दा मात्र रहन्छ र नबोल्दा हराउँछ तर एक अक्षर यस्तो पनि छ जो हामी बोल्दा बोलिँदैन र सुनिँदैन । जब हामी मौन हुन्छौं र भित्र कुनै शब्द रहँदैन, तब एउटा ध्वनिको नाद सुरु हुन्छ । त्यो नादको नामलाई जान्नेवाला वेदको ज्ञाताले अक्षर भनेका छन् । त्यो नादको प्रतीक ओङ्कार (ॐ) हो । जब कोही मौन हुन्छ तब उसभित्र पनि परमध्वनि गुञ्जन्छ । त्यो ध्वनि हामीले बनाएका होइनौं । त्यो ध्वनि हाम्रो अस्तित्व हो । त्यसैले अस्तित्व नै त्यसमा ध्वनित हुन्छ । हामी नहुँदा पनि त्यो ध्वनि थियो र हामी पुनः नहुँदा पनि त्यो ध्वनित भइरहन्छ । हामी त्यही ध्वनिको एउटा सघन रूप हौं र त्यो ध्वनिको नाम ओङ्कार (ॐ) हो । ॐ कुनै शब्द होइन र यसको कुनै अर्थ पनि छैन; यो अस्तित्वबोधक मात्र हो । त्यसैले ॐ लाई लेख्ने ढङ्ग चित्रबाट मात्र हुन्थ्यो । यसलाई आकृति दिनुको अर्थ यो अरूभन्दा भिन्न भएर हो । वस्तुतः उही अक्षर हो र अरू अक्षरहरू उसका नै पैदावार हुन् । अ-उ-म् ॐ का तीन उत्पत्ति हुन् र हाम्रा सारा वर्णाक्षर तिनै तीन अ-ऊ-म्का विस्तारित रूप हुन् । पूर्वीय मनीषीले सत्यलाई एक जानेका छन् र जब सत्य संसार बन्छ, तब त्यो तीन हुन्छ र तीनबाट अनेक हुन्छ ।

आसक्तिरहित महात्माजन यसमा प्रवेश गर्दछन् । यो ॐ अक्षरमा भृकुटीको मध्यमा जब भाव स्थिर हुन्छ, तब त्यो स्थिरतामा ॐकारको नाद सुरु हुन्छ । यो नादसँगै व्यक्ति संसारबाट पार भएर मोक्षमा प्रवेश गर्छ । त्यो नाद वाहन हो र भृकुटीको मध्यमा पुग्नेबित्तिकै यो नाद घनघोर भएर गहन हुन्छ । त्यस क्षणमा व्यक्ति शरीर नरहेर ध्वनिको सङ्ग्रह मात्र रहन्छ र आसक्तिरहित ज्ञानीजन जसलाई

ॐ भन्छन् त्यसमा प्रवेश गर्छन् । आसक्तिरहित भन्नाले मोक्षको पनि आसक्ति नभएका महात्माजन हुन् किनभने पाउने इच्छा नै संसार हो । आसक्तिरहित तर यत्नशील भने हुनुपर्दछ । आसक्ति नभएर आनन्दका लागि प्रयास गर्नु यत्नशील हुनु हो । यत्न आनन्द बनेपछि मात्र जारी हुन्छ । आसक्ति नराखी यत्न जारी राख्ने महात्माजन ॐकारको अक्षरध्वनिमा प्रवेश गर्दछन् । परमपद चाहनेवाला ब्रह्मचर्यको आचरण गर्दछन् । ब्रह्मचर्यको अर्थ प्रभुको जस्तो चर्या हो । जसलाई प्रभु पाउनु छ, उसलाई पाउनु अघि नै प्रभु जस्तै चर्या गर्नुपर्छ अन्यथा हामीमा त्यसको पात्रता हुँदैन । जुन दिन चर्या प्रभु जस्तै हुन्छ, त्यसै दिन प्रभुसँग मिलन हुन्छ ।

*सर्वद्वाराणि संयम्य मनो हृदि निरुध्य च ।*
*मूर्ध्न्याधायात्मनः प्राणमास्थितो योगधारणाम् ॥१२॥*

**इन्द्रियका सम्पूर्ण द्वारहरू बन्द गरेर मनलाई हृदयमा र प्राणवायुलाई शिरमा स्थिर राखेर योगधारणामा स्थित हुनुपर्दछ । त्यस्तो साधक अविचलित दिव्य समाधिमा स्थापित हुन सक्छ ॥**

*ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन् ।*
*यः प्रयाति त्यजन्देहं स याति परमां गतिम् ॥१३॥*

**जसले ओङ्कार (ॐ) रूपी ब्रह्मको उच्चारण गर्दै यसको अर्थस्वरूप 'मेरो' चिन्तन गरेर शरीर त्याग गर्दछ त्यसले परमपदमा प्राप्त गर्दछ ॥**

*अनन्यचेताः सततं यो मां स्मरति नित्यशः ।*
*तस्याहं सुलभः पार्थ नित्ययुक्तस्य योगिनः ॥१४॥*

**हे पार्थ ! जुन पुरुष 'म'मा अनन्य चित्तले सदैव स्थित भएर मलाई नै भज्दछ, त्यो निरन्तर ममा तल्लीन रहने योगीका लागि 'म' अति सुलभ छु ॥**

व्यक्तिको चेतना इन्द्रियहरूको मार्ग भएर बाहिरतिर र इन्द्रियहरूको द्वारलाई बन्द गरेर भित्रको यात्रा पनि गर्न सक्छ । इन्द्रियहरू चेतनाका लागि द्वार हुन् र यो द्वार दुवैतिर खुल्छ । एउटै द्वारले बाहिर पनि लैजान सक्छ र भित्र पनि ल्याउन सक्छ । हामी जीवनभरि बाहिरको यात्रा गर्दा गर्दै यही द्वारबाट भित्रको यात्रा पनि हुन सक्छ भन्ने कुरा पूरै भुलेका छौं । मार्ग अलग नभएर केवल चल्ने दिशा मात्र अलग हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! सबै इन्द्रियका द्वारलाई बन्द गरेर इन्द्रियलाई संयममा राख । जसले भाव एवम् मनलाई हृदयमा केन्द्रित गरेर प्राणलाई मस्तिष्कमा स्थित गर्छ ऊ परम गतिलाई उपलब्ध हुन्छ । विषयबाट जबर्जस्ती इन्द्रियलाई दमन गरेर र इन्द्रियलाई विषयप्रतिको आसक्तिबाट टाढा राखेर इन्द्रियलाई अवरुद्ध गर्न सकिन्छ । विषयबाट भाग्न सकिन्छ तर वृत्तिहरूबाट भाग्न सकिन्न । कुनै चिज सुन्दर लाग्दा मन आकर्षित भएर चञ्चल हुन्छ ।

कृष्णले इन्द्रियलाई दमन वा निरोध गरेर भाग्न भन्नुभएको होइन । कृष्ण स्वयम् पनि केही छोडेर कहीं जानुभएको छैन । त्यसैले उहाँको आशय विषयबाट भाग्नु भन्ने होइन । उहाँ त अर्जुनलाई युद्धबाट पनि नभाग्न भन्नुहुन्छ । बाहिरको युद्ध त सानो छ तर भित्रको चेतनाको विषयसँग चलिरहेको अन्तरयुद्ध धेरै ठुलो छ । कृष्ण युद्धमा उभिएर रूपान्तरण हुनका लागि अर्जुनलाई सल्लाह दिनुहुन्छ । विषयसँग भाग्न सकिँदैन किनभने जहाँ हामी पुग्छौं, त्यहीं विषय मौजुद हुन्छ र जहाँ संसार हुन्छ त्यहाँ विषय हुन्छ । कृष्णका अनुसार वृत्तिहरूलाई विसर्जित गर्नु नै इन्द्रियहरूको संयम हो । यदि वृत्ति अवरुद्ध भयो भने इन्द्रियहरू स्वतः विसर्जित हुन्छन् । वृत्तिको द्वारबाट चढेर चेतना इन्द्रियबाट बाहिर निस्कन्छ । त्यसैले वृत्तिको द्वार नै अवरुद्ध भयो भने चेतना कहीं भाग्न सक्दैन । इन्द्रियहरूको द्वार स्वचालित भएकाले त्यो तबसम्म खुल्ला हुन्छ, जबसम्म चेतनाले भित्रबाट धक्का दिइरहन्छ र जब भित्रको चेतनाले धक्का दिँदैन, त्यसपछि इन्द्रियको द्वार आफैं बन्द हुन्छ । आँखा सूक्ष्म इन्द्रिय हो । जबसम्म चेतना जाग्न चाहन्छ,

तबसम्म आँखाको परेला खुल्ला हुन्छ र जब चेतना विश्राम गर्न चाहन्छ, तब आँखाको परेला बन्द हुन्छ । जुन आँखाका सम्बन्धमा हुन्छ त्यही सबै इन्द्रियका सम्बन्धमा पनि हुन्छ । चेतनाले धक्का नदिँदासम्म त्यो द्वार बन्द हुन्छ ।

श्रीकृष्ण बलपूर्वक इन्द्रियलाई दमन गर्ने कुरा गर्नुहुन्न किनभने जबर्जस्ती दमन गर्दा इन्द्रिय झन् शक्तिशाली हुन्छ । कृष्णको आशय भित्रको वृत्तिलाई विसर्जन गरेर कुनै विषयले आकर्षित गर्दा पनि ध्यान विषयमा नराखी वृत्तिमा राख्नु भन्ने हो । हामी बाटामा हिँड्दा देखिएको सुन्दर अनुहारमा ध्यान केन्द्रित नभई चेतनावृत्तिमा केन्द्रित भयो भने इन्द्रियको द्वार स्वतः बन्द हुन्छ । ध्यान भित्र जाँदा चेतना पनि भित्र जान्छ किनभने जहाँ ध्यान बग्छ, त्यहाँ चेतना पनि बग्छ । जब ऊर्जा इन्द्रियबाट फिर्ता आई वर्तुल बनाउँछ, तब व्यक्ति अनन्त गुणा धनी र संयममा प्राप्त हुन्छ । संयमको अर्थ स्वयम्‌को ऊर्जाले बनेको वर्तुल हो । जब ऊर्जा वर्तुलमा घुम्न थाल्छ, तब उसलाई बाहिर जाने स्थिति नै हुँदैन । जब वर्तुल बलियो हुन्छ, तब ऊर्जा माथि उठ्न थाल्छ अनि बिस्तारै मन्दिरको शिखरमा पुगिन्छ । मन्दिरको गुम्बज ऊर्जाको उद्‌गमको प्रतीकको रूपमा बनाइएको हो । कृष्णका लागि ऊर्जा स्वयम्‌मा स्थिर हुनु नै संयम हो । जब विषयले आकर्षित गर्छ, तब विषयमा ध्यान नदिई स्वयम्‌को चेतनामा ध्यान दिइयो भने त्यसै क्षण बाहिर गइरहेको कुनै कुरा भित्र आउन थाल्छ र एउटा अनौठो अनुभव हुन्छ; आफूभित्रबाट बाहिर गएको शक्ति फिर्ता भएको अनुभव हुन्छ र फिर्ता भएको ऊर्जाको अपूर्व साक्षात्कार हुन्छ । यो संयममा उपलब्ध भएर भावलाई हृदयमा स्थिर गर्न सक्नेले नै प्राण मस्तिष्कमा स्थिर गर्न सक्छ ।

भावको अर्थ संवेदना (Feeling) हो । जब कोही संयमित हुन्छ तब आफूभित्रको अनुभव गर्ने क्षमतालाई हृदयमा स्थिर गर्न सक्छ । हाम्रो शरीरभित्र प्रत्येक अनुभूतिका लागि अलग-अलग केन्द्र र चक्र हुन्छन् । जब कुनै एक चक्रको ऊर्जा अर्को चक्रमा प्रवेश गर्छ, तब विक्षिप्तताको अनुभव हुन्छ । कामवासनाको आफ्नै केन्द्र छ तर त्यसलाई जब हामी कामवासनाको केन्द्रबाट हटाएर मस्तिष्कले सोच्न थाल्छौँ, तब व्यक्ति कामवासनाबाट विक्षिप्त हुन थाल्छ । उसको कामकेन्द्रको सम्भावना मस्तिष्कमा केन्द्रित हुने भएकाले यस्तो व्यक्ति कामको विचार गर्दा ज्यादै शक्तिशाली लाग्छ तर शक्ति प्रदर्शन गर्ने बेलामा शक्तिहीन हुन्छ । हाम्रा सारा चक्रहरू एक अर्कामा प्रवेश गरेका हुनाले अलमलमा हुन्छन् । एउटाको काम अर्काले र अर्काको काम कुनै अर्काले गर्ने हुँदा यी चक्रहरूले एक-अर्कालाई सुन्दैनन् । हामी मस्तिष्कबाट भावना गर्ने प्रयास गर्छौं जो सम्भव हुँदैन ।

हृदयले विचार गर्न सक्दैन । जो जुन चक्रको काम हो त्यही चक्रबाट काम भएमा व्यक्तित्व सन्तुलित हुन्छ । जब ऊर्जा संयममा प्राप्त हुन्छ, तब प्रत्येक चक्रले आफ्नो काम मात्र गर्छन् । श्रीकृष्ण भन्नुहुन्छ- जब कुनै व्यक्ति संयममा प्राप्त हुन्छ र भाव हृदयमा स्थित हुन्छ, त्यस्तो अवस्थामा मन हृदयमा र प्राण मस्तिष्कमा थामिएर स्थित रहन्छ । प्राण ऊर्जा त्यो हो जसको सहारामा हामी बाँच्छौँ र जब यो शरीर छुट्छ तब शरीरबाट केवल प्राण जान्छ अन्य केही जाँदैन । यदि त्यो प्राणलाई मस्तिष्कमा स्थापित गर्न सकियो भने परमगतिमा प्राप्त भइन्छ । यदि मस्तिष्कमा स्थापित गर्न सकिएन भने प्राण जुन केन्द्रमा स्थापित हुन्छ व्यक्ति त्यही गतिमा प्राप्त हुन्छ । जसका अगाडि कुनै गति हुँदैन त्यसलाई श्रीकृष्ण परमगति भन्नुहुन्छ । परमगति अन्तिम गति हो; त्यसैले मोक्ष, ब्रह्म उपलब्धि वा निर्वाण नै परमगति हो ।

यदि भृकुटीको मध्यमा प्राण स्थित रहन सक्यो भने परमगति प्राप्त हुन्छ । प्राण जुन गतिमा हुन्छ, त्यसबाट मनुष्य कुन गतिमा जानेवाला छ भन्ने थाहा हुन्छ । प्रत्येक व्यक्तिको प्राण शरीरका विभिन्न विन्दुहरूबाट बाहिर निस्किन्छ । जसको प्राण भ्रूमध्यमा जम्मा हुन्छ उसको प्राण सहस्राधार चक्रबाट बाहिर निस्किन्छ । आज्ञाचक्रमा जसको प्राण स्थापित हुन्छ उसको प्राण अन्तिम सातौं चक्रलाई फोडेर निस्किन्छ। त्यसैले परमज्ञानीहरूको शिरको माथिल्लो भाग प्रायः फुटेको हुन्छ र यो परमगतिमा प्राप्त भएको सङ्केत हो । यो प्राण हाम्रो जीवन ऊर्जा (Life Energy) हो । यदि भ्रूमध्यसम्म प्राण ऊर्जा नपुगी अन्य चक्रबाट

प्राण बिदा भयो भने पुनर्जन्म लिनुपर्छ र जुन चक्रबाट प्राण छुट्छ सोही अनुसारको जीवन प्राप्त हुन्छ । तल्लो चक्रबाट प्राण छुट्यो भने हाम्रो जीवन तल्लो गतिमा सुरु हुन्छ भन्ने सङ्केत हो र त्यसो हुँदा हामी निम्न शरीर र मन लिएर जन्मिने छौं । धेरै व्यक्तिहरूको प्राण कामकेन्द्रबाट पनि छुट्छ जसको अर्थ त्यस्तो व्यक्ति कामवासनाले भरिएर पुनः नयाँ जन्ममा प्रवेश गर्छ भन्ने हो । ठिकसँग बाँच्नु मात्र होइन ठिकसँग मर्नु पनि कला हो । जो ठिकसँग बाँच्छन् उनीहरू नै ठिकसँग मर्दछन् । त्यसैले ठिकसँग बाँच्नु ठिकसँग मर्ने कलाको प्राथमिक चरण हो। तसर्थ श्रीकृष्ण ठिकसँग मर्ने कलाका बारेमा बताउँदै हुनुहुन्छ । भ्रूमध्यमा प्राण अड्याएर ध्यान विधिको उपयोग गर्दै ब्रह्मको उच्चारणका साथ परमात्मालाई चिन्तन गर्दै जसले शरीर त्याग्छ त्यसलाई परमगति प्राप्त हुन्छ ।

ॐ अक्षर वा ब्रह्मको उच्चारण गर्ने प्रसङ्गमा पनि भ्रम सिर्जना भएको छ । हामी ॐ को उच्चारण गर्न सक्छौं र जुन उच्चारण चेष्टाले हुन्छ त्यो हृदयसम्म पुग्दैन किनभने चेष्टा कण्ठभन्दा तल उत्रिँदैन । ओठबाट पैदा हुने ओठसम्म र कण्ठबाट पैदा हुने कण्ठसम्म मात्र रहन्छ । त्यसैले यसप्रकारको उच्चारणलाई आहतनाद भनिन्छ । आहतनाद दुई कुराको बिचको सङ्घर्षबाट उत्पन्न हुन्छ। ओठ ओठसँग भिड्दा आवाज उत्पन्न हुन्छ । जिब्रो तालुसँग घर्षण हुँदा उच्चारण उत्पन्न हुन्छ । यो आहतनाद हो जुन दुई कुराको घर्षणबाट पैदा हुन्छ, त्यही ध्वनि हो । श्रीकृष्ण अनाहत नादका बारेमा भन्नुहुन्छ- जुन विना कुनै घर्षण पैदा भएको नाद हो तर हामी यस्तो नादलाई जान्दैनौं । यस जगत्मा जति पनि नाद छन् ती आहत नाद हुन् तर अर्को एउटा नाद पनि छ त्यो अनाहत नाद हो। त्यो अनाहत नाद ॐ हो । त्यो तब पैदा हुन्छ, जब भित्र सबै सङ्घर्ष बन्द हुन्छ । जबसम्म भित्र सङ्घर्ष हुन्छ, तबसम्म त्यो आहतनाद नै हुन्छ । वास्तवमा ॐ आफैं उच्चारित हुन्छ । हाम्रो प्राणबाट त्यो नाद गुञ्जिन थाल्छ र हामी त्यसका साक्षी मात्र हुन्छौं । यो ध्वनि कसैसँग पनि घर्षण वा सङ्घर्ष नगरी पैदा हुने हुँदा यसलाई अनाहत नाद भनिएको हो । यो अस्तित्वको ध्वनि हो । भित्रको गुञ्जन ॐ लाई अनेकौं व्यक्तिहरूले अनेक रूपमा सम्झेका छन् । हिन्दूहरूले ॐ रूपमा, हिब्रु, यहुदी, सुफी मुसलमानले त्यही ध्वनिलाई ‘आमिन’ भनेर सम्झना गर्छन् । पृथ्वीमा अहिले दुई शब्द ॐ र आमिन मात्र छन् । आधाले आमिन र आधाले ॐ को स्मरण गर्दछन् । यी दुवै भित्रको ध्वनिका प्रतिध्वनि हुन् ।

श्रीकृष्ण भन्नुहुन्छ- यो ध्वनिको उच्चारण गर्दै जो पुरुष मेरो चिन्तनमा रमाउँदै शरीरलाई त्याग्छ त्यो परमगतिमा प्राप्त हुन्छ तर हामीहरू त शरीरलाई यति जोडसँग समात्छौं कि प्राण जाओस् तर हामी शरीर छोड्न चाहँदैनौं । हामी भोग गर्न पनि सक्दैनौं र त्याग गर्न पनि सक्दैनौं । भोगको समयमा बन्दोवस्त गर्न यति व्यस्त हुन्छौं कि समय व्यतीत भएको पनि थाहा हुँदैन, अन्त्यमा छोड्न पनि चाहँदैनौं । शरीरबाट केही पनि पाइँदैन भन्ने प्रतीति जसलाई हुन्छ उसलाई तत्क्षण शरीर छोड्न कुनै कठिनाइ हुँदैन किनभने शरीरमा समात्न योग्य केही पनि हुँदैन । गतिको अर्थ परिवर्तन (Movement) हो र परमगति आखिरी गति हो । श्रीकृष्ण भन्नुहुन्छ- जो पुरुष ‘म’ मा अनन्य चित्त भएर मलाई सदैव स्मरण गर्दछ र त्यो निरन्तर ‘म’मा नै युक्त भएको योगीका लागि ‘म’ सुलभ छु । यदि हामी अल्झिएका छौं भने परमात्मा दुर्लभ छ र भ्रममा छैनौं भने परमात्मा अति सुलभ छ । सबै कुरा हामीमा निर्भर हुन्छ । ऊर्जा फिर्ता भएको संयमी जो ध्यानमा उपलब्ध भई प्राणलाई भ्रू-मध्यमा स्थापित गरेर ‘मेरो’ स्मरण गर्छ र निरन्तर ‘म’मा युक्त छ यस्तो योगी परमात्मामा प्राप्त हुन्छ ।

*मामुपेत्य पुनर्जन्म दुःखालयमशाश्वतम् ।*
*नाप्नुवन्ति महात्मानः संसिद्धिं परमां गताः ॥१५॥*

**जुन महापुरुषहरूले मलाई प्राप्त गरेका छन् तिनीहरू दुखपूर्ण यो नाशवान् जगत्मा कहिल्यै फर्केर आउँदैनन् किनभने तिनीहरूले परमसिद्धि प्राप्त गरिसकेका छन् ॥**

*आब्रह्मभुवनाल्लोकाः पुनरावर्तिनोऽर्जुन ।*
*मामुपेत्य तु कौन्तेय पुनर्जन्म न विद्यते ॥१६॥*

**हे कुन्तीपुत्र अर्जुन ! यस लोकदेखि ब्रह्मलोकसम्मका सम्पूर्ण लोकहरूको पुनरागमन हुन्छ, ती सबै जन्म र मृत्युको चक्रमा पर्दछन् तर जो 'म'मा प्राप्त भइसकेका छन् तिनीहरूले जन्मनु र मर्नु पर्दैन ॥**

*सहस्रयुगपर्यन्तमहर्यद्ब्रह्मणो विदुः ।*
*रात्रिं युगसहस्रान्तां तेऽहोरात्रविदो जनाः ॥१७॥*

**जुन मानिसहरू एक हजार युग अवधिलाई ब्रह्माजीको एक दिन र त्यति नै अर्थात् एक हजार युगको समयलाई उहाँको एक रात्रि हुन्छ भनेर जान्दछन्, निश्चय नै तिनीहरू ब्रह्माको दिन र रातलाई अर्थात् कालको तत्त्वलाई जान्दछन् ॥**

पश्चिमका मनीषीहरूभन्दा पूर्वका मनीषीहरूले दुखका भिन्न कारणहरूको निरूपण गरेका छन् । यो भेद धर्म र विज्ञानका कारणले हुन सक्छ वा भित्री अनुभवको दृष्टिको अन्तर पनि हुन सक्छ । पश्चिमले सदा दुखको कारण परिस्थितिलाई मानेको छ । यदि हामीले परिस्थितिमा सुधार ल्यायौं भने दुख नष्ट हुन्छ भन्ने उनीहरूको ठम्याइ छ । बाहिरको परिस्थिति भित्रको चेतनाअनुकूल नभएको हुनाले दुख छ । त्यसैले पश्चिमका मनीषीहरू दुई हजार वर्षदेखि विज्ञानको सतत साधनाबाट बाहिरको परिस्थिति बदल्ने चेष्टा गरिरहेका छन् । अहिले आएर उनीहरूमा नसोचेको कुरा हुन थालेको छ । परिस्थिति बदलिएपछि झन् ठुलो दुख मानवमाथि पर्छ भन्ने कुरा उनीहरूले सोचेका पनि थिएनन् । पश्चिमले सर्वाधिक समृद्धि, यन्त्रकौशल, वैज्ञानिक प्रगति र बाहिरको स्थितिलाई मनुष्यको अनुकूल रूपान्तरण गर्नमा सफलता पाएको छ, जुन सफलता कुनै पनि समाजले प्राप्त गर्न सकेको थिएन । तर आज त्यो सफलताको शिखरमा रहेका पश्चिमी मुलुकहरू दुखको महान् गर्तमा डुबेका छन् । यस्तो दुख दीनहीन, गरिबहरूलाई परेको पनि पाइँदैन । त्यसैले पश्चिमको तर्क नराम्रोसँग पराजित भएको छ । पूर्वीय मनीषीहरूको धारणा बेग्लै छ । उनीहरूको सोच के छ भने परिस्थितिमा होइन मनस्थिति अर्थात् इन्द्रियसँग एकात्मता हुनाले मानव चेतनामा नै दुख छ । त्यसैले यसमा परिवर्तन ल्याउन सकियो भने दुखबाट छुटकारा पाउन सकिन्छ, अन्यथा दुख पैदा गर्ने चेतनाले जतिसुकै गरे पनि पुनः दुखलाई नै आत्मसात् गर्न पुग्छ र हरेक स्थितिमा दुख पैदा भइरहन्छ ।

यसै सन्दर्भमा श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- परम सिद्धि गरेका महात्माजनहरू मलाई प्राप्त गरेर दुखको सागररूप पुनर्जन्मबाट मुक्त हुन्छन् अर्थात् उनीहरूले दुखले लेपन गरिएको क्षणभङ्गुर जीवन प्राप्त गर्नुपर्दैन । दुखको घर पुनर्जन्म हो र पुनर्जन्मको प्रारम्भ जीवनको आकाङ्क्षा अर्थात् बाँच्ने आकाङ्क्षा जिजीविषा (Lust for Life) हो । एउटा वासना पूरा हुन नपाउँदै अन्य दश वासनाको जन्म हुन्छ । कुनै पनि वासना पूरा गर्नका लागि पूरा जीवन एवम् समय चाहिन्छ अन्यथा पूरा हुँदैन । त्यसैले वासनाका लागि भविष्य चाहिन्छ । कतिपय वासना पूरा गर्नका लागि हामीलाई एक जीवन पर्याप्त नभएर दशौँ जीवन चाहिन सक्छ र अन्त्यमा हामी वासना पूरा गर्ने प्रयास असफल भएको पाउँछौँ । तर यस्तो हुँदा हुँदै पनि मृत्युको क्षणमा हामी वासना पैदा गर्न छाड्दैनौँ । जन्मको समयमा भन्दा मृत्युको समयमा वासना अरू बढी हुन्छ किनभने एउटा वासना पनि पूरा हुँदैन । त्यसैले अरू जन्महरूको आकाङ्क्षा पैदा हुन्छ । वासना पूर्ति गर्नका लागि थप जीवन चाहिन्छ, त्यसैले पुनर्जन्म हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- पुनर्जन्म नै दुखको घर हो । वासना पूरा गर्ने समयको माग र जीवनको आकाङ्क्षाका कारण पुनर्जन्म हुन्छ । त्यसैले पुनर्जन्मको कारण वासना र तृष्णा हो । वासना नभए भोलिको कुनै आवश्यकता हुँदैन ।

एकपटक जिससलाई कसैले सोधे- हजुरको प्रभुको राज्यमा के हुन्छ ? उहाँले भन्नुभयो- त्यहाँ समय हुँदैन (There shall be time no longer) । समय हुँदैन भन्नुको आशय त्यहाँ कुनै पनि वासना

हुँदैन जसका लागि समय चाहिन्छ भन्ने हो । समय नभएमा पुनर्जन्म हुँदैन । त्यहाँ भोलि हुँदैन केवल आज मात्र हुन्छ । अझ भनूँ भने अहिले मात्र हुन्छ तर यो क्षण अनन्त हुन्छ । महावीरलाई कुनै शिष्यले सोध्छन्- जब समाधि प्राप्त हुन्छ, तब हामीबाट के समाप्त हुन्छ ? उहाँको जवाफ थियो 'समय' । जसभित्र समाधि फलित हुन्छ त्यस व्यक्तिमा वासनाको दौड रहँदैन र दौडका लागि चाहिने समय पनि नचाहिने हुन्छ । जहाँ जुन परिस्थितिमा समाधि घटित भए पनि समाधि समयातीत हुन्छ । यो समाधिस्थ व्यक्तिहरूको अनुभव हो ।

पुनर्जन्म हाम्रो माग हो किनभने हामीमा धेरै मागहरू अधुरा रहेका छन्, जसलाई पूरा गर्नु छ । बुद्ध भन्नुहुन्छ- कामना कहिल्यै पूरा गर्न सकिन्न । कामना यस्तो भाँडो हो जुन दुवैतिर खुलेको ढुङ्ग्रो जस्तो हुन्छ । कामना पूरा गर्ने हाम्रो प्रयास व्यर्थ हुनुको कारण यही हो । जति राखे पनि त्यो भाँडो कहिल्यै भरिन्न सबै चुहिएर जान्छ । मृत्युको क्षणमा जो वासनारहित भएर मर्छ उसको पुनर्जन्म हुँदैन किनभने उसका माग नै समाप्त हुन्छन् । समयको माग बन्द भएमा पुनर्जन्म हुँदैन । जसको वासना हुँदैन, उसका लागि त समय नै समय हुन्छ तर वासना हुने व्यक्तिका लागि समय कम हुन्छ । परमात्माको विस्तार अनन्त छ र हामी जति माग्छौं त्यति नै समय प्राप्त हुन्छ । श्रीकृष्ण पुनर्जन्ममा दुख हुन्छ भन्नुहुन्छ । दुख यसकारण छ कि हामी जे पाउन चाहन्छौँ, त्यो पाइँदैन तर परिश्रम पूरा हुने भएकोले दुख मात्र प्राप्त हुन्छ । दुखको एउटै अर्थ हो जे म पाउन चाहन्थेँ, त्यो पाइनँ र जे म पाउन चाहन्नथेँ, त्यो पाएँ । बुद्ध भन्नुहुन्छ- दुखको अर्थ जुन चिज हामी खोज्छौँ, त्यो पाउन सकेनौँ र जसलाई बचाउन खोज्छौँ, त्यो पनि सम्भव भएन । जसका लागि यत्रो प्रयास गरेका थियौं त्यो पनि प्राप्त भएन र जे हामीसँग सदैव छ भन्ने ठानेका थियौं त्यो पनि हामीबाट हरायो ।

मृत्युमा यही दुख गहन हुन्छ । दुख बहुआयामी हुन्छ । वासना पूरा हुँदैन र वासना पुरा गर्न अझ समय चाहिन्छ । जे हामी पाउन चाहन्छौँ, त्यो पाइँदैन र जे पाउने इच्छा गरेका थिएनौँ, त्योचाहिँ अनावश्यक रूपमा प्राप्त हुन्छ । अर्को प्राप्त हुँदा पनि भित्र शान्ति, विश्राम, आनन्दको सानो किरण पनि अङ्कुरित हुँदैन र सदा आनन्द भोलि पाइने छ जस्तो लागिरहन्छ । आज यति दुखपूर्ण छ कि भोलिको आशामा नै हामी त्यसलाई भुल्न सक्छौँ । हरेक जन्ममा हामी अर्को जन्ममा त सुख पक्कै पाइन्छ भनेर सोच्छौँ र जो व्यक्ति आजलाई भोलिमा टालिरहेको हुन्छ ऊ पुनर्जन्मको तयारी गर्दै हुन्छ । अर्को जन्ममा हामी त्यही पुनरूक्ति मात्र गर्छौं । नयाँ जन्मले हामीलाई किन दुख दिन्छ भन्ने प्रसङ्गमा श्रीकृष्ण भन्नुहुन्छ- जीवन क्षणभङ्गुर हुनु नै यसको मुख्य कारण हो । यस जीवनमा हामी जे पाउँछौँ, त्यो केही क्षण मात्र हातमा हुन्छ । पूरा जीवन इन्द्रधनुषको खोज हो । यस जगत्मा सबै कुरा नाशवान् छ । हामी जब केही पाउने प्रयास गर्छौं, त्यो क्षणसम्म त्यो गायब भइसक्छ । त्यसैले दुख, विषाद र असफलता मात्र हात लाग्छ । प्रतिपल मानव शरीर नदीजस्तै बगिरहेको छ । जो कहिल्यै बग्दैन त्यसका बारेमा हामीलाई थाहा नै छैन । क्षणभङ्गुरता अस्तित्वको स्वभाव हो र यहाँ केही पनि स्थिर छैन । हामी यसलाई स्थायी घर बनाउन चाहन्छौँ; त्यसैले यो दुखको घर बन्छ । हाम्रो दुखको प्रमुख कारण जो स्थिर छैन हामी त्यसलाई नै स्थिर बनाउन चाहन्छौँ तर जसले क्षणलाई क्षण भनेर जान्दछ उसभित्र विपरीतको आकाङ्क्षा नरहने भएकाले दुखको कारण नै समाप्त हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- परम सिद्धि प्राप्त गरेका महात्माजनहरू मलाई प्राप्त गरेर पुनर्जन्ममा उपलब्ध हुँदैनन् । जसले प्रभुलाई शाश्वत, नित्य एवम् अविनाशी रूपमा जान्दछ, ऊ क्षणभङ्गुरको कामना गर्दैन । मलाई प्राप्त गर्नासाथ ती महात्माजन क्षणभङ्गुर वासनाको वास्ता गर्दैनन् । जहाँ वासना हुँदैन त्यहाँ पुनर्जन्म हुँदैन । उहाँ भन्नुहुन्छ- ब्रह्मलोकदेखिका सबै लोकमा पुनरावृत्तिवाला मात्र छन् । सबै वासनाहरू पुनरावृत्त हुन्छन् । हामी नयाँ वासना होइन, एउटै वासनालाई हजारौँ पटक दोहोर्‍याइरहेका हुन्छौँ । हरेकपटक केही पाइएन भन्छौँ तथापि तत्काल दोहोर्‍याउन थाल्छौँ । कतिपटक क्रोध गर्‍यौँ र कतिपटक

क्रोध गरेर पश्चात्ताप गऱ्यौँ तर यो पश्चात्ताप भने क्रोध पुनः आउनमा बाधक बन्दैन । हामी क्रोध बारम्बार गर्छौं किनभने वासनाको स्वभाव नै पुनरावृत्ति हो ।

महावीरसमक्ष एक जना व्यक्ति साधना सिक्न आउँदा उहाँले 'म' तिमीलाई साधनामा उतार्न भन्दा पहिला तिम्रो अघिल्लो जन्मको सम्झनामा उतार्न चाहन्छु भन्नुभयो, कारण अघिल्लो जन्मका वासनाहरू नदेखीकन साधनामा उत्रिनु व्यर्थ हुन्छ । उहाँ हरेक साधकलाई अघिल्लो जन्मका कुराहरू देखाउनुहुन्थ्यो र त्यो अघिल्लो जन्म हेर्दाहेर्दै त्यो व्यक्ति रूपान्तरित भएर भन्थ्यो- अब केही छोड्नुछैन किनभने सबै मैले अनेक पटक गरिसकेको छु र फेरि पनि त्यही माग गर्दै छु । तसर्थ कैयौँ पटक त्यही गरेर पनि जब मैले पाइनँ भने अब पनि गरेर पाउन सक्दिनँ । त्यसैले अब मेरो हृदय खाली भएकाले अब म ध्यानका लागि तत्पर छु । महावीरले हरेक साधकलाई पहिले पूर्वजन्मको स्मरण अनि ध्यानको व्यवस्थालाई अनिवार्य गर्नुभएको थियो । यस संसारमा उहाँको सबैभन्दा ठुलो देन अहिंसाको साथै पूर्वजन्मको स्मरण (Remembering the past life) हो । एकपटक अघिल्लो जन्मको स्मरण भयो भने स्वयम् नै त्यही गल्ती पुनः दोहोऱ्याउन कसैले पनि चाहदैन ।

संसार एउटा चक्र हो र यो कहिले माथि र कहिले तल घुमिरहन्छ । त्यही वासना, क्रोध, कामना बारम्बार चक्रजस्तै घुमिरहन्छन् र त्यही वृत्ति बारम्बार दोहोरिरहन्छ । संसार शब्दको अर्थ नै चक्र हो । यस संसारमा केही पनि नयाँ छैन किनभने यसको पूरा व्यवस्था नै पुनरुक्तिमय छ तर हरेकपटक नयाँ जस्तो लाग्छ । श्रीकृष्ण भन्नुहुन्छ- ब्रह्मलोकदेखि सबै लोकहरूमा पुनरुक्ति मात्र हुन्छ । जहाँसम्म लोक छ त्यहाँसम्म पुनरावृत्ति नै हुन्छ । पुनरावृत्ति बन्द हुने स्थानलाई ज्ञानीहरूले अलोक भनेका छन् । त्यो अलोकमा प्रवेश गर्नु, परमात्मामा प्रवेश गर्नु हो जहाँ कुनै पुनरावृत्ति हुँदैन । त्यहाँ सबै कुरा नयाँ छ भने यहाँ सबै पुराना छन् । यो निर्दोष कुमारीपनको प्रतीति आनन्द हो र पुरानो पुनरावृत्तिको प्रतीति दुख हो । परन्तु हे कुन्तीपुत्र ! मलाई प्राप्त गरेपछि पुनर्जन्म हुँदैन । परमात्मालाई पाएपछि पाउनका लागि केही बाँकी रहन्न । हे अर्जुन ! ब्रह्माको एक दिन हजार युगको अवधि हो र एक रात्रि पनि हजार युगको अवधि हो भनेर जुन पुरुष तत्त्वपूर्वक जान्दछन् उनीहरू कालको तत्त्व पनि जान्दछ र त्यही नै यथार्थमा जान्नेवाला हो । समय कालको रहस्य अलग हुन्छ । कहिलेकाहीँ निद्राको एक झप्की अर्थात् एक मिनेट पनि पूरा नहुँदा छोरा जन्मिएर युवा भएर विवाहको जन्ती जाँदा बजेको बाजाको ध्वनिले निद्रा टुट्दछ । एक मिनेटमा चालिस पचास वर्षको विस्तार देखिन्छ । बाहिरको एक मिनेट सपनाका लागि चालिस वर्ष हुन सक्छ ।

आइन्स्टाइन भन्छन्- संसारमा समयलगायत सबै कुरा सापेक्ष छ । आम व्यक्तिलाई बुझाउनका लागि आइन्स्टाइन भन्छन्- यदि तिमी एउटा तातो चुह्लोमा बस्यौ भने एक क्षण पनि घण्टौँ जस्तो लामो लाग्छ र यदि तिम्रा धेरै दिनपछि भेटिएका आफन्तजनलाई तिमीले भेट्यौँ र उसको हात समातेर बस्यौ भने घण्टा पनि क्षणभर जस्तो लाग्छ । समयको प्रतीति चित्तमा निर्भर हुन्छ । चित्तअनुसार समय लामो र छोटो महसुस हुन्छ । जुन शक्तिको हातमा सृष्टि र प्रलयबिचको नियन्त्रण छ, त्यो परमब्रह्मका लागि सृष्टि र प्रलय दिन र रातजस्तै हुन्छ । पश्चिममा इसाइयतले मनुष्य जन्मलाई एक जन्मको मानेको हुनाले एक जन्ममै इच्छा आकाङ्क्षा पूरा गर्ने दौड हुन्छ । त्यहाँ विज्ञानको विकास यसकारण नै भएको हो । पूर्वमा पश्चिमको तुलनामा दौडादौड नहुनुको कारण पुनर्जन्मको धारणाले गर्दा हो । यहाँ हामीसँग वासना पूरा गर्ने समय यस जन्ममा पूरा नभए अर्को जन्म पनि उपलब्ध छ । त्यसैले पूर्वमा समयप्रतिको सजगता पटक्कै छैन तर पश्चिम समयप्रति पूरा सचेत छ ।

श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- यदि तिमीले ब्रह्माको हिसाबले सोच्यौ भने उहाँको एक दिन र एक रातमध्ये बिहानमा सृष्टि हुन्छ, साँझमा आधी हुन्छ, रात हुँदा अन्तको करिब हुन्छ र बिहानीपख सबै समाप्त हुन्छ तब प्रलय आउँछ । यो चौबिस घण्टाको खेल हो । सारा जगत्‌को सृष्टि र प्रलय ब्रह्माको

एक चक्रको खेल हो । त्यसैले यो नयाँ होइन, सृष्टि र प्रलय त पुरानै कुरा हो । श्रीकृष्ण भन्नुहुन्छ- जसले समयको यो रहस्यलाई जान्दछ, त्यस्ता तत्त्वविद् योगीजन परमगतिमा प्राप्त हुन्छन् । समयको रहस्यबारे जान्ने चेतनामा नै समयको विस्तार वा सङ्कुचन निर्भर हुन्छ । ब्रह्मको चेतनाका लागि यत्रो विराट् आयोजन सृष्टि र प्रलय केवल एक दिन र रात हो । हाम्रो घडीको एक मिनेटको समयमा कुनै अमिबा वा किरा फट्याङ्ग्राका लागि पूरा जीवन वृत्त हुन्छ । समयको यत्रो विस्तार र सङ्कुचनको चक्रको भित्र हुनु संसार हो र यो समयचक्रको बाहिर हुनु समझदारी र बुद्धिमत्ता हो । जो समयबाट पार हुन्छ ऊ सृष्टि-प्रलय, जन्म-मृत्यु र सुख-दुखबाट पनि पार हुन्छ। समयबाट पार हुने व्यक्ति लोकबाट अलोकमा प्राप्त हुन्छ, जहाँबाट कहिल्यै फिर्ता आउनुपर्दैन। कुनै पुनरागमन नभई परम जीवन, अनन्त र अनादिमा प्रवेश हुन्छ । कालको यो रहस्यलाई जान्नु छ भने ध्यानमा गति आवश्यक हुन्छ किनभने ध्यान कालको ठिक विपरीत हुन्छ र ध्यानमा जति गति हुन्छ उति नै समयबाट बाहिर भइन्छ ।

*अव्यक्ताद्व्यक्तयः सर्वाः प्रभवन्त्यहरागमे ।*
*रात्र्यागमे प्रलीयन्ते तत्रैवाव्यक्तसञ्ज्ञके ॥१८॥*

**ब्रह्माको दिनमा अव्यक्तबाट सबै दृश्यमान जगत् र प्राणी उत्पन्न हुन्छन् र ब्रह्माका रातमा अदृश्यका ती सबै भौतिक जगत् ब्रह्माको सूक्ष्म शरीरमा विलीन हुन्छन् ॥**

*भूतग्रामः स एवायं भूत्वा भूत्वा प्रलीयते ।*
*रात्र्यागमेऽवशः पार्थ प्रभवत्यहरागमे ॥१९॥*

**जब जब ब्रह्माको दिनको शुभारम्भ हुन्छ तब तब जीवहरू बारम्बार प्रकट हुन्छन् । ब्रह्माको रातको आगमनसँगै ती जीवात्माहरू निराश्रय भएर विलीन हुन्छन् ॥**

*परस्तस्मात्तु भावोऽन्योऽव्यक्तोऽव्यक्तात्सनातनः ।*
*यः स सर्वेषु भूतेषु नश्यत्सु न विनश्यति ॥२०॥*

**यो अव्यक्तभन्दा पनि अर्को अत्यन्त श्रेष्ठ सनातन अव्यक्त छ जो शाश्वत र दिव्य छ । संसारका सबै वस्तु वा प्राणी नष्ट हुँदा पनि त्यो पराशक्ति वा ईश्वर जो छ त्यो नाश हुँदैन ॥**

कालको तत्त्व जान्नेले नै अस्तित्व कस्तो हुन्छ, कसरी जन्मिन्छ र कसरी लीन हुन्छ भन्ने कुरा जान्न सक्छ । समयभित्र जे पनि प्रकट हुन्छन् ती सबै सपना जस्तै हुन् । दर्पणमा आफ्नो तस्बिर हेर्नु पनि स्वप्न जस्तै हो किनभने त्यहाँ तस्बिर देखिन्छ, स्वयम् देखिँदैन । त्यस्तै पूर्णिमाको चन्द्रमा पोखरीमा हेर्दा पनि चित्र त देखिन्छ तर चन्द्रमा त्यहाँ हुँदैन । यसर्थ समयको भित्र पनि प्रतिफलन मात्र हुन्छ । समयमा देखिने कुरा स्वप्न जस्तो हो र माया भनेको पनि त्यही हो तर जबसम्म हामी दर्पणको बाहिर भएको तस्बिरबारे जान्दैनौँ, तबसम्म समयको भित्र देखिएका चिज माया हुन् भन्ने बोध हुँदैन । समयको पोखरीमा जे देखिन्छ त्यो माया हो र त्यो नै संसार हो । हामी समयभन्दा बाहिर केही देख्न सक्दैनौँ र समयको माध्यमबाट जे झल्किन्छ त्यही मात्र देख्दछौँ । समयको तत्त्वलाई बुझ्नेले यो जगत् एउटा माया, प्रतिविम्ब वा सपना हो भन्ने जान्दछ । जो समयबाट मुक्त हुन्छ तत्क्षण ऊ जगत्बाट पनि मुक्त हुन्छ । यसलाई अझ सूक्ष्म रूपमा भन्ने हो भने समय नै संसार हो । हामी सबै कामनाको अधीनमा कम वा बेसी समयका सीमाभित्र हुन्छौँ। जति हाम्रो कामना एवम् वासना तीव्र हुन्छ त्यति नै समयभित्र हाम्रो तीव्र प्रवेश हुन्छ र वासना जति क्षीण हुन्छ हामी त्यति नै समयभन्दा बाहिर हुन्छौँ । वासनाबाट पार हुनुपर्छ भन्ने बोध समयका बारेमा जानकार व्यक्तिमा मात्र हुन्छ ।

जुन व्यक्ति समयमा नभएर क्षणमा बाँच्न जान्दछ, उससँग एक क्षणभन्दा ज्यादा हुँदैन र एक क्षण समाप्त भएपछि मात्र दोस्रो क्षण आउँछ । यदि कोही एक क्षण बाँचेर अर्को क्षणको इच्छा, वासना नगर्ने हो भने यस्तो व्यक्ति वासनाबाट पार हुन्छ किनभने वासना यस क्षणमा हुन सक्दैन । यस क्षणमा त केवल

प्रार्थना मात्र हुन सक्छ । त्यस्तै यो क्षणमा तृष्णा पनि हुन सक्दैन किनभने तृष्णाको लागि एक क्षणभन्दा धेरै समय चाहिन्छ । यदि अतीत र भविष्य विना यही क्षणमा मात्र बाँच्ने हो भने समय र वासना दुवै समाप्त हुन्छन् । त्यसैले ज्ञानी क्षणमा बाँच्दछ र जब यहीँ र अहिले बाँच्न थाल्छ ऊ समयभन्दा बाहिर हुन्छ। समयको आखिरी टुक्रालाई क्षण भनिन्छ अर्थात् त्यो समयको परमाणु हो । त्यसैले जुन मानिस समयमा रोकिन्छ ऊ समयभन्दा बाहिर हुन्छ । जस्तो परमाणुमा प्रवेश गर्दा पदार्थको बाहिर हुन्छ त्यस्तै जो समयको परमाणुमा रोकिन्छ ऊ समयभन्दा बाहिर हुन्छ । विज्ञानले जगत्मा खोज गरेर परमाणु प्राप्त गऱ्यो र त्यसबाट अपदार्थमा वा अव्यक्तमा प्रवेश गऱ्यो । यस्तै धर्मले समयको खोज गरेर समयको आखिरी टुक्रा क्षण (Time atom) पायो र जब क्षणमा प्रवेश गऱ्यो तब समय हराउने सत्य प्राप्त गऱ्यो र त्यही शाश्वत र सनातनलाई धर्मले जान्यो ।

श्रीकृष्ण भन्नुहुन्छ- जो समयरूपि काल तत्त्वलाई, क्षणको द्वारलाई र समयभन्दा बाहिर हुने कलालाई जान्दछ त्यसले सम्पूर्ण दृश्य प्राणीजगत्का साथै ब्रह्माको दिनको प्रवेश कालमा अव्यक्तबाट उत्पन्न हुने र ब्रह्माको रात्रिकालमा त्यही अव्यक्तमा नै लीन हुने तत्त्वका बारेमा समेत जान्दछ । श्रीकृष्ण भन्नुहुन्छ- समयको ज्ञाताले जगत्को उत्पत्ति र लय कहाँबाट हुन्छ भन्ने सत्यका बारेमा पनि राम्ररी जान्दछ । ब्राह्ममुहूर्तमा नै यो जगत्को प्रारम्भ हुन्छ । समस्त दृश्य, प्राणी, पदार्थ आदि ब्रह्माको प्रवेशकालमा अर्थात् ब्रह्माको प्रथम शुभमुहूर्त क्षणमा प्रारम्भ हुन्छन् र त्यस बेला जगत् र जीवन सुरु हुन्छ । पदार्थ अभिभूत भएर व्यक्त हुन्छ र लीला सुरु हुन्छ । बिहान त्यो लीला प्रारम्भ हुन्छ, साँझमा त्यो शिखरमा पुग्छ र रात्रिमा उत्रिन सुरु भएर सबै कुरा ब्रह्ममा नष्ट हुन सुरु हुन्छ । बिहान सुरु हुनुअघि अन्तिम क्षण रात्रिमा सबै कुराहरू नष्ट हुन थाल्छन् अनि जुन जगत् प्रकट भएको थियो त्यो पुनः अप्रकटमा लीन हुन्छ । पुनः बिहान-साँझ-रात्रि लगायतको वृत्ताकार रूपमा प्रकट हुने र नष्ट हुने लीलाको रूपमा ब्रह्माको समय चलिरहन्छ ।

यो सबै व्यक्त अव्यक्तबाट (Unmanifested) उत्पन्न हुन्छ । अव्यक्तको अर्थ जो प्रकट नभएर लुकेको छ त्यसबाट नै सबै प्रकट हुन्छ भन्ने हो । श्रीकृष्ण भन्नुहुन्छ- अव्यक्तबाट व्यक्तको जन्म हुन्छ । ब्राह्ममुहूर्त अर्थात् ब्रह्माको पहिलो क्षणमा व्यक्तको जन्म हुन्छ । जब व्यक्त थाकेर जराजीर्ण एवम् वृद्ध हुन्छ, तब पुनः अव्यक्तमा लीन हुन्छ । हाम्रा शास्त्रहरूले पनि निद्रा अर्ध-मृत्यु हो भनेका छन् । हामी दिनभर काम गरेर रातमा अव्यक्तमा विश्राम गर्छौं र बिहान पुनः ताजा भएर व्यक्त हुन्छौँ । यस्तै ब्रह्माको सृष्टि पनि दिनभर काम गरेर थाक्छ र रात्रिमा विश्राम गर्न सुत्छ अनि मृत्युमा पुग्छ र बिहान ताजा भएर उठ्छ । हाम्रो जीवनको सानो चक्र वा वर्तुल चौबिस घण्टाको भए जस्तै ब्रह्माको विशाल वर्तुल पनि निरन्तर त्यसरी नै घुमिरहन्छ ।

पश्चिममा समयको धारणा एक सरल रेखाका (Liniar) रूपमा छ तर पूर्वमा हामी समयलाई पनि वृत्ताकार रूपमा सोच्छौं । पश्चिम जो एक रेखामा समयलाई मान्छ त्यसैलाई आधार मानेर इतिहास लेखन गर्दछ । पश्चिमले इसाको जन्मलाई प्रारम्भ विन्दु मानेर समयलाई त्यसैका आधारमा मापन गर्न थाल्यो तर हामीसँग यस्तो समय मापन छैन । हामीले इतिहास नभएर पुराण लेख्यौं । पुराणको अर्थ त्यो जो सदा फिर्ता हुन्छ भन्ने हो । राम, कृष्ण, बुद्ध जस्ता महापुरुष कोही न कोही व्यक्तिका रूपमा धर्तीमा अवतरित भइरहन्छन् । क्रिश्चियनहरू जिसस प्रथम ऐतिहासिक पुरुष हुन् भन्ने मान्दछन् । उनीहरू हाम्रा पूर्वीय अद्वितीय महापुरुषहरू राम, कृष्ण, बुद्ध आदिलाई ऐतिहासिक पुरुष मान्दैनन् । हाम्रा परमात्मा ऐतिहासिक होइनन् पौराणिक हुन् र इतिहासभन्दा पौराणिक हुनु धेरै महत्त्वपूर्ण कुरा हो । इतिहास सामान्यतः बितेका मृत घटनाहरूको लेखाजोखा हो र पुराण अन्तरतम सत्यको र परमको लेखाजोखा हो ।

अव्यक्तबाट व्यक्तको जन्म वृत्ताकार भएमा मात्र वाल्मीकि जस्ता ज्ञानी, भविष्यका ज्ञाता हुन सक्नुहुन्छ । उहाँले राम हुनुभन्दा अघि नै रामको चरित्रसहितको रामायण लेख्नुभएको थियो । यो वृत्ताकार

व्यवस्थामा जे प्रारम्भ हुन्छ त्यो समाप्त पनि हुन्छ । पश्चिमलाई केवल सिर्जनाको मात्र जानकारी छ प्रलयको कुनै जानकारी छैन । ईश्वरले जगत् बनायो तर ईश्वरले नै यो सृष्टिलाई नष्ट पनि गर्छ भनेर पश्चिमाहरू सोच्न पनि सक्दैनन् । तर हिन्दूहरूले जो स्रष्टा हो ऊ नै विनाशक पनि हो भन्ने कुरा राम्ररी बुझेका छन् अर्थात् उनीहरू जन्मपछि मृत्यु अवश्यम्भावी हुन्छ भन्ने कुरामा निश्चिन्त छन् । जन्म-मृत्यु, उत्पत्ति-विनाश एउटै सिक्काका दुई पाटा हुन् किनभने सूर्य बिहान उदाउँछ र उही सूर्य साँझमा अस्ताउँछ । जुन सूर्य उदाउँदा बिहान प्रकाशित हुन्छ र त्यही सूर्य अस्ताउँदा अन्धकार हुन्छ किनभने उही सूर्यले दुवै काम गर्छ । त्यस्तै ब्रह्माको उदय क्षणमा सृष्टि हुन्छ र अन्तिम महूर्तमा विनाश हुन्छ अनि पुनः वृत्ताकार रूपमा जन्म-मृत्युको प्रक्रिया अन्तहीन रूपमा चलिरहन्छ । वैज्ञानिक र ज्योतिषका नवीन खोजका कारण जगत् स्थिर नभएको तथ्य पत्ता लाग्यो । जगत् बडो तीव्र गतिमा फैलिरहेको छ । राति देखिएका तारा भोलिपल्ट उही स्थानमा देखिन्नन्, टाढा सरिसकेका हुन्छन् । पश्चिमा वैज्ञानिकहरू र ज्योतिषहरूसँग यो जगत् कहाँ र कतिसम्म फैलिरहन्छ भन्ने जिज्ञासा छ । यसरी नै निरन्तर फैलँदै जाने हो भने अन्तमा विस्फोट हुनैपर्छ किनभने एउटा सीमाभन्दा बाहिर गएपछि कुनै पनि कुरा अन्ततः फुट्नै पर्छ । त्यो फुटाइ वा विस्फोटलाई प्रलय भनिन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- जो अव्यक्तबाट जन्मिन्छ र फैलिन्छ, त्यो ब्रह्माको दिन हो र जब अव्यक्तमा खुम्चिन्छ त्यो ब्रह्माको रात हो । अव्यक्तमा लीन हुने प्रक्रिया प्रलय हो । ब्रह्माको रात्रिप्रवेशकालमा अव्यक्तमा सबै लय हुन्छ । हे अर्जुन ! यो प्राणीसमुदाय उत्पन्न भएर रात्रीको प्रवेश कालमा अव्यक्तमा लय हुन्छन् र दिनको प्रवेशकालमा पुनः अव्यक्तबाट उत्पन्न हुन्छन् । सामान्यतः मानिस मृत्युको क्षणमा वासनाले भरिन्छ र नयाँ जन्ममा त्यही वासना पूरा गर्न पुनः आफ्नो दौड जारी राख्दछ । यसै गरी पूरा ब्रह्माण्डको दौड पनि जारी रहन्छ । श्रीकृष्ण भन्नुहुन्छ- जगत्का समस्त प्राणी वासनाको वशमा आकाङ्क्षाबाट प्रेरित भएर पुनः जन्मिन्छन् र पुनः विलय हुन्छन् । यसरी नै पुनः सृष्टि र प्रलयरूपी खेल अव्यक्तभन्दा पनि अति परसम्म चलिरहन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- तर अर्को विलक्षण सनातन अव्यक्त अर्थात् पूर्ण ब्रह्म परमात्मा सबै प्राणीहरू नष्ट हुँदा पनि कहिल्यै नष्ट हुँदैन । अर्जुनको प्रश्नको उत्तर दिँदै श्रीकृष्ण पुनः भन्नुहुन्छ- यो त सबै नष्ट भई नै रहन्छ, तिमी अगाडि रहेका सबै मर्छन् भन्ने सोच्दछौ तर उनीहरू कैयौं पटक मरिसके र पुनः मर्दै छन्, पुनः जन्म लिने छन् र पुनः मर्ने छन् । मर्नु र जन्मिनु प्रकृतिको हिस्सा हो । मानवको कुरा छोडौं, यो सारा प्रकृति पनि कैयौं पटक बन्दै विनष्ट भइरहेको छ । यो प्रक्रिया अनन्त छ । वासनाले सिर्जना गर्छ र वासनाले नै नष्ट गर्छ । तसर्थ हे अर्जुन ! तिमी यसको चिन्ता नगर । तिमी यो चिन्तालाई धर्मको रूपमा नठान । तिमीले नमारेमा यिनीहरू बाँच्ने छन् भन्ने नसोच । तिमी केवल निमित्त मात्र हौ, मृत्यु त अवश्यम्भावी छ; त्यसैले तिमी आफूलाई कर्ता नमान । यिनीहरूको मृत्यु यिनीहरूको जन्मको समयमा नै लेखिएको छ । जो जन्मिन्छ त्यो नमरी छाड्दैन । मनुष्यहरूको मात्र कुरा नगरौं, यो सारा विश्व ब्रह्माण्डमा जे देखिएको छ त्यो सबै बन्छ र नष्ट हुन्छ । मानव मात्र होइन ताराहरू पनि जन्मिन्छन् र नष्ट हुन्छन् । यसर्थ यो सारा अस्तित्व बन्छ, फैलन्छ, खुम्चिन्छ र नष्ट हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- जसलाई मैले अव्यक्त भनें, त्यो पनि पूर्ण अव्यक्त होइन किनभने त्यो पनि प्रकट त हुन्छ । जस्तो कि बीज जो अव्यक्त छ त्यसलाई जमिनमा रोपेपछि वृक्ष निस्किन्छ । त्यो बीज हुँदा अव्यक्त थियो र पालुवा निस्किएपछि व्यक्त भयो । एउटा बीजमा करोडौं बीज लुकेका हुन्छन् जुन एक दिन प्रकट हुन्छ । त्यसैले यसलाई पूर्ण अव्यक्त भन्न सकिन्न । जो व्यक्त हुने छ त्यो ज्यादा अव्यक्त होइन ।

श्रीकृष्ण भन्नुहुन्छ- यो अव्यक्तभन्दा पर पूर्ण अव्यक्त ब्रह्म छ । अव्यक्तभन्दा पनि टाढा रहेको सनातन अव्यक्त ब्रह्म छ त्यो कहिल्यै व्यक्त भएको छैन र हुन पनि सक्दैन । त्यही सनातन अव्यक्त परमात्मा सबै प्राणीहरू नष्ट हुँदा पनि नष्ट हुँदैन । त्यो ब्रह्म जसको कहिल्यै सिर्जना भएको छैन त्यसको

प्रलय पनि हुन सक्दैन । हे अर्जुन ! तिमी यदि अमृतका बारेमा जान्न चाहन्छौ भने तिमी उसका बारेमा पनि जान जो अव्यक्तभन्दा पनि टाढा छ । हामीभित्र तीन पत्रहरू छन् । पहिलो व्यक्त जो हाम्रो शरीर हो । दोस्रो अव्यक्त जो हाम्रो मन हो र तेस्रो जो अव्यक्तभन्दा पनि टाढा छ त्यो हाम्रो आत्मा हो । मनमा जे भए पनि आज नभए भोलि व्यक्त भइहाल्छ । शरीर त व्यक्त नै छ र मनको अभिव्यक्तिबाट शरीररूपी व्यक्त पैदा हुन्छ । त्यसैले जब हामी मर्छौं, तब शरीर त छुट्छ तर मन छुट्दैन । मनलाई हामी बीजको रूपमा साथमा नै लैजान्छौं र त्यसले पुनः नवीन शरीर बनाउँछ । मर्ने व्यक्तिको मनको जानकारी हुने हो भने उसको अघिल्लो जन्मका बारेमा पहिले नै भन्न सकिन्छ । यस जगत्मा हामी सुन्दर, कुरूप, धर्मात्मा, दानी, कन्जुस जस्ता जन्मिन्छौं त्यो हाम्रो मनको बीजअनुसार नै निर्मित भएका हुन्छौं । हामी अण्डकोषमा पहिलोपटक प्रवेश गर्दा आमा र बाबुको व्यक्त अणु लिएर प्रवेश गर्छौं, त्यसपछि मन बिस्तारै प्रवेश गर्छ । तर यो व्यक्त शरीर र अव्यक्त मनको पार आत्मा छ । श्रीकृष्ण भन्नुहुन्छ- यदि साँच्चै विनाशको सम्भावनाबाट पार हुन चाहन्छौ भने तिमी त्यो ब्रह्मको खोज गर जो न कहिल्यै जन्मिन्छ न त कहिल्यै मर्छ, जो न कहिल्यै प्रकट हुन्छ न अप्रकट हुन्छ, जो न बन्छ न नष्ट हुन्छ; जो केवल छ त्यसको तिमी खोजी गर ।

हाम्रो शरीरमा अनेकौं रहस्य लुकेका छन् जसको हामीलाई कुनै जानकारी छैन । यसको खोज योग र तन्त्रहरूले गरेका छन् । हाम्रो शरीरमा कुण्डलिनी शक्ति लुकेको छ जसको जानकारी हामीलाई छैन तर यो त व्यक्तको नै हिस्सा हो । यस्तै शरीरमा गुप्त रूपमा अद्‌भुत शक्तिहरू हुन्छन् । विराट्को खोजीमा जाने व्यक्तिहरूलाई यी गुप्त शक्तिहरूका बारेमा जान्दा सहयोग पुग्न सक्छ । त्यस्तै मनका पनि अनन्त शक्तिहरू छन् जसका बारेमा हामीलाई थाहा छैन । हाम्रो मन अनन्त जन्मको स्मृति लिएर आएको हुन्छ र त्यो मनमा गढेको स्मृतिलाई खोज्न सकिन्छ । अघिल्ला जन्मका सबै कुराहरू मनमा हेर्न सकिन्छ । परम अव्यक्तमा सबै एक हुन्छ, अर्ध अव्यक्तमा कहिलेकाहीँ एकताको झलक प्राप्त हुन्छ र व्यक्तमा सबै अलग हुन्छन् ।

*अव्यक्तोऽक्षर इत्युक्तस्तमाहुः परमां गतिम् ।*
*यं प्राप्य न निवर्तन्ते तद्धाम परमं मम ॥२१॥*

**त्यो पराशक्ति जसलाई अव्यक्त र अक्षर भनिएको छ त्यसैलाई परमगति पनि भनिन्छ । त्यो सबैको गन्तव्य जहाँ पुगेपछि कहिल्यै फर्केर आउनुपर्दैन त्यो नै मेरो दिव्यधाम हो ॥**

*पुरुषः स परः पार्थ भक्त्या लभ्यस्त्वनन्यया ।*
*यस्यान्तः स्थानि भूतानि येन सर्वमिदं ततम् ॥२२॥*

**हे पार्थ ! त्यो परमपुरुष जसलाई अनन्य भक्तिद्वारा मात्र प्राप्त गर्न सकिन्छ, उहाँका हृदयभित्र नै सम्पूर्ण भौतिक जगत् एवम् प्राणीहरू अवस्थित छन् जसबाट सम्पूर्ण संसार व्याप्त र परिपूर्ण छ ॥**

गति संसारको स्वभाव हो र नरोकीकन चलिरहने यसको स्वरूप हो । यो निरन्तर गतिशील हुन्छ । यहाँ कोही पनि स्थिर छैनन् । जसलाई हामी स्थिर ठान्छौं, त्यो पनि चलिरहेको छ । ढुङ्गा, घरको पर्खाल पनि रोकिएको अर्थात् स्थिर जस्तो लाग्छ तर अब त विज्ञानले नै ढुङ्गा पनि चलायमान हुन्छ भनेर मानेको छ किनभने त्यहाँ पनि विद्युत् हुन्छ जो चलायमान छ । गति बहुआयामिक छ । पर्खाल ठोस र अचल जस्तो लाग्छ तर वैज्ञानिकहरू भन्छन्- पर्खालको अणुअणु चलिरहेको छ, पर्खालका सबै परमाणु गतिमान् छन् र प्रत्येक परमाणुभित्रको सूक्ष्म अणु इलेक्ट्रोन झन् गतिले चलिरहेको छ । हामीलाई पर्खाल नचलेको जस्तो लाग्छ किनभने हाम्रो आँखाले यति सूक्ष्म गतिलाई समात्न सक्दैन । गति जति तीव्र हुन्छ त्यति नै आँखाले समात्न सक्दैन । पङ्खा तेजले चल्दा हामीलाई त्यसमा तीनवटा पाता भएको थाहा हुँदैन । त्यस्तै

ढुङ्गाका अणु-अणु पनि आकाशका जून ताराहरूको गतिमा नै चलिरहेका छन् । यस जगत्मा केही पनि स्थिर छैन । जगत्मा हुनका लागि चल्नु नै नियम हो ।

यो गति बहुआयामिक छ । जुन पृथ्वीमा हामी बसेका छौं, त्यो ज्यादै तेजले दौडिरहेको छ । पृथ्वी आफ्नो केन्द्रमा पाङ्ग्राझैं घुमिरहेको छ र घुम्दा घुम्दै सूर्यको चक्कर पनि लगाइरहेको छ । उसको गति दोहोरो छ जुन सूर्यको परिक्रमा पृथ्वीले गरिरहेको छ त्यही सूर्य पनि आफ्नो किलामा अडेर घुमिरहेको छ र महासूर्यको परिभ्रमण गरिरहेको छ । यस्तो बहुआयामिक गतिभित्र गति छ । परिभ्रमण पत्रपत्रमा गर्नु जीवनको स्वभाव हो । यस्तो परिभ्रमणशील जीवनमा शान्ति असम्भव छ र यस्तो दौडिरहेको जगत्मा विश्राम सम्भव नै छैन । जब हामी ओछ्यानमा विश्राम गर्छौं हाम्रो रगत पूरा गतिले चलिरहेको हुन्छ । हाम्रो शरीरको कण कण गतिमान् छ र हामी ओछ्यानमा बस्दा पनि विश्रामको अवस्थामा हुँदैनौं किनभने यस जगत्मा रहेर विश्राम हुनै सक्दैन । श्रीकृष्ण अर्जुनलाई भन्नुहुन्छ- अव्यक्त अक्षर एवम् त्यो अव्यक्त नामको परम भावलाई परम गति भनिन्छ । तिमी परम गतिमा प्राप्त हुन चाहन्छौ भने विश्राम स्वभावलाई पक्रनुपर्छ तर यो जगत्को केन्द्रमा घुम्दा कोही विश्राममा पुग्दैनन् । यदि कोही विश्रान्तिको खोजमा जान चाहन्छन् भने उनीहरूले आफ्नो चेतनाको धरातल नै बदल्नुपर्छ । परिधिबाट हटेर केन्द्रमा, संसारबाट हटेर ब्रह्ममा आफ्नो चेतनालाई रूपान्तरण गर्नुपर्छ ।

अक्षर नामको अव्यक्त भाव नै परम गति हो । अक्षरको अर्थ कहिल्यै नाश र क्षीण नहुने अर्थात् जस्ताको त्यस्तै रहने भन्ने हो । अक्षरमा कणभर पनि रूपान्तरण हुँदैन । जो आफ्नो स्वभावबाट कहिल्यै च्युत हुँदैन त्यो अच्युत हो । एउटा गाडीको पाङ्ग्रा चल्छ तर किला कहिल्यै चल्दैन अर्थात् अचल हुन्छ । यदि यो किला भएन भने पाङ्ग्रा अडिँदैन किनभने पाङ्ग्राको आधार नै किला हो । अचल किलाको आडमा पाङ्ग्रा चल्छ । यो रहस्यलाई जान्नु नै जीवनलाई बुझ्नु हो । त्यस्तै संसारको गति पनि अव्यक्त किला वा केन्द्रको आधारमा मात्र चल्दछ अन्यथा चल्नै सक्दैन । अपरिवर्तनशील केन्द्रका आधारमा मात्र परिवर्तन सम्भव हुन्छ । जहाँ सबै कुरा चलायमान हुन्छन्, त्यहाँ अचल पनि चाहिन्छ । श्रीकृष्ण त्यो किला (मूल आधार केन्द्र) नै अक्षर हो भन्नुहुन्छ । यदि हामी परिधि अर्थात् पाङ्ग्राको नै परिभ्रमण गरिरह्यौं भने त्यो केन्द्र अर्थात् अक्षर अव्यक्तसम्म कहिल्यै पुग्न सकिँदैन । त्यहाँ पुग्नका लागि पाङ्ग्रालाई छोडेर किला अर्थात् केन्द्रतिर अलि-अलि गरेर सर्नुपर्छ । जुन दिन हामी पाङ्ग्रालाई छोड्ने छौं, त्यसै क्षण हामी अक्षर वा केन्द्रमा पुग्ने छौं ।

संसारमा जति यात्रा गरे पनि हामी त्यो केन्द्र खोज्न सक्दैनौं । बद्री, केदार, कैलाश, पशुपतिनाथ र मुक्तिनाथ लगायतका तीर्थस्थल जहाँ गए पनि हामी त्यो केन्द्र वा अक्षरसम्म पुग्न सक्दैनौं । संसारको कुनै पनि यात्रा तीर्थयात्रा हुन सक्दैन । जहाँ पुग्नका लागि खुट्टाको प्रयोग गर्नुपर्छ, त्यो परमधाम हुन सक्दैन । शरीरलाई साधन बनाएर पुगिने ठाउँ परिधि मात्र हो, केन्द्र होइन । जहाँ पुग्नका लागि बाहिर गति गर्नुपर्छ त्यो अन्तरतम होइन । त्यो अन्तरतमको यात्रामा शरीर र खुट्टा आवश्यक हुँदैन । त्यसका लागि मनको सहयोग विना भित्रको यात्रा गर्नुपर्छ । घुम्ने पाङ्ग्रालाई छोडेर अलिअलि गरेर केन्द्रतिर सऱ्यो भने एक दिन त्यहाँ पुग्छौं, जहाँ पाङ्ग्रा हुँदैन केवल केन्द्र अर्थात् अक्षर मात्र हुन्छ । त्यो केन्द्र हामी सबैको भित्र हुन्छ तर हामी पाङ्ग्रा जस्तै घुमिरहेका छौं । हाम्रो शरीर पनि केन्द्रको आधारमा घुमिरहेको छ । हाम्रो केन्द्रमा हाम्रो मनको पाङ्ग्रा घुमिरहेको छ यथार्थमा हाम्रो वासना, लोभ, क्रोध र कामको पाङ्ग्रा निरन्तर घुमिरहेको छ । जो अक्षरको आकाङ्क्षी छ उसले पाङ्ग्रालाई छाडेर केन्द्रतर्फ सर्नै पर्छ । सबैभन्दा गाह्रो हामीलाई विचारको पाङ्ग्राले दिन्छ किनभने विचार तीव्र गतिमा घुमिरहन्छ । हामी शरीरलाई बाहिरी पत्र र विचारलाई भित्रको केन्द्र मान्दछौं, जुन गलत हो । विचार पनि केन्द्र होइन बाहिरको नै एउटा पत्र मात्र हो । भित्रको केन्द्र त अक्षर हो । विचार परिवर्तनशील हुनाले वेगवान् गतिमा परिवर्तित भइरहन्छ तर स्वभाव अपरिवर्तनशील हुन्छ । हामी विचारभित्र प्रवेश गरेका छैनौं । जो विचारभित्र प्रवेश गरेर निर्विचार

हुन सक्छ ऊ मात्र अक्षरमा पुग्न सक्छ । प्रत्येक व्यक्ति जसले त्यो केन्द्र वा किलालाई जान्दछ, ऊ परमगतिमा प्राप्त हुन्छ । अक्षर अव्यक्तलाई पाउनु भनेको परमगतिलाई पाउनु हो ।

श्रीकृष्ण भन्नुहुन्छ- जुन सनातन अव्यक्तलाई प्राप्त गरेपछि मानव पछाडि फर्केर आउँदैन, त्यही मेरो सनातन परमधाम हो । चेतनाको एउटा यस्तो स्थिति हुन्छ जहाँ पुगेपछि कोही फर्केर आउँदैन । पानी तताउँदा ९९ डिग्री तातेर पनि १०० डिग्री पुगेन भने त्यो पानी उम्लिँदैन र नउम्लीकन फर्किन्छ तर १०० डिग्रीमा पुगेर बाफ बन्यो भने फिर्ता हुँदैन र आकाशमा उड्छ । पानी बगाइदिँदा खाल्डातिर दौडिन्छ र बाफ आकाशतिर उड्छ । १०० डिग्रीमा पानी बाफ हुन्छ, उसमा गुणात्मक परिवर्तन भएर माथितिर उड्न थाल्छ र विराट् आकाशमा विलीन हुन्छ । मानव चेतनाको पनि यस्तै स्थिति छ । १०० डिग्रीको विन्दुभन्दा तल जतिपटक आफ्नो चेतनालाई लगे पनि तल झरिरहन्छ । हामीमध्ये केही व्यक्ति ९९ डिग्रीसम्म पुगेर पनि फर्किएका हुन्छौं । कवि, चित्रकार, सङ्गीतकारका कृतिलाई देखेर यस्तो अनुमान लगाउन सकिन्छ । काव्य र धर्ममा पनि त्यही फरक हुन्छ । काव्य ९९ डिग्रीसम्म पुग्न सक्छ र फर्किन्छ तर त्यो भन्दा धर्म एक डिग्री अरू फड्को लगाएर पार हुन्छ । त्यसैले काव्य धेरै पटक धर्मको निकट पुग्छ र धर्मबाट धेरैपटक महाकाव्यको जन्म हुन्छ । वेद, उपनिषद्हरू महाकाव्य हुन् । त्यस्तै गीता पनि महाकाव्य हो । कृष्णले जुन स्थानबाट गीताको गीत गाउनुभएको छ त्यसको नाम भगवद्गीता हो, जुन भगवान्को गीत हो । भगवद् चैतन्यको गीत जानेपछि त्यहाँबाट फिर्ता हुँदैन । जतिसुकै ठुलो कविले कवितालाई जन्म दिए पनि ऊ ऋषि हुँदैन किनभने ऋषिले त चेतनाको अनुभवको त्यो उचाइबाट गीतलाई जन्म दिन्छ जहाँबाट फिर्ता हुनुपर्दैन ।

श्रीकृष्ण भन्नुहुन्छ- जुन सनातन अव्यक्तलाई पाएर मानव फिर्ता हुँदैन, त्यही मेरो परमधाम हो । त्यही मेरो निवास हो बाँकी त केवल एउटा अस्थायी धर्मशाला मात्र हो । प्रत्येक व्यक्तिभित्र परमात्मा लुकेको हुन्छ र प्रत्येक व्यक्तिको लक्ष्य परमात्माको परमधाम पुग्नु हो । त्यो परमधाम सनातन, अव्यक्त, अनादिबाट अनन्तसम्म लुकेको छ । परमधाम जसले पाउँछ त्यो फिर्ता हुँदैन र त्यही उसको धाम हुन्छ । जसलाई परमात्माको खोज गर्नु छ उसले आफूभित्र लुकेका सबै कुराहरू हटाउनुपर्छ । आफ्नो पर्दाभित्रका सबै कुरालाई तोड्नुपर्छ, आफूभित्र कुनै पनि कुरा अव्यक्त राख्नुहुँदैन र आफ्ना सबै द्वार खुल्ला राख्नुपर्छ । जो आफूलाई पूर्णरूपमा आकाशझैं खुल्ला राख्छ त्यस्तो व्यक्तिमा स्वयम् सनातन अव्यक्त परमात्मा प्रकट हुन्छ । यो प्रकटीकरण भिन्न प्रकारको प्रकटीकरण हो किनभने यसमा हामी स्वयम् नाङ्गो भएर खाली हुन्छौं र जब पूर्ण रूपमा खुल्ला हुन्छौं, तब अचानक त्यो परमात्मा त आफैं भएको थाहा पाउँछौं । अनि जुन अक्षरको खोज गर्दै थिएँ त्यो त मेरो भित्र पो रहेछ भन्ने बोध हुन्छ । ज्ञानीजन भन्छन्- जसलाई हामी खोजिरहेका छौं, उसमा नै हामी सवार छौं तर हामी यति तीव्र गतिमा चलिरहेका हुन्छौं कि जसलाई पाउन खोज्दै छौं त्यसलाई हामीले पाएका नै छौं भन्ने थाहा हुँदैन ।

भक्तले भगवान्लाई बाहिर खोजेर कहिल्यै पाउन सक्दैन किनभने भक्तलाई भगवान् कहाँ छन् भन्ने थाहा नै हुँदैन । भक्त जब आफूलाई खोलेर नग्न बनाउँछ र जब उसको चेतनामा कुनै वस्त्र नभई वासनारहित हुन्छ त्यही समय भगवान् त्यहाँ प्रकट हुन्छ । भक्त कहिले पनि यात्रा गरेर भगवान्कहाँ पुग्न सक्दैन तर जब उसको चेतना शुद्ध भएर ऊ खाली हुन्छ, तब परमात्मा त्यहीं उपस्थित भएको पाउँछ । श्रीकृष्ण भन्नुहुन्छ- सनातन अव्यक्तलाई प्राप्त गर्नु नै मेरो परमधाम प्राप्त गर्नु हो । यो परमधाम र बैकुण्ठ हामी सबैको भित्र छ । श्रीकृष्णले यसलाई परमधाम भन्नुभएको छ किनभने यो अस्थायी धर्मशाला होइन । यसमा पुगेपछि व्यक्ति मुक्त हुन्छ र उसको अगाडिको यात्रा समाप्त हुन्छ । परमधामको अर्थ अब अगाडिको यात्रा छैन भन्ने हो । परमधाममा धेरै यात्रा गरेर पुग्न सकिन्न धेरै यात्रा गरेर पुग्ने स्थान त धाम हो । परमधाममा पुग्दा थाहा हुन्छ कि यहाँ त 'म' सदैव थिएँ । परमधाम त्यो धाम हो जहाँ हामी अहिले पनि छौं तर त्यसको हामीलाई आभास छैन ।

हे पार्थ ! जुन परमात्मा अन्तर्गत सबै प्राणी छन्, जसबाट यो जगत् परिपूर्ण छ त्यो सनातन, अव्यक्त, परमपुरुष अनन्य भक्तिबाट प्राप्त हुन योग्य छ । परमात्मा अन्तर्गत सबै प्राणी छन् तर प्राणीहरू अन्तर्गत परमात्मा छैन । पदार्थ अन्तर्गत परमात्मा छैन तर परमात्मा अन्तर्गत पदार्थ छ। जसरी विराट् आकाश सबै पदार्थलाई घेरेर बसेको छ यस्तै विराट् परमात्मा चैतन्यले समस्त आकाशलाई पनि घेरेको छ । चेतना यस जगत्मा सर्वाधिक विस्तारित छ । श्रीकृष्ण भन्नुहुन्छ- परमात्मा अन्तर्गत सबै प्राणी छन् । त्यसैले कुनै भक्तले परमात्मा प्राप्त गऱ्यो भने स्वतः सबै प्राणीलाई पाउने छ । कसैले पदार्थ प्राप्त गर्न प्रयत्न गऱ्यो भने उसले प्रयत्नबाट पदार्थ पाउन सक्दैन किनभने जबसम्म पदार्थको मालिकलाई पाउन सकिन्न तबसम्म पदार्थ पाउन सकिन्न । हाम्रो जीवनको सारा पीडा पनि यही हो ।

धार्मिक व्यक्ति पदार्थलाई नमागी पदार्थको मालिकलाई नै प्राप्त गर्ने प्रयत्न गर्छ । जब मालिक प्राप्त हुन्छ, तब पदार्थ स्वतः उससँग नै आउँछ । धनी व्यक्ति जीवनभर धनको संरक्षण गरेर अन्तमा उसले कमाएको धन यहीं छोडेर जान्छ । तर एउटा धनलाई मृत्युले पनि खोस्न सक्दैन, त्यो धन परमात्मा हो । जसले परमात्मा प्राप्त गर्छ उसले सबै धन पाउँछ । जो अरू पाउन खोज्छ उसले केही पाउँदैन र जसलाई पाउन सक्थ्यो उसलाई पाउने अवसरबाट पनि चुक्छ । श्रीकृष्ण भन्नुहुन्छ- जुन परमात्माबाट यो जगत् परिपूर्ण छ त्यो सनातन, अव्यक्त परमपुरुष अनन्त भक्तिबाट प्राप्त हुन योग्य छ । हामीलाई त परमात्माबाट जगत् परिपूर्ण जस्तो लाग्दैन । हामी परमात्माबाहेक सबै कुरा देख्छौं । श्रीकृष्ण भन्नुहुन्छ- परमात्मा मात्र छ अन्य केही छैन ।

यस संसारमा हामी पदार्थ मात्र देख्छौं, परमात्मा देख्दैनौं किनभने जहाँ पदार्थ समाप्त हुन्छ त्यहाँ परमात्मा प्रारम्भ हुन्छ । त्यसैले पदार्थ देख्नेले परमात्मा देख्दैन र जसले परमात्मा देख्दछ त्यसले संसार देख्दैन । त्यसैले त आदि शङ्कराचार्य जस्ता ज्ञानी भन्छन्- परमात्मा मात्र छ संसार छैन । परमात्माको खोजी गर्नेले जब कुनै पनि वस्तु देख्छ, तब उसको दृष्टि वस्तुमा हुँदैन । वस्तुको भित्र लुकेको जीवनमा हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- यस जगत्का सम्पूर्ण कुरा परमात्माबाट ओतप्रोत छन् । परमात्मा परिपूर्ण रूपमा भरिएको छ तर हामी त्यो देख्दैनौं किनभने हाम्रो दृष्टि संसारतर्फ छ । यो दृष्टि बदल्ने मार्ग र पद्धति योग साधना हो । यो साधना पद्धतिलाई अङ्गीकार गरेमा जगत्मा पदार्थ होइन परमात्मा देखिन थाल्छ र एउटा क्षण आउँछ, जब परमात्माका अतिरिक्त केही पनि देखिँदैन ।

श्रीकृष्ण भन्नुहुन्छ- त्यो अव्यक्त, सनातन परमपुरुष अनन्य भक्तिले प्राप्त गर्न योग्य छ । जो परमसत्ता चारैतिर व्याप्त छ त्यो अनन्य भक्तिले प्राप्त हुन्छ । अनन्य भक्ति यस्तो भक्ति हो जो समग्र रूपबाट एउटा निष्ठाले परमात्मातिर हुन्छ र निष्ठा अलिकति पनि खण्डित हुँदैन । विभाजित निष्ठाले ऊसम्म नपुगी संसारतिर अर्थात् वस्तुहरूतिर लैजान्छ । त्यसैले परमात्मालाई पाउनु छ भने एक निष्ठा र अभीप्सा हुनुपर्छ तर मानव धेरै निष्ठाहरूमा विभाजित हुन्छ । हामी बहुचित्तवान् छौं र हामीभित्र धेरै विभाजित चित्त छ । यसका कारण हामी धेरै कुराहरू पाउन चाहन्छौं । परमात्मालाई अनन्य भक्तिले मात्र पाउन सकिन्छ । अनन्यको अर्थ एकीकृत भएर हामीले जे हेरे पनि ऊ मात्र देखियोस् भन्ने हो । भक्तिको अर्थ प्रेम हो जो अनन्य भक्तिमा मात्र हुन सक्छ । उसको धारा एउटा मात्र हुन्छ र प्रेममा बाँडीचुँडी हुँदैन। अखण्ड प्रेमबाट मात्र यो सत्ता प्राप्त हुन सक्छ । श्रीकृष्ण भन्नुहुन्छ- अनन्य भक्तिले जीवनमा यो मात्र पाउन योग्य छ, अरू केही पनि पाउन योग्य छैन ।

पश्चिमा जीवनदर्शनमा मानव जीवन भरिभराउ छैन र खाली छ भन्ने विचार छ । यो रिक्तताका मूल कारण पछिल्लो सय वर्षमा पश्चिमी प्रभावशाली व्यक्तिहरूले परमात्मालाई जसरी अस्वीकार गरेका छन्, त्यस्तो अस्वीकार मानव जीवनमा कहिल्यै पनि भएको छैन । जति हामी परमात्मालाई अस्वीकार गर्छौं त्यति नै हामी खाली हुन्छौं । त्यो खालीपनलाई कसैले पनि भर्न सक्दैन । जतिसुकै धन वैभव, भौतिक सुख, उन्नतिले पनि त्यसलाई भर्न सक्दैन किनभने त्यो परमात्माका अतिरिक्त कुनै पनि कुराले भरिन

सक्दैन । त्यो केवल एकले मात्र भरिन्छ जसबाट ऊ पहिलेदेखि नै भरिएको छ । त्यसलाई जानेपछि अन्य जान्न बाँकी रहदैन र पूर्णपन उपलब्ध हुन्छ, त्यो केवल परमात्मा मात्र हो र त्यही नै परमात्माको परमधाम हो ।

*यत्र काले त्वनावृत्तिमावृत्तिं चैव योगिनः ।*
*प्रयाता यान्ति तं कालं वक्ष्यामि भरतर्षभ ॥२३॥*

**हे भरतश्रेष्ठ ! जुन समय वा मार्गबाट शरीर त्यागेर गएका योगीजन पछि फर्केर आउनुपर्छ वा आउनुपर्दैन त्यस समयका बारेमा म भन्दछु ॥**

*अग्निर्ज्योतिरहः शुक्लः षण्मासा उत्तरायणम् ।*
*तत्र प्रयाता गच्छन्ति ब्रह्म ब्रह्मविदो जनाः ॥२४॥*

**अग्निदेवताको प्रभावमा, उज्यालो प्रकाशमा, दिनको शुभमुहूर्तमा, शुक्ल पक्षमा र उत्तरायणका छ महिनामा शरीर त्याग्ने ब्रह्मज्ञानीहरू सम्बन्धित अधिष्ठातृ देवताका साथ ब्रह्ममा नै प्राप्त हुन्छन् अर्थात् उनीहरू जन्ममृत्युको चक्रमा पर्नुपर्दैन ॥**

कुनै व्यक्ति मरेतुल्य बाँचिरहन्छ र कसैको मृत्युलाई पनि जीवन्त भन्न सकिन्छ । जीवन पनि मृत्युतुल्य हुन सक्छ र मृत्यु पनि जीवनतुल्य हुन सक्छ । जुन ढङ्गले हामी बाँच्छौं, त्यसलाई नाम मात्रको जीवन भन्न सकिन्छ किनभने हामीलाई जीवन र यसको रहस्यका बारेमा पनि केही जानकारी छैन । त्यसैले जीवनमा आनन्दको कुनै वर्षा नै हुँदैन । हामी किन बाँचिरहेका छौं भन्नेसम्म पनि हामीलाई थाहा छैन र हाम्रो हुनु करिब करिब नहुनुतुल्य नै छ । जसलाई हामी आफ्नो शरीर भन्छौं त्यसलाई मृत्युको घाटभन्दा बढी जानकारी पनि हुँदैन र हामी जीवनमा बिस्तारै मृत्युतर्फ नै यात्रा गरिरहेका हुन्छौं । यसरी नै हामी प्रत्येक दिन आफ्नो जीवन गुजार्छौं र मृत्युको मुखमा पुग्छौं । हाम्रो जीवनको सारा यात्रा त्यहीँ समाप्त हुन्छ ।

श्रीकृष्ण अर्जुनलाई त्यो क्षण, मार्ग एवम् मृत्युको कलाका बारेमा उपर्युक्त श्लोकमा बताउनुहुन्छ जुन मार्गमा चलेर मृत्युवरण गर्ने व्यक्ति मर्दैन र ऊ त्यो अमृतलाई प्राप्त गर्छ जहाँ मृत्यु घटित नै हुँदैन । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! जुन कालमा शरीर त्यागेर गएका योगीजन फर्केर नआउनेवाला गति र पछि फर्केर आउनेवाला गतिमा प्राप्त हुन्छन् त्यो काल र मार्ग म तिमीलाई भन्दछु । क्षण र कालको पनि धेरै मूल्य छ । कुन क्षणमा व्यक्ति मृत्युमा उपलब्ध हुन्छ त्यसले धेरै कुरा निर्धारण गर्छ। क्षणको अर्थ बाहिरी घडीले बताउने समय होइन भित्र पनि क्षणको हिसाब गर्ने घडी हुन्छ । बाहिरी समयलाई नाप्ने घडी बाहिरी संसारका लागि उपयोगी छ तर त्यसको उपयोग भित्र हुन सक्दैन । भित्रको मापन गर्ने अर्कै व्यवस्था छ । जुन क्षणमा व्यक्तिको मृत्यु हुन्छ त्यो भित्री क्षणका आधारमा त्यसको महत्त्वपूर्ण अर्थ हुन्छ । यस जगत्मा केही पनि आकस्मिक हुँदैन र मृत्यु पनि धेरै कारणबाट सुनिश्चित हुन्छ । प्रत्येक व्यक्तिले आफ्नो मृत्युलाई जीवनभर गरेको कृत्यको आधारमा चुन्छ । मृत्युलाई देखेर व्यक्ति कसरी जीवनभर बाँच्यो भनेर जान्न सकिन्छ । यदि भित्रको समय विचार, वासना र कामनाले भरिएको छ भने व्यक्ति मरेर संसारमा फिर्ता हुन्छ तर यदि भित्रको समयमा कुनै विचार, कामना, तृष्णा, नभई शुद्ध क्षण छ भने त्यस क्षणमा मरेको व्यक्ति संसारमा फर्केर आउँदैन ।

महावीरले ध्यानलाई सामयिक नाम दिनुभयो । यो अद्भुत शब्द समयबाट बनेको हो । महावीरले भन्नुभएको छ- ध्यान म उसैलाई भन्छु जब तिम्रो भित्रको समय एकदम शुद्ध हुन्छ । त्यसैले उहाँले ध्यानको सट्टा सामयिक शब्दको उपयोग गर्नुभयो । शुद्ध समयमा रोकिन सक्नु ध्यान हो । हाम्रो भित्रको समय सदा वासनाले भरिएको छ । हामी आफ्नो वर्तमानको क्षणलाई कहिल्यै पनि जान्दैनौं । हाम्रो भित्र अतीतको स्मृतिले पछ्याएको हुँदा वर्तमानको क्षणलाई नष्ट गर्छौं र अपरिचित हुन्छौं । हाम्रो भविष्यको क्षणले वर्तमानको क्षणलाई आच्छादित गर्छ । जे अहिले छैन त्यसका बारेमा हामी सोच्छौं र भविष्यमा के

पाउनु छ भन्ने सपनाले भरिएको क्षण भित्र पाउँछौं । वर्तमान क्षणलाई अतीतले या भविष्यले डुबाउँछ । दुवै हालतमा त्यो काल वा क्षण गायब हुन्छ र हामी जीवित भए पनि मरे जस्तै हुन्छौं । हामीले जीवनमा अतीत पनि नभएको र भविष्य पनि नभएको काल वा क्षण कहिले पनि जानेका छैनौं । केवल यही र अहिले भएको वर्तमान अवस्था पनि हामीलाई थाहा छैन । यहाँ र अहिलेको क्षणमा यदि हाम्रो मृत्यु भयो भने फिर्ता आउनुपर्दैन । जसको जीवन वासनाले भरिएको समयभित्र हुन्छ उसलाई मर्ने बेला ती सारा वासनाहरू एकत्रित भएर उसको चित्तलाई घेर्दछन् । मर्ने बेलामा सारा अतीतहरू भविष्यको सपना र वासनाहरू एकत्र भएर चारैतिरबाट घेर्दछन् । मृत्युको समयमा हामीभित्र अत्यधिक भिड हुन्छ । हाम्रो स्मृतिमा अतीतको अनुपात जति नै भविष्यको अनुपात पनि हुन्छ ।

श्रीकृष्ण जुन काल वा क्षणको कुरा गर्दै हुनुहुन्छ त्यस क्षणमा अतीत र भविष्य हुँदैन, केवल शुद्ध वर्तमान मात्र हुन्छ । परिपूर्ण, निर्दोष, निर्बोध र निर्भार क्षणमा हुने मृत्युको अनुभव मृत्युको होइन परम जीवनको हुन्छ जुन मोक्ष र मुक्ति बन्छ । मृत्यु हामी तबसम्म भन्छौं, जबसम्म फर्केर आउने क्रम जारी रहन्छ । जब फर्केर आउनु नपर्ने स्थिति बन्छ, तब मृत्यु मुक्ति बन्छ । मनुष्य फर्केर आउनुपर्नाको कारण मन हो र मन अतीत र भविष्यको जोड हो । वर्तमानको क्षण मनको हिस्सा होइन। त्यसैले जो वर्तमानमा हुन्छ ऊ मनको बाहिर हुन्छ । हामी सदा समयलाई तीन हिस्सा अतीत, वर्तमान र भविष्यमा विभाजन गर्छौं । वर्तमान समयको हिस्सा होइन, समय त केवल अतीत र भविष्य मात्र हो । जहाँ अतीत समाप्त हुन्छ र भविष्य सुरु भएको हुँदैन त्यो सन्धिरेखामा वर्तमान हुन्छ । वर्तमान अस्तित्व हो र समयको हिस्सा होइन साथै त्यो मनको पनि हिस्सा होइन । वास्तवमा हामी बाहिरको जगत् जसलाई समय भन्छौं त्यही भित्रको जगत् मन हो । समय र मन पर्याय हुन् र यिनीहरूमा कुनै भेद छैन । जसलाई समयभन्दा बाहिर जानु छ उसलाई मनको पार जानैपर्छ ।

वर्तमान मनको हिस्सा होइन । अस्तित्व सदा छ र यसमा कुनै अतीत र भविष्य पनि छैन । जसको मन छ ऊ मनुष्य हो र यदि मनुष्य भएन भने समय पनि हुँदैन र समय मनुष्यसँग जन्मिएको वस्तु हो । अतीत र भविष्य नभएको भित्री समयमा विचार पनि हुँदैन किनभने विचार अतीत र भविष्यको हुन्छ । त्यहाँ कुनै तृष्णा पनि हुँदैन किनभने तृष्णा अतीतबाट जन्मिन्छ र भविष्यतिर दौडिन्छ। त्यहाँ कुनै वासना पनि हुँदैन र त्यहाँ केवल आफू स्वयम् मात्र हुन्छ । यस्तो क्षणमा मृत्यु भयो भने फर्किएर आउनु पर्दैन र यात्रा सकिन्छ । मृत्यु परम मित्र भएर मुक्ति बन्छ । यस अवस्थाका लागि काल वा क्षण अनिवार्य हुन्छ र यदि भित्र यस्तो काल वा क्षण भएन भने मृत्युपछि नयाँ यात्रा सुरु हुन्छ र अतीतलाई समातेर भविष्यको कामना गर्दै नयाँ जन्म हुन्छ । नयाँ यात्रामा आउनु छ भने भरिएको मन चाहिन्छ र फिर्ता नहुने गरी यात्रा समाप्त गर्नु छ भने रिक्त मन चाहिन्छ । श्रीकृष्ण त्यसैका बारेमा बताउँदै हुनुहुन्छ । यदि जीवनमा प्रतिपल यस्तो मन नभएमा अचानक घटित हुने मृत्युको समयमा मनलाई स्थिर बनाउन सकिँदैन । त्यसैले ठिकसँग नबाँच्ने व्यक्ति ठिकसँग मर्न पनि सक्दैन । जससँग वर्तमानको क्षणमा उभिने क्षमता हुन्छ उसमा सबै ज्ञानको रहस्यको द्वार आफैं खुल्छ र अज्ञानको सारा बादल स्वतः हट्छ ।

श्रीकृष्ण यही काल र क्षणको कुरा गर्दै हुनुहुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! जुन समय र मार्गबाट शरीर छाडेर गएका योगीजन पछि फर्केर आउनुपर्छ वा आउनुपर्दैन त्यस समयका बारेमा ‘म’ तिमीलाई भन्दछु । योगीजन पनि दुई प्रकारका छन् । श्रीकृष्ण दुवै प्रकारका व्यक्तिहरूलाई योगीजन भन्नुहुन्छ । योग पनि दुई प्रकारको छ एउटा जसलाई हामी परमयोग भन्छौं जो अभ्यास, क्रिया, साधनामा भरोसा गर्दैन त्यही परमयोगको पुरानो नाम साङ्ख्य हो । साङ्ख्य (Sudden enlightenment) तत्काल घटना घट्ने कुरामा विश्वास गर्छ । यदि कुनै व्यक्ति वर्तमानको क्षणमा यही र अहिले उभिन तयार भएमा कुनै योगाभ्याास र ध्यानको आवश्यकता हुँदैन; उसको परमसँग मिलनको घटना केही नगरीकन नै घट्न सक्छ किनभने उससँग हामी कहिले बिछोड भएका नै छैनौं । त्यसैले उसलाई पाउनका लागि कुनै बाटो

तय गर्न जरुरी छैन । जससँग हामी कहिले अलग नै छैनौं भने उसलाई बुझ्न कुनै पनि विधि र बिधानको आवश्यकता हुँदैन तर केही हुने वा पाउने इच्छा बाँकी छ भने साङ्ख्य उसको मार्ग हुन सक्दैन ।

त्यस्तै अर्को मार्ग पनि छ जसमा योगीजन मृत्युपछि पुनर्जन्ममा आउने गतिमा प्राप्त हुन्छन् । यस्ता योगीहरू पनि छन् जो योगको अभ्यास कुनै वासना र कामनाले गरिरहेका हुन्छन् । त्यो वासना परमात्मालाई पाउने वासना पनि हुन सक्छ । जहाँ कुनै प्रकारको चाहना हुन्छ, त्यहीँ भविष्यको जन्म हुन्छ र जहाँ भविष्य छ त्यहाँ अतीतसँग सहारा लिनुपर्छ, अन्यथा भविष्यको अञ्जान लोकमा प्रवेश हुन सक्दैन । त्यहाँ अतीतको आधार नै अनुभव बन्दछ । अतीतको ज्ञान र भविष्यको कामनामा मर्ने व्यक्ति फेरि फिर्ता हुन्छ । मर्ने क्षणमा हे प्रभु ! पुनर्जन्म नहोस् भन्ने मात्र कामना भए पनि पुनर्जन्म हुन्छ । कुनै पनि चाहना नभएको काल वा क्षणमा जो व्यक्तिले शरीर छोड्छ, उसको यात्रा परमधामतिर हुन्छ तर आखिरी क्षणमा मोक्षको वासना पनि रह्यो भने जतिसुकै योगसाधना गरे पनि पुनर्जन्म हुन्छ । यदि कुनै वासनाले योग साधना गरेको छ भने उसको पुनर्जन्म निश्चित हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- माथि बताइएका दुई प्रकारका मार्गहरूमध्ये जुन मार्गमा अग्नि, ज्योति, दिन तथा शुक्लपक्ष र उत्तरायणको ६ महिना छ त्यस मार्गमा मरेर गएका ब्रह्मवेत्ता पुरुष ब्रह्ममा प्राप्त हुन्छन् । दुई मार्ग अर्थात् उत्तरायण र दक्षिणायनको चर्चा गर्ने क्रममा यो पहिलो श्लोकमा पहिलो मार्गको चर्चा गरिएको छ । यो चर्चा अति सूक्ष्म भएकोले यसमा प्रयोग गरिएका प्रतीकहरूको कतै-कतै अपव्याख्या पनि भएको छ । अन्तरतम जगत्को गहन र मिठो रहस्य बताउन प्रतीक चुन्नुपर्छ किनभने त्यस्ता कुरा सिधै बताउन सकिँदैन । जीवनमा आनन्द घटित हुँदा त्यो आनन्दलाई बताउनका लागि प्रतीककै सहारा लिनुपर्छ ।

मनुष्यको चेतनाको यात्राका लागि योगशास्त्र र वैदिक वाङ्मयले दुई प्रकारका पथको विभाजन गरेका छन् । सूर्य जब भूमध्य रेखाको उत्तरमा हुन्छ र त्यसैतिर बढिरहेको हुन्छ, तब त्यो उत्तरको पथ हुन्छ । त्यस्तै सूर्य जब भूमध्य रेखाको दक्षिणतिर बढिरहेको हुन्छ अर्थात् तल उत्रिरहेको हुन्छ तब त्यो दक्षिणको पथ हुन्छ । मनुष्यलाई पनि दुई हिस्सामा विभाजित गर्दा कामवासनाकेन्द्रको तलको मार्ग दक्षिण र त्यो केन्द्रको माथिको मार्ग उत्तर हुन्छ । मनुष्यभित्र अग्निऊर्जा जसलाई पश्चिममा जीवशास्त्रीहरू जीवऊर्जा भन्छन्, त्यो जीवऊर्जालाई पूर्वमा सदा सूर्यको प्रतीकका रूपमा मानिएको छ किनभने समस्त जीवऊर्जा सूर्यबाट नै प्राप्त हुन्छ । मनुष्यको गर्भको विकास हुने ऊर्जाका साथै हामी भित्रको जीवऊर्जा सूर्यबाट नै प्राप्त हुन्छ । त्यसैले भित्रको ऊर्जाका लागि पनि सूर्यको प्रयोग गर्नु उचित हुन्छ । मनुष्यको चेतनामा जुन घटनाहरू घट्छन् ती गहन रूपमा सूर्यसँग सम्बन्धित हुन्छन् । मनुष्यलाई पनि भूमध्य रेखा बनाएर र कामकेन्द्रबाट एउटा रेखा खिचेमा तलको हिस्सा दक्षिणपथ हुन्छ र माथिको हिस्सा उत्तरपथ हुन्छ । जब जीवऊर्जा दक्षिणायन अर्थात् तल खुट्टातिर उत्रिन्छ, त्यसबेला जुन मृत्यु घटित हुन्छ त्यो एक प्रकारको मृत्यु हुन्छ । जब त्यो जीवऊर्जा कामकेन्द्रबाट माथि शिरतर्फ अर्थात् उत्तरायणमा प्रवाहित हुन्छ तब प्राप्त हुने मृत्यु अर्कै प्रकारको हुन्छ । यी दुवैको यात्रा अलग हुन्छ । जब जीवऊर्जा तलतिर उत्रिन्छ, तब अत्यधिक ऊर्जा कामकेन्द्रको तलतिर अर्थात् दक्षिणायनतिर धकेलिन्छ । जबसम्म हाम्रो चित्त कामवासनामा रत रहन्छ तबसम्म हाम्रो खुट्टाको पाइताला तातो हुन्छ ।

तर जब हाम्रो ऊर्जा कामकेन्द्रबाट माथि उर्ध्वगमनतिर यात्रा गर्छ त्यस समय हाम्रा खुट्टा चिसा हुन थाल्छन् र हाम्रो शिरको तालु तातो हुन थाल्छ । बुद्ध जस्ता योगीका खुट्टा चिसा, शीतल हुन्छन् । धेरै समयदेखि गुरुको चरणमा शिर राख्दा शिष्यलाई अहिले उत्तरायणको अवस्था भए नभएको थाहा हुन्थ्यो र गुरु आफ्नो हात शिष्यको शिरमा राखेर दक्षिणायन वा उत्तरायण कुन अवस्थामा शिष्य छ भन्ने थाहा पाउँथे । मनोविश्लेषण गर्दा फ्रायड, जुङ्ग आदिबाट पत्ता लगाउन वर्षौं लाग्ने कुरा प्राचीन गुरुहरूले शिरमा हात राखेर क्षणभरमा उत्तरायण र दक्षिणायनको स्थितिलाई पत्ता लगाउँथे । दक्षिणायनको समयमा यदि

ऊर्जा कामकेन्द्रबाट तल खुट्टातिर बगिरहेको क्षणमा कसैको मृत्यु भयो भने उसको पुनर्जन्म निश्चित हुन्छ तर ऊर्जा कामकेन्द्रबाट शिरतिर अर्थात् ऊर्ध्वमुखी भएको छ भने यस्तो क्षणमा मृत्यु हुने व्यक्तिको पुनर्जन्म हुँदैन र ऊ मुक्त हुन्छ । त्यस्तै उत्तरायणको छ महिना हाम्रो जीवनको शरीरको आधा हिस्सा तर्फको इसारा हो । पहिलेको वर्णव्यवस्थाअनुसार विभाजित चार आश्रम व्यवस्थामा पचास वर्षसँगै उत्तरायण सुरु हुन्थ्यो र पचहत्तर वर्षमा जब ऊर्जा ऊर्ध्वगामी हुन्थ्यो, तब घर छाडेर व्यक्ति सन्न्यस्त हुन्थे ।

यी दुई प्रकारका मार्गमध्ये अग्नि, ज्योति, दिन, शुक्लपक्ष र उत्तरायणको ६ महिनाको समयमा मरेर गएकाहरू ब्रह्मवेत्ता पुरुष ब्रह्ममा प्राप्त हुन्छन् भनेर श्रीकृष्ण भन्नुहुन्छ । अग्नि, ज्योति, दिन र शुक्लपक्ष यी चार शब्द कृष्णले प्रयोग गर्नुभएको छ । अग्निमा इन्धनका साथै उत्ताप पनि हुन्छ । ज्योतिमा इन्धन र धुवाँ हुँदैन साथै ताप पनि कम हुन्छ । अग्निमा ज्वाला हुन्छ र त्यो ज्वाला जहाँ पनि दौडिन सक्छ तर ज्योतिमा ज्वाला स्थिर भएर एक हुन्छ । अग्नि अनेक ज्वालावाला हुन्छ भने ज्योति एक ज्वालावाला मात्र हुन्छ । दिनको समयमा छ्याङ्ङ उज्यालो हुन्छ जहाँ ज्वाला पनि हुँदैन केवल प्रकाश मात्र हुन्छ । सूर्य नउदाएको अवस्था दिन हो र केही बेरमा सूर्य उदाएपछि अग्निको प्रभाव सुरु भई दिन तापपूर्ण हुन्छ । रात्रि समाप्त भइसकेर सूर्य प्रकट नभएको सन्ध्याको क्षणमा केवल प्रकाश हुन्छ ताप हुँदैन, त्यही दिन हो। ज्योतिमा केही ताप हुन्छ तर दिनमा प्रकाश हुन्छ ताप हुँदैन । अग्निभन्दा ज्योति र ज्योतिभन्दा दिनमा प्रकाश क्रमशः कम हिंस्रक हुँदै जान्छ तर दिनमा पनि पूरा शीतलता हुँदैन किनभने सूर्य निकट नै हुन्छ र चाँडै उदाउने क्रममा भएकाले अलिकति ताप दिनमा पनि हुन्छ । शुक्लपक्षको रात्रिमा त्यो ताप पनि समाप्त भएर केवल प्रकाश र पूर्ण शीतलता मात्र हुन्छ ।

जसले आफ्नो ऊर्जालाई कामकेन्द्रबाट माथितिर लैजान्छ, तब उसलाई पहिलो अनुभव अग्निको हुन्छ । त्यो अनुभव धेरै तापको आगोजस्तो हुन्छ । कामकेन्द्र त्यो अग्निले जल्दछ र ज्वालाले भरिन्छ तर व्यक्तिले धैर्यपूर्वक साहस गरेर ऊर्जालाई बहिर्गमनतिर लैजाने हतार नगरी त्यसलाई सहने हिम्मत गरेर ऊर्जालाई माथितिर लैजाने निश्चय गऱ्यो भने त्यो कामकेन्द्रमा जम्मा भएको सूर्यजस्तो गोलो अग्निको विन्दु ज्वाला ज्योति बन्दछ । जसरी दियोको ज्योति वा अग्नि माथितिर जान्छ त्यस्तै ज्योति बन्नासाथ परमानन्दको अनुभव हुन्छ किनभने ताप अब कम हुन्छ । धपधप बलेको अग्निको कोइला जलेर अब ज्योति बन्छ । यो ज्योतिमा पनि अलिकति ताप हुन्छ र यसमा हलचल र चञ्चलता हुन्छ । कुनै पनि वासनाको तीव्र झड्काले ज्योतिलाई तल लैजान सक्छ । यस्तो अवस्थामा अझ संयम अपनाउन सकियो भने यो ज्योति दिनजस्तो हुन्छ, तब सूर्य उदाइनसकेको र रात्रि समाप्त भइसकेको बिहानीको क्षणमा चारैतिर आलोकले भरिएको अनुभव हुन्छ । यस्तो अवस्थामा यो ज्वाला माथितिर उठेर आलोक बन्छ तर अहिले पनि ताप अलिकति भए पनि उपस्थित छ किनभने ज्योति नै आलोक बनेको हुनाले ज्योतिको कण यो अवस्थामा पनि उपस्थित हुन्छ र पूर्ण रूपान्तरण भएको हुँदैन साथै शीतलता पनि प्राप्त भएको हुँदैन ।

यो तेस्रो चरणमा सर्वाधिक धैर्यको आवश्यकता हुन्छ । अग्निलाई सहन गर्नु त्यति कठिन हुँदैन । अग्निमा पीडा त ज्यादा हुन्छ तर अग्निमा दिक्दारी उत्पन्न हुँदैन किनभने त्यसमा ज्यादै उत्तेजना हुन्छ । उत्तेजनासँग हामी सजिलै बाँच्न सक्छौं । त्यस्तै ज्योतिसँग पनि बाँच्न कठिन छैन किनभने त्यसमा पनि चञ्चलता हुन्छ र चञ्चलतामा मन समायोजित भएर बाँच्न सक्छ । जब तेस्रो घडी दिन आउँछ, जहाँ बिहानीको प्रकाशमा दिक्दारी (Boredom) उत्पन्न हुन्छ, तब यो तेस्रो अवस्थामा व्यक्ति दुखी हुन सक्छ । अग्निको क्षणमा व्यक्ति तेजस्वी हुन्छ र ज्योतिको समय त्यो तेजस्विता अलि कम हुन्छ तथापि ताप र चञ्चलता हुन्छ तर यो तेस्रो क्षणमा गहन उदासीनताले समात्न सक्छ किनभने त्यहाँ कुनै चञ्चलता हुँदैन केवल प्रकाश मात्र शेष रहन्छ । त्यस समय धैर्यको ज्यादा आवश्यकता हुन्छ । अन्तिम समयमा मन अत्यन्त बेचैन हुन्छ र मनले अहिले पनि फर्किन सकिन्छ भनेर चिढाउन पनि सक्छ, साथै ताप अहिले पनि

थोरै भए पनि उपस्थित हुन्छ जुन कामशक्ति बन्न सक्छ । जबसम्म ताप हुन्छ तबसम्म फर्किन सक्ने स्थिति बनिरहन्छ । यस अवस्थामा धैर्यपूर्वक ऊर्ध्वगमनको यात्रा जारी राख्यो भने अन्तिम घटना घट्ने छ ।

यस्तो अवस्थाको प्रकाश शुक्लपक्षमा भएजस्तो भिन्न हुन्छ । कृष्णले पूर्णिमा नभनेर शुक्लपक्ष भन्नुभएको छ । चन्द्रमा पन्ध्र दिनमा पूर्ण हुने हुनाले तिनै पन्ध्र दिनहरूमा चौथो घटना पूरा हुन्छ । जुन दिन पूर्णिमा हुन्छ त्यस दिन शीतलता हुन्छ । यदि त्यो क्षणमा मृत्यु भयो भने बुद्धत्व प्राप्त भएर ब्रह्मको उपलब्धि हुन्छ । बुद्धको जन्म, उहाँलाई पहिलो संबोधी प्राप्ति र उहाँको महापरिनिर्वाण पनि पूर्णिमाको दिनमा भएको हो । यसको ऐतिहासिक मूल्यभन्दा पनि यसको मूल्य भित्रको शुक्लपक्षसँग नै हुन सक्छ । यो चौथो अवस्थालाई पन्ध्र टुक्रा गर्न सकिन्छ । शुक्लपक्षमा चन्द्रमा बढेको अवस्थामा हुन्छ । जब कुनै मानिस पूर्णिमाको स्थितिमा हुन्छ र यही अवस्थामा पृथ्वीबाट बिदा लिन्छ भने उसको पुनर्जन्म हुँदैन । ब्रह्मको उपलब्धि प्राप्त भइसकेकाले उसको यात्रामा पूर्णविराम लाग्छ ।

मनुष्यहरूमा सात चक्र हुन्छन् । कामकेन्द्रलाई प्रथम केन्द्र मान्ने हो भने बाँकी छ चक्र रहन्छन् । कामकेन्द्रलाई भूमध्य रेखा मानेर त्यसलाई चक्रको रूपमा गणना नगर्ने हो भने छ चक्र बाँकी रहन्छन् । ती छ चक्र छ महिना हुन् । कामकेन्द्रका तल पनि छ चक्र हुन्छन् तर ज्ञानीहरूले ती चक्रको चर्चा गरेका छैनन् किनभने त्यसको कुनै प्रयोजन छैन । यी छ चक्रलाई ध्यानमा राख्यौं भने हामी उत्तरायणका छ महिनालाई बुझ्न सक्छौं । जब चार यात्रा अर्थात् अग्नि, ज्योति, दिन र शुक्लपक्षको यात्रा पूरा गरेर पूर्णिमाको अवस्थामा पुग्न सकिन्छ ठिक त्यही समयमा छ महिना अर्थात् छ चक्रलाई पार गरी सहस्राधारमा चेतना पुगेर पूर्णिमाको जस्तो प्रकाश भयो भने ब्रह्मको उपलब्धि हुन्छ । त्यो क्षणमा मर्नुभन्दा ठुलो सौभाग्य अरू केही पनि हुँदैन । त्यस क्षणमा जे घटित भए पनि सौभाग्य हुने हुनाले यस अवस्थाबाट फिर्ता हुनुपर्दैन ।

बुद्धलाई मृत्युभन्दा चालिस वर्ष अघि ज्ञान भयो । जुन दिन ज्ञान प्राप्त भयो त्यही दिन शुक्लपक्ष पूरा भयो । त्यस दिनमा नै उत्तरायणको सूर्य आफ्नो स्थितिमा पुग्यो र त्यस दिनबाट तल झर्न बन्द भयो । उहाँको मृत्यु त चालिस वर्षपछि मात्र भयो । बौद्ध धर्मावलम्बीहरू बुद्धलाई जुन दिन ज्ञान प्राप्त भयो त्यसलाई निर्वाण भन्छन् । एक अर्थमा त्यो दिनमा उहाँको मृत्यु घटित भयो किनभने अब कुनै पुनरागमन हुने छैन । जुन दिन शरीर छुट्यो, त्यो दिनलाई उनीहरू महापरिनिर्वाण भन्छन् । जहाँसम्म शरीरको सम्बन्ध छ, त्यो चालिस वर्षअघि नै छुटिसकेको थियो तर जगत्ले जान्ने गरी चालिस वर्षपछि मात्र उहाँको शरीर छुट्यो । चालिस वर्षमा भित्रको समयले एकक्षण पनि गति लिएन तर बाहिरको समय चल्दै गयो, भित्रको घडी त चालिस वर्षअघि नै बन्द भइसकेको थियो । जुन व्यक्तिलाई ३५ वर्षपछि ज्ञान हुन्छ; उनीहरू लामो समयसम्म जीवित रहन्छन् किनभने उनीहरूलाई ज्ञान प्राप्त हुँदाको उमेर शिखरमा पुगेको हुन्छ बाँकीको अवधि त शरीरको यात्रा मात्र हुन्छ । जसलाई ३५ वर्षअघि ज्ञान हुन्छ उनीहरू धेरै बाँच्दैनन् जस्तो- जिसस, शङ्कराचार्य किनभने उहाँहरू उमेरको उचाइको उक्लिने क्रममा हुनुहुन्थ्यो । यस्ता व्यक्तिलाई ज्ञान प्राप्त भएपछि २-४ कदममा नै जीवन रोकिन्छ । त्यसैले उत्तरायणमा अग्नि, ज्योति, दिन र पूर्णिमाको शान्तिपूर्ण प्रकाशको मिलनमा मृत्यु हुने व्यक्ति ब्रह्मलाई प्राप्त गर्दछ ।

*धूमो रात्रिस्तथा कृष्णः षण्मासा दक्षिणायनम् ।*
*तत्र चान्द्रमसं ज्योतिर्योगी प्राप्य निवर्तते ॥२५॥*

**धुवाँका, रात्रिका, कृष्णपक्षका, दक्षिणायनका छ महिनामा शरीर त्याग्ने योगी सम्बन्धित अधिष्ठातृ देवताकासाथ चन्द्रमाको ज्योति प्राप्त गरी स्वर्गमा आफ्नो शुभकर्मको फल भोगेर पुनः पृथ्वीमा फर्केर आउँछन् ॥**

*शुक्लकृष्णे गती ह्येते जगतः शाश्वते मते ।*
*एकया यात्यनावृत्तिमन्ययावर्तते पुनः ॥२६॥*

**यस संसारबाट प्रस्थान गर्ने दुईवटा मार्ग छन्; तीमध्ये पहिलो शुक्ल या प्रकाश अर्थात् देवयान र दोस्रो कृष्ण या अन्धकार अर्थात् पितृयान मार्ग हो । पहिलो शुक्लमार्गबाट जानेहरू नफर्कने र दोस्रो कृष्ण या अन्धकार मार्गबाट जाने योगी पुनः फर्केर आउँछन् ॥**

जो व्यक्ति प्रभुको सतत साधनामा लीन भएर उत्तरायण मार्गबाट मृत्यु प्राप्त गर्दछ उसको पुनर्जन्म हुँदैन अर्थात् ऊ आफ्नो स्वभावलाई प्राप्त गर्दछ । दक्षिणायन मार्गमा साधनामा तल्लीन हुने व्यक्तिहरू मृत्युपछि बढीभन्दा बढी स्वर्गसम्म प्राप्त गर्न सक्छन् तर मोक्ष प्राप्त गर्न सक्दैनन् । स्वर्गमा उसको कर्मफल क्षय भएपछि ऊ पुनः जन्म लिएर फिर्ता हुन्छ । जसको कामऊर्जा बहिर्मुखी छ र कामवासना तलतिर प्रवाहित छ यस्तो व्यक्तिको कामऊर्जा तलतिर बगे पनि अनेक प्रकारका साधना गरेर ऊ योगी बन्न सक्छ । उसका प्रायःजसो योगप्रक्रियाहरू दमनका हुन्छन् र ऊ कामऊर्जालाई उर्ध्वगतितिर लैजाँदैन, केवल कामऊर्जालाई सङ्कुचित मात्र गर्दछ र ऊर्जा कामकेन्द्रमा नै जम्मा भएर उसको बहिर्गमन भने बन्द हुन्छ ।

कामकेन्द्रमा जम्मा भएको ऊर्जा कि त स्त्री वा पुरुषको शरीरतिर बग्नुपर्‍यो अथवा त्यो ऊर्जा उर्ध्वगमनको मार्गमा बगेर सहस्राधारसम्म पुग्नुपर्‍यो वा बहिर्गमनतिर नबही आफ्नै शरीरमा तलतिर ऊर्जा बग्नुपर्‍यो । यो आफ्नै शरीरमा कामकेन्द्रमा जम्मा भएको ऊर्जा तलतिर बग्नु दक्षिणायन मार्ग हो । यस्तो पुरुष तेस्रो प्रकृतिको ऊर्जालाई आफ्नै शरीरमा तलतिर प्रवाहित गर्छ । ऊ स्त्रीसँगको सम्बन्धबाट ठिक उस्तै मुक्त हुन्छ जस्तो उर्ध्वगमनमा ऊर्जा बग्दा मुक्त भएको व्यक्ति हुन्छ । दुवै मार्गमा ऊर्जा बाहिर निस्किन बन्द हुन्छ तर जसले आफूभित्र दमन गरेको छ उसको ऊर्जा तलतिर बग्छ र जो उर्ध्वगमनको मार्गमा हुन्छ उसको ऊर्जा माथितिर बग्छ । कामकेन्द्रको तल पनि छ वटा केन्द्रहरू छन् जस्तो कामकेन्द्रभन्दा माथि छ वटा केन्द्र हुन्छन् । यो ऊर्जा तलका छ केन्द्रमा बग्यो भने पनि केही अनुभूतिहरू हुन्छन् । हठयोगका धेरै प्रयोगहरूमा कामऊर्जालाई बाहिर जानबाट रोकिन्छ एवम् ऊर्जा माथितिर प्रवाहित गरिँदैन र शरीरमा नै तल खुट्टातिर अन्तरप्रवाह हुन थाल्छ । यस्तो साधकले पनि अनेक उपलब्धिहरू पाउन सक्छ । यस्तो साधकको उपलब्धिलाई पश्चिममा कालो जादु (Black magic) र पूर्वमा 'मैली विद्या' भनिन्छ तर यी साधकहरूमा काम ऊर्जालाई बाहिर जानबाट सीमित गर्ने उपलब्धि भने हुन्छ । जीवनमा जैविक प्रवाहबाट यस्तो व्यक्ति बाहिर हुन्छ र यो बाहिरिनु नै यस व्यक्तिको पुण्य हुन्छ । यसप्रकारको पुण्यको बलमा जीवनको अधिकतम सुख प्राप्त गर्न सकिन्छ तर आनन्दलाई प्राप्त गर्न भने सकिँदैन । गहनतम सुखलाई पाउने व्यवस्थाको नाम नै स्वर्ग हो । यस्तो सुख ऊर्जा बाहिर प्रवाहित हुने व्यक्तिले कहिल्यै पाउँदैन । यस्तो व्यक्तिले त्यस्तो आनन्द प्राप्त गर्न सक्दैन जुन ऊर्जा उर्ध्वगमनको यात्रामा गएको व्यक्तिले पाउँछ तर यस्तो व्यक्तिले ऊर्जाको गमन बाहिर गर्ने व्यक्तिभन्दा अत्यधिक सुख पाउँछ ।

तन्त्रले पनि यो आन्तरिक प्रवाहका सम्बन्धमा धेरै विवेचना गरेको छ । जो व्यक्ति दुखबाट मुक्त हुन चाहन्छ त्यो सुखाकाङ्क्षी हो । जीवनको अनुभव लिएको व्यक्तिले सुख पनि दुखको एउटा रूप हो भन्ने जान्दछ । जो सुख र दुख दुवैबाट मुक्त हुन चाहन्छ त्यस्तो व्यक्ति उत्तरायणको मार्गमा यात्रा गर्दछ । उत्तरायणको मार्गमा हिँड्न चाहनुको अर्थ व्यक्ति अब अनुभव होइन मुक्ति चाहन्छ भन्ने हो । संसारको वा परमात्माको अनुभव पनि बन्धन नै हो । मुक्तिको आकाङ्क्षा राख्नेले अन्ततः बन्धनबाट छुट्नैपर्ने हुन्छ । हामी जे चाहन्छौँ, त्यो प्राप्त हुनेबित्तिकै त्यसबाट दुख मात्र पाइन्छ । वास्तवमा चाहनाले दुख दिँदैन उपलब्धिले दुख दिन्छ । सुखले गहिरो दुखमा पुर्‍याउँछ र सुख पनि दुख हो भन्ने प्रतीति जुन दिन हुन्छ त्यो दिन व्यक्तिको उत्तरायण अर्थात् उसको भित्रको सूर्य मुक्तिको दिशाको आयाममा उठ्न थाल्छ ।

मोक्षको आयाम निर्वासनाको आयाम हो त्यहाँ कसैसँग होइन, केवल मुक्त मात्र हुनु छ । केवल स्वतन्त्रता हुनु मुक्ति हो र यो मुक्तिको चाहना उत्तरायण मार्गको चाहना हो । त्यसैले बुद्धलाई कसैले ईश्वर र मोक्षका बारेमा सोध्दा उहाँ चुप बस्नुहुन्छ । बुद्धले भन्नुभएको छ- मानिसहरू ईश्वर र मोक्षको कुरा गर्दा ईश्वर र मोक्ष पाउन आतुर हुन्छन् । त्यसबेला वासना पुनः निर्मित हुन्छ । बुद्धको भनाइलाई हामीले बुझ्न नै सकेनौँ । कसैले साधना किन भनेर सोध्दा उहाँ भन्नुहुन्छ- साधना पर्याप्त छ साधना किन भनेर नसोध; किन भन्ने बित्तिकै वासना आउँछ । उहाँलाई निर्वाणमा के हुन्छ र के पाइन्छ भनेर सोध्दा जबसम्म केही पाउने कुरा छ, त्यो संसारमा हुन्छ मोक्षमा त केवल हुन्छ भन्नुहुन्छ । आनन्दका सम्बन्धमा बुद्ध भन्नुहुन्छ- शब्दको कुरा नै नगर किनभने मैले आनन्दका बारेमा केही बताएँ भने तिमी त्यसलाई सुख नै सम्झिन्छौ; तसर्थ आनन्दलाई तिमी आफैँ अनुभव गर । त्यसैले बुद्धले भन्नुभयो- तिमीहरू मलाई गलत प्रश्नको गलत जवाफ दिन नलगाऊ । हामीले बुद्धलाई नबुझी उहाँलाई महानास्तिक घोषणा गर्‍यौँ ।

हाम्रा सारा खोज प्राप्ति र उपलब्धिमा निर्भर हुन्छन् । उत्तरायण तब सुरु हुन्छ, जब व्यक्ति सुख-दुख दुवैबाट छुट्छ । यो सुख-दुख छोड्ने बित्तिकै ऊर्ध्वगमन सुरु हुन्छ । हामी दुख छोडेर सुख प्राप्त गर्न चाहन्छौँ भने बाहिर जान छोड्नुपर्छ किनभने दुख सदा अरूका कारणले प्राप्त हुन्छ । त्यसैले व्यक्ति जब दुखी हुन्छ, तब मदिरापान गर्छ जसले बाहिरको सम्बन्ध टुटाउँछ र व्यक्ति आफूमा बन्द हुन्छ । मदिराले यसरी बेहोस पारिदिन्छ कि व्यक्तिलाई बाहिरको कुनै स्मरण नै हुँदैन । केही बेरका लागि दुखबाट छुट्कारा मात्र गराउँछ । सुख पाएको जस्तो लाग्नुको अर्थ जुन सम्बन्धबाट दुख पाइन्छ त्यसबाट टुट्नु हो । दक्षिणायनको पथ विना बेहोसी सम्बन्ध तोड्ने पथ हो । सारा वासनाहरूलाई कामकेन्द्रमा जम्मा गरेर कामकेन्द्रको द्वार बन्द गरिदिनु हो । दमनको ब्रह्मचर्य पनि यही हो । कामकेन्द्र बन्द हुने बित्तिकै सारा ऊर्जा जम्मा हुन्छ । ऊर्ध्वगमनको यात्रा गरेर मुक्तिको बाटामा जानु छैन भने पनि ऊर्जा गत्यात्मक हुने हुँदा यसले गति लिन्छ किनभने ऊर्जा गत्यात्मक हुन्छ । ऊर्जाका लागि तीनवटा मार्गहरू छन्; तीमध्ये पहिलो मानिसद्वारा ऊर्जालाई बहिर्गमन गर्ने प्राकृतिक मार्ग जसमा सबै पशु, पक्षी, वनस्पतिहरू बाँच्छन् र अत्यधिक मानिस पनि यसैमा बाँच्छन् । दोस्रो ऊर्ध्वगमनको मार्ग जुन अतिप्राकृतिक छ र त्यो प्रकृतिको पार जाने मार्ग हो जसले परमात्मामा पुर्‍याउँछ ।

तेस्रो तलतिर जाने मार्ग हो जसबाट प्रकृति भन्दा तल पुगिन्छ । यो माथि जाने मार्ग नभएर तल जाने मार्ग हो । कृष्ण तल जाने मार्गका बारेमा बताउनुहुन्छ । धुवाँ, रात्रि, कृष्णपक्ष र दक्षिणायनका छ महिनामा मरेर जाने योगी चन्द्रमाको ज्योति प्राप्त गरी स्वर्गीय आनन्द भोगेर पुनः फर्केर आउँछन् । उत्तरायणको मार्गमा अग्नि प्रथम प्रतीकको रूपमा हुन्छ । माथितिर अग्नि बढेपछि ज्योति बन्छ । ज्योति अझ माथि बढ्दा दिन र दिन अझ माथि बढेपछि शुक्लपक्ष बन्छ र पूर्णिमामा अन्त हुन्छ । तलको मार्गमा अग्नि अब बिचमा छ । माथि गएको भए ज्योति बन्थ्यो तलतिर जाने हुँदा धुवाँ बन्छ। जति वासनामा तल उत्रिन्छौँ अग्निलाई भिजेको दाउरा उपलब्ध हुन्छ । वासना भिजेको दाउरा वा इन्धन हो जसले आफ्नो कामवासनालाई बाहिर जानबाट रोक्छ । यस स्थितिमा ऊर्जा रोकिन्छ तर भित्रको रस रोकिन्न अनि त्यो रस भित्र बगिरहेको हुन्छ । त्यसैले कृष्णले धुवाँको प्रतीक चुन्नुभएको हो । यसो गरेमा तलको यात्रामा प्रथम अनुभव नै धुवाँको हुन्छ । हामीलाई कहिलेकाहीँ वासना रोक्दा उकुसमुकुसको अनुभव हुन्छ । दबाएको वासनामा ज्योतिको स्पष्ट अनुभूति प्रतीत हुन सक्दैन । जुन व्यक्तिले वासना रोक्छ उसको चित्तमा धुवाँ भरिन्छ र स्वच्छ केही देखिँदैन किनभने सबै वासना अन्धो हुन्छ ।

वासना रोक्ने बित्तिकै भित्र धुवाँ भरिन्छ । यो धुवाँ तलतिर बग्दै गयो भने त्यो दिन नै रात्रिमा परिणत हुन्छ । गहन र सघन धुवाँ भएपछि रात्रिको अन्धकार निर्मित हुन्छ । धुवाँको अर्थ चित्तको शुद्धता नहुनु हो । त्यसैले धेरै हठयोगीहरूमा बुद्धिमत्ता देखिँदैन तर उनीहरूमा सङ्कल्प बलियो पाइन्छ । यो सङ्कल्प पनि कुनै सुख पाउने सङ्कल्प नै हो । यस्तो सङ्कल्पका साथ जसको ऊर्जा तलतिर बग्छ त्यस्तो

व्यक्तिलाई अब दुखको प्रतीति हुँदैन । जुन कामऊर्जा बाहिर गएर क्षणिक सुख दिन्छ, हठयोगीहरूलाई वा दक्षिणायनपथका व्यक्तिहरूलाई त्यही ऊर्जा अब वृत्त बनाएर शरीरभित्रबाट नै यिनीहरूलाई सुख प्रदान गर्छ जुन भित्री सुख बन्छ र त्यो सुख तामसी र अन्धकारपूर्ण हुन्छ । मुक्तिका निम्ति मनबाट मुक्त हुनुपर्ने हुन्छ तर मनलाई ढुङ्गो जस्तो जड बनाएर पार हुनु कदापि उपयुक्त होइन । मनबाट पार भएर जडता पाउनु मनबाट पार हुनु होइन केवल अविचारको अवस्थामा पुग्नु मात्र हो, निर्विचार अवस्थामा होइन । निर्विचार अवस्थामा त्यो व्यक्ति हुन्छ जो चाहेमा विचार गर्न सक्छ तर विचार गर्दैन र अविचारको स्थितिमा त्यो व्यक्ति हुन्छ जो चाहेमा पनि विचार गर्न सक्दैन । नपुंसकता र ब्रह्मचर्यमा फरक भएजस्तै अविचार र निर्विचारको स्थितिमा पनि फरक हुन्छ ।

कुनै पनि सङ्कल्पवान् व्यक्तिले कुनै प्रकारको सङ्कल्प गरेमा सबैभन्दा पहिले उसको कामऊर्जा बग्न बन्द हुन्छ तर कामऊर्जा नष्ट हुँदैन जुन जम्मा भएर तलतिर बग्न थाल्छ । यो भित्रको प्रवाहमा पहिलो अनुभव धुवाँको हुन्छ किनभने भित्र स्वच्छता हराउँछ र दोस्रो अनुभव अन्धकारको हुन्छ किनभने भित्र धुवाँ भरिएर रात्रि छाउँछ र कुनै परको वस्तु देखिँदैन; केवल स्वयम्को अलिकति बोध हुन्छ । जति हामी माथितिर बग्छौँ, त्यति नै स्वयम्को बोध कम हुन्छ र जति हामी तल उत्रिन्छौँ परको बोध त्यति कम हुन्छ । उत्तरायणको मार्गमा 'स्व'को बोध कम  हुन्छ । अग्नि रहुन्जेल जलनपूर्वक 'स्व'को बोध हुन्छ र जब अग्नि ज्योति बन्छ, तब 'स्व'अर्थात् अहङ्कार समाप्त हुन थाल्छ। ज्योति दिन बन्नासाथ अहङ्कार छरिएर जान्छ र जब दिन शुक्लपक्ष बन्छ, तब चन्द्रमा ठुलो भएर 'स्व'को बोधरूपी अहङ्कार क्षीण हुन थाल्छ र जुन दिन पूर्णिमाको चन्द्रमा बन्छ तब अहङ्कार पूर्ण रूपमा विसर्जन हुन्छ । तलको दक्षिणायनको पथमा परको बोध कम हुँदै जान्छ । जति धुवाँ भरिन्छ त्यति अहङ्कार बढ्छ अनि अन्य कुरा धमिलो देखिन्छ । अन्य कुराहरू घर, पत्नी, सन्तान, धन सबै छुट्दैनन् तर धमिलो हुन्छ र व्यक्ति आफूभित्र खुम्चिन थाल्छ । व्यक्ति जति भित्र खुम्चिन्छ, अहङ्कार त्यति नै ठोस हुन थाल्छ, भित्र जडता बाक्लो हुन थाल्छ । अन्धकारले चारैतिरबाट व्यक्तिलाई घेर्छ र अरूहरू नदेखिए पनि ठोकिन भने सक्छ ।

यसपछि कृष्णपक्षको अँध्यारो रात्रिको बढ्ने क्रम अमावास्याको यात्रा र प्रत्येक रात्रि अझ गहन अँध्यारोले भरिन्छ उता चन्द्रमाको प्रकाश पनि हरेक दिन कम हुन थाल्छ । जुन मात्रामा शुक्लपक्षको पन्ध्र दिन हुन्छ, त्यही मात्रामा कृष्णपक्षको पनि पन्ध्र दिन पन्ध्र खण्ड हुन्छ र प्रत्येक रात्रिमा अन्धकार अझ बढेर जान्छ । जुन मात्रामा अन्धकार गहिरो हुन्छ, त्यही मात्रामा संसार भुल्न थाल्छ र आफू मेटिएको भ्रम पैदा हुन्छ तर व्यक्ति मेटिएको हुँदैन । यही भ्रमका कारण कृष्णपक्षमा यात्रा गर्ने व्यक्तिलाई पनि शुक्लपक्षमा यात्रा गरेजस्तै लाग्छ किनभने उसका निम्ति संसार अब देखिँदैन । त्यसैले म मुक्त भएँ भनेर सोच्न सक्छ तर जबसम्म अहङ्कारभित्र हुन्छ तबसम्म संसारबाट मुक्त हुन सकिँदैन । अहङ्कार शेष रहेसम्म कुनै पनि समय व्यक्ति फिर्ता हुन सक्छ। दक्षिणायनको मार्गमा जब अमावास्याको रात्रिमा पूर्ण अन्धकार हुन्छ, तब व्यक्तिको अहङ्कार पूर्ण भएर ऊ बिलकुल शून्य हुन्छ तर उसलाई परमात्माको कुनै बोध हुँदैन ।

पूर्णिमाको रातमा उपलब्ध भएको व्यक्ति पनि के भन्न सक्छ भने 'अहम् ब्रह्मास्मि' । यसको अर्थ हुन्छ अब 'म' शेष छैनँ, ब्रह्म मात्र मौजुद छ । अमावास्याको स्थितिमा पुगेको व्यक्तिले पनि 'अहम् ब्रह्मास्मि' भन्न सक्छ तर उसको 'अहम् ब्रह्मास्मि' को अर्थ अब कुनै अरू ब्रह्म छैन म नै ब्रह्म हुँ भन्ने हुन्छ । पूर्णिमाको रात्रीमा उत्तरायणको मार्गबाट पुगेको व्यक्तिमा कुनै पनि अहङ्कार हुँदैन र उसको अहम् पुण्यशून्य केवल शब्दको 'म' हुन्छ तर मपन पटक्कै हुँदैन र ऊ सारा ब्रह्मसँग एकाकारको कुरा गरिरहेको हुन्छ, ऊ सागरमा मिसिएको थोपा भएर अब सागर भइसकेको हुन्छ । तर दक्षिणायनको मार्गबाट अमावास्याको रात्रिमा पुगेको व्यक्तिको 'अहम् ब्रह्मास्मि' मा थोपालाई सागरको कुनै जानकारी हुँदैन तर

थोपा सागरमा मिसिएपछि भने त्यो सागरलाई देखेर आफू नै सागर भएको ठान्दछ । यस्तो व्यक्तिको 'म' नै सबै कुरा हुन्छ जो उसले अरूमा आरोपित गर्छ ।

जो उत्तरायणको मार्गमा यात्रा गर्छ उसको साधनाको मार्ग समर्पणको हुन्छ र दक्षिणायनको मार्गमा जाने व्यक्तिको साधना सङ्कल्पको हुन्छ । सङ्कल्पको अर्थ 'म'लाई साँध्नु हो र समर्पणको अर्थ 'म' लाई विसर्जित गर्नु हो । हठयोग त्यही सङ्कल्पको साधना हो । एउटा साधनाबाट व्यक्तिको पुनर्जन्म हुँदैन र अर्कोले पनि कहीँ त पुऱ्याउँछ तर त्यहाँबाट फर्किनुपर्छ । श्रीकृष्ण भन्नुहुन्छ- यो दोस्रो मार्गबाट मृत्युवरण गर्ने योगी स्वर्गमा आफ्नो कर्मको फल भोगेर फिर्ता हुन्छ । श्रीकृष्ण अर्को कुरा पनि भन्नुहुन्छ- धुवाँ, रात्रि, कृष्णपक्ष र दक्षिणायनको छ महिनामा मरेर जाने योगी चन्द्रमाको ज्योतिमा प्राप्त हुन्छ । यस्तो व्यक्ति स्वर्गमा आफ्नो भोग सकेर फर्किन्छ र चन्द्रमाको ज्योति प्राप्त गर्दछ । जसरी आकाशको चन्द्रमाको प्रतिविम्ब पोखरीमा बन्छ त्यस्तै जब कुनै व्यक्ति अन्धकारको गहनतामा हुन्छ तब त्यो गहन अन्धकारमा पनि चन्द्रमाको प्रतिविम्ब देखापर्छ । जब तलको हिस्सा व्यक्तिको पूर्ण अन्धकारले भरिन्छ, तब यो अन्धकारको गहनतामा नै चन्द्रमाको प्रतिविम्ब देखा पर्छ । अन्धकार अति पारदर्शी हुनाले झलक देखिन्छ। सङ्कल्प जब अन्धकारसँग जोडिन्छ, तब आफ्नो शिरमा चन्द्रमा झल्किन्छ र त्यही देखिन्छ ।

त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- यस्तो व्यक्तिलाई चन्द्रमाको ज्योति प्राप्त गरेर चन्द्रमा उपलब्ध हुँदैन । चन्द्रमा त उत्तरायणको मार्गको व्यक्तिलाई उपलब्ध हुन्छ । दक्षिणायन मार्गको व्यक्तिले चन्द्रमाको ज्योति मात्र देख्छ र त्यो ज्योति प्राप्त गरी स्वर्गीय भोग गरेर फिर्ता हुन्छ । स्वर्ग त्यो अवस्थाको नाम हो जहाँ दुख हुँदैन र सुख मात्र हुन्छ । दुख लुकेर बस्छ तर प्रवेश गर्न सक्दैन । सुखको भोग सकिएपछि त्यहीँ फर्किनुपर्छ । यो भौतिक र मानसिक दुवै अवस्था हो । जसले सुखको भोग गर्न पाउँछ उससँग सञ्चित भरिएको भोगको सीमा हुन्छ, जो खर्च नहुन्जेलसम्म उसले सुखको भोग गर्न पाउँछ । त्यो पुण्य खर्च भइसकेपछि फिर्ता भएर पुनः दुखको संसारमा फर्किनुपर्छ ।

त्यस्तै नर्कमा पनि आफ्नो पापको भोग पूरा भएपछि फर्किएर आउनुपर्छ र स्वर्गबाट पनि सारा सुख चुकेपछि फिर्ता हुनै पर्छ । जब कुनै मानिस पापकर्ममा संलग्न हुन्छ भने त्यो सङ्कल्पको कमीको कारणले नै हो । सङ्कल्पले दुष्कर्म नगर भन्छ तर वासना भने यो मौका नछोड भनेर उक्साउँछ । सङ्कल्पबाट स्वर्ग प्राप्त हुन्छ तर सङ्कल्पले मोक्ष पाइँदैन । सङ्कल्पको विसर्जन गरेपछि समर्पणबाट मात्र मोक्ष पाइन्छ । पूरा सङ्कल्प भएमा व्यक्ति दक्षिणायनको मार्गमा अगाडि बढ्छ र सङ्कल्प नभएमा व्यक्ति प्रकृतिको मार्गमा नै भड्किरहन्छ तर यी दुवैथरी आफ्नो भोग सकिएपछि फर्किनुपर्छ । त्यसैले श्रीकृष्ण भन्नुहुन्छ- यो दक्षिणायनको मार्गमा गएको व्यक्ति आफ्नो सञ्चित कर्मको फल भोगेर फर्कन्छ । संसारमा यी दुई शुक्ल र कृष्ण पक्ष, देवयान र पितृयान मार्गलाई सनातन भएको मानिन्छ । यसमा पहिलो मार्गबाट गएका व्यक्तिहरू फर्केर नआउने र दोस्रो मार्गबाट गएका व्यक्तिहरू फर्केर जन्म-मृत्युमा प्राप्त हुन्छन् ।

यो हाम्रो कर्मको उपलब्धि हो । हामीले जे गऱ्यौं, त्यसको फल त्यस्तै प्राप्त हुन्छ । कर्मको फल समयमा चुक्छ र हामीले गरेको कुनै कर्म पनि शाश्वत हुन सक्दैन । जतिसुकै महान् पुण्य र सुख पनि सकिन्छ र फर्किएर पुनः दीनहीन पुरानो स्थितिमा आउनै पर्छ । कर्मले केवल क्षणिक भोग मात्र दिन्छ । स्वर्गको भोग क्षणिक हुन्छ । सुख क्षणभरमा चुके जस्तो लाग्छ तर नर्क क्षणभर प्राप्त भए पनि शाश्वत जस्तो लाग्छ किनभने सुखले समयलाई छोटो पारिदिन्छ र दुखले समयलाई लामो जस्तो बनाउँछ । त्यसैले सङ्कल्पबाट गएको व्यक्ति सदा फिर्ता हुन्छ किनभने सङ्कल्प मानिसको कर्म हो । तर समर्पणको मार्गबाट गएका व्यक्तिहरू फिर्ता आउँदैनन् किनभने समर्पणको मार्गमा घट्ने घटना व्यक्तिको कर्मको फल होइन । समर्पण कर्म होइन, समस्त कर्मको विसर्जन हो । समर्पणबाट जो उपलब्ध हुन्छ त्यो प्रभुप्रसाद हो अर्थात् ईश्वरीय अनुकम्पा हो ।

*नैते सृती पार्थ जानन्योगी मुह्यति कश्चन ।*
*तस्मात्सर्वेषु कालेषु योगयुक्तो भवार्जुन ॥२७॥*

**हे अर्जुन ! जो यी दुवै मार्गका बारेमा जानकार छन् तिनीहरू कहिल्यै मोहित हुँदैनन् । तसर्थ तिमी पनि सबै कालमा सम्बुद्धि रूपले योगमा स्थिर होऊ वा निरन्तर मेरो प्राप्तिको चेष्टा गर ॥**

*वेदेषु यज्ञेषु तपःसु चैव*
*दानेषु यत्पुण्यफलं प्रदिष्टम् ।*
*अत्येति तत्सर्वमिदं विदित्वा*
*योगी परं स्थानमुपैति चाद्यम् ॥२८॥*

**योगीजन यो रहस्यलाई जानेर वेदाध्ययन, तपस्या, दान तथा अन्य सकाम कर्म गर्दा प्राप्त हुने जुन पुण्यफल छ त्यसलाई अतिक्रमण गरेर परमधाममा पुग्दछन् ॥**

प्रभुको अर्थात् परम सत्यको खोजको दुई मार्गका बारेमा श्रीकृष्णले यस अध्यायमा बताउनु भएको हो । विगत तीन सय वर्षको अन्तरालमा विभिन्न विषयमा प्रख्याति कमाएका व्यक्तिहरूमा सिग्मन फ्रायड, इटलीका ग्यालिलियो (Galileo di Vincenzo) र बेलायतका चार्ल्स डार्विन (Charles Robert Darwin) हुन् । फ्रायड, ग्यालिलियो र डार्बिनले मानिसको चेतना र जीवनलाई आमूल रूपमा परिवर्तित हुने दृष्टि प्रदान गरेका छन् । फ्रायडको महत्त्वपूर्ण खोज मानवभित्र जुन अचेतन छ त्यसको खोज हो । मानिसको मन माथिको पत्र हो, अचेतन मन यसभन्दा गहन पत्र हो जो तल दबेको हुन्छ । जसबाट हामी सञ्चालित भएर बोल्छौं, हाँस्छौं, बस्छौं, उठ्छौं र काम गर्छौं त्यो गहिरो अचेतन मन हो । कार्ल गुस्ताफ जुंगले यो अचेतन मनको अझ गहिरो खोज गरेका छन् । उनले अचेतन मनमुनि अझ अचेतन मन लुकेको पत्ता लगाए जसलाई उनले अचेतन समूह (Collective unconscious) को संज्ञा दिएका छन् । उनले भनेका छन्- चेतन मनको तल अचेतन मन छ र अचेतनभन्दा तल अर्को समूह अचेतन मन छ । सबै अचेतनहरू जोडिएका हुन्छन् । यो वैज्ञानिक खोजका बारेमा यहाँ उल्लेख गर्नुको उद्देश्य दक्षिणायनको सम्बन्धमा राम्रो जानकारी होस् भनेर हो । फ्रायड र जुङ्गले गरेका खोज र काम दक्षिणायनको पथका बारेमा हो । यदि हामी मानव अचेतन मनमा प्रवेश गर्‍यौं भने तलतिर उत्रिन्छौं ।

मानवको अचेतन मन जस्तै मानवको अतिचेतन (Super conscious mind) मन पनि हुन्छ । यदि हामीले माथितिरको यात्रा गर्‍यौं भने त्यो अति चेतन मनको यात्रा हुने छ । हामी जुन मनसँग परिचित छौं त्यो चेतन मन हो त्यसभन्दा तल उत्रियौं भने अचेतन मन र अझ तल उत्रियौं भने समूह अचेतन मनमा पुगिन्छ । त्यस्तै माथितिर बढ्दै गयौं भने अतिचेतन र अझ माथि बढेमा ब्रह्मचेतन मनको साक्षात्कार हुन्छ । उत्तरायणको पथ वैज्ञानिक दृष्टिबाट आविष्कार भएको छैन तर दक्षिणायन पथ वैज्ञानिक दृष्टिबाट आविष्कृत भइसक्यो । यदि उत्तरायणको पथको जानकारीविना दक्षिणायनको पथ मात्र जानकारी भयो भने पश्चिम अझ विकृतितिर बढ्ने छ किनभने तल उत्रिने मार्ग त थाहा भयो तर माथि उक्लिने मार्ग थाहा भएन भने त्यो विकृतिबाट पार हुन सकिन्न । पश्चिममा आज धार्मिक, आध्यात्मिक उत्थान हुन सकेको छैन । त्यसको वास्तविक कारण दक्षिणायन मार्गका बारेमा जान्नु तर उत्तरायणका बारेमा अनभिज्ञ बन्नु हो । पश्चिम आज फ्रायडको अधुरो खोजको घातक फल भोग्दै छ । श्रीकृष्णले दुवै मार्गको सिधा कुरा बताउनु भएको छ । माथि जाने मार्गको जानकारी भएन भने तलको मार्गका बारेमा नजान्नु नै उत्तम हुन्छ ।

श्रीकृष्ण भन्नुहुन्छ- हे पार्थ ! यसप्रकार यी दुवै मार्गलाई तत्त्वपूर्वक जानेका योगी मोहित हुँदैनन् । जुन साधकले यी दुवै मार्गलाई उसको आन्तरिक गहनतामा स्पष्ट रूपमा जानेर अनुभव गर्छ ऊ मोहित हुँदैन । जो एक मार्गलाई मात्र जान्दछ ऊ मोहित हुन सक्छ । मोहित सदैव हामी विपरीतसँग मात्र हुन्छौं । यो विपरीतको नियम जीवनको समस्त कुराहरूमा लागू हुन्छ । पुरुष स्त्रीमा उसको विपरीतताको कारणले

आकर्षित हुन्छ साथै विपरीतसँग सङ्घर्ष पनि हुन्छ । आकर्षण परको हुन्छ र नजिक आएपछि सङ्घर्ष सुरु हुन्छ । वस्तुतः हामीलाई जे कुराले आकर्षित गर्छ त्यो कुरासँग भयभीत हुन्छौं तर सबै मोह विपरीतसँग हुन्छ । श्रीकृष्ण यी दुई मार्गलाई तत्त्व अनुभवले जान्नुपर्दछ भन्नुहुन्छ । जसले अनुभवले जान्दछ उसले नै तत्त्वले जान्दछ, जसले अनुभवले जान्दैन उसले केवल सिद्धान्तले जान्दछ । सिद्धान्तलाई पढेर जान्ने ज्ञान तत्त्वज्ञान होइन परिचय मात्र हो । तत्त्वज्ञान स्वयम्को अनुभवबाट प्राप्त हुन्छ । यी दुवै मार्गलाई जो तत्त्वले जान्दछ ऊ मोहित हुँदैन, किनभने उसलाई विपरीतको आकर्षण समाप्त हुन्छ । दक्षिणायन मार्गमा चल्ने व्यक्तिलाई उत्तरायणको मार्गले आकर्षित गरिरहन्छ किनभने विपरीतले आफूतिर तानेर बाधा दिइरहन्छ । यी दुवै मार्गको ज्ञाता विपरीतताको चक्रबाट नै मुक्त हुन्छ । संसारसँग मुक्त हुनुको अर्थ संसारसँग होइन यसका विपरीत नियमसँग मुक्त हुनु हो ।

विपरीतसँग मुक्त नभई कोही पनि शान्त हुन सक्दैन । मोहसँग मुक्त भएर निर्मोहमा उपलब्ध हुनु अघि कोही पनि शान्त हुँदैनन् । पूरा जीवन घडीको पेन्डुलम जस्तो दुई अतिहरूमा डामाडोल भइरहन्छ । जसलाई छोड्यो त्यसले नै पुनः आकर्षित गर्छ । जससँग पर होइन्छ त्यससँग पुनः नजिक हुनैपर्छ र जससँग नजिक हुन्छ त्यससँग टाढा जानै पर्छ । जो परम मुक्ति चाहन्छ ऊ दुई विपरीतबाट पार हुनुपर्छ । दुईवटा विपरीत मार्ग मानवभित्र हुन्छन् । यदि तिनलाई तत्त्वपूर्वक कसैले जान्यो भने उसलाई यी दुवै विपरीतको आकर्षण समाप्त हुन्छ र त्यसै क्षणमा व्यक्तिले परममुक्ति प्राप्त गर्दछ । यस्तो क्षणमा व्यक्तिलाई संसारमा कुनै वस्तुप्रति मोह, वासना र तृष्णा केही शेष रहँदैन । श्रीकृष्ण भन्नुहुन्छ- हे अर्जुन ! तिमी सबै कालमा योगयुक्त बनेर मलाई प्राप्त गर्नेवाला होऊ । योगयुक्त भन्नाले दुवै अतिहरूको बिचमा स्थिर भई निर्मोह हुनु एवम् मध्यमा रहनु हो । यस्ता योगीले त्यो विन्दु जान्दछन् जहाँबाट मुक्तिको आयाम सुरु हुन्छ ।

श्रीकृष्णको जीवन अद्भुत छ । उहाँको जीवन संसारको विरोधमा छैन । उहाँको जीवन विरागी र रागीको पनि होइन । कृष्ण हरेक रागीको बिचमा विरागी जस्तो भएर रहनुहुन्छ । उहाँको जीवन दुई विपरीतको बिच मध्यको खोज हो । कृष्ण जस्तो मध्यस्थ पुरुष पृथ्वीमा अर्को हुन पनि सक्दैन । हामीमध्ये धेरैलाई लाग्न सक्छ कि कृष्ण शान्तिवादी भएको भए युद्धतिर पाइला नचाल्नुपर्ने हो र युद्धवादी हुनुहुन्छ भने परमात्मा र दिव्यताको कुरा नगर्नुपर्ने हो । यी दुवै मार्गमध्ये उहाँले कुनै एक मार्ग रोज्नुपर्ने हो । कृष्ण दुवै कुरा एकसाथ हुनुहुन्छ, तथापि दुवै हुनुहुन्न । योगयुक्त हुनुको अर्थ यही हो । उहाँ महायोगी हुनुहुन्छ । कृष्णले दुई अतिहरूका बिचमा मध्यस्थ रहनसक्ने व्यवस्था दिनुभएको छ । परमात्मालाई संसारका विरुद्ध छनोट गर्ने होइन किनभने त्यसरी उसलाई प्राप्त नै गर्न सकिन्न । परमात्मालाई त त्यसैले पाउन सक्छ, जो बिलकुल चुनावरहित हुन सक्छ । जसले संसारलाई नै परमात्माको रूपमा र जीवनलाई नै मृत्युको रूपमा देख्न सक्छ त्यसले मात्र उसलाई देख्न सक्छ । योगयुक्त व्यक्ति मात्र मध्यमा हुन्छ त्यसैगरी व्यक्तिको चित्त जब मध्यमा हुन्छ, तब ऊ योगयुक्त हुन्छ । जीवनको समस्त विरोधमा मध्यमा रहने कुराको नाम योग हो र जीवनको विपरीततामा छनोटरहित भएर बिचमा रहनु योगयुक्त हुनु हो । श्रीकृष्ण भन्नुहुन्छ- यस्तो योगयुक्त साधकले मलाई प्राप्त गर्छ ।

योगीपुरुष यो रहस्यलाई तत्त्वपूर्वक जान्दछ र वेदाध्ययन, यज्ञ, जप, तप तथा दानादि कार्य गर्दा जे पुण्यफल प्राप्त हुने भनिएको छ ती सबैलाई उल्लङ्घन गर्दै सनातन परमपदलाई प्राप्त गर्दछ । तत्त्वको रहस्य जान्ने योगीपुरुषका लागि वेदाध्ययन, पाठ, यज्ञको फल, दानको पुण्य सबै व्यर्थ हुन्छन् अर्थात् तत्त्वदर्शीहरू ती सबै फललाई पनि उल्लङ्घन गर्छन् । यो अत्यन्त क्रान्तिकारी वचन श्रीकृष्ण भन्दै हुनुहुन्छ । वेदको ज्ञान, यज्ञ, तप र दानको तत्त्वदर्शीहरूलाई कुनै मूल्य हुँदैन । जसले तत्त्व जान्यो उसका लागि वेद परम ज्ञान हुन्छ तर जो वेद पढेर मात्र वेदलाई जान्दछ त्यस्तो जान्नुको कुनै तुलना नै छैन । तत्त्व जान्ने व्यक्तिको अगाडि पढेर, यज्ञ गरेर, दान गरेर प्राप्त गर्ने पुण्य फलको कुनै प्रतिस्पर्धा नै हुन

सक्दैन । यसको अर्थ वेदको उपयोग नै छैन भन्ने कदापि होइन । वेदमा रहस्य लुकेको छैन भन्ने पनि होइन तर वेद पनि ती व्यक्तिलाई उपयोगी हुन्छ जो वेदको पार हुन तयार हुन्छ, अन्यथा शास्त्र पनि बन्धन हुन्छ । श्रीकृष्ण भन्नुहुन्छ- तत्त्वपूर्वक जान्ने योगी सबै कुराबाट पार अर्थात् मुक्त हुन्छ । वेदबाट मात्र होइन, यज्ञबाट पनि मुक्त हुन्छ । यज्ञको अर्थ समस्त कर्मकाण्ड हो । साथै धर्मको समस्त कर्म क्रियाकाण्डबाट पनि मुक्त हुन्छ । जसले आफूभित्र परमात्मालाई जान्यो उसलाई कुनै पनि क्रिया, कर्मकाण्ड, उपासना पद्धति आवश्यक हुँदैन; अब उसलाई बाहिर दौडिने कुनै प्रयोजन नै हुँदैन ।

जसले भित्रको अग्निलाई नै जान्दछ, उसलाई बाहिरको अग्नि बालेर गर्ने यज्ञ व्यर्थ हुन्छ । बाहिरको अग्निमा गरिने यज्ञ पनि कसैलाई भित्रको अग्निलाई जान्ने माध्यम हुन सक्छ तर बाहिरको अग्नि भित्रको अग्निमा पुग्न सहायक भएन भने त्यसको कुनै उपयोगिता रहन्न । यस्तो व्यक्तिका लागि तप पनि व्यर्थ हुन्छ । जसले भित्रको स्रोत प्राप्त गरिसकेको छ उसका लागि तपको मार्गबाट अन्य प्रयास गरिरहनु आवश्यक छैन । सत्यको खोजमा जुनसुकै कष्ट आए पनि सहन सक्नु नै तप हो । परमात्मालाई खोज्ने अत्यन्त अल्प व्यक्तिले सहजतापूर्वक जस्तोसुकै कष्ट सहेर पनि तप गर्दछन् तर तत्त्वको बोध भएको व्यक्तिले यस्तो तपबाट आर्जन हुने पुण्यलाई पनि अतिक्रमण गर्छ । तत्त्व जान्ने व्यक्तिलाई तपको आवश्यकता नै पर्दैन । श्रीकृष्ण भन्नुहुन्छ- तत्त्ववेत्ता दानबाट पनि मुक्त हुन्छ । दान पनि सत्यको खोजमा सहयोगी मार्ग हो । दानको अर्थ जे पनि दिन सक्नु  हो । जसलाई आवश्यकता छ उसलाई दिनु दान हो । दानको मौलिक अर्थ हामीलाई व्यर्थ भएका चिज सङ्ग्रह नगर्नु हो । यसको गहिरो अर्थ अपरिग्रह हो। आफूलाई जे आवश्यक छ त्यो उपयोग गरेर अरू सबै अरूलाई बाँड्नु दान हो । श्रीकृष्ण भन्नुहुन्छ- यस्तो व्यक्ति दानलाई पनि अतिक्रमण गर्छ । यस्तो तत्त्व जान्ने व्यक्ति कसैलाई पराई ठान्दैन, जगत् र आफूबिच कुनै भिन्नता नै पाउँदैन । उसले त स्वयम्लाई नै दान गरेर सबै समर्पित गरिसकेको हुन्छ ।

तत्त्वविद्लाई नैतिकता-अनैतिकताका कुनै सीमाहरू हुँदैनन् । जे गराउँछ उसैले गराउँछ र जे भइरहेको छ उसैको इच्छाले भइरहेको ठान्ने हुँदा उसका लागि कुनै भेद रहँदैन । जहाँ भेद रहँदैन उसका लागि दान, तप र पुण्यसँग कुनै सम्बन्ध हुँदैन । श्रीकृष्ण अर्जुनलाई भन्दै हुनुहुन्छ- तिमी तत्त्वविद् बन र यदि तिमी तत्त्वविद् भयौ भने तिमीले कोही मर्दैन र कसैले कसैलाई मार्न पनि सक्दैन भन्ने जान्न सक्ने छौ । यो तिम्रा अगाडिका मानिसहरूमा पनि उही कहिल्यै नमर्ने अमृत तत्त्व छ जो तिमीमा छ । यो शरीर त नाशवान् कुरा हो जो नष्ट भएर जान्छ तर त्यो तत्त्वको कहिल्यै नाश हुँदैन । कृष्णको यो सन्देश अति उच्च र नैतिक छ । जो परम आधारतिर चल्छ उसका लागि समाजले दिएका सबै आधारहरू व्यर्थ हुन्छन्। त्यो अनैतिक नभएर अति नैतिक हुन्छ । समस्त नीतिहरूभन्दा पार हुनु नै परम नीति हो र समस्त धर्महरू माथि उठ्नु नै परमधर्म हो । श्रीकृष्णले यो सबैबाट पार हुने कुरा भन्नुभएको छ । यी सबैलाई उल्लङ्घन गरेर जो त्यो सनातनपद, परमपदमा उपलब्ध हुन्छ र ऊ ब्रह्म जस्तो नै हुन्छ ।

*ॐ तत्सदिति श्रीमद्भगवद्गीतासूपनिषत्सु ब्रह्मविद्यायां योगशास्त्रे*
*श्रीकृष्णार्जुनसंवादे अक्षरब्रह्मयोगो नाम*
*अष्टमोऽध्यायः ॥८॥*

